नेपाल सरकार

# मन्त्रालयगत प्रगति विवरण

(आर्थिक वर्ष २०७५/७६ को यथार्थ विवरण र आर्थिक वर्ष २०७६/७७ को फागुनसम्मको विवरण)

नेपाल सरकार

**अर्थ मन्त्रालय**

२०७७, जेठ

# प्राक्कथन

नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७५/७६ को यथार्थ र आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्मको खर्च र प्राप्त उपलब्धि समावेश भएको **मन्त्रालयगत प्रगति विवरण** तयार गरिएको छ। प्रदेश र स्थानीय तहबाट भएको खर्चको विवरण र त्यसबाट भएको उपलब्धि सम्बन्धित प्रदेश संसद र सम्बन्धित स्थानीय तहको सभामा जानकारी गराउनु पर्ने कानुनी व्यवस्था रहेकोले उक्त विवरण यसमा समावेश गरिएको छैन।

चालु आर्थिक वर्ष २०७६/७७ को बजेटले **जीवनस्तरमा गुणात्मक सुधार गर्ने, सामाजिक न्याय सहितको द्रुत आर्थिक विकास गर्ने** र **समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला निर्माण गर्ने** उद्देश्य लिएको छ। बजेटको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम स्वीकृति र संशोधन, खर्च गर्ने अख्तियारी, निकासा, लेखाङ्कन, भुक्तानी र प्रतिवेदन, आन्तरिक लेखापरीक्षण प्रणालीमा सुधार भएको छ। संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक स्थायित्व कायम गर्न, संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लागु गरिएको छ। तदनुरूप वित्तीय उत्तरदायित्व प्रस्टरुपमा कायम भएकोछ, आयोजना छनौट प्रकृयामा सुधार भएकोछ एवं मध्यकालीन खर्च संरचनालाई संस्थागत गरिएको छ। संघमा मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), प्रदेशमा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र अधिकांश स्थानीय तहमा सञ्चितकोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयनमा आइसकेको छ।

गत आर्थिक वर्ष २०७५/७६ को विनियोजित बजेटको खर्च र सोको उपलब्धि उत्साहप्रद रहेको छ। चालु आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्मको खर्च र सोको उपलब्धि सन्तोषजनक रहे तापनि कोरोना महामारीको रोकथाम र नियन्त्रण गर्न चालिएका कदमहरूबाट सार्वजनिक सेवा प्रवाह र विकास निर्माण प्रभावित भएको छ।

प्रस्तुत विवरणले मन्त्रालयहरूलाई चालु आर्थिक वर्षमा विनियोजित बजेट, खर्चको अवस्था र हाँसिल भएका उपलब्धिका सम्बन्धमा संघीय संसदलाई यथार्थ जानकारी हुने र यससँग सरोकार राख्ने सबैलाई उपयोगी हुने विश्वास लिएको छु। अन्तमा, यो विवरण तयार गर्ने कार्यमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु।

**डा. युवराज खतिवडा**
**अर्थमन्त्री**

**२०७७, जेठ**

# प्रगति विवरणको सम्बन्धमा

- प्रस्तुत प्रगति विवरणमा सबै मन्त्रालयहरूको संक्षिप्त परिचय, गत आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च र प्रगति, आर्थिक वर्ष २०७६/७७ मा विनियोजन ऐनद्वारा मन्त्रालयहरुलाई विनियोजित बजेटको २०७६ फागुन मसान्तसम्मको खर्चको विवरण तथा २०७६ फागुनसम्म सम्बन्धित मन्त्रालयबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू र बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरुको प्रगति विवरण संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।
- आर्थिक ऐन, २०७५ बमोजिम आर्थिक वर्ष २०७५/७६ को तेश्रो चौमासिक अवधि तथा आर्थिक ऐन, २०७६ बमोजिम २०७६ फागुनसम्म सम्बन्धित निकायको सिफारिसमा प्रदान गरिएको राजस्व छुटको विवरण, आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारलाई प्राप्त भएको वैदेशिक सहायताको विवरण र चालु आर्थिक वर्ष २०७६/७७ को फागुनसम्म नेपाल सरकारलाई प्राप्त वैदेशिक सहायताको आयोजनागत प्रतिबद्धता विवरण समेत समावेश गरिएको छ।
- प्रस्तुत विवरणमा सम्बन्धित मन्त्रालयले उपलब्ध गराएका तथ्याङ्क, प्रगति एवं सोसँग सम्बन्धित विवरणका अतिरिक्त खर्चको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको खर्च व्यवस्थापन सम्बन्धी सूचना प्रणालीमा आधारित तथ्याङ्क समेत प्रस्तुत गरिएको छ।

**अर्थ मन्त्रालय**

# विषय-सूची


| क्र.सं. | मन्त्रालयको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १-१३ |
| १.क. | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १४-२० |
| २. | अर्थ मन्त्रालय | २१-५२ |
| ३. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५३-७२ |
| ४. | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ७३-९८ |
| ५. | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ९९-१०३ |
| ६. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १०४-१२२ |
| ७. | खानेपानी मन्त्रालय | १२३-१३० |
| ८. | गृह मन्त्रालय | १३१-१४३ |
| ९. | परराष्ट्र मन्त्रालय | १४४-१६१ |
| १०. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | १६२-१७४ |
| ११. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १७५-१९० |
| १२. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १९१-२०४ |
| १३. | युवा तथा खेलकुद मन्त्रालय | २०५-२१४ |
| १४. | रक्षा मन्त्रालय | २१५-२२७ |
| १५. | वन तथा वातावरण मन्त्रालय | २२८-२३८ |
| १६. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २३९-२५२ |
| १७. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २५३-२६३ |
| १८. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २६४-२७६ |
| १९. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २७७-२८८ |
| २०. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २८९-२९९ |
| २१. | शहरी विकास मन्त्रालय | ३००-३०९ |
| २२. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ३१०-३२४ |
| **अनुसूचीहरू** | | ३२५-३२९ |
| १. वैदेशिक सहायता प्राप्तिको विवरण<br>२. वैदेशिक सहयोग सम्बन्धमा भएका सम्झौताको विवरण<br>३. विभिन्न कार्यालय, संघ/संस्था तथा व्यक्तिहरूलाई दिइएको राजस्व छुटको विवरण | | |

# संवैधानिक निकाय/मन्त्रालयगत व्यय विवरण

(रू. हजारमा)

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट | आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| १०१ | राष्ट्रपति | २०२४०५ | २५२८०० | १३९९०० |
| १०२ | उपराष्ट्रपति | ४६२४६ | ४५९०० | ३९५०० |
| १०३ | प्रदेश प्रमुखहरू | १८२२४३ | २४७५०० | १८५१०० |
| २०२ | संघीय संसद | ११९०२६४ | १३०८८०० | १०९८७०० |
| २०४ | अदालत | ४३५३१६३ | ६२०७६०० | ५२२१६०० |
| २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ७१२८१९ | १३३८८०० | ११५२३०० |
| २०८ | महालेखापरीक्षकको कार्यालय | ५१०६१८ | ७०६८०० | ५१४००० |
| २१० | लोक सेवा आयोग | ५७३३२५ | ७५३४०० | ५९९८०० |
| २१२ | निर्वाचन आयोग | ३३०९२८ | ५२२३०० | ६६२२०० |
| २१४ | राष्ट्रिय मानव अधिकार आयोग | १६९८३४ | २५५८०० | २००७०० |
| २१८ | न्याय परिषद् | ५४३५९ | ५२१०० | ४४००० |
| २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ५९०२६ | १०२००० | ७०८०० |
| २२२ | राष्ट्रिय महिला आयोग | १०२६८७ | १२०३०० | ७८२०० |
| २२४ | राष्ट्रिय दलित आयोग | ३७८३५ | ५०३०० | २९७०० |
| २२६ | राष्ट्रिय समावेशी आयोग | ४९७५७ | ५०१०० | २९००० |
| २२८ | आदिवासी जनजाति आयोग | ४५२०६ | ५०२०० | २४५०० |
| २३० | मधेशी आयोग | ३५६८१ | ५०१०० | ३०९०० |
| २३२ | थारू आयोग | २०६२५ | ४९९०० | ३२१०० |
| २३४ | मुस्लिम आयोग | ४७८६८ | ५०१०० | ३४००० |
| ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३५१९८१८ | ४६५६८०० | ३७१२७०० |
| ३०५ | अर्थ मन्त्रालय | ७०८३३५६ | २२६६२१०० | १५३२०८०० |
| ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५०८९२७० | १०६२७४०० | ५५२७२०० |
| ३०८ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ३१८०५३३६ | ४६४८०३०० | २६३०२९०० |
| ३११ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २८७३८० | ५०९१०० | ३९९५०० |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय * | २५९०९९२८ | २८०९३४०० | १७१५१९०० |
| ३१३ | खानेपानी मन्त्रालय | ९३८३९७९ | २५३९८५०० | १३९०४८०० |

| अनुदान संकेत | मन्त्रालय/निकाय | आर्थिक वर्ष २०७५/७६ को यथार्थ खर्च | आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट | आर्थिक वर्ष २०७६/७७ को संशोधित अनुमान |
|---|---|---|---|---|
| ३१४ | गृह मन्त्रालय | ५५३५१२६५ | १३५५९३४०० | १०५६८१९०० |
| ३२५ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३५३२६५२ | ५२८२४०० | ३४७०८०० |
| ३२६ | परराष्ट्र मन्त्रालय | ४१८६९७८ | ६०५८४०० | ४३०९००० |
| ३२९ | वन तथा वातावरण मन्त्रालय | ९२०८०९९ | १३८३९३०० | १०३२३६०० |
| ३३६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय * | | ७६८७७०० | ५६८२३०० |
| ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ९८६१३७०१ | १५६६३३२०० | ८९०२५९०० |
| ३४० | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ४०९७३५ | ७७५५०० | ५४०४०० |
| ३४३ | युवा तथा खेलकुद मन्त्रालय | ३५१७७०९ | ३४७५१०० | ४०९२५०० |
| ३४५ | रक्षा मन्त्रालय | ५०२८५६७४ | ५०२७११०० | ४८२४३७०० |
| ३४७ | शहरी विकास मन्त्रालय | २६०८९५७२ | ३६४१७६०० | २२३९४५०० |
| ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३६४५२७०९ | ६५२८१७०० | ३४०४३८०० |
| ३५८ | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | ५१४१५९९ | ६३५९३०० | ५२३६४०० |
| ३६५ | संघीय मामिला तथा सामान्य प्रशासन | ५६६५७६२८ | ३१८२४२०० | १४७३६८०० |
| ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २४४८५५२२ | ४२६७०९०० | २३७९०१०० |
| ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २७८१८१८ | ६४०५२०० | २१३०५०० |
| ३९१ | राष्ट्रिय योजना आयोग | ५०८७६१ | १०१५६०० | ७६४५०० |
| ३९२ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ८९६६१२६१ | १४११५४६०० | ७०३०६९०० |
| ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ९८१२५००१ | १०१२२१२०० | ६८७५२४०० |
| ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | ५०५२२४९४ | ६२४३५१०० | ६२३४५६०० |
| ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | २१५५६६०२ | २४७३८८०० | २४६८९३०० |
| ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २९८७४४९ | ६३६८४०० | ६३५६९०० |
| ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत सुविधा | ५००२३१७० | ८६१००००० | ६४७४३९०० |
| ६०२ | अर्थ मन्त्रालय- विविध | ७३७१९५० | ७७०५०५०० | २६४४५९०० |
| ७०१ | प्रदेश | ११०४६६९८१ | ९९८४४४०० | ९४३१९५०० |
| ८०१ | स्थानीय तह | २१०७१५४०९ | २१३८२११०० | १८८४२५८०० |
| | **जम्मा** | **१११०४५७०९५** | **१५३२९६७१००** | **१०७३३५९७००** |

* आ.व.०७५/७६ मा कृषि तथा पशुपन्छी मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको बजेट कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको नाममा बजेट विनियोजन भएको हुँदा उक्त आ.व.को यथार्थ खर्च कृषि तथा पशुपन्छी मन्त्रालयमा संयुक्त रूपमा समावेश गरिएको।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## १. पृष्ठभूमि:

देशको सर्वोच्च प्रशासनिक निकायको रूपमा रहेको यस कार्यालयले समग्र सार्वजनिक नीति तर्जुमाको संयोजन तथा नीति कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्दछ। विधेयक तथा अध्यादेश स्वीकृतिको प्रक्रियालाई अगाडि बढाउने, नियम तथा आदेश स्वीकृत गरी जारी गराउने कार्य गर्नुका साथै नेपाल सरकारको तत्कालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा रणनीतिको तर्जुमा, स्वीकृति तथा कार्यान्वयनको अनुगमन, मूल्याङ्कनको कार्य यस कार्यालयले गर्दछ। यस कार्यालयले नेपाल सरकारका मन्त्रालय एवं निकायहरूबाट सम्पादन हुने कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, समन्वय तथा अनुगमन, मूल्याङ्कनको कार्य गर्दछ। देशको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक तथा शान्ति सुव्यवस्थाको गतिविधि बारेमा अद्यावधिक जानकारी लिने तथा अनुगमन गर्ने, व्यवस्थापन सूचना प्रणालीको विकास, शासकीय सुधार तथा भ्रष्टाचार नियन्त्रण, सदाचार प्रवर्द्धन, प्रशासनिक पुनर्संरचना, द्विपक्षीय वा बहुपक्षीय सन्धि/सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, मानव अधिकारको संरक्षण र प्रवर्द्धनसम्बन्धी कार्यहरू पनि गर्दछ।

## २. दीर्घकालीन सोच:

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुशासनको नेतृत्वदायी र उत्कृष्ट निकायको रूपमा स्थापित गर्ने।

## ३. उद्देश्य:

- प्रशासनयन्त्रलाई विश्वसनीय, परिणाममुखी, उत्तरदायी र सक्षम बनाउने,
- सार्वजनिक सेवा प्रवाहलाई दक्ष र प्रभावकारी बनाउने,
- सार्वजनिक नीति तथा योजना कार्यान्वयनलाई नतिजामूलक बनाउने,
- मानव अधिकारको प्रवर्द्धन गर्ने,
- विद्युतीय शासनलाई बढावा दिने,
- मन्त्रालय तथा निकायहरूको रेखदेख र नियन्त्रण गर्ने,
- विकास निर्माण कार्यलाई पारदर्शी तथा जनमैत्री बनाउने,
- शून्य सहनशीलतामार्फत भ्रष्टाचार निवारण गर्ने,
- सदाचार पद्धतिलाई प्रोत्साहन गर्ने।

## ४. रणनीति:

- भौतिक पूर्वाधार विकासमा समन्वय एवं सुधार गर्ने,
- विद्युतीय शासन प्रणालीको विकास एवं विस्तार गर्ने,
- डेस्क प्रणालीमा आधारित वर्तमान संगठन संरचनालाई थप सुदृढ गर्ने,
- कार्यसम्पादन सूचकमार्फत नतिजामूलक व्यवस्थापन पद्धति लागू गर्ने,
- गुनासो व्यवस्थापनलाई सुदृढ गर्ने,

- सार्वजनिक सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- भूकम्पपछिको पुनर्निर्माण कार्यमा सहजीकरण गर्ने,
- मानव अधिकारको संरक्षण एवं प्रवर्द्धन गर्ने,
- संघीयता कार्यान्वयनको विषयमा समन्वय एवं सहजीकरण गर्ने।

## ५. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- मन्त्रिपरिषद्सम्बन्धी,
- नेपाल सरकारको कार्यविभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन,
- नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- नेपाल सरकार, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख निरीक्षण, नियन्त्रण र समन्वय,
- नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रचलित कानुनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखत,
- संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी,
- मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय,
- शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार,
- द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन,
- संघीय शासन प्रणाली र अन्तर प्रदेशसम्बन्धी कार्य,
- प्रधानमन्त्रीको सम्पर्क र सञ्चार,
- प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
- मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन,
- भ्रष्टाचार विरुद्धको नीति, योजना तथा कार्यान्वयन,
- राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी,
- संवैधानिक परिषद्,
- संघीय संसदको अधिवेशन आव्हान र अन्त्य,
- प्रदेश प्रमुखसम्बन्धी,
- परराष्ट्र तथा सुरक्षा मामिला,
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- लोक सेवा आयोग,
- राष्ट्रिय मानव अधिकार आयोग,
- महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकिलको सम्पर्क निकाय,
- राष्ट्रिय योजना आयोग,

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
- लगानी बोर्ड,
- राष्ट्रिय सतर्कता केन्द्र,
- सार्वजनिक खरिद अनुगमन कार्यालय,
- नेपाल ट्रष्टको कार्यालय,
- गरिबी निवारण कोष,
- राष्ट्रिय अनुसन्धान विभाग,
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग,
- राजस्व अनुसन्धान विभाग,
- नीति अनुसन्धान प्रतिष्ठान,
- राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन,
- प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- गैरसरकारी संस्थाको नियमनसम्बन्धी मापदण्ड,
- भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजस्व अनुसन्धान, सम्पत्ति शुद्धीकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माणसम्बन्धी निकायहरू र सोसम्बन्धी नीति, कानुन मापदण्ड,
- विपद् व्यवस्थापनसम्बन्धी समन्वय,
- प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन,
- अदालतको फैसला कार्यान्वयन तथा अनुगमन,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सञ्चालन,
- अवशिष्ट अधिकारको प्रयोग,
- प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरू।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २५१ | नेपालमा लगानीको वातवरण अनुकूल बनाई जगतमा नेपालको वित्तीय साख अभिवृद्धि गर्न सम्पति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारणसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू पूरा गरिनेछ। सम्पति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा | • सम्पति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी श्रव्य दृश्य (अडियो भिडियो) सामग्री उत्पादन भएको।<br>• नेपाल प्रहरीसँग आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा पारस्परिक |

| | | |
|---|---|---|
| | वित्तीय लगानी निवारणसम्बन्धी रणनीतिक कार्ययोजना कार्यान्वयन गरिनेछ। | समझदारी (MoU) सम्पन्न भएको।<br>• सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापहरूमा वित्तीय लगानी निवारणसम्बन्धी रणनीतिक कार्ययोजना तयार भई कार्यान्वयनमा रहेको। |
| २५२ | शासकीय स्वच्छता र सुशासन प्रवर्द्धनलाई सर्वोपरी प्राथमिकतामा राखी सबै क्षेत्रमा सदाचार पद्धति अवलम्बन गरिनेछ। राज्यको सम्पति अनधिकृत दोहन गर्ने प्रवृतिप्रति कठोर बन्ने नीति लिइनेछ। भ्रष्टाचार रोक्न कानुनी सुधार गर्दै नियामक निकायको क्षमता अभिवृद्धि गरिनेछ। | • ७ सय ५० जना सेवाग्राहीमा सेवाग्राही सर्वेक्षण गरी प्राप्त परिणाम गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्य सम्पन्न भएको।<br>• मुलुकका ५ जिल्लामा सचेतनामूलक कार्यक्रम/ गोष्ठी सम्पन्न भएको।<br>• भ्रष्टाचार विरुद्ध प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी प्रदेश नं. २ को धनुषा जिल्लामा सञ्चालन गरिएको।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ जारी गरिएको। |
| २५३ | सरकारी सेवाको प्रक्रिया सम्बन्धमा यथार्थ जानकारी पाउन सक्ने परिपाटीको विकास गर्न हाल सञ्चालनमा रहेको हेलो सरकारको पोर्टलमा स्तरोन्नति गरी सबै प्रदेश र स्थानीय तहसम्म कार्यान्वयनमा ल्याइनेछ। | • पोर्टलको स्तरोन्नति गरी प्रदेश र स्थानीय तहलाई समेत सहभागी गराई प्रभावकारी कार्यान्वयनका लागि प्रदेश नं. १ को ३ जिल्लाहरूमा तालिम तथा अनुशिक्षण कार्यक्रम सम्पन्न भएको। |
| २५४ | मन्त्रालयहरूबाट भइरहेको कार्य प्रगतिको एकीकृत विद्युतीय अनुगमन प्रणालीमार्फत प्रतिवेदन गर्ने र अनुगमन गर्न सक्ने व्यवस्था मिलाइनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय एक्सन रुमबाट विकास आयोजनाको अप्रत्यक्ष अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। | • एकीकृत अनुगमन प्रणालीको विकास गरी सबै मन्त्रालयहरूले गरेको कार्यहरू मासिक र चौमासिक रूपमा अनुगमन गर्ने गरिएको।<br>• मिति २०७६ जेठ १५ गते सम्माननीय प्रधानमन्त्रीज्यूबाट Action Room को औपचारिक उद्घाटन गरी सोमार्फत विकास आयोजनाहरूको नियमित रूपमा अनुगमन गर्ने गरिएको। |
| २६५ | राष्ट्रिय अनुसन्धान विभागलाई व्यावसायिक इन्टेलिजेन्स संस्थाको रूपमा विकास गरिनेछ। | • आन्तरिक सुरक्षा र हित एवं सुशासनसँग सम्बन्धित कार्यनीतिक महत्त्वका सूचना प्राप्तिका लागि स्थानीय तहसम्म सूचना सञ्जाल विस्तार गरिएको।<br>• इन्टेलिजेन्स ट्रेडक्राफ्ट (व्यावसायिक) सम्बन्धी योजनाबद्ध तालिम २ सय २८ जनालाई दिइएको। |

| | | |
|---|---|---|
| | | • जनशक्ति परिचालनलाई इन्टेलिजेन्सको सिद्धान्तअनुरूप व्यवस्थित गर्न कार्य सम्पादन करार, अनुगमन, मूल्याङ्कन र वर्गीकरणमा समेत वैज्ञानिक पद्धतिको थालनी गरिएको। |
| २८८ | सार्वजनिक खरिद कानुनलाई विकासमैत्री बनाउने। | • सार्वजनिक खरिद नियमावली संशोधन गरी विकास मैत्री बनाइएको।<br>• सार्वजनिक खरिद ऐन संशोधन प्रक्रियामा रहेको। |
| २९० | राष्ट्रिय गौरव लगायत आयोजनाहरूको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने पद्धतिलाई सूचना प्रविधिमा आधारित बनाइनेछ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट छानिएका आयोजनाहरूको प्रत्यक्ष अनुगमन गरिनेछ। | • सम्माननीय प्रधानमन्त्रीज्यूबाट मिति २०७६ मंसिर ८ गते आठ वटा राष्ट्रिय गौरवका आयोजनाहरू (माथिल्लो तामाकोशी जलविद्युत, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भेरी-बबई डाइभर्सन, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, सिक्टा सिँचाइ आयोजना, रानी जमरा कुलरिया सिँचाइ आयोजना, हुलाकी लोकमार्ग, पुष्पलाल लोकमार्ग) र मिति २०७६ फागुन ८ गते (मेलम्ची खानेपानी, पुष्पलाल लोकमार्ग तथा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल) Action Room मार्फत प्रत्यक्ष अनुगमन सम्पन्न भएको। |
| ३२१ | चोरी निकासी पैठारी र आन्तरिक उत्पादनको परिवहनमा हुने विचलनलाई न्यूनीकरण गरी राजस्व चुहावट नियन्त्रण गर्न उत्पादन, परिवहन र बिक्रीसम्मको श्रृङ्खलालाई ट्र्याकिङ् प्रणालीमा आबद्ध गरिनेछ। | • मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle and Consignment Tracking System –VCTS) आर्थिक वर्ष २०७६/०७७ श्रावण १ गतेबाटै कार्यान्वयनमा ल्याई फागुन मसान्तसम्म ९७ पटक अनुगमन गरिएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**<u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</u>**

- २०७६ श्रावण महिनादेखि फागुन मसान्तसम्म मन्त्रिपरिषद्का ४ समितिको ३९ पटक बैठक बसी १ सय २ निर्णयहरू भएको। त्यसैगरी मन्त्रिपरिषदको बैठक ३३ पटक बसी विभिन्न निर्णयहरू भएको।
- सम्माननीय राष्ट्रपतिज्यू समक्ष संवैधानिक निकायहरूबाट पेश भएको आ.व.२०७५/७६ को वार्षिक प्रतिवेदन संघीय संसदमा पठाइएको।

- वैदेशिक लगानी परिचालन तथा प्रवर्द्धनमा प्रत्यक्ष असर पार्ने तत्वहरू (व्यावसाय दर्ता, सञ्चालन, कर्जा प्राप्ति, कर दायित्व भुक्तानी, मुद्दा व्यवस्थापन) का विषयहरूमा अध्ययन तथा सुधारका क्षेत्र पहिचान र कार्यान्वयन सम्बन्धमा World Bank ले प्रकाशन गर्ने Doing Business Report का सूचकमा केन्द्रित रहेर प्रतिवेदनको मस्यौदा तयार भएको।
- मानव अधिकारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र अन्तर्गतको चौथो आवधिक प्रतिवेदनको मस्यौदा तयार भएको।
- मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय विशेष समाधिक्षकहरू, राष्ट्रसंघीय मानव अधिकार समितिका उजुरीहरू तथा जवाफका सम्बन्धमा सम्बन्धित मन्त्रालय तथा निकायहरूबाट सूचना तथा तथ्याङ्क सङ्कलन गरी प्रारम्भिक मस्यौदा तयार भएको।
- मानव अधिकारसम्बन्धी विश्वव्यापी आवधिक पुनरावलोकन (Universal Periodic Review-UPR) सम्बन्धी प्रतिवेदनको प्रारम्भिक मस्यौदा तयार पारिएको।
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वयन गर्ने रणनीति तथा कार्ययोजना वर्तमान संविधान अनुकूल हुने गरी परिमार्जित मस्यौदा तयार पारिएको।
- सम्माननीय प्रधानमन्त्री, मन्त्रिपरिषद, तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई प्रत्यर्थी/ प्रतिवादी बनाई दायर भएका २ सय ७० थान मुद्दाहरूको लिखित जबाफ, पुनरावेदन तथा प्रतिउत्तरपत्र तयार गरी सम्बन्धित अदालतमा पेश गरिएको।
- नेपाल सरकारको तर्फबाट कुनै निकाय, व्यक्ति विरुद्ध निवेदन, पुनरावेदन, पुनरावलोकन वा मुद्दा दोहोर्‍याई पाउन गर्नुपर्ने कानूनी कारबाहीका सम्बन्धमा जग्गासम्बन्धी तीनवटा मुद्दा सर्वोच्च अदालतमा दायर भएको।
- अन्तर प्रदेश परिषद्बाट तयार भई नेपाल सरकार, मन्त्रिपरिषदबाट स्वीकृत संघीयता सहजीकरण कार्यान्वयन कार्ययोजनाको प्रगति सरोकारवाला तथा जिम्मेवार निकायहरूसँग माग गरी एकीकृत गरी अद्यावधिक गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०३/२४ को निर्णयानुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६-२०८१) कार्यान्वयनमा ल्याइएको।
- सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी स्वीकृत रणनीतिक कार्ययोजना ( २०१९-२०२४ ) कार्यान्वयनसम्बन्धी कानुन संशोधनको मस्यौदा तयार गर्नुका साथै राष्ट्र बैकमा डेपुटी गभर्नरको संयोजकत्वमा जोखिम मूल्याङ्कन समिति गठन भई जोखिम मूल्याङ्कनको कार्य जारी रहेको। यसका अतिरिक्त AML/CFT सम्बन्धी पाठ्यक्रम तयार भएको।
- राजस्व अनुसन्धान विभागको नियमित गस्ती ४ सय ९४ पटक र आकस्मिक गस्ती परिचालन १ सय ९९ पटक सम्पन्न भएको।
- सिंहदरबार परिसर सरसफाइ तथा हरियाली प्रवर्द्धन कार्य अन्तर्गत सिंहदरवार परिसरमा २ हजार फलफूलका बिरुवा रोपण र नियमित निगरानी गर्ने व्यवस्था गरिएको।

- नागरिक अधिकार मोवाईल एप्समा विभिन्न निकायका सेवाहरू थप गर्ने कानूनी व्यवस्थाका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०३/२४ को निर्णयानुसार **"नागरिक अधिकार मोवाईल एप्स सञ्चालन निर्देशिका"** कार्यान्वयनमा ल्याइएको।

**सार्वजनिक खरिद अनुगमन कार्यालय**

- Framework Agreement, Design and Build and Turn Key र Engineering Procurement Construction का बिडिङ डकुमेन्टहरूको मस्यौदा तयार भएको।
- सार्वजनिक खरिद नियमावलीको आठौं र नवौं संशोधनबमोजिम Standard Bidding Documents परिमार्जन गरी कार्यालयको website मा राखिएको।
- सार्वजनिक खरिद नियमावलीको नयाँ प्रावधान र Standard Bidding Document का नयाँ प्रावधानबमोजिम E-Gp System मा Upload गरिएको।
- सार्वजिक खरिदको बिषयमा १ सय १ पटक राय परामर्श प्रदान गरिएको।
- सार्वजनिक खरिद ऐन/नियम विपरीत कार्य गर्ने ४४ फर्म तथा कम्पनीलाई कालोसूचीमा राखिएको।

**नेपाल ट्रष्टको कार्यालय**

- नेपाल ट्रष्टको स्वामित्वमा रहेको लिजमा गइरहेको गोकर्णस्थित राज निकुञ्जको जग्गा तथा भौतिक संरचनाहरूको लिज अवधि २५ वर्ष थप गर्ने कार्य सम्पन्न भएको.
- नेपाल ट्रष्टको स्वामित्त्वमा रहेको ताहाचल, छाउनीस्थित प्रेरणा राज्यलक्ष्मी सिहंले उपभोग गर्दै आएको र आफ्नो हुनुपर्ने दावीसहित सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासमा रिट दायर गरेकोमा सम्मानित अदालतको मिति २०७६ माघ २४ को निर्णयफैसलाबाट उक्त रिट खारेज भई नेपाल ट्रष्टको नै कायम हुन आएको।
- नेपाल ट्रष्टको हक पुग्ने प्रकृतिको काठमाडौं गोकर्ण स्थित ७०-९-१-३ रोपनी जग्गा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नेपाल ट्रष्टको स्वामित्वमा ल्याउने निर्णय भएकोमा सो जग्गाको जग्गाधनी पुर्जा नेपाल ट्रष्टको नाममा ल्याइएको।
- नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाडौं, कमलादीस्थित काठमाडौं प्लाजा भवन र पहिले खानेपानी (संस्थान) बसेको स्थानको जग्गाको न्यूनतम मूल्याङ्कनसम्बन्धी अध्ययन कार्य सम्पन्न गरेको।

**राष्ट्रिय सतर्कता केन्द्र**

- केन्द्रमा प्राप्त ६ सय ६७ उजुरी फछ्र्यौट गरिएको।
- ७१ छानबिन समिति गठन भएकोमा ३६ छानबिन प्रतिवेदन प्राप्त भएको।
- केन्द्रमा प्राप्त भएको उजुरीको अनुसन्धान तहकिकात गर्न सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धी विवरण प्रविष्टि र रूजु गर्ने कार्य सम्पन्न भई प्राम्भिक मस्यौदा तयार भएको।
- एउटा प्राविधिक परीक्षक तालिम सम्पन्न भएको जसमा २४ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको।
- २ सय ८४ कार्यालयमा समय पालना र पोशाक तथा २ सय ६५ कार्यालयमा नागरिक वडापत्र अनुगमन गरिएको।
- जानकी गुठीको जग्गा अवस्था, अनियमितता तथा उपयोग लगायतका वियहरूमा विस्तृत अध्ययनका लागि टोली गठन भई कार्य अगाडी बढाइएको।

- १५ स्थानीय तहमा सदाचार शिक्षा कार्यक्रम सञ्चालन भएको।
- २५ आयोजनाहरूको प्राविधिक परीक्षण गर्न प्राविधिक परीक्षकबाट प्रतिवेदनको मस्यौदा प्राप्त भएको।
- भ्रष्टाचार विरुद्ध प्राविधिक परीक्षण अन्तर निकाय समन्वय गोष्ठी प्रदेश नं. २ को धनुषा जिल्लामा सञ्चालन गरिएको।

**लगानी बोर्ड**

- नेपाल-चीन मैत्री औद्योगिक पार्क दमक, ५० मेगावट क्षमताको मर्स्याङ्दी बेशी जलविद्युत परियोजना, ३७ मेघावाट क्षमताको माथिल्लो त्रिशुली-३ बी जलविद्युत परियोजना र २ सय १६ मेगावाट क्षमताको माथिल्लो त्रिशुली-१ जलविद्युत परियोजनामा कुल १ सय ६२ अर्ब रकमको परियोजना लगानी स्वीकृत भएको।
- निजी तथा सार्वजनिक-निजी साझेदारीमा लगानी हुने Bulk Terminal and Cargo Handling Services at Birgunj and Bhairahawa; Multimodel Logistic Park at Biratnagar; Damak Clean Industrial Park र ७ सय ५० मेगावाट क्षमताको तमोर जलाशययुक्त जलविद्युत परियोजनाको (MoU) परियोजना विकास तथा निर्माण गर्नको लागि विस्तृत अध्ययन गर्न लगानीकर्तासँग समझदारी गरिएको।
- ९०० मेगावाट क्षमताको अरुण तेश्रो जलविद्युत परियोजनाको वित्तीय व्यवस्थापन सम्पन्न भएको। फागुनसम्म परियोजना निर्माणको ३० प्रतिशत कार्य सम्पन्न भएको।
- सार्वजनिक-निजी-साझेदारी तथा लगानी ऐन, २०७५ अनुसार सार्वजनिक-निजी साझेदारी कार्यविधि, सम्भाव्यता न्यून पूर्ति कोष कार्यविधि, बोर्डको कोष व्यवस्थापन तथा सञ्चालन निर्देशिका, सर्भे लाइसेन्स निर्देशिका, विदेशी विनिमय सुविधा सिफारिस कार्यविधि र परियोजनाको पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि मस्यौदा भएको।
- नेपाल उद्योग परिसंघको सहकार्यमा नेपाल पूर्वाधार सम्मेलन, २०१९ आयोजना गरिएको।
- परियोजनाको सुरक्षा व्यवस्थापनको (Dedicated Security) को लागि विकासकर्ता तथा सशस्त्र प्रहरी बलबीच MoU सम्पन्न भएको।

**सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग**

- प्रहरी प्रधान कार्यालयसँग AML/CFT मा साझेदारीमा कार्य सम्पादन गर्ने सम्बन्धी MoU सम्पन्न भएको।
- सहकारी विभागसँगको साझेदारीमा २ जिल्लामा अगुवा सहकारीका लागि AML/CFT को तालिम र सहकारी क्षेत्रमा AML/CFT को श्रोत व्यक्ति तयार गर्न प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको।
- विभिन्न नियामक निकायहरूले सम्बन्धित संस्थाहरूमा AML/CFT सम्बन्धी निर्देशन जारी गरेको।
- ४ करोड ५० लाख ३५ हजार रूपैयाँ विगो दावीसहित सम्पत्ति शुद्धीकरण सम्बन्धी ८ वटा मुद्दा दायर गरिएको।

**राजस्व अनुसन्धान विभाग**

- राजस्व चुहावट नियन्त्रणका मुद्दाहरूको न्यायिक निरूपणमा एकरूपता ल्याउन तथा व्यवसायीहरूको विज्ञताको विकास गर्ने उद्देश्यले राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन, २०५२ मा पहिलो संशोधन गरिएको।

- राजस्व चुहावटसम्बन्धी ७८ मुद्दामा राजस्व चुहावटको कसूरमा बिगो रकम रू. ७ अर्ब २२ करोड असुल उपर तथा ऐनबमोजिम सजाय माग दाबीसहित २ सय ३० जना व्यक्तिहरू विरुद्ध अदालतमा मुद्दा दायर गरिएको।
- विदेशी विनिमय तथा हुण्डीतर्फ १ सय १५ मुद्दामा बिगो रकम रू. ८१ करोड ५५ लाख र ऐन बमोजिम जरिवाना र कैद सजाय माग गरी विभिन्न १ सय ८६ जना विरुद्ध अदालतमा मुद्दा दायर गरिएको।
- राजस्व चुहावट तथा चोरी पैठारीमा संलग्न विभिन्न ८३ फर्महरूको छानबीन गरी ४ करोड १६ लाख असुल उपर गर्न भन्सार विभाग तथा आन्तरिक राजस्व कार्यालयहरूमा लेखी पठाइएको।
- चालु आ.व. को यस अवधिसम्म झुट्टा नक्कली बिल बिजक जारी गरी राजस्व छली गर्ने ५२ फर्ममा संलग्न विभिन्न ५५ व्यक्तिहरू उपर ६ अर्ब भन्दा बढी बिगो रकम र यस्ता नक्कली बिजक खरिद गर्ने २२ वटा विभिन्न फर्म उपर १ अर्ब २० करोड भन्दा बढी बिगो रकम असुल उपर गरी ऐनबमोजिम सजाय मागदाबी लिई अदालतमा मुद्दा दायर गरिएको।
- राजस्व चुहावटसम्बन्धी अनुसन्धान कार्यलाई परिणाममुखी बनाउन विभाग र मातहत कार्यालयका ४२ कर्मचारीहरूलाई राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण र विदेशी विनिमय अपचलनसम्बन्धी तालिम दिइएको।
- राजस्व चुहावटका जोखिमयुक्त क्षेत्र पहिचान गरी सिफारिस गर्न गठित समितिबाट राजस्व चुहावटका उच्च जोखिमयुक्त क्षेत्र पहिचानसहित राजस्व चुहावट नियन्त्रण गर्ने अल्पकालीन तथा दीर्घकालीन उपायसहितको प्रतिवेदन प्राप्त भएको।

**राष्ट्रिय अनुसन्धान विभाग**

- आन्तरिक तथा राष्ट्रिय सुरक्षासम्बन्धी रणनीतिक सूचना सङ्कलन र सुशासन प्रवर्द्धनका लागि स्थानीय तहसम्म सूचना सञ्जाल विस्तार गरिएको।
- विभागबाट ७ प्रदेश कार्यालय एवं प्रदेश कार्यालयहरूबाट सम्बन्धित जिल्ला कार्यालयहरूमा कार्यसम्पादन सम्झौता गरिएको।
- विभाग, इन्टेलिजेन्स शिक्षालय हेटौंडा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका कर्मचारीहरूका लागि आधारभूत तथा उच्च सेवाकालीन तालिम सम्पन्न भएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको सञ्चालनका क्रममा उत्पन्न हुने समस्या तत्काल समाधान गर्न एक्सन रुमको स्थापना गरी सञ्चालनमा ल्याइएको।
- विश्व बैङ्कद्वारा प्रकाशन गरिने Doing Business Report ले समेटेका सूचकहरूको आधारमा विद्यमान व्यावसायिक वातावरणमा सुधारको लागि आवश्यक विवरण एकीकृत रूपमा तयार गरी विश्व बैङ्कलाई उपलब्ध गराइएको। Doing Business Index मा गतवर्ष नेपाल १ सय १० औं स्थानमा रहेकोमा यो वर्ष १६ अङ्कले सुधार भई ९४ औं स्थानमा उक्लिएको।
- प्रधानमन्त्री राष्ट्रिय प्रतिभा पुरस्कारको लागि अक्षय कोष खडा गरी वितरणको मापदण्ड बनाई प्रकाशन गरिएको।

- संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध व्यवस्थित गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश भएको।
- अन्तर प्रदेश परिषद्को बैठक सञ्चालनसम्बन्धी कार्यविधि स्वीकृत भई अन्तर प्रदेश परिषद्को सचिवालय स्थापना भएको।
- नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्नेसम्बन्धी मार्गदर्शन, २०७६ सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।
- लगानी सम्मेलन २०१९ सफलतापूर्वक सम्पन्न भएको।
- **मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना**को मस्यौदामा सबै प्रदेशमा परामर्श तथा अन्तर्क्रिया गरी परिमार्जनसहित मस्यौदा तयार गरिएको।
- हेलो सरकारमा प्राप्त गुनासोहरूको प्रभावकारी रूपले सम्बोधन गर्न नयाँ गुनासो व्यवस्थापन पोर्टल निर्माण गरी सञ्चालनमा ल्याइएको।
- सिंहदरवार परिसरभित्र उपयोगविहीन अवस्थामा रहेका **२ सय ५० भन्दा बढी पुराना सवारी साधनहरू** प्रदेश तथा स्थानीय तहको उपयोगको लागि उपलब्ध गराइएको। परिसरभित्र **२७ वटा बगैंचाहरू** निर्माण तथा मर्मतसम्भार गरी हरियाली प्रवर्द्धन गरिएको।
- कार्यालय र अन्तर्गत (क्षेत्रीय प्रशासन कार्यालयहरू समेत) बाँकी रहेको कुल बेरूजू रकम **रू.३ अर्ब ५४ करोडमध्ये सम्परीक्षणबाट रू.१ अर्ब ९३ करोड** (५४.७३ प्रतिशत) फछ्र्यौट गरिएको।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्नको लागि वैदेशिक भ्रमण, आन्तरिक भ्रमण, इन्धन तथा मर्मत लगायतका खर्चमा मितव्ययिता कायम गरिएको।
- नीति अनुसन्धान प्रतिष्ठान गठन भएको।
- राजश्व चुहावट (अनुसन्धान र नियन्त्रण) ऐन, २०५२ संशोधन गर्न बनेको विधेयक स्वीकृतिका लागि संघीय संसदमा पेश भएको,
- २०७६ जेठ मसान्तसम्म राजस्व चुहावटका ८१ मुद्दामा २ सय ४३ जना विरुद्ध मुद्दा दायर भएको।
- नक्कली भ्याट बिल जारी गर्ने ३२ कम्पनीका सञ्चालक र कर्मचारी विरुद्ध ५ अर्ब बराबरको राजस्व छलेको अभियोगमा मुद्दा दायर गरिएको।
- मन्त्रिपरिषद् बैठकलाई व्यवस्थित बनाउन Cabinet Automation System तयार गरी कार्यान्वयनमा ल्याइएको।
- मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्न र मन्त्रिपरिषद् समितिको बैठकलाई व्यवस्थित गर्न स्वचालित प्रणाली तयार पारिएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका बीचमा नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुगमन गर्ने प्रणालीको अन्तरआबद्धता गर्ने प्रणालीको विकास गरिएको।
- "म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताको लागि इमानदार भएर काम गर्छु" भन्ने अभियान सबै सरकारी कार्यालयहरूबाट प्रारम्भ भएको।
- भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश भएको।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसदमा पेश भएको।
- सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट कुल ५१ करोड ५८ लाख ६२ हजार बिगो दाबीसहित ९ वटा मुद्दा विशेष अदालतमा दायर भएको।
- सार्वजनिक सेवा प्रवाह, विकास निर्माण, अनियमिततासम्बन्धी राष्ट्रिय सतर्कता केन्द्रमा प्राप्त १ हजार १ सय ९१ वटा उजुरी मध्ये ८ सय २८ उजुरी छानबिन गरी फछ्र्यौट गरिएको।
- राष्ट्रिय सतर्कता केन्द्रबाट गत आ.व. ०७४/७५ मा प्राविधिक परीक्षण गरिएका १ सय ७ आयोजनाहरूलाई त्रुटि सच्याउन सम्बन्धित निकायमा लेखी पठाइएको।
- नीति तथा कार्यक्रम, वार्षिक बजेट कार्यान्वयन कार्ययोजना र त्यसको प्रगति जुनसुकै बेला अनलाइनबाटै अनुगमन गर्न सकिने Software निर्माण गरी कार्यान्वयनमा ल्याइएको।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश भएको।
- नियमित रूपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति र राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक आयोजना गरी समाधानका उपायहरू प्रस्तुत गरिएको।
- अन्तरप्रदेश परिषद्को ३ पटक बैठक सम्पन्न भएको।
- नेपाल सरकार र प्रदेश सरकारका बीच समन्वय र सम्पर्क गर्नेसम्बन्धी मार्गदर्शन, २०७६ सम्माननीय प्रधानमन्त्रीज्यूबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू.हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०११३ | मन्त्रिपरिषद् | ९०३५० | ८०५८४ | ८९.१९ |
| ३०१०१३३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३८६९५२ | २३३८९३ | ६०.४४ |
| ३०१०१५३ | गरिबी निवारण कोष | १०११७०० | १३८६०८ | १३.७ |
| ३०१०२०३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८७८०० | ५५८१० | ६३.५६ |
| ३०१०२२३ | नेपाल ट्रष्टको कार्यालय | ४५३०० | ३९२५३ | ८६.६५ |
| ३०१०२५३ | राष्ट्रिय सतर्कता केन्द्र | १०२५०० | ७४६६५ | ७२.८४ |
| ३०१०३१३ | लगानी बोर्डको कार्यालय | ३५८८०० | ६६३५२ | १८.४९ |
| ३०१०३५३ | महान्यायाधिवक्ताको कार्यालय | १६३३७५ | १४०००० | ८५.६९ |
| ३०१०३६३ | उच्च सरकारी वकिल कार्यालयहरू | १८६५२२ | १६१६८९ | ८६.६९ |
| ३०१०३७३ | जिल्ला सरकारी वकिल कार्यालयहरू | ४३१३६३ | ३८४९५८ | ८९.२४ |
| ३०१०३८३ | विशेष सरकारी वकील कार्यालय | २४५२५ | २०७०९ | ८४.४४ |
| ३०१०३९३ | राजस्व अनुसन्धान विभाग | ८८११० | ७२३७१ | ८२.१४ |
| ३०१०४०३ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | ९२४५२ | ८९६६७ | ९६.९९ |
| ३०१०४१३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ९७२०० | ७१२६६ | ७३.३२ |
| ३०१०४२३ | राष्ट्रिय अनुसन्धान विभाग | १११९८६३ | ९७१६४८ | ८७.३९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०११०१३ | सूचना र प्रविधि विकास आयोजना | ११९०० | २८०१ | २३.५४ |
| | **जम्मा** | ४२९०७१२ | २६०४२७४ | ६०.६९ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०१३४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६८९०० | ४३९९० | ६३.८५ |
| ३०१०२०४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | १३६२० | ५१०८ | ३७.५० |
| ३०१०२२४ | नेपाल ट्रष्टको कार्यालय | ८०० | ७८१ | ९७.५७ |
| ३०१०२५४ | राष्ट्रिय सतर्कता केन्द्र | १३८०० | १०७३६ | ७७.८० |
| ३०१०३१४ | लगानी बोर्डको कार्यालय | ५३९०० | ३७२६८ | ६९.१४ |
| ३०१०३५४ | महान्यायाधिवक्ताको कार्यालय | ३८६६१ | ३७०६५ | ९५.८७ |
| ३०१०३६४ | उच्च सरकारी वकिल कार्यालयहरू | ३१२५४ | २१७५७ | ६९.६१ |
| ३०१०३७४ | जिल्ला सरकारी वकिल कार्यालयहरू | २८११०७ | २४१८९५ | ८६.०५ |
| ३०१०३८४ | विशेष सरकारी वकील कार्यालय | १००० | ९८५ | ९८.५० |
| ३०१०३९४ | राजस्व अनुसन्धान विभाग | ९७०५ | ९२२२ | ९५.०३ |
| ३०१०४०४ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | ८९०० | ८२८५ | ९३.०९ |
| ३०१०४१४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ५२०० | २६२६ | ५०.५० |
| ३०१०४२४ | राष्ट्रिय अनुसन्धान विभाग | १६६०३० | १५३२३९ | ९२.३० |
| ३०११०१४ | सूचना र प्रविधि विकास आयोजना | ३६२२०० | ३४२५८७ | ९४.५९ |
| | **जम्मा** | १०५५०७७ | ९१५५४४ | ८६.७७ |

## १०. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००११३ | मन्त्रिपरिषद् | ९४५०० | २०८४१ | २२.०५ |
| ३०१०००१२३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४८३४३० | १८७२८१ | ३८.७४ |
| ३०१०१०११३ | महान्यायाधिवक्ताको कार्यालय | १४१७०० | ७४७७३ | ५२.७७ |
| ३०१०१०१२३ | उच्च सरकारी वकिल कार्यालयहरू | १७८७०० | १११८६२ | ६२.६ |
| ३०१०१०१३३ | विशेष सरकारी वकिल कार्यालय | २२४०० | १२६०२ | ५६.२६ |
| ३०१०१०१४३ | जिल्ला सरकारी वकिल कार्यालयहरू | ४१६१५० | २७३४४५ | ६५.७१ |
| ३०१०२०११३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ८३००० | ३४७४० | ४१.८६ |
| ३०१०३०११३ | नेपाल ट्रष्टको कार्यालय | ४४५५५ | २४०११ | ५३.८९ |
| ३०१०४०११३ | राष्ट्रिय सतर्कता केन्द्र | ९०००० | ५४७५१ | ६०.८३ |
| ३०१०५०११३ | राजस्व अनुसन्धान विभाग | १२०१०० | ५५४१५ | ४६.१४ |
| ३०१०५०१२३ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | १०९१३७ | ५२४७७ | ४८.०८ |
| ३०१०६०११३ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ९५१४४ | ४३३८१ | ४५.६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०७०११३ | राष्ट्रिय अनुसन्धान विभाग | १२४८२६० | ७२४९३१ | ५८.०८ |
| ३०१३१०११३ | लगानी बोर्डको कार्यालय | ४२१६०० | २४११९ | ५.७२ |
| | **जम्मा** | **३५४८६७६** | **१६९४६२९** | **४७.७५** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०००१२४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १७६४४९ | ४३९३५ | २४.९ |
| ३०१०१०११४ | महान्यायाधिवक्ताको कार्यालय | २६५०० | १९८३ | ७.४८ |
| ३०१०१०१२४ | उच्च सरकारी वकिल कार्यालयहरू | ३४८०० | २४७०२ | ७०.९८ |
| ३०१०१०१३४ | विशेष सरकारी वकिल कार्यालय | ११०० | ३७ | ३.३४ |
| ३०१०१०१४४ | जिल्ला सरकारी वकिल कार्यालयहरू | २१७३६६ | १०८९२६ | ५०.११ |
| ३०१०२०११४ | सार्वजनिक खरिद अनुगमन कार्यालय | ५९००० | २०३५ | ३.४५ |
| ३०१०३०११४ | नेपाल ट्रष्टको कार्यालय | ६९०० | ० | ० |
| ३०१०४०११४ | राष्ट्रिय सतर्कता केन्द्र | २३३५० | १६९४ | ७.२५ |
| ३०१०५०११४ | राजस्व अनुसन्धान विभाग | १०६०० | ३८३३ | ३६.१६ |
| ३०१०५०१२४ | राजस्व अनुसन्धान इकाई कार्यालयहरू | १९०९० | ११०२ | ५.७७ |
| ३०१०६०११४ | सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग | ७७०० | १५०५ | १९.५५ |
| ३०१०७०११४ | राष्ट्रिय अनुसन्धान विभाग | ५४५५०० | ३२०९९० | ५८.८४ |
| ३०१३१०११४ | लगानी बोर्डको कार्यालय | ८२४०० | ३५६ | ०.४३ |
| | **जम्मा** | **१२१०७५५** | **५११०९८** | **४२.२१** |

♦ ♦ ♦

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

## १. पृष्ठभूमिः

२०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्प तथा तत्पश्चातका पराकम्पका कारण पूर्वी तथा मध्य नेपालका १४ जिल्ला गम्भीर र १८ जिल्ला आंशिक रूपमा प्रभावित भई ठूलो परिमाणमा धनजनको क्षति हुन पुग्यो। उक्त भूकम्पबाट क्षतिग्रस्त भौतिक संरचनाको पुनर्निर्माण गर्न, गराउन नीतिगत, कानुनी र संस्थागत संरचनाको व्यवस्था गर्ने क्रममा २०७२ पौषमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भई भूकम्पबाट भएको क्षति यकीन गरी सोही आधारमा क्षतिग्रस्त सरकारी संरचना, निजी आवास, सामुदायिक विद्यालय र ऐतिहासिक एवं पुरातात्विक सम्पदाको पुनर्निर्माण, जोखिमयुक्त वस्ती स्थानान्तरण, एकीकृत वस्ती विकास र आर्थिक सामाजिक पुनर्स्थापनासम्बन्धी कार्य भइरहेका छन्। समग्र पुनर्निर्माणमा Built Back Better र निजी आवास पुनर्निर्माणमा Owner Driven Reconstruction को अवधारणा अवलम्बन गरिएअनुरूप राष्ट्रिय पुनर्निर्माण प्राधिकरण गठन भएको करिब ४ वर्षको अवधिमा निजी आवाससहित सबै क्षेत्रमा पुनर्निर्माण कार्य उल्लेखनीय रूपमा अगाडि बढेको भए तापनि प्राधिकरणको बाँकी रहेको कार्याविधि समेतलाई विचार गरी पुनर्निर्माणको बाँकी रहेका कामलाई यथाशीघ्र योजनाबद्ध रूपमा सम्पन्न गर्ने गरी स्थानीय तह र सरकारका सम्बद्ध विषयगत मन्त्रालयहरूसँगको समन्वय र सहभागितालाई अझ बढी प्रभावकारी रूपमा परिचालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

## २. दीर्घकालीन सोचः

- सुरक्षित र योजनाबद्ध पुनर्निर्माण।

## ३. उद्देश्यः

- भूकम्पबाट क्षतिग्रस्त निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, पुरातात्विक सम्पदा तथा सार्वजनिक भौतिक संरचनाको शीघ्र पुनर्निर्माण सम्पन्न गर्ने,
- जोखिमयुक्त बस्ती स्थानान्तरण, एकीकृत बस्ती विकास एवं पुनर्स्थापनाको कार्य गर्ने।

## ४. रणनीतिः

- भूकम्पबाट क्षतिग्रस्त निजी आवास र सार्वजनिक भौतिक संरचनाहरूको भूकम्प प्रतिरोधी हुने गरी पुनर्निर्माण र सुधार गर्ने,
- क्षतिग्रस्त संरचनामध्ये बाँकी रहेका भौतिक संरचना प्राथमिकताको आधारमा भूकम्प प्रतिरोधी हुने गरी शीघ्र र लागतमैत्री प्रबलीकरण तथा पुनर्निर्माण गर्ने,
- निजी आवास पुनर्निर्माणका लागि आवश्यक अनुदान वितरण एवं सहुलियतपूर्ण कर्जा प्रवाहलाई प्रभावकारी बनाई सम्पन्न गर्ने,
- धार्मिक तथा सांस्कृतिक सम्पदा एवं परम्परागत शैलीका निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा यथाशक्य स्थानीय सीप, सामग्री र प्रविधिको उपयोग गर्ने,
- विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदाको एकीकृत गुरुयोजनाका आधारमा पुनर्निर्माण सम्पन्न गर्ने,

- पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी कार्य प्रदेश तथा स्थानीय तहसँग सहकार्य र समन्वय गरी सम्पन्न गर्ने,
- जोखिमयुक्त बस्ती स्थानान्तरण एवं एकीकृत बस्ती विकास गर्ने,
- भूकम्पपीडित (मूलतः जोखिममा परेका) को जीविकोपार्जनका लागि आय-आर्जनका अवसर सिर्जना गर्ने,
- विपद् व्यवस्थापनका लागि स्थानीय तहदेखि नै आवश्यक क्षमता र प्रभावकारिता सुदृढ गर्ने।

## ५. कार्यक्षेत्र

- भूकम्प प्रभावित ३२ जिल्लाका क्षति भएका निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, सरकारी भवन, पुरातात्विक सम्पदा तथा अन्य भौतिक संरचनाहरूको पुनर्निर्माण गर्ने।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१० | भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणको बाँकी कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने र छुट भएका वास्तविक लाभग्राहीको पहिचान गरी अनुदान वितरण गरिनेछ। यसै वर्ष शुरु गरिएको धरहरा पुनर्निर्माणको कार्य आगामी दुई वर्षभित्र सम्पन्न गरिनेछ। | • चालु आ.व. मा १२ हजार ७ सय ६५ लाभग्राहीहरूलाई प्रथम किस्ता वितरण गरी हालसम्म निजी आवास निर्माण गर्ने लाभग्राहीको संख्या ७ लाख ७६ हजार ५ सय २० पुगेको। त्यसैगरी ४९ हजार ४ सय ८३ लाभग्राहीलाई दोस्रो किस्ता वितरण गरिएको र हालसम्म सो संख्या ६ लाख ४० हजार ९ सय २१ पुगेको साथै ९२ हजार ३ सय ३८ लाभग्राहीलाई तेस्रो किस्ता रकम वितरण गरिएको र हालसम्म सो संख्या ५ लाख ४८ हजार ६१० पुगेको।<br>• चालु आ.व. को दोस्रो चौमासिकसम्म ७५ हजार ६ सय १५ निजी आवासको पुनर्निर्माण सम्पन्न भएको र हालसम्म सो संख्या ४ लाख ९४ हजार ३ सय ७९ (६३.३२ प्रतिशत) रहेको, १ लाख ८९ हजार ४ सय ८४ (२४.२७ प्रतिशत) निजी आवास पुनर्निर्माण भइरहेको। हालसम्म कुल ८७.५९ प्रतिशत निजी आवासको पुनर्निर्माण सम्पन्न हुने क्रममा रहेको।<br>• छुट भएका वास्तविक लाभग्राहीहरूको दोस्रो चरण पुनः जाँच तथा पुनः सर्वेक्षण सम्पन्न गरी १ लाख ८९ हजार २ सय ३९ गुनासोहरूको विवरण सङ्कलन गरिएको र १ |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | लाख ६९ हजार २ सय ९ को तथ्याङ्क विश्लेषण गरी १५ हजार ५ सय १७ पुनर्निर्माण र ७ हजार ८ सय ५९ प्रवलीकरण लाभग्राहीहरूको पहिचान गरिएको।<br>• ऐतिहासिक धरहराको पुनर्निर्माण जारी रहेको तथा हालसम्म दशौं तलासम्मको ढलान कार्य सम्पन्न भई समग्रमा धरहरा पुनर्निर्माणको ४० प्रतिशत कार्य सम्पन्न भएको। |
| २११ | भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरूको पुनर्निर्माण आगामी दुई वर्ष भित्र सम्पन्न गरिने। विद्यालयको भौतिक संरचना निर्माणमा स्थानीय समुदायसँग साझेदारी गर्ने नीति अवलम्बन गरिनेछ। भूकम्पबाट क्षति पुगेका सबै विद्यालयहरूको पुनर्निर्माण कार्यमा तीव्रता ल्याइने। | • क्षति भएका ९ सय २० सम्पदाहरूमध्ये हालसम्म ४ सय २ वटा सम्पदाहरूको निर्माण सम्पन्न भएको। चालु आ.व. मा मात्र २२ वटाको सम्पन्न भएको र हाल १ सय ४१ सम्पदाहरूको पुनर्निर्माण जारी रहेको।<br>• क्षतिग्रस्त ७ हजार ५ सय ५३ विद्यालयहरू मध्ये हालसम्म ५ हजार ५ सय ९८ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको जसमा ५ सय ३५ वटाको चालु आ.व.को दोस्रो चौमासिक अवधिभित्र मात्र सम्पन्न भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- जोखिमयुक्त बस्तीमा रहेका ४ हजार ८ सय २९ भूकम्प प्रभावित घरपरिवार मध्ये ६ सय २९ घरपरिवारलाई जग्गा उपलब्ध गराइएको छ भने २ हजार ३ सय ९३ घरपरिवारलाई जग्गा खरिद अनुदान उपलब्ध गराइएको।
- जोखिमयुक्त बस्तीमा रहेका लाभग्राहीहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरणको कार्य अघि बढाइएकोमा हालसम्म ९ एकीकृत बस्तीको कार्य सम्पन्न भएको छ भने ४३ वस्तीको प्रारम्भिक योजना स्वीकृत भएको, २७ वटाको DPR स्वीकृत भएको र ८ वस्तीको कार्य शुरु भई ३० प्रतिशत सम्पन्न भएको।
- केन्द्रीयस्तरका मुख्य भवनहरू जस्तै- सिंहदरबार, बबरमहल, केशरमहल लगायतका पुरातात्विक भवनहरूको प्रवलीकरण कार्य शुरु भएको।
- रानीपोखरी र सो परिसरभित्र रहेको बालगोपालेश्वर मन्दिर लगायतका संरचनाहरूको पुनर्निर्माण कार्य भइरहेको। रानीपोखरीको निर्माण कार्य (पोखरीको सतह मिलाउने लगायतका) उपभोक्ता समितिमार्फत भइरहेको र बालगोपालेश्वर मन्दिर र पुलको पुनर्निर्माण कार्य ठेक्का सम्झौता भई पुनर्निर्माण भइरहेको।

हालसम्म करिब ७० प्रतिशत कार्य सम्पन्न भएको र चालु आ.व. भित्रै कार्य सम्पन्न हुने गरी काम भइरहेको।

- रणनैतिक सडकतर्फ धादिङ-गोरखा सडकको निर्माण कार्य ९९ प्रतिशत, दोलालघाट-सिंगटी सडकको निर्माण कार्य ८९ प्रतिशत र पाँचखाल-मेलम्ची सडकको निर्माण कार्य ६२ प्रतिशत पूरा भएको।
- ग्रामीण सडक पुनर्निर्माणतर्फ कुल ६ सय ६२ कि.मी. को स्तरोन्नति तथा पुनर्निर्माण भइरहेकोमा हालसम्म ३ सय ९४ कि.मी. सडकको निर्माण सम्पन्न भएको र बाँकीको निर्माण कार्य भइरहेको।
- भूकम्पबाट क्षति भएका १ हजार १ सय ९७ स्वास्थ्य संस्थाहरूमा क्षति पुगेकोमा हालसम्म ६ सय ६९ को पुनर्निर्माण सम्पन्न भएको।
- स्वास्थ्य संस्थाहरूको पुनर्निर्माणतर्फ नेपाल सरकारको स्रोतबाट १०२ स्वास्थ्य संस्थाहरूको पुनर्निर्माण कार्य भइरहेको छ भने ४७ स्वास्थ्य संस्थाको लागत अनुमान कार्य भएको।
- भूकम्पबाट क्षति भएका ४ सय १५ सरकारी भवनमध्ये हालसम्म सो संख्या ३ सय ४९ अर्थात ८४ प्रतिशतको पुनर्निर्माण सम्पन्न भएको।
- नेपाली सेनातर्फ ६९, नेपाल प्रहरीतर्फ ८५, सशस्त्र प्रहरी बलतर्फ ३१ र राष्ट्रिय अनुसन्धान विभागतर्फ ९ गरी हालसम्म १९४ भवन/संरचनाहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको।

**तालिका नः २. निजी आवास पुनर्निर्माणसम्बन्धी भएको प्रगति विवरणः**

| क्र.सं. | विवरण | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७* | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जम्मा लाभग्राही संख्या | | ५३१,९६४ | २१५,५२० | ६०,००२ | १८,६३४ | ९९२ | ८२७,११२ | |
| २ | अनुदान सम्झौता | | २७८,८८० | ३५०,७३३ | ९२,४०६ | ४६,४५० | १२,२७४ | ७८०,७४३ | ९४.३४ |
| ३ | प्रथम किस्ता भुक्तानी | | ३५,१४५ | ५६२,४३२ | ११६,३१६ | ४९,८६२ | १२,७६५ | ७७६,५२० | ९९.४६ |
| ४ | निर्माण कार्य शुरु भएका घर संख्या | | | ९६,७२२ | ४१७,७२४ | १२६,०६० | ४३,३५७ | ६८३,८६३ | ८७.५९ |
| ५ | दोस्रो किस्ता | माग | | ७८,३८० | ४०८,५५७ | १२०,७९८ | ४०,८४८ | ६४८,५८३ | ८३.०७ |
| | | प्रमाणीकरण | | ६५,९८१ | ४०९,९८९ | १२९,४०३ | ३९,९४७ | ६४५,३२० | ८२.६५ |
| | | भुक्तानी | | ५५,०५५ | ४०९,३३६ | १२७,०४७ | ४९,४८३ | ६४०,९२१ | ८२.०९ |
| ६ | तेस्रो किस्ता | माग | | ७,०३१ | २४९,८०९ | २२३,५८१ | ८४,२७९ | ५६४,७०० | ७२.३३ |
| | | प्रमाणीकरण | | ४,४७४ | २४०,६२४ | २३३,९३३ | ८२,१७९ | ५६१,२१० | ७१.८८ |
| | | भुक्तानी | | २,७३४ | २१९,०४२ | २३४,४९६ | ९२,३३८ | ५४८,६१० | ७०.२७ |
| ७ | निर्माण कार्य शुरु भएका मध्ये निर्माण सम्पन्न भएका निजी आवास संख्या | | | ४४,९२७ | २०४,१६६ | १६९,६७१ | ७५,६१५ | ४९४,३७९ | ६३.३२ |
| ८ | निर्माणाधीन घर संख्या | | | | | | | १८९,४८४ | २४.२७ |
| ९ | प्रवलीकरण | लाभग्राही | | | ५२,०५४ | १९,३७९ | ३,३२८ | ७४,७६१ | |
| | | सम्झौता | | | ८,८३३ | १३,४१७ | २१,४९० | ४३,७४० | ५८.५१ |
| | | प्रथम किस्ता भुक्तानी | | | ७,४३१ | १४,३६९ | २०,६७९ | ४२,४७९ | ९७.१२ |

| क्र.सं. | विवरण | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७* | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | दोस्रो किस्ता भुक्तानी | | | ० | २५ | ३१ | ५६ | ०.१३ |
| १० | रु. २ लाख अनुदान लिई सुरक्षित स्थानमा जग्गा व्यवस्थापन गरिसकेका लाभग्राहीहरूको संख्या | | | | १,१९९ | ९५८ | २३६ | २,३९३ | |

*फागुन मसान्त

**सार्वजनिक संरचनाहरूको पुनर्निर्माणसम्बन्धी प्रगति विवरणः**

| क्र.सं. | विवरण | संख्या | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७* | जम्मा | निर्माणाधीन |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | सरकारी भवनहरूको पुनर्निर्माण | ४८३ | ० | १८२ | ६६ | ७६ | २५ | ३४९ | ४९ |
| २. | विद्यालय भवनहरूको पुनर्निर्माण | ७५५३ | ० | २,४५६ | १,३६० | १,२४७ | ५३५ | ५,५९८ | १,४९२ |
| ३. | स्वास्थ्य संस्था भवनहरूको पुनर्निर्माण | ११९७ | ८३ | २९६ | २६४ | २२ | ४ | ६६९ | १४५ |
| ४. | पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण | ९२० | ० | ५६ | १२९ | १९५ | २२ | ४०२ | १४१ |
| ५. | सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण | ३८३ | ० | १८ | ७५ | ९० | ११ | १९४ | २२ |

*२०७६ फागुनसम्मको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- २०७६ असार मसान्तसम्म जम्मा ८ लाख २६ हजार ५ सय ५८ लाभग्राही मध्ये ७ लाख ६८ हजार ४ सय ६९ लाभग्राहीहरूसंग सम्झौता गरिएको। सम्झौता गरेका लाभग्राहीमध्ये ७ लाख ६३ हजार ७ सय ५५, ५ लाख ९१ हजार ४ सय ३८ र ४ लाख ५६ हजार २ सय ७२ लाभग्राहीहरूलाई क्रमशः प्रथम, दोस्रो र तेस्रो किस्ता बापतको रकम भुक्तानी गरिएको।
- २०७६ असार मसान्तसम्म ४ लाख १८ हजार ७ सय ६४ निजी आवास पुनर्निर्माण सम्पन्न भएको।
- छुट भएका वास्तविक लाभग्राहीहरूको सन्दर्भमा पुनः जाँच तथा पुनः सर्वेक्षणसम्बन्धी दोस्रो चरणको कार्य गरिएको।
- भूकम्पबाट जोखिमयुक्त देखिएका १ हजार ६० बस्तीहरू मध्ये भौगर्भिक अध्ययनबाट जम्मा ३०५ वटा बस्तीहरू संरक्षण गर्नुपर्ने र २ सय ८३ बस्ती जोखिमयुक्त भई स्थानान्तरण गर्नु पर्ने देखिएकोले उक्त जोखिम बस्तीहरूमा रहेका ४ हजार ७ सय ७६ मध्ये २ हजार ७ सय ८६ लाभग्राहीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइएको। स्थानान्तरण गर्नुपर्ने बस्तीका आफैं अन्यन्त्र स्थानान्तरण हुन चाहेका लाभग्राही मध्ये २ हजार १ सय ५७ जनालाई जग्गा खरिदका लागि प्रतिव्यक्ति थप रु.२ लाख अनुदान उपलब्ध गराइएको छ भने ६ सय २९ लाभग्राहीलाई जग्गा उपलब्ध गराइएको।

- भौगर्भिक अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीहरूका लागि सम्भावित स्थानहरूको छनोटसहित एकीकृत बस्ती विकास गर्नका लागि १०० वटा एकीकृत बस्ती पुनर्निर्माणका लागि प्रस्ताव प्राप्त भएकोमा २०७६ असार मसान्तसम्म ७६ वटा एकीकृत बस्ती पुनर्निर्माणका लागि प्रस्ताव स्वीकृत भएको मध्ये ९ एकीकृत बस्तीको पुनर्निर्माण सम्पन्न भएको।
- भूकम्प प्रभावित जिल्लाका स्थानीय तह र प्राधिकरण बीचमा पुनर्निर्माणसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरी पुनर्निर्माणको कार्यमा स्थानीय तहलाई बढी जिम्मेवार बनाइएको।
- सहुलियतपूर्ण ब्याज अनुदानसम्बन्धी कार्यविधि, २०७५ अनुसार आर्थिक अभावका कारण हालसम्म घर निर्माण शुरु नगर्ने ७६ जना भूकम्प पीडितहरूलाई ब्याज अनुदानमा रु.३ लाख कर्जा प्रवाह गरिएको।
- २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट क्षति भएका शिक्षण संस्था, स्वास्थ्य संस्था, पुरातात्विक सम्पदा, सरकारी तथा सार्वजनिक भवन, सडक लगायतका भौतिक संरचनाहरूको २०७६ असार मसान्तसम्मको समग्र पुनर्निर्माणको प्रगति अवस्था देहायबमोजिम रहेको :-

**तालिका नं. १: २०७६ असार सम्म क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणमा भएको प्रगति विवरण**

| विवरण | पुनर्निर्माण गर्नुपर्ने | सम्पन्न | | क्रमागत | |
|---|---|---|---|---|---|
| | परिमाण | परिमाण | प्रतिशत | परिमाण | प्रतिशत |
| शिक्षण संस्था पुनर्निर्माण | ७५५३ | ५०६३ | ६७ | १५१६ | २० |
| स्वास्थ्य संस्थाहरू | ११९७ | ६६५ | ५६ | १४९ | १२ |
| पुरातात्विक सम्पदा पुनर्निर्माण | ८९१ | ३८० | ४३ | १२३ | १४ |
| गुम्बा पुनर्निर्माण | १३२० | ० | ० | ४०२ | ३० |
| सरकारी भवन पुनर्निर्माण | ४१५ | ३०३ | ७३ | १०९ | २६ |
| सुरक्षा निकायका भवन पुनर्निर्माण | ३८३ | १८३ | ४८ | ३२ | ८ |
| स्थानीय स्तरका सडक (कि.मि) | ७६२ | ३६६ | ४८ | ३९६ | ५२ |

- २०७५ पौष १२ गते धरहरा पुनर्निर्माणको शिलान्यास भई पुनर्निर्माणको कार्य शुभारम्भ गरिएको।
- रानीपोखरी र सो परिसरभित्र रहेको बालगोपालेश्वर मन्दिर लगायतका संरचनाहरूको पुनर्निर्माणका लागि दुई प्याकेजमा निर्माण कार्यको प्रकिया अगाडि बढाइएको।
- सिंहदरबार मुख्य प्रशासनिक भवन (पश्चिम मोहडाबाहेक) को प्रवलीकरण गर्ने कार्य ५० प्रतिशत पूरा भएको र पश्चिम मोहडाको प्रवलीकरण कार्यको लागि प्रारम्भिक कार्य शुरु भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट एवं खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०३२३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १४८२०० | १३२३५१ | ८९.३१ |
| ३०१८०१३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ८१३२८६०७ | ५२९५३३९८ | ६५.११ |
| | **जम्मा** | **८१४७६८०७** | **५३०८५७४९** | **६५.१५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०१०३२४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ८१०० | ७४९९ | ९२.५८ |
| ३०१८०१४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ५७०९६१६० | ३६५६८०१३ | ६४.०५ |
| | **जम्मा** | **५७१०४२६०** | **३६५७५५१२** | **६४.०५** |

## १०. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | १४६८०० | ७९८४३ | ५४.३९ |
| ३९२०००१२३ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ६६६०५७०५ | १८५८४८४१ | २७.९ |
| | **जम्मा** | **६६७५२५०५** | **१८६६४६८४** | **२७.९६** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३९२०००११४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ७५०० | ११६४ | १५.५२ |
| ३९२०००१२४ | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष | ७४९७२५८० | १३४२१३५२ | १७.९ |
| | **जम्मा** | **७४९८००८०** | **१३४२२५१६** | **१७.९** |

♦ ♦ ♦

# अर्थ मन्त्रालय

## १. पृष्ठभूमिः

मुलुकमा समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै, आर्थिक विकास सँग सम्बन्धित गतिविधिको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तर सरकारी वित्त व्यवस्थापन, राजस्व तथा वैदेशिक सहायता परिचालन, नेपाल सरकारको आर्थिक प्रशासन, वित्तीय क्षेत्रको दीगो विकास तथा व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीतिको तर्जुमा र कार्यान्वयन गर्ने कार्य अर्थ मन्त्रालय मातहत रहेको छ।

## २. दीर्घकालीन सोच :

सबल आर्थिक तथा वित्तीय व्यवस्थापनबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि र सामाजिक न्यायसहितको विकासमा योगदान पुऱ्याउदै सवल, समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## ३. उद्देश्यः

सार्वजनिक वित्तको प्रभावकारी र समुचित उपयोगबाट आर्थिक विकास, समष्टिगत आर्थिक स्थायित्व र अर्थतन्त्रको सुदृढीकरणमा सहयोग पुऱ्याउने।

## ४. रणनीतिः

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने,
- करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउने,
- अनावश्यक मानव स्वास्थ्यलाई नोक्सान पुऱ्याउने तथा वातावरण ह्रास गराउने वस्तुको आयात निरुत्साहित एवं निर्यात प्रवर्द्धन गर्ने,
- गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागतप्रभावी र पारदर्शी बनाई थप राजस्व परिचालन गर्ने,
- प्राथमिकता प्राप्त क्षेत्रहरूको लागि प्रभावकारी र न्यायोचितरूपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्बन गर्ने,
- वित्तीय संस्था र वित्तीय उपकरणहरूको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने,
- निजीकरण भएका संस्थानको कार्यकुशलता अभिवृद्धि गर्दै सरकारी स्वामित्वमा सञ्चालनमा रहेका संस्थानहरूलाई व्यावसायिकताको सिद्धान्तका आधारमा सञ्चालन गर्ने,
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणालीको अवलम्बन गर्ने,

- सार्वजनिक क्षेत्रका कर्मचारीहरूको लागि उत्प्रेरणामूखी र धान्न सकिने उपयुक्त तलबमान एवं सुविधा प्रणाली कायम गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी, प्रभावकारी र अनुशासित तुल्याउने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि विनियोजित बजेट र प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्वसम्बन्धी कानुनी व्यवस्था तथा कार्यान्वयनको सुनिश्चितता गर्ने,
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरूको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने,
- सार्वजनिक र निजीक्षेत्रको लगानी तथा विकासमा परिपूरक सम्बन्ध स्थापित हुने गरी समग्र आर्थिक विकासमा अनुकूल वातावरण सिर्जना गर्ने,
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व बाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने,
- सार्वजनिक (आन्तरिक तथा बाह्य) ऋण परिचालनलाई मुलुकको राष्ट्रिय प्राथमिकता, ऋण तिर्न सक्ने क्षमता विकास र समग्र आर्थिक वृद्धिमा पुऱ्याउन सक्ने योगदानका आधारमा परिचालन गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरतासम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- केन्द्रीय बैङ्क सञ्चालन, नियमन र मौद्रिक नीति,
- बैक तथा वित्तीय संस्थाहरूसम्बन्धी नीति, कानुन, समन्वय र नियमन,
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैङ्किङ्गसम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
- वैदेशिक ऋण अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायतासम्बन्धी सन्धि, सम्झौता र कार्यान्वयन,
- संघीय सञ्चित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोषको व्यवस्थापन,
- बजेट तर्जुमा कार्यान्वयन र नियमन,
- सरकारी जमानत,
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदानसम्बन्धी नीति, कानुन र नियमन,
- तलब भत्ता उपदान निबृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्वसम्बन्धी विषय,
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति, कानुन र मापदण्ड,

- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
- राजस्वसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
- सार्वजनिक खर्चसम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- आर्थिक कार्यविधिसम्बन्धी नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- मूल्य नीति,
- लेखा तथा लेखापरीक्षण प्रणाली,
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरणसम्बन्धी नीति, कानुन, कार्यान्वयन, समन्वय र नियमन,
- संघीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति,
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवा शुल्क, दस्तुरलगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
- कर तथा भन्सार राजस्वसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय सन्धि, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
- राजस्वसम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान,
- धितोपत्र तथा कमोडिटी बजारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- बिमासम्बन्धी नीति कानुन मापदण्ड र नियमन,
- संघ प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,
- राजस्व चुहावट नियन्त्रण,
- महालेखापरीक्षकको कार्यालय,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग,
- निक्षेप तथा कर्जा सुरक्षण कोष,
- सरकारी स्वामित्वमा भएका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांशसम्बन्धी नीति निर्धारण,
- राजस्व र आर्थिक प्रशासनसम्बन्धी तालिम, अध्ययन र अनुसन्धान,
- कर्मचारी सञ्चय कोष,
- नागरिक लगानी कोष,
- राजस्व परामर्श विकास समिति,
- अवकाश कोष,
- सार्वजनिक संस्थानहरू र निजीकरणसम्बन्धी नीति, कानुन, मापदण्ड अनुगमन र नियमन,

- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी, आदिको सञ्चालन र नियमन,
- नेपाल लेखापरीक्षण सेवाको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २३ | साविकमा संघमा रहेका प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने आयोजना तथा कार्यक्रमहरू निश्चित मापदण्डका आधारमा प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने व्यवस्था मिलाइएको। सशर्त अनुदानमा हस्तान्तरित आयोजना तथा कार्यक्रमको लागि संघबाट क्षेत्रगतरूपमा अनुदान उपलब्ध गराई त्यसको निरन्तरता, प्राथमिकता र थप स्रोत समेतको विषयमा प्रदेश र स्थानीय तहले नै निर्णय गरी कार्यान्वयन अघि बढाउन सक्ने व्यवस्था गरिएको। | • प्रदेश तथा स्थानीय तहको कार्यजिम्मेवारीमा कार्यक्रम/आयोजनालाई मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत हस्तान्तरण गर्ने व्यवस्था भएको।<br>• सशर्त अनुदानसहित हस्तान्तरण भएका आयोजना/कार्यक्रम कार्यान्वयनका लागि बजेट कार्यान्वयन मार्गदर्शन पठाइएको। |
| ९७ | साना किसान विकास बैङ्कको कृषि कर्जा कार्यक्रम प्रभावकारी बनाउन संस्थागत सुधार गरिने। मझौला तथा साना किसान उद्यमीको सुलभ कर्जामा सहज पहुँच सुनिश्चित गर्न साना किसान विकास बैङ्कमार्फत परियोजनाकै धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने। | • कृषि र कृषि उद्यमशिलताको विकासको लागि साना किसान लघु विकास वित्तीय संस्थामार्फत परियोजनाकै धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गर्न एशियाली विकास बैङ्कसँग सहयोग सम्झौता सम्पन्न भई साना तथा मझौला कृषि उद्यम व्यवसाय कर्जा कार्यान्वयनका लागि साना किसान विकास लघुवित्त वित्तीय संस्थासँग सहायक ऋण सम्झौता लगायतका सम्पूर्ण कार्य सम्पन्न भएको।<br>• साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट साना किसानहरूलाई ऋण लगानी गर्न सम्बद्ध सहकारी संस्थाहरूलाई २०७६ फागुन मसान्तसम्म २२ अर्ब कर्जा प्रवाह भएको। उक्त रकम समेत गरी सहकारी संस्थाहरुबाट ७ लाख किसान |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | परिवारलाई ५५ अर्ब ऋण लगानी भएको। |
| १४७ | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ। उद्यमशील र उत्पादनशील संस्कृतिको विकास गरी मूल्य श्रृङ्खलामा आधारित लघु, घरेलु तथा साना, मझौला र ठूला उद्योगहरूमा अग्र तथा पृष्ठ सम्बन्ध कायम गरिनेछ। नवीनतम ज्ञान, सीप र क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न शुरुवाती पुँजी उपलब्ध गराउन च्यालेञ्ज फण्डको व्यवस्था गरिने। | • नव प्रवर्द्धन कोषसम्बन्धी कार्यविधि नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत भई प्रस्ताव आव्हान गरिएको। |
| १५० | दलित समुदायको सामाजिक एकीकरण गर्दै उनीहरूलाई सहकारी तथा सामुदायिक उत्पादन प्रणालीमार्फत आधुनिक व्यवसाय गर्न कार्यविधिको आधारमा कर्जामा व्याज अनुदान उपलब्ध गराइने। परम्परागत सीप र पेशालाई संरक्षण गर्न भगत सर्वजित शिल्प उत्थान तथा विकास केन्द्रको लागि बजेट व्यवस्था गरेको। | • सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा संशोधन गरी कार्यान्वयनमा ल्याइएको। |
| २३७ | वित्तीय क्षेत्रमा सुशासन र स्थायित्व कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि गरिनेछ। वित्तीय साधन उत्पादनमूखी बनाइनेछ। बैङ्क तथा वित्तीय संस्थाहरू एकआपसमा गाभ्ने नीतिलाई निरन्तरता दिंदै ठूला बैङ्क तथा वित्तीय संस्थाहरू समेत एक आपसमा गाभ्न प्रोत्साहित गरिनेछ।यो व्यवस्था बिमा कम्पनीको हकमा समेत लागु गरिने। | • आर्थिक गतिविधि बढी रहेका स्थानहरूमा घुम्ती तथा शाखारहित बैंकिङ्ग सेवा सञ्चालन भइरहेको। बैङ्क तथा वित्तीय संस्था एक आपसमा गाभ्ने नीतिअनुरुप दुई वाणिज्य बैङ्कहरू (ग्लोवल आइएमई बैङ्क लि. र जनता बैङ्क लि.) एकआपसमा गाभिइसकेको र अन्य गाभिने प्रक्रियामा रहेका।<br>• बैङ्क तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्तिसम्बन्धी प्रक्रिया शुरू भए पश्चात २०७६ फागुन मसान्तसम्म कुल १८७ बैङ्क तथा वित्तीय संस्था मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएकोमा १ सय ४२ संस्थाको इजाजत खारेज भई ४५ कायम रहेका। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २३८ | खोलौं बैङ्क खाता अभियान सञ्चालन गरी आगामी आर्थिक वर्षको अन्त्यसम्ममा सबै बालिग नेपालीको बैङ्क खाता खोलिने। सरकारी निकायबाट नागरिकलाई प्रदान गरिने आर्थिक सुविधा लगायत सबै प्रकारका भुक्तानी बैङ्क खातामार्फत मात्र गरिने। नेपाली नागरिकले सम्पत्तिकोरूपमा आर्जन गरेको सुन र चाँदी लगायत बहुमूल्य धातुहरू बैङ्कमा निक्षेपकोरूपमा जम्मा गर्ने व्यवस्था मिलाइने। | • खोलौं बैङ्क खाता अभियान निरन्तर सञ्चालनमा रहेको। २०७६ फागुन मसान्तसम्म ३ करोड १७ लाख ३१ हजार ९ सय ७१ बैङ्क खाता खोलिएको। नेपाली नागरिकले आफ्नो सम्पत्तिको रूपमा आर्जन गरेको सुन, चाँदी लगायत बहुमूल्य धातुहरू बैङ्कमा निक्षेपको रूपमा जम्मा गर्न सक्ने सम्बन्धी व्यवस्था एकीकृत निर्देशन, २०७६ मा समावेश गरी नेपाल राष्ट्र बैङ्कबाट "क" वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूलाई निर्देशन जारी भएको। |
| २३९ | सबै स्थानीय तहका केन्द्रमा बैंकिङ्ग सुविधा सुनिश्चित गरिनेछ। दुर्गम क्षेत्रमा बैंकिङ्ग सेवाको पहुँच अभिवृद्धि गर्न मोबाईल, इन्टरनेट र शाखा रहित बैंकिङ्ग सेवालाई प्रोत्साहित गरिने। | • ७ सय ४६ स्थानीय तहमा बैङ्कका शाखा विस्तार भई कुल जनसंख्याको ६१ प्रतिशत जनतामा बैंकिङ्ग सेवा विस्तार भएको। |
| २४० | सहुलियतपूर्ण कर्जा कार्यक्रम प्रभावकारी बनाई मापदण्ड पुगेका व्यक्ति वा समूहलाई यस्तो कर्जामा पहुँच सुनिश्चित गरिने। यस्तो कर्जा कार्यक्रमको लागि नेपाल सरकारले ५ प्रतिशत व्याज अनुदान र बिमा तथा कर्जाको सुरक्षणमा ७५ प्रतिशत अनुदान उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारी तुल्याउँदै कार्यान्वयन गर्न पर्याप्त बजेट व्यवस्था गरेको। | • सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ बमोजिम २०७६ फागुन मसान्तसम्ममा २७ हजार ५ सय ३ ऋणीको रू.६० अर्ब ५८ करोड ४६ लाख ७ हजार सहुलियतपूर्ण कर्जा स्वीकृत भइसकेको। ब्याज अनुदान बापत रू. २ अर्ब ५० करोड ५५ लाख ४१ हजार निकासा भएको। |
| २४१ | बिमाको पहुँच विस्तार हुने गरी बिमा सेवा प्रदायक निकायहरूको संस्थागत र प्रणालीगत सुधार गरिने। कृषि र लघु उद्यम सेवामा बिमा सेवा सहज गर्न घुम्ती बिमा कार्यक्रम सञ्चालन गरिने। पुनर्बिमा नीति परिमार्जन गरी पुनर्बीमा व्यवसायलाई थप प्रभावकारी एवं व्यवस्थित गरी विदेशी संस्थाहरूलाई नेपालमा पुनर्बिमा गर्न प्रोत्साहित | • बिमा समितिबाट सबै बिमा कम्पनीले अनिवार्य रुपमा शाखा रहित घुम्ती सेवा सञ्चालन गर्ने सम्बन्धी कार्यविधि स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• २०७६ फागुन मसान्तसम्म २२ प्रतिशत जनतामा बिमाको पहुँच विस्तारित भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिने। | • पुनर्बिमा व्यावसाय (व्यवस्थापन र सञ्चालन) सम्वन्धी निर्देशिका, २०७१ लाई संशोधन गरी कार्यान्वयन गरिएको। |
| २४२ | नेशनल पेमेण्ट गेटवेको व्यवस्था गरी भुक्तानी प्रणालीको फरफारक नेपालमा हुने व्यवस्था मिलाइने। नगद कारोवारलाई क्रमशः न्यूनीकरण गर्दै भुक्तानी प्रणालीमा सुरक्षित कार्ड र इन्टरनेटको प्रयोगलाई प्राथमिकता दिइने। खानेपानी र विद्युत सेवा शुल्क भुक्तानी विद्युत्तीय माध्यमबाट हुने व्यवस्था मिलाइने। | • राष्ट्रिय सूचना प्रविधि केन्द्रमा रहेको नेशनल पेमेण्ट गेटवे प्रणालीलाई नेपाल राष्ट्र बैङ्कबाट सञ्चालन गर्न सकिने सम्भावनाको सम्वन्धमा अध्ययन भई कार्यान्वयनको चरणमा रहेको ।<br>• विभिन्न सेवा वापतको शुल्क विद्युतीय माध्यमवाट तिर्ने व्यवस्थाको शुरूवात भएको। |
| २४३ | सबै प्रकारका धितोपत्र र ऋणपत्रका दोस्रो बजार कारोबार विद्युत्तीय प्रणालीमार्फत गर्न विद्युतीय कारोबार प्रणालीलाई सुरक्षित र पारदर्शी बनाइने। सरकारी ऋणपत्र खरिद/बिक्रीको लागि अनलाईन प्रणाली विकास गरिने। धितोपत्रको दोस्रो बजारमा निश्चित रकम भन्दा बढी कारोबार गर्ने लगानीकर्ताहरूको स्थायी लेखा नम्वरसहितको विवरण नेप्से तथा सिडिएससी राफसाफ प्रणालीमा आबद्ध गरिने। | • सबै प्रकारका धितोपत्र र ऋणपत्रको दोस्रो बजार कारोवार विद्युतीय प्रणाली मार्फत गर्ने प्रणाली विकास गरिएको। सरकारी खरिद/विक्रीको लागि अनलाइन प्रणाली विकास गरी सरकारी ऋणपत्र अभौतिकिकरणका लागि नेपाल राष्ट्र बैङ्कलाई पत्राचार भएको। धितोपत्रको दोस्रो बजारमा रु. ५ लाख भन्दा बढीको कारोवार गर्ने लगानीकर्ताहरूलाई अनिवार्य रूपमा स्थायी लेखा नम्वर लिनु पर्ने व्यवस्था कार्यान्वयन भई नेप्से तथा सिडिएससिको राफसाफ प्रणालीमा आबद्ध भइसकेको। |
| २४४ | धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेञ्को संस्थागत सुधार गरिने। गैरआवासीय नेपालीले दोश्रो बजार मार्फत पनि लगानी गर्न सक्ने गरी पुँजी बजारलाई फराकिलो बनाइने। कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषको वित्तीय विवरण एकीकृतरूपमा प्रकाशन गर्ने व्यवस्था मिलाइने। कर्जा सूचना र सुरक्षित कारोबार ऐनमा परिमार्जन गरिने। ट्रस्टी ऐन तर्जूमा गरी सामूहिक लगानी कोष, शेयर | • धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्जको संस्थागत सुधार गर्न धितोपत्रसम्बन्धी ऐन, २०६३ मा संशोधन गर्ने विधेयक संघीय संसदमा पेश भएको। उक्त विधेयकमा धितोपत्र बजारसँग सम्बन्धित ट्रष्टीसम्बन्धी विषय समावेश भएको। कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष र निक्षेप तथा कर्जा सुरक्षण कोषको एकीकृत वित्तीय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | अभौतिकीकरण र सिडिएससी लगायतको कार्य व्यवस्थित गरिने। | विवरण तयार भएको। गैरआवासीय नेपालीहरूले दोश्रो बजार मार्फत लगानी गर्न प्रणालीगत व्यवस्था गर्न र विदेशी मुद्रा विदेश लैजान पाउने व्यवस्था भएको। |
| २४६ | सार्वजनिक संस्थानहरूको दक्षतापूर्वक व्यवस्थापन गरी कुशलता र प्रभावकारिता बढाउन एकीकृत कानुन बनाइनेछ। सार्वजनिक संस्थानहरूमा रणनीतिक साझेदार भित्र्याइ व्यावसायिकता विकास गर्ने तथा संरचनागत सुधार र नियमनलाई प्रभावकारी बनाइनेछ। | • सार्वजनिक संस्थान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी ऐनको एकीकृत मस्यौदा तयार गरिएको। |
| २५० | कम्पनी कानुन, बौद्धिक सम्पत्ति कानुन, बैंकिङ्ग तथा बिमा कानुन, विदेश विनिमयसम्बन्धी कानुन, दामासाही तथा सुरक्षित कारोवार कानुन, वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, लगानी बोर्ड नियमावली तर्जुमा तथा संशोधन गरी कार्यान्वयन गरिने। हेजिङ्ग नियमावलीको व्यवस्थालाई प्रभावकारी बनाई वैदेशिक लगानीमा विदेशी विनिमयको जोखिम व्यवस्थापन गरिने। | • हेजिङ्ग नियमावली, २०७५ मा पहिलो संशोधन स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• लगानी बोर्ड नियमावली जारी गरिएको।<br>• बिमा विधेयक संघीय संसदमा पेश भइसकेको। |
| २५५ | सरकारी सेवामा नतिजामा आधारित कार्यसम्पादन प्रणाली अवलम्बन गरिने। उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइने। कार्यसम्पादन मूल्याङ्कन संगठनको कार्यसम्पादन स्तर अनुरुपको हुने व्यवस्था गरिने। | • मन्त्रालयका सचिव, महाशाखा प्रमुख, विभागीय प्रमुख, कार्यालय प्रमुख र सार्वजनिक संस्थानका कार्यकारी प्रमुखसँग कार्यसम्पादन करार सम्झौता गरी कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइएको। |
| २७६ | योगदानमा आधारित निवृत्तभरण कोष सञ्चालन गर्न संस्थागत व्यवस्था मिलाइने। | • योगदानमा आधारित निवृतभरण कोष सञ्चालन ऐन, २०७५ जारी भई सो कोषको सञ्चालन कर्मचारी संचय कोष मार्फत गरिने व्यवस्था मिलाइएको। |
| २७८ | संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, पारस्परिक सहयोग र सहकार्य व्यवस्थित | • अन्तर-सरकारी वित्त परिषद्को चौथौ बैठकबाट वित्तीय संघीयता कार्यान्वयनमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिनेछ। अन्तर-प्रदेश परिषद्, प्रदेश समन्वय परिषद् र अन्तर-सरकारी वित्त परिषद्जस्ता संरचनाहरू बीच अन्तर सम्वाद गरिने। | अनुभूत गरिएका नीतिगत, कानुनी, प्रक्रियागत एवं समन्वयात्मक समस्यालाई निराकरण गर्ने गरी भएका निर्णय कार्यान्वयनमा ल्याइएको। |
| २७९ | साझा अधिकार सूचीमा रहेका अधिकारहरूको प्रयोगमा कार्यगत स्पष्टता गरी संघ, प्रदेश र स्थानीय तहबाट हुने कार्यलाई व्यवस्थित गरिने। संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनालाई कार्यमूलक बनाइने। नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई आवश्यकता र सामर्थ्यको विश्लेषण गरी समन्यायिक बनाइने। | • समपूरक अनुदानसम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७५ को दोस्रो संशोधन मार्फत आयोजनाहरू छनौटका ढाँचा र आधारलाई स्पष्ट बनाइएको।<br>• प्रदेश तहमा समपूरक अनुदान रू.४ अर्ब ८७ करोड ८४ लाख र विशेष अनुदान रू.४ अर्ब ६० करोड २ लाख हस्तान्तरण भएको।<br>• स्थानीय तहमा समपूरक अनुदान रू.४ अर्ब ७५ करोड ४० लाख र विशेष अनुदान रू.४ अर्ब ८२ करोड ८४ लाख हस्तान्तरण भएको।<br>• प्रदेश तहमा वित्तीय समानीकरण अनुदान रू. ५५ अर्ब २९ करोड ८६ लाख र सशर्त अनुदान रू. ५१ अर्ब ४८ करोड ९३ लाख हस्तान्तरण भएको।<br>• स्थानीय तहमा वित्तीय समानीकरण अनुदान रू. ८९ अर्ब ९६ करोड ५२ लाख र सःशर्त अनुदान रू.१ खर्ब ४५ अर्ब २० करोड ९७ लाख हस्तान्तरण भएको।<br>• चालु आर्थिक वर्षको फागुन महिनासम्म प्रदेशमा रू. ३२ अर्ब ३० करोड र स्थानीय तहमा पनि रू. ३२ अर्ब ३० करोड राजस्व बाँडफाँड भएको। |
| २८० | अन्तर सरकारी वित्त प्रणालीलाई सुदृढ गरी संघ, प्रदेश र स्थानीय तहबाट भएका आम्दानी र | • प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | खर्चको एकीकृत लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन गरिने। वैदेशिक सहायता र ऋण परिचालनसम्बन्धी कार्यविधि तयार गरी लागु गरिने। संघ, प्रदेश र स्थानीय तहको चालु खर्चलाई वान्छित सीमाभित्र राख्दै विकास वित्तलाई प्राथमिकताको क्षेत्रमा केन्द्रित गरिने। | कार्यविधि, २०७६ लागु भएको।<br>• नेपाल सरकारको मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System-LMBIS) सँग तादम्यता कायम हुने गरी प्रदेशको बजेट तर्जुमा, निकासा र प्रतिवेदनका लागि प्रदेशस्तरीय मन्त्रालयगत बजेट सूचना प्रणाली (Provincial Line Ministry Budget Information System-PLMBIS) पूर्णरूपमा कार्यान्वयनमा ल्याइएको। |
| २८१ | प्रदेश तहमा बजेट व्यवस्थापन सूचना प्रणाली र स्थानीय तहमा कोष लेखाङ्कन प्रणाली सूत्रको प्रभावकारी कार्यान्वयन गरी बजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदन गर्ने व्यवस्था मिलाइने। कार्यक्रम तथा आयोजनाको प्रगति देखिने अनुगमनसम्बन्धी प्रणालीलाई समेत यसमा आबद्ध गरी प्रगतिको आधारमा मात्र बजेट खर्च गर्ने व्यवस्था गरिने। | • स्थानीय तहको बजेट तर्जुमा, निकासा, खर्च, लेखाङ्कन र प्रतिवेदनका लागि स्थानीय तहको सञ्चित कोष व्यवस्थापन प्रणाली (Sub National Treasury Regulatory Application - SuTRA) को सबै स्थानीय तहले अनिवार्यरूपमा प्रयोग गर्ने व्यवस्था मिलाई सोका लागि आवश्यक प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गरिएको, हालसम्म ७ सय ४९ स्थानीय तहले SuTRA Log In गर्न सक्ने र ७ सय १० भन्दा बढी स्थानीय तहले SuTRA मार्फत बजेट तर्जुमा गर्ने व्यवस्था गरिएको। |
| २८२ | समानीकरण अनुदान तथा राजस्व बाँडफाँडको रकम नागरिकका मौलिक हकलाई प्राथमिकतामा राखी विनियोजन गर्नुपर्ने गरी सम्बन्धित कानुनमा संशोधन गरिने। स्थानीय तहले उठाउने राजस्व र राजस्व बाँडफाँडसम्बन्धी कार्यलाई थप सुदृढ बनाउन राजस्व सुधार कार्ययोजना तर्जुमा गरी एकरूपता गरिने। | • राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा संशोधनका लागि सबै प्रदेश तहमा राय/सुझाव माग गरिएको। स्थानीय तहले उठाउने राजस्व र राजस्व बाँडफाँडसम्बन्धी कार्यलाई थप सुदृढ बनाउन राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि (राजस्व परामर्श समितिमा सुझाव उपलब्ध गराउन) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | राजस्व परामर्श उप-समितिले कार्य गरिरहेको।<br>• प्रदेश तथा स्थानीय तहले कर, शुल्क लगाउँदा वा उठाउँदा संविधान र प्रचलित कानुनबमोजिम तथा लगानीको वातावरणमा प्रतिकूल असर नपर्ने गरी कानुन बनाएर मात्र लगाउने व्यवस्था गर्ने गरी कार्ययोजना स्वीकृत भई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको। |
| २८४ | सार्वजनिक खर्च पुनरावलोकन आयोगको प्रतिवेदन क्रमशः कार्यान्वयन गर्दै बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार गर्दै लगिने। सरकारी खर्च व्यवस्थापनलाई नतिजामा आधारित बनाइने। लागत लाभ विश्लेषण र ऋण भारको दिगोपन सुनिश्चित गरी सार्वजनिक ऋण परिचालन गरिने। यसै वर्ष लागु भएको नयाँ विकास सहायता नीतिबमोजिम अन्तर्राष्ट्रिय सहायता परिचालन गरिने। | • सार्वजनिक ऋण व्यवस्थापनको कार्यलाई तथ्याङ्क विश्लेषणमा आधारित बनाउन Debt Operation and Management Software निर्माण गरी सञ्चालन गरिएको।<br>• संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन एवं संघ, प्रदेश र स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित बनाउनका लागि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ कार्यान्वयनमा ल्याइएको।<br>• २०७६ को फागुन महिनासम्ममा अनुदान सहायता रू.१६ अर्ब १९ करोड २३ लाख र ऋण सहायता रू.९३ अर्ब ०८ करोड ७६ लाख गरी जम्मा रू.१ खर्ब ०९ अर्ब २८ करोडको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको। |
| २८५ | मौसम प्रतिकूलताका कारण समयमा खर्च गर्न कठिन हुने हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा विनियोजित बजेट मध्ये आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भदेखि नै खर्च गर्न मिल्ने गरी | • आर्थिक वर्षको अन्त्यमा खर्च हुन बाँकी रकम तत्कालै अर्को वर्षको आरम्भदेखि नै खर्च गर्न मिल्ने गरी निकासा गर्ने व्यवस्था मिलाइ कालीकोट, जुम्ला र बझाङ्ग जिल्लामा रू.४ करोड ९७ लाख |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | निकासा गर्ने व्यवस्था मिलाइने। | ४० हजार निकासा गरिएको। |
| २८९ | पर्याप्त अध्ययन भएका र निर्माणपूर्वका चरणहरू पूरा भएका आयोजनाहरूलाई बहुवर्षीय ठेक्काको स्वीकृत मापदण्डबमोजिम मात्र नयाँ कार्यक्रमलाई स्रोतको प्रतिबद्धता दिइने। निर्माण सम्पन्न भएपछि कम्तीमा पाँच वर्षसम्म सम्बन्धित निर्माण व्यवसायीले नै मर्मत गर्नुपर्ने व्यवस्था गरिने। | • आयोजना तथा कार्यक्रमको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयन भएको। स्रोत विनाको दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य भएको। |
| २९५ | कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी आयातमा निर्भर कर प्रणालीलाई क्रमशः आन्तरिक आर्थिक क्रियाकलापमा आधारित तुल्याई दिगो कर प्रणालीमा रूपान्तरण गर्दै जान निम्न उद्देश्य हासिल गर्ने गरी राजस्व परिचालन गरिने :-<br>(क) वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानीमैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,<br>(ख) करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउने,<br>(ग) अनावश्यक, मानव स्वास्थ्यलाई नोक्सान पुर्‍याउने तथा वातावरण ह्रास गराउने वस्तुको आयात निरुत्साहित एवं निर्यात प्रबर्द्धन गर्ने,<br>(घ) दक्ष, व्यावसायिक, स्वच्छ सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास र प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई कर सहभागिता अभिवृद्धि गर्ने,<br>(ङ) गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागत प्रभावी र पारदर्शी बनाई थप राजस्व | • राजस्वसम्बन्धी विभिन्न कानुन तथा आर्थिक ऐन, २०७६ मार्फत करयोग्य सबै किसिमका आर्थिक क्रियाकलापहरूलाई करको दायरामा ल्याउने, कर छली तथा चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउन कार्य प्रक्रिया अवलम्बन गरिएको।<br>• स्वदेशी उद्योगहरूको संरक्षणका लागि तयारी मालवस्तु भन्दा कच्चा पदार्थमा भन्सार दरबन्दी कम गर्ने नीतिअनुसार बढी भन्सार दर भएका अधिकांश मालवस्तुको आर्थिक ऐन, २०७६ मार्फत मिलान गरी कम्तीमा एक तह कम गरिएको।<br>• अनावश्यक र मानव स्वास्थ्यमा असर गर्ने वस्तुहरूको पैठारी रोक्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग मातहतका प्रयोगशाला र अन्य प्रयोगशाला भन्सार विन्दुमा नै स्थापना गरी गुणस्तर एकीन गरी गुणस्तर जाँच गर्ने गरिएको।<br>• करदाताहरूको स्वेछिक कर सहभागिता अभिवृद्धि गर्न करदाता शिक्षा, सूचना प्रविधिको उच्चतम उपयोग, विभिन्न |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | परिचालन गर्ने। | फाराम तथा कागजातहरूको सरलीकरण, करदाता सेवा कार्यालयको विस्तार तथा छोटी भन्सार कार्यालयहरूको स्तरोन्नति समेत गरिएको।<br>• गैरकर राजस्वका दरहरूलाई समसामयिक, लागत प्रभावी र पारदर्शी बनाई थप राजस्व परिचालन गर्न सम्बन्धित विभिन्न निकायहरूसँग निरन्तर छलफल गरी करका दरहरूको पुनरावलोकनका लागि राजस्व परामर्श समिति मार्फत प्रक्रिया अघि बढाइएको। |
| २९८ | निकासी व्यापारको प्रवर्द्धनको लागि मदिरा र सूर्तिजन्य वस्तु, स्वदेशमै खपत हुने कच्चा पदार्थ, तथा आधारभूत कृषि उपज बाहेकका अन्य मालवस्तुको निकासीमा लाग्दै आएको महसुल हटाइएको। निर्यात व्यापारको प्रवर्द्धनको लागि आफ्नो उत्पादनको बीस प्रतिशतभन्दा बढी निकासी गर्ने सबै प्रकारका कच्चा पदार्थको आयातमा वण्डेड वेयर हाउसको सुविधा उपलब्ध हुने व्यवस्था मिलाइने। | • आर्थिक ऐन, २०७६ मार्फत प्रस्तुत व्यवस्थाहरू निरन्तर कार्यान्वयन भइरहेको।<br>• भन्सार नियमावलीमा संशोधन गरी वण्डेड वेयर हाउसको सुविधासम्बन्धी व्यवस्था मिलाइएको। भन्सार विभागले यससम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको। |
| २९९ | उद्योगले पैठारी गर्ने औद्योगिक कच्चा पदार्थहरूको भन्सार दर तयारी मालवस्तुको भन्दा कम्तीमा एक तह कम गर्ने नीतिअनुरूप केही कच्चा पदार्थको भन्सार महसुल घटाइएको। कृषिमा आधारित सहकारी उद्योगले पैठारी गर्ने ढुवानी साधनमा ५० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको। | • तयारी मालबस्तु भन्दा कच्चा पदार्थमा भन्सार दरबन्दी एक तह कम गर्ने नीतिअनुसार बढी भन्सार दर भएका अधिकांश मालबस्तुहरूको आर्थिक ऐन, २०७६ मार्फत मिलान गरी कम्तिमा एक तह कम गरिएको छ। धागो, कपडा उद्योग, कार्पेट उद्योग, सेनिटरी प्याड, फिड सप्लिमेन्ट, औषधि उद्योग, लेन्स उत्पादन गर्ने उद्योग आदिका कच्चा पदार्थ तथा तयारी वस्तुको भन्सार दरलाई आवश्यक समायोजन गरिएको।<br>• कृषिमा आधारित सहकारी उद्योगले प्रयोग गर्ने सवारी साधनमा ५० प्रतिशत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | छुट हुने व्यवस्था मिलाइएको। |
| ३०५ | नवीनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी स्टार्ट अप व्यवसाय गरेका तर करको दायरामा नआएका व्यक्तिहरूले २०७६ पौष मसान्तभित्र मूल्य अभिवृद्धि कर र आयकरको दायरामा आएमा आर्थिक वर्ष २०७५।७६ भन्दा अघिका कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था मिलाइएको। | • नवीनतम् सोच, सीप, उद्यमशीलता र प्रविधिको उपयोग गरी स्टार्ट अप व्यवसाय गरेका तर करको दायरामा नआएका व्यक्तिहरूलाई आर्थिक वर्ष २०७५।७६ भन्दा अघिका कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था गरिएको। |
| ३०८ | एक व्यक्ति एक स्थायी लेखा नम्बरको नीतिलाई कार्यान्वयन गर्न जुनसुकै आन्तरिक राजस्व कार्यालयबाट सरलरूपमा स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था मिलाइएको। | • जुनसुकै आन्तरिक राजस्व कार्यालयबाट सरलरूपमा व्यक्तिगत स्थायी लेखा नम्बर लिन सक्ने व्यवस्था गरी ९ लाख १९ हजार २ सय ६५ करदातालाई स्थायी लेखा नम्बर दिइएको। |
| ३०९ | विभिन्न ऐनहरूमा भएका कर छुट र सुविधासम्बन्धी व्यवस्थाहरूसँग तादाम्यता हुने गरी राजस्वसम्बन्धी कानुनहरूमा संशोधन गरिने। शेयर कारोबारको पुँजीगत लाभकरको गणना भारित औसत लागत विधिबाट गर्ने व्यवस्था मिलाई शेयर लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिलाई लाग्दै आएको करको दर ५ प्रतिशत कायम गरेको। | • कर छुट तथा सुविधासम्बन्धी व्यवस्थामा एकरूपता वा तादात्म्यता कायम गर्ने गरी राजस्व सम्बन्धी कानुनहरूमा संशोधन गरिएको। शेयर कारोबारको पुँजीगत लाभकरको गणना भारित औसत लागत विधिबाट गर्ने व्यवस्था मिलाई शेयर लगानीकर्ताहरूलाई प्रोत्साहित गर्न हाल प्राकृतिक व्यक्तिलाई लाग्दै आएको करको दर लाई ५ प्रतिशत कायम गर्ने गरी आयकर ऐन, २०५८ मा संशोधन गरिएको। |
| ३१४ | उल्लेख्य आर्थिक कारोबार हुने आर्थिक तथा व्यापारिक केन्द्रमा कर कार्यालय विस्तार गर्दै लगिनेछ। नेपालको आर्थिक हित अभिवृद्धि र लगानी प्रवर्द्धन हुने गरी दोहोरो करमुक्ति तथा वित्तीय छल निरोध सम्झौता गरिने। | • उल्लेख्य आर्थिक कारोबार हुने आर्थिक तथा व्यापारिक केन्द्रहरूलाई लक्षित गरी राजस्व कार्यालय विस्तार गर्दै लैजाने नीतिअनुरूप चालु आर्थिक वर्षमा विभिन्न २४ वटा थप करदाता सेवा कार्यालयहरू स्थापना गर्ने निर्णय भएको। जसमा नयाँ १ आन्तरिक राजस्व कार्यालय र ४ करदाता सेवा कार्यालयलाई आन्तरिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | राजस्व कार्यालयमा रूपान्तरण गरी हाल ३९ वटा करदाता सेवा कार्यालय, ४३ वटा आन्तरिक राजस्व कार्यालय, १ मध्यमस्तरीय करदाता कार्यालय र १ ठूला करदाता कार्यालय गरी जम्मा ८४ वटा कार्यालयहरू मार्फत सेवा प्रवाहको प्रबन्ध गरिएको।<br>• नेपालको आर्थिक हित अभिवृद्धि र लगानी प्रवर्द्धन हुने गरी दोहोरो करमुक्ति तथा वित्तीय छल निरोध सम्झौता गर्दै जाने नीतिअनुरुप हालसम्म नर्वे, थाइल्याण्ड, श्रीलंका, मौरिसस, अष्ट्रिया, पाकिस्तान, चीन, दक्षिण कोरिया, कतार, भारत र बंगलादेशसँग सम्झौता सम्पन्न भइसकेको छ भने बेलायत, मलेशिया, सिंगापुर लगायतका मुलुकहरूसँग सम्झौताको प्रक्रिया अघिबढेको। |
| ३१५ | करदाता दर्ता प्रणालीमा सुधार गरी गुणस्तरीयता कायम गर्न आगामी आर्थिक वर्षदेखि बायोमेट्रिक दर्ता प्रणाली लागु गरिनेछ। हाल मूल्य अभिवृद्धि करमा दर्ता रहेका करदाताहरूलाई आगामी आर्थिक वर्षभित्र र आयकरमा दर्ता रहेका करदाताहरूलाई क्रमशः नयाँ दर्ता प्रणालीमा आफ्नो विवरण अद्यावधिक गराउनु पर्ने व्यवस्था मिलाइएको। | • करदाता दर्ता प्रणालीमा सुधार गरी करदाताहरूको दर्ता अभिलेखलाई व्यवस्थित, गुणस्तरीय र भरपर्दो बनाउन बायोमेट्रिक दर्ता प्रणाली लागु गर्ने गरी फारामको ढाँचा परिमार्जन गरिएको। कम्प्युटर प्रणालीमा आवश्यक व्यवस्था गरी प्रथम चरणमा आन्तरिक राजस्व कार्यालय टङ्गाल र न्यूरोडबाट बायोमेट्रिक दर्ता प्रणाली परीक्षणका रूपमा कार्यान्वयनमा आएको। |
| ३१६ | कर कानुनलाई सरल, सहज तथा पारदर्शी बनाउन एकीकृत कर संहिता तर्जुमा गरिनेछ। नयाँ भन्सार विधेयक संसदको यसै अधिवेशनमा पेश गरिनेछ। भन्सारमा पेश गर्नुपर्ने सबै किसिमका कागजातहरू विद्युतीय माध्यमबाट बुझाउने व्यवस्था मिलाई भन्सार जाँचपास | • आन्तरिक राजस्व विभागमार्फत एकीकृत कर संहिता तर्जुमाको कार्य भइरहेको।<br>• भन्सार प्रशासनको कार्यलाई पारदर्शी, प्रविधिमुखी, व्यवसायिक, व्यापार सहजीकरण मैत्री र अन्तर्राष्ट्रियस्तरको बनाउन संशोधित क्योटो अभिसन्धि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | प्रणालीलाई सरल बनाइने। | (Revised Kyoto convention-RKC) को प्रावधान, विश्व व्यापार संगठनको सक्रियतामा भएको व्यापार सहजीकरण सम्झौता (Agreement on Trade Facilitation-TFA) मा भएका प्रावधान र अन्तर्राष्ट्रिय असल अभ्यास समेटेर तयार भएको भन्सार विधेयकको मस्यौदा संघीय संसदमा पेश गर्न स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् मा पेश गरिएको।<br>• अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि महत्त्वपूर्ण औजारका रूपमा रहेको नेपाल राष्ट्रिय एकद्वार (Nepal National Single Window) प्रणालीको विकास प्रक्रिया शुरू गरिएको।<br>• भन्सार प्रशासनका कार्यालयहरूलाई पूर्ण रुपमा विद्युतीय माध्यमबाट सम्पादन हुने व्यवस्था मिलाउने क्रममा २५ वटा भन्सार कार्यालयमा आशिकुडा वर्ल्ड प्रणाली लागु गरिएको। |
| ३१८ | मूल्य अभिवृद्धि करको सङ्कलन प्रभावकारी तुल्याउन उपभोक्ताले वस्तु तथा सेवा खरिदको मूल्य कार्ड वा विद्युतीय माध्यमबाट भुक्तानी गरेमा त्यसरी भुक्तानी गरिएको बिजकमा उल्लिखित मूल्य अभिवृद्धि करको १० प्रतिशत रकम भुक्तानीकर्ताको बैङ्क खातामा स्वतः जम्मा हुने व्यवस्था गरी त्यसरी जम्मा हुने रकममा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्था मिलाइएको। | • मूल्य अभिवृद्धि करको विजकीकरणमा सुधार गर्न उपभोक्ताले खरिद गरेको वस्तु तथा सेवाको भुक्तानी विद्युतीय माध्यमबाट गरेमा सोमा तिरेको मूल्य अभिवृद्धि करको १०% रकम उपभोक्तालाई नै फिर्ता दिने कार्यविधि तर्जुमा गरी सो व्यवस्था कार्यान्वयनमा आएको। |
| ३१९ | गुणस्तर नखुलेका, कमसल गुणस्तर भएका र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने मालवस्तुको आयात नियन्त्रण गरिने। मालवस्तु आयात गरेपछि प्याकिङ्गमा अनिवार्यरूपमा | • भन्सार जाँचपासको समयमा निरन्तररूपमा अनुगमन गर्ने प्रणाली कार्यान्वयनमा ल्याइएको। प्याकिङ्गमा अनिवार्यरूपमा लेवल लगाउने गरी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आयातकर्ता र बजार वितरकको लेवल लगाएर बजारमा पठाउन पाउने व्यवस्था मिलाइने। | भन्सार जाँचपासमा थप कडाइ गरी कमसल गुणस्तर भएका र मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने मालवस्तुको आयातमा नियन्त्रण गरिएको। |
| ३२० | आगामी आर्थिक वर्षदेखि सबै किसिमको राजस्वको भुक्तानी विद्युतीय माध्यमबाट गर्न सक्ने व्यवस्था मिलाइने। विद्युतीय माध्यमबाट बिजक जारी गर्ने र त्यसलाई आन्तरिक राजस्व विभागको केन्द्रीय बिजक अनुगमन प्रणालीमा आबद्ध गर्ने व्यवस्था गरी मूल्य अभिवृद्धि करको कार्यान्वयनलाई थप प्रभावकारी बनाइने। आयकर फिर्ताको प्रक्रिया सरलीकरण गरी सम्बन्धित कार्यालय मार्फत कर फिर्ता हुने व्यवस्था मिलाइएको। करको बाँकी बक्यौता नभएका करदाताहरूले आन्तरिक राजस्व विभागको प्रणालीबाट स्वतः करचुक्ता प्रमाणपत्र प्राप्त गर्नसक्ने व्यवस्था मिलाइएको। | • नगद भुक्तानीलाई नियन्त्रण गर्न रू.१० लाखभन्दा बढीको कर भुक्तानी गर्दा चेक, ड्राफ्ट वा विद्युतीय माध्यमबाट गर्ने व्यवस्था गरिएको। एक पटकमा रू.१० लाखसम्मको राजस्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने व्यवस्था मिलाइएको। करदाताले कारोबार गरेकै समयमा कर प्रशासनमा सूचना प्राप्त हुने गरी विकास गरिएको Central Billing Monitoring System (CBMS) मा करदाताहरूलाई आबद्ध गर्न शुरू गरिएको। कर बक्यौता नभएका करदाताहरूको पेश गरेको आय विवरण अनुसारको कर चुक्ता प्रमाणपत्र प्राप्त हुने गरी कम्प्युटर प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको। |
| ३२१ | चोरी निकासी पैठारी र आन्तरिक उत्पादनको परिवहनमा हुने विचलनलाई न्यूनीकरण गरी राजस्व चुहावट नियन्त्रण गर्न उत्पादन, परिवहन र बिक्रीसम्मको श्रृङ्खलालाई ट्र्याकिङ प्रणालीमा आबद्ध गरिनेछ। | • व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसारसम्बन्धी नियमन निर्देशिका, २०६५ कार्यान्वयनमा ल्याई भन्सार विन्दु र आन्तरिक उत्पादनदेखि बिक्री तहसम्मका मालवस्तु ढुवानी गर्ने मालवाहक ढुवानीका साधनको ट्र्याकिङ्ग गर्न मालवस्तु तथा ढुवानी साधन अनुगमन प्रणाली (VCTS) कार्यान्वयनमा ल्याइएको। |
| ३२२ | राजस्वसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने र साविकमा राजस्व परामर्श समितिले गर्दै आएको काम समेत गर्ने गरी नियमितरूपमा सरकारलाई | • राजस्व परिचालन तथा व्यवस्थापनका सम्बन्धमा नियमितरूपमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी नेपाल |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नीतिगत तथा कार्यगत सुझाव दिने स्थायी संयन्त्रको राजस्व बोर्ड स्थापना गरिनेछ। | सरकारलाई आवश्यक सुझाव दिन तथा सिफारिस गर्ने स्थायी संरचना स्थापनाको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय अनुसार नेपाल राजस्व परामर्श विकास समिति (गठन) आदेश, २०७६ जारी भई नेपाल राजस्व परामर्श विकास समिति गठनको प्रक्रियामा रहेको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

**बजेट प्रणाली, खर्च व्यवस्थापन र लेखा प्रणाली:**

- आर्थिक वर्ष २०७६/०७७ को बजेट तथा कार्यक्रमको अर्ध बार्षिक समिक्षा गरी खर्च व्यवस्थापन, राजस्व व्यवस्थापन, वैदेशिक सहायता परिचालनमा तत्कालिन र दिर्घकालीन रूपमा अपनाउनु पर्ने नीतिगत सुधार गरिएको।
- राष्ट्रिय आयोजना बैङ्क मार्फत आयोजना छनौट र प्राथमिकरण गर्ने कार्यको शुरूवात गरिएको। आयोजना बैङ्कको स्वीकृति र मध्यकालिन खर्च संरचनामा समावेश भएका आयोजनाहरू मात्र बजेटमा समावेश हुने प्रणालीको विकास गरिएको।
- बजेटमाथि पर्ने निवृत्तभरणको असिमित दायित्व नियन्त्रण गर्न योगदानमा आधारित निवृत्तभरण प्रणाली लागु गरिएको।
- लेखा ढाँचामा पुनरावलोकन गरी संघ र प्रदेश सरकारका निकायहरूमा नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standars,NPSAS) लागु गरिएको। सबै केन्द्रीय निकाय र प्रदेश सरकारले सो अनुसारको वित्तीय प्रतिवेदन तयार गरी महालेखा परीक्षकको कार्यालयमा पेश गर्न थालनी भएको।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहको आम्दानी, खर्च र सम्पत्ति तथा दायित्वलाई अन्तराष्ट्रिय मापदण्ड (GFS 2014) अनुरुप हुने गरी आर्थिक सङ्केत निर्धारण तथा वर्गीकरण गरिएको।
- आयोजनाहरूमा विना स्रोतको ठूलो आर्थिक दायित्व सिर्जना गर्ने परिपाटीको अन्त्य गर्दै निर्दिष्ट समय, लागत र गुणस्तरमा आयोजनाहरू सम्पन्न गर्न ठूला आयोजनाहरूको बहुवर्षीय खरीद प्रक्रियाको समुचित व्यवस्थापनका लागि निश्चित आधार तथा मापदण्डसहितको आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०७६ कार्यान्वयनमा ल्याइएको।
- विगतदेखि निर्माण आरम्भ भएका तर स्रोतको न्युनताले गर्दा सम्पन्न हुन नसकेका अधुरा आयोजनाहरूलाई सम्पन्न गर्ने प्रयोजनको लागि बजेट विनियोजन गरी माग, कार्यप्रगति र स्रोतको उपलब्धताका आधारमा निकासा दिने काम शुरु गरिएको।

- नेपाल सरकार र प्रदेश तहमा कार्यान्वयनमा रहेका मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र एकल खाता कोष प्रणाली (TSA) तथा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS( र प्रदेश एकल खाता कोष प्रणाली (PTSA) बीच एक आपसमा अन्तर आवद्ध (Integration) कायम गरी बजेट निकासा र भुक्तानी प्रणालीमा रहेका जोखिमलाई न्यूनीकरण गरिएको।

- आ.व. २०७६/७७ मा चालु तर्फ ९ खर्ब ५७ अर्ब १० करोड १४ लाख, पुँजीगत तर्फ ४ खर्ब ८ अर्ब ५९ लाख र वित्तीय व्यवस्था तर्फ १ खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख गरी जम्मा १५ खर्ब ३२ अर्ब ९६ करोड ९१ लाख विनियोजन भएकोमा २०७६ फागुन मसान्त सम्म चालु तर्फ ४ खर्ब ५० अर्ब ७८ करोड ८८ लाख, पुँजीगत तर्फ ९६ अर्ब ३१ करोड ९८ लाख र वित्तीय व्यवस्था तर्फ ६२ अर्ब ९७ करोड ७३ लाख गरी जम्मा ६ खर्ब १० अर्ब ८ करोड ५९ लाख खर्च भएको।

**राजस्व व्यवस्थापनः**

फागुन महिनासम्म राजस्व रू.५७० अर्ब ६३ करोड राजस्व सङ्कलन भएको। गत वर्षको यही अवधिको राजस्व सङ्कलनको तुलनामा वृद्धि दर १२.२० प्रतिशत रहेको।

**आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्मको राजस्व सङ्कलनको विवरण (रू. हजारमा)**

| कर शीर्षक | आ.व.२०७६/७७ को लक्ष्य र असुली | | वार्षिक लक्ष्यको तुलनामा असुली% | फागुन सम्मको वृद्धि दर % |
|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | २०७६ फागुन महिनासम्मको सङ्कलन | | |
| भन्सार महशुल | २१३,२००,३५८ | १०१,३८४,७७७ | ४७.५५ | (२.२१) |
| पैठारी | १८७,२९५,१८२ | ८९,०८३,०७१ | ४७.५६ | (२.८५) |
| निकासी | १६३,९५५ | १०५,०८८ | ६४.१० | (२३.७८) |
| पूर्वाधार कर | १७,४८७,८५१ | ७,९३०,२१५ | ४५.३५ | ६.६३ |
| भन्सारको अन्य आय | ६६९,४३६ | ६१२,६७७ | ३.०० | ९१.५४ |
| कृषि सुधार शुल्क | ७,५८३,९३४ | ३,६५३,७२६ | ४८.१८ | (१०.५१) |
| मूल्य अभिवृद्धि कर | ३१५,००८,२७० | १६६,४६९,८३० | ५२.८५ | ९.०५ |
| उत्पादन, बिक्री, सेवा | ११८,३८२,०८९ | ७०,९१३,५४७ | ५९.९० | ३५.७८ |
| पैठारी | १९६,६२६,१८१ | ९५,५५६,२८३ | ४८.६० | (४.८६) |
| अन्तःशुल्क | १६९,९८२,१३७ | ७९,७८१,६८५ | ४६.९४ | **१.९९** |
| आन्तरिक उत्पादन | १०६,३०३,९६७ | ४८,९६१,८०५ | ४६.०६ | १०.०६ |
| पैठारी | ६३,६७८,१७० | ३०,८१९,८८० | ४८.४० | (८.६५) |
| शिक्षा सेवा शुल्क | १,१५२,३२१ | ५०४,६६० | ४३.८० | **(३६.४१)** |
| आयकर | २८०,३५१,०२८ | १३६,१९७,६३० | ४८.५८ | **२९.०१** |
| आयकर | २४७,८८७,२८४ | १२०,१४८,६३१ | ४८.४७ | ३०.३१ |
| ब्याज कर | ३२,४६३,७४४ | १६,०४८,९९९ | ४९.४४ | २०.०९ |
| अन्य कर | २९,४६७,७३० | १३,२६०,९५९ | ४५.०० | (१७.५०) |

| कर शीर्षक | आ.व.२०७६/७७ को लक्ष्य र असुली | | वार्षिक लक्ष्यको तुलनामा असुली% | फागुन सम्मको वृद्धि दर % |
|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | २०७६ फागुन महिनासम्मको सङ्कलन | | |
| कर राजस्व जम्मा | १,००९,१६१,८४४ | ४९७,५९९,५४२ | ४९.३१ | ८.८८ |
| गैरकर जम्मा | १०२,८७१,४८१ | ७३,०३०,८९७ | ७०.९९ | ४१.५४ |
| **कुल राजस्व जम्मा** | **१,११२,०३३,३२५** | **५७०,६३०,४३९** | **५१.३१** | **१२.२०** |

- द्विपक्षीय लगानी सम्झौता, द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोध सम्झौता, विश्व व्यापार सम्झौता लगायतका विभिन्न सन्धि सम्झौताहरूको कार्यान्वयनका सिलसिलामा सिर्जना भएका वा हुने विवादहरूको प्रतिरक्षा र निरूपणका लागि आवश्यक अध्ययन र तयारी गर्ने अन्तर निकायस्तरको स्थायी संयन्त्र गठन भएको।
- सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कर्मचारी, कामदार तथा श्रमिकहरूलाई उक्त कोषहरूमा स्वतःस्फूर्तरूपमा सहभागिता प्रोत्साहित गर्न आयकर नियमावली, २०५९ मा संशोधन गरी पारिश्रमिक आयको निर्धारणयोग्य आयबाट स्वीकृत सामाजिक सुरक्षा कोषमा गरिएको योगदान बापत घटाउन पाउने रकमको सीमा तीन लाख रूपैयाँबाट वृद्धि गरी पाँच लाख रूपैयाँ पुऱ्याइएको।
- स्वदेशी कपडा उद्योगहरूलाई विद्युत खपतको ५०% र सहुलियतपूर्ण कर्जाको व्याजमा ५% विन्दुले अनुदान दिने व्यवस्था कार्यान्वयन गरिएको।
- मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(२) मा गरिएको अनिवार्य दर्ताको व्यवस्था बमोजिम १५ हजार ८ सय ९८ करदाताहरूलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याइएको।
- आन्तरिक राजस्व विभागको तेस्रो सुधार योजना (२०१८/१९-२०२०/२१) कार्यान्वयनमा ल्याइएको।
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन गर्ने सम्बन्धी निर्देशिका, २०७६ कार्यान्वयनमा ल्याइएको। मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९, व्यापारिक वस्तुहरूको आन्तरिक ओसारपसारसम्बन्धी नियमन निर्देशिका, २०६५, जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ र मूल्य अभिवृद्धि कर फिर्तासम्बन्धी कार्यविधिमा आवश्यक परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको।
- आयकर ऐन, २०५८ बमोजिम पेश गर्नुपर्ने आय विवरणका अनुसूची तथा खुलासा फारामहरू (Disclosure) परिमार्जन गरी कार्यान्वयनमा ल्याइएको। करदाताले कर प्रशासनमा पेश गरेको आय विवरणमा त्रुटि भए आय विवरण पेश गरेको ३० दिनभित्र सच्याउन पाउने कानूनी व्यवस्था कार्यान्वयनको फाराम परिमार्जन गरी विद्युतीय प्रणालीमा समावेश गरिएको।
- चालु आर्थिक वर्षको प्रथम ८ महिनामा थप ११ लाख ६ हजार ४८ व्यक्ति/फर्म करको दायरामा आएका। २०७६ फागुन मसान्तसम्म स्थायी लेखा नम्बर लिने करदाता र करको दायरा विस्तारको विवरण देहायबमोजिम रहेको:

| दर्ताको प्रकार | २०७६ असार मसान्तसम्म | २०७६/७७ को फागुनमसान्तसम्म | २०७६ फागुनसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | ११७७९०७ | १८३०३१ | १३६०९३८ | १५.५४ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | ९९२८८० | ९१९२६५ | १९१२१४५ | ९२.५९ |

| दर्ताको प्रकार | २०७६ असार मसान्तसम्म | २०७६/७७ को फागुनमसान्तसम्म | २०७६ फागुनसम्म | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ७३७ | ३७५२ | ४४८९ | ५०९.०९ |
| **जम्मा स्थायी लेखा नम्बर** | **२१७१५२४** | **११०६०४८** | **३२७७५७२** | **५०.९३** |
| मूल्य अभिवृद्धि कर (VAT) | २१४१०९ | ४१४७७ | २५५५८६ | १९.३७ |
| अन्तःशुल्क (Excise) | ७८८०७ | २०१२७ | ९८९३४ | २५.५४ |

- विभिन्न आन्तरिक राजस्व कार्यालयमार्फत ६ सय ९७ करदाता शिक्षा तथा करसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन भई २४ हजार ४ सय जनालाई करदाता शिक्षा प्रदान गरिएको।
- नेपालको आर्थिक हित र लगानी प्रवर्द्धन हुने गरी दोहोरो कर मुक्ति तथा वित्तीय छल निरोध सम्झौता गर्ने नीतिअनुरुप वेलायतसँग ९-२३ सेप्टेम्वर, २०१९ (भाद्र २३-२७,२०७६) मा काठमाडौंमा दोस्रो चरणको बार्ता सम्पन्न भएको।
- भन्सार जाँचपास प्रणालीलाई सरल बनाउन भन्सार कार्यालयमा पेश गर्नुपर्ने कागजातहरू विद्युतीय माध्यमबाट बुझाउने व्यवस्था विद्युतीय प्रणाली लागु भएका भन्सार कार्यालयहरूबाट कार्यान्वयनमा ल्याइएको।
- भन्सार जोखिम व्यवस्थापन सम्बन्धी Standard Operating Procedure कार्यान्वयनमा ल्याइएको।
- भन्सार ऐन, २०६४ को दफा ८९ को उपदफा (१) ले दिएको अधिकारबमोजिम मालवस्तुको वर्गीकरण तथा उत्पत्तिको सम्बन्धमा पूर्वादेश जारी गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको।
- वार्षिक एक करोड रूपैयाँभन्दा बढी मूल्यको जुनसुकै प्रकृतिको मालवस्तु निकासी गर्ने सबै उद्योगहरूलाई वण्डेड वेयर हाउसको सुविधा प्रदान गर्ने व्यवस्था मिलाइएको।
- भन्सार विभाग, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, जलेश्वर भन्सार कार्यालय र सती भन्सार कार्यालयमा नयाँ भवन निर्माण गरी प्रयोगमा ल्याइएको।
- अन्तर्राष्ट्रिय व्यापारलाई पारदर्शी र मर्यादित बनाउनका लागि आफ्ना प्रमुख व्यापारिक साझेदार मुलुकको भन्सार प्रशासनसँग भन्सार सहयोग सम्झौता गर्ने अन्तर्राष्ट्रिय अभ्यास भएबमोजिम नेपालको भन्सार प्रशासन र चिनियाँ भन्सार प्रशासनबीच २९ अप्रिल, २०१९ मा भन्सार सहयोग सम्झौता सम्पन्न भएको।
- विगतमा छोटी भन्सार कार्यालयबाट रू.५ हजारसम्मको मालवस्तुको मात्र जाँचपास गर्न सक्ने प्रावधान भएकोमा झापा, गौरीगञ्ज (झापा), कुमदखोर (झापा), रङ्गेली (मोरङ), मटिअर्वा (बारा), वङ्कुल (रौतहट), त्रिवेणी (नवलपरासी, बर्दघाट सुस्ता पूर्व), र बेलौरी (कञ्चनपुर) छोटी भन्सार कार्यालयबाट रू.२५ हजारसम्मको र अन्य छोटी भन्सार कार्यालयबाट रू.१० हजारसम्मको मालवस्तु जाँचपास गर्न सकिने नीतिगत निर्णय भई कार्यान्वयन गरिएको।
- फागुन महिनासम्ममा कुल वस्तु निकासी अघिल्लो वर्षको सोही अवधिको रू. ६१ अर्ब २२ करोडको तुलनामा २२.३५ प्रतिशतले वृद्धि भई रू. ७४ अर्ब ९१ करोड पुगेको। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी १४.६ प्रतिशतले वृद्धि भएको थियो। चालु आर्थिक वर्ष पहिलो ८ महिनामा प्रशोधित पाम आयल, भटमासको प्रशोधित तेल, ऊनी गलैंचा कार्पेट, अलैंची, जुटका कपडा लगायतका वस्तुको निकासी बढेको।

**२०७६ फागुन मसान्तसम्ममा निकासी भएका प्रमुख ५ वस्तुहरूको विवरण** (रू.अर्बमा)

| वस्तुको नाम | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | वृद्धि प्रतिशत |
|---|---|---|---|
| प्रशोधित पाम आयल | ४.४६ | १५.३५ | २४४.० |
| भटमासको प्रशोधित तेल | १.१३ | ७.५२ | ५६२.८ |
| सिन्थेटिक यार्न | ६.३० | ५.९२ | -६.० |
| ऊनी गलैचा कार्पेट | ५.०३ | ५.०७ | १.० |
| तयारी कपडा | ३.९२ | ३.७९ | -३.३ |
| अन्य वस्तुहरू | ४०.३८ | ३७.२५ | -७.८ |
| **जम्मा** | **६१.२२** | **७४.९१** | **२२.३५** |

- फागुन महिनासम्ममा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको रू. ९ खर्ब ४९ अर्ब ११ करोडको तुलनामा २.६ प्रतिशतले घटेर रू. ९ खर्ब २४ अर्ब २४ करोड रहेको। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो पैठारी २३.७ प्रतिशतले वृद्धि भएको। मुख्य पाँच वस्तुको पैठारी मूल्यलाई आधार लिई विश्लेषण गर्दा चालु आर्थिक वर्षको पहिलो ८ महिनामा पेट्रोल, मलखाद, हवाइजहाज र हेलिकोप्टर लगायतका वस्तुको पैठारी बढेको छ भने डिजल, एम.एस. विलेट, तयारी कपडा, एल.पी.ग्याँस लगायतका वस्तुको पैठारी घटेको।

**२०७६ फागुन मसान्तसम्ममा पैठारी भएका प्रमुख ५ वस्तुहरूको विवरण** (रू. अर्बमा)

| वस्तुको नाम | २०७५ फागुनसम्म | २०७६ फागुनसम्म | वृद्धि प्रतिशत |
|---|---|---|---|
| डिजेल | ७३.८३ | ६७.०३ | -९.२ |
| एम .एस.विलेट | ४७.१२ | ३२.२५ | -३१.६ |
| पेट्रोल | २२.९४ | २३.९८ | ४.६ |
| एल.पी.ग्याँस | २३.९३ | २१.६४ | -९.६ |
| तयारी कपडा | २२.९७ | २१.१४ | -७.९ |
| अन्य वस्तुहरू | ७५८.३२ | ७५८.२० | -०.०२ |
| **जम्मा** | **९४९.११** | **९२४.२४** | **-२.६** |

**आर्थिक नीति विश्लेषणः**

- प्रमुख आर्थिक परिसूचकका साथै यस मन्त्रालयबाट सम्पादन भएका मुख्य कार्य सार्वजनिक गर्न "अर्थ बुलेटिन" मासिकरूपमा प्रकाशन गरिएको।
- Macroeconomic Dashboard मा राखिने Monthly Macroeconomic Indicators को Database तयार गरी अर्थ मन्त्रालयको वेभसाईटमा राखिएको।
- सार्वजनिक ऋण व्यवस्थापन विधेयक व्यवस्थापिका संसदमा पेश गरिएको।

- सार्वजनिक संस्थानमा भएको ऋण तथा शेयर लगानीको हिसाब महालेखा नियन्त्रक कार्यालयको अभिलेख र संस्थानहरूले पेश गरेको विवरण फरक परेको विषय यकीन गर्न कार्यदल गठन भई ती कार्यदलले पेश गरेका प्रतिवेदनमा उल्लेख भएअनुसार बढी हिसाब फरक देखिएका ८ संस्थानसँग हिसाब मिलान भएको।

**<u>वित्तीय व्यवस्थापनः</u>**

- शीतघर निर्माणमा व्याज अनुदान उपलब्ध गराउन रू.३ करोड ६५ लाख ३१ हजार ३ सय ८६ नेपाल राष्ट्र बैङ्कलाई प्रदान गरिएको।
- नेपाल चार्टर्ड एकाउण्टेण्ट्स (नवौं संशोधन) नियमावली, २०७६ स्वीकृत गरिएको।
- राष्ट्रिय वाणिज्य बैङ्कको जोखिम व्यवस्थापन प्रणालीलाई सुदृढीकरण गर्ने सम्बन्धमा उक्त बैङ्क तथा DFID को सहायतामा सञ्चालित वित्तीय क्षेत्र स्थायित्व कार्यक्रमबीच समझदारी-पत्रमा हस्ताक्षर गर्न स्वीकृति दिइएको।
- निजीकृत भएको संस्थानको अध्ययन गर्ने परामर्शदाताको Terms Of Reference (TOR) स्वीकृत गरी कार्यारम्भ भएको।
- वीरगञ्ज चिनी कारखानाका अवकास प्राप्त कर्मचारीको दायित्व रू.४ करोड १४ लाख भुक्तानी दिन निकासा गरिएको।
- बुटबल धागो कारखानाका कर्मचारीको दायित्व भुक्तानी गर्न दिइएको ऋण निकासा रकमबाट बाँकी रहेको रू.८० लाख मध्येबाट रू.२३ लाख ९५ हजार कर्मचारीको पारिश्रमिक बापत खर्च गर्न निकासा दिइएको।
- वीरगञ्ज चिनी कारखाना लिमिटेडको स्वामित्वमा रहेको प्रशासकीय भवन, कारखानाको कागजात तथा स्रेस्ता/लगतको सुरक्षा गर्न आवश्यक स्थान कोष तथा लेखा नियन्त्रक कार्यालय, वीरगञ्जलाई उपलब्ध गराई सो कार्यालयको समन्वयमा बाँकी भवन उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगञ्जले प्रयोग गर्न सहमति दिइएको।
- सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार नेपाल सरकारबाट व्याज अनुदान प्राप्त गर्ने कृषि व्यवसायी (ऋणी/निवेदक)हरूलाई सोही व्यावसायिक कर्जाका लागि प्रदेश सरकारबाट थप व्याज अनुदान दिने विषयमा एउटै व्यावसायिक कर्जामा संघ र प्रदेशले दोहोरो व्याज अनुदान नदिने व्यवस्था मिलाइएको।
- Rating Agency र Rating Advisor को सम्पर्कमा रही नेपालको क्रेडिट रेटिङ्ग गर्ने कार्यसँग सम्बन्धित विषयमा आवश्यक सहयोग तथा समन्वय गर्न Rating Oversight Committee मातहत रहने गरी Credit Rating सम्बन्धी कार्यदल (Task Force) गठन भई कार्य शुरू गरेको।
- अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क र नेपाल बैङ्कर्स एशोसिएसन बीच बैठक बसी सो बैठकले गरेका सहुलियतपूर्ण कर्जा र प्राथमिकता प्राप्त क्षेत्रमा प्रवाह गरिने कर्जा कार्यक्रमलाई सबै बैङ्कहरूले उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने/गराउने व्यवस्था मिलाइएको।

- शीतघर तथा खाद्यान्न भण्डारण घर निर्माणमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा विभिन्न वाणिज्य बैङ्कबाट भएको ऋण लगानीको लागि व्याज वापत तत् तत् वाणिज्य बैङ्कलाई व्याज भुक्तानी गर्ने प्रयोजनका लागि रू.६ करोड ८४ लाख नेपाल राष्ट्र बैङ्कलाई निकासा दिइएको।
- गोरखकाली रबर उद्योग लि. का अवकाश प्राप्त कर्मचारीको दायित्व भुक्तानीको लागि तेस्रो तथा अन्तिम किस्ता भुक्तानीको लागि रू.३४ करोड ऋण लगानी गरिएको।
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ (तेस्रो संशोधन), धितोपत्र व्यवसायी (मर्चेण्ट बैङ्कर) नियमावली, २०६४ (दोस्रो संशोधन) र सामूहिक लगानी कोष नियमावली, २०६७ (तेस्रो संशोधन) स्वीकृत गरिएको।
- नेपाल सरकारको स्वामित्व भएका संस्थाहरूमा कार्यरत कर्मचारीको सेवा सुविधा सम्बन्धमा"अर्थ मन्त्रालयको स्वीकृतिमा कार्यान्वयन भई रहेको नियमावली/विनियमावलीमा नै उल्लेख भएका सेवा सुविधाको हकमा सम्बन्धित संस्थाको सञ्चालक समितिको निर्णयमा नियमावली/विनियमावलीबमोजिम सेवा सुविधा प्रदान गर्ने, स्वीकृत नियमावली/विनियमावली संशोधन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने र स्वीकृत नियमावली/विनियमावलीमा व्यवस्था नभएको तर आर्थिक दायित्व पर्ने विषयमा अर्थ मन्त्रालयको स्वीकृति लिएर मात्र कर्मचारीलाई सेवा सुविधा प्रदान गर्ने" विषयमा भएको नीतिगत निर्णय कार्यान्वयनमा ल्याइएको।
- हरिसिद्धि ईट्टा टायल कारखाना, काँचो छाला प्रशोधन तथा सङ्कलन केन्द्र, बालाजु कपडा उद्योग, भृकुटी कागज कारखाना लि., नेपाल बिटुमिन तथा व्यारेल उद्योग लि., रघुपति जुट मिल्स लि., विराटनगर जुट मिल्स लि., नेपाल चिया विकास निगम लि., नेपाल रोजिन एण्ड टर्पेन्टाइन लि., भक्तपुर ईट्टा टायल कारखाना लि., कालिमाटी फलफूल तथा तरकारी विकास समिति, कृषि औजार कारखाना लि., नेपाल धितोपत्र बोर्ड, हिमाल सिमेन्ट कम्पनी, बाँसवारी छाला जुत्ता कारखाना, चलचित्र विकास कम्पनी लि., नेपाल स्टक एक्सचेन्ज र बुटवल पावर कम्पनी लि.ले नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सेवा शुल्क, किस्ता, व्याज र हर्जना वापतको रकम बुझाउन निर्देशन दिइएको।
- सरकारी ऋणपत्रको खरिद/बिक्रीको लागि अनलाइन प्रणालीको विकास गर्ने नीति कार्यान्वयनको लागि सरकारी ऋणपत्रको अभौतिकीकरण गर्ने प्रक्रिया अगाडि बढाउन नेपाल राष्ट्र बैङ्कलाई निर्देशन दिइएको।

**अन्तर्राष्ट्रिय आर्थिक सहायताः**

- नेपाल सरकार र स्वीस, नर्वे र वेलायत सरकारबीच PLGSP कार्यक्रमका लागि १०० मिलियन अमेरिकी डलर (करिब रू. ११ अर्ब ४० करोड) बरावरको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता भएको।
- नेपाल सरकार र विश्व बैङ्कवीच Youth Employment Transformation Initiative कार्यक्रमका लागि १२० मिलियन अमेरिकी डलर (करिब रु. १३ अर्ब ७३ करोड) बराबरको ऋण र School Sector

Development Program का लागि २३.९५ मिलियन अमेरिकी डलर (करिब रू.२ अर्ब ७४ करोड) बराबरको अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता भएको।

- नेपाल सरकार र एसियाली विकास बैङ्कबीच Mugling-Pokhara Highway Improvement Phase-I Project का लागि १९५ मिलियन अमेरिकी डलर (करिब रू. २२ अर्ब २२ करोड) बराबरको ऋण, Bagmati River Basin Improvement Project का लागि ६३ मिलियन अमेरिकी डलर (करिब रू. ७ अर्ब १७ करोड) ऋण सहायता, Rural Enterprise Financing Project का लागि ५० मिलियन अमेरिकी डलर (करिब रू. ५ अर्ब ६९ करोड) र Food Safety and Agriculture Commercialization Program का लागि ५० मिलियन अमेरिकी डलर (करिब रू.५ अर्ब ६९ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता भएको।
- नेपाल सरकार र विश्व बैङ्कवीच Second Additional Financing for Earthquake Housing Reconstruction Project का लागि २०० मिलियन अमेरिकी डलर (करिब रू. २२ अर्ब ८२ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता भएको।
- नेपाल सरकार र युरोपियन ईन्भेष्टमेन्ट बैङ्कबीच Upgradation of Electricity Distribution and Expansion Project का लागि १०० मिलियन युरो (करिब रू. १२ अर्ब ४१ करोड) बरावरको ऋण सहायता प्राप्त गर्ने सम्बन्धी सम्झौता भएको।
- विकास सहायतासम्बन्धी विद्यमान सूचना व्यवस्थापन प्रणाली Aid Management Platform (AMP) लाई विस्थापन गरी नयाँ पद्धति Aid Management Information System (AMIS) विकास गरी प्रयोगमा ल्याइएको।
- Nepal China Investment Cooperation Group Meeting २०७६ मंसिरमा काठमाडौंमा आयोजना गरिएको।
- एशियाली विकास बैङ्क (ADB) को सहायतामा सञ्चालित परियोजनाको सम्बन्धमा Tripartite Portfolio Review Meeting सम्पन्न भएको।
- Nepal Japan Policy Dialogue सम्पन्न भएको।
- विश्व बैङ्क (WB) Funded Projects को Portfolio Review Meeting सम्पन्न भएको।
- स्थानीय विकास साझेदारसँगको बैठक आयोजना गरिएको।

**वित्तीय संघीयता**

- समपूरक अनुदानसम्वन्धी कार्यविधि,२०७५ र विशेष अनुदानसम्बन्धी कार्यविधि,२०७५ मा दोश्रो संशोधन गरी आयोजनाहरू छनौटका ढाँचा र आधार तोकिएको।
- नेपाल सरकारको निर्णय अनुसार नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडको आधार, विधि र अंश स्वीकृत भई कार्यान्वयन गरिएको।
- प्रदेश तथा स्थानीय तहले कर, शुल्क लगाउँदा वा उठाउँदा संविधान र प्रचलित कानुनबमोजिम तथा लगानीको वातावरणमा प्रतिकूल असर नपर्ने गरी कानुन बनाएर मात्र लगाउने व्यवस्था गर्न सम्बन्धित निकायमा लेखी पठाइएको।

**संगठन विकास**

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँड लगायत वित्तीय संघीयता समन्वयका लागि वित्तीय संघीयता समन्वय महाशाखा थप गरिएको।
- भन्सार विभाग अन्तर्गत साविकका त्रिवेणी छोटी भन्सार कार्यालय (नवलपरासी, वर्दघाटसुस्ता पूर्व) र दार्चुला छोटी भन्सार कार्यालयलाई स्तरोन्नति गरी मूल भन्सार कार्यालय बनाईएको।साथै गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा रहने गरी गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय स्थापना गर्ने निर्णय भएको। यो सहित भन्सार विभाग अन्तर्गत भन्सार जाँचपास परीक्षण कार्यालय-१, मूल भन्सार कार्यालयहरू ३८ र छोटी भन्सार कार्यालयहरू १ सय ३३ वटा कायम गरिएको।
- करको दायरा विस्तार गर्न तथा करदातालाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्न आन्तरिक राजस्व विभाग अन्तर्गत साविकका करदाता सेवा कार्यालयहरू, कावासोती (नवलपरासी वर्दघाटसुस्ता पूर्व) जुम्ला, डडेल्धुरा, इटहरी (सुनसरी) लाई स्तरोन्नति गरी आन्तरिक राजस्व कार्यालय बनाइएको। काठमाडौंको जोरपाटीमा नयाँ आन्तरिक राजस्व कार्यालय स्थापना हुनुको साथै भोजपुर, पथरी(मोरङ्ग), ओखलढुङ्गा, जलेश्वर (महोत्तरी), लालबन्दी (सर्लाही), कलैया (बारा), चन्द्रपुर (रौतहट), सिन्धुली, मन्थली(रामेछाप), चरिकोट(दोलखा), खैरहनी (चितवन), गोरखा, वेशिसहर (लमजुङ्ग), नवलपरासी (वर्दघाटसुस्ता पश्चिम), पुतलीबजार (स्याङ्गजा), कुश्मा (पर्वत), तम्घास (गुल्मी), सन्धिखर्क(अर्घाखँची), तौलिहवा (कपिलवस्तु), चकचके(प्यूठान), श्रीनगर(सल्यान), गुलरिया(बर्दिया), साँफेबगर(अछाम) र दिपायल (डोटी) गरी जम्मा २४ नयाँ करदाता सेवा कार्यालय स्थापना गर्ने निर्णय गरिएको।
- मन्त्रालयको बजेट सूचना प्रणाली (LMBIS), वैदेशिक सहायता प्रणाली (AMIS), PEMIS, लगायतको Data bank को सुरक्षाको लागि आवश्यक सूचना प्रविधि सम्वन्धी उपकरणहरू खरीद गरी जडान गरिएको।
- मन्त्रालयमा रहेको महत्त्वपूर्ण कागजातहरूको महाशाखागतरूपमा Digitization गर्न एकीकृत Document Management System (DMS) स्थापना गरिएको।
- सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्रबाट आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म बिभिन्न स्तरका १२ प्रशिक्षण कार्यक्रम सञ्चालन गरी ३ सय ८१ जनालाई प्रशिक्षण प्रदान गरिएको।
- सूचना प्रविधीमा आधारित सार्वजनिक ऋण व्यवस्थापन प्रणालीको शुरुवाट गरिएको।

**अनुगमन तथा मूल्यांकनः**

- मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको नियमित बैठक सम्पन्न भएको।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिमको सूचना प्रकाशन गरिएको।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१(३) बमोजिमको वार्षिक प्रतिवेदन र संविधानको धारा ५३ बमोजिमको प्रतिवेदन तयार गरिएको।

- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ बमोजिम यस मन्त्रालयसँग सम्बन्धित विषयमा सरोकारवालाले माग गरेबमोजिम सूचना तथा जानकारी प्रदान गरिएको।

## ८. आर्थिक वर्ष २०७५/०७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- साविकमा सार्वजनिक ऋण व्यवस्थापनसम्बन्धी कार्य अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कबाट सम्पादन हुँदै आएकोमा एकीकृत गरी एउटै कार्यालयबाट गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना भएको।
- करको दायरा विस्तार गर्न तथा करदातालाई छिटो, छरितो र प्रभावकारी सेवा प्रवाह गर्न आन्तरिक राजस्व विभाग अन्तर्गत मध्यमस्तरीय करदाता कार्यालय (काठमाडौं) र आन्तरिक राजस्व कार्यालय, ललितपुर-२ को स्थापना गरिनुका साथै साविकका उपत्यकाभित्रका करदाता सेवा कार्यालयहरू कोटेश्वर, बत्तीसपुतली, बानेश्वर, चावहिल, महाराजगञ्ज, बालाजु, कलङ्की, कालिमाटी, त्रिपुरेश्वर, नयाँसडक, ठमेल, पुतलीसडक, टंगाल तथा दमक (झापा), धुलिखेल (काभ्रेपलाञ्चोक), दमौली (तनहुँ), वाग्लुङ्ग र सुर्खेतलाई आन्तरिक राजस्व कार्यालयमा स्तरोन्नति गरिएको।
- करको दायरा विस्तार गर्न फिदिम(पाँचथर), खाँदवारी (संखुवासभा), राजविराज (सप्तरी), दिक्तेल (खोटाङ्ग), लुक्ला (सोलुखुम्बु), मलंगवा (सर्लाही), लम्की (कैलाली), डडेलधुरा, गल्छी (धादिङ्ग), कावासोती (नवलपरासी, वर्दघाट सुस्ता पूर्व) र विराटचोक (मोरङ्ग) मा करदाता सेवा कार्यालय स्थापना गरिएको।
- भन्सार विभाग अन्तर्गत साविकका छोटी भन्सार कार्यालयहरू भद्रपुर (झापा), ठाडी (सिरहा), महेशपुर (नवलपरासी, बर्दघाट सुस्ता पश्चिम), सुठौली (कपिलवस्तु) र सती (कैलाली) लाई भन्सार कार्यालयमा स्तरोन्नति गरिएको।
- नेपाल आयल निगमको चुक्ता पुँजी वृद्धिका लागि सहमति प्रदान गरिएको।
- "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५" स्वीकृत गरिएको।
- नेपाल धितोपत्र बोर्डको कर्मचारी सेवा, शर्त नियमावली, २०६८ मा संशोधन गरिएको।
- राष्ट्रिय बिमा कम्पनी लि.को दीर्घकालीन ऋण/सापटी कार्यविधि, २०७० मा संशोधन गरिएको।
- सरकारी भुक्तानी प्रणालीलाई व्यवस्थित गर्न बैङ्कको पहुँच भएको स्थानमा पूर्णरूपमा विद्युतीय भुक्तानी प्रणाली लागुगर्न नेपाल राष्ट्र बैक र महालेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिइएको।
- राष्ट्रिय वाणिज्य बैङ्क लि.को कर्मचारी सेवा (चौंथो संशोधन) विनियमावली, २०७५ मा स्वीकृतिका लागि सहमति प्रदान गरिएको।
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक जीवन बिमा सञ्चालन कार्यविधि, २०७५ स्वीकृत गरिएको।
- संघीय सरकारले प्रदान गर्ने राजस्व बाँडफाँड वापतको रकम लगायत विभिन्न प्रकारका अनुदान बापतका रकमको अतिरिक्त स्थानीय तहको सञ्चित कोषमा ("ग" समूहका सम्पूर्ण खाताहरूमा) जम्मा

भएको सम्पूर्ण रकमको ५०% रकम स्थानीय तहमा स्थापना वा सञ्चालन भएका बैङ्कमा जम्मा गर्ने व्यवस्था गरिएको।

- कर्मचारी सञ्चयकोषबाट सञ्चयकर्ताको औषधी उपचार तथा घातक रोगसम्बन्धी रू.१० लाख सम्मको बिमा योजना कार्यान्वयनमा ल्याइएको।
- नेपालको क्रेडिट रेटिङ्ग गराउने सम्बन्धमा आवश्यक प्रक्रिया, तथ्याङ्क सङ्कलन, तथ्याङ्कहरूको सुरक्षा, परामर्श, समन्वय र सहजीकरण लगायतका कार्य सम्पादन गर्ने प्रयोजनका लागि मन्त्रालयका सचिव(राजस्व) को संयोजकत्वमा Rating Oversight Committee गठन गरिएको।
- सिडिएस एण्ड क्लियरिङ्ग लि. कर्मचारी सेवा शर्त विनियमावली, २०७५, कम्पनीको सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरिएको।
- नागरिक लगानी कोष वैदेशिक भ्रमणसम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गरिएको।
- धितोपत्र दर्ता तथा निष्काशन (दोश्रो संशोधन) नियमावली, २०७५ स्वीकृत गरिएको।
- साना किसानहरूलाई साझा सहकारी संस्था मार्फत प्रवाह भएको ऋण रकम मिनाहा प्रयोजनार्थ कृषि विकास बैङ्कलाई रू.२९ करोड ३९ लाख ७० हजार रकम निकासा दिइएको।
- वैदेशिक रोजगारमा जाने व्यक्तिलाई विप्रेषण पठाउँदा अनिवार्यरूपमा औपचारिक माध्यमबाट पठाउने व्यवस्था कार्यान्वयन गराउन नीतिगत एंव संस्थागत व्यवस्था गर्नका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग समन्वय गरिएको।
- ग्रामीण स्वावलम्वन कर्जा कार्याविधि, २०७५ स्वीकृत गरिएको।
- "कर्जा सुरक्षण (पहिलो संशोधन) नियमावली, २०७५" स्वीकृत गरिएको।
- ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को शेयरमा नेपाल सरकारले थप रू. ९ करोड ८७ लाख ९० हजार २ सय लगानी गरिएको।
- कृषि विकास बैङ्क, कर्मचारी सेवा विनियमावली, २०६२ मा संशोधन गर्ने सहमति दिइएको।
- नेपाल राष्ट्र बैङ्कलाई रू.१ हजार दरको नोटमा डिजाइन परिवर्तन गर्न र विभिन्न तीन प्रकारका स्मारिका सिक्का टकमरी गरी प्रचलनमा ल्याउन स्वीकृति प्रदान गरिएको।
- निक्षेप तथा कर्जा सुरक्षण कोषको चुक्ता पुँजी रू. ८ अर्बबाट वृद्धि गरी रू.१० अर्ब पुऱ्याइएको।
- नागरिक लगानी कोषको अधिकृत तथा जारी पुँजी रू. ८ अर्ब तथा चुक्ता पुँजी रू. ३ अर्ब पुऱ्याउने निर्णय भएको।
- जलविद्युत लगानी तथा विकास कम्पनीमा शेयरधनीका तर्फबाट हकप्रद शेयर बापत नेपाल सरकारका विभिन्न मन्त्रालयका तर्फबाट रू.५० करोड लगानी गर्ने निर्णय भएको।
- नेपाल वन निगम लिमिटेडमा अर्थ मन्त्रालयको शेयर स्वरुप रू. ४ करोड ५० लाख लगानी गर्ने निर्णय भएको।

- नेपाल राष्ट्र बैङ्क अन्तर्गत सञ्चालित ग्रामीण स्वावलम्बन कोषका कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत सञ्चालन गर्ने सम्बन्धमा अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैङ्क तथा साना किसान विकास लघुवित्त वित्तीय संस्थाबीच कोष हस्तान्तरणसम्बन्धी त्रिपक्षीय सम्झौता भएको।
- सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी २१ औं Asia Pacific Group on Money Laundering (APG) Plenary Meeting आयोजना गरिएको।
- नेपालको सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी स्वःमूल्याङ्कनको कार्य सम्पन्न गरी सम्पत्ति शुद्धीकरण निवारणको कार्यलाई प्रभावकारी तुल्याउन दोस्रो पाँचवर्षे रणनीति तथा कार्ययोजना (२०७६/७७ - २०८०/८१) जारी भएको।
- अन्तराष्ट्रिय विकास साझेदार मार्फत आ.व. २०७५/०७६ मा अनुदान सहायता रू.३३ अर्ब ४२ करोड ८९ लाख र ऋण सहायता रू.१ खर्ब ४ अर्ब ८२ करोड ७३ लाख गरी जम्मा रू.१ खर्ब ३८ अर्ब २५ करोड ६२ लाखको वैदेशिक सहायता प्रतिवद्धता प्राप्त। प्राप्त सहायता प्रतिवद्धतामा अनुदानको अंश २४.१८ र ऋणको अंश ७५.८२ प्रतिशत रहेको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११३ | अर्थ मन्त्रालय | ३१५२९९ | २९३६८६ | ९३.१५ |
| ३०५०१२३ | महालेखा नियन्त्रक कार्यालय | १३५००० | १०९९४७ | ८१.४४ |
| ३०५०१३३ | निवृत्तभरण व्यवस्थापन कार्यालय | ४७३५० | ४३३४३ | ९१.५४ |
| ३०५०१४३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १८००० | १३६२२ | ७५.६८ |
| ३०५०१५३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ५६२८४९ | ५०९२२७ | ९०.४७ |
| ३०५०१७३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५२५०० | ४३६३१ | ८३.११ |
| ३०५०१८३ | भन्सार विभाग | १४२६२२ | १०९३१२ | ७६.६४ |
| ३०५०१९३ | भन्सार कार्यालयहरू | ९१९६६७ | ७५२१५८ | ८१.७९ |
| ३०५०२०३ | आन्तरिक राजस्व विभाग | ३८०१७६ | २९८८८६ | ७८.६२ |
| ३०५०२१३ | आन्तरिक राजस्व कार्यालयहरू | ११८८६८२ | ९५४८८२ | ८०.३३ |
| ३०५०२४३ | ऋण असुली पुनरावेदन न्यायाधीकरण | १०५२४ | ९२३७ | ८७.७७ |
| ३०५०२५३ | ऋण असुली न्यायाधीकरण | ३४७२३ | ३१३०० | ९०.१४ |
| ३०५०२९३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | २७२००० | २३०६५६ | ८४.८ |
| ३०५१०४३ | साना किसान विकास बैङ्क (वित्तीय संस्था), विविध | १७७९०० | १२८२६१ | ७२.१ |
| ३०५१०५३ | लघु बिमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य) | ३३७००० | ३२५९८४ | ९६.७३ |
| ३०५१०६३ | शीतघर निर्माण (ब्याज अनुदान) | ३३०० | ० | ० |
| ३०५११४३ | बजेट तथा निवृत्तभरण सुधार आयोजना | १५००० | ० | ० |
| ३०५११७३ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | १४१५०० | १२२४६ | ८.६५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५११९३ | सार्वजनिक संस्थान निर्देशन बोर्ड | ९३०० | १४१४ | १५.२१ |
| ३०५१२०३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ६८६२७० | ५४०४२ | ७.८७ |
| ३०५१२१३ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ५४६००० | ३१९५०१ | ५८.५२ |
| ३०५१२२३ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २२१९८ | ९२१० | ४१.४९ |
| ३०५३२१३ | भन्सार सुधार कार्यक्रम | १३९२८० | ९९२०६ | ७१.२३ |
| ३०५३२२३ | ब्याज अनुदान (कृषि, पशुपालन तथा अन्य आयआर्जन) | १०७९२८० | १०३८२०१ | ९६.१९ |
| | जम्मा | ७२३६४२० | ५३८७९५३ | ७४.४६ |

## पुँजीगत खर्च

(रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०११४ | अर्थ मन्त्रालय | १९४१८ | १४६९२ | ७५.६६ |
| ३०५०१२४ | महालेखा नियन्त्रक कार्यालय | २७०७५ | १८४१५ | ६८.०१ |
| ३०५०१३४ | निवृत्तभरण व्यवस्थापन कार्यालय | ८७०० | ८६५६ | ९९.५० |
| ३०५०१४४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ४७०० | ४६९९ | ९९.९७ |
| ३०५०१५४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | १३२३३० | १०२५४७ | ७७.४९ |
| ३०५०१७४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५००० | ४९६४ | ९९.२८ |
| ३०५०१८४ | भन्सार विभाग | ५००० | ३३६६ | ६७.३२ |
| ३०५०१९४ | भन्सार कार्यालयहरू | १८७२०० | १०५१६३ | ५६.१८ |
| ३०५०२०४ | आन्तरिक राजस्व विभाग | १४४०४५ | ७८०७० | ५४.२० |
| ३०५०२१४ | आन्तरिक राजस्व कार्यालयहरू | २४१२२२ | १७८०७४ | ७३.८२ |
| ३०५०२४४ | ऋण असुली पुनरावेदन न्यायाधीकरण | ७०० | ६९७ | ९९.५९ |
| ३०५०२५४ | ऋण असुली न्यायधीकरण | १९५४ | १९४४ | ९९.५० |
| ३०५११७४ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | १८७५०० | ९३१८३ | ४९.७० |
| ३०५११९४ | सार्वजनिक संस्थान निर्देशन बोर्ड | ३०० | ० | ०.०० |
| ३०५१२०४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ८८०३० | २५९१३ | २९.४४ |
| ३०५१२१४ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ८०५२०६ | ५७८९८४ | ७१.९१ |
| ३०५१२२४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ३६५०० | ९५०५ | २६.०४ |
| ३०५३२१४ | भन्सार सुधार कार्यक्रम | ८१०७०० | ४६६५३० | ५७.५५ |
| | जम्मा | २७०५५८० | १६९५४०३ | ६२.६६ |

## १०.आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११३ | अर्थ मन्त्रालय | ३५५९२० | १८६०४५ | ५२.२७ |
| ३०५०००१२३ | ऋण असुली पुनरावेदन न्यायधीकरण | ११४५० | ६२४४ | ५४.५३ |
| ३०५०००१३३ | ऋण असुली न्यायधीकरण | ३१७८० | २०७०५ | ६५.१५ |
| ३०५०००१४३ | अन्तर्राष्ट्रिय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | ४००००० | ३२४८१० | ८१.२ |
| ३०५००१०१३ | साना किसान विकास बैङ्क (बित्तिय संस्था), विविध | १२९००० | ८६०१९ | ६६.६८ |
| ३०५००१०२३ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | २९५१०० | १७०२४८ | ५७.६९ |
| ३०५००१०३३ | शीत घर निर्माण (ब्याज अनुदान) | ५००० | ० | ० |
| ३०५००१०५३ | बजेट तथा निवृत्तिभरण सुधार आयोजना | १५००० | ० | ० |
| ३०५००१०७३ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ३७७० | ३४६ | ९.१७ |
| ३०५००१०८३ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | १९४७६५३ | १५६९५८ | ८.०६ |
| ३०५००११०३ | ब्याज अनुदान (कृषी, पशुपालन तथा अन्य आयआर्जन) | ५०००००० | ११०४९४० | २२.१ |
| ३०५०१०११३ | महालेखा नियन्त्रक कार्यालय | १४३००० | ७१७०० | ५०.१४ |
| ३०५०१०१२३ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ४६००० | ३१८४४ | ६९.२३ |
| ३०५०१०१३३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | १७६०० | ९४८९ | ५३.९१ |
| ३०५०१०१४३ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | ६२२०६० | ३३९६२२ | ५४.६ |
| ३०५०११०१३ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | ७६७३८८ | ७५९७४ | ९.९ |
| ३०५०२०११३ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५७०७५ | २६०१३ | ४५.५८ |
| ३०५०३०११३ | भन्सार विभाग | १७५४४१ | ६६४२६ | ३७.८६ |
| ३०५०३०१२३ | भन्सार कार्यालयहरू | ७९८४७१ | ४५७६१२ | ५७.३१ |
| ३०५०३१०१३ | भन्सार सुधार कार्यक्रम | १५५५०० | ३९९४१ | २५.६९ |
| ३०५०४०११३ | आन्तरिक राजस्व विभाग | ७४०७५० | ९०८६६ | १२.२७ |
| ३०५०४०१२३ | आन्तरिक राजस्व कार्यालयहरू | ११९८७०० | ६१६४२१ | ५१.४२ |
| ३०५०५०११३ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ५४२०० | ७९२१ | १४.६१ |
| | **जम्मा** | **१२९७०८५८** | **३८९०१४४** | **२९.९९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५०००११४ | अर्थ मन्त्रालय | ३१८०० | ४६१२ | १४.५ |
| ३०५०००१२४ | ऋण असुली पुनरावेदन न्यायाधीकरण | ६०० | ३९७ | ६६.२४ |
| ३०५०००१३४ | ऋण असुली न्यायाधीकरण | २०७५ | १०२ | ४.९३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०५००१०७४ | पुँजीबजार तथा पूर्वाधार क्षमता सहयोग आयोजना | ८१२४४ | १३०४८ | १६.०६ |
| ३०५००१०८४ | मिलिनियम च्यालेन्ज नेपालको कार्यालय | ८३६१५०० | ५९०३४४ | ७.०६ |
| ३०५०१०११४ | महालेखा नियन्त्रक कार्यालय | ८४०० | ३५५३ | ४२.३ |
| ३०५०१०१२४ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | ३१०० | ५०८ | १६.३६ |
| ३०५०१०१३४ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | ८०० | ६१६ | ७६.९९ |
| ३०५०१०१४४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरू | १६०२६५ | ४३४१४ | २७.०९ |
| ३०५०११०१४ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | १९६३५० | १२५९९ | ६.४२ |
| ३०५०२०११४ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ७००० | २७६ | ३.९४ |
| ३०५०३०११४ | भन्सार विभाग | ६००० | ३९४१ | ६५.६९ |
| ३०५०३०१२४ | भन्सार कार्यालयहरू | २०८८३० | ४७०५६ | २२.५३ |
| ३०५०३१०१४ | भन्सार सुधार कार्यक्रम | ९१४८०० | १५५००३ | १६.९४ |
| ३०५०४०११४ | आन्तरिक राजस्व विभाग | १७७८५० | ३६९५४ | २०.७८ |
| ३०५०४०१२४ | आन्तरिक राजस्व कार्यालयहरू | ३६०१०० | ३६७७९ | १०.२१ |
| ३०५०५०११४ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | २११०० | ९२४४ | ४३.८१ |
| | **जम्मा** | **१०५४१८१४** | **९५८४४६** | **९.०९** |

♦ ♦ ♦

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १. पृष्ठभूमिः

साविकको उद्योग र वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई एकआपसमा गाभी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय स्थापना भएको हो। मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण निर्माण, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको विकास र सञ्चालन जस्ता मुख्य कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ। यसको लागि तत् तत् क्षेत्रसँग सम्बद्ध आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूलाई विभिन्न मन्त्रालय, नेपाल सरकारका अन्य निकाय, निजी क्षेत्र तथा दातृनिकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने लगायतका काम मन्त्रालयले गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

- आर्थिक समृद्धिका लागि दिगो, रोजगारमूलक र उच्च प्रतिफलयुक्त औद्योगिक विकास गर्ने,
- आयात व्यवस्थापन, निर्यात प्रवर्द्धन र आर्थिक समृद्धिका लागि व्यापार सन्तुलन कायम राख्ने,
- प्रभावकारी, सहज, स्वचालित र जिम्मेवार आपूर्ति प्रणाली तथा उपभोक्ता हकको संरक्षण गर्ने।

## ३. उद्देश्यः

- औद्योगिक उत्पादन वृद्धि गरी कुल गार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान बढाउने,
- उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी आयात प्रतिस्थापन र निर्यात वृद्धि गर्ने,
- लगानीमैत्री वातावरण सिर्जना गरी उद्योग क्षेत्रमा स्वदेशी र वैदेशिक लगानी बढाउँदै रोजगारीका अवसर बढाउने,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तुहरू तथा तुलनात्मक लाभका निर्यातजन्य वस्तु तथा सेवाको उत्पादन वृद्धि गर्ने,
- आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्ने,
- नेपाली वस्तु तथा सेवाको अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलामा आबद्धता अभिवृद्धि गर्ने,
- उपभोग्य वस्तु, अत्यावश्यक वस्तु तथा सेवा, अत्यावश्यक औषधि तथा उपकरण, पेट्रोलियम पदार्थ लगायतका वस्तु तथा सेवाको देशव्यापीरूपमा सर्वसुलभ आपूर्ति सुनिश्चित गर्ने,
- बजार प्रणालीलाई स्वच्छ, प्रतिस्पर्धी र उपभोक्ताप्रति जिम्मेवार बनाउने।

## ४. रणनीतिः

- औद्योगिक क्षेत्रको विकासका लागि नीतिगत, कानुनी र संस्थागत सुधार गर्ने,
- लगानीमैत्री वातावरण तयार गर्न प्रविधिको प्रयोग, एकद्वार प्रणालीको विकास र औद्योगिक पूर्वाधार विकास निर्माण गर्ने,
- उद्योग क्षेत्रलाई अन्य उत्पादनमूलक क्षेत्रको अन्तरसम्बन्धको आधारमा विकास र विस्तार गर्ने,

- खानी तथा खनिजजन्य उद्योगको लागत प्रभावी र तुलनात्मक लाभका आधारमा विकास गर्ने,
- प्रतिस्पर्धी क्षमता र तुलनात्मक लाभ भएका स्वदेशी कच्चा पदार्थमा आधारित उद्योगमा सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी परिचालन गर्दै आयात प्रतिस्थापनमा जोड दिने,
- उद्योगधन्दाको विकास र विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गर्ने,
- खाद्यान्न तथा आधारभूत उपभोगका वस्तु तथा तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तु तथा सेवाहरूको पहिचान, विकास, विविधीकरण तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,
- व्यापारजन्य प्रविधि र पूर्वाधारको विकास र उपयोग, सूचना प्रविधिको प्रयोग एवं विस्तार, सुशासन र प्रभावकारी नियमन, व्यापार सहजीकरण र संस्थागत सुदृढीकरण गरी आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार लागत कम गर्ने,
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिसम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गर्ने,
- आर्थिक कूटनीतिलाई सुदृढ तुल्याउँदै व्यापार सम्बद्ध द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय संयन्त्रको माध्यमबाट व्यापारजन्य क्षमता बढाउँदै अन्तर्राष्ट्रिय मूल्य श्रृङ्खलामा आबद्धता र नेपाली सामानको बजार विस्तार गर्ने,
- आपूर्ति व्यवस्था, प्रतिस्पर्धा प्रवर्द्धन र उपभोक्ता हितसँग सम्बन्धित नीति, ऐन कानुनहरूको प्रभावकारी कार्यान्वयन गर्ने,
- आपूर्ति व्यवस्थामा संलग्न संस्थानहरूको संस्थागत तथा संरचनागत सुदृढीकरण गर्ने,
- आपूर्ति अनुगमन प्रणालीको विकास गरी प्रभावकारी कार्यान्वयन गर्ने,
- आधारभूत आवश्यकता तथा अत्यावश्यक वस्तु लगायतका सबै वस्तु तथा सेवाको बजारमा उपलब्धता तथा गुणस्तर, मूल्य र आपूर्तिमा पारदर्शिता कायम गरी कृत्रिम अवरोध र अभावको अन्त्य गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- औद्योगिक नीति, कानुन, मापदण्ड र नियमन,
- औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र,
- औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- प्रशोधन केन्द्र,
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- उद्योग, औद्योगिक व्यवसाय र कम्पनीसम्बन्धी,
- उद्योग तथा खनिजसम्बन्धी पूर्वाधार नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
- सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन,
- औद्योगिक प्रविधि विकास र हस्तान्तरण,
- अन्तर्राष्ट्रिय औद्योगिक संघ संस्थासँग सम्पर्क र समन्वय,
- केन्द्रीय कारागार कारखाना,

- करार, साझेदारी र एजेन्सीसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- रूग्ण उद्योग तथा दामासाहीमा परेका उद्योग वा व्यावसायिक फर्म व्यवस्थापानसम्बन्धी नीति, कानुन मापदण्ड र नियमन,
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक सङ्केत (जोग्राफिकल इन्डिकेशन) औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धी नीति, कानुन मापदण्ड, कार्यान्वयन र प्रवर्द्धन एवं सोसम्बन्धी अन्तर्राष्ट्रिय संघ-संस्थासँग सम्पर्क र समन्वय,
- नापतौल तथा गुणस्तरसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन एवं सोसम्बन्धी अन्तर्राष्ट्रिय निकायसँग सम्पर्क र समन्वय,
- वस्तु, सेवा, प्रक्रिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रिडिटेशन) र प्रत्यायन वोर्ड,
- खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र नियमन,
- रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता अनुमति र नियमन,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा,
- खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवं उत्खननसम्बन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालन,
- भूकम्पीय अध्ययन एवं अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन,
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता, कार्यान्वयन र नियमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन,
- विश्व व्यापार संगठन लगायत बहुपक्षीय व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौताको कार्यान्वयन र अनुगमन,
- साफ्टा, बिमस्टेक लगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता, कार्यान्वयन र अनुगमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोवारको व्यवस्थापन र नियमन,
- निकासी प्रवर्द्धन, पैठारी व्यवस्थापन तथा नियमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तथ्याङ्क, अध्ययन, अनुसन्धान र सर्वेक्षण,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता,
- व्यापारका लागि सहयोग (एड फर ट्रेड),
- अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय,
- अन्तरप्रादेशिक व्यापारसम्बन्धी नीति, कानुन, सहजीकरण र नियमन,
- पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहुविधिक (मल्टीमोडल) ढुवानीसम्बन्धी नीति, कानुन, मापदण्ड योजना कार्यान्वयन र नियमन,

- सुक्खा बन्दरगाह,अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेशन, क्लियरिङ्ग/अन्डरटेकिङ्ग सेवा, कार्गो गोदामसम्बन्धी नीति तथा सञ्चालन,
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी फर्म तथा संस्थाहरूको नियमन,
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार एवं सञ्चालन,
- उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफरस्टक), सार्वजनिक गोदाम तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था,
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति पूर्वाधार विकास र नियमन,
- आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सन्डिकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानुन र नियमन,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गतका माइनिङ्ग इन्जिनियरिङ्ग, केमिकल इन्जिनियरिङ्ग, मेटालर्जिकल इन्जिनियरिङ्ग, मेट्रोलजी, जियोलजी र केमेष्ट्री समूहको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १४१ | आगामी वर्षसम्म दुई दर्जन जति औद्योगिक वस्तुहरूमा आत्मनिर्भर हुने गरी स्वदेशी उद्योगहरूको विकास, विस्तार र आधुनिकीकरणका लागि प्रोत्साहन गरिने। बन्द र रुग्ण उद्योगहरूलाई सम्भाव्यताका आधारमा सहकारी र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। स्वदेशी वस्तुको उपयोगलाई अभियानको रूपमा अघि बढाई अत्यावश्यक वस्तुहरू उत्पादनमा सहकारी तथा निजी क्षेत्रलाई प्रोत्साहित गरिने। | • स्वदेशी वस्तुको उपयोग अनिवार्य गर्ने गरी Modalities तयार भई अन्तिम चरणमा रहेको।<br>• निजीक्षेत्रका रुग्ण उद्योगहरूको पुनर्उत्थानका लागि औद्योगिक व्यवसाय ऐनको प्रावधान कार्यान्वयनका लागि नियमावली तर्जुमाको क्रममा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १४२ | सार्वजनिक सेवामा उपलब्ध भएसम्म स्वदेशी वस्तु तथा सेवा उपयोग गर्नुपर्ने प्रावधान कडाइका साथ कार्यान्वयन गरिने। अन्तर्राष्ट्रिय सभा, सम्मेलन र वैदेशिक भ्रमण लगायतका अवसरमा सरकारी तवरबाट उपहार दिनुपर्दा स्वदेशी उत्पादन दिनुपर्ने व्यवस्था अनिवार्य गरिने। | • सार्वजनिक खरिद ऐन तथा नियमावलीको संशोधन मार्फत स्वदेशी वस्तुको उपयोग सरकारी निकायमा अनिवार्य गर्ने गृहकार्य भइरहेको।<br>• सरकारीस्तरमा स्वदेशी तथा विदेशी पाहुनाहरूलाई उपहार दिँदा स्वदेशी उत्पादन प्रयोग गर्न थालिएको। |
| १४३ | कपास, रेशम, ऊन र वनस्पति रेसाजन्य धागो उत्पादनलाई प्रोत्साहन गरी स्वदेशी कपडा उपभोगलाई प्रोत्साहन गरिनेछ। बाँस, अल्लो र केरा जस्ता वनस्पतिजन्य रेसा उत्पादनमा जोड दिइने। | • रेसाजन्य उत्पादनसम्बन्धी उद्योगलाई औद्योगिक ग्रामभित्र प्राथमिकता दिने गरी औद्योगिक ग्राम सञ्चालनसम्बन्धी कार्यविधि, २०७५ कार्यान्वयनमा ल्याइएको। |
| १४४ | हालसम्म औद्योगिक क्षेत्र सञ्चालन नभएका प्रदेशहरूमा कम्तीमा एक औद्योगिक क्षेत्र शीघ्र सञ्चालनमा प्राथमिकता दिइने। झापाको दमक, रूपन्देहीको मोतिपुर, मकवानपुरको मयूरधाप, चितवनको शक्तिखोर, बाँकेको नौबस्ता, सुर्खेतको चौरासे र कञ्चनपुरको दैजीमा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिइने। लगानी प्रोत्साहित गर्न निर्माणाधीन विशेष आर्थिक क्षेत्रमा आधारभूत पूर्वाधारहरू सुनिश्चित गरिने। अत्यावश्यक वस्तुहरूको उत्पादन गर्ने उद्योगहरूको स्थापना र क्षमता विस्तारमा प्रोत्साहित गरिनेछ। उदयपुर सिमेन्ट उद्योग र हेटौंडा सिमेन्ट कारखानाको क्षमता विस्तार गरिने। | • सुर्खेतको चौरासे, कास्कीको कोत्रे, कञ्चनपुरको दोधारा चाँदनी औद्योगिक क्षेत्रभित्रको जग्गामा रहेको वस्ति व्यवस्थापनसम्बन्धी प्रतिवेदन पेश भएको।<br>• झापाको दमक औद्योगिक क्षेत्रको १ हजार ४ सय ८२ विगाह जग्गाको स्वामित्व कम्पनीको नाममा भइसकेको र थप जग्गा प्राप्त हुने क्रममा रहेको। बाँकी जग्गाको स्वामित्व प्राप्त भएपछि सिमाङ्कनको कार्य सम्पन्न गरिने।<br>• मकवानपुरको मयूरधाप र रूपन्देहीको मोतिपुर औद्योगिक क्षेत्रको वातावरण प्रभाव मूल्याङ्कन Scoping र TOR तयार भएको।<br>• दैजी र शक्तिखोर औद्योगिक क्षेत्रको EIA को Draft Report स्वीकृत भएको।<br>• ३७ वटा औद्योगिक ग्राम घोषणा भएको, ९ वटा औद्योगिक ग्राम घोषणाका लागि मन्त्रिपरिषद्मा पेश भएको, ३४ वटा औद्योगिक ग्रामहरूलाई प्रति औद्योगिक ग्राम ९२ लाखको दरले हस्तान्तरण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १४५ | इटहरी-विराटनगर, पथलैया-वीरगञ्ज, बुटवल-बेलहिया, कोहलपुर-जमुनाह र अत्तरिया-धनगढीलाई औद्योगिक कोरिडोरको रूपमा विकास गर्न जमिन व्यवस्थापन, सडक स्तरोन्नति, ढल निर्माण र विद्युत प्रसारण लाईन जस्ता पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरेको। | • इटहरी-विराटनगर र अत्तरीया-धनगढी औद्योगिक क्षेत्रको प्रस्ताव माग गर्ने सूचना प्रकाशन भएको।<br>• ३३ के.भी. प्रसारण लाईन अन्तर्गत रुपन्देहीको योगीकुटी प्रसारण लाईनको ५० प्रतिशत कार्य सम्पन्न भएको, ३३ के.भी. डबल सर्किट सेज भैरहवा र ब्रेकर जडानको लागि तार तान्ने काम भइरहेको। |
| १४६ | निर्यातमूलक उद्योग स्थापनाका लागि सरकारी तथा निजी साझेदारीमा विशेष आर्थिक क्षेत्र र अन्तरदेशीय आर्थिक क्षेत्र स्थापना एवं विस्तार गरिनेछ। नुवाकोट र काभ्रेको पाँचखालमा आर्थिक क्षेत्र स्थापनाका लागि बजेट विनियोजन गरेको। | • काभ्रेको पाँचखालमा विशेष आर्थिक क्षेत्रको प्रशासनिक भवन निर्माण खरिद योजनाअनुसार चालु आ.व.मा सम्पन्न हुने गरी निर्माण कार्य भइरहेको। हालसम्म ४५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको।<br>• सिमरा गार्मेन्ट प्रशोधन क्षेत्रभित्र प्रशासनिक तथा अन्य भवन निर्माण कार्य करिब ७० प्रतिशत सम्पन्न भएको।<br>• भैरहवा विशेष आर्थिक क्षेत्रमा रहेको कुल ६२ औद्योगिक प्लटमध्ये ४१ प्लट लिई ४ उद्योग सञ्चालनमा आइसकेका र ५ उद्योग निर्माणको चरणमा रहेका। बाँकी २१ औद्योगिक प्लटको पुनः सूचना प्रकाशित गर्ने कार्य भइरहेको।<br>• नेपाल र चीन बीच रसुवामा क्रस बोर्डर इकोनोमिक जोन निर्माण गर्ने सम्बन्धमा नेपाल र चीनका संयुक्त प्राविधिक टोलीबाट अध्ययन भइरहेको।<br>• नुवाकोटको तल्लो पिपलटारमा विशेष आर्थिक क्षेत्र निर्माणको सम्भाव्यता अध्ययन कार्य सम्पन्न भएको। |
| १४७ | स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु, साना तथा मझौला उद्योगहरूलाई प्रवर्द्धन गरिनेछ। उद्यमशील र उत्पादनशील संस्कृतिको विकास गरी मूल्य श्रृङ्खलामा आधारित लघु, घरेलु तथा साना, मझौला र ठूला उद्योगहरूमा अग्र | • उद्योगहरूमा कुल स्वीकृत लगानी रु. १०९ अर्ब ४३ करोडबाट वृद्धि भई रु.२४९ अर्ब पुगेको।<br>• पोखरा विश्वविद्यालय अन्तर्गत उद्यमशीलता विकास अध्ययन गर्ने गराउने गरी उक्त विश्व विद्यालयसँग समझदारी गरी कार्य अगाडि |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | तथा पृष्ठ सम्बन्ध कायम गरिनेछ। नवीनतम् ज्ञान, सीप र क्षमता भएका उद्यम तथा व्यवसाय सञ्चालन गर्न सुरुवाती पुँजी उपलब्ध गराउन च्यालेञ्ज फण्डको ब्यवस्था गरेको। | बढेको।<br>• लघु, घरेलु तथा साना,मझौला र ठूला उद्योगहरूसँग अग्र र पृष्ठ सम्बन्धका लागि सहकार्य गरिएको। |
| १४८ | आगामी आर्थिक वर्षदेखि नवलपरासीको धौवादीमा रहेको फलाम खानीबाट व्यावसायिक उत्पादन शुरू गरिनेछ। सम्भाव्य स्थानमा पेट्रोलियम, बहुमूल्य पत्थर, फलाम, कोइला, तामा, युरेनियम तथा सुन खानी उत्खनन अध्ययन सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ। सुर्खेतमा बहुमूल्य पत्थरको प्रशोधन कारखाना स्थापना गरिनेछ। सार्वजनिक निजी क्षेत्र साझेदारीमा खानी उद्योगहरुलाई अगाडि बढाइनेछ। | • धौवादी फलामखानी कम्पनी लि. स्थापना भई कार्य प्रारम्भ गरेको र ५ टन नमुना परीक्षण (Pilot Test) गर्न चीन पठाइएकोमा परीक्षण कार्य अन्तिम चरणमा पुगेको।<br>• पर्वतको फलामखानीमा २५ वर्ग कि.मि. क्षेत्रको फलामखानीको भौगर्भिक सर्वेक्षण (Geophysical Survey) कार्य सम्पन्न भएको।<br>• तनहुँको आँबुखैरेनीमा तामाखानी अध्ययनका लागि टोली फिल्डमा खटिई अध्ययन कार्य सम्पन्न भएको।<br>• दैलेखको चुप्रामा करिब ४ सय वर्ग कि.मि. क्षेत्रमा खानी तथा भूगर्भ विभाग र चिनियाँ कम्पनीले पेट्रोलियम पदार्थको अन्वेषण सम्पन्न गरी Drilling कार्य गरिरहेको।<br>• बहुमूल्य पत्थर उत्पादन केन्द्र स्थापनाका लागि भारत सरकारको स्वामित्वमा रहेको Gemological Institute of India, Mumbai सँग MOU गरी प्राविधिक सहयोग प्राप्त गर्ने चरणमा रहेको।<br>• ओखलढुङ्गाको खानीडाँडामा तामा खानीको सर्भे कार्यको लागि फिल्ड कार्यक्रमको तयारी भएको।<br>• यस आ.व.मा ८ सय १ वर्ग कि.मि. क्षेत्रमा खानी अन्वेषणको कार्य भएको। |
| १४९ | साना तथा घरेलु उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन निकासी गृहको स्थापना गरी सहकारीबाट भएका उत्पादनलाई पनि आबद्ध गरिनेछ। अन्तर्राष्ट्रिय बजारमा नेपाली गलैंचा, | • निर्यात गृह स्थापनाको लागि स्वच्छ व्यवसायी संघ (Fair Trade Group) सँग Memorandum of Understanding गरिएको।<br>• विभिन्न १६ वस्तुको गुणस्तर प्राविधिक समितिबाट पारित भई नेपाल गुणस्तर परिषद्मा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | पश्मिना, चिया कफी तथा हस्तकलाका सामानको पहिचान स्थापित गर्न अन्तर्राष्ट्रिय मान्यताको गुणस्तर प्रमाणीकरण, लेबलिङ्ग र ट्रेडमार्क मार्फत ब्रान्डिङ्ग गरिने। | पेश गर्न सिफारिस भएको, १२ वस्तुलाई नेपाल गुणस्तर चिन्ह प्रदान गरिएको। |
| १५० | दलित समुदायको सामाजिक एकीकरण गर्दै उनीहरूलाई सहकारी तथा सामुदायिक उत्पादन प्रणाली मार्फत् आधुनिक व्यवसाय गर्न कार्यविधिको आधारमा कर्जामा व्याज अनुदान उपलब्ध गराइनेछ। परम्परागत सीप र पेशालाई संरक्षण गर्न भगत सर्वजित शिल्प उत्थान तथा विकास केन्द्रको लागि बजेट व्यवस्था गरेको। | • दलित समुदायको सामाजिक एकीकरण गर्दै उनीहरूलाई सहकारी तथा सामुदायिक उत्पादन प्रणाली मार्फत् आधुनिक व्यवसाय कार्यक्रम प्रदेशस्तरबाट कार्यान्वयन भइरहेको। |
| १५१ | निर्यातजन्य वस्तुहरूको पहिचान, विकास तथा उत्पादन अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजार प्रवर्द्धन गरिनेछ। विलासी एवं स्वास्थ्यलाई नोक्सान पुऱ्याउने अनावश्यक वस्तु र सेवाको आयात निरुत्साहित गरिनेछ। प्रमुख नाकाहरूमा क्वारेण्टाईन जाँचलाई प्रभावकारी बनाइनेछ। खाद्य तथा पेयजन्य पदार्थहरूको न्यूनतम गुणस्तर मापदण्ड तोकी सो भन्दा कम गुणस्तरका वस्तुहरूको आयातमा बन्देज लगाइनेछ। | • विभिन्न १३ विधामा निर्यात प्रवर्द्धन, लगानी वृद्धि, रोजगारी अवसरको सिर्जना गर्ने २५ व्यवसायी संघ संस्था र सो संस्थाको प्रतिनिधिलाई महत्त्वपूर्ण व्यवसायिक व्यक्ति (CIP) द्वारा सम्मान गरिएको।<br>• अर्गानिक एसोसिएसन नेपालसँग Memorandum of Understanding गरी निकासीयोग्य प्राङ्गारिक वस्तुहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न २०७६ माघ १७-२० सम्म पाटन संग्राहालयलाई करिब ७५ स्टलमा वस्तुहरूको प्रदर्शनी बिक्री तथा B2B Meeting आयोजना गरी व्यापार मेला सम्पन्न गरिएको।<br>• राष्ट्रियस्तरमा महिलाहरूको लागि माग गरिएबमोजिमका आयआर्जन हुने, आयात प्रतिस्थापन गर्ने तथा निकासी सम्भावना भएका वस्तुहरू विभिन्न प्रकारका प्राकृतिक रेसाजन्य वस्तुहरू जस्तै- अल्लो, काँस, पटेर, खोस्टा, सेनेटरी न्याप्कीन/प्याडको उत्पादन गरी आयात प्रतिस्थापन तथा निकासी प्रवर्द्धन गर्न तालिम कार्यक्रम आयोजना गरी सोसँग सम्बन्धित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | औजारहरू समेत हस्तान्तरण गर्ने कार्य अगाडि बढाइएको।<br>• नेपालमा स्थापित कृषक, लघु, घरेलु तथा साना उद्योग व्यवसायीहरूबाट उत्पादन भएका वस्तुहरुको विदेशमा निकासी नियमित, पारदर्शी र व्यवस्थित बनाउन कृषक, लघु, घरेलु तथा साना व्यवसायीहरूलाई निकासीमा Integration गर्नका लागि Export House को अवधारणा Fair Trade Group (FTG), Nepal सँग सहकार्य गरी विभिन्न निकासीयोग्य वस्तुहरूको प्रचार प्रसार तथा डिजाइन सामाग्रि उत्पादन प्रकाशन र वितरण गर्न Fair Trade Group (FTG) Nepal सँग Memorandum of Understanding गरिएको।<br>• निर्यातजन्य वस्तुहरूको विकासका लागि २५ जनालाई फेल्ट तथा ऊनीजन्य वस्तु विकास, ४० जनालाई रेसमजन्य वस्तु, ३० जनालाई मौलिक कला झल्कने हस्तकलासम्बन्धी, ३० जनालाई फुटवेयर म्यानुफ्याक्चरसम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको। |
| १५२ | चियाको प्रमाणीकरण गर्न अन्तर्राष्ट्रियस्तरको ल्याब स्थापना गरी अर्गानिक अर्थोडक्स चियाको निकासी प्रवर्द्धन गरिनेछ। चियाको आन्तरिक बजार सुनिश्चित गर्न अक्सन हाउस स्थापना गरिनेछ। अर्गानिक तथा तुलनात्मक लाभ बढी भएका वस्तुहरूको निकासी प्रवर्द्धन गरिनेछ। मूल्य अभिवृद्धि गर्ने कृषि, वन तथा खानीजन्य औद्योगिक उत्पादनलाई ब्रान्डिङ्ग गरी निकासी गर्न प्रोत्साहन गरिनेछ। | • नेपाल व्यापार एकीकृत रणनीति (NTIS) ले पहिचान गरेका ८ वटा वस्तुहरू (चिया, अलैंची, अदुवा, गलैंचा, फुटवेयर, जडीबुटी, च्याङ्ग्रा पस्मिना, छाला तथा छालाका सामानहरू) का वस्तुगत संघहरूसँग प्रस्ताव माग गरी Memorandum of Understanding भएको, Enhanced Integrated Facility बाट वित्तीय स्रोत प्राप्त भएको र छिट्टै अक्सन हाउस स्थापना गर्ने कार्य भइरहेको। |
| १५३ | चोभारमा अन्तर्राष्ट्रिय प्रदर्शनी स्थलसहितको सुक्खा बन्दरगाह, रसुवागढीको सुक्खा बन्दरगाह र | • चोभारमा निर्माणाधिन सुक्खा बन्दरगाहको Part A को ४१ प्रतिशत र Part B को ५१ प्रतिशत निर्माण कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | भैरहवा तथा नेपालगञ्जको एकीकृत भन्सार जाँच चौकी निर्माण कार्य शुरू गरिनेछ। मुस्ताङको नेचुङ्ग र ताप्लेजुङ्गको ओलाङचुङगोलामा भन्सारको पूर्वाधार विकास गरिनेछ। तातोपानी नाका सुचारु गरिनेछ र उत्तरतर्फका अन्य व्यापारिक नाकाहरूमा समेत पूर्वाधार विकास गरिनेछ। | • मुस्ताङ्गको नेचुङ्ग र ताप्लेजुङ्गमा एकीकृत जाँच चौकी (ICP) निर्माणको लागि चीन सरकारसँग वार्ता भएको। नेपाल इन्टरमोडल यातायात विकास समितिबाट प्रारम्भिक अध्ययन गराइएको।<br>• विराटनगर एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न भई नेपाल र भारतका सम्माननीय प्रधानमन्त्रीज्यूहरूबाट मिति २०७६।१०।०७ गते भिडियो कन्फेरेन्सबाट संयुक्तरूपमा उद्घाटन भई सञ्चालनमा आएको।<br>• भारतको कोलकातामा Container Freight Station निर्माण सम्पन्न भई सञ्चालनमा आएको।<br>• भैरहवा र नेपालगञ्जमा एकीकृत जाँच चौकी (ICP) निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) गर्ने कार्य सम्पन्न भएको।<br>• नेपालगञ्ज एकीकृत जाँच चौकीको निर्माण गर्ने सिलसिलामा भारतीय पक्षसँग २ पटक समन्वय बैठक भएको।<br>• तातोपानी सुक्खा बन्दरगाह मिति २०७६।३।१३ देखि सञ्चालन आएको। उक्त सुक्खा बन्दरगाह सञ्चालन तथा व्यवस्थापन २ वर्षको लागि नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनीलाई दिइएको।<br>• नोभेम्बर २०, २०१९ देखि औपचारिक रूपमा निर्माण कार्य शुरू भएको रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य हाल ७ प्रतिशत सम्पन्न भएको। |
| १५४ | बढ्दो व्यापार घाटालाई नियन्त्रण गर्न निर्यात प्रवर्द्धनका अतिरिक्त अनावश्यक आयात घटाउन सेफगार्ड, एण्टिडम्पिङ्ग र काउन्टरभेलिङ्ग कानुनको प्रभावकारी कार्यान्वयन गरिनेछ। कृषि आयातमा एन्टिडम्पिङ्ग शुल्क लगाउनु पर्ने वस्तुको पहिचान गरी कार्यान्वयन गरिनेछ। | • सेफगार्ड, एण्टिडम्पिङ्ग र काउन्टरभेलिङ्ग ऐन कार्यान्वयनमा ल्याइएको।<br>• नेपाल गुणस्तर तथा नापतौल विभागबाट प्राविधिक समितिबाट पारित भई पेश भएको २० वस्तुको नेपाल गुणस्तर परिषद्बाट गुणस्तर स्वीकृत भएको, १७ वस्तुको गुणस्तर प्रविधिबाट पारित भई नेपाल गुणस्तर परिषद्मा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | स्वदेशी उत्पादनको नेपाल गुणस्तर सुनिश्चित गरी बजार अनुगमन प्रभावकारी बनाइनेछ। नक्कली गुणस्तर चिन्ह प्रयोग गरी गुणस्तरहीन वस्तु बिक्री वितरण रोक्न प्रभावकारी अनुगमन गरिने। | पेश गर्न सिफारिस भएको, ३४ वस्तुलाई नेपाल गुणस्तर चिन्ह प्रदान गरिएको। ३ सय ७० नमुना सङ्कलन भएको, टेस्टिङ तथा क्यालिब्रेसन प्रयोगशालाहरूको बोलपत्र प्रस्तावहरू प्राप्त भई मूल्याङ्कन भइरहेको, रासायनिक प्रयोगशालाको Accreditation को नवीकरण भइसकेको, अन्तर्राष्ट्रिय मान्यताअनुसारको क्यालिब्रेसन प्रयोगशाला तथा प्रमाणीकरणसम्बन्धी कार्य निरन्तर भइरहेको।<br>• उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा विभिन्न सरोकार निकायका प्रतिनिधिहरू सहभागी भई विश्व व्यापार संङ्गठनका विज्ञ प्रशिक्षकसहितको WTO National Workshop on the Agriculture and SPS Agreements सञ्चालन गरिएको। |
| १५५ | द्विपक्षीय तथा बहुपक्षीय व्यापार सन्धिको पुनरावलोकन, सडक, जल तथा रेल्वे सम्झौताहरूमा समयानुकूल परिमार्जन र नयाँ सम्झौता गरी विश्व बजारमा नेपाली उत्पादनको पहुँच वृद्धि गरिनेछ। नेपाल र चीनबीच भएको व्यापार सम्झौताको पारवहन प्रोटोकललाई अन्तिम रूप दिई चीनको बन्दरगाह मार्फत् तेस्रो मुलुकसँगको व्यापार शुरू गरिनेछ। | • नेपाल-भारत व्यापार सम्झौता द्विपक्षीय सन्धिको पुनरावलोकनसम्बन्धी तेस्रो बैठक सम्पन्न भएको।<br>• नेपाल-भारत रेल सेवा सम्झौता वार्ता सम्पन्न। सन् २०२७ सम्म उक्त सम्झौता नवीकरण भएको।<br>• नेपाल-भारत पारवहन सन्धिमा जलमार्गको नयाँ व्यवस्था समाहित गर्न भारत सहमत भएको।<br>• नेपाल र बंगलादेशका वाणिज्य सचिवहरुको बैठकबाट २ विभिन्न Memorandum of Understanding मा सहमति भएको।<br>• नेपाल-भारत पारवहनसम्बन्धी द्विपक्षीय बैठक सम्पन्न भएको। |
| १५६ | आपूर्ति व्यवस्थामा आकस्मिक अवरोधबाट पर्ने प्रभाव न्यूनीकरण गर्न आपूर्ति एवं भण्डारण प्रणालीलाई प्रभावकारी बनाइनेछ। दुर्गम क्षेत्रमा खाद्यान्न ढुवानी गर्न अनुदानको व्यवस्था | • मोतिहारी-अमलेखगञ्ज पाइपलाइन निर्माण सम्पन्न भई हालसम्म २ लाख ३५ हजार ६ सय ८८ किलो लिटर पेट्रोलियम पदार्थ आपूर्ति भएको।<br>• २०७६ फागुन मसान्तभित्र राष्ट्रिय खाद्य भण्डार र सार्क खाद्य बैङ्कमा जम्मा २१ हजार ८ सय |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिएको छ। सबै प्रकारका कार्टेलिङ्ग र सिन्डिकेट अन्त्य गरी आपूर्ति व्यवस्थालाई प्रतिस्पर्धी बनाइनेछ। उपभोक्ता हित संरक्षण गर्दै बजार अनुगमनलाई प्रभावकारी बनाइनेछ। | ९७ मेट्रिक टन खाद्यान्न मौज्दात रहेको।<br>• सहकारी मार्फत् सहुलियत मूल्यमा खाद्यान्न बिक्री गर्ने कार्यक्रम अन्तर्गत ३८.८ मेट्रिक टन खाद्यान्न बिक्री भएको।<br>• कर्णाली अञ्चलका जिल्लाहरूमा संस्कारका लागि प्रति जन्म वा मृत्युमा निःशुल्क रूपमा २० के.जी. चामल उपलब्ध गराउने कार्यक्रम अन्तर्गत कुल ९२.२ मेट्रिक टन खाद्यान्न उपलब्ध गराइएको।<br>• वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट १ हजार ३ सय ४२ फर्महरूको बजार अनुगमन गरी नियम विपरीत गर्ने ४ सय २३ फर्महरूलाई जरिबाना गरिएको।<br>• १८ वस्तुहरू गुणस्तर परीक्षणका लागि नमुना सङ्कलन गरी परीक्षण ल्यावमा पठाइएको।<br>• उपभोक्ता जागरण कार्यक्रम अन्तर्गत ५२ विद्यालयहरूमा उपभोक्ता जागरण कार्यक्रम सञ्चालन भएको। ३ प्रदेशमा उपभोक्ता जागरण कार्यक्रम सम्पन्न भएको। |
| १५७ | पेट्रोलियम पदार्थको आपूर्ति सहज तुल्याउन निर्माणाधीन अञ्लेखगञ्ज-रक्सौल-मोतिहारी खण्डको पेट्रोलियम पाइप बिछ्याउने कार्य यसै वर्ष सम्पन्न गरी पेट्रोलियम पदार्थको आयातलाई सहजीकरण गरिने। | • अञ्लेखगञ्ज - रक्सौल - मोतिहारी खण्डको पेट्रोलियम पाइप बिछ्याउने कार्य २०७६।०५।२४ गते नेपाल र भारतका सम्माननीय प्रधानमन्त्रीज्यूहरूबाट Video Conference बाट संयुक्त रूपमा उद्घाटन भई सञ्चालनमा आएको। |
| २४७ | औद्योगिक क्षेत्रका रुग्ण सार्वजनिक संस्थान पुनः सञ्चालन गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ। सार्वजनिक संस्थानमा नागरिकको अपनत्व अभिवृद्धि गर्न सार्वजनिक- निजी- सहकारी साझेदारीमा सञ्चालन गरिनेछ। | • हेटौंडा कपडा उद्योग र बुटवल धागो उद्योग पुनः सञ्चालनको लागि Lease Modality तयार गरिएको।<br>• गोरखकाली रबर उद्योगका कर्मचारीहरूको अनिवार्य अवकाश दायित्वको रू.९३ करोड ३८ लाख भुक्तानी गरिसकिएको र प्राविधिक पक्ष समेत विश्लेषण गरी उद्योग सञ्चालनको मोडालिटी तयार भई कार्यान्वयनमा लैजाने गरी कार्ययोजना तयार गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २४८ | राष्ट्रिय पुँजी निर्माणको परिपोषकको रूपमा बाह्य लगानी आकर्षित गर्दै नेपाललाई अन्तर्राष्ट्रिय लगानी गन्तव्यको रूपमा स्थापित गरिनेछ। निजी लगानीकर्ताको व्यावसायिक लागत कम गर्न उद्योग तथा व्यवसाय दर्ता प्रक्रिया, पूर्वाधार निर्माण जग्गा प्राप्ति, कर भुक्तानी, श्रम कानुनको परिपालना तथा विवाद निरूपण प्रणाली सुधार गरिनेछ। बौद्धिक सम्पत्तिको संरक्षण र व्यावसायिक करारको कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। | • २०७६ फागुन सम्ममा २९ अर्ब ८० करोड वैदेशिक लगानी प्रतिबद्धता प्राप्त भएको।<br>• ठूला र मझौला गरी ३ हजार २ वटा उद्योग दर्ता भएका। ५ हजार १ सय ९४ वटा साना उद्योग दर्ता भएका। कुल औद्योगिक लगानी १४१ अर्ब ८० करोड भएको।<br>• Ease of Doing Business मा नेपालको अवस्था सुधार भएको। कम्पनी दर्ता र कम्पनी प्रशासनसम्बन्धी कार्यहरू अनलाइनबाट गर्न शुरू गरिएको। |

## ७. आर्थिक वर्ष २०७६।७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- औद्योगिक व्यवसाय ऐन, २०७६ जारी भएको।
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०७५ संशोधन भएको।
- उपभोक्ता संरक्षण ऐन, २०७५ र उपभोक्ता संरक्षण नियमावली, २०७६ जारी भई कार्यान्वयनमा आएको।
- नेपाल गुणस्तर प्राप्त उद्योगवाट उत्पादित ९४ वस्तुको अनुगमन र ४ सय ५५ वस्तुको नमुना संकलन।
- २ हजार ९ सय ७८ वस्तुको रसायनिक तथा भौतिक जाँच विश्लेषण गरिएको। १ हजार ७५ वस्तुलाई क्यालिब्रेसन सेवा प्रदान गरिएको।
- लगानीमैत्री वातावरण सिर्जना गरी वैदेशिक लगानी वृद्धि गर्ने उद्देश्यसहित एकल विन्दु सेवा केन्द्र सञ्चालनमा ल्याइएको। २०७६ कार्त्तिक ७ गतेबाट लगानीकर्ता सहजीकरण केन्द्र सञ्चालनमा आएको। सो केन्द्रबाट नाफाको रकम फिर्ता लैजाने, भिसा स्वीकृति, PAN दर्ता, Exim Code प्रदान तथा श्रम स्वीकृतिको कार्य भइरहेको।
- कम्पनी दर्ता र कम्पनी प्रशासनका कार्यहरू पूर्ण Automation मा लैजाने गरी कम्पनी रजिस्ट्रारको कार्यालयको वेबसाइटको स्तरोन्नति गरिएको।
- युवा उद्यमीहरूलाई व्यवसाय सञ्चालनको लागि शुरूवाती पुँजी उपलब्ध गराउन कोष सञ्चालनको कार्यविधि तयार गरिएको।
- Startup/Innovative Idea र Boot camp शुरू भएको। जसबाट ७७ जना लाभान्वित भएका।
- उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरी ४७ जना प्रशिक्षकहरू तयार गरिएको।

- आयात निर्यात सहजीकरणको लागि Nepal National Single Window प्रणालीको विकास गर्ने कार्य भइरहेको।
- वाणिज्य विभागमा टोकन प्रणाली प्रयोगमा ल्याइएको, गुनासो संकलनका लागि मोवाइल एप र टोल फ्रि नं. सञ्चालनमा ल्याइएको।
- उपभोक्ता हेल्प डेक्सको व्यवस्था गरिएको। व्यावसायिक फर्महरूको नवीकरण लगायतका कार्यहरूका लागि SMS NOTIFICATION शुरू गरिएको।
- सेफगार्ड, एन्टिडम्पिङ्ग र काउण्टरभेलिङ्ग सम्बन्धमा अनुसन्धान गर्न वाणिज्य तथा उपभोक्ता संरक्षण विभागलाई तोकिएको।
- व्यापार घाटा न्यूनीकरणसम्बन्धी कार्ययोजना कार्यान्वयन गरी अन्य निकायबाट गरिनुपर्ने कार्यको अनुगमन गरिएको।

## ८. आर्थिक वर्ष २०७५।७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**स्वीकृत भई कार्यान्वयनमा आएका कानुन /कार्यविधि/निर्देशिकाहरू**

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५,
- विशेष आर्थिक क्षेत्र (संशोधन) ऐन, २०७५,
- औद्योगिक व्यवसाय नियमावली, २०७५,
- औद्यगिक ग्रामको स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७५,
- एकल बिन्दु सेवा केन्द्रको खाका, २०७५,
- गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम कार्यान्वयन निर्देशिका (संशोधन), २०७५,
- निर्यातमा अनुदान प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७५ र पहिलो संशोधन, २०७६,
- व्यापार घाटा न्यूनीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना,२०७६
- नेपाल इन्टरमोडल यातायात वि.स. गठन (पहिलो संशोधन) आदेश, २०७५ जारी गरिएको।

**उद्योगतर्फ**

- सुर्खेत र धनकुटामा निर्माणाधीन उद्योग ग्राम प्रदेश सरकारलाई हस्तान्तरण गरिएको।
- उद्योग विभाग परिसरमा एकल विन्दु सेवा केन्द्र मिति २०७६/०२/०१ बाट सञ्चालनमा आएको,
- स्टार्टअप तथा ग्रामीण व्यवसाय प्रवर्द्धन कार्यक्रमबाट ५५ व्यवसाय शुरू गरिएको। यसबाट ३ सय ६० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरी लाभान्वित भएका।
- जनकपुर चुरोट कारखानाका कर्मचारीहरूको दायित्व फरफारक गरिएको।
- जिल्ला घरेलु तथा साना उद्योग कार्यालयहरू (जम्मा २७) र जिल्ला घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयहरू सम्बन्धित प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहने गरी हस्तान्तरण गरिएको।
- आर्थिक समृद्धिका लागि उद्योग खोलौं, औद्योगीकरणका लागि सबै जुटौं भन्ने मुल नाराका साथ उद्योग विभागको आयोजना तथा नेपाल घरेलु तथा साना उद्योग महासंघको सहआयोजनामा मिति

२०७६/०२/२२ देखि २६ गते सम्म ३० औं राष्ट्रिय लघु, घरेलु तथा साना औद्योगिक प्रदर्शनी-२०७६ सम्पन्न गरिएको।

- सिमेन्ट उद्योगको Detail Study (प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) सम्बन्धमा परामर्शदाता छनौट भई अध्ययन कार्य भएको।
- उद्योग प्रवर्द्धन र व्यवसाय सम्बर्द्धन सम्बन्धी अभिमुखीकरण तालिम धुलिखेल, पोखरा, वीरगञ्ज र हेटौंडामा सम्पन्न भएको, व्यवसाय सम्बर्द्धन कार्यक्रम (Business Incubation Program) सम्बन्धी जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको।
- कम्पनी रजिष्ट्रारको कार्यालयमा राजस्व सङ्कलनमा एक लाखसम्मको भुक्तानी विद्युतीय माध्यमबाट गर्न सकिने व्यवस्था गरिएको।
- औद्योगिक क्षेत्र घोषणा भइसकेका रूपन्देहीको मोतिपुर, मकवानपुरको मयुरधाप, कञ्चनपुरको दैजी, चितवनको शक्तिखोर र बाँकेको नौवस्तामा विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत भएको।
- भैरहवा विशेष आर्थिक क्षेत्र निर्माण सम्पन गरी सोमा १ उद्योगको परीक्षण उत्पादन शुरू गरेको, ३ उद्योगको भवन निर्माण कार्य सम्पन्न भएको।
- सिमरा विशेष आर्थिक क्षेत्रभित्रको Block A मा निर्माणाधिन गार्मेन्ट प्रशोधन क्षेत्रको निर्माण कार्य भइरहेको।
- मह, पश्मिना धागो, प्लाईउड, अर्गनिक ग्रीन कफी, हेल्मेट, वाटरमिटर, जस्तापाता, पिपिआर पाइप, नेपाली हाते कागज, इन्डक्शन चुलो, हटप्लेट, सिमेन्ट, कस्मेटिक सामग्री, सिपिभिसी पाइप, डिजेल, पेट्रोल, मट्टीतेल, रेफ्रीजिरेशन तथा हिटपम्प लगायत यस विषयसँग सम्बन्धित ५० वस्तुको नेपाल गुणस्तर स्वीकृत गरिएको।
- यस पूर्व नेपाल गुणस्तरबमोजिम ३३ ग्रेडको सिमेन्ट मात्र रहेकोमा परिमार्जन गरी ३३, ४३ र ५३ ग्रेडको सिमेन्टको नेपाल गुणस्तर तयार गरिएको।
- पेट्रोलियम पदार्थ बोक्ने ट्यांकट्रकमा इन्धनको परिमाण मापन एवं परिमाणसम्बन्धी अनियमितता रोक्न हेटौंडामा दैनिक १५ ट्यांकट्रक क्यालिब्रेशन क्षमताको पूर्वाधार निर्माण गरी सञ्चालन गरिएको।
- ISO/IEC 17025 को अनुसार विभागको परीक्षण र Mass, Volume, Temperature क्यालिब्रेशन प्रयोगशालाहरू, वस्तु प्रमाणीकरण एवं व्यवस्थापन प्रमाणीकरण सेवा भारतको एक्रीडीटेशन सम्बन्धी बोर्ड NABL र NABCB बाट एक्रीडीटेशनको नवीकरण एवं विस्तार गरिएको।
- धौवादी फलाम खानी १३ सय के.जी. (३६%-Fe-Content) नमुना परीक्षणबाट व्यावसायिक रूपमा उपयोग हुन सक्ने एकीन भई प्रतिवेदन प्राप्त भएको, Sichuan Institute of Metallurgical, Geology and Exploration, Chengdu , China को प्राविधिक टोली तथा विभागीय प्राविधिक टोलीद्वारा संयुक्त रूपमा फलाम खानीको थप अध्ययन तथा निरीक्षण कार्य सम्पन्न, फेला परेको फलामको दुई चरणको नमुना परीक्षण उत्साहजनक देखिएको| सोको औद्योगिक परीक्षणको लागि थप ५ टन सङ्कलन गरी सो Institute मा पठाउन तयारी अवस्थामा रहेको।
- नेपालमा उपलब्ध रहेका किमती पत्थर तथा खानीबाट सङ्कलित पत्थरहरूको प्रशोधन तथा प्रशोधित वस्तुहरूको प्रवर्धन गर्न जेम्स एण्ड ज्वेलरी एक्स्पो, २०७६ (जेष्ठ ३-५) सम्म आयोजना गरिएको।

**वाणिज्य तथा आपूर्तितर्फ**

- नेपाल-चीन पारवहन ढुवानी सम्झौताको तेस्रो परामर्श बैठक (५-६ सेप्टेम्बर २०१८) काठमाडौं र नेपाल तिब्बत व्यापार सहजीकरण समितिको बैठक ल्हासा २-४ जुलाई २०१९ मा भएको।
- २९ मे २०१९ मा सम्माननीय राष्ट्रपतिको चीन भ्रमणको अवसरमा पारवहन ढुवानी सम्झौताको प्रोटोकलमा परराष्ट्र, मन्त्रीस्तरमा हस्तान्तरण भएको।
- नेपाल-भारत व्यापार सन्धिको विस्तृत पुनरावलोकनको पहिलो बैठक (९ अगष्ट २०१८ नयाँ दिल्ली) र (७-८ फेब्रुअरी २०१९) पोखरामा सम्पन भएको।
- नेपाल-भारत पारवहन सन्धि संशोधनका विषयमा बैठक (१८-१९ मार्च २०१९) नयाँ दिल्लीमा सम्पन्न भएको।
- नेपाल-भारत रेल सेवा सम्झौताको पुनरावलोकनको तेस्रो बैठक (६-७ जुन २०१९) नयाँ दिल्लीमा सम्पन्न भएको।
- नेपाल र म्यानमारबीच ३० नोभेम्बर २०१८ मा व्यापार र लगानीसम्बन्धी सम्झौता भएको।
- नेपाल र भियतनामबीच १३ मे २०१९ मा Trade and Investment Framework Agreement को निमित्त आशयपत्रमा हस्ताक्षर भएको।
- नेपाल र कम्बोडियाबीच १३ मे २०१९ मा Trade and Investment Framework Agreement मा हस्ताक्षर भएको।
- काठमाडौंमा 24-25 June 2019 मा SAARC-ADB Fourth Special Meeting on Regional Economic Integration Study (Phase-II) held on सम्पन्न भएको।
- रसुवाको टिमुरेमा चीन सरकारको आर्थिक एवं प्राविधिक सहयोगमा निर्माण हुने सुक्खा बन्दरगाहको लागि चीन सरकारको तर्फबाट Tibet Foil Construction Group Co. Ltd. नामक निर्माणकर्ता कम्पनी नियुक्त भई उक्त निर्माण कम्पनी र नेपाल इन्टरमोडल यातायात विकास समिति बीच मे १२, २०१९ मा Implementation Minutes मा हस्ताक्षर भई कार्य शुरू भइसकेको।
- चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सिन्धुपाल्चोकको लार्चामा सुक्खा बन्दरगाह निर्माण सम्पन्न भई तातोपानी नाका खुलेको।
- मुस्ताङको नेचुङ नाकाको वस्तुस्थिति र व्यापारिक सम्भाव्यता अध्ययन सम्पन्न भएको।
- चोभारमा कन्टेनर फ्रेट स्टेसन (सुक्खा बन्दरगाह) निर्माण कार्य २० प्रतिशत सम्पन्न भएको।
- वीरगञ्ज सुक्खा बन्दरगाहमा रेल्वे ट्र्याक स्थानान्तरण सम्बन्धमा भारतको प्राविधिक सहयोगको लागि मन्त्रालय मार्फत् भारतीय दुतावासमा अनुरोध गरिएको, साथै गोदाम घर निर्माण कार्य हालसम्म ९८ प्रतिशत सम्पन्न भएको।
- कलकत्ता बन्दरगाहमा Pilot Basis मा Electronic Cargo Tracking System (ECTS) परीक्षणको रूपमा लागु गरिएको।
- निर्यात हुने वस्तुको गुणस्तर परीक्षणका लागि हरिहरभवनमा Plant Diagnostic Reference प्रयोगशालाको स्थापना गर्ने कार्यका लागि ल्याव भवनको संरचना निर्माण कार्य भइरहेको।
- नेपाली निर्यातयोग्य वस्तुहरूको प्रचार प्रसार गरी निर्यात प्रवर्द्धन गर्न अमेरिकाको लास भेगास र न्यूयोर्क, चीनको संघाई, जापानको टोकियो, जर्मनीको डोमेटेक्स, भारतको नयाँ दिल्ली, वङ्गलादेशको

ढाका, ईटलीको मिलान र चीनको ल्हासामा नेपाल चीन तिब्बत आर्थिक व्यापार मेलामा उद्यमी व्यवसायीहरूको छनौट तथा सहभागिता भएको।

- मेला अवधिमा अमेरिकाको लास भेगास र न्यूयोर्क (६ वटा B2B), चीनको संघाई (१०० वटा B2B), जापानको टोकियो (३६ वटा B2B), जर्मनीको डोमेटेक्स (५५ वटा B2B), भारतको नयाँ दिल्ली (५० वटा B2B), वङ्गलादेशको ढाका (१०० वटा B2B), चीनको ग्वाङ्झाओ (४० वटा भन्दा बढी B2B), ईटलीको मिलान (करिब २० जना व्यवसायीहरू संग B2B) र चीनको ल्हासामा नेपाल चीन तिब्बत आर्थिक व्यापार मेलामा उधमी व्यवसायीहरूलाई सहभागी गराई B2B बैठकका साथ व्यापार मेला सम्पन्न भएको।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट ५२ हजार ३ सय ३१ आयात इजाजत जारी गरिएको, ६६ हजार ६ सय ५८ फर्महरूलाई सेवा प्रवाह गरेको र १ हजार ६ सय ६१ वटा बजार अनुगमन गरी १ सय ६१ फर्महरुलाई जरिवाना गरिएको।
- लक्षित वर्गका जनताले सहुलियत मूल्यमा खाद्यान्न खरिद गर्ने अवसर प्रदान गर्नका सातवटै प्रदेशमा सहकारी मार्फत् निजी क्षेत्र समेतको सहभागितामा सुपथ मूल्य पसल सञ्चालन भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २६३६२७ | २४१९४७ | ९१.७८ |
| ३०७०१२३ | उद्योग विभाग | ८१०३२८ | ७९७५५४ | ९८.४२ |
| ३०७०१३३ | खानी तथा भूगर्भ विभाग | ७९८०० | ६९८८९ | ८७.५८ |
| ३०७०१५३ | केन्द्रीय कारागार कारखाना | ९३०० | ३५८९ | ३८.६ |
| ३०७०१६३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६४२७८ | ५८९६० | ९१.७३ |
| ३०७०१७३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ८३३०० | ५१६५३ | ६२.०१ |
| ३०७०१८३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४८१२८ | ३१२३९ | ६४.९१ |
| ३०७०१९३ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १३९८०० | १३९८०० | १०० |
| ३०७०२१३ | खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान) | ५७६००० | ५७६००० | १०० |
| ३०७०२२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ६५५०० | ४६५५८ | ७१.०८ |
| ३०७०२३३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ३८२०० | २९६३५ | ७७.५८ |
| ३०७१०२३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९६०० | ७१५९ | ७४.५७ |
| ३०७१०३३ | पेट्रोलियम अन्वेषण परियोजना | ७२०० | ६५४५ | ९०.९ |
| ३०७१०४३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १५५०० | १४०९१ | ९०.९१ |
| ३०७१०५३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १४९०० | १३५५४ | ९०.९७ |
| ३०७१०८३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र | २३००० | १७०७९ | ७४.२६ |
| ३०७१०९३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | १४०५० | ९३१९ | ६६.३३ |
| ३०७११६३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग | १५९५०० | १५९५०० | १०० |
| ३०७११७३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय | ६८०३० | ५५८२५ | ८२.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७११८३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ११५००० | ८३८०९ | ७२.८८ |
| ३०७११९३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | ८७८०० | ३९१५९ | ४४.६ |
| | **जम्मा** | **२६९२८४१** | **२४५२८६५** | **९१.०९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५८७४०० | ५८७३३४ | ९९.९९ |
| ३०७०१२४ | उद्योग विभाग | १६४३१५ | १२२७९० | ७४.७३ |
| ३०७०१३४ | खानी तथा भूगर्भ विभाग | २८७०० | १४३८९ | ५०.१४ |
| ३०७०१४४ | घरेलु तथा साना उद्योग विभाग | ० | ० | ० |
| ३०७०१५४ | केन्द्रीय कारागार कारखाना | ५१९७ | ५१९७ | १००.०० |
| ३०७०१६४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २५५०० | २५०९४ | ९८.४१ |
| ३०७०१७४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | २७४०० | २४६२५ | ८९.८७ |
| ३०७०१८४ | कम्पनी रजिष्ट्रारको कार्यालय | ५५००८ | ५१३५४ | ९३.३६ |
| ३०७०१९४ | सैनिक सामग्री उत्पादन निर्देशानलय | २१५००० | २०८६४७ | ९७.०५ |
| ३०७०२२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | १७३५० | ६५७० | ३७.८७ |
| ३०७०२३४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | २१०० | २०७१ | ९८.६४ |
| ३०७१०२४ | खनिज अन्वेषण तथा विकास आयोजना | १०१५०० | ६२८७६ | ६१.९५ |
| ३०७१०३४ | पेट्रोलियम अन्वेषण परियोजना | ६९०० | २३७६ | ३४.४४ |
| ३०७१०४४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १६१०० | ९१३२ | ५६.७२ |
| ३०७१०५४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ७०० | ४९४ | ७०.५८ |
| ३०७१०८४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक | २२४६५६८ | ११५७५४५ | ५१.५३ |
| ३०७१०९४ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ४५० | ४३९ | ९७.४९ |
| ३०७११७४ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना-बहुपक्षीय | ७३०० | ० | ०.०० |
| ३०७११८४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३८०० | ३५७७ | ९४.१४ |
| ३०७११९४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १४०३००० | ३५१८९३ | २५.०८ |
| | **जम्मा** | **४९१४२८८** | **२६३६४०५** | **५३.६५** |

## १०.आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्था:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १३०७२३ | ८०४५८ | ६१.५५ |
| ३०७०००१२३ | केन्द्रीय कारागार कारखाना | १०४०० | २७६८ | २६.६१ |
| ३०७०००१३३ | सैनिक सामग्री उत्पादन निर्देशानलय | १४२७०० | २११७३ | १४.८४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००१४३ | खाद्यान्न ढुवानी कार्यक्रम (नेपाल खाद्य संस्थान) | ५८७५०० | ३९०५२४ | ६६.४७ |
| ३०७००१०१३ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | २३६०० | ११४३२ | ४८.४४ |
| ३०७००१०२३ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | २२५०० | १०६६३ | ४७.३९ |
| ३०७००१०३३ | कण्ठरोग नियन्त्रण कार्यक्रम (नेपाल साल्ट ट्रेडिङ्ग लिमिटेड) | १७९२५० | १२९२९८ | ७२.१३ |
| ३०७००१०४३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ४१३०० | १६८५८ | ४०.८२ |
| ३०७००१०५३ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन आयोजना | १३२३०० | १८५६३ | १४.०३ |
| ३०७००१०९३ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | १३७३२१३ | १७१८९६ | १२.५२ |
| ३०७०१०११३ | उद्योग विभाग | ७३४६०० | ३२९९५७ | ४४.९२ |
| ३०७०२०११३ | खानी तथा भूगर्भ विभाग | ९१७०० | ५६५३१ | ६१.६५ |
| ३०७०२१०१३ | खनिज अन्वेषण तथा विकास आयोजना | ९२०० | ४४१५ | ४७.९९ |
| ३०७०२१०२३ | पेट्रोलियम अन्वेषण परियोजना | १०३१८ | ५८५६ | ५६.७६ |
| ३०७०२१०३३ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १०८०० | ३९४६ | ३६.५४ |
| ३०७०३०११३ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ६९७०० | ४२१०९ | ६०.४१ |
| ३०७०३०१२३ | गुणस्तर तथा नापतौल कार्यालयहरू | ८०७०० | ३४०४५ | ४२.१९ |
| ३०७०४०११३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ४५७०० | २४०६९ | ५२.६७ |
| ३०७०५०११३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ६६८२० | ३०८०७ | ४६.१ |
| ३०७०५०१२३ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरू | ३८२०० | १९६२४ | ५१.३७ |
| ३०७६१०११३ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | १५१०० | ९९५७ | ६५.९४ |
| ३०७८१०११३ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | १०४७०० | ४५२१२ | ४३.१८ |
| ३०७८१०१३३ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ५४५०० | १७४६३ | ३२.०४ |
| ३०७८१०१४३ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ० | ० | ० |
| | **जम्मा** | **३९७५५२४** | **१४७७६२** | **३७.१७** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०००११४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १०८०० | ३३८९ | ३१.३८ |
| ३०७०००१२४ | केन्द्रीय कारागार कारखाना | १५०० | ११३९ | ७५.९३ |
| ३०७०००१३४ | सैनिक सामग्री उत्पादन निर्देशानलय | २३६६०० | ४०२० | १.७ |
| ३०७००१०१४ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १७६४७०० | ४८९९२४ | २७.७६ |
| ३०७००१०५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा पारवहन | ३०२६३०० | ३२९८४४ | १०.९ |
| ३०७००१०९४ | ग्रामीण उद्यम तथा विप्रेषण परियोजन (समृद्धि) | ३८४८७ | ३९२९ | १०.२१ |
| ३०७०१०११४ | उद्योग विभाग | ९२५०० | १७५५९ | १८.९८ |
| ३०७०२०११४ | खानी तथा भूगर्भ विभाग | २६७०० | ४८१८ | १८.०५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०७०२१०१४ | खनिज अन्वेषण तथा विकास आयोजना | ६४१५० | २४१४२ | ३७.६३ |
| ३०७०२१०२४ | पेट्रोलियम अन्वेषण परियोजना | १०२७५ | २३९० | २३.२६ |
| ३०७०२१०३४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | १६७०० | ६३०३ | ३७.७४ |
| ३०७०३०११४ | नेपाल गुणस्तर तथा नापतौल विभाग | २२२०० | ६२६ | २.८२ |
| ३०७०३०१२४ | गुणस्तर तथा नापतौल कार्यालयहरू | २६५०० | ११९५१ | ४५.१ |
| ३०७०४०११४ | कम्पनी रजिष्ट्रारको कार्यालय | १४४०० | ४५९९ | ३१.९४ |
| ३०७०५०११४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग | ११७०० | ५४१ | ४.६२ |
| ३०७०५०१२४ | वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण | १९०० | १३७१ | ७२.१५ |
| ३०७६१०११४ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ५०० | ११० | २२.०४ |
| ३०७८१०११४ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ८५०० | ५८३ | ६.८६ |
| ३०७८१०१३४ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ३००० | १६३९ | ५४.६५ |
| ३०७८१०१४४ | घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्र | ५०६०० | ० | ० |
| | **जम्मा** | **५४२८०१२** | **९०८८७७** | **१६.७४** |

◆ ◆ ◆

# ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

## १. पृष्ठभूमिः

ऊर्जा, जलस्रोत तथा सिँचाइको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन गर्न तथा ऊर्जा, जलस्रोत तथा सिँचाइसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास गर्न साविकको ऊर्जा मन्त्रालय र सिँचाइ मन्त्रालय तथा सो मातहतका निकायहरूका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय गठन भएको हो। जलस्रोतको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड तथा जलस्रोत, ऊर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकासका साथै वैकल्पिक ऊर्जा प्रवर्द्धन र जल तथा मौसम विज्ञानसम्बन्धी कार्य यस मन्त्रालयको प्रमुख कार्यक्षेत्र रहेका छन्।

## २. दीर्घकालीन सोचः

- जलविद्युत्को दिगो र भरपर्दो विकास मार्फत मुलुकको समृद्धिमा योगदान पुर्‍याउने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको प्रवर्द्धन, विस्तार र दक्षता मार्फत आधुनिक ऊर्जाको दिगो विकास गर्ने,
- दिगो एवं भरपर्दो सिँचाइ सुविधा उपलब्ध गराई कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा योगदान पुर्‍याउने,
- जल उत्पन्न प्रकोपबाट सिर्जित मानवीय, भौतिक तथा आर्थिक हानि-नोक्सानीलाई उपयुक्त प्रविधिको माध्यमबाट जोखिम न्यूनीकरण गर्नुका साथै रोजगारी सिर्जना गरी गरिबी निवारणमा सहयोग पुर्‍याउने,
- विश्वसनीय र भरपर्दो जल तथा मौसम सेवा मार्फत हवाई उड्डयन, जलस्रोत, कृषि, पर्यटन, स्वास्थ्य लगायतका क्षेत्रको दिगो विकास एवं जलवायु अनुकुलन समाजको निर्माण गर्ने।

## ३. उद्देश्यः

- जलविद्युत्को उत्पादनमा वृद्धि गर्दै स्वच्छ ऊर्जाको उपलब्धता सुनिश्चित गर्ने,
- ऊर्जा दक्षतासहित गुणस्तरयुक्त, भरपर्दो र सुलभ रूपमा सबै घर परिवार र उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा विस्तार गरी विद्युत खपतमा वृद्धि गर्ने,
- क्षेत्रीय ऊर्जा निर्यात व्यापार अभिवृद्धि र पेट्रोलियम पदार्थको आयात क्रमशः प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकूल बनाउन योगदान पुर्‍याउने,
- राष्ट्रिय प्रसारण प्रणालीको पहुँच बाहिरका क्षेत्रमा समेत वातावरणमैत्री, दिगो, भरपर्दो, सर्वसुलभ, किफायती र गुणस्तरीय आधुनिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- ऊर्जाको दक्ष उपयोगबाट ऊर्जा खपत घनत्व घटाई उत्पादकत्व बढाउने,
- जलस्रोतको बहुआयामिक तथा समन्यायिक उपयोगमार्फत आर्थिक, सामाजिक र वातावरणीय क्षेत्रको विकास गर्ने,
- जलाधार व्यवस्थापन तथा जलउत्पन्न विपद् न्यूनीकरण एवं व्यवस्थापनबाट आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्ने,

- जल तथा मौसम सेवालाई समयानुकूल विकास र विस्तार गर्न आवश्यक नीति निर्माण तथा संरचनागत सुधार गरी जल तथा मौसमजन्य बहुप्रकोपको भरपर्दो पूर्वानुमान तथा पूर्वसूचना प्रवाहबाट नागरिकको जीउधनको सुरक्षा गर्ने,
- उपयुक्त प्रविधिमार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने,
- ठूला, जलाशययुक्त तथा जलस्थानान्तरण बहुउद्देश्यीय आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षैभरि भरपर्दो रूपमा सिँचाइ सुविधा उपलब्ध गराउने,
- सम्पन्न सिँचाइ प्रणालीको मर्मतसम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दिगोपन बढाउने,

## ४. रणनीतिः

- जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी आकर्षण गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- आन्तरिक र अन्तरदेशीय विद्युत प्रसारणलाई सुदृढ तथा विस्तार गरी विद्युत आपूर्ति प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउने,
- ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाउने तथा विद्युत पहुँच वृद्धि गरी खपत बढाउने,
- जलविद्युत उत्पादन सहित सबै प्रकारका ऊर्जाको समिश्रण र क्षेत्रीय ऊर्जा व्यापारको माध्यमबाट ऊर्जा सुरक्षा कायम गर्ने,
- जलविद्युत क्षेत्रको संस्थागत संरचनाको सुदृढीकरण गर्ने,
- जलविद्युतमा आन्तरिक एवं बाह्य क्षेत्रको लगानी वृद्धि गरी विद्युत उत्पादनमा वृद्धि गर्ने,
- वैकल्पिक/नवीकरणीय ऊर्जाको विस्तार गरी ऊर्जा आपूर्ति प्रणालीको महत्वपूर्ण अंशको रूपमा विकास र बहुउपयोग प्रवर्द्धन गर्ने,
- प्रदेश र स्थानीय तहमा सरोकारवालासँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्राथमिकता दिँदै आधुनिक, भरपर्दो र पर्याप्त ऊर्जा सेवा उपलब्ध नभएका क्षेत्रसम्म वैकल्पिक ऊर्जाको पहुँच वृद्धि गर्ने,
- नवीनतम्, दिगो तथा ऊर्जा दक्ष प्रविधिहरूको प्रयोगमा जोड दिने,
- वैकल्पिक ऊर्जाको क्षेत्रमा बैङ्किङ तथा वित्तीय क्षेत्रको संलग्नता वृद्धि गर्ने तथा बैकल्पिक ऊर्जा प्रविधिहरूलाई उपयुक्त कार्बन परियोजना तथा कार्यक्रमको रूपमा विकास गरी अन्तर्राष्ट्रिय कार्बन बजारको साथै आन्तरिक कार्बन बजार संयन्त्र स्थापना गर्ने,
- कृषि तथा पशुपन्छी पालनमा संलग्न कृषक, व्यावसायिक समूह, फार्म र सहकारी संघ संस्था समेतको सहकार्यमा ठूला क्षमताका बायोग्याँस प्लान्ट स्थापना गरी एल.पी. ग्यासको प्रयोगलाई न्यूनीकरण गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्ने,
- सिँचाइ विकासको गुरूयोजना र कृषि विकास रणनीतिअनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिँचाइ योजनाहरूको विकास एवं विस्तार गर्ने,
- नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गर्नुका साथै सिँचाइ दक्षता वृद्धि गर्ने,

- संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा सिँचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिँचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देश्यीय, अन्तर जलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने,
- भूमिगत सिँचाइ योजनाको विस्तारसहित उपयोगमा जोड दिने,
- सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोतसहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने,
- नीतिगत सुधार एवं विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने,
- जलस्रोतको बहुआयामिक तथा समन्वयात्मक विकासको लागि नीतिगत तथा संरचनागत सुधार गर्ने,
- अन्तरदेशीय नदीको द्विपक्षीय लाभ हुने गरी व्यवस्थापनमा जोड दिने,
- जलस्रोतसम्बन्धी अनुसन्धान र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास र विभिन्न अनुसन्धानमूलक संस्था र विश्वविद्यालयसँग सहकार्य गर्दै यस क्षेत्रको अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी बनाउने,
- जलाधार व्यवस्थापनलाई प्रभावकारी बनाउनुको साथै बाढी पहिरोजन्य विपद्को दिगो एवं भरपर्दो व्यवस्थापनका लागि संरचनागत तथा गैरसंरचनागत प्रविधिको उपयोग र जनचेतना अभिवृद्धिको कार्य गर्ने,
- विश्व मौसम संगठनको मापदण्ड अनुसारको भरपर्दो, विश्वसनीय, गुणस्तरीय जल तथा मौसम विज्ञान सेवा उपलब्ध गराउन नीति तथा कानून निर्माण गर्ने,
- जल तथा मौसम मापन केन्द्रलाई क्रमशः नवीनतम् प्रविधिसहितको आधुनिक स्वचालित केन्द्रमा रूपान्तरण र आवश्यकताअनुसार विस्तार गर्ने,
- नदी बेसिन योजनाबमोजिम विकासका पूर्वाधारहरूको लागि जल उपलब्धतामा हुने भिन्नता, बेसिनहरूको पानीको सन्तुलन, थेग्रान अध्ययन तथा आकलन गर्ने,
- मौसम तथा जल प्रवाहको भरपर्दो तथा गुणस्तरीय पूर्वानुमान गर्ने,
- विपद् जोखिम न्यूनीकरणसम्बन्धी सेन्डाई फ्रेमवर्कले तय गरेअनुरूप विभिन्न संघ-संस्थासँग समन्वय गरी जल तथा मौसमजन्य बहु-प्रकोप पूर्वसूचना प्रणालीको विकास गर्ने,
- विश्व मौसम संगठन, जलवायु परिवर्तनसम्बन्धी अन्तर सरकारी निकाय, अन्तर्राष्ट्रिय हवाई उड्डयन सङ्गठन र अन्य सरोकारवाला संघ-संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार छन् :

- जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड र नियमन,
- सिँचाइसम्बन्धी एकीकृत नीति, कानुन, मापदण्ड,
- नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन,
- जलस्रोत, ऊर्जा, सिँचाइ र भूमिगत जलस्रोतसम्बन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास,

- प्रमुख नदीहरूको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- जलस्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन,
- जलस्रोत ऊर्जा र सिँचाइ क्षेत्रसँग सम्बन्धित निकायहरूसँगको समन्वय,
- सङ्घीय र अन्तर प्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
- सङ्घीय र अन्तर प्रादेशिक सिँचाइ र अन्तर प्रदेश जल उत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
- जलस्रोत, ऊर्जा र सिँचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरूको पुनर्वास र पुनर्स्थापना,
- सङ्घीय र अन्तरप्रदेश सिँचाइ प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड र कार्यन्वयन,
- प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग,
- जलस्रोत, ऊर्जा र सिँचाइसम्बन्धी तथ्याङ्क व्यवस्थापन, अध्ययन अनुसन्धान,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापारसम्बन्धी नीति, कानुन, मापदण्ड, सन्धिसम्झौता-, कार्यान्वयन र नियमन,
- राष्ट्रिय महत्त्वका बहुउद्देश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण,
- विद्युत सेवाको मापदण्ड, गुणस्तर र महसुलसम्बन्धी नीति र नियमन,
- विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र सञ्चालन,
- नवीकरणीय र वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड,
- विद्युत विकासमा लगानी,
- जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति, कानुन, मापदण्ड, तथ्याङ्क, योजना, कार्यान्वयन र नियमन,
- मौसम तथा बाढी पूर्वानुमान,
- विपद् पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण,
- जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदान प्रदान,
- जल तथा मौसमी राडार, रेडियोसोन्डे, चटयाङ नेटवर्क, सौर्य विकिरण केन्द्रहरूको व्यवस्थापन र सूचना प्रवाह,
- हिमनदी तथा हिमताल,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनीको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा अन्तर्गत देहायका समूह, उपसमूहको सञ्चालन :-
  - क. इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह,
  - ख. मेकानिकल इन्जिनियरिङ्ग समूह,
  - ग. मेटोरियोलजी समूह,
  - घ. एगृ इरिगेशन इन्जिनियरिङ्ग समूह,
  - ङ. सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन,हाइड्रो-पावर र हाइड्रोलोजी उपसमूह।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १०९ | कृषियोग्य जमिनमा दिगो एवं भरपर्दो सिँचाई सुविधा पुऱ्याउन सिँचाइ आयोजनाहरूको विकास निर्माणलाई तीव्रता दिएको। कृषिका सुपर जोन, जोन, पकेट र ब्लकहरूमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याइनेछ। | आ.व. २०७५/७६ को अन्तसम्ममा कुल १४ लाख ७६ हजार ७ सय ३१ हेक्टर जमिनमा दिगो भरपर्दो सिँचाइ सुविधा पुगेकोमा चालु आ.व. मा थप खेतीयोग्य जमिनमा सिँचाइ सुविधा पुऱ्याउन क्रमागत बहुउद्देशीय-ठूला तथा बृहत् र मझौला सिँचाइ विभिन्न आयोजनाहरूको बहुवर्षीय ठेक्का व्यवस्थापन भई निर्माण कार्य भइरहेको।<br>**<u>महाकाली सिँचाइ आयोजना</u>**<br>• ८ हेक्टर जग्गाको मुआब्जा वितरण तथा लगत कट्टी भई हालसम्म ६.७ हेक्टर जमिनको रु. ४ करोड २० लाख ९८ हजार मुआब्जा भुक्तानी भएको।<br>• २.२० कि.मि. मुल नहर निर्माण भएको।<br>• १० वटा नहर संरचनाको निर्माण सम्पन्न भई ६ वटा संरचना निर्माणाधीन रहेको।<br>**<u>प्रगन्ना तथा बडकापथ सिँचाइ आयोजना</u>**<br>• मुल नहर निर्माणः ७०० मिटर मुल नहरमा माटोको कार्य सम्पन्न, ९० मिटर नहर लाइनिङ्ग, ३ गोटा संरचनाहरू (एक्विडक्ट, सुपरप्यासेज, VRB तथा ईस्केप) निर्माणको क्रममा रहेको।<br>• इन्टेकमा गेट जडान कार्यः HR , CR मा Channel Installation को कार्य भइसकेको तथा अन्य Fabrication को कार्य सम्पन्न भई निर्माण स्थलमा आइसकेको।<br>**<u>बागमती सिँचाइ आयोजना</u>**<br>• विभिन्न स्रोतहरूबाट नहरमा पानी थप गर्ने ६ उपयोजनाहरूमा ३.९ घनमिटर क्षमताको ४६ मिटर लामो syphon निर्माण, २८५ मिटर lining भएको, निर्मित संरचना संरक्षणको लागि २५ मिटर तटबन्ध निर्माण सम्पन्न। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | **पालुङटार कुण्डुटार सिँचाइ आयोजना**<br>• कुन्डुटार मूल नहरमा ६ सय मिटर लाइनिङ्ग गर्न ३ सय २४ मिटर नहर खन्ने कार्य भई २ सय ९४ मिटरमा कभर क्यानल निर्माण भएको।<br>• पालुङ्गटार सिँचाइ योजनाको वातावरणीय प्रभाव मूल्याङ्कन भई योजनाको DPR तयार भएको।<br>**बृहत दाङ उपत्यका सिँचाइ आयोजना**<br>• १२ लिफ्ट सिँचाइको निर्माण सम्पन्न।<br>• २ सतह सिंचाइ पुनर्स्थापनाको लागि DPR तयार भई ठेक्काको प्रक्रियामा रहेको। |
| ११० | जलस्रोतका बहुउद्देश्यीय आयोजनाहरू विकासमा प्राथमिकता दिई खानेपानी, सिँचाइ, विद्युत, नदी नियन्त्रण र वातावरण प्रवर्द्धन पक्षलाई समेत समेटिनेछ। साना सिँचाइ, टार सिँचाइ, स्यालो ट्युवेल लगायतका साना तथा मझौला आयोजनाहरू प्रदेश तथा स्थानीय तहसँगको लागत सहभागितामा सञ्चालन गरिनेछ। | एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम र भेरी करिडोर सिँचाइ आयोजना केन्द्रबाट तथा अन्य साना सिँचाइ, टार लिफ्ट सिँचाइ, डिप तथा स्यालो ट्युवेल लगायतका साना तथा मझौला आयोजनाहरू प्रदेश तथा स्थानीय तहबाट सञ्चालन भइरहेको।<br>**एकीकृत ऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम**<br>• २ योजनाहरूको निर्माण कार्य भइरहेको।<br>**भेरी कोरिडोर सिँचाइ विकास आयोजना**<br>• ८ लिफ्ट सिँचाइ योजना र ९ सतह सिँचाइ योजना निर्माण तथा पुनर्स्थापनाका लागि खरिद कार्य भएकों।<br>**समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम**<br>• ९० Tubewell को ठेक्का सम्झौता गर्ने तयारीमा रहेको\| |
| १११ | निर्माणाधीन राष्ट्रिय गौरवका रानी जमरा, भेरी बबई डाइभर्सन र बबई आयोजना अघि बढाइनेछ। सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा विकास गरिनेछ। | **भेरी बबई डाइभर्सन आयोजना**<br>• सुरुङ निर्माणको अन्तिम चरणका कार्यहरूका साथै डाईभर्सन संरचना निर्माण कार्य भइरहेको,<br>• हेडवर्क्स तथा पावरहाउसको सिभिल निर्माण कार्य भइरहेको,<br>• हाइड्रो मेकानिकल निर्माण कार्यको बोलपत्र आह्वान भई बोलपत्र मूल्याङ्कनको प्रक्रियामा रहेको,<br>• इलेक्ट्रो मेकानिकल निर्माण कार्यको लागत अनुमान तयार भई बोलपत्र आह्वानको तयारी भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • बाँध स्थलको जलाशययुक्त क्षेत्रको जग्गा प्राप्तिका लागि मूल्य निर्धारण भई मुआब्जा वितरण शुरू गरिएको।<br>**<u>रानी जमरा कुलरिया सिँचाइ आयोजना</u>**<br>• इन्टेकमा ८ वटा गेट जडान गर्ने कार्य सम्पन्न भएको।<br>• पावर हाउसको राफ्ट फाउन्डेशनको कार्य सम्पन्न भई Bypass Channel को कार्य अन्तिम चरणमा, Tail Race को निर्माण सम्पन्न, Slab ढलान सम्पन्न भएको।<br>• ८.५ कि.मि. लम्की शाखा विस्तारका लागि ०.५ कि. मि. माटोको कार्य, ०.७ कि.मि. लाइनिङ सम्पन्न, १ वटा Aqueduct तथा १ वटा अफटेकको निर्माण कार्य भइरहेको र थप १ वटा अफटेक निर्माण सम्पन्न भएको।<br>• २० हेक्टर जग्गा प्राप्तिका लागि मुआब्जा वितरण अन्तिम चरणमा पुगेको, ऐलानी जग्गाको राहत रकम वितरण कार्य भइरहेको।<br>**<u>बबई सिँचाइ आयोजना</u>**<br>• पश्चिम मूल नहरको २६ कि.मि. सम्मको कार्य सम्पन्न, थप २.६३ कि.मि. मा माटोको कार्य तथा Lining सम्पन्न।<br>• २२ कि.मि. शाखा/उपशाखा नहर निर्माणका लागि ८ कि.मि. मा lining कार्य सम्पन्न।<br>**<u>सिक्टा सिँचाइ आयोजना</u>**<br>• पश्चिम मूल नहरको समस्याग्रस्त ६ कि.मि. खण्डको विभिन्न स्थानमा आकस्मिक मर्मत कार्य भइरहेको र प्रवलीकरणका लागि अध्ययन भइरहेको।<br>• पूर्वी मूल नहरको १५.५० कि.मि. नहर, १ कि. मि. नहर Lining र Supper passage, Syphon गरी १२ वटा संरचनाको निर्माण सम्पन्न ।<br>• सिधनिया शाखाको कार्य अन्तिम चरणमा रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • अन्य शाखाको लागि ६ कि.मि. माटोको कार्य, ०.२३ कि.मि. Lining कार्य, Aqueduct, VRB, DUP गरी १२ वटा संरचना निर्माण सम्पन्न।<br>• जग्गा खरिदको लागि १५.७ हे. जग्गाको मुआब्जा वितरण भइसकेको।<br>**सुनकोशी मरिन बहुउद्देश्यीय आयोजना**<br>• वातावरणीय प्रभाव मूल्याङ्कन (EIA Report) स्वीकृत भएको।<br>• Powerhouse site र TBM Inlet Portal Site को जग्गा प्राप्तिका लागि मुआब्जा वितरण सम्पन्न, Headworks Site डुवान क्षेत्रमा पर्ने जग्गाकों लागत लिने कार्य सम्पन्न गरी प्राप्तिको प्रक्रियामा रहेको\|<br>• सुरुङ्ग निर्माणको खरिद कार्यको लागि लागत अनुमान तयार भएको, हेडवर्क्स, Powerhouse तथा Surge shaft को Detailed Engineering Design को कार्य भइरहेको (Field Work कार्य सम्पन्न)। |
| ११२ | सुनसरी-मोरङ्ग तथा नारायणी लिफ्ट सिँचाइ प्रणालीलाई पुनर्स्थापना गर्न, कालीगण्डकी—तिनाउ, तमोर-चिस्याङ, माडी-दाङ, राप्ती- कपिलवस्तु, पश्चिम सेती-कैलाली पाण्डुल डाइभर्सन तथा कन्काई बहुउद्देश्यीय आयोजना लगायतका आयोजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन सम्पन्न गरिनेछ। | **सुनसरी-मोरङ्ग सिँचाइ प्रणाली**<br>• लोहेन्द्रा खोलामा साइफन तथा पुल निर्माणका लागि खरिद कार्यको मूल्याङ्कन हुँदै गरेको,<br>• चतरा व्यारेज निर्माणका लागि विस्तृत अध्ययनको कार्य भइरहेको।<br>**बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण**<br>• कोशी पम्प चन्द्र नहर आयोजनाको सिँचाइ प्रणाली निर्माण, पुनर्निर्माण तथा सिञ्चित क्षेत्र र संरचना बचावटको कार्य भएको,<br>• कमला सिँचाइ प्रणालीमा विभिन्न स्थानहरूमा Culvert, Drop, LD Syphon, Foot Bridge तथा पानी नियन्त्रण गर्ने संरचनाहरूको निर्माण भएको,<br>• नारायणी सिँचाइ प्रणालीमा CAD Protection, नहर Reshaping तथा Canal lining सम्बन्धी कार्य भएको,<br>• गण्डक सिँचाइ प्रणालीमा ४ वटा प्याकेज मार्फत मूल नहर रिसेपिङ्ग ६०० मिटर सम्पन्न, शाखा नहर रिसेपिंग ५०० मी सम्पन्न, एम. सि. नहर लाइनिङ्ग |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | ३०० मिटर सम्पन्न, शाखा नहरका कल्भर्ट ४ वटा सम्पन्न र शाखा नहरमा लाइनिङ्ग १४५ मिटर सम्पन्न।<br>**<u>सिँचाइ सम्भाव्यता अध्ययन</u>**<br>• काली गण्डकी तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको अध्ययन अन्तर्गत Hydrological Analysis, Geotechnical Investigation सम्पन्न, प्रारम्भिक Design सम्पन्न।<br>• तमोर चिस्याङ डाइभर्सन आयोजनाको पूर्व सम्भाव्यता अध्ययनका लागि परामर्शदाताहरूबाट प्राप्त Exprssion of Interest (EOI) मूल्याङ्कन, Request for Proposal (RFP) Issue गरिएको, प्राप्त RFP को प्राविधिक प्रस्ताव मूल्याङ्कन कार्य भइरहेको।<br>• माडी दाङ्ग डाइभर्सन आयोजनाको अध्ययनका लागि जलविद्युत उत्पादन कम्पनी लि. सँग समन्वय गरी कार्यक्षेत्रगत शर्त (TOR) तयार भएको । |
| ११५ | मानव बस्ती, कृषियोग्य जमिन र अन्य राष्ट्रिय महत्त्वका स्रोत र सम्पदाको सम्बर्द्धन गर्न नदी किनारमा तटबन्ध निर्माण गर्ने कार्य सञ्चालन गरिनेछ। प्रदेश तथा स्थानीय सरकार समेतको संलग्नतामा हरित प्रविधिको प्रयोगलाई जोड दिँदै नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन कार्यलाई नदी बेसिनहरूमा विस्तार गरिनेछ। जनताको तटबन्ध, कोशी, त्रियुगा, कमला, नारायणी, कर्णाली लगायतका नदीहरूमा तटबन्ध निर्माण गरिनेछ। | **<u>नदी नियन्त्रण तथा पहिरो व्यवस्थापन</u>**<br>• विभिन्न नदीहरूमा तटबन्ध निर्माण अन्तर्गत १९ कि.मि.तटबन्ध निर्माण भई हालसम्म कुल १ हजार ६० कि.मि. तटबन्ध निर्माण भएको,<br>• भारतीय अनुदान सहयोगमा सञ्चालन हुने खाँडो, वाणगंगा तथा पश्चिम राप्ती नदी नियन्त्रण आयोजनाहरूको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्य भइरहेको,<br>• जोखिमयुक्त पहिरो व्यवस्थापन आयोजना अन्तर्गत विभिन्न स्थानमा पहिरो व्यवस्थापन तथा चेक ड्याम (२२ वटा) निर्माणको कार्य भइरहेको।<br>• २ सय ३५ मिटर तटबन्ध र रिभेटमेन्ट निर्माण कार्य भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रमतर्फ Revetment र तटबन्ध १ हजार २ सय मिटर सम्पन्न भएको।<br>**<u>टार - बजार संरक्षण कार्यक्रमः जोखिमयुक्त जिल्ला सदरमुकाम/बजार संरक्षण, चन्द्रगढी, वेनी, दुनै र चैनपुर</u>**<br>• चन्द्रगढीमा ०.५० कि.मि. तटबन्ध निर्माण कार्य भएको,<br>• बेनीमा ३ सय ३० मिटर रिभेटमेन्ट, १ सय २० मि. आर. आर. मेशनरी र आर. सि. सि. रिटेनिङ्गवाल सम्पन्न भएको।<br>• दुनै बजार संरक्षणको लागि बोलपत्र आह्वान भई सम्झौता भएको।<br>• चैनपुर, बझाङ बजार संरक्षणको लागि ०.४ कि.मि. तटबन्ध निर्माण भएको\| |
| ११६ | मौसम तथा बाढी पूर्वानुमानलाई गुणस्तरीय र विश्वसनीय बनाई जल तथा मौसमजन्य विपद्बाट हुन सक्ने धनजनको क्षतिलाई न्यूनीकरण गर्न आधुनिक तथा स्वचालित जल तथा मौसम मापन उपकरणहरू र प्रणालीहरू जडान गरिनेछ। सुर्खेतमा स्थापना भएको मौसमी राडारलाई पूर्णरूपमा सञ्चालनमा ल्याइनेछ। पाल्पा तथा उदयपुरमा थप दुई राडारहरू स्थापना गरिनेछ। | **<u>पाल्पा र उदयपुरमा राडार केन्द्र स्थापना</u>**<br>• उपकरण खरिदको लागि प्रतितपत्र खोली राडार टावरको जग निर्माण कार्य सम्पन्न भएको।<br>• Tower को Design तथा Soil Test को प्रतिवेदन प्राप्त भएको।<br>**<u>बाढी पूर्व सूचना प्रणाली स्थापनाको लागि बाढी जोखिमको नक्साङ्कन, सम्भाव्यता अध्ययन तथा डिजाइन</u>**<br>• बाढी जोखिम नक्साङ्कनका लागि बागमती नदीको पँधेरा दोभान र कर्णाली नदीको चिसापानीको २ स्थानमा खरिद प्रक्रियामा रहेको।<br>• कमला नदी जलाधर क्षेत्रमा बाढी पूर्व सूचना प्रणालीको सम्भाव्यता अध्ययन तथा डिजाइनका लागि खरिद कार्य भइरहेको।<br>**<u>मौसम मापन तथा जल मापन केन्द्रहरूको स्तरोन्नति</u>**<br>• ५२ मौसम मापन केन्द्र स्तरोन्नति गरी स्वचालित केन्द्र स्थापना गर्न ३१ वटा स्थापना भएको, १० वटाको प्रस्ताव मूल्याङ्कन कार्य भइरहेको।<br>• २२ वटा जल मापन केन्द्र स्तरोन्नति गरी स्वचालित केन्द्र स्थापना गर्न १४ वटा सम्पन्न, २ वटाको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | लागि प्रस्ताव मूल्याङ्कन भई सम्झौताको प्रक्रियामा रहेको।<br>**जल तथा मौसम टि.भी. स्टुडियो तथा गणितीय मौसम पूर्वानुमान प्रणालीको स्थापना:**<br>• जल तथा मौसमसम्बन्धी सूचना प्रवाहका लागि टेलिभिजन स्टुडियो तयार भएको।<br>• गणितीय मौसम पूर्वानुमान प्रणालीको लागि High Powered Computer सञ्चालन गरी NWP मोडल दैनिक ४ पटक सञ्चालन भइरहेको र Forecast डाटा (Grib Format) र Point Forecast डाटा (ASCII Based Format) दैनिक ४ पटकसम्म Update हुने गरेको। |
| १६० | सबै प्रदेशमा कम्तीमा दुई ठूला जलविद्युत तथा सौर्य आयोजनाहरूको विकास गर्दै सबै नेपालीको घरमा आधुनिक ऊर्जा पुऱ्याई उज्यालो नेपाल बनाउने गरी जलविद्युत र नवीकरणीय ऊर्जाको विकास तथा विस्तार गरिनेछ। जलविद्युत, ऊर्जा, वायु लगायतका नवीकरणीय ऊर्जाको उपयोगबाट ऊर्जाको पहुँच कम भएका प्रदेश नं २, कर्णाली र सुदूर पश्चिम प्रदेशलाई सर्वप्रथम पूर्णरूपमा अँध्यारोमुक्त प्रदेश घोषणा गरिनेछ। | **नवीकरणीय/ वैकल्पिक ऊर्जा:**<br>• लघु तथा साना जलविद्युत आयोजनाबाट ७ सय ६४ किलोवाट विद्युत उत्पादन भएको।<br>• ६ हजार ३ सय ५५ वटा नवीकरणीय ऊर्जा अन्तर्गत स्वच्छ ऊर्जा प्रविधिहरू (सुधारिएको चुलो, घरेलु बायोग्याँस, पेलेट, विद्युतीय चुलो, सोलार कुकर आदि) प्रवर्द्धन गरिएको।<br>• ५० वटा संस्थागत, सामुदायिक तथा व्यावसायिक र फोहोरबाट ऊर्जा उत्पादन गर्ने वायोग्याँस प्लाण्ट जडान गरिएको।<br>• १० हजार ६ सय ८२ वटा घरेलु सौर्य विद्युत प्रणाली जडान गरिएको।<br>**४० जिल्लामा पूर्णरूपमा विद्युतीकरण गर्ने:**<br>• ९ जिल्लाहरू पर्वत, स्याङ्जा, काठमाडौं, भक्तपुर, बर्दिया, गुल्मी, कपिलवस्तु, सुनसरी, पर्सा पूर्णरूपमा विद्युतीकरण गरिसकेको। |
| १६१ | आगामी वर्ष माथिल्लो तामाकोशी, रसुवागढी लगायतका निर्माणाधLन जलविद्युत आयोजनाको निर्माण कार्यलाई तीव्रता दिई कम्तीमा एक हजार मेगावाट जलविद्युत क्षमता राष्ट्रिय प्रणालीमा थप गरिनेछ। | **माथिल्लो तामाकोशी जलविद्युत आयोजना:**<br>• हालसम्मको वित्तीय प्रगतिः १००.२%<br>• हालसम्मको भौतिक प्रगतिः ९९.६%<br>• मुख्य सिभिल निर्माण कार्य ९९.७% सम्पन्न।<br>• हाइड्रोमेकानिकल कार्य ७६.६% सम्पन्न।<br>• इलेक्ट्रोमेकानिकल कार्य ९९.८% सम्पन्न। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • ट्रान्समिसन लाइन कार्य ९९.५% सम्पन्न।<br>• आयोजनाको बाँकी कार्य सम्पन्न गरी यसै आर्थिक वर्ष भित्र विद्युत उत्पादन शुरू गर्नेगरी कार्य भइरहेको।<br>**रसुवागढी जलविद्युत आयोजनाः**<br>• हालसम्मको वित्तीय प्रगतिः ५९%<br>• हालसम्मको भौतिक प्रगतिः ७५%<br>• सिभिल एण्ड हाइड्रोमेकानिकल कार्य ७६% सम्पन्न।<br>• इलेक्ट्रोमेकानिकल कार्य ४६% सम्पन्न।<br>• ट्रान्समिसन लाइन कार्य ३८% सम्पन्न।<br>**अन्य आयोजनाहरूः**<br>• चालु आ.व. को आठ महिनामा नेपाल विद्युत प्राधिकरणबाट ४४ मे.वा.(कुलेखानी तेश्रो-१४ र त्रिशुली-३, ३० मे.वा.) र निजी क्षेत्रबाट ९०.४ मे.वा. गरी कूल जम्मा १३४.४ मे.वा. निर्माण सम्पन्न भई ग्रीडमा आबद्ध भएको। |
| १६२ | बुढीगण्डकी आयोजना, तनहुँ जलविद्युत आयोजना, तामाकोशी- ५ र बुढीगंगा जलविद्युत आयोजनाको लागि बजेट व्यवस्था गरिएको। | **बुढीगण्डकी जलविद्युत आयोजनाः**<br>• आयोजनाको डुवान क्षेत्रमा पर्ने ५८ हजार १ सय ५३ रोपनी जग्गा मध्ये यस आ.व. मा २ हजार ५ सय ५१ रोपनी जग्गाको मुआब्जा वापत रू. ३ अर्ब ७८ करोड वितरण भई हालसम्म कुल ४६ हजार २ सय ४५ रोपनी (८१%) जग्गाको मुआब्जा बापत रू. २९ अर्ब ५ करोड वितरण भएको।<br>**तनहुँ जलविद्युत आयोजनाः**<br>• हालसम्मको वित्तीय प्रगति : १७.८९%<br>• हालसम्मको भौतिक प्रगति : २३.४८%<br>• प्याकेज १ अन्तर्गत हेडवर्क्स कार्यको पुनः बोलपत्र आह्वान भएको।<br>• प्याकेज २ अन्तर्गत विद्युतगृह पस्ने मुख्य सुरुङ्गको पोटल खन्ने कार्य सम्पन्न तथा ९३ मिटर केवल सुरुङ्ग खन्ने कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • प्याकेज ३ अन्तर्गत दमौली भरतपुर दोश्रो सर्किट प्रसारण लाइन आयोजनाको ३० कि.मि. प्रसारण लाइनको डिटेल सर्भे तथा २८ वटा टावरको भौगर्भिक सर्भेक्षण सम्पन्न।<br>**<u>तामाकोशी- ५ जलविद्युत आयोजना</u>**<br>• हालसम्मको वित्तीय प्रगति : ४.३४ %<br>• हालसम्मको भौतिक प्रगति : ४.८१ %<br>• परामर्शदाताबाट विस्तृत इन्जिनियरिङ्ग डिजाइन पेश भएको।<br>• क्याम्प निर्माणका लागि जग्गा अधिग्रहण कार्य सम्पन्न।<br>• EoI, Construction and Supervision Prequalification for Contractor Selection सम्बन्धी कार्य भइरहेको।<br>**<u>बुढीगंगा जलविद्युत आयोजनाः</u>**<br>• विस्तृत इन्जिनियरिङ्ग डिजाइन तथा टेण्डर डकुमेन्ट तयारीको अन्तिम चरणमा पुगेको।<br>• बोलपत्र प्रक्रिया अन्तर्गत पूल निर्माणको कार्य अन्तिम चरणमा रहेको। |
| १६३ | प्रत्येक नेपालीलाई क्षमताअनुसारको लगानीको अवसर प्रदान गर्दै छरिएर रहेको पुँजी जलविद्युत विकासमा परिचालन गर्न नेपालको पानी जनताको लगानी अभियान सञ्चालन गरी माथिल्लो अरुण, किमाथाङ्का अरुण, त्रिशुली ३ बी, साञ्जेन, माथिल्लो साञ्जेन, फुकोट कर्णाली र किमाथाङ्कालगायत १८ आयोजनाहरूको निर्माणबाट ३५०० मेगावाट क्षमताको जलविद्युत उत्पादन प्रक्रिया आगाडि बढाइने। राष्ट्रसेवक कर्मचारीहरूको शेयर सहभागितामा समेत उपयुक्त आयोजना विकास गरिनेछ। | **<u>जनताको जलविद्युत कार्यक्रम</u>**<br>• जनताको जलविद्युत कार्यक्रम अन्तर्गत शेयर निष्काशनको प्रक्रिया प्रारम्भ भइसकेको।<br>• नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय निकायको पूर्ण स्वामित्वको "भेरी-बबई डाइभर्सन जलविद्युत कम्पनी"(Bheri Babai Diversion Hydropower Company) स्थापना गरी जनताको जलविद्युत अवधारणामा विकास, सञ्चालन र व्यवस्थापन गर्ने गरी उक्त मोडालिटीको अवधारणा एवं प्रबन्धपत्र र नियमावली तयार गरिएको।<br>**<u>माथिल्लो अरुण जलविद्युत आयोजना</u>**<br>• हालसम्मको वित्तीय प्रगति : ०.४५%<br>• हालसम्मको भौतिक प्रगति :०.५०%<br>• पहुँच मार्गको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन र निर्माण सुपरभिजनसम्बन्धी कार्यको लागि प्राप्त |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | डिजाइन प्रतिवेदन मस्यौदाको पुनरावलोकन भइरहेको।<br>**<u>किमाथाङ्का अरुण अर्ध जलाशययुक्त जलविद्युत आयोजना</u>**<br>• परामर्शदाताबाट सम्भाव्यता अध्ययन प्रतिवेदन प्राप्त भइसकेको।<br>• जियोटेक्निकल बेसलाइन प्रतिवेदन बनाउने कार्य भइरहेको।<br>**<u>माथिल्लो साञ्जेन जलविद्युत आयोजना</u>**<br>• हालसम्मको भौतिक प्रगतिः ८५%<br>• हालसम्मको वित्तीय प्रगतिः ७३%<br>• सिभिल निर्माण कार्यः ९०.३०% सम्पन्न।<br>• इलेक्ट्रो मेकानिकल कार्यः ६३.३०% सम्पन्न।<br>• हाईड्रो मेकानिकल कार्य अन्तर्गत पेन्स्टक पाईपको ईन्सटलेसन कार्य ९२% सम्पन्न।<br>• ट्रान्समिसन लाईन कार्य ५५% सम्पन्न।<br>**<u>फुकोट कर्णाली अर्धजलाशययुक्त जलविद्युत आयोजना</u>**<br>• परामर्शदाता कम्पनीबाट प्राप्त विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन मस्यौदामा पुनरावलोकन गरी कमेन्ट पठाउने कार्य भइसकेको।<br>• टेस्ट टनेलको ठेक्का सम्झौता सम्पन्न गरी टेस्ट टनेल निर्माणको लागि मोबिलाइजेसन भइसकेको। |
| १६४ | तमोर जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न गरी राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने। दूधकोशी, पश्चिम सेती, कर्णाली, चिसापानी, नलगाड र उत्तरगंगा लगायतका जलविद्युत आयोजनाहरूको लगानीको ढाँचा एकीन गरी निर्माण अघि बढाइनेछ। नौमुरे बहुउदेश्यीय आयोजनाको निर्माण विधि तय गरी कार्यान्वयन प्रक्रिया अघि बढाइनेछ। ठूला जलविद्युत | **<u>तमोर जलविद्युत आयोजनाः</u>**<br>• विस्तृत सम्भाव्यता अध्ययनका लागि लगानी बोर्डको कार्यालय, पावर कन्सट्रक्सन कर्पोरेसन अफ चाइना र हाइड्रो इलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड बीच सम्झौता भएको।<br>**<u>दूधकोशी जलविद्युत आयोजनाः</u>**<br>• हालसम्मको वित्तीय प्रगति : २१.६९ %<br>• हालसम्मको भौतिक प्रगति : २१.६९ %<br>• परामर्शदाताबाट अद्यावधिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी पेश गरेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | आयोजनाहरूको कार्यान्वयनमा सार्वजनिक-निजी साझेदारी लगायत लागानीका वैकल्पिक उपायहरू अबलम्वन गरिनेछ। | • जियोलोजिकल अध्ययन कार्य भइरहेको।<br>• टेष्ट अडिट निर्माण कार्य सम्पन्न।<br>**<u>पश्चिम सेती जलविद्युत आयोजना:</u>**<br>• लगानी बोर्डको कार्यालयबाट अघि बढाई रहेको।<br>**<u>नलगाड जलविद्युत आयोजना (४१० मेगावाट)</u>**<br>• डुबान क्षेत्रको ५ हजार रोपनी जग्गा प्राप्तिको लागि जग्गाको मूल्याङ्कन सम्पन्न भई दररेट निर्धारण गरिएको।<br>**<u>उत्तरगंगा जलविद्युत आयोजना (३०० मेगावाट)</u>**<br>• विस्तृत परियोजना प्रतिवेदनको लागि परामर्शदाता छनौटसम्बन्धी कार्य अन्तर्गत अन्तर्राष्ट्रिय परामर्शदाताबाट प्राप्त हुन आएको RFP को मूल्याङ्कनसम्बन्धी कार्य भइरहेको।<br>**<u>नौमुरे बहुउद्देश्यीय आयोजना:</u>**<br>• नौमुरे बहुउद्देश्यीय आयोजनाको सम्भाव्यता अध्ययन अन्तिम चरणमा पुगेको। |
| १६५ | उत्पादित विद्युतको अन्तरिक खपत एवं द्विपक्षीय तथा क्षेत्रीय विद्युत व्यापार प्रवर्द्धनका लागि आन्तरिक प्रसारण एवं वितरण र अन्तरदेशीय प्रसारण प्रणालीहरूको विस्तार तथा सुदृढीकारण गरिनेछ। ढल्केबर, हेटौंडा, र इनरुवामा निर्माणाधीन सव-स्टेशनहरू निर्माण सम्पन गरी नेपालमा पहिलो पटक ४०० के. भी. प्रणालीमा आधारित ढल्केबर सवस्टेशन सञ्चालनमा ल्याइनेछ। | **<u>प्रसारण प्रणालीहरूको विस्तार तथा सुदृढीकारण</u>**<br>• विभिन्न प्रसारण लाइन आयोजनाहरूको २६१.५ सर्किट किलोमिटर Stringing भएको।<br>• विभिन्न सब-स्टेशनहरू गरी १८७.४ एम.भी.ए. सब-स्टेशन अभिवृद्धि भएको।<br>**<u>हेटौंडा, ढल्केबर र इनरुवा</u>**<br>• ढल्केवार सबस्टेशन अन्तर्गत मुजफ्फरपुर वे (Bay) को दुबै सर्किट चालु गरी ढल्केवार मुजफ्फरपुर लाइन २२० के. भी. मा चार्ज भएको र २×१६० एम. भी. ए. पावर ट्रान्सफरमर मार्फत २५० मेगावाटसम्म विद्युत आपूर्ति भइरहेको।<br>• हेटौंडा र इनरुवा सबस्टेशन निर्माणका लागि सम्झौता भई कार्य शुरू भएको।<br>• ७ सय ९२ टावर मध्ये ६ सय ५ स्थानमा टावर फाउन्डेशन र ५ सय ७० स्थानमा टावर इरेक्सन कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • ढल्केवर ४ सय के. भी. सवस्टेसन २०२० अप्रिलसम्म निर्माण कार्य सम्पन्न गर्न द्रुतगतिमा कार्य भइरहेको।<br>• नयाँ हेटौंडा तथा इनरुवा ४ सय के. भी. जि. आइ. एस. सवस्टेशन निर्माणको डिजाइन स्वीकृत भई कन्ट्रोल रुम बिल्डिङ तथा ट्रान्सफरमर फाउन्डेसनको निर्माण कार्य भइरहेको। |
| १६६ | बुटवलदेखि गोरखपुर र गल्छी-केरुङ ४०० के. भी. क्षमताको अन्तरदेशीय प्रसारण लाइन निर्माण अघि बढाइनेछ। पूर्व-पश्चिम राजमार्ग र मध्य पहाडी पुष्पलाल लोकमार्गको समानान्तरमा र नदी वेशिनका आधारमा उत्तर दक्षिण प्रसारण लाइन निर्माण शुरू गरिनेछ। विद्युत वितरण प्रणालीलाई सुदृढ तुल्याउन सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण गरिनेछ। | **<u>बुटवल गोरखपुर-४०० के. भी. अन्तरदेशीय प्रसारण लाइन</u>**<br>• विस्तृत परियोजना प्रतिवेदन (डि. पि. आर.) तयार भइसकेको।<br>• निर्माणका लागि नेपाल भारतबीच संयुक्त कम्पनी बनाएर अघि बढ्न सहमति भएको।<br>**<u>सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरणः</u>**<br>• ४० जिल्लामा पूर्णरूपमा विद्युतीकरण गर्न टेण्डर आह्वान भई मूल्याङ्कनको क्रममा रहेको।<br>• वितरण लाईन निर्माण कार्यको लागि ठेक्का आह्वान गरिसकेको। |
| १६७ | राष्ट्रिय ग्रीड प्रणाली नपुगेका तराई, हिमाली तथा दुर्गम स्थानहरूमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत विद्युतीकरणका वहुवर्षीय कार्यक्रमहरू सञ्चालन गरिने र वैकल्पिक ऊर्जा विकासमा निजी क्षेत्रलाई समेत प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | • राष्ट्रिय ग्रीड प्रणाली नपुगेका तराई, हिमाली तथा दुर्गम स्थानहरूमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत विद्युतीकरणका बहुवर्षीय कार्यक्रमहरू सञ्चालन गर्न तयारी भइरहेको। |
| १६८ | संघ, प्रदेश र स्थानीय सरकारको समन्वयमा च्यालेञ्ज फण्ड मार्फत नवीकरणीय ऊर्जाका बहुउपयोगी प्रविधिहरूको प्रवर्द्धन गरिनेछ। तराई मधेशका जिल्लाहरूमा खाना पकाउनका लागि प्रयोग भइरहेको गुईंठाको प्रतिस्थापन र ऊर्जाको पहुँच नपुगेका क्षेत्रमा स्वच्छ ऊर्जा कार्यक्रम | • सार्वजनिक निजी साझेदारी तथा च्यालेञ्ज फण्ड मार्फत ग्रिड कनेक्टेड लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा परियोजना निर्माणका कार्य भइरहेको।<br>• लघु तथा साना जलविद्युत आयोजनाबाट ७ सय ६४ कि.वा. विद्युत उत्पादन भएको।<br>• ६ हजार ३ सय ५५ वटा नवीकरणीय ऊर्जा अन्तर्गत स्वच्छ ऊर्जा प्रविधिहरू (सुधारिएको चुलो, |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | सञ्चालन गरिनेछ। फोहरमैलाबाट ऊर्जा उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गर्न स्थानीय तहलाई फोहर व्यवस्थापन अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। | घरेलु बायोग्याँस, पेलेट, विद्युतीय चुलो, सोलार कुकर आदि) प्रवर्द्धन गरिएको।<br>• ५० वटा संस्थागत, सामुदायिक तथा व्यावसायिक र फोहोरबाट ऊर्जा उत्पादन गर्ने बायोग्याँस प्लाण्ट जडान गरिएको।<br>• १० हजार ६ सय ८२ वटा घरेलु सौर्य विद्युत प्रणाली जडान गरिएको। |
| १६९ | विद्युत नियमन आयोगको संस्थागत क्षमता विकास गरी विद्युत खरिद सम्झौता लगायतका कार्य व्यवस्थित गरिनेछ। विद्युत विकास इजाजतपत्र लिई लामो समयसम्म निर्माण कार्य शुरू नगरेका सम्झौता पुनरावलोकन गरिनेछ। | • विद्युत नियमन आयोगले पूर्णता पाएको नियुक्त गरिएको।<br>• विद्युत खरिद बिक्री तथा अनुमति प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्तसम्बन्धी विनियमावली, २०७६ तयार गरिएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका अन्य महत्त्वपूर्ण कार्यहरू:

**जलस्रोत अनुसन्धान तथा विकास (अनुसन्धान, तालिम तथा नमूना योजना निर्माण)**

- SW Irrigation Canal Taining सम्पन्न गरिएको, Training on Flood Hazard and Risk Assement सम्पन्न गरिएको, Intensive Training Course on Landslide Susceptibility Modelling, Training on Remote Sensing सम्पन्न गरिएको।
- किरननाला सोलार लिफ्ट सिँचाइ योजना, बाँकि तथा नुवागाऊँ सोलार लिफ्ट सिँचाइ योजना, रोल्पा, बक्राहा नदी सतह बढ्ने तथा सेडिमेन्टेसन नियन्त्रण योजना, मोरङ्ग, ज्वालामुखी, धादिङ्ग ड्रिल कार्य एवं ई.आर. टि. को लागत अनुमान इस्टिमेट स्वीकृत भएको।
- पुरनचौर पोखराको डिप ट्युववेल ड्रिल कार्य, निर्माण कार्य सम्पन्न भएको।

**प्रसारण लाइन**

चालु आ.व. २०७६/७७ को दोस्रो चौमासिकसम्ममा निम्नानुसार प्रसारण आयोजनाको देहायबमोजिम लाइन निर्माण भएको:

| क.सं. | आयोजनाको नाम | प्रसारण लाईन कुल लम्बाई (सर्किट कि.मि.) | प्रथम ८ महिनाको उपलब्धि (सर्किट कि.मि.) |
|---|---|---|---|
| १ | कोशी कोरिडोर २२० के. भी. प्र.ला. आयोजना | १४० | ४६ |
| २ | सोलु कोरिडोर १३२ के.भी. प्र.ला. आयोजना | ९० | ३५ |
| ३ | सिंगटी लामोसाँघु १३२ के.भी. प्र.ला. आयोजना | ४० | ३६ |
| ४ | चमेलिया स्याउले अत्तरिया १३२ के.भी. दोश्रो सर्किट प्र.ला. आयोजना | १३१ | १९.५ |

| | | | |
|---|---|---|---|
| ५ | कालीगण्डकी २२० केभी प्रसारण कोरिडर आयोजना | २९८ | ६५ |
| ६ | मर्स्याङ्दी-काठमाडौं २२० केभी प्रसारण लाइन | १६६ | ६० |
| | **जम्मा** | | २६१.५ |

**<u>ऊर्जातर्फः</u>**

- प्रतिव्यक्ति विद्युत खपत २ सय ६० किलोवाट घण्टा पुगेको।
- फागुनसम्म कुल जनसंख्या मध्ये ९० प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको।
- फागुनसम्म कुल जडित विद्युत क्षमता १ हजार ३ सय ५५ मेगावाट पुगेको। यस अवधिसम्म प्रसारण लाइन कुल ४ हजार २ सय ५१.५ सर्किट किलोमिटर पुगेको छ भने वितरण लाइन १ लाख ४७ हजार ९ सय ४५ किलोमिटर पुगेको छ। यस अवधिमा २ लाख ४६ हजार ग्राहक थप भई हालसम्म विद्युत उपयोग गर्ने ग्राहकको संख्या ४६ लाख ५५ हजार ६ सय ४१ (सामुदायिक संस्था समेत) पुगेको।
- कुल जडित विद्युत क्षमता १ हजार ३ सय ५५ मेगावाट मध्ये जलविद्युतबाट १ हजार २ सय ३३ मेगावाट, थर्मल प्लाटबाट उत्पादित विद्युत ५३.४ मेगावाट तथा वैकल्पिक ऊर्जाबाट ६८ मेगावाट रहेको। त्यसैगरी नेपाल विद्युत प्राधिकरणको स्वामित्वमा सञ्चालित विद्युत परियोजनाबाट ६ सय ३५ मेगावाट र निजी क्षेत्रबाट सञ्चालित जलविद्युत परियोजनाबाट ६ सय ५१ मेगावाट राष्ट्रिय ग्रीडमा जडान गरिएको।
- आर्थिक वर्ष २०७५/७६ मा भारतबाट २ हजार ८ सय १३ गिगावाट घण्टा बराबरको विद्युत आयात भएकोमा २०७६ फागुनसम्म भारतबाट १ हजार ४ सय ६८.७७ गिगावाट घण्टा बराबरको विद्युत आयात भएको।
- नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपाली आभियानको प्रभावकारी कार्यान्वयन गर्न वि.सं. २०७५-८५ को अवधिलाई ऊर्जा तथा जलस्रोत दशकको रूपमा मनाउने गरी ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको वर्तमान अवस्था समस्या र चुनौतीहरूको यथार्थ चित्रणसहित यस क्षेत्रको समग्र विकासको लागि भावी मार्गचित्र जारी गरी कार्यान्वयनमा ल्याइएको।
- २०७६ फागुनसम्म विद्युत चुहावट आर्थिक वर्ष २०७५/७६ को १५.३२ प्रतिशतबाट घटेर १४.०७ प्रतिशत रहेको।
- २०७६ चैत्रसम्म विभिन्न जलविद्युत आयोजनाबाट १३४.४ मेगावाट थप विद्युत उत्पादन भएको।
- २०७६ फागुनसम्म विद्युत प्रसारण लाइन १३२ के. भी. तथा अन्य भोल्टेज स्तरका प्रसारण लाइन विस्तारतर्फ ६ वटा आयोजनाहरूको जम्मा ८६५ सर्किट कि. मि. मध्ये २६१.५ सर्किट कि.मि. निर्माण कार्य सम्पन्न भएको।
- २०७६ फागुनसम्म नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रका जलविद्युत कम्पनीहरूलाई थप १ हजार ५ सय ३८ मेगावाट जडित क्षमता बराबरको ३ वटा ठूला र १६ वटा साना तथा मझौला गरी जम्मा १९ वटा जलविद्युत आयोजनाहरूको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र जारी भएको।
- आर्थिक वर्ष २०७५/७६ मा कुल ऊर्जा खपत १४.०१४ मिलियन टन तेल शक्ति (m ToE) रहेकोमा २०७६ फागुनसम्म कुल ऊर्जा खपत ९.३१ मिलियन टन तेल शक्ति (m ToE) बराबर पुगेको।

- २०७६ फागुनसम्म अर्थतन्त्रका सबै क्षेत्रमा गरी कुल ५४८४.९७ गिगावाट घण्टा बराबर विद्युत खपत भएकोमा आर्थिक वर्ष २०७५/७६ मा वार्षिक कुल विद्युत खपत ७५५१.२३ गिगावाट घण्टा बराबर रहेको थियो।
- २०७६ फागुनसम्म वार्षिक औसत विद्युत खपत ग्राहस्थ ९३.५४, औद्योगिक १.३५, व्यापारिक ०.६६ र अन्य क्षेत्रमा ४.४ विद्युत खपत रहेको।

**नवीकरणीय ऊर्जातर्फ**

- २०७६ फागुनसम्म कुल जनसंख्याको करिब १० प्रतिशत जनसंख्यामा नवीकरणीय ऊर्जा स्रोतबाट विद्युतको पहुँच पुगेको छ भने ३६ प्रतिशत जनसंख्याले विभिन्न प्रयोजनमा स्वच्छ नवीकरणीय ऊर्जाको प्रयोग गरेका छन्।
- २०७६ फागुनसम्म वैकल्पिक ऊर्जा अन्तर्गतका लघु तथा साना जलविद्युत आयोजनाबाट उत्पादित ७६४ किलोवाट र सौर्य तथा वायू ऊर्जाबाट ५० किलोवाट नवीकरणीय ऊर्जाको प्रयोग भएको छ।
- २०७६ फागुनसम्म बायोग्याँसतर्फ १ हजार ३ सय ९० वटा प्लान्ट जडान भएको छ। सो अवधिमा १० हजार ७ सय सौर्य घरेलु विद्युत प्रणाली जडान भएको छ भने ४ हजार ९ सय ९५ वटा सुधारिएको चुलो जडान भएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- कुल १४ लाख ७६ हजार ७ सय ३१ हेक्टर जमिनमा दिगो भरपर्दो सिँचाइ सुविधा पुगेको।
- मन्त्रालयको संरचनाका साथै विद्युत विकास विभाग र सिँचाइ तथा जलस्रोत विभाग एवं मातहतका निकायहरूको पुनर्संरचना गरिएको।
- कोशी तथा पश्चिम राप्ती नदीमा बाढी पूर्व अनुमान प्रणाली स्थापना भएको।
- निजी प्रवर्द्धकबाट अगाडि बढाइएको ७.८ मेगावाट क्षमताको सुपर माई र ०.९६ मेगावाट क्षमताको विष्णुप्रिया सोलार फाराम आयोजना गरी जम्मा ८.७६ मेगावाट निर्माण सम्पन्न भई राष्ट्रिय ग्रीडमा आबद्ध भएको।
- २ लाख ४० हजार विद्युत उपभोग गर्ने ग्राहक थप भएको।
- प्रतिव्यक्ति विद्युत खपत २४५ किलोवाटघण्टा पुगेको।
- २ हजार ७ सय २० कि.मि. विद्युत वितरण लाइन विस्तार गरिएको।
- ६३२ किलोवाट लघु तथा साना जलविद्युत आयोजना जडान, १११ सुधारिएको पानी घट्ट जडान, ३३,४४५ घरेलु सौर्य जडान, ७० किलोवाट सौर्य मिनीग्रिड जडान, १४,९४५ सुधारिएको फलामे चुलो जडान, ३,४१४ घरायसी वायोग्याँस प्लाण्ट जडान गरी विद्युत सेवा तथा स्वच्छ ऊर्जा उपलब्ध भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १३१८३५ | ११६०७९ | ८८.०५ |
| ३०८०१२३ | विद्युत विकास विभाग | ७५७८० | ६७९५१ | ८९.६७ |
| ३०८०१३३ | विद्युत नियमन आयोग | ३५०० | २०९७ | ५९.९३ |
| ३०८०१४३ | जल तथा मौसम विज्ञान विभाग | ८५७५२ | ७६१८३ | ८८.८४ |
| ३०८०१७३ | जलस्रोत तथा सिँचाइ विभाग | २०६४९७ | १९२४५७ | ९३.२ |
| ३०८०२०३ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ६५०२४ | ५२९८४ | ८१.४८ |
| ३०८०२१३ | यान्त्रिक कार्यालय-३ | २०२८५ | १५१७९ | ७४.८३ |
| ३०८१०१३ | जल तथा ऊर्जा आयोग | ३२१७६ | २७२३४ | ८४.६४ |
| ३०८१०२३ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २७०० | १६६२ | ६१.५६ |
| ३०८१०३३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | १४०० | ९८३ | ७०.२४ |
| ३०८१०४३ | ससकोशी बहुउद्धेश्यीय आयोजना | २५००० | १४१७० | ५६.६८ |
| ३०८१०५३ | पञ्चेश्वर बहुउद्धेश्यीय आयोजना | ९८२० | ४६७३ | ४७.५९ |
| ३०८१०६३ | जलविद्युत आयोजना अध्ययन | ६०० | ४४५ | ७४.०९ |
| ३०८१०७३ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | ९०० | ७४१ | ८२.३४ |
| ३०८११२३ | बुढीगंगा जलविद्युत आयोजना | २७६०० | १८६९० | ६७.७२ |
| ३०८११३३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३४६०० | २६५५० | ७६.७३ |
| ३०८११४३ | नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड | ० | ० | ० |
| ३०८११५३ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | १९९०० | ९२१६ | ४६.३१ |
| ३०८११६३ | जल तथा मौसम विज्ञान कार्यक्रम | ७६७४८ | ६४६१९ | ८४.२ |
| ३०८११७३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १२४१९२१ | ९८११८५ | ७९.०१ |
| ३०८११८३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | २२५५९०० | १०९२०२९ | ४८.४१ |
| ३०८१२०३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | २७८२०० | १२०३७६ | ४३.२७ |
| ३०८१२४३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १२८०० | १२२९३ | ९६.०४ |
| ३०८१२५३ | सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना | १७९०० | १३१४७ | ७३.४४ |
| ३०८१२६३ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | १७०० | १०९० | ६४.१२ |
| ३०८१२७३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ६०० | ५९३ | ९८.८९ |
| ३०८१२८३ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | २०३०० | १५६८२ | ७७.२५ |
| ३०८१२९३ | नदी नियन्त्रण | २७३६८ | २३५९६ | ८६.२२ |
| ३०८१३०३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ३०० | २१७ | ७२.२१ |
| ३०८१३१३ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु (बागमती,कमला,खाँडो र लालबकैया समेत) | १२८७० | १२५२४ | ९७.३१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८१३२३ | भूमिगत जलस्रोत विकास समिति | ३३४२८ | ३२१४४ | ९६.१६ |
| ३०८१३५३ | मर्मत संभार आयोजनाहरु | १४२९२ | १३७७० | ९६.३५ |
| ३०८१३६३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | १२८०० | ९३९९ | ७३.४३ |
| ३०८१३७३ | बागमती सिँचाइ आयोजना | २६२४७ | २२७४३ | ८६.६५ |
| ३०८१३८३ | बबई सिँचाइ आयोजना | २३३७० | २१०९३ | ९०.२६ |
| ३०८१३९३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २२५६८ | १९९३६ | ८८.३४ |
| ३०८१४०३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३५०३९ | ३१६७४ | ९०.४ |
| ३०८१४१३ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | १४६३९ | १४२९९ | ९७.६८ |
| ३०८१४२३ | सिक्टा सिँचाइ आयोजना | २७०७७ | २२७८३ | ८४.१४ |
| ३०८१४५३ | पालुङटार कुण्डुटार -सिँचाइआयोजना | ४३३४ | ३११८ | ७१.९५ |
| ३०८१४९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | ३११५० | २८८७८ | ९२.७ |
| ३०८१५०३ | भेरी ववई -  डाइभर्सन बहुउद्देश्यीय आयोजना | २६२३० | २०६७३ | ७८.८१ |
| ३०८१५१३ | जलसाधन योजना तयारी सुविधा आयोजना | ३३६०० | १५८२१ | ४७.०९ |
| ३०८१५२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ७७०० | ७५२५ | ९७.७३ |
| ३०८१५४३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १८३२९ | १५४७५ | ८४.४३ |
| ३०८१५५३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | ९३९१ | ७४८२ | ७९.६७ |
| ३०८१५६३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | ७३१० | ३५०८ | ४७.९९ |
| ३०८१५७३ | बृहद दाङ उपत्यका सिँचाइ आयोजना | ७४१० | ६७५५ | ९१.१६ |
| ३०८१५८३ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | ७४५६ | ४८०५ | ६४.४५ |
| ३०८१६०३ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | १०६९३ | ८६३९ | ८०.८ |
| | **जम्मा** | **५०६३०३८** | **३२७५१६४** | **६४.६९** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | १७८२७ | ८२५२ | ४६.२९ |
| ३०८०१२४ | विद्युत विकास विभाग | ९०५७५ | ४६०१७ | ५०.८१ |
| ३०८०१३४ | विद्युत नियमन आयोग | २४०० | २०३८ | ८४.९३ |
| ३०८०१४४ | जल तथा मौसम विज्ञान विभाग | ८५४०० | ५३९७२ | ६३.२० |
| ३०८०१७४ | जलस्रोत तथा सिँचाइ विभाग | १४०० | १४०० | ९९.९९ |
| ३०८०२०४ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | १०९०० | १०७८४ | ९८.९४ |
| ३०८०२१४ | यान्त्रिक कार्यालय-३ | ४००० | ४००० | १००.०० |
| ३०८१०१४ | जल तथा ऊर्जा आयोग | ३५३०० | २०२६८ | ५७.४२ |
| ३०८१०२४ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | १०५३०० | ५१५०१ | ४८.९१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८१०४४ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | ८१४०० | ७५८३३ | ९३.१६ |
| ३०८१०५४ | पञ्चेश्वर बहुउद्देश्यीय आयोजना | ४८०० | ४२४५ | ८८.४५ |
| ३०८१०६४ | जलविद्युत आयोजना अध्ययन | ५२१८०० | २२५२२७ | ४३.१६ |
| ३०८१०७४ | जलविद्युत आयोजना  सम्बन्धी मापदण्ड | ७५०० | ० | ०.०० |
| ३०८११२४ | बुढीगंगा जलविद्युत आयोजना | २७२३०० | १५९१०५ | ५८.४३ |
| ३०८११३४ | बुढी गण्डकी जलविद्युत आयोजना | १०६६३३३३ | ९७६३४७५ | ९१.५६ |
| ३०८११४४ | नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड | ० | ० | ० |
| ३०८११५४ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | २५८३० | ७८८ | ३.०५ |
| ३०८११६४ | जल तथा मौसम विज्ञान कार्यक्रम | ३३९०० | २९४६३ | ८६.९१ |
| ३०८११७४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १४१०० | १३९०८ | ९८.६४ |
| ३०८१२०४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | १००३८०० | ५६५८२० | ५६.३७ |
| ३०८१२४४ | सिँचाइ  संस्थागत विकास कार्यक्रम | १७५०० | १७३९३ | ९९.३९ |
| ३०८१२५४ | सिँचाइ  तथा जलस्रोत व्यवस्थापन आयोजना )सिँचाइ( | १६८५० | १४६४७ | ८६.९२ |
| ३०८१२६४ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ११३८०० | १०१८२१ | ८९.४७ |
| ३०८१२७४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ११५०० | ११५०० | १००.०० |
| ३०८१२८४ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | २१३३०० | १४७९५५ | ६९.३६ |
| ३०८१२९४ | नदी नियन्त्रण | ५६८०९९४ | ५२५६८३९ | ९२.५३ |
| ३०८१३०४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ७५७०० | ७२८७६ | ९६.२७ |
| ३०८१३१४ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ) बागमती,कमला,खाँडो र लालबकैया समेत( | ५२५१०० | ३००४६१ | ५७.२२ |
| ३०८१३२४ | भूमिगत जलस्रोत विकास समिति | ११७०० | १०५७१ | ९०.३५ |
| ३०८१३५४ | मर्मत संभार आयोजनाहरु | ५२४१०० | ४९४९६२ | ९४.४४ |
| ३०८१३६४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ३७१४०० | ३५४०८० | ९५.३४ |
| ३०८१३७४ | बागमती सिँचाइ आयोजना | ७२२६०० | ५९२७३१ | ८२.०३ |
| ३०८१३८४ | बबई सिँचाइ आयोजना | ७६४००० | ७३६८६४ | ९६.४५ |
| ३०८१३९४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ८७०४०० | ८०७४३१ | ९२.७७ |
| ३०८१४०४ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ४१९००० | ३९१६८४ | ९३.४८ |
| ३०८१४१४ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | २८७८०० | २८०९६७ | ९७.६३ |
| ३०८१४२४ | सिक्टा सिँचाइ आयोजना | १९८५९०० | १४४९५३३ | ७२.९९ |
| ३०८१४५४ | पालुङटार कुण्डुटार -सिँचाइआयोजना | ३९५०० | १३७८९ | ३४.९१ |
| ३०८१४८४ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर  समेत) | ४४३००० | ३९९१८३ | ९०.११ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८१४९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना (प्रणाली आधुनिकीकरण समेत) | २९०७६०० | १४८१५०२ | ५०.९५ |
| ३०८१५०४ | भेरी ववई - डाइभर्सन बहुउद्देश्यीय आयोजना | ३८२५२१० | ३७७८८६५ | ९८.७९ |
| ३०८१५१४ | जलसाधन योजना तयारी सुविधा आयोजना | ५१३५०० | १७७९५१ | ३४.६५ |
| ३०८१५२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | १०१०८८ | ७३२० | ७.२४ |
| ३०८१५४४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | ४३९०० | २८०२२ | ६३.८३ |
| ३०८१५५४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | २७४५०० | २०५७८६ | ७४.९७ |
| ३०८१५६४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १६९०० | १३८४५ | ८१.९२ |
| ३०८१५७४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | १९४५०० | १४२१८२ | ७३.१० |
| ३०८१५८४ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | २००८०० | १५५२६५ | ७७.३२ |
| ३०८१६०४ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | ५८००० | ४८०५३ | ८२.८५ |
| | **जम्मा** | **३४२१२००७** | **२८५३०१७२** | **८३.३९** |

## १०. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ८४४४४७ | ५६४५४४ | ६६.८५ |
| ३०८००१०१३ | बुढी गण्डकी जलविद्युत आयोजना | ३१६०० | १५७६६ | ४९.८९ |
| ३०८००१०२३ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | १५७०० | ३५०४ | २२.३२ |
| ३०८००१०३३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १३०६७०० | १६५०१२ | १२.६३ |
| ३०८००१०४३ | राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम | २१५५९०० | ७८३३९३ | ३६.३४ |
| ३०८०१०११३ | विद्युत विकास विभाग | ७४२०० | ४५२९४ | ६१.०४ |
| ३०८०११०१३ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन | ३००० | २४७ | ८.२४ |
| ३०८०११०२३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | २२४४४ | ६५१० | २९.० |
| ३०८०११०३३ | पंचेश्वर बहुउद्देश्यीय आयोजना | ५२०० | २३२३ | ४४.६६ |
| ३०८०११०६३ | बुढीगंगा जलविद्युत आयोजना | २८७०० | १३१७० | ४५.८९ |
| ३०८०२०११३ | जल तथा मौसम विज्ञान विभाग | १००९०० | ४४४०१ | ४४.०१ |
| ३०८०२१०१३ | जल तथा मौसम विज्ञान कार्यक्रम | १०३३०० | ४८५५७ | ४७.०१ |
| ३०८०२१०२३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | २०४१०० | १९२३६ | ९.४२ |
| ३०८०३०११३ | जलस्रोत तथा सिँचाइ विभाग | ७४४०७९ | १६३०१९ | २१.९१ |
| ३०८०३०१२३ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | ९६८०० | ४९९५१ | ५१.६ |
| ३०८०३०१३३ | यान्त्रिक कार्यालय-३ | १८१०० | ८९३८ | ४९.३८ |
| ३०८०३१०१३ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १२५०० | ५९८० | ४७.८४ |
| ३०८०३१०२३ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ ) | १६९०० | ७६५६ | ४५.३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३१०३३ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | १४०० | ४७७ | ३४.०७ |
| ३०८०३१०४३ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | ७०० | २१३ | ३०.४६ |
| ३०८०३१०५३ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | २११०० | १०७९७ | ५१.१७ |
| ३०८०३१०६३ | नदी नियन्त्रण | २१५०० | ११९७९ | ५२.० |
| ३०८०३१०७३ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ५३०० | १०६५ | २०.०९ |
| ३०८०३१०९३ | मर्मत संभार आयोजनाहरु | १३००० | ५३३२ | ४१.०२ |
| ३०८०३११०३ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ९५०० | २०८० | २१.८९ |
| ३०८०३१११३ | बागमती सिँचाइ आयोजना | २६८०० | १७१२५ | ६३.९ |
| ३०८०३११२३ | बबई सिँचाइ आयोजना | २५५०० | १६०२८ | ६२.८६ |
| ३०८०३११३३ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | २२४०० | १२३७३ | ५५.२४ |
| ३०८०३११४३ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३१३०० | २४१३१ | ७७.१ |
| ३०८०३११५३ | प्रगन्ना तथा बड्कापथ  सिँचाइ आयोजना, दाङ | ६७०० | ५४२२ | ८०.९२ |
| ३०८०३११६३ | सिक्टा सिँचाइ आयोजना | २७८०० | १७४४८ | ६२.७६ |
| ३०८०३११७३ | पालुङटार कुण्डुटार -सिँचाइआयोजना | ४९०० | ३०९७ | ६३.२ |
| ३०८०३११९३ | रानी जमरा  कुलरिया सिँचाइ आयोजना प्रणाली (आधुनिकीकरण समेत | ४४५०० | २१६२२ | ४८.५९ |
| ३०८०३१२०३ | भेरी ववई -  डाइभर्सन बहुउद्देश्यीय आयोजना | २१५०० | १४९७८ | ६९.६७ |
| ३०८०३१२१३ | जलसाधन योजना तयारी सुविधा आयोजना | २०६०० | ९५३७ | ४६.३ |
| ३०८०३१२२३ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ७६०० | ५७८४ | ७६.११ |
| ३०८०३१२३३ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | १०२०० | ६८२४ | ६६.९ |
| ३०८०३१२४३ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | १३१०० | ८१२५ | ६२.०२ |
| ३०८०३१२५३ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ८१०० | ५९३५ | ७३.२७ |
| ३०८०३१२६३ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | ७००० | ४३४० | ६२.० |
| ३०८०३१२७३ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | १४४०० | ९४८६ | ६५.८८ |
| ३०८०४१०१३ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | २७५०० | १५५७० | ५६.६२ |
| ३०८२१०११३ | विद्युत नियमन आयोग | १३४०० | ५७६१ | ४२.९९ |
| ३०८२१०१२३ | जल तथा ऊर्जा आयोग | ३०९०० | १७४९३ | ५६.६१ |
| ३०८२१०१३३ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | २७०० | ११११ | ४१.१६ |
| ३०८८१०११३ | भूमिगत जलस्रोत विकास समिति | ३५२०० | २१८९३ | ६२.२ |
| | **जम्मा** | **६२५९१७०** | **२२२२७२७** | **३५.५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०००११४ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | २९१०० | ५५२ | १.९ |
| ३०८००१०१४ | बुढी गण्डकी जलविद्युत आयोजना | ७८३५१०४ | २५५४४९५ | ३२.६ |
| ३०८००१०२४ | विद्युत विकास दशक सम्बन्धी कार्ययोजना | १७९३०० | ८७५ | ०.४९ |
| ३०८००१०३४ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १५१०० | ० | ० |
| ३०८०१०११४ | विद्युत विकास विभाग | २९००४ | ३२९४ | ११.३६ |
| ३०८०११०२४ | सप्तकोशी बहुउद्देश्यीय आयोजना | ६२६०० | ९९ | ०.१६ |
| ३०८०११०३४ | पंचेश्वर बहुउद्देश्यीय आयोजना | ३००० | ० | ० |
| ३०८०११०४४ | जलविद्युत आयोजना अध्ययन | ८३८०५९ | १२३७६६ | १४.७७ |
| ३०८०११०५४ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड | ३५०० | ० | ० |
| ३०८०११०६४ | बुढीगंगा जलविद्युत आयोजना | १६४१५०० | २५१४९ | १.५३ |
| ३०८०२०११४ | जल तथा मौसम विज्ञान विभाग | ७०१३०० | ३०३४२५ | ४३.२७ |
| ३०८०२१०१४ | जल तथा मौसम विज्ञान कार्यक्रम | ४६४०० | १५१८३ | ३२.७२ |
| ३०८०२१०२४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना | ८३४००० | १११९८१ | १३.३३ |
| ३०८०३०११४ | जलस्रोत तथा सिँचाइ विभाग | १६०० | ३४१ | २१.३२ |
| ३०८०३०१२४ | सिँचाइ व्यवस्थापन डिभिजन - ८ | १२००० | ५५५४ | ४६.२८ |
| ३०८०३०१३४ | यान्त्रिक कार्यालय-३ | ४४०० | २०३३ | ४६.२२ |
| ३०८०३१०१४ | सिँचाइ संस्थागत विकास कार्यक्रम | १६३०० | ३८१७ | २३.४२ |
| ३०८०३१०२४ | सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना (सिँचाइ) | २३२०० | ० | ० |
| ३०८०३१०३४ | सिँचाइ संभाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रम | ९२६०० | २९६ | ०.३२ |
| ३०८०३१०४४ | यान्त्रिक व्यवस्थापन कार्यक्रम | २०००० | ४१६३ | २०.८२ |
| ३०८०३१०५४ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | ३६८६०० | ७७७२१ | २१.०९ |
| ३०८०३१०६४ | नदी नियन्त्रण | १९७८००० | ११०९९८१ | ५६.१२ |
| ३०८०३१०७४ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | ७०२०० | ५९९ | ०.८५ |
| ३०८०३१०८४ | भारतीय अनुदान सहयोगमा संचालित नदी नियन्त्रण आयोजनाहरु ( बागमती,कमला,खाँडो र लालबकैया समेत) | ५९०००० | ० | ० |
| ३०८०३१०९४ | मर्मत संभार आयोजनाहरु | २२८००० | १२४४४८ | ५४.५८ |
| ३०८०३११०४ | बृहत सरकारी सिँचाइ योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण | ३९८४०० | १५१५१९ | ३८.०३ |
| ३०८०३१११४ | बागमती सिँचाइ आयोजना | ४५३३०० | ९४४४९ | २०.८४ |
| ३०८०३११२४ | बबई सिँचाइ आयोजना | १४७३१०० | ५२२९५४ | ३५.५ |
| ३०८०३११३४ | महाकाली सिँचाइ आयोजना (कन्चनपुर) | ४१७२०० | ३४८२८१ | ८३.४८ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३०८०३११४४ | सुन्सरी मोरङ सिँचाइ आयोजना (तेस्रो) | ३६८८०० | ५९३०६ | १६.०८ |
| ३०८०३११५४ | प्रगन्ना तथा बड्कापथ सिँचाइ आयोजना, दाङ | १९५५०० | १२३५७५ | ६३.२१ |
| ३०८०३११६४ | सिक्टा सिँचाइ आयोजना | १४९२५०० | ६८४३५६ | ४५.८५ |
| ३०८०३११७४ | पालुङटार कुण्डुटार -सिँचाइआयोजना | ३९४०० | ८६७७ | २२.०२ |
| ३०८०३११८४ | टार - बजार संरक्षण कार्यक्रम (इन्द्रावती बगर कोरिडोर समेत) | २५७८०० | १०३१३८ | ४०.०१ |
| ३०८०३११९४ | रानी जमरा कुलरिया सिँचाइ आयोजना ( प्रणाली आधुनिकीकरण समेत) | २६५३७७१ | ९९२५३३ | ३७.४ |
| ३०८०३१२०४ | भेरी ववई - डाइभर्सन बहुउद्देश्यीय आयोजना | ४१८१३०० | १२६५४४९ | ३०.२६ |
| ३०८०३१२१४ | जलसाधन योजना तयारी सुविधा आयोजना | ६१०७०० | २४८६६ | ४.०७ |
| ३०८०३१२२४ | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | ३४४५०० | १३४२ | ०.३९ |
| ३०८०३१२३४ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | ९५२५०० | २२५१३ | २.३६ |
| ३०८०३१२४४ | सुनकोशी मरिन डाईभर्सन बहुउद्देश्यीय आयोजना | २२५२३०० | २१०७६७ | ९.३६ |
| ३०८०३१२५४ | बृहद् दाङ उपत्यका सिँचाइ आयोजना | ८५००० | ३९७३६ | ४६.७५ |
| ३०८०३१२६४ | नयाँ प्रविधिमा आधारित नदि नियन्त्रण कार्यक्रम | ४९१९०० | ६५२०६ | १३.२६ |
| ३०८०३१२७४ | एकीकृत ऊर्जा तथा सिँचाइ विषेश कार्यक्रम | १५१७५०० | ४५३३ | ०.३ |
| ३०८०३१४८४ | पुर्वी रासी लोथरसौराहा कङ्क्रिट डाइक निर्माण - आयोजना | २०००० | ० | ० |
| ३०८०४१०१४ | जलस्रोत अनुसन्धान तथा विकास केन्द्र | १६९३०० | ८५९३ | ५.०८ |
| ३०८२१०११४ | विद्युत नियमन आयोग | ४०९०० | ३५३३५ | ८६.३९ |
| ३०८२१०१२४ | जल तथा ऊर्जा आयोग | ३६१०० | ३९२२ | १०.८६ |
| ३०८२१०१३४ | नदि बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना तर्जुमा आयोजना | ४१८७०० | १६५९५९ | ३९.६४ |
| ३०८८१०११४ | भूमिगत जलस्रोत विकास समिति | २३४०० | ४९३६ | २१.०९ |
| | **जम्मा** | **३४५१६७३८** | **९४०८९१७** | **२७.२६** |

◆ ◆ ◆

# कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

## १. पृष्ठभूमिः

कानुनी राज्यको अवधारणाअनुरुप नेपाल कानुनको तर्जुमा, मौजुदा कानुनमा समसामयिक संशोधन, नेपाल राजपत्रको प्रकाशन तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय विषयमा कानुनी राय लगायत राष्ट्रिय न्याय प्रणाली र न्याय प्रशासनसँग सम्बन्धित कार्यसम्पादन गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको स्थापना भएको हो।

## २. दीर्घकालीन सोचः

नेपाली जनताको इच्छा र आकांक्षा अनुकूलको कानुनी संरचना, न्याय अनुभूत गर्न सक्ने न्याय प्रबन्ध र देश विकास तथा राज्य सञ्चालनका लागि आवश्यक कानुन तर्जुमा गर्ने।

## ३. उद्देश्यः

- संविधानप्रदत्त मौलिक हक र विश्वव्यापीरूपमा अवलम्बन गरिएका मानव अधिकारको प्रवर्द्धन र संरक्षण गर्ने,
- कानुनको प्रभावकारी कार्यान्वयनबाट कानुनी शासनको अनुभूति जनतामा पुऱ्याउने, कानुनी सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने।

## ४. रणनीतिः

- ऐन, अध्यादेश, नियम र आदेश बनाउने सम्बन्धमा परामर्श दिने, मस्यौदा गर्ने, मस्यौदा जाँच गर्ने,
- नेपाल सरकारको लागि आवश्यक पर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी विवादको सम्बन्धमा आवश्यक राय परामर्श दिने,
- कानुनको एकीकरण तथा संहिताकरण, नेपाल कानुन, अन्तर्राष्ट्रिय कानुन, न्याय प्रणाली र न्याय प्रशासनको अनुसन्धान, पुनरावलोकन, सुधार गर्ने,
- न्याय प्रशासनसम्बन्धी काम गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन् :

- संघीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति,
- संघीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणीकरण,
- सरकारी तथा गैरसरकारी विधेयक,
- सार्वजनिक लिखत प्रमाणीकरण,
- सर्वोच्च अदालत, न्याय परिषद्, न्याय सेवा आयोग, उच्च अदालत, जिल्ला अदालत तथा संघीय कानुन अन्तर्गत गठित विशिष्टीकृत अदालत र न्यायिक निकाय,

- कानुनी राय तथा परामर्श,
- नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन,
- नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा फिर्ता, मिलापत्र तथा प्रतिरक्षा,
- सन्धि, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानुनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानुनको विषयमा अपनाउनुपर्ने दृष्टिकोणमा परामर्श,
- अन्तर्राष्ट्रिय कानुनी विवाद,
- राष्ट्रिय न्याय प्रणाली, न्यायप्रशासन तथा अन्तर्राष्ट्रिय कानुनसम्बन्धी अध्ययन, अनुसन्धान,
- अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सो सम्बन्धी परामर्श,
- पारस्परिक कानुनी सहायता,
- सरकारी आश्वासन तथा सङ्कल्प प्रस्ताव,
- फौजदारी तथा देवानी कानुन निर्माण, अनुसन्धान तथा पुनरावलोकन,
- संघीय कानुनको प्रकाशन तथा वितरण,
- प्रदेश र स्थानीय तहको लागि नमुना कानुनको मस्यौदा र समन्वय,
- मानव अधिकार र मानवीय कानुन,
- न्यायमा पहुँच र निःशुल्क कानुनी सहायता, विवाद समाधानका वैकल्पिक उपाय, मेलमिलाप,
- कानुन व्यवसायी परिषद्,
- नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद्,
- नेपाल सरकारलाई आवश्यक पर्ने कानुन तथा कानुनी लिखत र सन्धिको अनुवाद,
- नेपाल पक्ष भएका सन्धिको केन्द्रीय अभिलेखीकरण,
- कानुनको एकीकरण र संहिताकरण,
- अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको प्रकाशन,
- संघीय संसद कार्यसञ्चालन तथा सम्पर्क,
- नेपाल कानुन आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक जाँचबुझ आयोग,
- सत्य निरुपण तथा मेलमिलाप आयोग,
- बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- नेपाल न्याय सेवाको न्याय समूह र कानुन समूहको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्य | प्रगति |
|---|---|---|
| २५६ | नागरिकलाई मानव अधिकारका आधारभूत पक्षमा सजग र क्रियाशील बनाउन जनचेतना | • कानुनसम्बन्धी पुस्तिका प्रकाशन, मोबाइल एप्स निर्माण र सञ्चालन |

| | | |
|---|---|---|
| | अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ। संवैधानिक आयोगहरूको कार्य प्रभावकारी बनाउन क्षमता अभिवृद्धि गरिनेछ। संवैधानिक निकायहरूलाई साधन स्रोत सम्पन्न गरी क्षमता विकास गरिनेछ।यी निकायहरूका निर्माणाधीन भवनहरूलाई आवश्यक रकम विनियोजन गरेको। संघ, प्रदेश र स्थानीय तहका व्यवस्थापिकामा रिक्त स्थानका लागि उपनिर्वाचन गरिनेछ। | तथा वेभसाइट अद्यावधिक गरिएको।<br>• भदौ पहिलो साता सातवटै प्रदेशमा मुलुकी संहिता कार्यान्वयनको एक वर्ष समीक्षात्मक कार्यक्रम सम्पन्न गरिएको।<br>• संघ, प्रदेश र स्थानीय तहका व्यवस्थापिकाको रिक्त स्थानका लागि निर्वाचन सम्पन्न भएको। |
| २५७ | न्यायमा सबैको पहुँच सुनिश्चित गर्न न्याय प्रशासनलाई सरल, मितव्ययी र प्रभावकारी बनाइने छ। मौलिक हक, संङ्घीयता कार्यान्वयन, विकास निर्माण, लगानी प्रवर्द्धन तथा सुशासन लगायतका क्षेत्रमा आवश्यक पर्ने कानुन निर्माण र सुधार गरिनेछ। | • न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको, जसमा धनकुटा, पर्वत, महोत्तरी, बाँके र बर्दिया जिल्लामा ४ वटा कार्यक्रम गरिएको र कुल ३ सय ३५ सहभागी रहेको।<br>• प्रदेश कानुन नेपालको संविधान र प्रचलित नेपाल कानुनअनुरुप रहे नरहेको सम्बन्धमा प्रदेश कानुनको पुनरावलोकन गर्ने कार्य भइरहेको। |
| २५९ | देवानी र फौजदारी संहिताको प्रभावकारी कार्यान्वयन गरिनेछ। हिंसापीडित महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, बालबालिका र ज्येष्ठ नागरिक पक्षलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराइनेछ।सम्बन्धित कानुनमा संशोधन र पदाधिकारीको नियुक्ति गरी संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम पूरा गरिनेछ। | • एकीकृत कानुनी सहायता नीतिको मस्यौदा मन्त्रिपरिषद्बाट पारित भएको।<br>• निःशुल्क कानुनी सहायताको प्रभावकारितासम्बन्धी अन्तरकृया कार्यक्रम तेह्रथुम, लमजुङ र सिरहा जिल्लामा गरिएको, उक्त कार्यक्रममा ४ सय २ सहभागी रहेको।<br>• सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगका पदाधिकारीको नियुक्ति भई कामकारवाही अगाडि बढेको। |
| २८३ | संघीयता कार्यान्वयनका सम्बन्धमा तर्जुमा हुन बाँकी संघीय कानुनहरु तर्जुमा गरिनेछ। संघ, प्रदेश र स्थानीय तहले कानुन बनाउँदा समन्वय | • नयाँ ऐन निर्माणको लागि २३ अवधारणापत्रमा सैद्धान्तिक सहमति प्रदान गरिएको। |

| | | |
|---|---|---|
| | गर्ने संयन्त्र विकास गरिनेछ। जिल्ला समन्वय समितिलाई स्थानीय तहको क्षमता विस्तार, विकास निर्माण कार्यको अनुगमन, तथ्याङ्क संकलन एवं प्रतिवेदन तयारी र गैरसरकारी संस्थाहरुको अनुगमन कार्यमा प्रभावकारी उपयोग गरिनेछ। | • नेपाल सरकारले सङ्घीय संसदमा पेश गर्ने २७ विधेयकको मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको।<br>• नेपाल सरकारले जारी गर्ने ३५ नियमावलीहरुको मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको।<br>• गठन आदेश, निर्देशिका गरी जम्मा २४ मस्यौदा तर्जुमा तथा सहमति प्रदान गरिएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादित मुख्य-मुख्य कार्यहरू:

- सञ्चार माध्यमबाट कानुनका कुरा नामक कानुनी सचेतनासम्बन्धी कार्यक्रम प्रसारण भइरहेको जसमा सम्ममा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट ५१ कार्यक्रम प्रसारण भइसकेको।
- कानुनी शिक्षा सचेतना पुस्तिका र मुलुकी संहिताको सारसंक्षेप पुस्तिका प्रकाशन भएको।
- असोजदेखि कानुनका विद्यार्थीलाई इन्टर्नको रूपमा मन्त्रालयको काम कारवाहीमा संलग्न गराइएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- संघीय व्यवस्था सुदृढीकरणको लागि नेपालको संविधान जारी हुँदाका बखत लागु रहेका तथा त्यसपछि बनेका ऐनहरूको पुनरावलोकन गरी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ र संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट १ सय ६५ ऐनहरूलाई संशोधन गरिएको।
- मुलुकी देवानी संहिता, मुलुकी अपराध संहिता लगायतका संहिताहरूको प्रचार प्रसारको साथमा संहिताहरू कार्यान्वयनमा आएको।
- संहिताको व्यवस्थालाई प्रभावकारी बनाउनको लागि तत्काल गर्नु पर्ने सुधारका विषयलाई समावेश गरी मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ जारी भई त्यसबाट संहितासहितका विभिन्न ८ ऐनमा संशोधन गरिएको।
- नयाँ ऐन निर्माण तथा संशोधनसहित अन्य विभिन्न ३२ ऐनहरू निर्माण भई जारी भएको।
- २ सय २ ऐनको संशोधन तथा तर्जुमा गरिएको। विभिन्न २९ विधेयकको मस्यौदामा सहमति दिइएको। संङ्घीय संसदमा विभिन्न ५९ वटा विधेयकहरू दर्ता तथा पेश गरिएको।
- मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा परिपूर्तिको लागि विभिन्न राष्ट्रिय कार्ययोजनाबमोजिम कानुनी सचेतना कार्यक्रम विभिन्न जिल्लाका स्थानीय तह तथा शैक्षिक संस्थामा सञ्चालन गरिएको। यस प्रकारका २५ कार्यक्रम सम्पन्न भई ४ हजार ५६ जना प्रत्यक्ष लाभान्वित भएको।
- मुलुकी देवानी संहिता लगायतका संहिताहरूले गरेका नवीनतम् व्यवस्थाको बारेमा नेपाल टेलिभिजन, रेडियो नेपाल लगायतका सञ्चार माध्यमबाट जानकारी प्रवाह गरिएको र विभिन्न ६ जिल्लामा ६ वटा कार्यक्रम सञ्चालन गरिएको। जिल्लामा सञ्चालित अन्तरकृया कार्यक्रममा १ हजार ३६ जनाको प्रत्यक्ष रूपमा सहभागिता रहेको।

- स्थानीय न्यायिक समितिको काम कारबाहीमा प्रभावकारिता ल्याउनको लागि विभिन्न १० वटा जिल्लाका स्थानीय तहको न्यायिक समितिका पदाधिकारीसँगै अन्तरक्रिया तथा न्याय सम्पादनसम्बन्धी प्रशिक्षणको काम सम्पन्न भएको। यसबाट ९ सय ४८ जना प्रत्यक्ष रूपमा लाभान्वित भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४३८७४९ | २२५०४९ | ५१.२९ |
| ३११०१२३ | नेपाल कानुन आयोग | ३१९११ | २५८५६ | ८१.०२ |
| ३११०१३३ | न्याय सेवा तालिम केन्द्र | ३०६०० | २६३५७ | ८६.१३ |
| | **जम्मा** | **५०१२६०** | **२७७२६२** | **५५.३१** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १०१५० | ७९८३ | ७८.६५ |
| ३११०१२४ | नेपाल कानुन आयोग | १२७५ | १२३४ | ९६.८० |
| ३११०१३४ | न्याय सेवा तालिम केन्द्र | ९०० | ९०० | १००.०० |
| | **जम्मा** | **१२३२५** | **१०११८** | **८२.०९** |

## १०.आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११३ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४५००१६ | ११७६९४ | २६.१५ |
| ३११०१०११३ | न्याय सेवा तालिम केन्द्र | २७७०० | २३५२९ | ८४.९४ |
| ३११२१०११३ | नेपाल कानुन आयोग | ३२७४० | १८१४३ | ५५.४२ |
| | **जम्मा** | **५१०४५६** | **१५९३६६** | **३१.२२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३११०००११४ | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | १६१९२ | ८४१ | ५.१९ |
| ३११०१०११४ | न्याय सेवा तालिम केन्द्र | ९०० | ४०० | ४४.४४ |
| ३११२१०११४ | नेपाल कानुन आयोग | ७७८५ | ७१७२ | ९२.१३ |
| | **जम्मा** | **२४८७७** | **८४१३** | **३३.८२** |

◆ ◆ ◆

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको कृषि विकाससम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागतरूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट शुरू भएको हो। यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं.१९९४ मा कृषि परिषद्को गठन भयो। वि.सं. २०३० सालमा खाद्य, कृषि तथा सिँचाइ मन्त्रालयका रूपमा रहेको यो मन्त्रालय आर्थिक वर्ष २०५५/५६ मा कृषि तथा सहकारी मन्त्रालय हुँदै २०६९ जेष्ठ ५ मा कृषि विकास मन्त्रालय र आ. व. २०७४/७५ देखि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रूपमा रहेको छ।

## २. दीर्घकालीन सोंचः

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउने।

## ३. उद्देश्यः

- कृषि उत्पादन एवं उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने,
- प्राकृतिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवं सदुपयोग गर्ने।

## ४. रणनीतिः

- कृषि उत्पादनको व्यावसायिकीकरण, विविधीकरण, गुणस्तर प्रवर्द्धन र ग्रामीण पूर्वाधारहरूको विकास र यान्त्रिकीकरण मार्फत उत्पादन र उत्पादकत्व बढाई आयआर्जन र रोजगारीका अवसर वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने,
- उन्नत र गुणस्तरीय बीउ विजनको सुरक्षा, विषादिका असरहरूलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्यबिमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मूलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर, मापदण्ड निर्धारण तथा अभिवृद्धि गर्ने,
- कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषिजन्य उद्योगको विकासमा जोड दिने,
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुहरूको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीय स्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिहरूको विकास एवं विस्तार गर्ने,

- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवालाई व्यवसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरूको सहकार्यमा प्राविधिक, कृषक/कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- कृषि शिक्षा, अनुसन्धान र प्रसार बीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरू बीच अन्तर निकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयनलाई नतिजाउन्मूख बनाउने,
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क सङ्कलन एवं विश्लेषण प्रणालीलाई समयानुसार आधुनिकीकरण गर्दै तथ्यमा आधारित (Evidence Based) कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशहरूको विभिन्न भू-परिस्थितिकीय (Agro-eco Zone) क्षेत्रमा उन्नत प्रविधिहरूको प्रभावकारी अनुसरणको लागि नमूना प्रविधि गाउँ (Model Technology Village), कृषक पाठशाला (Farmers' Field School) र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्यपदार्थको गुणस्तर तथा खाद्य स्वच्छतासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- कृषि तथा पशुपन्छीजन्य औषधी, सूक्ष्मतत्व र जैविक विषादिको उपयोग र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतिजन्य क्वारेन्टाइनसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यन्वयन र नियमन,
- विषादिको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन,
- कृषिसम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण,
- कृषि तथ्याङ्क प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार,
- कृषि तथा खाद्यसम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणीकरण, प्रयोगशाला विकास र व्यवस्थापन,
- रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन,
- कृषि, मत्स्य तथा पशुपन्छीजन्य महामारी नियन्त्रण,
- कृषि औद्योगिकीकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय,
- बीउविजन एवं नश्लसम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन,
- अन्तरदेशीय चरन तथा खर्कसम्बन्धी नीति, कानुन र नियमन,
- पशुपन्छीजन्य औषधी र दानाको नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन;
- पशु चिकित्सासम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र व्यवस्थापन,
- पशु चिकित्सकको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

- दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरुको अनुसन्धान र विकास,
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- कृषि तथा पशुपन्छी बिमासम्बन्धी नीति र मापदण्ड,
- पशु सेवासम्बन्धी प्रयोगशालाको सम्बद्धता,
- राष्ट्रिय किसान आयोग,
- नेपाल कृषि अनुसन्धान परिषद्,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल कृषि सेवाको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ९२ | नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिबीको अन्त्य गर्न, ठूलो सङ्ख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धि गर्न तथा सबल अर्थतन्त्र निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्नका लागि कृषियोग्य जमिनको उपयोग, सिँचाइ, ग्रामीण सडक, ग्रामीण विद्युतीकरण, उत्पादनको बजार तथा भण्डारण लगायतका क्षेत्रमा बजेट विनियोजन गरिएको। त्यस्तै, कृषि सामग्रीमा अनुदान, कृषि व्यवसायमा सहुलियत ऋण तथा यान्त्रिकीकरणमा पुँजीगत अनुदान समेतको कार्यक्रम अगाडि बढाइएको। | • धानको उत्पादकत्वमा गत आर्थिक वर्ष १.०६ प्रतिशत वृद्धि भई ५५ लाख ५० हजार ८ सय ७८ मे. टन उत्पादन भएको।<br>• मकैको उत्पादन ६.६५ प्रतिशतले वृद्धि भई २८ लाख ९३ हजार ९ सय ८७ मे. टन भएको र उत्पादकत्वमा ६.४६% ले बढोत्तरी भई ३.०२ मे.टन. प्रति हेक्टर पुगेको।<br>• आलुको उत्पादन ३.६३% वृद्धि भई ३२ लाख २५ हजार ८ सय ७९ मे. टन भएको।<br>• सिँचाइ सुविधा विस्तारको लागि कृषि यान्त्रिकीकरण प्रवर्द्धन केन्द्र, धनुषा मार्फत् ८ स्थानमा डिपट्युवेलको जडान कार्य सम्पन्न भएको। ९ सय स्यालो टयूववेलको सम्झौता कार्य सम्पन्न भई ५ सय जडान भइसकेको।<br>• रानीजमरा कुलरिया सिँचाइ आयोजना, कैलाली मार्फत् अनुदानमा २ सय ८४ कृषियन्त्र वितरणको लागि कृषक समूह/सहकारी छनौट गरिएको।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | पाँचथरमा २, प्यूठानमा १ र अर्घाखाँचीमा ३ वटा कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि अनुदान प्रवाह भएको। यस आयोजनाका विभिन्न जिल्लामा रहेका परियोजना कार्यान्वयन इकाईबाट ८० कस्टम हायरिङ्ग सेन्टर स्थापनाको लागि अनुगमन मूल्याङ्कन सम्पन्न गरी निर्माण कार्य शुरू गरिएको।<br>• पशुनश्ल सुधारका लागि ४ लाख ५८ हजार ९ सय ५० पशुहरूमा कृत्रिम गर्भाधान गरिएको, १ लाख ७४ हजार ६ सय ३४ लिटर तरल नाईट्रोजन खरिद तथा वितरण गरिएको, ५ लाख २३ हजार ८ सय २८ डोज राँगो, साँढे तथा बोकाको जमेको वीर्य संकलन गरिएको, ४ करोड ५४ लाख मत्स्यका भुरा, ह्याचलिङ्क, एडभान्स, फिँगरिलिङ्कस तथा सौदर्य माछा वितरण गरिएको।<br>• कृषि व्यवसायको जोखिम न्यूनीकरणको हिसाबले लागु गरिएको कृषि बिमा कार्यक्रम अन्तर्गत रू. २५ करोड ५१ लाख ९८ हजार बिमा समितिलाई भुक्तानी भएको।<br>• कृषि सामग्री कम्पनी लि. बाट यस आर्थिक वर्षको फाल्गुण मसान्तसम्म २ हजार ९ सय ५५ मे. टन गहुँ, ४ मे. टन मुसुरो तथा ५ मे. टन तोरीको उन्नत बीउ वितरण गरिएको।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् ५ वटा सँकलन केन्द्र निर्माण कार्य अघि बढिसकेको। रुकुम पश्चिममा १ वटा बीउ प्रशोधन प्लान्ट निर्माण सम्पन्न भएको। ६ वटा कृषि उपज भण्डारण घर मध्ये २ वटाको |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | निर्माण कार्य ५० प्रतिशत भन्दा बढी भएको। |
| ९३ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई पुनर्संरचना गरी विस्तार गरिने। आगामी आर्थिक वर्ष पकेट, ब्लक, जोन र सुपरजोनका निश्चित मापदण्ड बनाई ३१ बाली विशेष र ८ पशुपालन गरी थप ३९ जोनमार्फत् ६९ हजार हेक्टरमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यक्रम विस्तार गरिनेछ। सम्भाव्यताको आधारमा फापर र भटमासको जोन निर्धारण गरिनेछ। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत देशैभरि १ सय ६ वटा जोन (खाद्यान्न २२, तरकारी १७, आलु १०, दलहन र तेलहन ४, फलफूल बाली २२, निर्यातजन्य उच्च मूल्य बाली १९ र पशुपालन तर्फ १२) र १६ वटा सुपरजोन (खाद्यान्न ६, तरकारी १, आलु २, फलफूल ३, कफि १ र माछा ३) गरी १ सय २२ वटा जोन तथा सुपरजोन ७५ वटा जिल्लामा परियोजना कार्यान्वयन इकाई मार्फत् कार्यक्रम सञ्चालन भइरहेको।<br>• उपरोक्त जोन, सुपरजोनका विशष्टीकृत बाली वस्तु ७६ हजार हेक्टर क्षेत्रफलमा विस्तार भएको। |
| ९४ | खाद्यान्न तथा पशुपन्छीजन्य उत्पादन बढाई मुलुकलाई आधारभूत खाद्यान्नमा शीघ्र आत्मनिर्भर बनाइनेछ। अन्डा र कुखुराको मासुको आत्मनिर्भरतालाई दिगो बनाउँदै आगामी वर्ष दूध, माछा, मासु र ताजा तरकारीमा समेत आत्मनिर्भर हुने गरी पशुपालन, मत्स्य पालन र तरकारी खेती प्रवर्द्धन गरिनेछ। आलु र प्याजको आन्तरिक उत्पादन बढाउने गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ | • खसी बोका उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालनको लागि ९ जिल्लामा स्थान छनौट गरी समिति गठन पश्चात अभिमुखीकरण समेत गरिएको।<br>• यस आर्थिक वर्षदेखि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत पशुजन्य वस्तुहरूमा समेत जोन निर्धारण गरी कार्यक्रम सञ्चालन गरिएको तथा यस परियोजनाका पकेट, ब्लक, जोन तथा सुपरजोनबाट तरकारी उत्पादन तथा बजारीकरणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गरिएको। |
| ९५ | भू-चक्लाबन्दी मार्फत् सामूहिक, सहकारी र करार खेतीलाई प्रोत्साहित गर्न पहाडमा १ सय रोपनी भन्दा बढी र तराईमा १ सय विघा भन्दा बढी जमिन एकीकरण गरी व्यावसायिक खेती, पशुपन्छी पालन र जडिबुटी खेती गर्नेलाई निश्चित मापदण्डको आधारमा अनुदान, प्राविधिक सहयोग र मेशिनरी आयातमा कर सहुलियत दिइनेछ। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका विभिन्न ईकाईबाट भू-चक्लाबन्दी खेती प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको।<br>• चक्लाबन्दीमा आधारित रही कृषि उत्पादन गर्नको लागि जुम्लामा १ हजार ४ सय ४० रोपनी र डडेल्धुरामा १ हजार २ सय हेक्टरको माग संकलन भई कृषक समूहसँग सम्झौता भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • परियोजना कार्यान्वयन इकाई सिन्धुपाल्चोक मार्फत इन्द्रावती गाउँपालिकामा ४ हजार रोपनीमा चक्लाबन्दी कृषि कार्यक्रम सञ्चालनको लागि सम्झौता भएको।<br>• झापा जिल्लामा ४ सय रोपनीमा चक्लाबन्दीमा कृषि उत्पादन गर्नको लागि सम्झौता भएको।<br>• उदयपुरको वेलका न.पा.मा जग्गा चक्लाबन्दी गरी एकीकृत नमुना कृषि फार्म तथा कृषि बजार पूर्वाधार विकास गर्न सहयोग गर्नको लागि सशर्त बजेट हस्तान्तरण गरिएको। |
| ९६ | रासायनिक मलको सर्वसुलभ आपूर्ति सुनिश्चित गरी कृषि उत्पादन बढाउन रासायनिक मल खरिदको अनुदान ५० प्रतिशतले वृद्धि गरिएको। मलखादको सन्तुलित प्रयोगमार्फत माटोको गुणस्तर र उत्पादकत्व वृद्धि गर्न कृषि सामग्री कम्पनी लिमिटेडमा समिश्रित मल बनाउने मेशिनरी जडानको लागि बजेट व्यवस्था गरेको। | • कृषि सामग्री कम्पनी लि. तथा साल्ट ट्रेडिङ्ग कम्पनीबाट युरिया १ लाख ५७ हजार ८ सय ६ मे. टन, डि.ए.पि. ८८ हजार ४ सय २८ मे.टन तथा पोटास ४ हजार ३ सय १ मे.टन गरी जम्मा २ लाख ५० हजार ५ सय ३५ मे. टन रासायनिक मलखाद बिक्री वितरण गरिएको।<br>• समिश्रित मल बनाउने कारखाना निर्माण र मल गोदामघर निर्माण सम्बन्धमा कृषि सामाग्री कम्पनी लिमिटेडमा नेपाल सरकारले शेयर लगानी बापत् रू. ३४ करोड ६५ लाख निकासा गरिएको।<br>• २० हजार मे. टन क्षमताको रासायनिक मल गोदाम घर निर्माण मध्ये ५ हजार मे. टन क्षमताको विराटनगरमा, १० हजार मे. टन क्षमताको वीरगञ्जमा र ५ हजार मे. टन क्षमताको नवलपरासीमा निर्माण कार्य शुरु भइसकेको। |
| ९७ | सहकारी मार्फत् रेशम, कपास र ऊन खेतीको लागि उत्पादन र प्रशोधन कारखाना स्थापनाका लागि अनुदानको व्यवस्था गरेको। साना किसान विकास | • उखु उत्पादक कृषकहरूलाई अनुदान दिने नीतिअनुरूप कृषि विभागमा विनियोजित रकम १ अर्ब ३३ करोड ५३ लाख रुपैयाँ (९५ करोडमा थप गरिएको रकमसहित) सम्बन्धित |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बैंकको कृषि कर्जा कार्यक्रम प्रभावकारी बनाउन संस्थागत सुधार गरिनेछ। मझौला तथा साना किसान उद्यमीको सुलभ कर्जामा सहज पहुँच सुनिश्चित गर्न साना किसान विकास बैंक मार्फत् परियोजनाकै धितोमा सहुलियतपूर्ण कर्जा प्रवाह गरिने। उखु उत्पादक किसानहरूलाई उत्पादन परिमाणका आधारमा अनुदान दिइनेछ। | ८ कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा पठाइएकोमा हालसम्म सुनसरी, सिराहा, सर्लाही, बारा, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) र कञ्चनपुर जिल्लामा गरी जम्मा ४९ करोड २ लाख १६ हजार रुपैयाँ भुक्तानी भएको। |
| ९८ | बालीहरूको उन्नत जात विकास गरी बीउ प्रतिस्थापन दरमा वृद्धि गरिनेछ। जैविक र स्थानीय प्रजातिका बीउ विजनहरूको संरक्षण र विस्तार गरिनेछ। सबै प्रदेशमा बीउको गुणस्तर परीक्षणको व्यवस्था गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ। | • धानमा हर्दिनाथ हाईब्रिड धान-१, हर्दिनाथ हाईब्रिड धान-३, हर्दिनाथ साम्बा मंसुली, हर्दिनाथ बोरो धान-१, सुद्धोधन काला नमक उन्मोचनको प्रक्रियामा रहेको र अन्यको प्रस्तावना तयार हुने क्रममा रहेको।<br>• विभिन्न ८८ बालीका ६ सय ६८ जातहरू संकलन गरिएको।<br>• ३७ बालीका ३ सय ७० स्थानीय जातका बीउलाई सुरक्षित रूपमा मध्यकालीन तथा दीर्घकालीन संरक्षण कक्षमा राखिएको। |
| ९९ | आगामी ५ वर्षभित्रमा फलफूल बालीले ढाकेको क्षेत्रफल दोब्बर बनाउने गरी फलफूलको विरुवा उत्पादन र वितरण कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक र निजी साझेदारीमा हावापानी तथा धरातलीय सम्भावना अनुरूपका फलफूल खेती विस्तार गरिनेछ। उच्च मूल्यका नगदे र बेमौसमी बाली उत्पादन तथा प्रशोधन, प्याकेजिङ्ग र ब्राण्डिङ्ग गरी निर्यात गर्न प्रोत्साहन गरिनेछ। | • १ लाख ९७ हजार हिउँदे तथा सुन्तला जात एवं कफि बिरुवा उत्पादन भई स्याहार भइरहेको र ८६ हजार फलफूल रुट स्टकको उत्पादन गरिएको।<br>• ६२ हजार १ सय ४० हिउँदे विरुवा तथा १३ हजार १ सय ६१ सुन्तला जात तथा वर्षे फलफूलको बिरुवा वितरण भएको।<br>• १५ .५ केजी क्रेब एप्पल (Crab Apple) को बीउ सँकलन र बिक्री वितरण गरिएको।<br>• प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना मार्फत् निर्माण हुने ३३ वटा पोष्ट हार्भेष्ट सेन्टर मध्ये १ स्थापना भइसकेको। |
| १०० | स्थानीय तहमा घुम्ती प्रयोगशाला मार्फत् माटो परीक्षण र माटोको गुणस्तर परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। विषादीजन्य पदार्थको प्रयोगको नियमन र | • फाल्गुण मसान्तसम्म माटो परीक्षण भ्यानबाट ४ स्थानमा माटो परीक्षण शिविर सञ्चालन गरिएको। विभिन्न स्थानमा रहेका विषादि अवशेष द्रुत विश्लेषण परीक्षण प्रयोगशाला (RBPR |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गरिनेछ। शहरी क्षेत्रमा घरबाट निस्कने फोहोर व्यवस्थापन गरी अर्गानिक तरकारी उत्पादन गर्न कौसी खेतीलाई प्रोत्साहन गरिनेछ। | Lab) मार्फत् ५६ हजार १ सय ६८ नमुना परीक्षण कार्य भएको।<br>• प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्रबाट नियमित रूपमा विरुवा स्वस्थताको प्रमाणपत्र र आयात ईजाजतपत्र जारी भई आयात निर्यातमा सहजीकरण गरिरहेको।<br>• फाल्गुन महिनासम्म ४ हजार ९ सय ७७ विरुवा स्वस्थताको प्रमाणपत्र र २३ हजार ७८ वटा आयात ईजाजतपत्र वितरण गरिएको।<br>• ३८ पटक पोष्ट ईन्ट्रि क्वारेन्टिन निरीक्षण गरिएको। |
| १०१ | सबै प्रदेशमा नमुना अर्गानिक कृषि फार्म स्थापना गर्न प्रोत्साहन गरिनेछ। कर्णाली प्रदेश लगायतका पहाडी जिल्लामा प्राङ्गारिक उत्पादनलाई जोड दिइनेछ। सहकारी समुदाय र निजी क्षेत्रको सहकार्यमा ठूला क्षमताका बायोग्यास प्लान्ट स्थापना गरी एल.पि. ग्याँसको खपतलाई कम गर्नुका साथै बायोस्लरीबाट प्राङ्गारिक मल उत्पादन गर्न प्रोत्साहन गरिनेछ। कृषि सीप सिकेर वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई अर्गानिक कृषि व्यवसाय गर्न प्रोत्साहित गरिनेछ। | • बाग्मती प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका सबै कृषि ज्ञान केन्द्रहरू एवं प्रदेश नं. १ का केही स्थानीय तहहरूबाट कृषि कार्यक्रम सञ्चालनको लागि सशर्त रूपमा बजेट हस्तान्तरण गरिएको। |
| १०२ | सहकारी मार्फत् कृषि उपजहरूको थोक बजार व्यवस्थापनको लागि प्रदेश तथा स्थानीय तहको समेत सहकार्यमा अत्याधुनिक कृषि बजार पूर्वाधारहरूको निर्माण तथा सञ्चालन गर्न प्रदेश तथा स्थानीय तह मार्फत् अनुदान दिने व्यवस्था मिलाएको। उत्पादित कृषि उपजहरूको सहजरूपमा बजार सुनिश्चित गर्न देशका विभिन्न भागमा निर्माणाधीन फलफूल थोक तथा हाट बजार र कृषि थोक बजारको निर्माणलाई निरन्तरता दिइनेछ। | • रुपन्देहीमा यु. एच. टि. मिल्क प्लान्ट तथा कोहलपुर बाँकेमा धुलो दूध कारखाना स्थापनाको लागि DPR तयार गर्नको लागि सम्झौता सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १०४ | आगामी आर्थिक वर्षमा सबैलाई स्वस्थ आहार अभियान जनस्तरसम्म पुग्ने गरी सञ्चालन गरिनेछ। खाद्यान्न भण्डारण क्षमतामा वृद्धि गरी खाद्य वस्तुको गुणस्तर सुनिश्चित गर्न कीटनाशक विषादिको प्रयोगलाई सुरक्षितस्तरमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ। सबै प्रदेशमा खाद्य गुणस्तर प्रयोगशाला स्थापना गरिनेछ। गुणस्तरहीन कृषिजन्य वस्तुको आयात नियन्त्रण गरिनेछ। | • ४ हजार ६ सय ७५ पटक पशुपन्छी क्वारेन्टाईन जाँच, १ हजार १ सय २६ वटा पशुजन्य औषधि र खोपको गुणस्तर परीक्षण, दूधको ४ सय ३५, दानाको १ हजार ९ सय ८० र घाँसको ६ सय २२ नमूना संकलन तथा परीक्षण कार्य सम्पन्न गरिएको।<br>• १ हजार ३ सय ४० नमुना संकलन गरी दूध तथा मासुमा ड्रग रेसिड्यु परीक्षण गरिएको। |
| १०५ | कृषि क्षेत्रमा प्राविधिक जनशक्ति आपूर्ति गर्न एक स्थानीय तहमा कम्तीमा एक प्राविधिक उपलब्ध गराउने व्यवस्था गरिने छ। यसका अतिरिक्त कृषि तथा वन अध्ययन संस्थानमा स्नातक अध्ययनरत विद्यार्थीलाई ईन्टर्नसिप गराउने व्यवस्था गरिएको। | • कृषि तथा वन विश्वविद्यालय र महेन्द्ररत्न बहुमुखी क्याम्पस, ईलामका २ सय ३० विद्यार्थीहरूलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको विभिन्न जोन तथा सुपरजोनहरूमा ईन्टर्नको रूपमा परिचालन गरिएको। |
| १०६ | कृषि तथा पशुपन्छीसम्बन्धी प्राविधिक ज्ञान र सीप प्रदान गर्न स्थापित कृषि ज्ञान केन्द्रहरूको क्षमता बढाई किसानहरूलाई आवश्यक परामर्श तत्कालै उपलब्ध गराउने गरी कल सेन्टरको रूपमा विकास गरिनेछ। कृषि अनुसन्धान केन्द्र र कृषि क्याम्पसहरूलाई कृषि अनुसन्धान कार्यमा प्रोत्साहित गरिनेछ। | • लाईभस्टक सेक्टर ईनोभेसन परियोजनाबाट मात्र पशुपालनसम्बन्धी १ सय ८ स्थानमा कृषक पाठशालाहरु सञ्चालनमा रहेको छन्। |
| १०७ | प्रदेश तथा स्थानीय तहको सहकार्यमा कृषि तथा पशुपन्छी फार्महरूलाई उत्कृष्ट केन्द्रको रूपमा विकास गरिनेछ। प्रदेश ५ र सुदूरपश्चिम प्रदेशमा नयाँ कृषि अनुसन्धान केन्द्रको स्थापना गरिनेछ। सामूहिक, सहकारी, कबुलियती र करार खेतीमा युवाहरूलाई प्रोत्साहित गरिनेछ। | • प्रदेश नं ५ को लागि रोल्पा जिल्लाको गंगादेव गाउँपालिकाको हिलेचौर वडा नं. ३ मा तथा सुदूरपश्चिम प्रदेशमा कृषि अनुसन्धान केन्द्र स्थापनाको लागि कैलाली जिल्लाको गोदावरी नगरपालिका क्षेत्रभित्रको १ सय बिघा जमिन प्राप्तिको प्रकृया अगाडि बढाइएको।<br>• विभिन्न पशु विकास फार्मबाट बहुवर्षीय घाँसको ३७ हजार ९ सय ४८ स्लिप सेट्स तथा १२.९४ मे. टन घाँसको बीउ बिक्री वितरण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | गरिएको।<br>• इलाम र रुकुममा रहेको सरकारी कृषि फार्ममा नेचुरल्ली भेन्टिलेटेड ग्रीन हाउस निर्माण कार्य सम्पन्न भएको।<br>• बाख्रा विकास फार्म बुढितोला र बाख्रा विकास फार्म चित्लाङ्गको फार्ममा भौतिक पूर्वाधार सुधार गरिएको।<br>• रञ्जितपुर घाँसे वाली फार्ममा बीउ प्रशोधन र भण्डारण इकाई निर्माणको कार्य शुरू गरिएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- दूध उत्पादनमा गत वर्षको फागुन मसान्तको तुलनामा ४.२४% ले वृद्धि भई १५ लाख ६ हजार मेट्रिक टन, मासुमा ६.१२% ले वृद्धि भई २ सय ५२.६२ हजार मेट्रिक टन, अण्डामा ८.०४% ले वृद्धि भई १ अर्ब ११ करोड ६२ लाख गोटा पुगेको।
- खाद्य तथा गुण नियन्त्रण विभागको अगुवाईमा खाद्य तथा दाना बजार/उद्योग/ होटेल/रेष्टुरेन्ट ३ हजार ७ सय ९ पटक अनुगमन गरिएको। १० हजार ५७ खाद्य नमूना तथा ३ सय ५ वटा आहारपुरक खाद्य पदार्थ विश्लेषण गरिएको। विभिन्न वस्तुको १४ हजार ७ सय ९ वटा आयात अनुमतिपत्र जारी गरिएको तथा ५ सय ३७ होटेल स्तरीकरण लोगो वितरण एवं २८ वटा मुद्दा दायर गरिएको।
- सरकारी फार्मबाट २ मे.टन रेशम कोया, ५ सय बक्स रेशम वीज र ४ सय ५० के.जी. रेशम बीज कोया उत्पादन भएको।
- विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालालाई आवश्यक पर्ने जनशक्ति तथा बजेट सुनिश्चित भएको हुनाले यस अवधिमा विभिन्न प्रयोगशालाहरू मार्फत् ५६ हजार १ सय ६८ नमुनाहरू परीक्षण भएको। परीक्षण गरिएका मध्ये ५६ हजार ९७ हरियो, २८ पहेंलो र ४३ रातो गरी सरोकारवाला निकायलाई नतिजा प्रदान गरी आवश्यक सुझाव प्रदान गरिएको।
- नेपाल कृषि अनुसन्धान परिषद्बाट धानको १ सय ७८.८७ मे.टन, मकैको ३१.३८ मे.टन, अन्य खाद्यान्नको (जौ, कोदो, फापर) ३.३५ मे.टन, आलुको १०.७३ मे.टन, दलहनको १.५९ मे.टन, तेलहनको १.३० मे.टन, उखुको ६०.० मे.टन, तरकारीको १.० मे.टन, अदुवाको ४.५० मे.टन, बेसारको १.५ मे.टन, ढैंचाको ०.४० मे.टन, घाँसको ६.९३ गरी जम्मा ३ सय १ मे. टन, श्रोत बीउ उत्पादन भएको। ८१ हजार ८ सय ७६ वटा प्रिबेसिक आलुको बीउ तथा ६ लाख २ हजार २३ तरकारी बेर्ना उत्पादन भई नेपाल कृषि अनुसन्धान परिषद्का विभिन्न स्थानमा रहेका कार्यालयहरुबाट बिक्री वितरण भएको।
- पशु स्वास्थ्य तथा जनस्वास्थ्य कार्यक्रम अन्तर्गत ३ करोड १८ लाख ३ हजर ७ सय डोज खोप उत्पादन भई प्रदेश कार्यालय मार्फत वितरणको व्यवस्था गरिएको।

- पशुपन्छी रोग अन्वेषण प्रयोगशालहरू मार्फत् रोग निदानको लागि २७ हजार १ सय १७ नमुना संकलन तथा परीक्षण गरिएको तथा दूध, फूल, मासुको १ सय ८४ नमूनामा इन्सेक्टिसाईड, पेस्टिसाईड, हार्मोन परीक्षण गरिएको।
- २०७६ मंसिर ६ देखि ९ गतेसम्म आयोजना गरिएको चौथो राष्ट्रिय कृषि यान्त्रिकीकरण प्रदर्शनी, मा करिब ५० हजार अवलोकनकर्ता सहभागी भएको।
- तरकारी बीउ उत्पादन केन्द्र, ईलाममा यसै आर्थिक वर्षबाट तन्तु प्रजनन विधिबाट अलैंचीको बेर्ना उत्पादन कार्यक्रमको सुरुवात गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- लागत साझेदारीमा युरिया २ लाख १५ हजार ७ सय ३३.४ मे. टन, डि. ए. पि. १ लाख २२ हजार १ सय १६.४ र पोटास ७ हजार ३ सय ७७.२ मे. टन. गरी जम्मा ३ लाख ४५ हजार २२७ मे. टन. रासायनिक मल तथा ४ सय २४ मे. टन कृषि चुन वितरण भएको। भैरहवामा १ हजार मे. टनको गोदाम निर्माण कार्य र वीरगञ्ज गोदाम तथा कार्यालय भवन, सेड निर्माण कार्यको सम्झौता भएको।
- ३ हजार ४ सय ३३ मे. टन उन्नत बीउ बिक्री वितरण भएको। उन्नत बीउको सुनिश्चितताका लागि नेपाल कृषि अनुसन्धान परिषद्बाट ९ सय ५० मे. टन स्रोत बीउ उत्पादन गरी सरकारी तथा निजी बीउ उत्पादन कम्पनीलाई उपलब्ध गराइएको। बीउ प्रतिस्थापन दर १४.८७% बाट १६.३६% मा पुगेको।
- कृषि तथा पशुपन्छी व्यवसायको जोखिम न्यूनीकरणका लागि कृषकहरुलाई कृषि तथा पशुपन्छी बिमामा आबद्ध गराई कुल १८ अर्ब २ करोड बराबर कृषि तथा पशुधन बिमा गरिएको र सोको प्रिमियममा ७५% अनुदानका लागि रू. ८६ करोड अनुदान उपलब्ध गराइएको।
- विभिन्न सरकारी फार्महरूबाट २ लाख १९ हजार ४० फलफूल बिरुवा उत्पादन भएको। १ लाख २७ हजार ३ सय ९९ फलफूल बिरुवा बिक्री वितरण गरिएको र ३ लाख २५ हजार फलफूल रुट स्टक उत्पादन भएको। कफिको १२ हजार बिरुवा उत्पादन गरी १० हजार बिरुवा बिक्री वितरण भएको।
- सरकारी फार्ममार्फत् विभिन्न तरकारीको प्रजनन् बीउ १८ के.जी. र मूल बीउ १ हजार ९ सय ९१.६ के.जी. उत्पादन तथा वितरण भएको। ३ हजार ७ सय २३ ग्राम वर्णशंकर जात श्रृजनाको बीउ उत्पादन तथा वितरण भई करिब ७ सय १५ रोपनी क्षेत्रफलमा गोलभेडा उत्पादनमा सहयोग पुगेको। करिब २ लाख अलैंची तथा २६ लाख ६४ हजार तरकारीको बेर्ना उत्पादन तथा वितरण गरिएको। ८ के.जी. आलुको टि.पि.एस. तथा १०.६ के.जी. वेसिक बीउ उत्पादन तथा वितरण गरिएको। कृषि ज्ञान केन्द्र मार्फत ३ जिल्ला (सुनसरी, कपिलवस्तु र कञ्चनपुर)मा बगर खेती कार्यक्रम सञ्चालन गरिएको। प्राङ्गारिक मिशन कार्यक्रमलाई अभियानको रूपमा बाग्मती र गण्डकी प्रदेशमा सञ्चालन गरिएको।
- पशु नश्ल सुधारका लागि ६ लाख २२ हजार ६ सय १९ मात्रा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिएको, २ लाख ६६ हजार ८ लिटर तरल नाइट्रोजन उत्पादन तथा वितरण गरिएको, ६ लाख ६५ हजार ८ सय १५ डोज राँगो, साँढे तथा बोकाको जमेको वीर्य र १ सय वटा उच्च प्रजनन् मान

भएका गाईको भ्रुण खरिद गरिएको। यसबाट १ लाख १८ हजार ५ सय ४७ वर्णशंकर बाच्छी र उन्नत नस्लका ५२ हजार ३ सय पाडी उत्पादन भएको। यसबाट आगामी ३ वर्षपछि दूध उत्पादनमा १.६७% ले वृद्धि हाँसिल गर्न पूर्वाधार तयार भएको।

- १ हजार ५७ वटा स्यालो ट्युववेल र २३ डिप ट्युववेल जडानबाट ४ हजार ९२ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा उपलब्ध भएको र ४० सौर्य सिँचाइ र १ हजार २ सय ४९ साना सिँचाइबाट थप १ हजार ९ सय ३३ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा उपलब्ध भएको।
- ८ जिल्लाका १२ चिनी उद्योगमा उखु बिक्री गर्ने कृषकहरूलाई प्रति क्विन्टल रू. ६५।२८ का दरले हुन आउने कुल रकम रू. ९२ करोड ७ लाख २० हजार अनुदान स्वरूप भुक्तानी गरिएको।
- बुटवल, कटहरी, झापा तथा महेन्द्रनगर धनुषामा क्षेत्रीय थोक बजारहरू निर्माण सम्पन्न भएको। नारायणगढको क्षेत्रपुरमा रहेको महानगर फलफूल तथा तरकारी थोक बजार मार्फत तरकारी तथा फलफूलको अक्सन बजार शुरुवात गरिएको। महेन्द्रनगर, धनुषा र दमक, झापामा आधुनिक नमुना पशुपन्छी बजार सञ्चालनमा ल्याइएको। कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकीकरण प्रबर्द्धन कार्यक्रम मार्फत् ९ स्थानहरूको लागि कृषि थोक बजारको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको।
- कृषकहरूको उत्पादनको उचित मूल्य प्राप्तिको सुनिश्चितताका लागि मुख्य बालीहरूमा आ. व. २०७५/०७६ को लागि चैते र वर्षे धान (मोटा धानको रू. २ हजार ३ सय ३२.२२ र मध्यम धानको रू.२ हजार ४६०.५७ प्रति क्विन्टल), गहुँको रू. २ हजार ६ सय ८८.६६ प्रति क्विन्टल न्यूनतम समर्थन मूल्य निर्धारण गरी सिफारिस गरिएको र उखुको रू. ५ सय ३६.५२ प्रति क्विन्टल न्यूनतम खरिद मूल्य निर्धारण भएको।
- साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, उच्च मूल्य कृषि वस्तु विकास आयोजना, हिमाली आयोजना, व्यावसायिक कृषि तथा व्यापार आयोजना लगायतबाट देशभरिमा विभिन्न बाली र पशुवस्तुहरूका ३ हजार १ सय ८५ व्यावसायिक फार्म स्थापना भई सञ्चालनमा रहेको। पूरक अनुदान पद्धतिमा सञ्चालन भएका यी आयोजनाहरूबाट करिब रू.४ अर्ब फार्म विकासमा लगानी भएको र त्यतिकै परिमाणमा निजी क्षेत्रबाट समेत लगानी भई व्यावसायिक कृषि प्रणालीको विकास भएको।
- नेपाल कृषि अनुसन्धान परिषद्बाट विभिन्न बालीका ११ जात उन्मोचन हुनुका साथै ४७ जात दर्ता भई सिफारिस भएको। कृषि तथा पशुपन्छी क्षेत्रमा १९ प्रविधि विकास भएको र ७६ बालीहरूको ५ सय ३९ स्थानीय जातहरू संकलन गरी जैविक विविधता संरक्षण गरिएको।
- भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला र लाईभस्टक व्यवस्थापन प्रयोगशालाबाट H.P.L.C. र अटोमेटिक एनालाइजरको प्रयोग गरी दाना, मासु र दूधको गुणस्तरको परीक्षण शुरु गरिएको।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत २ हजार ७ सय ७६ कृषि उत्पादन पकेट क्षेत्र, ३ सय ३६ ब्लक, ६९ जोन तथा १४ सुपरजोन स्थापना भई कृषि उत्पादन सामग्री आपूर्ति र व्यवस्थापन, यान्त्रिकीकरण लगायत उत्पादित वस्तुहरूको प्रशोधन र बजारीकरणका लागि सहयोग गरिएको। साथै, यस परियोजना मार्फत् ७२ कस्टम हायरिङ्ग सेन्टर, ७१ पोष्ट हार्भेष्ट सेन्टर, ३ सय ८२ हेक्टरमा माछा पोखरी निर्माण, ३३ सेमी हाइटेक ग्रीन हाउस निर्माण, १ वटा TMR उद्योग, रष्टिक स्टोर २ र प्रशोधन उद्योग २ निर्माण भएको।

- मुलुकका विभिन्न ९ जिल्लामा कुखुरामा फैलिएको बर्ड फ्लू रोग प्रभावकारी ढङ्गबाट नियन्त्रण गरिएको। सो रोगलाई नियन्त्रणमा ल्याउनको लागि १ लाख १६ हजार ७ सय २ पन्छी, २१ हजार १ सय ८२ के. जी. दाना र ५० हजार ७ सय ६६ गोटा अण्डा नष्ट गरिएको र कृषकलाई क्षतिपूर्ति बापतको रकम रू.८ करोड १० लाख ८६ हजार मध्ये ६ करोड ५७ लाख २९ हजार वितरण गरिएको।
- माछापालन व्यवसायलाई व्यवसायीकरणका लागि सहयोग गर्न संघ मातहतका फार्म केन्द्रहरूबाट १ करोड ५ लाख ७५ हजार माछाका भुरा उत्पादन गरी कृषकहरूलाई वितरण गरिएको।
- स्रोत बीउको उत्पादन तथा वितरणमा सहजताका लागि बीउ बिजन वासलात तयार गरिएको। साथै बिभिन्न सरकारी फार्म तथा आयोजना सहयोगमार्फत् १ हजार २ सय ३७ हेक्टरमा घाँसेबाली विस्तार गरी पशु आहारा आपूर्तिमा योगदान पुगेको।
- किसान हकहित र सुरक्षाको सुनिश्चिततताको लागि राष्ट्रिय किसान आयोग गठन भई संघ, प्रदेश तथा स्थानीयस्तरमा किसान संघ/संगठनहरूको अभिमुखीकरण तथा क्षमता अभिवृद्धिसँगै किसानहरूको समस्या समाधानार्थ अन्तरकृया लगायतका कार्यक्रमहरू निरन्तर सञ्चालन भएको। किसान कल सेन्टरमा कुल १ हजार १ सय ४१ जना किसानले सम्पर्क गरी आफ्नो व्यवसायमा सुधार गर्न सक्षम भएका।
- प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन कार्यक्रमबाट जारी हुने प्रमाणपत्रहरू विद्युतीय माध्यमबाट जारी हुने व्यवस्था मिलाइएको, आक्रामक सिपाही कीराको प्रकोपबाट समयमै सजग रहन कृषक एवं अन्य सरोकारवालाहरूमा सचेतनाका लागि नेपाली रेडियो नेटवर्कमार्फत् देशका १ सय भन्दा बढी एफ. एम. रेडियोहरू तथा टेलिभिजनबाट सचेतना कार्यक्रम प्रसारण गरिएको। आयात इजाजतपत्र वितरण )EP) 37277 र बिरुवा स्वस्थताको प्रमाणपत्र वितरण (PC) 7279 गरी कुल ४४ हजार ५ सय ५६ इजाजतपत्र तथा प्रमाणपत्र वितरण भई आयात निर्यात सहजीकरणमा सहयोग पुगेको।
- पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची १० मा संशोधन गरिएको, तराईमा वितरण गरिएका ठूला मेशिनरीको प्रभावकारिता अध्ययन भएको, पहाडी क्षेत्रमा सञ्चालित साना सिँचाइ कार्यक्रमको ड्राफ्ट प्रतिवेदन तयार भएको।
- रेन्बोट्राउट तथा पंगासियस माछापालनको अध्ययन भएको, Contingency Plan तथा मनसुन पूर्वयोजना कार्ययोजनाको ड्राफ्ट प्रतिवेदन तयार भएको, कृषि औजार कारखाना, वीरगञ्जको स्थापना र सञ्चालनको मोडालिटीसम्बन्धी प्रतिवेदन तयार भएको।
- कालीमाटी फलफूल तथा तरकारी बजारमा बजार सूचना प्रणाली स्थापना गर्नुको साथै बजार अनुगमनलाई प्रभावकारी बनाइएको र कृषक समूह र सहकारीलाई कृषि उपज बजारीकरणका लागि ९% स्टल उपलब्ध गराइएको।
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट १४ हजार ८ सय ८३ खाद्य नमुना विश्लेषण गरिएको र ४५ हजार ६ सय ४४ पटक खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणीकरण गरिएको। कुल १ सय ४७ मुद्दा दायर गरिएको र २७ वटा होटल स्तरीकरण लोगो वितरण गरिएको। खाद्य प्रयोगशालाको नमुना विश्लेषण नतिजामा अन्तर्राष्ट्रिय मान्यता तथा विश्वसनीयता बढाउन ISO 7025:2017 बमोजिम २१

प्रकारका खाद्य पदार्थको १ सय १ रासायनिक, जैविक विषादि र माइक्रोबाइलोजिकल परीक्षण प्यारामिटरहरूमा अन्तर्राष्ट्रिय एक्रीडिटेशन प्राप्त गरेको।

- पशुपन्छी एवं पशुपन्छीजन्य पदार्थको आयात निर्यात गर्दा संक्रामक रोग समेत सर्न सक्ने जोखिम रहेको यथार्थलाई हृदयङ्गम गरी पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सोको नियमावली, २०५६ लाई कडाइका साथ परिपालना गर्न प्रभावकारी ढङ्गबाट पशु क्वारेन्टाइन चेकपोस्टहरूबाट कार्य भइरहेको। ३ हजार ३ सय ८२ क्वारेन्टाइन जाँच भएको।
- सुक्खा सहन सक्ने धानको जात ७ र डुवान सहन सक्ने जात ४ विकास गरी कृषकस्तरबाट अवलम्बन भएको।
- माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न ४ वटा माटो परीक्षण मोबाइल प्रयोगशाला भ्यान खरिद गरी उपयोगमा ल्याइएको र ६ वटा माटो तथा बाली संरक्षण मिनी ल्याब सञ्चालन गरिएको। जलवायु अनुकूल खेती प्रणालीलाई व्यवस्थित गर्न "कृषि मौसम सल्लाह सेवा बुलेटिन" तयार गरी कृषकहरूमा वितरण भइरहेको र सो सम्बन्धी जानकारी वेबसाइट www.namis.gov.np र "हाम्रो कृषि" एपमा समाविष्ट गरी सरोकारवालाहरूसम्म पुऱ्याइएको।
- खोरेत, पि.पि.आर., स्वाइन फिभर, एच.एस. वि.क्यु, रेविज लगायतका १३ प्रकारका पशुपन्छीका रोग बिरुद्ध ३ करोड ३४ लाख १७ हजार ८ सय मात्रा खोप उत्पादन भई क्षेत्रीयरूपमा स्थापित भ्याक्सिन बैंकहरू मार्फत १ करोड ४१ लाख ५ हजार पशुपन्छीहरुलाई सरकारी स्तरमा निःशुल्क खोप लगाई उल्लिखित रोगहरूबाट संरक्षण गरिएको।
- ५ वटा प्रदेशको ६ कृषि थोक बजारस्थलमा विषादि अवशेष द्रुत विश्लेषण परीक्षण प्रयोगशाला (RBPR Lab) सञ्चालन गरी कुल ६ हजार ६ सय ३ नमुना परीक्षणबाट प्राप्त नतिजाअनुरूप खाद्य स्वच्छता तथा गुण नियन्त्रणमा योगदान पुऱ्याइएको।
- अफ्रिकन स्वाइन रोग देशमा भित्रिन नदिन रोग फैलिएका मुलुक तथा त्यस्ता मुलुकको बाटो भएर बङ्गुर र बङ्गुरजन्य उत्पादनहरूको आयातमा प्रतिबन्ध लगाइएको र पशु क्वारेन्टाइन कार्यालयहरू र भन्सारका निकायहरूलाई समेत सजग गराई बङ्गुरपालन व्यवसायको संरक्षण गरिएको।
- जुम्ला, हुम्ला, मुगु जिल्लाहरूमा रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुका साथै बाजुरा जिल्लामा अर्गानिक कोशेली घर स्थापना गरिएको।
- साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना अन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशका १० जिल्लाहरूमा १ सय ६४ उप-आयोजनाहरू कार्यान्वयन गर्न रू.१७ करोड १७ लाख रकम बराबरको अनुदान उपलब्ध गराइएको।
- सहकारी खेती साना सिँचाइ मल बीउ ढुवानी कार्यक्रमतर्फ दुर्गम क्षेत्रका कृषकहरूलाई मल/बीउ ढुवानी तथा सिँचाइ सुविधाको लागि सहयोग प्रवाह गर्नको लागि स्थानीय तहहरूमा बजेट विनियोजन गरिएको।

## ९. आर्थिक वर्ष २०७५।७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

चालु खर्च (रू.हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११३ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | १७२६८५ | १२३१६१ | ७१.०० |
| ३१२०१२३ | कृषि विभाग | ६०३६३४ | ३१००१२ | ५१.३६ |
| ३१२०२०३ | कपास विकास समिति | २२१०० | २०१९६ | ९१.३९ |
| ३१२०२१३ | राष्ट्रिय चिया, कफि तथा अलैंची विकास बोर्ड | ८४६०० | ७६१८४ | ९०.०५ |
| ३१२०२२३ | राष्ट्रिय किसान आयोग | ५५२०० | ४४९३१ | ८१.४ |
| ३१२०२३३ | पशु सेवा विभाग | १०१००९९ | ९६३००७ | ९५.३४ |
| ३१२०२५३ | नेपाल पशु चिकित्सा परिषद् | ७५०० | ६४५४ | ८६.०५ |
| ३१२१०२३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय | १२९६२४३ | १११९३०० | ८६.३५ |
| ३१२१०३३ | विशेष कृषि उत्पादन कार्यक्रम | ९०००२०० | ८३७९६५९ | ९३.११ |
| ३१२१०४३ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | ४३११७३ | ५५४७०८ | १२८.६५ |
| ३१२१०७३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | २१९९१९ | १९६४३१ | ८९.३२ |
| ३१२१०८३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | २८८५८० | १७६०५५ | ६१.०१ |
| ३१२१०९३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २४२४४ | २२१२५ | ९१.२६ |
| ३१२११०३ | मत्स्य विकास कार्यक्रम | ७८२५० | ७४४८१ | ९५.१८ |
| ३१२१११३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३४८५९७ | २४९२६६ | ७१.५१ |
| ३१२१११२३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन | ९४०९५ | ७४२३७ | ७८.९ |
| ३१२११३३ | व्यवसायीक कीट विकास कार्यक्रम | ४८१७५ | ४४८५८ | ९३.१२ |
| ३१२११४३ | वाली बिकास तथा जैविक विविधता संरक्षण | ५१४६० | ४०३९१ | ७८.४९ |
| ३१२११५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १३८६९७ | १०५५७० | ७६.१२ |
| ३१२११८३ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ३९००० | २३७४१ | ६०.८८ |
| ३१२११९३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन | ४४८१३५ | १६२४९० | ३६.२६ |
| ३१२१२२३ | व्यावसायिक कृषि तथा व्यापार आयोजना | १८७०० | १६२९७ | ८७.१५ |
| ३१२१२४३ | एकीकृत जलस्रोत व्यवस्थापन आयोजना | १३७०० | १०८४९ | ७९.१९ |
| ३१२१३६३ | कृषि अनुसन्धान कार्यक्रम | १९८६७०० | १८२९०८८ | ९२.०७ |
| ३१२१३९३ | कृषि ज्ञान केन्द्र | ० | ० | ० |
| ३१२१४३३ | चिनी तथा उखु बिकास समिति | ८३०० | ६००६ | ७२.३७ |
| ३१२१५३३ | उच्च मूल्य कृषि वस्तु विकास आयोजना | ८५७०० | ४६४२९ | ५४.१८ |
| ३१२१५६३ | रानी जमरा कुलरिया सिचाई आयोजना—प्रणाली | १५३४०० | १२७०७४ | ८२.८४ |
| ३१२१५७३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि | ७१००० | ५७३०१ | ८०.७१ |
| ३१२१६०३ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ३९४५०० | ३२०५४२ | ८१.२५ |
| ३१२१६३३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २९७६३०० | १६६४९४९ | ५५.९४ |
| ३१२१६४३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २०६५०० | ० | ० |
| ३१२१६५३ | नेपाल कृषि सेवा विकास कार्यक्रम | ८८००० | ० | ० |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२१६६३ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन | ३७१०५० | ३३२१५५ | ८९.५२ |
| ३१२१६७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ३५२४०० | १७६५४२ | ५०.१ |
| ३१२१६८३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४५७८८० | ३६६३६८ | ८०.०१ |
| ३१२१७०३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन | ४१८५३ | ३४८१० | ८३.१७ |
| ३१२१७४३ | उच्च पहाडी कृषि व्यवसाय प्रवर्धन तथा | ८४२७ | २४५७ | २९.१५ |
| ३१२१७५३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ४५७५० | ४३२२१ | ९४.४७ |
| ३१२१७६३ | नेपाल एकीकृत व्यापार रणनीति | २६०० | १५५८ | ५९.९१ |
| ३१२१७७३ | बङ्गुर तथा कुखुरा पालन सहकारी कार्यक्रम | १८०० | २८३ | १५.७१ |
| ३१२१९८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | २२८६०० | १२४४३ | ५.४४ |
| ३१२१९९३ | कृषि क्षेत्र विकास कार्यक्रम | १७१६०० | २७१७१ | १५.८३ |
| ३१२८०२३ | कृषि प्रसार कार्यक्रम | ८०३ | ० | ० |
| | जम्मा | २२१४८१४९ | १७८४२८०० | ८०.५६ |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११४ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | ९५८७ | ७३९० | ७७.०० |
| ३१२०१२४ | कृषि विभाग | ४८२७० | ३२७७६ | ६७.९० |
| ३१२०२१४ | राष्ट्रिय चिया, कफि तथा अलैंची विकास बोर्ड | ६४०० | ६३७७ | ९९.६५ |
| ३१२०२२४ | राष्ट्रिय किसान आयोग | १६०० | १५९६ | ९९.७५ |
| ३१२०२३४ | पशु सेवा विभाग | ५५९०० | ३०६३५ | ५४.८० |
| ३१२०२५४ | नेपाल पशु चिकित्सा परिषद् | ५०० | ४९२ | ९८.५० |
| ३१२१०२४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | १४३००० | ५४३९५ | ३८.०४ |
| ३१२१०७४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | २४३४४ | २३१०९ | ९४.९३ |
| ३१२१०८४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | १०३०० | १०११६ | ९८.२१ |
| ३१२१०९४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ६२०० | ५०८३ | ८१.९८ |
| ३१२११०४ | मत्स्य विकास कार्यक्रम | १७००० | १३०७६ | ७६.९२ |
| ३१२१११४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ९३८०० | ६९१९५ | ७३.७७ |
| ३१२११२४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | ५८०० | ५१६७ | ८९.०९ |
| ३१२११३४ | व्यवसायीक कीट विकास कार्यक्रम | ६५५० | ५७०५ | ८७.११ |
| ३१२११४४ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ४०० | ३९७ | ९९.३३ |
| ३१२११५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १८०० | १७९२ | ९९.५६ |
| ३१२११८४ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | ४७०० | ३४५९ | ७३.६० |
| ३१२११९४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन | २३०३०५ | २०५४८५ | ८९.२२ |
| ३१२१२२४ | व्यावसायिक कृषि तथा व्यापार आयोजना | ९८००० | ९७१०० | ९९.०८ |
| ३१२१३६४ | कृषि अनुसन्धान कार्यक्रम | ३९११०० | ३२५१९९ | ८३.१५ |
| ३१२१४३४ | चिनी तथा उखु बिकास समिति | ३०० | १०० | ३३.३३ |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२१५६४ | रानी जमरा कुलरिया सिचाई आयोजना—प्रणाली | १७७०० | ४६०१ | २६.०० |
| ३१२१५७४ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि | २१५०० | १९२९६ | ८९.७५ |
| ३१२१६०४ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ३०० | २७० | ९०.०० |
| ३१२१६३४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २४९९०० | १८९७८५ | ७५.९४ |
| ३१२१६४४ | नेपाल कृषि बजार विकास कार्यक्रम | १४०० | ० | ०.०० |
| ३१२१६६४ | पशु स्वास्थ्य ,रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन | २०३६७२ | १८६४२६ | ९१.५३ |
| ३१२१६७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७८५३२८ | २०६१८७ | २६.२५ |
| ३१२१६८४ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १३०५०० | १२१८७८ | ९३.३९ |
| ३१२१७०४ | पशु आहारा तथा लाइभस्टक गुण ब्यवस्थापन कार्यक्रम | २८१०० | २२०६३ | ७८.५२ |
| ३१२१७५४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २०० | २०० | ९९.९० |
| ३१२१९८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ६९६०० | ६९०३१ | ९९.१८ |
| ३१२१९९४ | कृषि क्षेत्र विकास कार्यक्रम | ७७००० | ३०८०४ | ४०.०१ |
| | जम्मा | २७४१०५६ | १७४९१८५ | ६३.८१ |

## १०.आर्थिक वर्ष २०७६।७७ को विनियोजित बजेट एवं फागुन मसान्त सम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रु हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १६८१५२ | ९०६८५ | ५३.९३ |
| ३१२००१०१३ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय | ४४६६९० | ८५९८ | १.९२ |
| ३१२००१०२३ | विशेष कृषि उत्पादन कार्यक्रम | १००११३८३ | ८०२७१९९ | ८०.१८ |
| ३१२००१०३३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | २८८२० | १५३७५ | ५३.३५ |
| ३१२००१०४३ | प्लान्ट क्वारेन्टाइन तथा विषादि ब्यवस्थापन | १४२२१० | ५४६०६ | ३८.४ |
| ३१२००१०५३ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२७००० | ५४६७१ | ४३.०५ |
| ३१२००१०६३ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | ३५४०१५० | ५१४०१९ | १४.५२ |
| ३१२००१०७३ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७६९७०० | १४४८८९ | १८.८२ |
| ३१२००१०८३ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ४७७९०० | १५०६५५ | ३१.५२ |
| ३१२००१०९३ | कृषि क्षेत्र विकास कार्यक्रम | ६६८७०० | ३३९७३ | ५.०८ |
| ३१२००११०३ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | १३०७२० | ८८६५६ | ६७.८२ |
| ३१२००१११३ | जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि | २३६८० | १७२८८ | ७३.०१ |
| ३१२००११२३ | नेपाल कृषि बजार विकास कार्यक्रम | २८८२०० | ० | ० |
| ३१२००११३३ | नेपाल कृषि सेवा विकास कार्यक्रम | १९०००० | ० | ० |
| ३१२०१०११३ | कृषि विभाग | १५९४१०० | ५६१५७१ | ३५.२३ |
| ३१२०११०१३ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास | १८०६२५ | ५६८९३ | ३१.५ |
| ३१२०११०२३ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | २९११५० | ७८९९५ | २७.१३ |
| ३१२०११०३३ | व्यवसायिक कीट विकास कार्यक्रम | १२३७०० | ३२२१९ | २६.०५ |
| ३१२०११०४३ | वाली बिकास तथा जैविक विविधता संरक्षण | १५२७८८ | २९४५१ | १९.२८ |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११०५३ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | १०४६०४ | २४५१२ | २३.४३ |
| ३१२०११०६३ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | १३३००० | २६७०४ | २०.०८ |
| ३१२०११०७३ | रानी जमरा कुलरिया सिचाई आयोजना-प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | २२३८०० | ३०३७२ | १३.५७ |
| ३१२०११०९३ | साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना | १५००० | ११११२६ | ७४.१८ |
| ३१२०११११३ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम(कृषि) | १९७०० | ९२६३ | ४७.०२ |
| ३१२०२०११३ | पशु सेवा विभाग | ५३९२०० | ३०९९१९ | ५७.४८ |
| ३१२०२१०१३ | मत्स्य विकास कार्यक्रम | १२६३५० | ६७७३० | ५३.६ |
| ३१२०२१०२३ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | ४२१८०० | २२०२४६ | ५२.२२ |
| ३१२०२१०३३ | पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | ४७५३०० | १८८२११ | ३९.६ |
| ३१२०२१०४३ | पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन | ३२४०० | १६८२३ | ५१.९२ |
| ३१२०३१०१३ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | ३८१८९९ | १६४८१९ | ४३.१६ |
| ३१२२१०११३ | राष्ट्रिय किसान आयोग | ४८८०० | २४७४३ | ५०.७ |
| ३१२३१०११३ | राष्ट्रिय चिया, कफि तथा अलैंची विकास बोर्ड | ८८७०० | ४४३६१ | ५०.०१ |
| ३१२३१०१२३ | राष्ट्रिय दुग्ध विकास बोर्ड | ५७४०० | ३४१२८ | ५९.४६ |
| ३१२४१०११३ | नेपाल पशु चिकित्सा परिषद् | ९९०० | ४७४४ | ४७.९१ |
| ३१२४११०१३ | कृषि अनुसन्धान कार्यक्रम | २१४४६०० | १२०८८६४ | ५६.३७ |
| ३१२८१०११३ | कपास विकास समिति | २२४०० | १५६७९ | ६९.९९ |
| | **जम्मा** | **२४२००५२१** | **१२३६१९८७** | **५१.०८** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०००११४ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १७३००० | ३८३१० | २२.१४ |
| ३१२००१०१४ | कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम | २४७०० | ० | ० |
| ३१२००१०३४ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम | ३७०० | ३०७८ | ८३.२ |
| ३१२००१०४४ | प्लान्ट क्वारेन्टाइन तथा विषादि व्यवस्थापन कार्यक्रम | ३३०९० | १४२९५ | ४३.२ |
| ३१२००१०५४ | कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम | १२२०० | ६९४ | ५.६९ |
| ३१२००१०६४ | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना | २०२९५० | ५४७११ | २६.९६ |
| ३१२००१०७४ | लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना | ७७५९०० | ८६९२८ | ११.२ |
| ३१२००१०८४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना | ३०५०० | १२२२४ | ४०.०८ |
| ३१२००१०९४ | कृषि क्षेत्र विकास कार्यक्रम | १७००० | ११९८ | ७.०५ |
| ३१२००११०४ | किसानका लागि उन्नत बीउ विजन कार्यक्रम | ४००० | ० | ० |
| ३१२०१०११४ | कृषि विभाग | ३७०० | ० | ० |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च रकम | प्रतिशत |
|---|---|---|---|---|
| ३१२०११०१४ | राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम | ४५९०० | २४६४४ | ५३.६९ |
| ३१२०११०२४ | राष्ट्रिय फलफूल विकास कार्यक्रम | ९९२५० | १३०३३ | १३.१३ |
| ३१२०११०३४ | व्यवसायीक कीट विकास कार्यक्रम | १४६५० | ४१९३ | २८.६२ |
| ३१२०११०४४ | वाली बिकास तथा जैविक विविधता संरक्षण कार्यक्रम | ६८८०० | ६२२८ | ९.०५ |
| ३१२०११०५४ | केन्द्रिय कृषि प्रयोगशाला कार्यक्रम | १०४०० | ११३२ | १०.८९ |
| ३१२०११०६४ | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन कार्यक्रम | ५०९८०० | १०८०६२ | २१.२ |
| ३१२०११०७४ | रानी जमरा कुलरिया सिचाई आयोजना—प्रणाली आधुनिकिकरण कृषि कार्यक्रम | ११९०० | ५१९१ | ४६.७७ |
| ३१२०११११४ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र कार्यक्रम(कृषि) | १०२०० | ० | ० |
| ३१२०२०११४ | पशु सेवा विभाग | ६९३०० | ० | ० |
| ३१२०२१०१४ | मत्स्य विकास कार्यक्रम | ८४१५० | १७०५३ | २०.२६ |
| ३१२०२१०२४ | पशु स्वास्थ्य, रोग अन्वेशण सेवा तथा क्वारेन्टाईन कार्यक्रम | २३७२०० | ५५७६४ | २३.५१ |
| ३१२०२१०३४ | पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम | १८०१२० | १९६७६ | १०.९२ |
| ३१२०२१०४४ | पशु आहारा तथा लाइभस्टक गुण ब्यवस्थापन कार्यक्रम | ९८०० | ७१३२ | ७२.७८ |
| ३१२०३१०१४ | खाद्य पोषण तथा प्रविधि कार्यक्रम | २९२६७५ | २१९६८ | ७.५१ |
| ३१२२१०११४ | राष्ट्रिय किसान आयोग | १८०० | १३२४ | ७३.५७ |
| ३१२३१०११४ | राष्ट्रिय चिया, कफि तथा अलैंची विकास बोर्ड | ६२०० | ३२८३ | ५२.९६ |
| ३१२३१०१२४ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २०० | १९९ | ९९.७२ |
| ३१२४११०१४ | कृषि अनुसन्धान कार्यक्रम | ६०१४०० | १०६२७६ | १७.६७ |
| | **जम्मा** | **३५३३६८५** | **६०६५९६** | **१७.१७** |

◆ ◆ ◆

# खानेपानी मन्त्रालय

## १. पृष्ठभूमि :

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहुआयामिक प्रभाव पार्ने हुँदा यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ। अन्तर्राष्ट्रियरूपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइसम्बन्धी स्पष्ट लक्ष्यहरू निर्धारण गरेको छ। नेपालमा व्यवस्थित खानेपानी प्रणालीको सुरुवात वि.सं. १९५१ मा वीर धाराबाट शुरू भएको हो। सरसफाइतर्फ हाल सबै जिल्लाहरूका सम्पूर्ण स्थानीय तह खुला दिसामुक्त घोषणा भई राष्ट्र नै खुला दिसामुक्त घोषित भएको छ र शत प्रतिशत घरधुरीहरूले आधारभूतस्तरको सरसफाइ सेवा उपयोग गरिरहेका छन्।

## २. दीर्घकालीन सोचः

सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माणमा टेवा पुऱ्याउने।

## ३. उद्देश्यः

- पर्याप्त, सुरक्षित र सर्वसुलभ पहुँच हुने गरी आगामी चार वर्षभित्र सबै नागरिकलाई आधारभूतस्तरको खानेपानी र ४० प्रतिशत नागरिकलाई उच्च/ मध्यमस्तरको खानेपानी सेवा उपलव्ध गराउने,
- आगामी चार वर्षभित्र सबै नागरिकलाई आधारभूतस्तरको सरसफाइ सेवा र २० प्रतिशत नागरिकलाई सुधारिएको सरसफाइ सेवा उपलब्ध गराउने,
- जलवायु परिवर्तन अनुकूल तथा विपद् व्यवस्थापनमैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्ने।

## ४. रणनीतिः

- आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने,
- निर्माणाधीन आयोजनाहरूको निर्माण सम्पन्न तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाहरूको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समयसापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने,
- उच्च तथा मध्यमस्तरको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिद्धान्तअनुरुप खानेपानी आयोजनाहरू सञ्चालन गर्ने,
- फोहोर पानीको उत्सर्जन कम गर्ने र उत्पादित फोहोर पानीको व्यवस्थापन गरी लाभ प्राप्त गर्ने,
- मानवजन्य फोहोर पानी प्रशोधनसहित व्यवस्थापन तथा दिसाजन्य लेदो व्यवस्थापन गर्दै नदीनाला, जलाशय, जलाधार तथा ताल तलैयाहरूको पर्यावरणीय स्वच्छता तथा सौन्दर्यता कायम गर्ने,
- जलवायु अनुकूलन, विपद् जोखिम न्यूनीकरणलाई खानेपानी तथा सरसफाइ आयोजनाहरूमा प्राथमिकता दिई दिगोपना कायम गर्ने,
- खानेपानीका स्रोतहरू तथा जलाधार क्षेत्रहरूको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरुपयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- खानेपानी र सरसफाइसम्बन्धी नीति, कानून र मापदण्ड,
- राष्ट्रियस्तरका ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना,
- राष्ट्रियस्तरका प्रशोधनसहितका बृहत् ढल र अन्तर प्रदेश ढल प्रशोधनसहितका आयोजनाहरूको पहिचान, निर्माण र नियमन,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको स्यानिटरी उपसमूहको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६१ | आधारभूतस्तरको खानेपानी सेवालाई आगामी आर्थिक वर्षमा ९२ प्रतिशत र चार वर्षभित्र शत प्रतिशत जनसङ्ख्याको पहुँचमा पुऱ्याइने छ। | • हालसम्म करिब ४१ हजार खानेपानी प्रणालीहरूको निर्माण भई ९० प्रतिशत जनसङ्ख्यालाई आधारभूतस्तरको र २१.३ प्रतिशत जनसङ्ख्यालाई उच्च तथा मध्यमस्तरको खानेपानी सेवाको पहुँच पुगिसकेको।<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कोष अन्तर्गत ७४ नयाँ आयोजना सम्पन्न भई ४९ हजार ५ सय २ जनसङ्ख्या र १५ भूकम्पबाट क्षतिग्रस्त आयोजनाको सेवा पुनर्थापन भई ८ हजार ९ सय २५ जनसङ्ख्या लाभान्वित भएको।<br>• तेस्रो साना सहरी खानेपानी आयोजनाका क्रमागत रहेका २० आयोजनाहरूमध्ये कटारी (उदयपुर), कटहरिया (रौतहट), तमसरिया (नवलपरासी), लालबन्दी (सर्लाही) गरी ४ आयोजना सम्पन्न भई सञ्चालन तथा मर्मत चरणमा प्रवेश गरेको, ४ नगर आयोजना बाबियाचौर (सुर्खेत), चन्द्रौटा (कपिलवस्तु), मुसिकोट (रुकुम पश्चिम) र वीरेन्द्रनगर (चितवन) सञ्चालन तथा मर्मत चरण सम्पन्न भई मर्मत तथा सम्भार चरणमा रहेको र २ नगर आयोजना टिकापुर (कैलाली) र महेन्द्रनगर (सुनसरी) मर्मत तथा सम्भार चरण पूरा भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • सहलगानीमा आधारित खानेपानी आयोजनाहरूमध्ये यस आ.व. को २०७६ फागुनसम्म ७ आयोजना लखनपुर (झापा), वेनी (पर्वत), विन्दबासिनी (भक्तपुर), बलेवा नारायणस्थान (बाग्लुङ्ग), मूलपानी शंखादेवी (ललितपुर), लेखनाथ (कास्की) र बेसीशहर (लम्जुङ्ग) सहलगानी खानेपानी आयोजनाहरू सम्पन्न भई ६८ हजार १ सय ८० जनसङ्ख्या लाभान्वित भएको।<br>• सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाका २० नयाँ सहरी खानेपानी तथा सरसफाइ आयोजना मध्ये ११ आयोजना ईलाम (ईलाम), भोजपुर (भोजपुर), दिक्तेल (खोटाङ्ग), चरिकोट (दोलखा), प्रगतिनगर (दाङ), सुराघाट (सुर्खेत), चैनपुर (बझाङ), लिवाङ (रोल्पा), सिद्धनाथ बैधनाथ (कञ्चनपुर) को निर्माण कार्य शुरु भएको, विस्तृत सर्भेक्षण, DPR तयारी भइरहेको, २ आयोजना पाँचखाल (काभ्रे), र हुपसेकोट (पूर्वी नवलपरासी) निर्माणको ठेक्का सूचना प्रकाशन भएको र बाँकी ११ आयोजनाहरूको DPR तयार भएको।<br>• विभिन्न जिल्लामा सञ्चालित १ सय ३६ क्रमागत आयोजनाहरू निर्माण कार्य सुचारु भएको।<br>• जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना अन्तर्गत १० आयोजनाहरूमा निर्माण कार्य सुचारु रहेकोमा यासोक (पाँचथर) सम्पन्न भई १५ हजार २ सय १५ जनसङ्ख्या लाभान्वित, पकरवास, पाल्पा-तानसेन बृहत् पम्पिङ आयोजनाहरू निर्माणको अन्तिम चरणमा रहेको।<br>• खानेपानी गुणस्तर सुधार तथा सेवा नियमन शाखा अन्तर्गत १५ खानेपानी गुणस्तर आयोजनाहरू क्रमागत रहेका र ९ आयोजनाहरूको निर्माण कार्य शुरु भएको। यस आर्थिक वर्षको फागुन सम्ममा ८ आयोजनाहरूको निर्माण कार्य सम्पन्न भई ६२ हजार ३ सय जनसङ्ख्या लाभान्वित हुने गरी कार्यक्रम कार्यान्वयन भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| ६२ | आगामी आर्थिक वर्षभित्र मेलम्ची खानेपानी आयोजना सम्पन्न गरिने छ। | **मेलम्ची खानेपानीः**<br>• हेडवर्क्स डाईभर्सन सुरुङ सञ्चालन गरिएको मुख्य बाँधको निर्माण PCC/RCC को कार्य भइरहेको, वैकल्पिक पाईप संरचनामा गेट जडानको कार्य सम्पन्न भएको। इण्टेक, S4 तथा पुलको RCC कार्य समानान्तररूपमा भइरहेको।<br>• सिन्धु, ग्याल्थुम तथा अम्बाथान साईटमा रेक्टिफिकेसन (Backfill Grouting and Installation of Rock Bolt) सम्पन्न भएको, २ वटा गेट जडानको कार्यसम्पन्न भएको, सुन्दरीजल Wash आउट तथा सप्लाई पाईप जडान कार्य शुरु गरिएको, फाईनल सपोर्टको काम सम्पन्न गरिएको।<br>• सुन्दरीजलको पानी प्रशोधन केन्द्र निर्माण भाग-२ को हाईड्रोटेस्ट कार्य गरिएको।<br>• दोस्रो चरणको जग्गा प्राप्ति तथा मुआब्जा वितरण अन्तर्गत १ करोड ५ लाख क्षतिपूर्ति र रु.२ करोड मुआब्जा वितरण गरिएको।<br>• मेलम्ची खानेपानी आयोजना दोस्रो चरण अन्तर्गत मुख्य प्रवेशमार्ग निर्माणमा ४ कि.मि. लक्ष्य भएकोमा २ कि.मी. मा सववेस तथा वेस कार्य गरिएको।<br>• यस आ.व. भित्र काठमाडौं उपत्यकामा पानी पथान्तरण (Divert) गर्ने लक्ष्यसहित काम भइरहेकोमा हालसम्ममा ९७.२५ प्रतिशत काम सम्पन्न भएको।<br>**आयोजना कार्यान्वयन निर्देशानालयः**<br>• २.६३ कि.मि. मुख्य प्रशारण पाइप लाइन जडान (थोक वितरण प्रणाली) कार्य लक्ष्य भएकोमा १.६३ कि.मि. सम्पन्न भएको।<br>• थोक वितरण प्रणाली Flushing and Testing ४७ (कि.मि.) गर्ने लक्ष्य भएकोमा ३१ (कि.मि.) सम्पन्न भएको।<br>• रिङरोडको भित्री क्षेत्रमा वितरण पाइपहरू विच्छ्याउने कार्यतर्फ १ सय १७ कि.मि. लक्ष्य भएकोमा ३९.३१ (कि.मि.) सम्पन्न भएको।<br>• गुहेश्वरी फोहरपानी प्रशोधन केन्द्र (३२.४ MLD) |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | सम्पन्न भई फोहरपानी प्रशोधन कार्य शुरु भएको। |
| ६३ | तराई मधेशका २० जिल्लामा आर्सेनिक मुक्त सुरक्षित खानेपानी उपलब्ध गराइनेछ र सुख्खाग्रस्त क्षेत्रहरूमा खानेपानी आयोजना सञ्चालन गरिनेछ। | • तराई मधेश खानेपानी सुधार कार्यक्रम प्रदेशमा हस्तान्तरण भइसकेको। संघीयस्तरबाट पनि गुणस्तर सुधारका कार्यक्रमहरू सुचारु रहेको।<br>• सुक्खा ग्रस्त क्षेत्रहरूमा एउटा बृहत् पम्पिङ्ग आयोजना सम्पन्न भई १५ हजार २ सय १५ जनसङ्ख्या उच्च/मध्यमस्तरको खानेपानी सेवाबाट लाभान्वित भएको। |
| ६४ | भूकम्पबाट क्षतिग्रस्त खानेपानी आयोजनाहरू सम्पन्न गर्न बजेट व्यवस्था गरिएको। | • भूकम्पबाट क्षतिग्रस्त आयोजनाहरू पूनः निर्माण गर्ने कार्य सुचारु रहेको।<br>• ग्रामीण खानेपानी तथा सरसफाइ कोषबाट भूकम्पबाट क्षतिग्रस्त १५ आयोजनाहरू पूनः निर्माण, ८ हजार ९ सय २५ जनसङ्ख्या आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट पुनः लाभान्वित भएका। |
| ६६ | नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गर्दै आधारभूतस्तरको सरसफाइ सुविधा सुनिश्चित हुने गरी स्थानीय तहको अग्रसरतामा पूर्ण सरसफाइ कार्यक्रमलाई राष्ट्रिय अभियानको रूपमा सञ्चालनमा ल्याइनेछ। | • यस अवधिमा थप १८ गाउँपालिका, २२ नगरपालिका तथा ११ जिल्ला (दोलखा, सिन्धुपाल्चोक, बारा, पर्सा, सर्लाही, धनुषा, महोत्तरी, कपिलवस्तु, काठमाडौं, भोजपुर र सोलुखुम्बु) गरी मुलुकका सबै जिल्ला खुला दिशामुक्त घोषित भएको।<br>• ७७ जिल्लाहरू खुला दिसामुक्त घोषणा भएपछि २०७६ असोज १३ गते नेपाललाई खुल्ला दिसामुक्त राष्ट्र घोषणा भई आधारभूतस्तरको सरसफाइ सुविधा सुनिश्चित भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- शहरी तथा अर्धशहरी क्षेत्रमा गुणस्तरीय खानेपानी तथा आधारभूत सरसफाइको सुविधा पुर्‍याउने उद्देश्यले सञ्चालित तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाअन्तर्गत क्रमागत रहेका आयोजनाहरूमध्ये हालसम्मको अवधिमा ४ आयोजना सम्पन्न भई ८७ हजार ३ सय २० जनसङ्ख्या लाभान्वित भएका।
- चारआली र काँकडभिट्टा (झापा) दिसाजन्य लेदो प्रशोधन केन्द्र निर्माण सम्पन्न भई २ लाख ७ हजार ८ सय ६७ जनसङ्ख्या सुरक्षित सरसफाइ सेवाबाट लाभान्वित भएको। गुहेश्वरी फोहोरपानी प्रशोधन केन्द्र

(३२.४ MLD) सम्पन्न भई केन्द्रीकृत फोहोरपानी प्रशोधन कार्य शुरू भएको २ लाख १६ हजार ९ सय जनसङ्ख्या सुरक्षित सरसफाइ सेवावाट लाभान्वित भएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा यस मन्त्रालयबाट सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- देशैभर सञ्चालित क्रमागत उच्च प्रविधियुक्त खानेपानी आयोजनाहरूको निर्माण कार्यलाई निरन्तरता दिई २ सय ७१ योजना सम्पन्न गरी ३ लाख ६२ हजार ६ सय ३३ जनसङ्ख्या लाभान्वित भएको।
- एक घर एक शौचालयको अवधारणाबमोजिम ९९.७% जनसङ्ख्या आधारभूतस्तरको सरसफाइ सुविधाबाट लाभान्वित भएको।
- ग्रामीण खानेपानी तथा सरसफाइतर्फ कोष विकास समितिबाट २ सय ५० खानेपानी आयोजना सम्पन्न भई १ लाख ४५ हजार ५ सय ८७ जनसङ्ख्या आधारभूत खानेपानी तथा सरसफाइबाट लाभान्वित भएको।
- ग्रामीण खानेपानी तथा सरसफाइ कोषअन्तर्गत लक्षित ६५ हजार मध्ये ६४ हजार ६ सय ६६ घरधुरीहरू शौचालय निर्माण भएको।
- ग्रामीण खानेपानी तथा सरसफाइ कोष, कम्पोनेन्ट २ अन्तर्गत लमजुङ, सल्यान, सुनसरी र दोलखा जिल्लामा गरी जम्मा ३ हजार ५ सय २ खानेपानी स्किमहरूको विस्तृत तथ्याङ्क संकलन भई तथ्याङ्क अपलोड भएको। लमजुङ, सल्यान, सुनसरी र दोलखा जिल्लामा गरी जम्मा ९ सय २ खानेपानी स्किमहरूमा Backstopping Support गरिएको।
- खानेपानी गुणस्तर सुधार कार्यक्रमअन्तर्गत निर्माणाधीन २८ आयोजनाहरूमध्ये १० सम्पन्न भई ६२ हजार ९ सय ५९ जनसङ्ख्या लाभान्वित भएको।
- ३९ क्रमागत सहलगानीका आयोजनाहरूमध्ये ९ (मानगड (मोरङ्ग), उर्लाबारी (मोरङ्ग), प्रगतिनगर पश्चिम कालिकानगर (रूपन्देही), नयाँगाँउ (रूपन्देही), धनगदा (चितवन), रत्ननगर नयाँगाउ (चितवन), पर्सा नयाँगाउ (चितवन), नारायणपुर (दाङ्ग) र जलुके (नवलपरासी)) आयोजनाहरू सम्पन्न भई १ लाख ४० हजार ८ सय ९५ जनसङ्ख्या लाभान्वित भएको।
- तेस्रो साना शहरी खानेपानी आयोजनाअन्तर्गत मिर्चैया, (सिराहा), सखुवा महेन्द्रनगर, (धनुषा), छापनाहाला डुम्रे (तनहुँ), आबुखैरेनी (तनहुँ), वीरेन्द्रनगर (चितवन), निर्मलपोखरी (कास्की), मुसिकोट (रुकुम), चन्द्रौटा (कपिलवस्तु), सुडा (कञ्चनपुर), बबियाचौर (सुर्खेत) गरी १० आयोजनाहरू सम्पन्न भई १ लाख १३ हजार ८ सय १७ जनसङ्ख्या लाभान्वित भएको।
- जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाअन्तर्गत २ आयोजना सम्पन्न भई १८ हजार ५ सय ६१ जनसङ्ख्या लाभान्वित भएको।
- निर्माण सम्पन्न भई विभिन्न कारणले सेवा अबरुद्ध रहेका २ सय खानेपानी आयोजनाहरूको ग्रामीण खानेपानी तथा सरसफाइ कोषबाट मर्मत सुधार तथा पुनर्निर्माण सम्पन्न भई १ लाख ३ हजार ८ सय जनसङ्ख्या लाभान्वित भएको।

## ९. आर्थिक वर्ष २०७५/०७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११३ | खानेपानी मन्त्रालय | ६८९०८ | ५१६२४ | ७४.९२ |
| ३१३०१२३ | खानेपानी विभाग | ८२२११ | ८०२६२ | ९७.६३ |
| ३१३१०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ७३०० | ३०४१ | ४१.६६ |
| ३१३१०२३ | खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | ४२०० | १३४ | ३.१८ |
| ३१३१०४३ | जनसाधन विकास कार्यक्रम | २५४०० | २३६२२ | ९३ |
| ३१३१०६३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ६९०० | २७६० | ४० |
| ३१३१०८३ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना | ८६१०० | ६५६५८ | ७६.२६ |
| ३१३१०९३ | जलवायु अनुकिलित वृहत खानेपानी आयोजना | २४७४० | १९६६३ | ७९.४८ |
| ३१३११०३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ६२०० | ४९२२ | ७९.३८ |
| ३१३१११३ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | २२१५६ | १८७५१ | ८४.६३ |
| ३१३११४३ | मेलम्ची खानेपानी आयोजना | ८८५०० | ५५१०७ | ६२.२७ |
| ३१३११५३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १५७५०० | ७३१३४ | ४६.४३ |
| ३१३११८३ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | २६००० | ७७९५ | २९.९८ |
| ३१३११९३ | संघीय गुणस्तर अनुगमन तथा आयोजना कार्यान्वयन कार्यालयहरू | १४७२३१ | १२५२४४ | ८५.०७ |
| | **जम्मा** | **७५३३४५** | **५३१७१७** | **७०.५८** |

**पुँजीगत** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०११४ | खानेपानी मन्त्रालय | १०२०० | ३१२१ | ३०.६० |
| ३१३०१२४ | खानेपानी विभाग | ४४२०० | १०३२० | २३.३५ |
| ३१३१०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १०० | १०० | १००.०० |
| ३१३१०२४ | खानेपानी सेवा नियमन तथा पुनर्स्थापना कार्यक्रम | ४३९७५० | ३२६५४६ | ७४.२६ |
| ३१३१०४४ | जनसाधन विकास कार्यक्रम | २२९०० | १९२१६ | ८३.९१ |
| ३१३१०६४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | १८९८०० | ११५८५१ | ६१.०४ |
| ३१३१०८४ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना | २७६८२१६ | १०७२०१८ | ३८.७३ |
| ३१३१०९४ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | २६५४९५४ | २२१४३३४ | ८३.४० |
| ३१३११०४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | २४४११० | १५२८२१ | ६२.६० |
| ३१३१११४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | १७३८४५४ | १२६६०६७ | ७२.८३ |
| ३१३११४४ | मेलम्ची खानेपानी आयोजना | ६३८१४७० | २५९५५३५ | ४०.६७ |
| ३१३११५४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | २१९०२९३ | ८०९९८९ | ३६.९८ |
| ३१३११८४ | सहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ८४६२०० | २४७२११ | २९.२१ |
| ३१३११९४ | संघीय गुणस्तर अनुगमन तथा आयोजना कार्यान्वयन कार्यालयहरू | २०९०० | १९१३१ | ९१.५४ |
| | **जम्मा** | **१७५५१५४७** | **८८५२२६२** | **५०.४४** |

## १०.आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित बजेट एवं फागुन मसान्त सम्मको खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११३ | खानेपानी मन्त्रालय | १०५८५५ | ३५४६१ | ३३.५ |
| ३१३००१०१३ | मेलम्ची खानेपानी आयोजना | ६३६०० | ३३९३१ | ५३.३५ |
| ३१३०१०११३ | खानेपानी विभाग | १७९९६६ | ३७९२७ | २१.०७ |
| ३१३०१०१२३ | जन साधन विकास कार्यक्रम | २४४०० | १२६११ | ५१.६९ |
| ३१३०१०१३३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | १५५०१० | ८५३९० | ५५.०९ |
| ३१३०११०१३ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १७५९८ | १०४१ | ५.९१ |
| ३१३०११०२३ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | ४८०० | २६३ | ५.४८ |
| ३१३०११०३३ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ९७४७ | २४२० | २४.८३ |
| ३१३०११०४३ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | २५९५४ | ३२२० | १२.४१ |
| ३१३०११०५३ | जलवायु अनुकूलित वृहत खानेपानी आयोजना | ३३६९२ | १८६७२ | ५५.४२ |
| ३१३०११०६३ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | १५१८३ | ४९२६ | ३२.४४ |
| ३१३०११०७३ | खानेपानी तथा सरसफाई सह-लगानी कार्यक्रम | ३४५३३ | १६००४ | ४६.३५ |
| ३१३०११०८३ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ८०९०० | ४२१२६ | ५२.०७ |
| ३१३०१११३३ | शहरी खानेपानी व्यवस्थापन सुधार आयोजना | २०० | ० | ० |
| ३१३५१०११३ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १७०००० | ५७४७३ | ३३.८१ |
| | **जम्मा** | **९२१४३८** | **३५१४६५** | **३८.१४** |

**पुँजीगत** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१३०००११४ | खानेपानी मन्त्रालय | १०५०० | १८१० | १७.२४ |
| ३१३००१०१४ | मेलम्ची खानेपानी आयोजना | ६७६६७०० | ७७०२६० | ११.३८ |
| ३१३०१०११४ | खानेपानी विभाग | २६८०० | ३५७५ | १३.३४ |
| ३१३०१०१२४ | जनसाधन विकास कार्यक्रम | २७६०० | ० | ० |
| ३१३०१०१३४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू | २१९०० | ८०३० | ३६.६७ |
| ३१३०११०१४ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १००० | ० | ० |
| ३१३०११०२४ | खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रम | २४८२५०० | ३६३४५४ | १४.६४ |
| ३१३०११०३४ | खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम | ३४७८०० | २५८३१ | ७.४३ |
| ३१३०११०४४ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना | १५०३५०० | ३६९०६५ | २४.५५ |
| ३१३०११०५४ | जलवायु अनुकूलित वृहत् खानेपानी आयोजना | २९१९६०० | ४६२०७४ | १५.८३ |
| ३१३०११०६४ | ढल निर्माण तथा प्रशोधन कार्यक्रम | ८३८४०० | २५६०९ | ३.०५ |
| ३१३०११०७४ | खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रम | १९४२१०० | ४०४१९९ | २०.८१ |
| ३१३०११०८४ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना | ३३३६००० | ७१६७९३ | २१.४९ |
| ३१३०१११३४ | शहरी खानेपानी व्यवस्थापन सुधार आयोजना | १०००० | ० | ० |
| ३१३५१०११४ | ग्रामीण खानेपानी तथा सरसफाइ कोष | १९६९७०० | ३७३८४७ | १८.९८ |
| | **जम्मा** | **२२२०४१००** | **३५२४५४७** | **१५.८७** |

◆ ◆ ◆

# गृह मन्त्रालय

## १. पृष्ठभूमिः

जनताको अपेक्षाअनुरुप देशमा भरपर्दो शान्ति सुरक्षा प्रदान गर्ने, आमजनतामा शान्ति र सुरक्षाको प्रत्याभूति दिलाउने, गृह प्रशासनको प्रभावकारितामा अभिवृद्धि गर्ने र नेपाली नागरिकहरूको राष्ट्रिय पहिचानको प्रबन्ध गर्ने तथा स्थानीय प्रशासनलाई प्रभावकारीरूपमा सञ्चालन गर्ने कुरालाई निर्देशक सिद्धान्तको रूपमा लिई **राष्ट्रिय एकता र जनसेवाका लागि गृह प्रशासनः विकास र समृद्धिको लागि शान्ति, सुरक्षा र सुशासन** भन्ने मूल उद्देश्यअनुरूप गृह मन्त्रालयले देशभरि नै शान्ति सुरक्षा र अमनचयन कायम गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकारलगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई स्थापित गर्ने।

## ३. उद्देश्य

- आन्तरिक सुरक्षा नीति कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा प्रभावकारी बनाउने,
- दण्डहीनताको अन्त्य गरी जवाफदेहिता बहन गर्ने प्रणालीलाई दृढतासाथ कार्यान्वयन गर्ने,
- नागरिकता वितरण र राहदानी सिफारिस जस्ता सेवालाई थप प्रभावकारी तुल्याउने,
- गृह प्रशासन सुधार कार्ययोजनालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने।

## ४. रणनीति

- सुरक्षा निकायको एकीकृत र समन्वयात्मक परिचालनद्वारा सुरक्षा, विधिको शासन तथा सुशासनको प्रत्याभूति गर्ने,
- नागरिक सुरक्षाका लागि प्रविधि र पद्धति केन्द्रित प्रणालीको स्थापना र विकास तथा पेशागत विशिष्टताको प्रवर्द्धन गर्ने,
- समाजको सुरक्षा र स्थायित्व तथा नागरिकलाई सबै प्रकारका त्रासबाट उन्मुक्ति दिलाउने,
- सुरक्षाको प्रत्याभूतिद्वारा सबै नेपालीबाट सामाजिक, साँस्कृतिक र धार्मिक सद्भावको अभिवृद्धि गर्दै अखण्डता, राष्ट्रिय एकता र सार्वभौमिकताको संरक्षण र सम्वर्द्धनमा योगदान पुऱ्याउने,
- विपद्को एकीकृत र समन्वयात्मक व्यवस्थापन गर्ने,
- सक्षम प्रशासन र सुदृढ व्यवस्थापनको सुनिश्चितता प्रदान गर्ने,
- मानव अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने,
- लागू औषधको उत्पादन, बिक्री वितरण एवं ओसारपसारलाई निषेध गर्ने कार्यवाही कडाईका साथ सञ्चालन गर्ने,
- अध्यागमन प्रशासनलाई सक्षम, सुदृढ र प्रविधिमैत्री बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्थासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- विशिष्ट व्यक्ति, महत्त्वपूर्ण स्थल, भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रबन्ध,
- संघ र प्रदेश प्रहरीसम्बन्धी कानुन, सुपरीवेक्षण र समन्वय,
- अपराध रोकथाम तथा नियन्त्रणसम्बन्धी नीति, कानुन मापदण्ड र नियमन,
- अपराध अनुसन्धान र अपराध अनुसन्धान अभिलेख,
- अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय समन्वय तथा सहयोग,
- सुपुर्दगीसम्बन्धी कानुन, सन्धि, सम्झौता र कार्यान्वयन,
- नागरिकतासम्बन्धी नीति, कानुन, कार्यान्वयन र नियमन,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी कानुन,
- उमेर, नाम र जात सच्याउनेसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको प्रयोगसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,
- यातना पीडितसम्बन्धी नीति, कानुन, मापदण्ड, समन्वय र नियमन,
- निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरणसम्बन्धी,
- शरणार्थी मामिलासम्बन्धी नीति, कानुन र व्यवस्थापन,
- सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- चिट्ठा तथा जुवा नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- विपद् व्यवस्थापनसम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन,
- राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,
- सजाय, माफी, मुल्तबी र परिवर्तन,
- निर्वाचन तथा जनमत सङ्ग्रह,
- सार्वजनिक बिदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
- इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनहरूसँगको सम्पर्क र समन्वय,
- मानव अधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,
- अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,
- अन्तर्राष्ट्रिय सीमा, सीमास्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा,
- सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध संघसंस्थाहरूको गतिविधि नियन्त्रण र बारूदी सुरूङ्गको निवारण,
- सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,
- राष्ट्रिय परिचयपत्र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,

- अध्यागमन,
- अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति, समन्वय,
- उपाधि, सम्मान तथा विभूषण र सुशोभन,
- द्वन्द्वपीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,
- आर्थिक सहायता,
- लागू औषध नियन्त्रण,
- धार्मिक विषय, तीर्थस्थान र तीर्थयात्री,
- कल्याण धन र बेवारिसी धन,
- सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,
- सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,
- गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागूऔषध, प्रकोप व्यवस्थापन, सुपुर्दगीलगायत) विषयक राष्ट्रिय/अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
- निर्वाचन आयोग,
- प्रहरी कल्याण,
- नेपाल प्रहरी,
- सशस्त्र प्रहरी बल, नेपाल,
- प्रहरी किताबखाना,
- सार्वजनिक विषयसँग सम्बन्धित विवाद, घटनाको जाँचबुझ र अनुसन्धान,
- सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,
- मन्त्रालयसम्बन्धी प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
- अन्य मन्त्रालयको कार्यविभाजनमा नपरेका विषय।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २६५ | सबै सुरक्षा निकायहरूलाई सबल, सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ। सीमा सुरक्षा एवं सीमा पार अपराध र तस्करी नियन्त्रणका लागि सुरक्षा इकाईहरूको भौतिक र प्राविधिक क्षमता विस्तार गरिनेछ। | • राजमार्ग (सडक) मा हुने अवरोध तत्काल हटाई सुचारु गर्ने व्यवस्था मिलाइएको।<br>• नेपाल प्रहरीको हाम्रो एक दिन कार्यक्रमअन्तर्गत प्रहरीको भौतिक उपस्थितिको दर १३ प्रतिशतले वृद्धि गरिएको।<br>• समुदाय प्रहरी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई शान्ति सुरक्षा र अपराध नियन्त्रण कार्यमा समुदायको सहभागिता सुनिश्चित गरिएको।<br>• नेपाल प्रहरीका १७ हजार २ सय ६१ कर्मचारीलाई अपराध नियन्त्रण, अनुसन्धान, विपद् व्यवस्थापन |

| | | |
|---|---|---|
| | | लगायतका विविध विषयमा तालिम प्रदान गरिएको।<br>• लागू औषध नियन्त्रणको ४५ दिने अपरेशसन सञ्चालन गरी लागू औषध अपराधमा सम्लग्न ४४ जना व्यक्तिहरूलाई पक्राउ गरिएको एवं विभिन्न किसिमका लागू औषधहरू बरामद गरिएको।<br>• सुरक्षा प्रयोजन बाहेकका मापदण्ड विपरित खटिएका सुरक्षाकर्मी फिर्ता गराई शान्ति सुरक्षाको कार्यमा परिचालित गरिएको।<br>• अध्यागमन कार्यालय त्रि.अ.वि.मा वायोमेट्रिक सहितका आधुनिक डेस्क र पूर्वाधार विकासको कार्य सम्पन्न भएको।<br>• अध्यागमन विभागबाट प्रदान गरिने पर्यटक र गैरपर्यटक भिसा वितरण सेवालाई विद्युतीय टोकन प्रणालीबाट प्रदान गर्न थालिएको। क्रमशः ई-भिसा प्रणाली लागु गर्ने सम्बन्धमा गृहकार्य भइरहेको।<br>• दक्षिणी सीमामा सीमा सुरक्षाको इकाई औसतमा प्रति १८ कि.मि. रहेकोमा सो घटाई प्रति ८ कि.मि. मा हुने गरी विस्तार गरिएको। १ सय ७ स्थानमा बोर्डर आउटपोष्ट स्थापना गरी सञ्चालनमा ल्याइएकोमा यस वर्ष थप १ सय १४ बोर्डर आउटपोष्ट स्थापना गरी २ सय २१ पुऱ्याउने तयारी भइरहेको, जसमध्ये हालसम्म १ सय १९ स्थानमा बोर्डर आउटपोष्ट स्थापना भइसकेको।<br>• नेपाल भित्रिने र बाहिरिने सबै विदेशीहरूको जैविक (Biometric) सूचनासहितको Nepali Port नामक अध्यागमन सूचना प्रणालीको निर्माण सम्पन्न भई कार्यान्वयनमा ल्याइएको। |
| २६६ | मुलुकका विभिन्न जिल्लामा अवस्थित कारागारहरूमा क्षमता भन्दा बढी कैदीहरू भएको अवस्थालाई ध्यानमा राखी कारागारहरूको विध्यमान भौतिक पूर्वाधारको निर्माण र सुधार गरिनेछ। कैदी बन्दीहरूको श्रम र सीपलाई उत्पादन कार्यमा उपयोग गराउने व्यवस्था गरिनेछ। | • कारागारको आन्तरिक व्यवस्थापनलाई अझ चुस्त र प्रभावकारी बनाउन एक/एक वर्षमा चौकीदार, नाइके, सहनाइकेमा काम गरीसकेकोहरूलाई उनीहरूको कामको मूल्याङ्कन गरी परिवर्तन गर्ने नीति लिइएको।<br>• कारागार सुरक्षाका लागि E-Attendance (कैदीबन्दीहरूको लागि) स्थापना भएको, ७० वटा कारागारमा Metal Detector खरिद भई सञ्चालनमा रहेको। |

| | | |
|---|---|---|
| | | • नुवाकोट जिल्लाको त्रिशुलीमा करिब ५ सय ३९ रोपनी क्षेत्रफलमा ७ हजार कैदीबन्दी क्षमता भएको केन्द्रिय कारागार बनाउने लक्ष्य अनुसार १ हजार ५ सय क्षमताका ४ पुरुष ब्लक र १ हजार क्षमताको १ महिला ब्लक बनाउने गरी गुरुयोजना तयार भएकोमा हाल १ हजार ५ सय क्षमताको १ पुरुष ब्लक निर्माण कार्य भइरहेको।<br>• सबै कारागारमा सि.सि.टि.भी. जडान कार्य सम्पन्न भएको, ९ कारागारमा सम्बन्धित कारागार र अदालतबीच भिडियो कन्फरेन्सिङ प्रणाली स्थापना भई सञ्चालनको क्रममा रहेको। |
| २६७ | विकास प्रक्रियामा विपद् जोखिम संवेदनशीलतालाई मूलप्रवाहीकरण गरिनेछ। विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धि गर्न स्थानीयकरण तथा क्षमता अभिवृद्धि, सार्वजनिक तथा निजी लगानी र साझेदारी तथा सहकार्य वृद्धि गरिने। | • राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना गरिएको ।<br>• प्रदेश तह र प्रदेश मुकामस्थित नगरपालिकामा विपद् जोखिम न्यूनीकरण नीति र विपद् जोखिम न्यूनीकरणसम्बन्धी रणनीतिक कार्ययोजना तर्जुमा गरिएको। |
| २६८ | सबै नेपालीको बायोमेट्रिक पहिचान र पृथक नम्बरसहितको राष्ट्रिय परिचयपत्र वितरणको कार्य शुरू गरी दुई वर्षभित्र एक नेपालीले एकभन्दा बढी परिचयपत्र बोक्नु नपर्ने व्यवस्था गरिनेछ। | • राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको स्थापना, स्तरोन्नति र विकासका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ जारी भएको।<br>• व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरणको लागि ७ सय ५३ सेवा केन्द्रको स्थापना र सञ्चालन गरिएको।<br>• हाल १६ जिल्लाबाट राष्ट्रिय परिचयपत्र विवरण सङ्कलन हुँदै आएकोमा चालू आ.व.को अन्त्यसम्म सबै जिल्लाबाट विवरण सङ्कलन कार्य गर्ने गरी कार्य अघि बढेको। |
| २६९ | सुरक्षा निकायहरू रहेको स्थान लगायत अन्य सम्भावित स्थानमा विपद्को पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याइनेछ। विपद्को पूर्वतयारी, खोज, उद्धार, राहत र पुनर्स्थापनामा सबै | • विपद्पछिको खोज तथा उद्धारका लागि हरेक जिल्लामा शीघ्र परिचालन टोली अद्यावधिक गरिराखी २४ घण्टाभित्र खोज तथा उद्धार कार्य सम्पन्न गरिएको।<br>• विपद्को घटना घटेको ७२ घण्टाभित्र राहत उपलब्ध गराइएको। |

| | | |
|---|---|---|
| | संयन्त्रहरू तयारी अवस्थामा राखी परिचालन गरिनेछ। | • शीतलहर, हिमपात र चिसोसम्बन्धी प्रतिकार्य कार्ययोजना, मनसुनसम्बन्धी विशेष कार्य जारी (सँस्थागत जिम्मेवारीसहित) कार्ययोजना बनाई कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको, त्यसको निरन्तर अनुगमन भइरहेको,<br>• नेपाल विपद् प्रतिवेदन, २०१९ र मनसुनका घटना, प्रयास तथा सिकाइहरू समेटिएको Seasonal Disaster Review,2019 तयार गरी प्रकाशन गरिएको। |
| २७० | विपद्को समयमा श्रोतको अभाव हुन नदिन त्यस्तो अवस्थामा तत्कालै निकासा हुने गरी बजेट छुट्टाइएको छ। यसबाट तत्कालै विपद्का उद्धारमा सहयोग पुग्नेछ। सबै प्रदेशमा आपतकालीन सामग्री भण्डार केन्द्र स्थापना गरिनेछ। विपद् जोखिमको विविधिकरण गरी सूचना प्रविधिको उपयोगमार्फत् पूर्व सतर्कता अपनाउने र प्रभावितहरूलाई सामाजिक संरक्षण र बिमामा आबद्ध गर्ने व्यवस्था गरिनेछ। | • विपद् व्यवस्थापन सूचना प्रणाली (DIMS) को विकास गरी विपद्सम्बन्धी विस्तृत तथा एकीकृत सूचना व्यवस्थापन कार्यको थालनी भएको।<br>• साविकमा रहेका ५ क्षेत्रीय आपतकालीन कार्यसञ्चालन केन्द्र (प्रदेश नं. १, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम) र क्षेत्रीय आपतकालिन गोदामघर प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई हस्तान्तरण गरिएको। प्रदेश नं. २ र ५ मा प्रादेशिक आपतकालीन कार्यसञ्चालन केन्द्र र गोदामघर निर्माणका लागि सम्बन्धित आन्तरिक मामिला तथा कानुन मन्त्रालयसँग समन्वय भइरहेको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- नेपाल प्रहरी र प्रदेश प्रहरीको सञ्चालन, सुपरीवेक्षण तथा समन्वयसम्बन्धी ऐन स्वीकृत भएको।
- प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन स्वीकृत भएको।

**<u>राष्ट्रिय परिचयपत्रतर्फ</u>**

- पाँचथर, संखुवासभा, झापा, महोत्तरी, सप्तरी, चितवन, ललितपुर, रसुवा, तनहुँ, स्याङ्गजा, गुल्मी, कपिलबस्तु, सल्यान, जुम्ला, कञ्चनपुर र अछाम गरी १६ जिल्लाका जिल्ला प्रशासन कार्यालय र सिंहदरबारमा गरी ६६ स्थायी विवरण दर्ता स्टेशनबाट राष्ट्रिय परिचयपत्र विवरण दर्ता कार्य शुरू गरिएको।
- चालू आ.व. को फाल्गुण मसान्तसम्म २ लाख जनाको विवरण सङ्कलन भएको र १ लाख १५ हजार जनालाई परिचयपत्र वितरण गरिएको।
- कञ्चनपुर जिल्लामा ९५ विवरण दर्ता केन्द्रमार्फत विवरण सङ्कलन कार्य शुरू भएको।

**<u>व्यक्तिगत घटना दर्तातर्फ</u>**

- २०७६ साल फागुन महिनासम्म अनलाईन सूचना प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने स्थानीय तहका वडा सङ्ख्या २ हजार ७ सय २४ पुगेको छ भने विद्युतीय प्रणालीमार्फत् घटना दर्ता गर्नेको संख्या ११ लाख ८२ हजार ५ सय ८७ पुगेको।
- २०७६ को फागुनसम्म ६ लाख २६ हजार ६ सय ८७ जन्म दर्ता, १ लाख ४८ हजार ८ सय ५० मृत्यु दर्ता, २ लाख ६५ हजार ४ सय ५८ विवाह दर्ता, ७ हजार १६२ सम्बन्धविच्छेद दर्ता र १ लाख ३४ हजार ४ सय ३० बसाई सराई दर्ता विद्युतीय प्रणाली मार्फत् दर्ता सम्पन्न भएको।

**<u>सामाजिक सुरक्षातर्फ</u>**

आर्थिक, सामाजिक रुपमा पछि परेका जेष्ठ नागरिक, एकल तथा विधवा महिला, अपाङ्गता भएका नागरिक लोपोन्मुख आदिवासी जनजाति तथा बालबालिकालाई नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता तथा आर्थिक सहयोग उपलब्ध गराउँदै आएको। आ.व. २०७६।०७७ को फागुनसम्ममा जम्मा २९ लाख ५९ हजार हजार ९ सय १५ लाभग्राहीलाई विभिन्न दरमा तोकिएबमोजिम भत्ता वितरण गरिएको। हालसम्म कुल ३२ लाख ११ हजार १ सय ३१ लाभग्राहीको विवरण व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गरिएको। उक्त व्यवस्थापन सूचना प्रणाली प्रविष्टीबाट योग्य व्यक्तिमात्र लाभग्राही हुने भएकोले बजेट पूर्वानुमानमा समेत सघाउ पुग्ने देखिन्छ।

**<u>अध्यागमन विभागतर्फ</u>**

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवामा अध्यागमन कार्यालय स्थापना गर्न दरबन्दी संरचना स्वीकृत भइसकेको र आवश्यक पूर्वाधार विकासको कार्य अगाडि बढाइएको।
- अध्यागमन अपराधको अनुसन्धान र कारवाहीलाई तिव्रता दिइएको र ५ सय ७८ जना विदेशी नागरिकहरूलाई कारवाही गरी निष्काशन गरिएको।
- अध्यागमन कार्यालय, त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल हुँदै आउने विदेशी पर्यटकहरूलाई अध्यागमन प्रक्रिया सहजीकरण गर्न सुरक्षा गार्ड तथा नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (NATHAM) मा अध्ययनरत विद्यार्थीहरू समेत परिचालन गरी थप व्यवस्थित बनाइएको।

**<u>राहत आर्थिक सहायताको अवस्था</u>**

सशस्त्र द्वन्दको क्रममा मृत्युवरण गरेका, घाइते/अपाङ्ग भएका, वेपत्ता पारिएका, सम्पत्ति क्षति भएका, अपहरणमा परेका व्यक्तिहरूलाई चालु आर्थिक वर्षको फागुनसम्मा रू. ८ करोड ८५ लाख ५ हजार राहत उपलब्ध गराइएको।

**<u>लागूऔषध कार्यक्रम</u>**

- लागूऔषध सर्वेक्षण २०७५/७६ सम्पन्न गरी प्रतिवेदन लेखन कार्य भइरहेको।यसै वर्ष उक्त प्रतिवेदन सार्वजनिक हुने।
- लागूऔषध नियन्त्रण विशेष अपरेशन सञ्चालनबाट लागूऔषध अपराधमा संलग्न ३ हजार ७ सय १३ जना व्यक्तिहरूलाई पक्राउ र २ हजार ३ सय ९३ मुद्दा दर्ता गरी कानुनी कारवाही अगाडि बढाइएको। त्यस्तै, ३ हजार ४७ किलोग्राम गाँजा, ४ सय ७६ किलोग्राम चरेश, ५.८६ किलोग्राम हिरोइन, २५.६४ किलोग्राम अफिम र १४.२९ किलोग्राम कोकिन लागूऔषधहरू बरामद गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. नीतिगत सुधार

- राष्ट्रिय परिचयपत्र व्यवस्थापन रणनीतिक योजना (२०७५।०७६-२०७७।०७८) स्वीकृत भएको।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत भई सबै नागरिकको बायोमेट्रिकसहितको विवरण राष्ट्रिय परिचय प्रणालीमा आबद्ध गर्ने कार्य अगाडि बढेको।

### ख. शान्ति सुरक्षा र अपराध नियन्त्रण

- विधिको प्रयोग गरी अपराध अनुसन्धान, नियन्त्रण र शान्ति सुरक्षा कायम गर्नका लागि १ सय ६५ स्थानमा ३ हजार २ सय ९ CCTV जडान कार्य सम्पन्न गरी प्रयोगमा ल्याइएको।
- समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत ७ सय ५३ स्थानीय तह सँग समझदारीपत्रमा हस्ताक्षर गरी विभिन्न २१ हजार ७ सय १९ समिति गठन भई कुल २ लाख ८८ हजार ३ सय ४२ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको।
- केन्द्रीय साईवर व्युरो र मानव बेचबिखन नियन्त्रण व्यूरो स्थापना भई कार्य प्रारम्भ भएको।
- प्रदेश नं. १ र ५ मा Digital Forensic Lab को शाखा स्थापना भई भौतिक पूर्वाधार निर्माण कार्य भएको।
- Crime Action Plan को कार्यान्वयन गरी अनुसन्धान सफलताको दर वृद्धि गरी ७२.६८ प्रतिशत पुऱ्याइएको।
- नेपाल प्रहरीको ३० इकाई थप गरी सबै ७ सय ५३ स्थानीय तहमा विस्तार भएको। सशस्त्र प्रहरी बलको १६ इकाई थप गरी सबै जिल्लाहरूमा विस्तार तथा परिचालन गरिएको।
- राजमार्गमा हुने सवारी दुर्घटनाहरूमा समयमा नै उद्धार गर्न मेडिकल टोली तथा एम्बुलेन्ससहितको Immediate Response Team प्रत्येक दिन १०० स्थानमा स्टयाण्डवाई रूपमा राख्ने व्यवस्था मिलाइएको।

### ग. सेवा प्रवाह र सुशासन/सूचना प्रविधिमा आधारित गृह प्रशासन

- सबै विभागीय प्रमुख तथा प्रमुख जिल्ला अधिकारीहरूसँग कार्यसम्पादन सम्झौता गर्नुका साथै अधिकृतस्तरसम्म कार्यसम्पादन सम्झौता गरी नजितामूखी कार्यसँस्कृतिको विकास गरिएको।
- सार्वजनिक एवं सरकारी जमीनको अतिक्रमण उपर छानविन गराई कानुनी कारवाहीको दायरामा ल्याइएको।
- जिल्ला प्रशासन कार्यालयहरूमा Digital Citizen Charter को व्यवस्था र १० जिल्लामा मोबाईल एप्स मार्फत सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको।

### घ. अध्यागमन र सीमा प्रशासनको सुदृढीकरण

- सन् २०१८ मा ११ लाख ७३ हजार ३ सय ५८ विदेशी नागरिक नेपाल भित्रिएको, ११ लाख ८० हजार २ सय ५९ नेपाल बाहिरिएको र यसै अवधिमा १२ लाख ६२ हजार ५ सय ९५ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेको र १२ लाख ६९ हजार ७ सय २५ नेपाली नागरिकहरू विदेश प्रस्थान गरेको तथ्याङ्क रहेको।

- सन् २०१९ जनवरी १ बाट लागु हुने गरी नेपाल र संयुक्तराज्य अमेरिका बीच भिषा पारस्पारिकता कायम भएको।
- हुम्लाको हिल्सा, ईलामको पशुपतिनगर र मोरङको विराटनगरमा अध्यागमन कार्यालय स्थापना गरिएको।

**ङ. <u>कारागारको संस्थागत सुदृढीकरण</u>**

- कारागारका जीर्ण भवनहरू मर्मत सम्भार तथा कोठाहरू थप गरी आ.व. ०७४/७५ मा ११ हजार ३ सय कैदी बन्दी राख्न सकिने क्षमता रहेकोमा आ.व. ०७५/७६ मा ४ हजार १ सय ६६ वृद्धि भई १५ हजार ४ सय ६६ वन्दी राख्न सकिने अवस्था रहेको।
- कैदीवन्दीहरूको सिदा वृद्धि गरी दैनिक रु.४५।- बाट ६०।- र नावालकको रु.१०।- बाट ३५।-पुऱ्याएको।
- केन्द्रीय कारागार अस्पताल १५ शैय्याबाट ३० शैय्यामा स्तरोन्नति गरिएको। त्यसै गरी नख्खु करागारमा १५ शैय्याको मानसिक अस्पताल निर्माण कार्य भएको।

**च. <u>विपद् जोखिम न्यूनीकरण क्षमता अभिवृद्धि</u>**

- Sendai Framework अनुसार अभिलेख र प्रतिवेदन प्रणालीको विकास गरिएको।
- म्याग्दी, भोजपुर र तेह्रथुम जिल्लामा आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सुदृढीकरण गरिएको।
- प्रदेशस्तरीय विपद् व्यवस्थापन कार्यदल स्थापना भई प्राकृतिक एवं कृत्रिम विपद् व्यवस्थापन कार्यमा दक्ष जनशक्ति परिचालित भइरहेको।

**छ. <u>अन्तर्राष्ट्रिय सहयोग र समन्वय</u>**

- अन्तरदेशीय सङ्गठित अपराध विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको मानव विशेष गरी महिला तथा बालबालिकाहरूको बेचबिखनलाई रोक्ने, दबाउने र सजाय गर्ने परिपूरक उपलेख २००० (Palermo Protocol) मा नेपालले सम्मिलन गर्ने र सम्मिलन पश्चात नेपाललाई सृजना हुने थप दायित्वहरूको कार्यान्वयन गर्दै जाने प्रयोजनको लागि कार्यान्वयन कार्ययोजना तयार गरी संघीय संसदमा पेश गरिएको।
- शान्ति सुरक्षा, अपराध नियन्त्रण र विपद् व्यवस्थापन एवं द्विपक्षीय सुरक्षासम्बन्धी ७ अन्तर्राष्ट्रिय बैठक र सम्मेलन आयोजना गरिएको।
- १८ देशका उच्चस्तरीय प्रतिनिधि मण्डलको सहभागिता रहेको Asian Disaster Preparedness Center Regional Consultative Committee को बैठक काठमाडौंमा आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको।

## ९. आर्थिक वर्ष २०७५/०७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११३ | गृह मन्त्रालय | ४५७८०४ | ४२३२७२ | ९२.४६ |
| ३१४०१४३ | समरजंग कम्पनी कार्यालय | १२४०० | १०७८७ | ८६.९९ |
| ३१४०१६३ | जिल्ला प्रशासन कार्यालयहरू | १७६१३५९ | ११९१२७८ | ६७.६३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०१७३ | सीमा प्रशासन कार्यालयहरू | २३२०० | १२५६८ | ५४.१७ |
| ३१४०१८३ | इलाका प्रशासन कार्यालयहरू | ३२१७०१ | २२७७१६ | ७०.७९ |
| ३१४०१९३ | कारागार व्यवस्थापन विभाग | १९८०० | १६१८५ | ८१.७४ |
| ३१४०२०३ | कारागार कार्यालयहरू | १५३५१०५ | १४२९०४२ | ९३.०९ |
| ३१४०२१३ | अध्यागमन विभाग | ६३७७४ | ५५८०८ | ८७.५१ |
| ३१४०२२३ | अध्यागमन कार्यालयहरू | १८८२०० | १५१९३९ | ८०.७३ |
| ३१४०२३३ | जुद्ध वारुणयन्त्र कार्यालय | १४४०० | १०९४४ | ७६ |
| ३१४०२४३ | प्रहरी प्रधान कार्यालय | २९९०१२२ | २८७२२१७ | ९६.०६ |
| ३१४०२५३ | नेपाल प्रहरी अस्पताल | ४३२०७० | ४२३१५३ | ९७.९४ |
| ३१४०२६३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ५५६१९१ | ५५१०४४ | ९९.०७ |
| ३१४०२७३ | प्रदेश प्रहरी कार्यालयहरू | ४५४८३५० | ४४२६७६९ | ९७.३३ |
| ३१४०२८३ | जिल्ला प्रहरी कार्यालयहरू | १६५८६५५१ | १६८०३७०३ | १०१.३१ |
| ३१४०२९३ | महानगरीय प्रहरी | ४४२६२६३ | ४४६२०८८ | १००.८१ |
| ३१४०३०३ | सशस्त्र प्रहरी बल | १२३६९९८ | १२०९२२३ | ९७.७५ |
| ३१४०३१३ | प्रहरी किताबखाना | २०२०० | १९५४० | ९६.७३ |
| ३१४०३२३ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | १६५४७३ | ४२८११ | २५.८७ |
| ३१४०३३३ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | ० | ० | ० |
| ३१४०३४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ७०००६५ | ६८०६८४ | ९७.२३ |
| ३१४०३५३ | नेपाल ए.पी.एफ अस्पताल | २२९६११ | २०९०९१ | ९१.०६ |
| ३१४०३६३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १११०२५४० | १०७४२८९८ | ९६.७६ |
| ३१४०३७३ | सशस्त्र प्रहरी बल राजस्व भन्सार तथा | १७३३८८३ | १६६७४९६ | ९६.१७ |
| ३१४१०१३ | लागू औषध नियन्त्रण कार्यक्रम | ११५०० | ९५६३ | ८३.१६ |
| ३१४१०४३ | महिला तथा बालबालिका सेवा केन्द्र | १३९०० | ११८९१ | ८५.५५ |
| ३१४१०५३ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा | ११४०० | १११८० | ९८.०७ |
| ३१४१०६३ | राहत तथा पुनर्स्थापना कार्यक्रम | १००००० | ७१४८८ | ७१.४९ |
| | **जम्मा** | ४९२६२८६० | ४७७४४३७८ | ९६.९२ |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०११४ | गृह मन्त्रालय | १०७६६० | ९२९६२ | ८६.३५ |
| ३१४०१४४ | समरजंग कम्पनी कार्यालय | ३०० | ३०० | १००.०० |
| ३१४०१६४ | जिल्ला प्रशासन कार्यालयहरू | ५०७२१८ | ४३०३३५ | ८४.८४ |
| ३१४०१७४ | सीमा प्रशासन कार्यालयहरू | ३०० | २६५ | ८८.४९ |
| ३१४०१८४ | इलाका प्रशासन कार्यालयहरू | ८३८२९ | ७०७६९ | ८४.४२ |
| ३१४०१९४ | कारागार व्यवस्थापन विभाग | ३४५८९० | ९५११० | २७.५० |
| ३१४०२०४ | कारागार कार्यालयहरू | २३५४०४ | १७३५७६ | ७३.७४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/ कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०२१४ | अध्यागमन विभाग | ८४३०० | ७७२४४ | ९१.६३ |
| ३१४०२२४ | अध्यागमन कार्यालयहरू | ७९०० | ७३५३ | ९३.०८ |
| ३१४०२३४ | जुद्ध वारुणयन्त्र कार्यालय | ५०० | ५०० | १००.०० |
| ३१४०२४४ | प्रहरी प्रधान कार्यालय | २२८०३५० | २१६९४९९ | ९५.१४ |
| ३१४०२५४ | नेपाल प्रहरी अस्पताल | १८१५८५ | १८१५८५ | १००.०० |
| ३१४०२६४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ३११९२७७ | ८०९७७ | २.६० |
| ३१४०२७४ | प्रदेश प्रहरी कार्यालयहरू | १९३९२२ | १९३०२० | ९९.५३ |
| ३१४०२८४ | जिल्ला प्रहरी कार्यालयहरू | ८१४९०८ | ८०६५९६ | ९८.९८ |
| ३१४०२९४ | महानगरीय प्रहरी | २२३७५७६ | २१४८३५६ | ९६.०१ |
| ३१४०३०४ | सशस्त्र प्रहरी बल | ४९४०५१ | ४८१४१६ | ९७.४४ |
| ३१४०३१४ | प्रहरी किताबखाना | १३०० | ६९९ | ५३.८० |
| ३१४०३२४ | राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र | ४७०७०० | २२७८८ | ४.८४ |
| ३१४०३३४ | महानगरीय सशस्त्र प्रहरी कार्यालय | ० | ० | ० |
| ३१४०३४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ५३५२३ | ५३४८६ | ९९.९३ |
| ३१४०३५४ | नेपाल ए.पी.एफ अस्पताल | १०१०९३ | १०१०७२ | ९९.९८ |
| ३१४०३६४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ३०७४२९ | ३०४३३५ | ९८.९९ |
| ३१४०३७४ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | ४४५९० | ४४०८५ | ९८.८७ |
| ३१४१०१४ | लागू औषध नियन्त्रण कार्यक्रम | ७०० | ६९४ | ९९.०८ |
| ३१४१०४४ | महिला तथा बालबालिका सेवा केन्द्र | २१५०० | ० | ०.०० |
| ३१४१०५४ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७०००० | ६९८६४ | ९९.८१ |
| | **जम्मा** | **११७६५८०५** | **७६०६८८७** | **६४.६५** |

## १०. आ.व. २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११३ | गृह मन्त्रालय | ३९४४३९ | २५९५४३ | ६५.८ |
| ३१४००१०१३ | राहत तथा पुर्नस्थापना कार्यक्रम | १६६०० | ६३५ | ३.८३ |
| ३१४००१०२३ | लागू औषध नियन्त्रण कार्यक्रम | १०९०० | ४२१५ | ३८.६७ |
| ३१४०१०११३ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | ५००८६५० | २५३५७६ | ५.०६ |
| ३१४०१०१२३ | सामाजिक सुरक्षा तथा संरक्षण | ६४५००००० | ३४६७२५९० | ५३.७६ |
| ३१४०२०११३ | कारागार व्यवस्थापन विभाग | २२००० | ९४१३ | ४२.७९ |
| ३१४०२०१२३ | कारागार कार्यालयहरू | १७८२९३३ | १०३६११५ | ५८.११ |
| ३१४०३०११३ | अध्यागमन विभाग | ७४८०० | ३२४९५ | ४३.४४ |
| ३१४०३०१२३ | अध्यागमन कार्यालयहरू | १८७८५९ | १०७१६० | ५७.०४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४०११३ | प्रहरी प्रधान कार्यालय | ५८७४३१७ | २०७५८३५ | ३५.३४ |
| ३१४०४०१२३ | महानगरीय प्रहरी | ४५३५८४० | ३६७०७९६ | ८०.९३ |
| ३१४०४०१३३ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | ६४३४०० | ३८२४९० | ५९.४५ |
| ३१४०४०१४३ | प्रदेश प्रहरी कार्यालयहरू | ५११५९२७ | ४०००९५४ | ७८.२१ |
| ३१४०४०१५३ | नेपाल प्रहरी अस्पताल | ४७५३०० | ३१५५६२ | ६६.३९ |
| ३१४०४०१६३ | जिल्ला प्रहरी कार्यालयहरू | १७०७६५७८ | १३०९९२०७ | ७६.७१ |
| ३१४०४१०३३ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | १०६०० | ४२३५ | ३९.९५ |
| ३१४०५०११३ | सशस्त्र प्रहरी बल | २९३१७१५ | ६३४८९१ | २१.६६ |
| ३१४०५०१३३ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | १२५५२८१४ | ८९६१०१८ | ७१.३९ |
| ३१४०५०१४३ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ७८२१७७ | ५३१४८३ | ६७.९५ |
| ३१४०५०१५३ | नेपाल ए.पी.एफ अस्पताल | २५२५५० | १५५३११ | ६१.५ |
| ३१४०५०१६३ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | १९१९६४८ | १३४२७९९ | ६९.९५ |
| ३१४०६०११३ | प्रहरी किताबखाना | २११५० | १२०८८ | ५७.१६ |
| ३१४९१०११३ | समरजंग कम्पनी कार्यालय | १२५०० | ५२९५ | ४२.३६ |
| ३१४९२०११३ | जिल्ला प्रशासन कार्यालयहरू | १३३७६२५ | ७५८४६७ | ५६.७ |
| ३१४९२०१२३ | सीमा प्रशासन कार्यालयहरू | २४५०२ | ८४८९ | ३४.६४ |
| ३१४९२०१३३ | इलाका प्रशासन कार्यालयहरू | ३२०७८९ | १५८६९० | ४९.४७ |
| ३१४९३०११३ | जुद्ध वारुणयन्त्र कार्यालय | १७३८२ | ८०७० | ४६.४३ |
| | **जम्मा** | **१२५९०२९९५** | **७२५०१४२२** | **५७.५९** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०००११४ | गृह मन्त्रालय | १९५०२५ | ५९२४ | ३.०४ |
| ३१४००१०२४ | लागू औषध नियन्त्रण कार्यक्रम | ७०० | ० | ० |
| ३१४०१०११४ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | २२६०८०० | ९०७३३९ | ४०.१३ |
| ३१४०२०११४ | कारागार व्यवस्थापन विभाग | ५१८८०० | ७२७५५ | १४.०२ |
| ३१४०२०१२४ | कारागार कार्यालयहरू | १३९७०० | ४५१३४ | ३२.३१ |
| ३१४०३०११४ | अध्यागमन विभाग | १३६८०० | ९९३८४ | ७२.६५ |
| ३१४०३०१२४ | अध्यागमन कार्यालयहरू | १०४०० | ४३७४ | ४२.०६ |
| ३१४०४०११४ | प्रहरी प्रधान कार्यालय | १४२७५०० | ३३०२२७ | २३.१३ |
| ३१४०४०१२४ | महानगरीय प्रहरी | ५३४५०० | १४१४५६ | २६.४७ |
| ३१४०४०१३४ | राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान | १२७४१०० | ४३६५७ | ३.४३ |
| ३१४०४०१४४ | प्रदेश प्रहरी कार्यालयहरू | ३८०३०० | १७२३७७ | ४५.३३ |
| ३१४०४०१५४ | नेपाल प्रहरी अस्पताल | २९०१०० | १०५९६० | ३६.५३ |
| ३१४०४०१६४ | जिल्ला प्रहरी कार्यालयहरू | १५५११०० | ६२२१६० | ४०.११ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३१४०४१०३४ | त्रि-वर्षिय अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना | ७९१०० | १२६५ | १.६ |
| ३१४०५०११४ | सशस्त्र प्रहरी बल | २०३२०० | ८२३१३ | ४०.५१ |
| ३१४०५०१३४ | क्षेत्रीय सशस्त्र प्रहरी बल कार्यालय | ३६४१०० | ११४००९ | ३१.३१ |
| ३१४०५०१४४ | सशस्त्र प्रहरी बल तालिम केन्द्रहरू | ११९००० | ९७२० | ८.१७ |
| ३१४०५०१५४ | नेपाल ए.पी.एफ अस्पताल | २२८९०० | १२१२८ | ५.३ |
| ३१४०५०१६४ | सशस्त्र प्रहरी बल राजश्व भन्सार तथा औद्योगिक सुरक्षा बल | १७९०० | ९३९५ | ५२.४९ |
| ३१४०६०११४ | प्रहरी किताबखाना | ११०० | ८०२ | ७२.९३ |
| ३१४९१०११४ | समरजंग कम्पनी कार्यालय | ३०० | १११ | ३६.९५ |
| ३१४९२०११४ | जिल्ला प्रशासन कार्यालयहरू | ४६९५१५ | १३३३०७ | २८.३९ |
| ३१४९२०१२४ | सीमा प्रशासन कार्यालयहरू | १६२० | ३०० | १८.५२ |
| ३१४९२०१३४ | इलाका प्रशासन कार्यालयहरू | ८५५६५ | ३७६८७ | ४४.०५ |
| ३१४९३०११४ | जुद्ध वारुणयन्त्र कार्यालय | ६०० | १६७ | २७.७९ |
|  | **जम्मा** | १०२९०७२५ | २९५१९५१ | २८.६९ |

◆ ◆ ◆

# परराष्ट्र मन्त्रालय

## १. पृष्ठभूमिः

परराष्ट्र मन्त्रालयको प्रमुख जिम्मेवारी नेपालको परराष्ट्र नीतिको तर्जुमा र कार्यान्वयन गर्नु हो। राष्ट्रिय हितको रक्षा, राष्ट्रिय आकाङ्क्षा, विकास लक्ष्य एवं प्राथमिकता प्राप्त उद्देश्यहरूको कार्यान्वयनका लागि अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्नु, अधिकतम सद्भाव र सहयोग प्राप्त गर्नु र सक्रिय कूटनीतिक उपस्थितिद्वारा अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छविलाई उँचो र भूमिकालाई प्रभावकारी बनाउने तर्फ केन्द्रित रही सो अनुरूपका क्रियाकलापहरू परराष्ट्र मन्त्रालयले सञ्चालन गर्दै आएको छ।

यस परिदृश्यमा परराष्ट्र नीतिको दायरामा नवीनतम् विषयहरू स्थापित हुँदै गएका छन्। आर्थिक कूटनीति, जलवायु कूटनीति, श्रम कूटनीति र डायस्पोरा कूटनीतिका साथै विश्व मानचित्रमा नेपाललाई स्थापित गराउने सरकारको प्रयासस्वरुप सगरमाथा सम्वाद, नेपालको मौलिक शान्ति प्रकृयाको नमूनाको प्रवर्द्धन जस्ता विषयहरूलाई प्राथमिकतामा राखी कूटनीति सञ्चालन गरिएको छ। नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध सञ्चालन र सुपरिवेक्षण गर्ने गुरुत्तर दायित्व बहन गरेको नेपाल सरकारको केन्द्रीय सरकारी निकायका रूपमा परराष्ट्र मन्त्रालयको प्रत्यक्ष निर्देशन, नियन्त्रण र सुपरिवेक्षणमा नेपालको परराष्ट्र सम्बन्धको कार्यान्वयन विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूले गरिरहेका छन्। हाल विदेशमा ३९ वटा नेपाली नियोगहरू (३० वटा राजदूतावासहरू, ३ वटा स्थायी नियोगहरू र ६ वटा महावाणिज्यदूतावासहरू) छन्। साथै, अवैतनिक महावाणिज्यदूतहरू ७१ को संख्यामा रहेका छन्। "सबैसँग मित्रता, छैन कसैसँग शत्रुता" को मूल मर्म पछ्याउँदै नेपालले २०७६ फागुन मसान्तसम्म विश्वका १६८ मुलुकहरूसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको छ।

## २. दीर्घकालीन सोचः

बृहत्तर राष्ट्रिय हितको रक्षा गर्दै स्वतन्त्र, प्रतिष्ठित एवं समृद्ध नेपाल निर्माण।

## ३. उद्देश्यः

राष्ट्रिय हित अनुकूल स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित द्विपक्षीय/बहुपक्षीय सम्बन्ध सुदृढ गर्ने एवं संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय/क्षेत्रीय सङ्गठन तथा मञ्चहरूमा सक्रिय भूमिका निर्वाह गर्दै राष्ट्रिय हित संरक्षण र प्रवर्द्धन तथा विदेशमा रहेका नेपालीहरूको अधिकार र हितको संरक्षणमार्फत् समृद्ध नेपाल निर्माणमा योगदान गर्ने।

## ४. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:

- नेपालको परराष्ट्र नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन,
- विदेशी राष्ट्र तथा संयुक्त राष्ट्रसंघ लगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध,
- नेपालस्थित विदेशी नियोगहरूसँगको सम्बन्ध, समन्वय एवं विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व,

- नेपालको अन्तर्राष्ट्रिय सीमा-सम्बन्ध,
- विदेशमा नेपालको प्रतिनिधित्व,
- अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा अभिवृद्धि,
- नेपाल तथा अन्य देशका नागरिकको आ-आफ्नो सरकारबाट व्यक्ति माथिको दावी,
- कन्सुलर प्राक्टिस र कन्सुलर सेवा,
- विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरूको हक, हित, उद्धार र संरक्षण,
- अतिथि सत्कार, शिष्टाचार र ओहदाको प्रमाणपत्र,
- अधिकारपत्र (क्रिडेन्सियल),
- आर्थिक तथा विकास कूटनीति,
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति,
- गैरआवासीय नेपाली/विदेशमा रहेका नेपाली,
- परराष्ट्र मामिला सम्बन्धमा प्रदेशहरूसँग सम्पर्क र समन्वय,
- कूटनीतिक आचारसंहिता,
- अन्तर्राष्ट्रिय तहमा जनस्तरीय तथा गैरसरकारी संस्थास्तरीय सम्बन्धको विकास,
- राहदानी, विदेशबाट दिइने भिसा,
- कूटनीतिक तहमा हुने वार्ता, सम्झौता र सन्धि,
- विषयगत मन्त्रालयबाट हुने वार्ता, सम्झौता, सन्धि, समझदारीमा सहमति, समन्वय र सहजीकरण,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल परराष्ट्र सेवाको सञ्चालन।

## ५. आ.व. २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगतिः

| बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति |
|---|---|---|
| २६० | नेपालको परराष्ट्र नीति राष्ट्रिय हित, पारस्परिक लाभ र सम्मान, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्व र न्यायमा आधारित हुनेछ। स्वतन्त्रता, सार्वभौमसत्ता,भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय सुरक्षा कायम गर्दै अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय प्रतिष्ठाको अभिवृद्धि गरिनेछ। छिमेकी मित्रराष्ट्रहरू, विकास साझेदारहरू, श्रम गन्तव्य मुलुकहरू लगायत अन्य सबै मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई थप सुदृढ गर्दै राष्ट्रिय हित प्रवर्द्धन गरिने। | • नेपाल सरकारका तर्फबाट भएका द्विपक्षीय, क्षेत्रीय एवं बहुपक्षीय भेटवार्ता, कूटनीतिक छलफल एवं सम्बोधन र सन्धि/ सम्झौता/ समझदारीपत्रहरूमा नेपालको राष्ट्रिय सम्मान र राष्ट्रिय हित संरक्षण र प्रवर्द्धन गर्ने गरी गरिएको।<br>• छिमेकी मित्रराष्ट्र तथा विकास साझेदार मुलुक र श्रम गन्तव्य मुलुकहरू सबैसँग सुमधुर सम्बन्ध कायम राखी दुईपक्षीय एवं बहुपक्षीय सम्बन्धलाई सुदृढ तुल्याइएको। |

| बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति |
|---|---|---|
| २६१ | राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी सरोकार र चासोका विषयहरूमा सघन छलफल गरी साझा दृष्टिकोण बनाउन अन्तर्राष्ट्रिय स्तरको सगरमाथा सम्वाद आयोजना गरिनेछ। नेपाल सदस्य भएका क्षेत्रीय मञ्चहरूलाई अझ प्रभावकारी बनाउन जोड दिइनेछ। विश्वकै लागि अनुकरणीय रहेको नेपालको मौलिक शान्ति प्रक्रियाका अनुभवहरूलाई अन्तर्राष्ट्रियस्तरमा आदानप्रदान गरिने। | • सगरमाथा सम्वादका कार्यहरूको संयोजन गर्न नारायणहिटीमा सगरमाथा सम्वाद सचिवालयको स्थापना गरिएको।<br>• सगरमाथा सम्वाद आयोजनाको तयारी स्वरुप मुख्य सम्वादकै ढाँचामा २०७६ माघ २६ मा काठमाडौंमा सगरमाथा राष्ट्रिय सम्वाद कार्यक्रम सम्पन्न भएको। उप-प्रधानमन्त्री तथा रक्षामन्त्रीबाट समुद्घाटन भएको र परराष्ट्र, वन तथा वातावरण, अर्थ मन्त्रीको समुपस्थितिमा तीनै तहका सरकार, निजी क्षेत्र, विशेषज्ञ, सञ्चार जगत तथा महिला तथा युवाको समेत प्रतिनिधित्व एवं सहभागिता रहेको सो सम्वादमा पाँचवटा समानान्तर प्लेनरी सत्रहरूमा जलवायु परिवर्तन, पर्वत र मानव जातिको भविष्यसँग सम्बन्धित १० विभिन्न उपशीर्षकहरूमा छलफल भएको। सगरमाथा सम्वादको विषय शीर्षक र सहायक शीर्षकहरू तय गर्न र अन्य सुझाव सङ्कलन गर्ने उद्देश्यले परराष्ट्र मन्त्रालयले यस अवधिमा सगरमाथा राष्ट्रिय सम्वाद सहित काठमाडौंमा राष्ट्रिय परामर्श गोष्ठी, पोखरा र जनकपुरमा क्षेत्रीय परामर्श गोष्ठी, कूटनीतिक र मिडिया ब्रिफिङ्ग, राष्ट्रिय सरोकार गोष्ठीहरू सम्पन्न गरेको।<br>• विश्वव्यापीरूपमा फैलिएको कोरोना महामारी (COVID-१९) का कारण अन्तिम समयमा नेपाल सरकारले अर्को मिति तय नभएसम्मका लागि सम्वादको मिति स्थगन गरेको। |

| बुँदा नं. | नीति तथा कार्यक्रमको व्यहोरा | प्रगति |
|---|---|---|
| २६२ | नेपालको आर्थिक कूटनीतिलाई देशगत र क्षेत्रगत लक्ष्य तोकी परिचालन गरिनेछ। विकास सहायता, व्यापार, लगानी, श्रम र पर्यटन प्रवर्द्धनमा अन्तर्राष्ट्रिय सहयोग बढाउने गरी आर्थिक कूटनीति सञ्चालन गरिने। | • विदेशस्थित नेपाली नियोगहरूबाट देशगत रणनीतिअनुसार नतिजामूलक आर्थिक कूटनीतिका कार्यक्रमहरू सम्पन्न भएको।<br>• नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धनमा विशेष जोड दिइएकोमा कोरोना महामारीका कारण अपेक्षित परिणाम प्राप्त हुन नसकेको। |
| २६३ | राहदानी सेवालाई थप प्रभावकारी बनाउँदै विद्युतीय राहदानी लागू गर्न तयारी कार्य सम्पन्न गरिनेछ। गैरआवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय सञ्जाल, ज्ञान, पूँजी र प्रविधिलाई नेपालको आर्थिक सामाजिक विकासमा उपयोग गर्न आकर्षित गरिनेछ। | • २०७६ भाद्र १० गते विद्युतीय राहदानीका लागि अन्तर्राष्ट्रिय बोलपत्र आव्हान गरी प्रकाशित सूचना विविध कारणले रद्द भई २०७६ फागुन १९ मा पुनः बोलपत्र आह्वान गरिएको।<br>• गैर आवासीय नेपालीसम्बन्धी नयाँ ऐन मस्यौदाको क्रममा रहेको। गैरआवासीय नेपालीहरूको ज्ञान, पूँजी र प्रविधिलाई Brain Gain Center को माध्यमबाट एकीकृत गरिएको र गैरआवासीय नेपालीहरूबाट प्राप्त परियोजनाहरू सम्बन्धित निकायमा पठाइएको। |

## ६. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

<u>उच्चस्तरीय द्विपक्षीय भ्रमणहरू</u>

### क. सम्माननीय राष्ट्रपतिज्यूको म्यानमारको राजकीय भ्रमण

सम्माननीय राष्ट्रपतिज्यूबाट म्यानमारका राष्ट्रपतिको निमन्त्रणामा २०७६ असोज २९ देखि कार्तिक ३ गतेसम्म म्यानमारको राजकीय भ्रमण सम्पन्न भएको। भ्रमणको क्रममा नेपाल र म्यानमारबीच पर्यटन तथा सांस्कृतिक सहयोग आदानप्रदान गर्ने सम्बन्धी समझदारीपत्रहरूमा ३० असोज २०७६ मा हस्ताक्षर भएको।

### ख. सम्माननीय राष्ट्रपतिज्यूको जापानको औपचारिक भ्रमण

सम्माननीय राष्ट्रपतिज्यूबाट जापानी सम्राटको Enthronement Ceremony मा सहभागिता हुने क्रममा २०७६ कार्तिक ३ देखि ५ गतेसम्म जापानको औपचारिक भ्रमण सम्पन्न भएको। सो अवसरमा उहाँले जापानका प्रधानमन्त्री र भारतका राष्ट्रपतिज्यूसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्नुभएको।

**ग. परराष्ट्र मन्त्रीको बङ्गलादेशको औपचारिक भ्रमण**

परराष्ट्र मन्त्रीले बङ्गलादेशका परराष्ट्र मन्त्री डा. अब्दुल मोमेनको मैत्रीपूर्ण निमन्त्रणामा मिति २०७६ फागुन ५ देखि ७ गते सम्म बङ्गलादेशको भ्रमण गर्नुभई द्विपक्षीय वार्ता गर्नुभएको। वार्ताका क्रममा नेपाल तथा बङ्गलादेशबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ प्रगाढ एवं फलदायी बनाउन द्विपक्षीय हितका सबै पक्षहरूमा सारभूत छलफल हुनुको साथै दुई देशबीचको सम्बन्धलाई अझ गहिरो एवं फलदायी बनाउँदै लैजाने समझदारी भएको। सो क्रममा जलविद्युत लगायतका ऊर्जाका स्रोतको विकास एवं व्यापार गर्ने विषयमा सहमति भएको। परराष्ट्र मन्त्री र बङ्गलादेशका वाणिज्यमन्त्री श्री टिपु मुन्सीसँगको भेटमा नेपालबाट बङ्गलादेशमा निर्यात प्रवर्द्धन तथा दुवै मुलुकबीच कनेक्टिभिटी वृद्धि गर्ने सम्बन्धमा छलफल भएको।

**घ. परराष्ट्रमन्त्रीको रूसी महासंघ तथा तथा गणतन्त्र सर्वियाको भ्रमण (२०७६ मंसिर ८-१३)**

परराष्ट्रमन्त्रीले २०७६ मंसिर ८ देखि ११ (तदनुसार २४-२७ नोभेम्बर २०१९) सम्म रूसी महासंघको भ्रमण गर्नुभएको। विश्वको महाशक्ति राष्ट्र रूसी महासंघमा नेपालबाट परराष्ट्रमन्त्रीस्तरमा १४ वर्षको अन्तरालमा उक्त भ्रमण सम्पन्न भएको। भ्रमणका क्रममा परराष्ट्रमन्त्रीले रूसी महासंघका समकक्षी सेर्गिइ लाभ्रोभसँग प्रतिनिधिमण्डलस्तरमा भएको वार्तामा राजनीतिक सम्बन्ध, व्यापार र लगानी, आर्थिक सहायता, साँस्कृतिक सम्बन्ध, कन्सुलर सहायता लगायत नेपाल–रूस सम्बन्धका बहुआयामिक विषयहरूमा सघन छलफल भएको। सो क्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट रूसी राष्ट्रपति महामहिम भ्लादिमिर पुटिन र सम्माननीय प्रधानमन्त्रीबाट उहाँका समकक्षी महामहिम दिमेत्री मेदभेदेबलाई नेपाल भ्रमणका लागि पठाइएका निमन्त्रणा पत्रहरू हस्तान्तरण गरिएको।

परराष्ट्र मन्त्रीबाट २०७६ मंसिर १२ देखि १३ गतेसम्म (तदनुसार नोभेम्बर २७-२८, २०१९) सम्म सर्वियाको भ्रमण गर्नुहुँदा भएको वार्तामा दुई देशमा विकसित पछिल्लो राजनीतिक घटनाक्रम तथा सम्बन्धलाई अझ कसरी विश्वासिलो र दिगो बनाउने भन्नेबारे विचार आदानप्रदान हुनुका साथै आर्थिक, सामाजिक, साँस्कृतिक, प्राविधिक लगायतका क्षेत्रहरूमा हुनसक्ने सम्भावित सहयोग तथा सहकार्यका विषयहरूलाई भरपर्दो र प्रभावकारी बनाउन जोड दिइएको। दुई मुलुकबीच असंलग्न अभियान, विकासशील तथा भूपरिवेष्टित मुलुकको साझा हितका लागि आगामी दिनहरूमा थप सहकार्य गर्ने विषयमा सहमति भएको।

**<u>बहुपक्षीय तथा क्षेत्रीय कूटनीति</u>**

**क. असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलनमा सहभागिता**

सम्माननीय प्रधानमन्त्रीज्यू अजरवैजानको बाकुमा २४-२६ अक्टोबर २०१९ सम्म आयोजित असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलनमा सहभागी हुनुभई २५ अक्टोबरका दिन शिखर सम्मेलनलाई सम्बोधन गर्नुभएको। नेपाल असंलग्न राष्ट्रहरूको १८औं शिखर सम्मेलनको उपाध्यक्षमा सर्वसम्मतिले चयन भएको र उपाध्यक्षको हैसियतमा सम्माननीय प्रधानमन्त्रीज्यूले शिखर सम्मेलनको पहिलो दिनको अपरान्ह सत्रको अध्यक्षता गर्नुभयो। सम्मेलनको Sidelines मा सम्माननीय प्रधानमन्त्रीज्यूले आयोजक राष्ट्र अजरबैजानका राष्ट्रपति, पाकिस्तानका राष्ट्रपति, भारतका उपराष्ट्रपति र वङ्गलादेशका प्रधानमन्त्रीसँग द्विपक्षीय भेटवार्ता

गर्नुभयो। सोही क्रममा १८औं शिखर सम्मेलनको मन्त्रीस्तरीय बैठकमा परराष्ट्रमन्त्रीले सम्बोधन गर्नुभएको।

**ख. संयुक्त राष्ट्रसंघको ७४औं महासभामा सहभागिता**

परराष्ट्रमन्त्रीले न्यूयोर्कमा आयोजित संयुक्त राष्ट्रसंघको ७४औं महासभामा सहभागी भई २७ सेप्टेम्बर २०१९ मा महासभालाई सम्बोधन गर्नुभयो। महासभाका अवसरमा भएका High Level Events on Financing for Development, SDG Summit, Universal Health Coverage, Climate Action Summit लगायत विभिन्न उच्चस्तरीय बैठकहरू Ministerial Meeting of LDCs, Ministerial Meeting of NAM, Ministerial Meeting of G-77 and China, High Level Dialogue on Peace Operations आदिमा समेत नेपालको सक्रिय सहभागिता रह्यो परराष्ट्रमन्त्रीले अध्यक्षता गर्नुभएको परराष्ट्रमन्त्रीस्तरमा सार्क Council of Ministers को अनौपचारिक बैठक New York मा २६ सेप्टेबर २०१९ मा सम्पन्न भयो। महासभामा सहभागिताको क्रममा परराष्ट्रमन्त्रीले संयुक्तराज्य अमेरिकाका राष्ट्रपति महामहिम श्री डोनाल्ड ट्रम्पसँग भेटघाट गर्नुका साथै ३० सेप्टेम्बर २०१९ का दिन संयुक्त राष्ट्रसंघका महासचिव श्री एन्टोनियो गुटेरेससँग द्विपक्षीय बैठक गरी आपसी सम्बन्ध र सहयोगका विषयमा छलफल गर्नुभयो। महासभामा सहभागिताका क्रममा परराष्ट्रमन्त्रीले नर्वेका समकक्षी मन्त्रीसँग समेत भेटवार्ता गर्नुभएको थियो।

**ग. चौथो हिन्द महासागरीय सम्मेलनमा सहभागिता**

गत २०७६ भदौ १७ देखि १८ (तदअनुसार ३-४ सेप्टेम्बर २०१९) गतेसम्म माल्दिभ्समा Securing the Indian Ocean Region: Traditional and Non-Traditional Challenges विषयमा आयोजित चौथो हिन्द महासागरीय सम्मेलन (4th Indian Ocean Conference) मा माननीय परराष्ट्रमन्त्री सहभागी भई उक्त सम्मेलनलाई सम्बोधन गर्नुभएको।

**घ. सार्क परराष्ट्र तथा अर्थ मन्त्रीस्तरीय अनौपचारिक बैठक**

- विश्व बैंकको वार्षिक बैठकको साइडलाइनमा आयोजित सार्क राष्ट्रका अर्थमन्त्रीहरूको चौधौं अनौपचारिक बैठक नेपालका अर्थमन्त्रीको अध्यक्षतामा अक्टुवर १७, २०१९ मा न्यूयोर्कमा सम्पन्न भयो।
- नेपालका परराष्ट्रमन्त्रीको अध्यक्षतामा संयुक्त राष्ट्रसंघको चौहत्तरौं महासभाको sidelines मा सार्क राष्ट्रका विदेशमन्त्रीहरूको अनौपचारिक बैठक २६ सेप्टेम्बर २०१९ सम्पन्न भएको। उक्त बैठकले व्यापार लगानी र पर्यटन जस्ता क्षेत्रहरू साथै शान्ति, सुरक्षा र स्थायित्वको लागि क्षेत्रीय साझेदारीको महत्व लगायतका विषयमा छलफल गरेको। साथै उक्त मन्त्रिस्तरीय बैठकले सार्कद्वारा विगत एक वर्षमा सम्पादन गरिएका कार्यहरूको समीक्षा गर्नुका साथै सार्कका १४औं महासचिवको रूपमा श्रीलङ्काका श्री इसाला विराकूनलाई सिफारिस गरेको।
- परराष्ट्रमन्त्रीको अध्यक्षतामा संयुक्त राष्ट्रसंघको चौहत्तरौं महासभाको sidelines मा २७ सेप्टेम्बर २०१९ का दिन आयोजित एसिया सहयोग सम्वाद (Asia Cooperation Dialogue) का सदस्य राष्ट्रका विदेशमन्त्रीहरूको अनौपचारिक बैठकमा सहभागी भई सम्बोधन गर्नु भएको।
- ०९-१० अक्टोबर २०१९ मा माल्दिभ्समा आयोजित SAARC Ministers of Education/ Higher Education को तेस्रो बैठकमा नेपालको तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्रीको नेतृत्वमा ४ सदस्यीय टोलीले सहभागिता जनाएको। उक्त बैठकले माले घोषणापत्र जारी गरेको तथा SAARC

Framework for Action for Education 2030 स्वीकृत गरेको। साथै, चौथो सार्क शिक्षामन्त्रिस्तरीय बैठक दुई बर्ष पछि काठमाडौंमा आयोजना हुने भएको।

- गत १-२ मार्च २०२० एवं १०-११ अक्टोबर २०१९ मा श्रीलङ्काको कोलम्बोमा आयोजित BIMSTEC Permanent Working Committee को दोस्रो र तेस्रो बैठक तथा ३ मार्च २०२० मा आयोजित BIMSTEC Senior Officials को बैठकले BIMSTEC Charter को मस्यौदा, BIMSTEC अन्तर्गतका सहयोगका क्षेत्रहरू, BIMSTEC र ADB वीच सहयोग सम्झौता, आगामी २०२० सेप्टेम्बर पहिलो साता श्रीलङ्काको कोलम्बोमा BIMSTEC शिखर सम्मेलन योजना गर्ने सम्बन्धमा छलफल गरेको।

- नेपालले गत १९-२० डिसेम्बर २०१९ तारिख काठमाडौंमा आयोजित सार्कको कार्यक्रम समितिको ५७औं बैठक (57th Session of the SAARC Programming Committee) को अध्यक्षता गरेको। सार्कको कार्यक्रम समिति हाल क्रियाशील एकमात्र संयन्त्रको रूपमा रहेको।

**ङ. मानव अधिकार परिषद्को ४३औं सत्रको बैठकमा सहभागिता**

२४ फेब्रुअरी २०२० बाट शुरू भएको मानव अधिकार परिषद्को ४३औं सत्रमा परराष्ट्रमन्त्रीको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल सहभागी भएको। परराष्ट्रमन्त्रीबाट २५ फेब्रुअरीमा High Level Segment लाई सम्बोधन गर्दै मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको अटल प्रतिबद्धता व्यक्त गर्नुभयो। उक्त बैठकमा सहभागिता जनाउने क्रममा Sidelines मा माननीय परराष्ट्रमन्त्रीले लात्भिया र आयरल्याण्डका साक्षीहरूसँग द्विपक्षीय भेटघाट गरी मानव अधिकार परिषद्मा २०२१-२०२३ अवधिको लागि नेपालले दिएको उम्मेदवारीमा समर्थनका लागि अनुरोध गर्नुभएको। साथै, संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तसँग भेट गरी नेपालले मानव अधिकारको क्षेत्रमा हासिल गरेका उपलब्धिहरू प्रस्तुत गर्दै मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको प्रतिबद्धता व्यक्त गर्नुभएको।

**<u>विदेशी उच्च अधिकारीहरूको नेपाल भ्रमण:</u>**

**क. चीनका राष्ट्रपतिको नेपाल भ्रमण**

सम्माननीय राष्ट्रपतिज्यूको निमन्त्रणामा चिनियाँ राष्ट्रपति महामहिम सी चिनफिङबाट २०७६ असोज २५ देखि २६ सम्म नेपालको राजकीय भ्रमण सम्पन्न भएको। चिनियाँ राष्ट्रपतिबाट २३ वर्षको अन्तरालमा भएको यो नेपाल भ्रमण नेपाल-चीन सम्बन्धको गुणात्मकता अभिवृद्धि गर्नमा धेरै दृष्टिकोणबाट ऐतिहासिक रहेको। चीनका राष्ट्रपतिको नेपाल भ्रमणको अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू र चिनियाँ राष्ट्रपतिको समुपस्थितिमा द्विपक्षीय सम्पर्क सञ्जाल, पूर्वाधार निर्माण र पुनर्स्थापना एवं सुरुङ मार्ग लगायतका क्षेत्रमा दीर्घकालीन महत्वका २० वटा दुईपक्षीय समझदारीपत्र/सम्झौताहरूमा हस्ताक्षर सम्पन्न भएको।

**ख. बङ्गलादेशका राष्ट्रपतिको नेपाल भ्रमण**

सम्माननीय राष्ट्रपतिज्यूको मैत्रीपूर्ण निमन्त्रणामा बङ्गलादेशका महामहिम राष्ट्रपतिले २०७६ कार्तिक २६ देखि २९ गतेसम्म नेपालको सद्भावना भ्रमण गर्नुभएको।

**ग. भारतका विदेश मन्त्रीको नेपाल भ्रमण**

भारतका विदेश मन्त्री डा. एस. जयशंकरले २०७६ भदौ ४ देखि ५ गतेसम्म नेपालको दुई दिने भ्रमण गर्नुभएको। सो भ्रमणको क्रममा उहाँले नेपालका परराष्ट्रमन्त्रीसँग भेटवार्ता गर्नुका अतिरिक्त सम्माननीय

राष्ट्रपतिज्यू तथा सम्माननीय प्रधानमन्त्रीज्यूसँग शिष्टाचार भेट गर्नुभएको। भ्रमणको क्रममा २०७६ साल भदौ ४ गते नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतको Safety and Standards Authority of India बीच Food Safety and Standards सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।

**घ. चीनका स्टेट काउन्सिलर एवं परराष्ट्रमन्त्रीको नेपाल भ्रमण**

चीनका स्टेट काउन्सिलर एवं परराष्ट्रमन्त्री श्री वाङ्ग यीले २०७६ भदौ २२ देखी २४ गते (तदनुसार ८-१० सेप्टेम्बर २०१९) सम्म नेपालको भ्रमण गर्नुभई नेपालका परराष्ट्रमन्त्रीसँग द्विपक्षीय वार्ता गर्नुभएको। उक्त भ्रमणका क्रममा नेपाल र चीनबीच सहयोग आदानप्रदानसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको।

**च. लक्जम्बर्गका परराष्ट्रमन्त्रीको नेपाल भ्रमण**

२०७६ साल माघ १५ देखि १६ सम्म लक्जम्बर्गका विदेश मन्त्रीले नेपालको भ्रमण गर्नुहुँदा सम्माननीय प्रधानमन्त्रीज्यूसँग शिष्टाचार भेट गर्नुका अतिरिक्त परराष्ट्रमन्त्रीसँग द्विपक्षीय भेटवार्ता सम्पन्न भएको।

**ङ. नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्रीको नेपाल भ्रमण**

नर्वेका अन्तर्राष्ट्रिय विकास मन्त्रीले काठमाडौंमा आयोजित Scaling Up Nutrition (SUN) Conference मा सहभागी हुने क्रममा २०७६ कार्तिक १८ देखि २० गतेसम्म नेपालको भ्रमण गर्नुभई परराष्ट्रमन्त्रीसँग भेटवार्ता गर्नुभएको। भेटवार्ताका क्रममा नेपाल र नर्वेका परराष्ट्र मन्त्रालयहरूबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको।

**च. बेल्जियमकी राजकुमारी, लक्जम्बर्गका परराष्ट्र मन्त्री, जर्मनीकी प्रथम महिला र इजरायलका MASHAV का प्रमुखको नेपाल भ्रमण**

२०७६ माघ ५ देखि १० गतेसम्म बेल्जियमकी राजकुमारी Astrid, माघ १५ देखि १६ सम्म लक्जम्बर्गका परराष्ट्रमन्त्री र माघ २० देखि २४ सम्म जर्मनीकी प्रथम महिला Mrs. Elke Büdenbender ले नेपालको छुट्टाछुट्टै भ्रमण गर्नुभयो। उक्त भ्रमणका क्रममा भएका बैठक तथा भेटघाटहरूमा नेपालको मौलिक शान्ति प्रक्रिया, समावेशिता एवं संविधानले प्रत्याभूत गरेको सामाजिक, सांस्कृतिक, राजनीतिक एवं नागरिक लगायतका अधिकारहरूका बारेमा नेपालका तर्फबाट जानकारी गराइएको। त्यसैगरी, इजरायलको अन्तर्राष्ट्रिय विकास सहयोग एजेन्सी (Israel's Agency for International Development Cooperation- MASHAV) का प्रमुख Ambassador Gil Haskel ले ८ देखि १२ डिसेम्बर २०१९ सम्म नेपालको भ्रमण गर्नुभएको।

**छ. युनिसेफ तथा UNFPA का कार्यकारी निर्देशकहरूको नेपाल भ्रमण**

संयुक्त राष्ट्रसंघका उपमहासचिव तथा युनिसेफका कार्यकारी निर्देशक Ms. Henrietta H. Fore ले ४ देखि ७ नोभेम्बर २०१९ सम्म नेपाल भ्रमण गर्नुभएको। सो क्रममा उहाँले काठमाडौंमा आयोजित Scaling Up Nutrition (SUN) Global Gathering मा सहभागिता जनाउनुका साथै नेपालका सम्माननीय राष्ट्रपतिज्यूसँग शिष्टाचार भेटघाट गर्नुभएको। यस्तै संयुक्त राष्ट्र संघका उपमहासचिव एवं UNFPA का कार्यकारी निर्देशक Dr. Natalia Kanem द्वारा २० देखि २२ अक्टोबर २०१९ सम्म नेपालको भ्रमण गर्नुभएको र भ्रमणका क्रममा उहाँले नेपालका सम्माननीय प्रधानमन्त्रीज्यू, तत्कालीन माननीय उपप्रधान एवं स्वास्थ्य तथा

जनसंख्यामन्त्री र परराष्ट्रमन्त्रीसँग छुट्टाछुट्टै शिष्टाचार भेटघाट गरी नेपाल र UNFPA बीच सहकार्य र सहयोग अभिवृद्धि गर्ने लगायत अन्य समसामयिक विषयवस्तुहरूमा छलफल गर्नुभएको थियो।

**ज. चीनको स्वशासित क्षेत्र तिब्बत जनसरकारका अध्यक्ष छिताला (Qizhala) को नेपाल भ्रमण**

चीनको स्वशासित क्षेत्र तिब्बत जनसरकारका अध्यक्ष महामहिम छितालाले २ देखि ६ डिसेम्बर २०१९ मा नेपालको औपचारिक भ्रमण गर्नुभएको। महामहिम छितालाले सम्माननीय राष्ट्रपतिज्यू एवं सम्माननीय प्रधानमन्त्रीज्यूसँग शिष्टाचार भेट तथा परराष्ट्रमन्त्री, वाग्मती प्रदेशका मुख्यमन्त्री एवं गण्डकी प्रदेशका प्रदेश प्रमुखसँग भेटवार्ता गर्नुभएको। भेटका अवसरमा नेपाल-चीन सम्बन्धका विविध विषयहरू विशेष गरी चिनियाँ राष्ट्रपतिको भ्रमणका अवसरमा सम्पन्न सम्झौता र समझदारीहरूको कार्यान्वयन र यसमा तिब्बत सरकारको भूमिकाका बारेमा छलफल भएको।

**<u>द्विपक्षीय कूटनीतिको प्रवर्द्धन</u>**

**क. कूटनीतिक सम्बन्ध विस्तार**

२०७६ भाद्र १० मा Saint Lucia र २०७६ असोज ९ मा अफ्रिकी मुलुक घानासँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएसँगै १६८ मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध गाँसिएको।

**ख. द्विपक्षीय संयन्त्र**

नेपालले यस अवधिमा नर्वे, फ्रान्स र फिलिपिन्ससँग द्विपक्षीय परामर्श संयन्त्र स्थापना गरेको छ।नेपाल-भारत संयुक्त आयोग, नेपाल र युरोपियन युनियनबीचको संयुक्त आयोग, नेपाल-जर्जिया द्विपक्षीय परामर्श संयन्त्र, नेपाल-बेल्जियम द्विपक्षीय परामर्श संयन्त्र, नेपाल-न्यूजिल्याण्ड द्विपक्षीय परामर्श, नेपाल-जापान द्विपक्षीय परामर्श संयन्त्र, नेपाल-फ्रान्स द्विपक्षीय परामर्श संयन्त्र र नेपाल-पाकिस्तान संयुक्त आयोग बैठकहरू गरी ८ वटा संयुक्त बैठकहरू सम्पन्न भएको।

**ग. आर्थिक कूटनीतिको परिचालन**

आर्थिक कूटनीतिको देशगत रणनीति पछिल्लो आ.व. मा तर्जुमा भई कार्यान्वयनमा आएको। नेपाल भ्रमण वर्ष, २०२० लाई सफल बनाउन सोको प्रचार-प्रसारका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड, भ्रमण वर्ष सचिवालय र नेपाली नियोगहरूबीच समन्वय गरी भ्रमण वर्षको प्रचारप्रसारमा नियोगहरूको परिचालन गरिएको। नेपाली नियोगहरूबाट यस अवधिमा नेपाल प्रवर्द्धनसहितका राष्ट्रिय दिवस कार्यक्रम- ३९, पर्यटन प्रवर्द्धन- १०२, निर्यात तथा लगानी प्रवर्द्धन- १९, श्रमिक सुरक्षा तथा जनचेतना अभिवृद्धि- ९१ गरी आर्थिक कूटनीतिका २५० भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएको।

नेपाल भ्रमण वर्ष, २०२० प्रचारप्रसार गर्न विदेशस्थित नेपाली नियोगहरूमार्फत एकसाथ शुभारम्भ गर्ने लक्ष्य अनुरूप गत ७ जनवरी २०२० (पुष २२ गते) विदेशस्थित नेपाली नियोगहरूबाट Visit Nepal Year, 2020 को शुभारम्भ र नेपालको पर्यटन प्रवर्द्धनका कम्तीमा ४० (केही नियोगहरूले विशेष कारणवशः अन्य दिनमा समेत मनाएका) कार्यक्रम सम्पन्न भएको।

नेपाल राजदूतावास, मस्कटको आयोजनामा १५ डिसेम्बर २०१९ मा परराष्ट्र मन्त्रालय एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवहरूको समुपस्थितिमा र साउदी अरब, युएई, कतार, बहराइन, कुवेत, इजिप्ट, इजरायल र पाकिस्तानका नेपाली राजदूतहरूको सहभागितामा नेपाल भ्रमण

वर्ष, २०२० सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रमहरू सम्पन्न भएको। नेपाल भ्रमण वर्ष, २०२० लाई लक्षित गरी नेपाल भ्रमण वर्ष सचिवालयको आयोजनामा तथा सम्बन्धित गन्तव्य मुलुकमा रहेका नेपाली राजदूतावासको समन्वयमा बैङ्कक र म्याड्रिडमा क्षेत्रीय अन्तरक्रियात्मक एवं प्रवर्द्धनात्मक कार्यक्रमहरू सम्पन्न भएको।

<u>अन्य प्रमुख क्रियाकलापहरू</u>

**क. सीमा व्यवस्थापनः**

भारत सरकारले २ नोभेम्बर २०१९ मा भारतको राजनीतिक नक्सा भनी जारी गरेको नक्सामा देखाइएको कालापानी क्षेत्र नेपालको भू-भाग हो भन्ने नेपाल सरकारको धारणा स्पष्ट गर्दै परराष्ट्र मन्त्रालयबाट मिति २०७६ कार्तिक २० गते प्रेस विज्ञप्ति जारी गरिएको।२०७६ कार्तिक २३ गते सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सर्वदलीय/सर्व पक्षीय बैठकले नेपालको कालापानी क्षेत्र समेतलाई आफ्नो सिमानाभित्र देखाई भारत सरकारले जारी गरेको राजनीतिक नक्सा नेपाललाई मान्य नहुने ठहर सम्बन्धी प्रेस वक्तव्य जारी गरिएको। नेपाल-भारत तथा नेपाल-चीन सीमा दुरुस्त रहे/नरहेको निर्क्योल गर्न सीमा निरीक्षण समिति गठन गर्ने निर्णय भएको। भारतलाई नक्सा सच्याउन आग्रहसहित सो सम्बन्धमा वार्ता गर्ने विषयमा कूटनीतिक नोट पठाइएकोमा हालसम्म उक्त बैठकको मिति टुङ्गो लागीनसकेकोले सो सम्बन्धमा निरन्तर पहल भइरहेको।

**ख. मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाईपलाईनको उद्घाटनः**

नेपालका सम्माननीय प्रधानमन्त्रीज्यू र भारतका महामहिम प्रधानमन्त्रीले Motihari–Amlekhgunj Petroleum Products Pipeline को १० सेप्टेम्बर २०१९ मा संयुक्तरूपमा विद्युतीय उद्घाटन (Remote Inauguration) गर्नु भएको।

**ग. विराटनगर एकीकृत जाँच चौकी तथा गोरखा र नुवाकोटमा भूकम्प पश्चात् पुनः निर्मित निजीघरहरूको उदघाटनः**

नेपालका सम्माननीय प्रधानमन्त्रीज्यू र भारतका महामहिम प्रधानमन्त्रीज्यूले नेपाल-भारत सहयोग अन्तर्गत विराटनगरमा निर्मित एकीकृत जाँच चौकी (Integrated Check Post) तथा गोरखा र नुवाकोटमा भूकम्पपश्चात् पुनर्निर्माण गरिएका निजी आवासको मिति २०७६ साल माघ ७ गते, तदनुसार २१ जनवरी २०२० मा संयुक्तरूपमा विद्युतीय उद्घाटन (Remote Inauguration) गर्नु भएको।

**घ. बहुपक्षीय कूटनीतिमा प्रभावकारी लेखनबारे कार्यशाला सम्पन्नः**

परराष्ट्र मन्त्रालयले United Nations Institute for Training and Research (UNITAR) सँगको सहकार्य एवं Swedish International Development Cooperation Agency (SIDA) को प्रायोजनमा काठमाडौंमा १८-२० नोभेम्बर २०१९ सम्म Workshop on Effective Writing Skills in Multilateral Diplomacy सम्पन्न गरेको। उक्त कार्यशालामा परराष्ट्र मन्त्रालयसहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, वन तथा वातावरण र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका समेत गरी कुल ३६ जनाको सहभागिता रहेको।

**ङ. परराष्ट्र मन्त्रालय एवं नियोगहरूमा भवन खरिद/निर्माणः**

परराष्ट्र मन्त्रालय एवं नियोगहरूको भवन निर्माण/खरिदको कार्य भइरहेको। परराष्ट्र मन्त्रालयको भवनको स्तरोन्नति गर्नका लागि माघ महिनाको दोस्रो हप्ताबाट Phase- I स्तरोन्नतिको कार्य शुरू भएको। त्रिपुरेश्वरस्थित निर्माणाधीन कन्सुलर सेवा विभाग तथा राहदानी विभागको भवन निर्माण अन्तिम चरणमा रहेको। नयाँ दिल्लीस्थित दूतावास परिसरमा कूटनीतिक कर्मचारी आवास पुनर्निर्माणको कार्य अगाडि बढिरहेको। ढाकामा राजदूतावास भवन पुनर्निर्माण गर्नको लागि दूतावासको Lease Deed तयारी, बेइजिङमा लागत अनुमान, EOI को नमूना र TOR तयारीसम्बन्धी कार्यहरू भइरहेको। त्यसैगरी, इस्लामाबादमा भवन निर्माणको लागि नेपाली राजदूतावास इस्लामावादले माटो परीक्षण (Soil Test) कार्य शुरू गरेको, कोलम्बोमा Detailed Architectural/Engineering Design तयार गर्ने सम्बन्धी कार्य शुरू भएको र क्यानवेरामा Architectural/Engineering Design सम्बन्धी आशयपत्र मूल्याङ्कन कार्य भइरहेको। जेनेभामा नियोग प्रमुखको निवास भवन खरिदको लागि सम्पत्ति मूल्याङ्कन तथा प्राविधिक परीक्षण गर्न सहमति प्रदान गरिएको तथा निवास भवन खरिद अन्तिम चरणमा पुगेको।

**च. परराष्ट्र मामिलासम्बन्धी महत्त्वपूर्ण दस्तावेजहरूको डिजिटाईजेसनः**

परराष्ट्र मामिलासम्बन्धी महत्त्वपूर्ण दस्तावेजहरूको Digitization गर्ने कार्यका सम्बन्धमा हाल तीन जना विशेषज्ञहरूको सेवा खरिद गरी कागजात वर्गीकरणको काम थालिएको।

**छ. विविध गतिविधिहरूः**

- नेपाल र जर्जियाबीच कूटनीतिक तथा अफिसियल/सर्भिस राहदानी वाहकहरूका लागि प्रवेशाज्ञा उन्मुक्ति सम्बन्धी सम्झौता भएको।
- South Asian Regional Standards Organization (SARSO) को सञ्चालक समितिको बैठकमा नेपाल आगामी २ वर्षको लागि अध्यक्ष चयन भएको। WTO को EIF मा सन् २०१९ —२१ का लागि नेपाल सर्वसम्मतले अध्यक्ष नियुक्त भएको। UNCTAD को Trade and Development Board को Vice - Chair मा निर्वाचित भएको। त्यसैगरी, अक्टोबर २०१९ देखि लागू हुने गरी २ वर्ष अवधिको लागि नेपाल WIPO को PBC मा APG बाट सर्वसम्मतिले सदस्य मनोनित भएको। सन् २०२० देखि नेपालले Colombo Plan Council को अध्यक्षता ग्रहण गर्ने भएको।
- Brain Gain Center मा आबद्ध गैरआवासीय नेपालीहरूको संख्यामा यस अवधिमा झण्डै थप ३०० जनाको आबद्धतासँगै कूल ८५० बढी पुगेको र सो सेण्टरमा प्राप्त २ वटा परियोजना प्रस्ताव अध्ययन तथा सहजीकरणका लागि विषयगत मन्त्रालयमा सिफारिस गरिएको।
- मानव अधिकार परिषद्मा २०२१-२०२३ सम्मको अवधिको पुनःनिर्वाचनका लागि नेपालले दिएको उम्मेदवारीमा समर्थन जुटाउने नेपालको धारणा समेटिएको Aide Memoire को तयार गरिएको।
- सीमास्तम्भ निर्माण तथा मर्मतलगायतका नेपाल-भारत सीमासम्बन्धी प्राविधिक कार्यहरू गर्न गठित नेपाल-भारत Boundary Working Group को छैटौं बैठक भारतको देहरादुनमा २०७६ साल भदौ ११-१३ (तदअनुसार २८-३० अगष्ट २०१९) मा सम्पन्न भएको।

- नेपाल-भारत सीमासम्बन्धी Survey Official's Committee (SOC) को एघारौं बैठक भारतको देहरादुनमा मिति २०७६ असोज ७-९ (तदअनुसार २४-२६ सेप्टेम्बर २०१९) मा सम्पन्न भएको।
- नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा भएको त्रिपक्षीय सम्झौता पुनरावलोकन गर्ने प्रकृयाको आवश्यक कार्यारम्भ भएको। यस सम्बन्धमा बेलायती पक्षलाई लेखी पठाइएको।
- नेपाल र म्यानमारबीच कूटनीतिक सम्बन्धको ६० वर्ष पुगेको अवसरमा नेपाली सँस्कृति प्रचारप्रसार गर्ने उद्देश्यले १२ जनवरी २०२० मा याङ्गुनमा नेपाल साँस्कृतिक केन्द्र को स्थापना गरिएको।
- काठमाडौंमा २०७६ कार्तिक २६-२८ मा आयोजित International Conference on Protection of Rights of the Migrant Workers सम्मेलन आयोजनामा मन्त्रालयले सहजीकरण गरेको।
- परराष्ट्र मन्त्रालयको आयोजनामा काठमाडौंमा HCCN-FICAC Regional Conference of Honorary Consuls सम्पन्न भएको।

**सेवा प्रवाहसम्बन्धी**

- राहदानी विभागबाट यस अवधिमा ३ लाख ७५ हजार ४ सय थान राहदानी जारी तथा वितरण भएको।
- राहदानीका लागि द्रुत सेवाअन्तर्गत निवेदन पेश गर्न चाहने सेवाग्राहीहरूले निवेदन पेश गरे पश्चात् कागजात रूजू (Verification) गर्ने अधिकृतले Unpaid Voucher निर्माण गरी एउटा Unique Code No निवेदन फाराममा उल्लेख गरी राजस्व समेत तोकी बैङ्कमा दाखिला गर्ने प्रणाली कार्यान्वयन भएको। उक्त प्रणाली Revenue Management Information (RMIS) सँग जोडिएको।
- द्रुत सेवा अन्तर्गत राहदानीका लागि निवेदकले बुझाउने राजस्व Online System मार्फत् बुझाउन सक्ने गरी RMIS तथा सोसँग जोडिएको Connect IPS मार्फत Online भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको।
- राहदानीसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक संघीय संसदबाट पारित भएको।
- कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउन आधा घण्टाभित्र सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिइएको।
- कन्सुलर सेवा विभागबाट प्रदान गरिने कानूनी सेवा, कागजात प्रमाणीकरण, भिषा सिफारिस, कूटनीतिक सुविधा तथा उन्मुक्ति सेवा र अधिकृत वारेसनामा प्रमाणीकरण लगायतका अधिकांश सेवा प्राप्तिको लागि Online बाट आवेदन गर्ने र कार्य प्रगतिको सम्बन्धमा Verify गर्न सकिने व्यवस्था गरिएको।
- कन्सुलर सेवा विभागबाट ३ हजार ६ सय ६६ वटा कन्सुलर तथा कानुनी परामर्श सेवा, ६ हजार ५ सय ९५ वटा भिषा सिफारिस तथा छुटसम्बन्धी सेवा र २ लाख २१ हजार १ सय ४४ वटा कागजात प्रमाणीकरणसम्बन्धी सेवाहरू उपलब्ध गराइएको।

## ७. आ.व. २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- नेपालबाट द्विपक्षीय र बहुपक्षीय गरी १९ भन्दा बढी उच्चस्तरीय भ्रमण भई अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रतिष्ठा अभिवृद्धि गर्न, विश्वका सबै राष्ट्रहरूसँग सार्वभौम समानता र आपसी हितका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम राख्न सहयोग पुगेको।

- अध्यक्ष राष्ट्रको हैसियतले नेपालले विमस्टेकको चौथो शिखर सम्मेलन र वैदेशिक रोजगारीमा कामदार पठाउने १२ मुलुकहरूको सम्वाद संयन्त्र (कोलम्बो प्रोसेस) को छैठौं मन्त्रीस्तरीय बैठक काठमाडौंमा सम्पन्न भएको।

**उच्चस्तरीय भ्रमणहरू**

**क. सम्माननीय राष्ट्रपतिज्यूको भ्रमण:**

- कतारका अमिर His Highness Sheikh Tamim bin Hamad Al Thani को मैत्रीपूर्ण निमन्त्रणामा मिति २०७५ कार्तिक १२ देखि १५ (तदनुसार २९ अक्टोवर-१ नोभेम्वर २०१८) सम्म सम्माननीय राष्ट्रपतिज्यूबाट कतारको भ्रमण भएको। भ्रमणमा कूटनीतिक तथा अफिसियल राहदानी वाहकहरूलाई भिसा छुट गर्ने, कृषि तथा खाद्य सुरक्षामा सहयोग आदान प्रदान गर्ने र सुरक्षा सहयोग आदान प्रदान गर्ने लगायतका तीन सम्झौताहरू सम्पन्न भएका।
- संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी सम्मेलन (UNFCCC CoP-24) मा सहभागी हुने सिलसिलामा मिति २०७५ मंसिर १५ देखि १९ (तदनुसार १-५ डिसेम्वर २०१८) सम्म सम्माननीय राष्ट्रपतिज्यूबाट पोल्याण्डको भ्रमण सम्पन्न भएको। उक्त सम्मेलनमा सम्माननीय राष्ट्रपतिज्यूले जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा नेपालले अवलम्बन गरेका नीतिगत तथा कार्यक्रमगत प्रयासहरू प्रस्तुत गर्नुका साथै नेपाल लगायतका अतिकमविकसित मुलुकहरूलाई यस सम्बन्धमा आवश्यक सहयोग गर्न विश्व समुदायलाई आग्रह गर्नु भएको। यसै क्रममा वहाँले ४ डिसेम्वर २०१८ का दिन पोल्याण्डका राष्ट्रपति Andrej Duda सँग द्विपक्षीय भेटवार्ता गर्नु भएको। त्यसै अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले पोल्याण्डमा रहेको नेपाली समुदायले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै आफूले विदेशमा आर्जन गरेको धन, ज्ञान, सीप र प्रविधिको नेपालमा उपयोग गर्न आह्वान समेत गर्नु भएको।
- सम्माननीय राष्ट्रपतिज्यूबाट २०७५ फाल्गुण २६ देखि चैत्र १ (तदनुसार १०-१५ मार्च २०१९) सम्म न्यूयोर्क, संयुक्तराज्य अमेरिका (शक्तिमा महिला सम्बन्धी उच्चस्तरीय सम्मेलन) को भ्रमण भई संयुक्त राष्ट्रसंघीय महिलाको अवस्थासम्बन्धी आयोगको ६३ औं अधिवेशन (CSW63)मा सहभागी हुनु भएको।
- सम्माननीय राष्ट्रपतिज्यूबाट २०७६ बैशाख ११ देखि १८ (तदनुसार २४ अप्रिल-१ मे २०१९) सम्म जनवादी गणतन्त्र चीनको राजकीय भ्रमण सम्पन्न भएको। सो अवसरमा वैशाख १३ गते अन्तर्राष्ट्रिय सहयोगकालागि दोश्रो बेल्ट एण्ड रोड फोरमको उद्घाटन समारोहमा सहभागी हुनु भएको।

**ख. सम्माननीय उपराष्ट्रपतिज्यूको भ्रमणः**

- सम्माननीय उपराष्ट्रपतिज्यूले मिति २०७५ असोज ३ देखि ८ गते (तदनुसार १९-२४ सेप्टेम्बर २०१८) सम्म जनवादी गणतन्त्र चीनको भ्रमण गर्नु भई सिचुवान प्रान्तको छेङ्दुमा आयोजना भएको 17th Western China International Fair (WCIF) मा सहभागी हुनु भएको।
- सम्माननीय उपराष्ट्रपतिज्यूले मिति २०७६ वैशाख १४ देखि १७ गते (तदनुसार २७-३० अप्रिल २०१९) सम्म अस्ट्रियाको भ्रमण गर्नु भई Austrian World Summit on Climate Change मा सहभागी हुनु भएको।

**ग. सम्माननीय प्रधानमन्त्रीज्यूको भ्रमणः**

- सम्माननीय प्रधानमन्त्रीले मिति २०७५ असोज ११ (तदनुसार २७ सेप्टेम्बर २०१९) मा संयुक्त राष्ट्रसंघको ७३ औं महासभालाई सम्बोधन गर्नुका साथै न्यूयोर्कमा रहेको थिङ्कट्याङ्क एशिया सोसाईटीद्वारा आयोजित कार्यक्रममा नेपालको शान्ति, लोकतन्त्र र विकास विषयमा सार्वजनिक सम्बोधन गर्नु भएको।
- कोष्टारिकाका राष्ट्रपति Carlos Alvarado Quesada को निमन्त्रणामा सम्माननीय प्रधानमन्त्रीबाट मिति २०७५ असोज १३ देखि १५ (तदनुसार २९ सेप्टेम्बर-१ अक्टोबर २०१८) सम्म कोष्टारिकाको औपचारिक भ्रमण भएको।
- सम्माननीय प्रधानमन्त्रीले मिति २०७५ माघ ७ देखि ११ (तदनुसार २१-२५ जनवरी २०१९) मा स्वीट्जरल्याण्डको डाभोसमा आयोजना भएको विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा सहभागी भई "Strategic Outlook on South Asia" र "Shaping the Future of Democracy" विषयक दुई सत्रलाई सम्बोधन गर्नु भएको। वहाँले “The End of Global Trade as We Know It?” विषयक विश्व आर्थिक नेताहरूको अनौपचारिक भेलामा सहभागी भई यसबारे आफ्नो धारणा व्यक्त गर्नुभएको।
- सम्माननीय प्रधानमन्त्रीले मिति २०७६ वैशाख २६ देखि ३०(तदनुसार ०९-१३ मे २०१९) मा भियतनामको भ्रमण गर्नु भई हनोईस्थित प्रतिष्ठित हो चि मिन्ह नेशनल एकेडेमी अफ पोलिटिक्समा एक सभालाई सम्बोधन गर्नुभएको।
- सम्माननीय प्रधानमन्त्रीले मिति २०७६ वैशाख ३० देखि जेठ ०१(तदनुसार १३-१५ मे २०१९) मा कम्बोडियाको भ्रमण गर्नुभएको। उक्त भ्रमण भिषा Exemption तथा द्विपक्षीय व्यापार वृद्धि गर्न महत्त्वपूर्ण रहेको।
- सम्माननीय प्रधानमन्त्रीज्यूले मिति २०७६ जेठ १६ देखि १७ (तदनुसार ३०-३१ मे २०१९) मा भारतका महामहिम प्रधानमन्त्रीको सपथग्रहण समारोहमा सहभागिता जनाउनु भएको।
- सम्माननीय प्रधानमन्त्रीबाट २०७६ जेठ २५ देखि असार १ (तदनुसार ८-१६ जुन २०१९) सम्म स्वीट्जरल्याण्ड, वेलायत र फ्रान्सको भ्रमणको क्रममा ILO को शत वार्षिकी समारोहको अवसरमा स्वीट्जरल्याण्डमा आयोजित उच्चस्तरीय बैठकमा सहभागी भई जेठ २७ मा सम्बोधन गर्नुभएको।

**घ. परराष्ट्रमन्त्रीको भ्रमणः**

- परराष्ट्रमन्त्रीले २०७५ साउन ८ देखि १५ (तदनुसार २४-३१ जुलाई २०१८) मा पोर्चुगल, बेल्जियम र लक्जेम्वर्गको भ्रमण गर्नुभएको।
- परराष्ट्रमन्त्रीले २०७५ मंसिर १ देखि ५ (तदनुसार १७-२१ नोभेम्बर २०१८) सम्म जापनको भ्रमण गर्नुभएको।जापान नेपालको एक भरपर्दो विकास साझेदार भएकोले उक्त भ्रमण द्विपक्षीय सम्बन्ध मजबुत बनाउन महत्त्वपूर्ण रहेको।
- परराष्ट्रमन्त्री नेतृत्वको प्रतिनिधिमण्डलबाट संयुक्तराज्य अमेरिकाका विदेशमन्त्री श्री माइकल रिचार्ड पोम्पेओसँग द्विपक्षीय औपचारिक भेटवार्ताका लागि मिति २०७५ पौष १ देखि ७ (तदनुसार १६-२२

डिसेम्वर २०१८) मा अमेरिका (वाशिङ्गटन डि.सी.) को भ्रमण गर्नुभई अमेरिकी समकक्षी रिचार्ड पोम्पेओसँग द्विपक्षीय भेटवार्ता भएको।

- परराष्ट्रमन्त्रीले २०७५ पौष २४ देखि २६ (तद्नुसार ८-१० जनवरी २०१९) मा भारतको नयाँ दिल्लीमा "World Reorder: New Geometries, Fluid Partnerships, Uncertain Outcomes" विषयक Theme मा आधारित भई आयोजना गरिएको Raisina Dialogue मा सहभागी भई १० जनवरी २०१९ मा मन्तव्य राख्नु भएको।
- परराष्ट्रमन्त्रीले २०७५ फागुन १३ देखि १६ (तदनुसार २५-२८ फेब्रुअरी २०१९) सम्म स्वीट्जरल्याण्डको भ्रमण गरी जेनेभामा संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्को ४० औं सेसनको उद्घाटन समारोहमा High Level Segment को अधिवेशनलाई सम्बोधन गर्नु भएको।
- परराष्ट्रमन्त्रीले २०७६ असार १५ देखि २० (तदनुसार ३० जुन - ५ जुलाई २०१९) सम्म चीनमा 13th Annual Meeting of the WEF New Champions 2019 मा सहभागी हुनु भएको।
- परराष्ट्रमन्त्रीबाट मिति २०७५ चैत्र ४ देखि ११ (तदनुसार १८-२५ मार्च २०१९) सम्म अर्जेन्टिनाको भ्रमण गर्नु भई Second High Level United Nations Conference on South – South Cooperation मा सहभागी हुनु भएको।

**नेपालमा भएका भ्रमणहरू:**

- २०७५ भाद्र १४ देखि १५ (तदनुसार ३० - ३१ अगस्ट २०१८) सम्म बिमस्टेकको चौथो शिखर सम्मेलनको अवसरमा श्रीलङ्काका राष्ट्रपति, म्यान्मारका राष्ट्रपति, भारतका प्रधानमन्त्री, बङ्गलादेशका प्रधानमन्त्री, थाइल्याण्डका प्रधानमन्त्री र भुटानका अन्तरिम सरकारका अध्यक्षले नेपाल भ्रमण गर्नुभएको।
- २०७५ मंसिर १३ देखि १४ (तदनुसार २९-३० नोभेम्बर २०१८) सम्म एशिया प्यासिफिक समिटका अवसरमा समोआका राष्ट्राध्यक्ष, टुभालुका राष्ट्राध्यक्ष, नाउरूका राष्ट्राध्यक्ष, फिलिपिन्सका उपराष्ट्रपति, कम्बोडियाका प्रधानमन्त्री र म्यान्मारका स्टेट काउन्सिलरले नेपाल भ्रमण गर्नुभएको।
- २०७५ पुस २५ देखि २६ (तदनुसार ९-१० जनवरी २०१९) सम्म जापानका परराष्ट्रमन्त्रीको नेपाल भ्रमण गर्नुभएको।
- २०७५ चैत्र १५ देखि १६ (तदनुसार २९-३० मार्च २०१९) सम्म म्यानमारका लगानी तथा विदेश आर्थिक सम्बन्ध मन्त्रीले नेपालको लगानी सम्मेलनमा सहभागी भई समान आर्थिक अवस्था भएका राष्ट्रहरूबीचको पारस्पारिकता प्रवर्द्धनमा योगदान पुगेको।

## उम्मेदवारी तथा निर्वाचन

नेपालले संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषद्मा सन् २०२१ देखि २०२३ अवधिका लागि पुनः निवार्चन, संयुक्त राष्ट्रसंघीय आर्थिक तथा सामाजिक परिषद्को २०२४ देखि २०२६ का लागि सदस्य र Committee on the Elimination of Discrimination Against Women (CEDAW) को २०२१ देखि २०२४ सम्मका लागि सदस्यमा पुनः निर्वाचनका लागि उम्मेदवारी प्रस्तुत गरेको छ। नेपाल सन् २०१९ को

जनवरी एक देखि दुई वर्षको लागि संयुक्त राष्ट्रसंघको Peace Building Commission को सदस्यमा निर्वाचित भएको। त्यसैगरी, २४ वैशाख २०७६ मा United Nations Commission on Narcotic Drugs को सदस्य (सन् २०२०-२३) का लागि भएको निर्वाचनमा अत्यधिक मतका साथ नेपाल निर्वाचित भएको। जेनेभास्थित व्यापार र विकासका लागि संयुक्त राष्ट्रसंघीय सम्मेलन (UNCTAD) को ६६औं सेसनको बोर्ड बैठकबाट UNCTAD को व्यापार र विकास ब्यूरो ( Trade and Development Bureau) मा नेपाल उपाध्यक्ष (Vice President) पदमा २०१९-२०२० अवधिका लागि निर्वाचित भएको।

**आर्थिक कूटनीतिको परिचालन**

विदेशस्थित नेपाली नियोगहरूबाट निर्यात व्यापार, लगानी, पर्यटन प्रबर्द्धन तथा श्रम गन्तव्य मुलुकहरूमा श्रमिकको सुरक्षा र हक, हित तथा सचेतना लगायत ८ सय भन्दा बढी कार्यक्रमहरू सम्पन्न भएको। त्यसबाट नेपाल भ्रमण गर्ने पर्यटकको सङ्ख्यामा वृद्धि भएको, नेपालमा लगानी गर्ने चासो बढेको र वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको हक, हित रक्षा तथा प्रबर्द्धनमा उपलब्धि हासिल भएको।

**राहदानी तथा कन्सुलर सेवा प्रवाह**

- यस अवधिमा राहदानी विभागबाट ५ लाख १ हजार १ सय ४६ राहदानी जारी भएको। जिल्ला तथा ईलाका प्रशासन कार्यालयबाट जारी गरिने राहदानी तथा सङ्कलित आवेदन फारामहरू विभागबाट सम्बन्धित जिल्लासम्म ढुवानीको व्यवस्थालाई छिटो, छरितो र प्रभावकारी बनाउन मुलुकभरका १० विमानस्थलमा विमानमार्फत् ढुवानीको व्यवस्था गरिएको।
- कन्सुलर सेवा विभागबाट कुल २ लाख ६३ हजार ७ सय ५४ कागजात प्रमाणीकरण गरिएको। विभागबाट प्रदान हुने सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउने उद्देश्यले सेवाग्राहीलाई आधा घण्टाभित्र सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको यसका लागि विभागबाट प्रदान गरिने कानूनी सेवा, कागजात प्रमाणीकरण, भिसा सिफारिस, कुटनीतिक सुविधा तथा उन्मुक्ति सेवा र अधिकृत वारेसनामा प्रमाणीकरण लगायतका अधिकांश सेवा प्राप्तिका लागि अनइलाईनबाट आवेदन गर्ने व्यवस्था गरिएको।
- सरकारले लिएका नीति तथा कार्यक्रमहरू तथा कूटनीतिक प्राथमिकताका सम्बन्धमा काठमाडौंस्थित कूटनीतिक नियोगहरूका प्रमुखहरूलाई दुई पटक ब्रिफिङ गरिएको।
- परराष्ट्र नीतिका सरोकारवाला पक्षहरूको सहभागितामा परराष्ट्र नीति राष्ट्रिय संवाद कार्यक्रम सम्पन्न गरिएको। साथै, विभिन्न मुलुकहरूमा नेपालको प्रतिनिधित्व गर्नुहुने अवैतनिक वाणिज्यदूतहरूलाई काठमाडौंमा 'Nepal Promotion Program' नामक कार्यक्रमको आयोजना गरी नेपाल सरकारले लिएका नीति तथा कार्यक्रमहरू, समसामयिक नीतिगत परिवर्तनहरू एवं नेपाल सरकारको प्राथमिकताका विषयहरूमा जानकारी गराइएको।
- नेपाली डायस्पोरासँगको बढ्दो सम्पर्क एवं सहकार्य, विदेशमा रहेका विद्वत् नेपालीहरूको अभिलेख राख्ने र उनीहरूको ज्ञान सीप परिचालनमा सहजीकरण गर्ने उद्देश्यले Brain Gain Center को स्थापना गरिएको।
- राहदानीसम्बन्धी कानूनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०७५ संघीय संसदमा पेश भएको।

- प्रदेश तथा स्थानीय तहले विदेशी सरकार, नियोग, प्रतिनिधी र अन्तराष्ट्रिय संघसस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६ कार्यान्वयनमा आएको।

**श्रमिक हकहित संरक्षण**

- परराष्ट्र मन्त्रालयले विभिन्न देशहरूमा अवस्थित सम्बन्धित नियोगहरू मार्फत् विदेशमा रहेका नेपालीहरूको हक-हित संरक्षण एवम् उद्धारका कार्यहरू गर्ने क्रममा ५हजार ७ सय ८२ जनालाई उद्धार गरिएको।

## ८. आ.व. २०७५/७६ को खुद बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रु. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११३ | परराष्ट्र मन्त्रालय | ३६९३५० | २८४३२६ | ७६.९८ |
| ३२६०१२३ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ३१०९९५५ | २९५६६१८ | ९५.०७ |
| ३२६०१७३ | सीमा नापी टोली | ४१७०० | ३०६०६ | ७३.४ |
| ३२६०१८३ | राहदानी विभाग | १०५८३१ | ६५७४० | ६२.१२ |
| ३२६०१९३ | कन्सुलर सेवा विभाग | १७९१० | १६७४७ | ९३.५१ |
| | **जम्मा** | **३६४४७४७** | **३३५४०३८** | **९२.०२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०११४ | परराष्ट्र मन्त्रालय | ६०७३४० | ५१४९६८ | ८४.७९ |
| ३२६०१२४ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ३६५७४२ | २४१५४२ | ६६.०४ |
| ३२६०१७४ | सीमा नापी टोली | ७५९०० | ६९७२८ | ९१.८७ |
| ३२६०१८४ | राहदानी विभाग | ९४०० | ५४९० | ५८.४१ |
| ३२६०१९४ | कन्सुलर सेवा विभाग | १५०० | १२११ | ८०.७६ |
| | **जम्मा** | **१०५९८८२** | **८३२९४०** | **७८.५९** |

## ९. आ.व. २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११३ | परराष्ट्र मन्त्रालय | ३४४४३४ | १९५६९१ | ५६.८२ |
| ३२६०००१२३ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूतावासहरु | ३२५६२६६ | २१३९०२४ | ६५.६९ |
| ३२६०००१३३ | सीमा नापी टोली | ३०००० | १४०७२ | ४६.९१ |
| ३२६०१०११३ | राहदानी विभाग | ७८१७०० | ४०३५२ | ५.१६ |

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०२०११३ | कन्सुलर सेवा विभाग | १९७०० | ११५२० | ५८.४८ |
| | **जम्मा** | ४४३२१०० | २४००६५९ | **५४.१७** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२६०००११४ | परराष्ट्र मन्त्रालय | २८४१२० | १६५०० | ५.८१ |
| ३२६०००१२४ | नेपाली राजदूतावासहरु, स्थायी नियोगहरु र महावाणिज्य दूताबासहरु | १०९८१०० | १५५३४० | १४.१५ |
| ३२६०००१३४ | सीमा नापी टोली | ३६८०० | ३५००६ | ९५.१२ |
| ३२६०१०११४ | राहदानी विभाग | ५५०० | ९१६ | १६.६६ |
| ३२६०२०११४ | कन्सुलर सेवा विभाग | १००० | ४१६ | ४१.६१ |
| | **जम्मा** | **१४२५५२०** | **२०८१७८** | **१४.६** |

◆ ◆ ◆

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानले प्रत्याभूत गरेको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हासिल गरी सक्नुपर्ने दिगो विकासका लक्ष्य प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमिस्रोतको समुचित व्यवस्थापन गर्न आवश्यक रहेको छ। स्वतन्त्र एवं आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकासका लागि सहकारी प्रणालीलाई अवलम्बन गर्न सहकारी आन्दोलनको विकासलाई बढवा दिनु वाञ्छनीय देखिएको छ। पिछडिएको व्यक्ति, परिवार, वर्ग, क्षेत्र र समुदायलाई विकासको मूल प्रवाहमा समाहित गराई विकासको प्रतिफल सबैलाई न्यायोचित वितरण गरी मुलुकमा आर्थिक असमानता घटाउने प्रयास थालिएको छ। गरिबी निवारण अन्तर सम्बन्धित विषय भएको हुँदा राज्यका सबै निकायहरू साथै सरकारी, सहकारी, निजी र गैर सरकारी क्षेत्रबाट एकीकृत र समन्वयात्मक प्रयास हुन आवश्यक छ।

## २. दीर्घकालीन सोचः

दिगो भूमि व्यवस्थापन र गुणात्मक सहकारी मार्फत गरिबी निवारण गर्ने ।

## ३. उद्देश्यः

- भूमिको समुचित उपयोगमार्फत उत्पादन वृद्धि र यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्ने,
- योजना तर्जुमा र विकास निर्माणको लागि आवश्यक शुद्ध एवं विश्वसनीय नापनक्सा र भौगोलिक सूचना सर्वसुलभ बनाउने,
- भूमि व्यवस्थालाई आधुनिक प्रविधियुक्त, सरल र पारदर्शी बनाउने,
- सहकारीमार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक तथा सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागी गराउने,
- सहकारी मूल्य र सिद्धान्तहरूको अनुशरण तथा पारस्पारिकता र स्वावलम्वनको संस्कार विकास र सुशासन कायम गर्ने,
- सहकारी संघसंस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मूख गराउन ती संस्थाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने,
- गरिब पहिचान गर्नु एवं गरिब लक्षित कार्यक्रम सञ्चालन गर्ने,
- गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सृजना गर्ने,
- राज्यको स्रोत, साधनमा गरिबको सहज पहुँच स्थापित गर्नु।

## ४. रणनीतिः

- भू-उपयोग नीतिबमोजिम क्षमता उपयुक्तता र आवश्यकताको आधारमा भूमिको वर्गीकरण तथा उपयोग सुनिश्चित गरी उत्पादन वृद्धि गर्ने,

- भूमिहीन दलित, कृषक, सुकुम्बासी, मोही तथा गुठी किसान, अव्यवस्थित बसोबासीलगायत सीमान्तीकृत वर्गको भूमिमाथिको अधिकार र पहुँच सुनिश्चित गर्ने,
- आधुनिक प्रविधिमा आधारित नापनक्साका आधारभूत पूर्वाधारहरू तयार गर्ने र शुद्ध तथा विश्वसनीय भू-सूचना सङ्कलन गर्ने,
- भौगोलिक सूचना पूर्वाधारको अवधारणाबमोजिम आधारभूत भौगोलिक सूचना तथा विभिन्न क्षेत्रका विषयगत सूचना तयार गरी उपलब्ध गराउने,
- कित्तानापी हुन बाँकी रहेका भू-भागमा नापनक्सा गरी सम्पूर्ण जमिनलाई जग्गा प्रशासन प्रणालीमा आबद्ध गर्ने र सरकारी, सार्वजनिक, सामुदायिक तथा गुठी जग्गाको विस्तृत अभिलेख तयार गरी संरक्षण गर्ने,
- वैज्ञानिक सूचकका आधारमा अचल सम्पत्तिको वस्तुपरक मूल्याङ्कन गर्ने प्रणाली स्थापना गर्ने र सबै सरोकारवालाहरूले सोही मूल्याङ्कन प्रयोग गर्नुपर्ने व्यवस्था गर्ने,
- आधुनिक प्रविधिमा आधारित भूमिसम्बन्धी अभिलेखहरूको व्यवस्थित भण्डारण गर्ने र जग्गा प्रशासन सेवालाई सहज, सरल, विश्वसनीय र पारदर्शी बनाउने,
- सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहत गर्ने,
- सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनालाई वित्तीय एवं प्राविधिक सहयोग उपलब्ध गराउने,
- सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबूत बनाउने,
- सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवं व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने,
- सहकारी क्षेत्रको प्रभावकारी नियमनका लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने,
- कृषि, वायोग्यास प्लान्ट स्थापना र सहकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने,
- सर्वेक्षणमार्फत् गरिब घरपरिवार पहिचान गरी अध्यावधिक विवरण राख्ने,
- पहिचान भएका गरिब लक्षित गरी गरिबी निवारण योजना, कार्यक्रम तथा आयोजना तर्जुमा एवं कार्यान्वयन गर्ने,
- रोजगार तथा स्वरोजगारमूलक सीप विकास तालिम तथा शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने,
- उत्पादनमूलक रोजगारी तथा अवसरको अभिवृद्धि गरी यसमा गरिबको पहुँच सुनिश्चित गर्ने,
- गरिबी निवारण नीति तर्जुमा गरी उत्पादनका स्रोत साधनमा गरिबहरुको पहुँच सुनिश्चित गर्ने,
- आधारभूत आवश्यकताका वस्तु तथा सेवामा गरिबहरुको पहुँच सुनिश्चित गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्ः

- भूमि नीति, भू-उपयोग नीति, कानुन, मापदण्ड र नियमन,
- अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख,
- सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन,

- भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन,
- पुनर्वाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन,
- सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ति जग्गाको संरक्षण,
- भूमिसुधार तथा व्यवस्थापन,
- राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार,
- भूमिहीन, दलित, मुक्तकमैया, हलिया, हरुवा, चरूवाको पुनर्स्थापनासम्बन्धी नीति र मापदण्ड,
- जग्गाको हक हस्तान्तरणसम्बन्धी मापदण्ड,
- जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण विन्दू र सञ्जाल,
- जियोडेटिक र स्थल रूप नापनक्सा,
- प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख,
- सर्भे लाइसेन्स,
- सहकारीसम्बन्धी राष्ट्रिय नीति, कानुन र मापदण्ड,
- सहकारी बैङ्कसम्बन्धी,
- सहकारीसम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन,
- सहकारीसम्बन्धी राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय,
- सहकारीमार्फत् हुने बचत तथा ऋण परिचालनसम्बन्धी मापदण्ड र नियमन,
- गरिबी निवारणसम्बन्धी,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवाको सर्भे समूहको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बजेट बुँदा न. | बजेटको वक्तव्यको व्यहोरा | फागुन महिना सम्मको प्रगति |
|---|---|---|
| १२६ | वैज्ञानिक भूमिसुधारका माध्यमबाट भू-स्वामित्व, भूउपयोग र जग्गा एकीकरण लगायत भूमि व्यवस्थापनमा रहेका समस्याहरूलाई समाधान गरिनेछ। जमिनको स्वामित्वको विवाद हल गर्ने, मोहियानी समस्या समाधान गर्ने, छुट जग्गा दर्ता गर्ने, सरकारी सार्वजनिक सामुदायिक जग्गाको | • विभिन्न १९ जिल्लाका १ सय ६३ स्थानीय तहको भू-उपयोग नक्सा/डेटा तयार भएको।<br>• भू-उपयोग कार्यान्वयनका लागि प्राविधिक सहयोग गर्ने कार्यक्रम अन्तर्गत ६ प्रदेशका ५० वटा स्थानीय तहहरूमा भू-उपयोग नक्सा/ डेटाको प्रयोगसम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको।<br>• १५८.३८ हेक्टर गाउँब्लक नापी र ७ हजार ६ सय ३२.६३ हेक्टर पुनः नापी तथा विशेष |

| | | |
|---|---|---|
| | संरक्षण, उपयोग र व्यवस्थापन गर्ने तथा विगतका आयोगहरूले गरेका निर्णयहरू कार्यान्वयन गरिनेछ। | नापी कार्य सम्पन्न गरिएको। |
| १२७ | भूमिको दिगो तथा महत्तम उपयोग सुनिश्चित गर्न भूमि ऐन ल्याइनेछ। भूमिलाई अवस्थिति, उत्पादन क्षमता, सिँचाइ सम्भाव्यता, रणनीतिक महत्त्वसहित उपयुक्त आधारमा वर्गीकरण गरी सोही आधारमा मात्र उपयोग गर्नुपर्ने व्यवस्था गरिनेछ। अतिक्रमित सरकारी जग्गाहरू आगामी वर्षभित्र सरकारी कायम गरिनेछ। | • भू-उपयोग ऐन, २०७६ जारी गरिएको।<br>• सङ्घीय भू-उपयोग योजनाको लागि अवधारणा पत्रको प्रतिवेदन तयार गरिएको।<br>• नेपाल सरकारको जग्गा व्यक्तिको नाममा दर्ता हुन गएको २ सय ८४ बिघा ५ कट्ठा १५ धुर (१५ लाख ८६ हजार ७ सय ४१ वर्ग मिटर) जग्गा फिर्ता गरी नेपाल सरकारको नाममा कायम गरिएको।<br>• हदबन्दी भन्दा १० हजार १ सय ९२ बिघा (७ करोड १३ लाख ६ हजार २ सय ३८ वर्ग मिटर) बढी जग्गाको लगत कायम गरी सम्बन्धित मालपोत कार्यालयहरूबाट रोक्का राख्ने काम सम्पन्न भएको।<br>• सरकारी जग्गा संरक्षण छानबिन गर्न गठित सरकारी, सार्वजनिक तथा गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगबाट पहिलो प्रतिवेदन प्राप्त भई कार्यान्वयनमा गएको। |
| ३३७०११२५४ | महाकाली पुल निर्माण आयोजना | ८९५३०० | ३४२९६५ | ३८.३१ |
| ३३७०११२६४ | सेती राजमार्ग(टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) | ४१५००० | १८४३०३ | ४४.४१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३३७०११२७४ | चेपाङ मार्ग (ठोरी-भण्डारा-लोथर-मलेखु) | १३२००० | १०६५ | ०.८१ |
| ३३७०११२८४ | हुलाकी राजमार्ग (पुलहरू समेत) | १३५०८१०० | ४१९१६२६ | ३१.०३ |
| ३३७०११३०४ | औद्योगिक कोरिडोर (व्यापारीक मार्ग) विस्तार | ५३४९००० | २५९८४६८ | ४८.५८ |
| ३३७०११३२४ | रणनीतिक सडक पुल निर्माण तथा पुल पुलेसा | ३९२९६०० | १२७१५०१ | ३२.३६ |
| ३३७०११३३४ | सासेक रोड कनेक्टीभिटी प्रोजेक्ट | १५०८१०२ | २९७४९० | १९.७३ |
| ३३७०११३४४ | चक्रपथ विस्तार आयोजना | १९००००० | ६०९२४ | ३.२१ |
| ३३७०११३५४ | नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात | ७०११०० | १६७८२२ | २३.९४ |
| ३३७०११३६४ | सडक तथा ट्राफिक सुरक्षा | ३६१५०० | ४३५६३ | १२.०५ |
| ३३७०११३७४ | सडक पूर्वाधार विकास कार्यक्रम | ४८२२००० | ११८८१२० | २४.६४ |
| ३३७०११३८४ | राजमार्ग  स्तरोन्नती तथा पुनर्स्थापना कार्यक्रम | १०९६७८०० | ६५१४६५ | ५.९४ |
| ३३७०११३९४ | नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजना | ६२५७८५० | ४३१५३२२ | ६८.९६ |
| ३३७०११४०४ | सासेक सडक सुधार आयोजना | ८४५७९०० | ३३१७०० | ३.९२ |
| ३३७०११४१४ | मनाङ्ग-मुस्ताङ्ग-डोल्पा-जुम्ला सडक | २५०००० | १९८०९ | ७.९२ |
| ३३७०११४२४ | स्वर्ण सगरमाथा वृहत चक्रपथ (ओखलढुंगा-सोलु सल्लेरी- खोटाङ दिक्तेल-ओखलढुंगा) | १३२००० | २६७७७ | २०.२९ |
| ३३७०११४३४ | तराई मधेस सडक पुर्वाधार विशेष कार्यक्रम | ४०४०००० | १६९६७८९ | ४२ |
| ३३७०११४४४ | साँघुटार- ओखलढुङ्गा- कुइभिर सडक | २७५००० | ६८ | ०.०२ |
| ३३७०११४५४ | सासेक राजमार्ग सुधार आयोजना | ५३६७२२७ | २१६२ | ०.०४ |
| ३३७०११४६४ | दोश्रो पुल सुधार तथा संभार आयोजना | २२००००० | ८१३६ | ०.३७ |
| ३३७०११६७४ | क्षेत्रीय ब्यापारिक मार्ग विस्तार आयोजना | ३६०००० | ० | ० |
| ३३७०११६८४ | सुरुङ्ग मार्ग विकास कार्यक्रम | ५९०००० | ५८५६ | ०.९९ |
| ३३७०११६९४ | बैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम | २२०१५०० | १३५५८६ | ६.१६ |
| ३३७०११७०४ | सासेक राजमार्ग सुधार आयोजना दोस्रो चरण | २७५२८४१ | ० | ० |
| ३३७०२०११४ | रेलवे विभाग | ५५००० | ४४३२ | ८.०६ |
| ३३७०२१०१४ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ७६१७०६८ | २२५१०८२ | २९.५५ |
| ३३७०३१०१४ | यातायात व्यवस्था सुदृढीकरण आयोजना | ७०५४०० | ४५५० | ०.६५ |
|  | **जम्मा** | **१४०१८६६३८** | **३८८२४७५१** | **२७.८१** |

♦ ♦ ♦

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## १. पृष्ठभूमिः

महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिला, बालबालिका तथा किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय र राष्ट्रिय संघ संस्थासँग सम्पर्क र समन्वय गर्ने, बेवारिसे, असहाय, र असक्त नागरिकहरूको संरक्षण तथा कल्याण गर्ने लगायतका कार्य गर्न जिम्मेवारी पाएको छ। यस मन्त्रालयअन्तर्गत महिला तथा बालबालिका विभाग, राष्ट्रिय बाल अधिकार परिषद, समाज कल्याण परिषद, पशुपति वृद्धाश्रम, ८ बालसुधार गृह, एउटा बाल कल्याण गृह र मङ्गला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेका छन्।

## २. दीर्घकालीन सोचः

- लैङ्गिक समानतामूलक राष्ट्र (लैङ्गिक समानता तथा महिला सशक्तिकरण,
- बाल अधिकार सुनिश्चित भएको बालमैत्री समाज (बालबालिका तथा किशोरकिशोरी),
- ज्येष्ठ नागरिकको संरक्षण र सम्मानित जीवनको प्रत्याभूति (ज्येष्ठ नागरिक),
- अपाङ्गता भएका व्यक्तिको मर्यादित र आत्मनिर्भर जीवन (अपाङ्गता भएका व्यक्तिहरू),
- मानव बेचबिखन तथा ओसारपसारमुक्त मर्यादित समाज (मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण),
- व्यावसायिक, जवाफदेही र पारदर्शी सामुदायिक तथा गैरसरकारी संघ संस्था (सामुदायिक र गैरसरकारी संस्था),

## ३. उद्देश्यः

### अ. लैङ्गिक समानता तथा महिला सशक्तिकरण

- लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु,
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव हिंसा र शोषणको अन्त्य गर्नु,
- आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु।

### आ. बालबालिका तथा किशोरकिशोरी

- बालबालिका तथा किशोरकिशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- बालबालिका तथा किशोरकिशोरीमैत्री वातावरण सिर्जना गर्नु,
- बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु।

**इ. ज्येष्ठ नागरिक**

- पारिवारिक, आर्थिक र कानुनी संरक्षणको माध्यमबाट ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्नु,
- ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा उपलब्ध गराउनु,
- ज्येष्ठ नागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई आर्थिक-सामाजिक रुपान्तरण र विकासमा उपयोग गर्नु।

**ई. अपाङ्गता भएका व्यक्ति**

- अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु,
- सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनको लागि पुर्नस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीको व्यवस्था गर्नु,
- भौतिक संरचना, यातायात, सेवा सुविधा, साधन स्रोत तथा सञ्चार र प्रविधिमा अपाङ्गता भएका व्यक्तिको सहज पहुँच सुनिश्चित गर्नु।

**उ. मानव बेचबिखन तथा ओसारपसार**

- मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समूह/समुदायको आर्थिक-सामाजिक सशक्तिकरण गर्नु,
- निरोधात्मक अभियान मार्फत् मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्नु,
- मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण, न्यायमा पहुँच र पुनर्स्थापनाका सेवालाई प्रभावकारी बनाउनु ।

**ऊ. सामुदायिक र गैरसरकारी संस्था**

- राष्ट्रिय प्राथमिकताको क्षेत्रमा संघ संस्थाको परिचालन, व्यवस्थापन र नियमन गर्नु,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्राप्त हुने स्रोतको उपयोगलाई जवाफदेही र पारदर्शी बनाउँदै मुलुकको सामाजिक तथा आर्थिक विकास गर्नु ।

## ४. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- महिला हक एवं सशक्तिकरणसम्बन्धी नीति, कानुन र मापदण्ड;
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री;
- महिला हिंसा, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण;
- ज्येष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्तिसम्बन्धी;
- महिला सशक्तिकरण तथा लैंगिक समानताका विषयमा अध्ययन, अनुसन्धान;
- लैङ्गिक हिंसासम्बन्धी निरोधात्मक र पुनर्स्थापनासम्बन्धी नीति, कानुन र मापदण्ड;
- बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र वृद्धाश्रमसम्बन्धी नीति, कानुन र मापदण्ड;

- गैरसरकारी संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड, नियमन र अनुगमन;
- समाजकल्याण परिषद्;
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ५. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ७५ | ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता हस्तान्तरण गर्न सहयोग पुग्ने गरी प्रत्येक स्थानीय तहमा संघ, प्रदेश र स्थानीय तह तथा निजी क्षेत्रको सहकार्यमा ज्येष्ठ नागरिक सेवा तथा मिलन केन्द्र सञ्चालन गरिनेछ। | • ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा प्रयोग तथा सो सीप युवा पुस्तामा समेत हस्तान्तरण गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यविधि, २०७६ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको।<br>• ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र सञ्चालन नमूना कार्यविधि, २०७६ स्वीकृत भई छनौट भएका १ सय ६४ स्थानीय तहमा २ सय ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्र सञ्चालनका लागि सशर्त अनुदान पठाइएको। विगतमा सञ्चालित ८८ दिवा सेवा केन्द्रहरु समेतले निरन्तरता पाएको। |
| ८० | बेसहारा, अशक्त अपाङ्गता भएका व्यक्तिहरू सडकमा रहनु पर्ने अवस्थाको अन्त्य गर्न अभिभावकको उत्तरदायित्व र जिम्मेवारसम्बन्धी कानुन निर्माण गरी परिवारका सदस्य सडकमा छाडी बेवारिसे बनाउने अभिभावक तथा संरक्षकबाटै आवश्यक संरक्षण दिने व्यवस्था मिलाइनेछ। मानव सेवामा संलग्न संस्थाहरूमार्फत असहाय, बेवारिसे सङ्क्रमित र आश्रयहीन लगायत सबै सहयोगापेक्षीहरूको आश्रय, संरक्षण र हेरचाह गर्ने व्यवस्था मिलाइनेछ। | • काठमाडौं महानगरपालिका तथा मानव सेवा आश्रमसँग समन्वय र सहकार्यमा काठमाडौं उपत्यकाबाट ३ सय ६० जनाको उद्धार गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको।<br>• सुनसरीको धरानबाट १६ जना र झापाको दमकबाट १७ जना सडकमा बस्ने मानवहरूको उद्धार गरी संरक्षण, हेरचाह भइरहेको।<br>• सहयोगापेक्षी सडक मानवमुक्त अभियान देशैभरि सञ्चालन गर्न प्रदेश सरकार, स्थानीय तह र संघ संस्थाहरूसँग सहकार्य प्रारम्भ गरिएको।<br>• प्रदेशस्तरमा ज्येष्ठ नागरिक आरोग्य आश्रम स्थापना र सञ्चालनका लागि कार्यविधि स्वीकृत |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | गरी सातै प्रदेश सामाजिक विकास मन्त्रालयलाई बजेट तथा कार्यक्रम उपलव्ध गराइएको।<br>• मनोसामाजिक अपाङ्गता भएका २६ जना व्यक्ति कोशिस संस्थामा आश्रित रहेको। कुष्ठरोग निवारण संघद्वारा १ सय ३६ जना कुष्ठरोगीहरूलाई कुष्ठरोग आरोग्य आश्रम खोकनामा आवासीय रूपमा राखिएको। नेपाल अपाङ्ग महिला संघद्वारा १० जना महिलालाई पुनसंरचना सेवा प्रदान गरिएको।<br>• प्रदेशस्तरमा अपाङ्गता नागरिक ग्राम स्थापना र सञ्चालनका लागि कार्यविधि स्वीकृत गरी सातवटै प्रदेश सामाजिक विकास मन्त्रालयलाई बजेट तथा कार्यक्रम उपलब्ध गराइएको। |
| ८१ | अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारीका कार्यक्रमहरू सञ्चालन गरिनेछ। शारीरिक अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्यका लागि अपाङ्गमैत्री खेल परिसर र सुविधाको प्रबन्ध गरिनेछ। अपाङ्गता भएका व्यक्तिको दक्षता र सक्षमता विकास गरी मनोबल बढाउन शिक्षा र तालिमको व्यवस्था गरिनेछ। | • स्रोत कक्षा सञ्चालन भएका १० सामुदायिक विद्यालय पहिचान गरी अपाङ्गमैत्री खेल परिसर बनाउन सम्बन्धित स्थानीय तह मार्फत विद्यालयहरूलाई बजेट उपलब्ध गराइएको।<br>• यस मन्त्रलायबाट सहायक सामग्री वितरण गर्ने क्रममा २०७६ श्रावणदेखि हालसम्म राष्ट्रिय अपाङ्ग कोषमार्फत २ सय २२ थान, ग्रीनपाश्चर (हरियोखर्क) मार्फत ६ सय ९६ थान, सी.वि.आर. विराटनगरमार्फत ३० थान, सशक्तिकरण एवं सञ्चार केन्द्र नेपालगन्जमार्फत ६५ थान, अपाङ्गता सशक्तिकरण केन्द्र, सुर्खेतले १२ थान, नेपाल राष्ट्रिय समाजकल्याण संघ, कञ्चनपुर मार्फत ५१ थान सबै किसिमका सामग्रीहरू वितरण भएको, त्यसैगरी राष्ट्रिय अपाङ्ग पुनर्स्थापना समाजबाट ४ सय ५० थान गरी कुल १ हजार ५ सय २६ सहायक सामग्री वितरण भएको। |
| ८५ | विपन्न र वञ्चितिमा परेका महिलाहरूको आर्थिक र सामाजिक उत्थानको लागि राष्ट्रपति महिला | • राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भएको।<br>• जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उत्थान कार्यक्रमलाई थप प्रभावकारी बनाई देशव्यापीरूपमा कार्यान्वयन गरिनेछ। हिंसापीडित महिलाको उद्धार, राहत, मनोसामाजिक परामर्श र कानुनी उपचारका लागि पुनरुर्थापना केन्द्रहरू विस्तार गरिनेछ। दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूको हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | कार्यविधि, २०७६ स्वीकृत भएको।<br>• लैङ्गिक हिंसा निवारण कोषमा ६० लाख रकम थप गरिएको।<br>• एकल महिला सुरक्षा कोषमा १० लाख रकम जम्मा गरिएको र कोषबाट नियमानुसार एकल महिलाहरूलाई सहायता रकम उपलब्ध गराइएको।<br>• दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका ५९ जना गर्भवती तथा सुत्केरी महिलाहरूलाई हवाई उद्धार गरिएको ।<br>• जोखिम तथा बेचबिखनमा परी उद्धार गरिएका १ हजार २ सय ६८ महिलाहरूले दश जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गरेका। |
| ८६ | महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, हिंसा र शोषणको अन्त्य गरिनेछ। बोक्सी, दाइजो, तिलक, बालविवाह, छाउपडी जस्ता कुप्रथा अन्त्यका लागि संघ प्रदेश र स्थानीय तहबाट सचेतना अभियान सञ्चालन गरिनेछ। बादी महिलाहरूको आर्थिक र सामाजिक सशक्तिकरणका लागि आवास विकास योजना सञ्चालन गरिनेछ। | • अन्तर्राष्ट्रिय विमानस्थलमा डिजिटल डिस्प्ले मार्फत सामाजिक सूचनामूलक सन्देशहरू प्रसारण शुरू गरिएको। महिला हिंसा, दुर्व्यवहार, कुरीति, हानिकारक प्रचलनका विरुद्धमा भएका नीति कार्यक्रम र योजनाको बारेमा नेपाल टेलिभिजनमा 'पहल' नामक कार्यक्रम प्रसारण भइरहेको।<br>• कुरीति विरुद्ध सन्देशमूलक विज्ञापन, Documentary, TV Jingle, Song, Talk Show विभिन्न सञ्चार माध्यमहरूबाट प्रसारण भइरहेको।<br>• छाउपडी, लैङ्गिक हिंसा र मानव बेचविखन विरुद्ध जिङ्गल तयार गरी प्रसारण गरिएको।<br>• मानव बेचविखन विरुद्ध ३० मिनेटको डकुमेन्ट्री निर्माण गरी प्रसारण भएको।<br>• छाउपडी कुप्रथा विरुद्ध अभियान सञ्चालन गर्ने सम्बन्धमा सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका प्रतिनिधिसभा सदस्य लगायतका सरोकारवालाहरूसँग अन्तरक्रिया छलफल गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | • राजनीतिक नेतृत्वको अगुवाईमा छाउगोठ उन्मूलन तथा मर्यादित महिनावारी प्रवर्द्धन कार्यक्रमअन्तर्गत अछामको साँफेबगर, बयलपाटामा छाउगोठको स्थलगत अनुगमन र अछामको मङ्गलसेन, दैलेखको दुल्लु नगरपालिका तथा कर्णाली प्रदेशको सुर्खेतमा करिब १६ सयको सहभागितामा अभियान सञ्चालन गरिएको। सो अभियानमा छाउगोठ अन्त्य गर्न १६ बुँदे घोषणापत्र अछाममा जारी गरिएको। मर्यादित महिनावारी प्रवर्दन, जातीय छुवाछुत र बालविवाह अन्त्यका लागि तीनै तहका सरकारको साझा प्रतिबद्धतापत्र सुर्खेतमा जारी भएको। |
| ८७ | महिलाको श्रमको सदुपयोग र समयको बचत गर्ने प्रविधिको प्रयोगमा जोड दिँदै सामाजिक सशक्तिकरण र आर्थिक रूपान्तरण गर्न महिलाको उद्यमशीलता विकास गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहसम्म संस्थागत गर्दै लगिनेछ। | • उद्यमशीलता विकास तथा वित्तीय पँहुचसम्बन्धी अवधारणा २०७६ स्वीकृत गरी ५ प्रदेशका १ सय ७६ जना महिला उद्यमीलाई उद्यमशीलता विकास तथा वित्तीय पहुँचसम्बन्धी तालिम प्रदान गरिएको।<br>• प्रदेश र राष्ट्रियस्तरको प्रदर्शनीकोको मापदण्ड स्वीकृत गरी ४ वटा प्रदेशमा विभिन्न निकायबाट आयोजना भएको प्रदर्शनीमा महिला उद्यमीहरूद्वारा उत्पादित सामग्रीको बजार प्रवर्द्धनका लागि ५५ जना महिला उद्यमीहरूलाई प्रदर्शनीमा सहभागी गराइएको।<br>• ७ प्रदेशका २/२ जना जेहेन्दार विपन्न किशोरीहरूलाई प्राविधिकतर्फ उच्च शिक्षा अध्ययनका लागि अनुदान उपलब्ध गराउने कार्यविधि, २०७६ सहित प्रदेश सामाजिक विकास मन्त्रालयमा सशर्त अनुदान पठाइएको। |
| ८८ | सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ। देशभरका बाल मन्दिरहरूको सुधार गरिनेछ। बालबालिकाको शारीरिक तथा | • २०७६ साउन १ गतेदेखि केन्द्रीय बाल कल्याण समिति राष्ट्रिय बाल अधिकार परिषद्मा रूपान्तरण भई कार्य प्रारम्भ भएको।<br>• मन्त्रिपरिषद्को निर्णयबमोजिम सङ्घीय मामिला |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | मानसिक विकासका लागि प्रत्येक स्थानीय तहमा सम्बन्धित तहसँग साझेदारीमा बालउद्यान निर्माण गरिनेछ। बाल सुधार गृह र बाल गृहको स्थापना र सञ्चालन गरिनेछ। | तथा सामान्य प्रशासन मन्त्रालय र गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालय र स्थानीय तहमा जिल्ला बालकल्याण समितिलाई सम्बन्धित स्थानीय तहको स्थानीय बालअधिकार समितिमा रूपान्तरणका लागि लेखी पठाइएको। सो अनुसार भएको प्रगतिको अनुगमन हाल जिल्ला प्रशासन कार्यालयहरूमार्फत भइरहेको।<br>• नेपाल बाल सङ्गठन र बाल मन्दिरहरूको संस्थागत औचित्य, नीतिगत व्यवस्था, संघीय ढाँचामा संरचनागत प्रबन्ध विगतमा भएका निर्णयहरूको छानविन समेत गरी कानुनी कारवाहीलगायत उक्त संस्थामा गर्नुपर्ने आवश्यक सुधारका विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न जाँचबुझ आयोगसम्बन्धी ऐन, २०२६ अनुसार पुनरावेदन अदालतका पूर्व मुख्य न्यायाधीशको अध्यक्षतामा ५ सदस्यीय उच्चस्तरीय छानविन, अनुसन्धान तथा सुझाव आयोग गठन भई छानवीन कार्य भइरहेको।<br>• २ सय बालगृहहरूको अनुगमन गरिएकोमा १३ मापदण्ड विपरित चलाएको पाइएकोले ५ बालबालिकाको उद्धार गरी बन्द गर्न निर्देशन दिई अन्यको हकमा मापदण्ड अनुसार सञ्चालन गर्न सचेत गराइएको। |
| ८९ | संघ, प्रदेश र स्थानीय तहको समन्वयमा सडक बालबालिकाको उद्दार, पुनर्स्थापना र परिवारमा पुनर्मिलन गराउन बाल कल्याण संस्थाहरूसँग मिलेर कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय जाने उमेरका त्यस्ता बालबालिकाहरूलाई आवासीय विद्यालयमा छात्रवृत्तिमा आवद्ध गरिनेछ। विद्यालय जाने उमेर | • सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी एकीकृत कार्यविधि, २०७६ स्वीकृत भएको।<br>• काठमाडौं उपत्यका, धरान, दमक, इटहरी र सुर्खेतको वीरेन्द्रनगरबाट ५ सय ५ जना सडक बालबालिकाको (बालक ३ सय ९७ र बालिका १ सय ८ उद्धार गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना गरिएको छ।<br>• बागमती प्रदेशको ललितपुरमा निजामती सेवामा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नपुगेका बालबालिकाको हेरचाह गर्न बाल संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ। निजामती सेवामा कार्यरत कर्मचारीहरूको सन्ततिका लागि सञ्चालित दिवा शिशु स्याहार केन्द्रलाई प्रदेश सरकारको समन्वयमा सबै प्रदेशमा विस्तार गरिनेछ। | कार्यरत कर्मचारीहरूको सन्ततिका लागि दिवा शिशु स्याहार केन्द्रको पूर्वाधार तयार भई सञ्चालनको क्रममा रहेको। |
| ९० | मानसिक रोगी, टुहुरा बालबालिका, असहाय, वृद्ध, अपाङ्गता र अर्टिजम भएका व्यक्तिहरूको सुरक्षा र हेरचाह गर्ने संस्थाहरूलाई निश्चित कार्यविधिका आधारमा अनुदान प्रदान गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामुदायिक एवं गैरसरकारी संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउँदै पारदर्शी र व्यवस्थित रूपमा परिचालन हुन प्रोत्साहन गरिनेछ। | • अपाङ्गता भएका बालबालिकालाई विशेष संरक्षण दिने बाल गृहहरूसँग सहकार्यसम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गरी सो कार्यविधि बमोजिम २ बाल गृहलाई अनुदान रकम उपलब्ध गराइएको।<br>• बालबालिका खोजतलास नं. १०४ सञ्चालन निर्देशिका, २०७६ स्वीकृत भएको।<br>• हराएका २ हजार ३ सय १३ मध्ये फेला परेका १ हजार १ सय २१ र बेवारिस फेला परेका ३ सय १३ बालबालिकाको उद्दार, संरक्षण र परिवारमा पुनर्मिलन तथा बालगृहमा पुनर्स्थापना गरिएको,<br>• बालबालिका खोजतलास नं. १०४ को प्रभावकारी सेवा अभिवृद्धिका लागि प्रदेश नं. १, २ र बागमती प्रदेशका सबै ३५ जिल्लाहरूमा नेपाल प्रहरीका महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका मुद्दा शाखा र सञ्चार शाखाका २ सय ९३ जना प्रहरी कर्मचारीहरूलाई १०४ को सेवा र बाल अधिकारबारे अभिमुखीकरण गरिएको।<br>• बाल हेल्पलाइन नं. १०९८ सञ्चालन कार्यविधि २०७६ संशोधन गरी कार्यान्वयनमा ल्याइएको।<br>• जोखिममा रहेका १ हजार २ सय ६९ जना बालबालिकाको आपत्कालीन उद्धार गरी आवश्यक राहत, मनोविमर्श, परामर्श, कानुनी सेवा, उपचार, शैक्षिक सहयोग, पुनर्मिलन तथा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | पुनर्स्थापना गरिएको।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई मर्यादित र पारदर्शी बनाउन गैरसरकारी संस्थाका १ सय ६१ र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका ६१ परियोजनाहरूको तेस्रो पक्षबाट मूल्याङ्कन गरिएको। |

## ६. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका सन्दर्भमा विभिन्न सरकारी र गैरसरकारी निकायहरू बीच लैङ्गिक हिंसा न्यूनीकरणको लागि समन्वय कायम गर्ने सम्बन्धमा सवै प्रदेशमा करिब २ हजार ५ सय सहभागीहरूबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी उक्त विषयमा संवेदनशीलता विस्तार भएको।
- लैङ्गिक हिंसा निवारण कोष नियमावली, २०६७ (संशोधन २०७६) बमोजिम प्रदेशस्तरीय लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्न सातै प्रदेश सामाजिक विकास मन्त्रालयलाई र सबै स्थानीय तहमा लैगिक हिंसा निवारण कोष स्थापना गर्न बजेट उपलब्ध गराइएको।
- विगतदेखि सञ्चालनमा रहेका २१ अल्पकालीन सेवा केन्द्र सञ्चालनका लागि ३ लाखका दरले जम्मा रु. ६३ लाख सशर्त अनुदान सम्बन्धित स्थानीय तहमार्फत उपलब्ध गराइएको।
- सचेतनामूलक कार्यक्रम प्रचार प्रसार तथा तीनै तहको उपस्थितिमा भाद्र २० गते भव्यताका साथ सामाजिक सचेतनासहित मानव बेचबिखन तथा ओसारपसारविरुद्धको दिवस मनाइएको।
- Beijing Platform For Action (BPFA) को २५ वर्षको समीक्षा प्रतिवेदन तयार गरी परराष्ट्र मन्त्रालयमार्फत संयुक्त राष्ट्रसङ्घीय स्थायी नियोग र **United Nation Economic and social Commission** for Asia and the Pacific (UNESCAP) मा पठाइएको।
- निजामती कर्मचारीका ३ महिनादेखि ३ वर्षसम्मका शिशुहरूलाई कार्यालय समयमा हेरचाह गर्ने प्रयोजनार्थ सिंहदरबार परिसरभित्र सञ्चालित दिवा शिशुस्याहार केन्द्रबाट ८१ जना शिशुहरू लाभान्वित भएका छन्।
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका ५९ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरी जीवन रक्षा गरिएको।
- कानुनको विवादमा परेका बालबालिकाहरूको बाल अधिकारको संरक्षण तथा बाल न्याय प्रवर्द्धनका लागि सञ्चालित बाल सुधार गृहहरूबाट २०७६ फागुन मसान्तसम्मको अवधिमा १ सय १० जना बालबालिकाहरुले देहायबमोजिको सीप विकास तथा व्यावसायिक तालिम प्राप्त गरेका।

| क्र.सं | तालिमको प्रकार | तालिम प्राप्त बालबालिका संख्या |
|---|---|---|
| १ | प्लम्बिङ | ३ |
| २ | वाईरिङ | २ |
| ३ | ड्राईभिङ | १ |
| ४ | बेकरी | १९ |
| ५ | कि रिङ बनाउने | ६० |
| ६ | माला बुनाई | २५ |
| | **जम्मा** | **११०** |

- सबै प्रदेशका सामाजिक विकास मन्त्रालयबाट बाबुआमा बिहीन अनाथ बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्नका लागि फाराम तयार गरी पठाइएको ।
- राष्ट्रिय बाल दिवस भाद्र २९ को अवसर पारेर राष्ट्रपतिसँग बालबालिका लगायत विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको।
- अन्तर्राष्ट्रिय बालअधिकार दिवस नोभेम्बर २० मा विभिन्न कार्यक्रम गरी सम्पन्न गरिएको।

## ७. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- बालबालिकासम्बन्धी ऐन, २०७५ तर्जुमा भई राष्ट्रिय बाल अधिकार परिषद्, प्रदेश तथा स्थानीय बाल अधिकार समितिको व्यवस्था भएको।
- अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७५ को पहिलो संशोधनबाट अपाङ्गता परिचयपत्र स्थानीय तहबाट वितरण गर्न सहज भएको। साथै, अपाङ्गता भएका व्यक्तिको हक अधिकारलाई सुनिश्चित गर्न प्रदेश एवं स्थानीय तहलाई थप जिम्मेवार बनाइएको।
- लैङ्गिक हिंसा अन्त्यको लागि पुरुष सञ्जाल (Male Leader Network) परिचालनसम्बन्धी कार्यविधि, २०७५ तर्जुमा भई Male Leader Network गठन हुने प्रक्रियामा रहेको जसबाट समाजमा प्रतिष्ठित व्यक्तिको परिचालन भई लैंगिक हिंसा न्यूनीकरणमा सहयोग पुग्ने।
- जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत मानव विकास सूचकाङ्कमा पछि परेका २९ जिल्लाका ६४ संस्थाका (गैरसरकारी संस्था र सहकारी) का १ हजार ९ सय २० जना महिलालाई तालिम दिई प्रत्येक सहभागीलाई व्यवसाय सञ्चालन टेवा पुजी रू. १७ हजार अनुदान उपलब्ध गराइएको। ग्रामीण क्षेत्रका विपन्न महिलाहरूको आम्दानीमा वृद्धि भई आर्थिक अवस्थामा सुधार आएको।
- २०७५ पौषदेखि २०७६ असार मसान्तसम्म दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका २६ जना गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरी जीवन रक्षा गरिएको।
- हिंसा पीडित महिला तथा किशोरीलाई सुरक्षित पुनर्स्थापनाको लागि सञ्चालनमा रहेको राष्ट्रियस्तरको मङ्गला सहाना दीर्घकालीन पुनर्स्थापना केन्द्रमा २० जना हिंसा पीडित महिला तथा किशोरीहरू आश्रय लिइरहेका।
- २०७६।०२।१६ मा प्रथम राष्ट्रिय महिला अधिकार दिवस मनाइएको, सोही सन्दर्भमा आ. व. २०७६।७७ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षका रूपमा मनाउने घोषणा गरी लैङ्गिक हिंसा विरुद्धको अभियान सञ्चालन गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा कार्यान्वयन गर्न कार्ययोजना तयार भएको।

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानका सन्दर्भमा विभिन्न सरकारी र गैरसरकारी निकायहरू बीच लैङ्गिक हिंसा न्यूनीकरणको लागि समन्वय कायम गर्ने सम्बन्धमा सबै प्रदेशमा करिब ३ हजार सहभागीहरुबीच अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरी उक्त विषयमा संवेदनशीलता विस्तार भएको।
- धनुषा र काभ्रेपलाञ्चोक जिल्लाका सबै स्थानीय तहका करिब ५ सय जनप्रतिनिधिहरू र प्रदेश सरकारको सहभागितामा लैङ्गिक हिंसा, बालविवाह, दाइजोलगायतका कुरीति विरुद्ध अन्तरक्रिया गरिएको।
- मोरङ र सुनसरी जिल्लाका स्थानीय तहका न्यायिक समितिका १ सय २० जना पदाधिकारीहरूका लागि न्याय सम्पादनको प्रयोगात्मक कार्यशाला सम्पन्न भएको।
- महिला उद्यमीहरूद्वारा उत्पादित सामग्रीको बजार प्रवर्द्धनका लागि राष्ट्रियस्तरको १ र प्रदेशस्तरको ३ वटा प्रदर्शनी सम्पन्न भएको। ६० स्टलबाट १ सय २० जना महिला उद्यमी लाभान्वित भएका।
- सातवटै प्रदेशमा हिंसा प्रभावित महिलाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालन गर्न प्रत्येक प्रदेशलाई रू.१० लाखका दरले अनुदान प्रदान गरिएको।
- मानव बेचबिखन तथा ओसापसारमा परेका ३ सय ११ नेपालीलाई भारत र म्यान्मारबाट उद्धार गरी स्वदेश फिर्ता ल्याइएको।
- महिला हिंसा तथा बेचबिखन पीडितको लागि विराटनगरमा निर्मित पुनर्स्थापना केन्द्र प्रदेश नं १ सरकारलाई हस्तान्तरण गरिएको।
- हराएका ३ हजार ४ सय २२ जना बालबालिकामध्ये २ हजार ५ सय ४० जना बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) बाट फेला पारी तिनीहरुलाई उद्धार गरिएको।
- बेवारिसे रूपमा फेला परेका ५ सय ११ जना बालबालिका मध्ये ३ सय ९ बालबालिकाको पारिवारिक पुनर्मिलन र १ सय ९४ को बालगृहमा पुनर्स्थापना गरिएको।
- जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको आपतकालीन उद्धार, राहत, मनोविमर्श, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनर्स्थापनका लागि सञ्चालित बाल हेल्पलाइन नं. १०९८ मार्फत जोखिमपूर्ण अवस्थाबाट आपतकालीन उद्धार गरिएका ७ हजार ८ सय ६ जना बालबालिका मध्ये २ हजार १ सय ७० जनालाई मनोसामाजिक मनोविमर्श, १ हजार ८ सय १४ जनालाई पारिवारिक परामर्श, १ हजार ३ सय २५ जनालाई स्याहार, सुरक्षा तथा संरक्षण, ८ सय ९३ जनालाई शैक्षिक सहयोग, ४ सय ९७ जनालाई कानुनी परामर्श, ३२ जनालाई जीविकोपार्जन सहयोग, ६ सय ९४ जनालाई आवास तथा बालविवाह रोकथाम तथा ३ सय ८१ जना बालबालिकालाई स्वास्थ्य उपचार सहयोग गरिएको।
- काठमाडौं उपत्यकालगायत अन्य मुख्य शहरहरूका सडकबाट १ हजार ११ जना सडक बालबालिकाको उद्धार गरी व्यवस्थापन गरिएको।
- अनुगमन गर्दा तोकिएको मापदण्ड विपरित निजी क्षेत्रबाट सञ्चालित ५ बालगृहबाट १ हजार ९२ जना बालबालिकालाई उद्धार गरिएको र सोमध्ये १ सय ८६ जनालाई परिवारमा पुनर्मिलन गराइएको।

- मुलुकी फौजदारी संहिताबमोजिम मकवानपुर, पर्सा, रुपन्देही, डोटी बाँके, मोरङ, भक्तपुर र कास्कीमा ८ बाल सुधार गृह सञ्चालनमा रहेका। उक्त बालगृहहरूमा ८ सय २१ बालबालिकाहरू संरक्षणमा रहेका। बाल सुधार गृहबाट मनोपरामर्श सेवा, सीप विकाससम्बन्धी तालिम, शिक्षा, स्वास्थ्यलगायतका सेवा उपलब्ध गराइएको।
- पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिको ४० परिवारका सदस्यलाई हेरचाहसम्बन्धी र रोजगारमूलक तालिम प्रदान गरिएको।
- संस्थासँगको साझेदारी अवधारणाबमोजिम नेपाल खगेन्द्र नवजीवन केन्द्र मार्फत विपन्न, बेसहारा ८४ जना अपाङ्गता भएका व्यक्तिहरूलाई आवासीय पुनर्स्थापना सेवा दिई राखिएको| त्यस्तै, नेपालगञ्जमा १०, सुर्खेतमा ३ र कञ्चनपुरमा ३ गरी थप १६ जना अपाङ्गता भएका व्यक्तिलाई पुनर्स्थापना सेवा दिई राखिएको।
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमअन्तर्गत विभिन्न संघ संस्थाहरूद्वारा अपाङ्गता भएका व्यक्तिहरूलाई २ हजार ६ सय विभिन्न प्रकारका सहायक सामग्री वितरण गरिएको|
- अपाङ्गता ग्राम स्थापनाका लागि सातवटै प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सशर्त अनुदान प्रदान गरिएको। उक्त रकमबाट ग्राम स्थापना र सञ्चालनका लागि अध्ययन, डिजाइन एवं अनुसन्धानको कार्य भइरहेको।
- ज्येष्ठ नागरिक ग्राम स्थापना र सञ्चालनका लागि सातवटै प्रदेशको सामाजिक विकास मन्त्रालयमा सशर्त अनुदान पठाइएको। उक्त कार्यक्रमअन्तर्गत प्रदेश नं. १, ५ र गण्डकी प्रदेशमा जग्गा प्राप्त भएको, प्रदेश नं. २ र वागमती प्रदेशमा जग्गा खोजी भइरहेको, कर्णाली प्रदेशमा सामाजिक विकास मन्त्रालय र वीरेन्द्रनगर नगरपालिका, सुर्खेत बीच ज्येष्ठ नागरिक ग्राम निर्माणका लागि समझदारी भएको र सुदूरपश्चिम प्रदेशमा साविकमा ज्येष्ठ नागरिक ग्राम भवन निर्माण भएकासँग सहकार्य गरिरहेको।
- समाज कल्याण परिषद्मा यस आ.व.मा २ हजार १ सय १० र हालसम्म ५० हजार ३ सय ९३ संघ संस्थाहरू आबद्ध भएका।
- गैरसरकारी संस्थाको ७ सय २० परियोजनाको १६ अर्ब ६१ करोड ४८ लाख ८८ हजार २ सय २१ रुपैयाँ बजेटको परियोजना स्वीकृत भई परिचालन भएको।
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको ४८ परियोजनाको २९ अर्ब १९ करोड ८२ लाख २२ हजार ८ रुपैयाँ र ५९ पैसा बजेटको परियोजना स्वीकृत भई परिचालन भएको।
- गैरसरकारी संस्थाका ३ सय ५६ परियोजनाको अनुगमन मूल्याङ्कन गरिएको।
- ९१ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका १ सय १३ परियोजनाको तेस्रो पक्षबाट मध्यावधि र अन्तिम मूल्याङ्कन गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ को खुद वजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६६२०५ | ६५६९५ | ९९.२३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००१३३ | समाज कल्याण परिषद् | २५०० | २५०० | १०० |
| ३४००१४३ | समाज कल्याण केन्द्रहरु | २३४६० | १६५१३ | ७०.३९ |
| ३४०१०१३ | महिला विकास कार्यक्रम | २८४०० | २५४९२ | ८९.७६ |
| ३४०१०२३ | महिला सशक्तिकरण कार्यक्रम | ४२२४८ | ३२६९९ | ७७.४ |
| ३४०१०५३ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | ६०५०० | ५७३४१ | ९४.७८ |
| ३४०१०७३ | बाल कल्याण कार्यक्रम | ४०७३८ | ३५३२२ | ८६.७१ |
| ३४०१०८३ | बाल कल्याण समिति | ८५८०० | ५४३३८ | ६३.३३ |
| ३४०११२३ | लैङ्गिक हिंसा निवारणका लागि महिला सस्थाहरुको एकीकृत विकास कार्यक्रम | ३७३४१ | २८३३८ | ७५.८९ |
| ३४०११३३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | २५५६५१ | ७५९८४ | २९.७२ |
| | **जम्मा** | **६४२८४४** | **३९४२२२** | **६१.३२** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | २६०० | २१०० | ८०.७६ |
| ३४००१३४ | समाज कल्याण परिषद् | १५०० | १५०० | १००.०० |
| ३४००१४४ | समाज कल्याण केन्द्रहरु | ८०० | ७९२ | ९८.९५ |
| ३४०१०१४ | महिला विकास कार्यक्रम | ३०० | ० | ०.०० |
| ३४०१०२४ | महिला सशक्तिकरण कार्यक्रम | २०० | १९९ | ९९.४४ |
| ३४०१०७४ | बाल कल्याण कार्यक्रम | १५१०० | ६५४५ | ४३.३४ |
| ३४०१०८४ | बाल कल्याण समिति | २५५०० | ३९५७ | १५.५२ |
| ३४०११३४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ५०० | ४२० | ८४.०७ |
| | **जम्मा** | **४६५००** | **१५५१३** | **३३.३६** |

## ९. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००११३ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ७७१६८ | ४५८३७ | ५९.४ |
| ३४०००१२३ | समाज कल्याण केन्द्रहरु | २६१०० | ९९८१ | ३८.२४ |
| ३४०००१०१३ | महिला सशक्तिकरण कार्यक्रम | ४९९०० | २३१५० | ४६.३९ |
| ३४०००१०२३ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | १७२८०० | २१०५१ | १२.१८ |
| ३४०००१०३३ | बाल कल्याण कार्यक्रम | ४९००० | १६६६१ | ३४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४०००१०४३ | लैङ्गिक हिंसा निवारणका लागि महिला संस्थाहरुको एकीकृत विकास कार्यक्रम | ८००० | २२४२ | २८.०२ |
| ३४०००१०५३ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | २१८००० | १९९७१ | ९.१६ |
| ३४००११०१३ | महिला विकास कार्यक्रम | ३४००० | १५१८८ | ४४.६७ |
| ३४०४१०११३ | समाज कल्याण परिषद् | २५०० | १५०० | ६० |
| ३४०८१०११३ | बाल कल्याण समिति | १३०९०० | ३२९२९ | २५.१६ |
| | **जम्मा** | **७६८३६८** | **१८८५१०** | **२४.५३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४००००११४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | १९०० | १०४० | ५४.७४ |
| ३४००००१२४ | समाज कल्याण केन्द्रहरू | २०० | ० | ० |
| ३४०००१०१४ | महिला सशक्तिकरण कार्यक्रम | ५०० | ० | ० |
| ३४०००१०२४ | समाज कल्याण कार्यक्रम (जेष्ठ नागरिक कार्यक्रम समेत) | २०० | ० | ० |
| ३४०००१०३४ | बाल कल्याण कार्यक्रम | ५९५७ | ९९३ | १६.६७ |
| ३४०००१०५४ | राष्ट्रपति महिला उत्थान कार्यक्रम | ५००० | ० | ० |
| ३४००११०१४ | महिला विकास कार्यक्रम | ४०० | २८२ | ७०.४८ |
| ३४०४१०११४ | समाज कल्याण परिषद् | २५०० | १५०० | ६० |
| | **जम्मा** | **१६६५७** | **३८१५** | **२२.९१** |

◆ ◆ ◆

# युवा तथा खेलकुद मन्त्रालय

## १. पृष्ठभूमिः

युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र साँस्कृतिक रूपान्तरणमा उनीहरूको सक्रिय सहभागिता बढाउन र खेलकुद गतिविधिमार्फत नागरिकको शारीरिक तन्दुरुस्तिका साथसाथै सामाजिक, मानसिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्दै राष्ट्रिय एकता र गौरव अभिवृद्धि गर्न युवा तथा खेलकुद मन्त्रालय क्रियाशील रहेको छ। स्वरोजगार तथा रोजगार बन्नका लागि युवालाई सहयोग गर्नुका साथै स्काउटमार्फत युवामा अनुशासन र स्वयंसेवकीय संस्कार अभिवृद्धि गर्न मन्त्रालय प्रयासरत छ।

## २. दीर्घकालीन सोचः

युवाको सर्वाङ्गीण विकास गरी राष्ट्र निर्माणको प्रमुख आधार बनाउनुका साथै स्वच्छ, व्यावसायिक र मैत्रीपूर्ण खेलकुद वातावरणको अभिवृद्धि गरिनेछ।

## ३. उद्देश्यः

- युवामा दक्षता र क्षमताको विकास गर्नु।
- युवालाई उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु।
- शासकीय प्रक्रिया एवं सामाजिक, साँस्कृतिक र आर्थिक रूपान्तरणमा युवाको सार्थक सहभागिता अभिवृद्धि गर्नु।
- युवालाई आत्मनिर्भर, स्वावलम्बी, अनुशासित र चरित्रवान बनाउनु।
- स्वयंसेवकीय कार्यमा युवालाई उत्प्रेरित गरी परिचालन गर्नु।
- खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गर्नु।
- खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यावसायिक बनाउनु।
- सबै क्षेत्रमा खेलकुदलाई मूलप्रवाहीकरण गर्नु।

## ४. रणनीतिः

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर सिर्जना गर्ने।
- युवालाई उद्यम र व्यावसाय सञ्चालनमा प्रोत्साहन गर्ने।
- युवाद्वारा सञ्चालित उद्यम, व्यावसाय तथा उद्योगको प्रवर्द्धन गर्ने।
- वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने।
- तीनवटै तहको नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने।
- युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने।
- स्काउटको संरचनालाई विकास र विस्तार गर्ने।
- सबै तहसँगको समन्वय र सहकार्यमा खेलकुदका पूर्वाधारहरूको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने।
- खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने।

- खेलकुद विकासमा आबद्ध निकाय, संघ संस्थाहरूको क्षमता विकास तथा संस्थाहरूमा सुशासन प्रवर्द्धन गर्ने।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास तथा प्रोत्साहनको विकास गर्ने।
- समाजका प्रत्येक तह र क्षेत्रमा खेलकुदको महत्त्व स्थापित गर्दै सबै उमेर समूहका नागरिक सहभागी हुने अवसर सिर्जना गर्ने।
- आर्थिक तथा सामाजिक विकासका लागि खेलकुद गतिविधिलाई प्राथमिकता दिने।

## ५. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- युवा, खेलकुद र स्काउटसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रियस्तरका खेलकुद सघंसंस्थाको नियमन र समन्वय,
- राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धन,
- राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- युवा जागरण तथा विकास,
- राष्ट्रिय खेलकुद परिषद्,
- युवा स्वरोजगार कोष,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ८३ | युवाको जाँगर, समृद्धिको आधारलाई सार्थक तुल्याउन आगामी आर्थिक वर्ष युवा परिचालन वर्षको रूपमा मनाइनेछ। यो अभियानमार्फत लैङ्गिक, जातीय र छुवाछुतलगायत सामाजिक विभेदको अन्त्य गर्न जनचेतना जगाउने जस्ता कार्य गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा शैक्षिक संस्था, नेपाल स्काउट, राष्ट्रिय युवा परिषद् र विभिन्न गैरसरकारी संस्थाहरूबाट युवा परिचालनमार्फत मानवीय सेवा, विपद् व्यवस्थापन, वातावरण संरक्षण र वृक्षारोपण जस्ता कार्य | • युवा परिचालन वर्षमा युवा परिचालन गर्नका लागि सरोकारवाला मन्त्रालयहरूसँग ३ चरणमा समन्वय बैठक सम्पन्न भएको।<br>• सामाजिक जागरण र समृद्धिका लागि विभिन्न विषय क्षेत्रहरूमा ६ हजार ५ सय ८५ जना युवा परिचालन गरिएको।<br>• १ हजार ३३ जना स्काउटलाई स्काउट तथा विपद व्यवस्थापन तालिम प्रदान गरी परिचालन गरिएको।<br>• विभिन्न दिवस तथा अवसरहरूमा १६ हजार ५ सय ७३ जना स्काउट स्वयंसेवक परिचालन गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गरिनेछ। | |
| ८४ | युवा स्वरोजगार कोष र राष्ट्रिय युवा परिषद्को संस्थागत संरचना परिवर्तन गरी रोजगारी सिर्जना प्रभावकारी बनाइनेछ। युवाहरूको प्रतिभा पहिचान, परिचालन र प्रवर्द्धनका लागि नियमितरूपमा सिर्जनात्मक गतिविधि सञ्चालन गरिनेछ। युवाहरूले व्यावसायिक नेतृत्व लिने गरी क्षमता अभिवृद्धि र सूचनामा पहुँच अभिवृद्धि गरिनेछ। आगामी वर्ष युवा वैज्ञानिक सम्मेलन आयोजना गरिनेछ। | • अन्तर्राष्ट्रिय युवा दिवसका दिन ९ जना प्रतिभावान युवा तथा २ वटा संस्थालाई जनही १ लाख नगद पुरस्कारसहित सम्मान गरिएको।<br>• ५ सय ८५ जना युवालाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरिएको।<br>• ६३ जना विज्ञान तथा प्रविधि क्षेत्रका युवाका लागि अनुसन्धान सहयोग प्रदान गरिएको र प्रदेशस्तरीय तथा अन्तर्राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन सम्पन्न गरिएको।<br>• युवालाई उद्यमशील बनाउन वाणिज्य बैङ्कहरूसँगको सहकार्यमा विदेशबाट फर्केका युवा र उद्यमी युवासँग उद्यम प्रवर्द्धनका लागि सहकार्यको थालनी भएको।<br>• युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत ७० करोड रुपैंया कर्जा लगानी भई ४ हजार ६ सय १६ जना स्वरोजगार भएका।<br>• कर्जा लगानी गरिएका ४ हजार ६ सय १६ जना व्यवसायीलाई अभिमुखीकरण तालिम प्रदान गरिएको। |
| २२१ | बालबालिका तथा युवाको स्वस्थ शारीरिक तथा मानसिक विकासका लागि खेलकुदलाई अघि बढाउन संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा समुदायस्तरदेखि नै नियमित रूपमा खेलकुद प्रतियोगिताको आयोजना, खेलाडीको प्रशिक्षण, क्षमता विकास र प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ। | **खेलकुद प्रशिक्षण तथा क्षमता विकास**<br>• राष्ट्रिय टिमका ५ सय ९६ जना खेलाडीहरूलाई स्वदेशी तथा विदेशी प्रशिक्षकहरूबाट विशेष प्रशिक्षण प्रदान गरिएको। सहभागी भएका १ हजार २ सय जनाभन्दा बढी खेलाडीमध्ये उत्कृष्ट ठहरिएका ५ सय ९६ जनालाई स्वदेश र विदेशमा प्रशिक्षण प्रदान गरिएको।<br>• १५ हजार जना खेलाडीहरूलाई नियमितरूपमा स्थानीयस्तरमा प्रशिक्षण प्रदान गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | **खेलकुद प्रतियोगिताः**<br>• राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता आयोजना कार्यविधि संशोधन भई स्थानीय तहहरूमा प्रतियोगिता आयोजना भइरहेको।<br>• खेलकुदका ५ अन्तर्राष्ट्रिय प्रतियोगिताको आयोजना गरिएको(दक्षिण एशियाली महिला तथा पुरुष शारीरिक सुगठन प्रतियोगिता, विराटनगरमा पुष्पलाल स्मृति अन्तर्राष्ट्रिय व्याडमिन्टन प्रतियोगिता, पोखरामा एशियन कन्ट्रिनेन्टल प्यारागलाइडिङ च्याम्पियनसिप, संयुक्त राज्य अमेरिका र ओमनसँग क्रिकेट खेलको त्रिकोणात्मक प्रतियोगिता लगायत)।<br>• राष्ट्रिय पुरुष तथा महिला हक्की प्रतियोगिता, राष्ट्रिय किकबक्सिङ प्रतियोगिता, राष्ट्रिय कराँते तथा किक बक्सिङ प्रतियोगता, गणेशमान सिंह स्मृति महिला तथा पुरुष बक्सिङ प्रतियोगिता, मदनभण्डारी रोडरेस प्रतियोगिता लगायत ७ राष्ट्रियस्तरको प्रतियोगिता आयोजना भएको।<br>**खेलाडी प्रोत्साहनः**<br>• अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक विजेता र ओलम्पिक गेममा सहभागी १ सय ६० जना खेलाडीलाई मासिकरूपमा सम्मान भत्ता प्रदान गरिएको।<br>• बङ्गलादेशमा आयोजना भएको AVC Central Zone Women Volleyball Championship मा स्वर्णपदक हासिल गर्ने नेपाली खेलाडीहरूलाई जनही रु. ३ लाख, प्रशिक्षक र व्यवस्थापकलाई जनही रु. १ लाख ५० हजारका दरले नगद प्रोत्साहन गरिएको।<br>• तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने खेलाडी, प्रशिक्षक र खेल संघहरूलाई नगद पुरस्कारसहित सम्मान गरिएको।<br>• ११ जना प्रतिभावान खेलाडी तथा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | संघसंस्थालाई खेलकुदको राष्ट्रिय प्रतिभा सम्मान प्रदान गरिएको। |
| २२२ | काठमाडौं उपत्यकामा अन्तर्राष्ट्रिय खेलकुद परिसरको निर्माण गर्न प्रारम्भिक अध्ययन गरिनेछ। सबै प्रदेशमा प्रदेशसँगको सहलगानीमा प्रदेशस्तरीय सुविधा सम्पन्न रङ्गशाला र प्रदेश तथा स्थानीय तहसँगको सहलगानीमा सबै स्थानीय तहहरूमा खेलग्रामको विकास गरिने। | अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न खेलकुद परिसर निर्माणका लागि भक्तपुरको चाँगुनारायण नगरपालिका र सूर्यविनायक नगरपालिकामा पर्ने जग्गा पहिचान भएको।<br>**सबै प्रदेशमा अन्तर्राष्ट्रिय सुविधासम्पन्न रङ्गशाला निर्माण:**<br>• **इटहरी रङ्गशाला:** ग्राण्ड स्टाण्डमा फ्रेमिङ, सिट जडान कार्य सम्पन्न भएको।<br>• **राम जानकी रङ्गशाला:**कम्पाउण्ड वाल, शौचालय र चौकीदार घर निर्माण कार्य चालु रहेको।<br>• **दशरथ रङ्गशाला:** दशरथ रङ्गशालामा भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न भएको।<br>• **पोखरा रङ्गशाला:** पोखरा रङ्गशालामा १६ हजार ५ सय दर्शक क्षमताको सिट जडान कार्य सम्पन्न भएको।<br>• **धनगढी रङ्गशाला:** पाराफिट निर्माण कार्य चालू रहेको।<br>• स्थानीय तहसँगको सहलगानीमा स्थानीय तहमा खेलग्राम निर्माणका लागि ८४ स्थानीय तह छनौट भई बजेट वित्तीय हस्तान्तरणमार्फत उपलब्ध गराइएको। |
| २२३ | काठमाडौंको मूलपानीमा निर्माणाधीन अन्तर्राष्ट्रिय क्रिकेट मैदान दुई वर्षभित्र निर्माण सम्पन्न गरिनेछ। निजी क्षेत्रको अग्रसरतामा हुने क्रिकेट लगायतका खेल मैदानहरूको निर्माण कार्यलाई सरकारले प्रोत्साहन गर्ने। क्रिकेट खेलको विकासका लागि क्रिकेट एकेडेमी स्थापना गरिनेछ। | • मूलपानी क्रिकेट मैदानको १७ सय मिटर कम्पाउण्ड निर्माण सम्पन्न भई काँडेतार लगाउने तथा रङ्गरोगन कार्य जारी रहेको। |
| २२४ | तेह्रौं दक्षिण एशियाली खेलकुदको पूर्वाधार विकासका लागि तथा नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि आवश्यक रकम विनियोजन गरेको | **तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिताका लागि पूर्वाधार निर्माण:**<br>• सातदोबाटो ललितपुरमा हिटिङ सिस्टमसहितको पौडी पोखरी, लन टेनिस |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | कोर्ट, स्क्वास कोर्ट, कराते हल, तेक्वान्दो हल, सुटिङ्ग हल निर्माण सम्पन्न भएको।<br>• काठमाडौंमा दशरथ रङ्गशाला, कीर्तिपुर बास्केटबल कभर्ड हल निर्माण र लैनचौर टीटी हलको मर्मत सम्पन्न भएको।<br>• पोखरामा रङ्गशाला, व्याडमिण्टन हल, ह्याण्डबल एकेडेमी, लन टेनिस कोर्ट, पोखरा बहुउद्देश कभर्टहल निर्माण भएको।<br>• नेपाली सेना, सशस्त्र प्रहरी वल र नेपाल प्रहरीका खेलस्थलहरूको मर्मत तथा स्तरोन्नतिको कार्य सम्पन्न भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### युवातर्फ

- युवाका गतिविधिहरू समेटिएको प्रेरणादायी कार्यक्रमहरू तयार गरी साउनदेखि प्रत्येक हप्ताको शनिबार विहान ८:३० बजे नेपाल टेलिभिजनबाट नियमितरूपमा प्रसारण भइरहेको।
- विभिन्न क्षेत्रमा क्रियाशील युवाको ६ वटा युवा सञ्जालहरू गठन गरिएको।
- युवा नवप्रवर्तन तथा ईन्क्युवेशन केन्द्र स्थापनाको लागि सामाजिक विकास मन्त्रालय प्रदेश नं १, मदन भण्डारी स्मृति प्रतिष्ठान र काठमाडौ विश्विवद्यालयसँग सम्झौता भई प्रक्रिया अघि बढेको।
- ६ सय ७२ जना स्काउटहरुलाई स्वयंसेवक तालिमसहित पोशाक र औजार वितरण गरिएको।
- अन्तर्राष्ट्रिय स्काउट सेन्टर, ककनीमा २ हजार ३ सय जना र सुन्दरीजल तालिम केन्द्र, सुन्दरीजलमा १ हजार १ सय ६० जना गरी ३ हजार ४ सय ६० जना विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई स्काउट तालिम प्रदान गरिएको।

### खेलकुदतर्फ

- २०७६ मंसिर १५ देखि २४ सम्म तेह्रौं दक्षिण एशियाली खेलकुद प्रतियोगिता आयोजना भएको। नेपालको नतिजा: नेपालले हालसम्मकै सबैभन्दा बढी ५१ स्वर्ण पदक ६० रजत र ९६ काँस्य गरी कुल २ सय ७ पदक प्राप्त गरी दोस्रो स्थान हासिल गरेको।
- १३ औ दक्षिण एशियाली खेलकुद प्रतियोगिताका लागि बन्द प्रशिक्षणमा रहेका ३ सय १९ जना खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई खेलकुदमा प्रतिबन्धित औषधी विरुद्धको सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- खेलाडीहरू, खेल शिक्षक र प्रशिक्षक गरी १ सय २ जनालाई खेलकुदमा लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- क्रिकेट मैदान निर्माण: भैरहवा अन्तर्राष्ट्रिय क्रिकेट मैदानको पाराफिट फाउण्डेशनमा २८ वटा पिलरको जग ढलान कार्य सम्पन्न भएको। महेन्द्रनगर क्रिकेट मैदानको माटो भरान कार्य सम्पन्न

भई लेवलिङको कार्य भइरहेको। लमही क्रिकेट मैदानमा नेट प्राक्टिस भेन्यू निर्माणको ट्रस जडानका लागि पिलरमा Anchorage Bolt fitting कार्य भइरहेको। कोहलपुर क्रिकेट मैदानमा ६० मिटर बाउड्री वाल निर्माण कार्य सम्पन्न भई टिकट काउण्टरको डिपिसि कार्य सम्पन्न भएको।

- गौरीटार हेटौंडामा गौरीटार स्पोर्ट्स एकेडेमीका लागि २ वटा प्रिफ्याव कभर्ड हल निर्माण भएको।
- ललितपुरको च्यासलमा निर्माणाधीन रंगशालामा रंगरोगन, टिकट घर र ग्राउण्ड निर्माण कार्य चालु रहेको।
- चितवनमा चित्रवन रङ्गशाला, गुल्मीमा लखन थापा रङ्गशाला, बारामा सिमरा रङ्गशाला, वीरगञ्जमा नारायणी रङ्गशाला, धरानमा धरान रङ्गशाला र रुपन्देहीमा तिलोत्तमा रङ्गशाला निर्माण कार्य चालू रहेको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**कानुनी तथा सङ्गठनात्मक सुधारतर्फ;**

- खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न वनेको विधेयक संघीय संसदमा पेश भएको।
- राष्ट्रिय युवा परिषद् ऐन, २०७२ लाई संशोधन गर्न वनेको विधेयक सङ्घीय संसदमा पेश गर्न मन्त्रिपरिषद्मा पेश भएको।

**देहायका निर्देशिका तथा कार्यविधिहरू संशोधन भएकाः**

- राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७५
- स्थानीय तहमा खेलकुद पूर्वाधार निर्माणसम्बन्धी कार्यविधि, २०७५
- स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूलाई खेलकुदसम्बन्धी शोधकार्यमा सहयोग र प्रोत्साहनसम्बन्धी कार्यविधि, २०७५
- युवा पत्रकारिता पुरस्कार कार्यविधि, २०७५
- राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि, २०६८, को ( तेस्रो संशोधन ) २०७५
- राष्ट्रिय युवा प्रतिभा सम्मान कार्यविधि, २०७२ को ( दोस्रो संशोधन ) २०७५
- राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० को ( तेस्रो संशोधन ) २०७५
- युवा अनुभव आदानप्रदान कार्यक्रम व्यवस्थापन कार्यविधि, २०७२ को ( दोस्रो संशोधन ) २०७५
- युवा तथा साना व्यवसायी स्वरोजगार कोष तालिम निर्देशिका, २०७५

**युवा विकास तथा परिचालनतर्फ**

- १० जना प्रतिभावान युवालाई अन्तर्राष्ट्रिय युवा दिवसको दिन जनही रू. १ लाख नगद पुरस्कारसहित राष्ट्रिय युवा प्रतिभा सम्मान प्रदान गरिएको।
- सन् २०१९ को फेब्रुअरी ६ देखि १३ सम्म ४८ सदस्यीय नेपाली युवा प्रतिनिधिमण्डलबाट युवा अनुभव आदानप्रदान कार्यक्रमअन्तर्गत भारतको भ्रमण सम्पन्न भएको।
- युवाका सवालमा क्रियाशील पत्रकारहरूमध्ये ४ विधामा कार्यरत पत्रकारहरूलाई रू.५० हजार नगद पुरस्कारसहित सम्मान गरिएको।

- युवा उत्प्रेरणा, युवा उद्यमशीलता र रोजगारी, लगायतका विषयमा मुलुकका विभिन्न स्थानमा २ हजार ३ सय ३० जना युवालाई परामर्श सेवा प्रदान गरिएको।
- २ सय ४८ जना युवाले सीप तथा नेतृत्व विकास सम्बन्धी तालिम प्राप्त गरेका।
- राष्ट्रिय अपाङ्ग कोषसँगको सहकार्यमा २ सय १७ जना अपाङ्ग युवाका लागि सहयोग सामग्री वितरण भएको।
- जोखिममा रहेका ५ सय जना युवाको उद्धार, पुनर्स्थापनाका लागि विशेष स्कुल, केन्द्रीय बाल कल्याण समिति र मानव सेवा आश्रममार्फत् सहयोग उपलब्ध गराइएको।
- मुलुकको आर्थिक समृद्धिमा युवाको सहभागिताका लागि स्वरोजगार बनाउन रु. १ अर्ब ५२ करोड १७ लाख कर्जा लगानी भएको। उक्त कर्जा लगानीबाट १२ हजार ८ सय ४० जना युवा स्वरोजगार भएको। कोषबाट लगानी भई भाखा नाघेको कर्जा असुली दर ९५ प्रतिशत रहेको।
- युवा तथा साना व्यवसायी स्वरोजगार कोषमार्फत स्वरोजगार भएका ९ हजार ८ सय २६ जना व्यवसाय र व्यावसायीको बिमा गरिएको। ४ हजार १ सय ६७ जना व्यावसायीलाई रु.४ करोड ९ लाख २४ हजार ५ सय ४३ व्याज अनुदान प्रदान गरिएको।
- पोखरामा ९ देशका विदेशी तथा स्वदेशी स्काउटहरूको सहभागितामा रोवरमुट कार्यक्रम सम्पन्न भएको।
- ५ सय जना स्काउटहरुलाई स्वयंसेवक तालिम तथा प्रोत्साहनस्वरुप पोशाक र औजार वितरण गरिएको।
- ६ सय जनालाई स्काउट तथा विपद् व्यवस्थापन तालिम प्रदान गरिएको।
- विभिन्न राष्ट्रिय पर्व तथा दिवसमा १६ हजार ५ सय १ जना स्काउट स्वयंसेवक परिचालन भएको।

**खेलकुद विकास तर्फ**

- इलाम, वीरगञ्ज, म्याग्दी, प्युठान, डोल्पा, बाजुरामा गरी ३ सय २५ जना खेलकुदकर्मीहरुलाई खेलुकदमा प्रतिबन्धित औषधी सेवन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- १ सय ५० जुनियर खेलाडीलाई खेलप्रति आकर्षण बढाउन अन्तर्राष्ट्रिय पदक विजेता खेलाडीसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- सन् २०१८ को अगष्ट १८ देखि सेप्टेम्वर २ सम्म इण्डोनेसियामा सञ्चालन भएको १८ औं एसियन गेममा नेपालबाट २९ खेलमा १ सय ८५ खेलाडी (महिला ५६ र पुरुष १ सय २९) सहभागी भएका।
- **राष्ट्रियस्तरको प्रतियोगिता आयोजनाः** क्रिकेटका ३, महिला तथा पुरुष हक्की प्रतियोगिता, महिला तथा पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता ३, राष्ट्रिय रिङरेस्लिङ प्रतियोगिता २, राष्ट्रिय महिला लिग फूटबल, राष्ट्रिय नोभिस बक्सिङ प्रतियोगिता, राष्ट्रिय बक्सिङ प्रतियोगिता र राष्ट्रिय चेस प्रतियोगिता आयोजना गरिएको।
- **अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता आयोजनाः** प्याराग्लाइडिङ वर्ल्ड च्याम्पियनसीप, अन्तर्राष्ट्रिय आमन्त्रण महिला फुटबल, अन्तराष्ट्रिय जुनियर व्याडमिन्टन, प्रथम नेपाल जापान मैत्रीपूर्ण केन्दो च्याम्पियनसीप,

प्रथम इन्टरनेशनल कराँते च्याम्पियनसीप, एघारौं एसकेएफ च्याम्पियनसीप, २३औं अन्तर्राष्ट्रिय हाईस्कूल कराँते च्याम्पियनसीप, छैटौं अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसीप, पाँचौं माउन्ट एभरेष्ट अन्तर्राष्ट्रिय कराँते च्याम्पियनसीप, तेस्रो अन्तर्राष्ट्रिय मुवाँ थाई च्याम्पियनसीप, दक्षिण एशियाली ट्रायाथलन च्याम्पियनसीप नेपाल ओपन इन्टरनेशलन किकबक्सिङ च्याम्पियनसीप, छैटौं साउथ एशियन तेक्वान्दो च्याम्पियनसीप (आइटिएफ), क्याम्रेनोन कप एण्ड केशा एएनएलटिए एशियन यु-१४ -याङकिङ टुर्नामेन्ट, ट्रेकर इन एटिएफ एण्ड यु-१४ टेनिस च्याम्पियनसीप, आईएमएएस वर्ल्ड कुमुते च्याम्पियनसीप, काठमाडौं ओपन ईन्टरनशलन कराँते च्याम्पियनसीप, चौथो अन्तर्राष्ट्रिय वादोरियो कराँते च्याम्पियनसीप र पाँचौं अन्तर्राष्ट्रिय जुनियर कराँते तथा किकबक्सिङ च्याम्पियनसीप नेपालमा आयोजना भएको। यी प्रतियोगिताहरूमा नेपालले २०९ स्वर्ण पदक प्राप्त गरेको।

- **अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा नेपालको सफलताः** तेस्रो एशियन जुनियर एथ्लेटिक्स प्रतियोगिता- हङकङ २०१९ मा नेपालले स्वर्ण पदक प्राप्त गरेको।
- करँतेका २२, व्याडमिन्टनको १, टेनिसको ३, तेक्वान्दोको ५, क्रिकेटको १ र गल्फको १ अन्तर्राष्टिय प्रतियोगितामा सहभागी भएको। दक्षिण एसियाली महिला फुटबल च्याम्पियनसीप नेपालले रजत पदक प्राप्त गरेको। नेपाल र पाकिस्तानबीच पाकिस्तानमा भएको टी-२० श्रङ्खलामा नेपाली नेत्रहीन महिला क्रिकेट टोली विजयी भएको। अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा नेपालले १ सय ७८ स्वर्ण पदक प्राप्त गरेको।
- इन्डोनेशियामा आयोजना भएको १८ औं एसियाली खेलकुद प्रतियोगितामा नेपालले २० वर्षपछि एसियाली खेलमा रजत पदक प्राप्त गरेको। पदक विजेता ५ जना खेलाडीलाई जनही रु. ५ लाख, प्याराग्लाइडिङ्ग संघलाई रु. ५ लाख, प्रमुख प्रशिक्षकलाई रु. ३ लाख र सहायक प्रशिक्षकलाई रु. १ लाख ५० हजारका दरले पुरस्कार प्रदान गरिएको।
- थाइल्याण्डमा आयोजना भएको विश्व शारीरिक सुगठन च्याम्पियनसिपमा नेपालका बडी विल्डर महेश्वर महर्जनले स्वर्ण पदक हासिल गरेको। उनलाई नेपाल सरकारले रु. ५ लाख नगद पुरस्कार दिने निर्णय गरेको।
- नेपाल र संयुक्त अरब इमिरेट्सबीच भएको ३ एक दिवसीय र ३ टि-२० क्रिकेट श्रृङ्खलामा नेपाल दुवै श्रृङ्खलामा विजयी भएको। संयुक्त अरब इमिरेट्ससँग भएको एक दिवसीय र टि-२० क्रिकेट श्रङ्खलामा विजयी हुने १६ खेलाडीहरूलाई नेपाल सरकारले जनही रु. ५ लाखका दरले नगद पुरस्कार प्रदान गरेको।
- खेलकुदको क्षेत्रमा योगदान दिने १० जना प्रतिभावान् खेलकुदकर्मीहरूलाई जनही रु. १ लाख नगदसहित राष्ट्रिय खेलकुद प्रतिभा सम्मान प्रदान गरिएको।
- प्रथम ओलम्पिकमा सहभागी ५ जना र ओलम्पिक खेलमा सहभागी ५९ जनालाई जनही ३ हजार र एशियन खेलमा पदक प्राप्त गर्ने १२ जना तथा दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक विजेता ८५ जना खेलाडीलाई जनही रु ५ हजारका दरले जम्मा १६१ जना खेलाडीलाई मासिक सम्मान भत्ता उपलब्ध गराइएको।

## ९. आ.व. २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण :

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०११३ | युवा तथा खेलकुद मन्त्रालय | ३७७७६ | ३४३५८ | ९०.९५ |
| ३४३०१२३ | राष्ट्रिय खेलकुद परिषद् | १३६१२८४ | १३१२३०७ | ९६.४ |
| ३४३०१३३ | राष्ट्रिय युवा परिषद् | ११०३१५ | ८७१४७ | ७९ |
| ३४३१०१३ | राष्ट्रिय युवा परिचलन कार्यक्रम | ११११५० | ६८३२ | ६१.२७ |
| ३४३१०२३ | खेलकुद विकास कार्यक्रम | ६९६३३ | ६०४०५ | ८६.७५ |
| ३४३१०५३ | युवा स्वरोजगार कोष | १९२३०० | १८२८२३ | ९५.०७ |
| | जम्मा | १७८२४५८ | १६८३८७२ | ९४.४७ |

पुँजिगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०११४ | युवा तथा खेलकुद मन्त्रालय | ३१५०.०० | २२९९ | ७२.९७ |
| ३४३०१२४ | राष्ट्रिय खेलकुद परिषद् | २२०७२१६ | १८२८९८५ | ८२.८६ |
| ३४३०१३४ | राष्ट्रिय युवा परिषद् | ३०० | २८८ | ९६.११ |
| ३४३१०५४ | युवा स्वरोजगार कोष | १९०० | १६६४ | ८७.५९ |
| | जम्मा | २२१२५६६ | १८३३२३६ | ८२.८७ |

## १०. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुण मसान्तसम्मको खर्चको अवस्था:

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११३ | युवा तथा खेलकुद मन्त्रालय | ४१६०० | २३९८७ | ५७.६६ |
| ३४३००१०१३ | राष्ट्रिय युवा परिचालन कार्यक्रम | ९०९०० | ३८०४३ | ४१.८५ |
| ३४३००१०२३ | खेलकुद विकास कार्यक्रम | २७०३३३ | ९०७५ | ३.३६ |
| ३४३४१०११३ | राष्ट्रिय खेलकुद परिषद् | २२२५१४८ | १६९७१६३ | ७६.२७ |
| ३४३४१०१२३ | राष्ट्रिय युवा परिषद् | १०४५०० | ३९४३९ | ३७.७४ |
| ३४३५१०११३ | युवा स्वरोजगार कोष | १५०१०० | ५८७९३ | ३९.१७ |
| | जम्मा | २८८२५८१ | १८६६५०० | ६४.७५ |

पुँजिगत खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४३०००११४ | युवा तथा खेलकुद मन्त्रालय | ७०० | ३८० | ५४.२६ |
| ३४३४१०११४ | राष्ट्रिय खेलकुद परिषद् | २९३६६५२ | १५९०२८१ | ५४.१५ |
| ३४३४१०१२४ | राष्ट्रिय युवा परिषद् | १५०० | ८९७ | ५९.७८ |
| ३४३५१०११४ | युवा स्वरोजगार कोष | १४०० | ५०३ | ३५.९४ |
| | जम्मा | २९४०२५२ | १५९२०६१ | ५४.१५ |

◆ ◆ ◆

# रक्षा मन्त्रालय

## १. पृष्ठभूमिः

बि.सं. २००७ सालको राजनीतिक परिवर्तनपश्चात् सेनासम्बन्धी कार्यसम्पादनको लागि छुट्टै प्रशासनिक संयन्त्रको आवश्यकता महसुस गरिएअनुसार २००७ साल फागुनमा रक्षा मन्त्रालयको स्थापना भएको हो। यसको मुख्य जिम्मेवारीका रूपमा राष्ट्रको सम्प्रभुताको संरक्षण र आन्तरिक एवं बाह्य सुरक्षा चुनौती तथा हस्तक्षेप र बाह्य हमलाबाट मुलुकलाई प्रतिरक्षा गर्दै देशको सार्वभौमसत्ता, राष्ट्रिय स्वतन्त्रता र अखण्डता अक्षुण्ण राख्दै सर्वाङ्गीण राष्ट्रिय सुरक्षा कायम गर्नु रहेको छ। यस क्रममा राष्ट्रको सुरक्षा एवं प्रतिरक्षासम्बन्धी नीति, रणनीति तथा कानुनको तर्जुमा र कार्यान्वयन, नेपाली सेनाको व्यवस्थापन र सेनासम्बन्धी निर्णयहरूको प्रभावकारी कार्यान्वयन र अनुगमनलगायतका कार्यहरू रक्षा मन्त्रालयबाट सम्पादन हुँदै आइरहेका छन्। रक्षा मन्त्रालय र नेपाली सेनाको कार्यक्षेत्र मूलतः नेपालको संविधान, राष्ट्रिय सुरक्षा नीति, २०७५, सैनिक ऐन, २०६३ तथा नेपाल सरकार (कार्यविभाजन) नियमावली,२०७४ अनुसार निर्दिष्ट रहँदै आएको छ।

## २. दीर्घकालीन सोचः

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाभिमान र सामाजिक सद्भावको रक्षा एवं राष्ट्रिय मूल्य, मान्यता र गरिमामा आधारित रहेर राष्ट्रिय हितको पहिचान र प्रवर्द्धन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई सुरक्षित, शान्तिपूर्ण, सुशासित, समतामूलक, एकताबद्ध र समृद्ध राष्ट्रको रूपमा विकास गर्ने।

## ३. उद्देश्यः

- सुदृढ र सबल आन्तरिक तथा बाह्य सुरक्षा प्रणाली अवलम्बन गरी मुलुकलाई सुरक्षित तथा समुन्नत बनाउने,
- नेपाली सेनाको क्षमता अभिवृद्धि गरी दक्ष, आधुनिक र व्यावसायिक तुल्याउने,
- राजनीतिक महत्त्वका विकास निर्माण तथा विपद् व्यवस्थापनमा नेपाली सेनाको भूमिकालाई प्रभावकारी बनाउने,
- आधारभूत राष्ट्रिय मूल्य मान्यताहरूको संरक्षण र राष्ट्रिय एकता तथा सामाजिक सद्भावलाई अभिवृद्धि गर्दै नागरिक-सैनिक सम्बन्धलाई सुदृढ तुल्याउने,
- मित्रराष्ट्रहरूसँग असल सम्बन्ध विकास गर्नुको साथै सैनिक कूटनीतिलाई प्रभावकारी बनाउँदै अन्तर्राष्ट्रिय शान्ति स्थापनामा मुलुकको योगदानलाई अभिवृद्धि गर्ने।

## ४. रणनीतिः

- राष्ट्रिय सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति एवं रणनीतिको तर्जुमा तथा कार्यान्वयन गरी मुलुकको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकतालाई अक्षुण्ण राख्ने,
- नागरिक-मैत्री सुरक्षा व्यवस्था सुदृढ गर्ने तथा नागरिक र सुरक्षा अङ्गबीचको सम्बन्धलाई सुदृढ बनाउने,

- नेपाली सेनालाई समयानुकूल दक्ष, आधुनिक, व्यावसायिक, सूचना प्रविधि-मैत्री तथा साधन—स्रोत सम्पन्न बनाई सबै किसिमका सुरक्षा चुनौतीलाई सामना गर्न सक्षम बनाउने,
- नेपाली सेनालाई सबल, सुदृढ, व्यावसायिक, समावेशी र जनउत्तरदायी बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- राष्ट्रिय सुरक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन
- राष्ट्रिय तथा रणनीतिक सुरक्षासम्बन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवं सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन,
- राष्ट्रिय सुरक्षा परिषद् र सुरक्षा क्षेत्र सुधार,
- अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
- सीमाक्षेत्रसम्बन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग,
- नेपाली सेना गठन तथा परिचालनसम्बन्धी नीति, रणनीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन,
- सैनिक ब्यारेक तथा कार्यालय व्यवस्थापन,
- सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा,
- सैनिक प्रतिष्ठापन (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
- हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थ र असवाव उत्पादन र प्रयोग, सो सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
- सैनिक भण्डार,
- सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन,
- नेपाली सैनिक विमान सेवा,
- सैनिक गुप्तचर विभाग,
- सैनिक निर्माणशाला,
- बारुदी सुरुङ निष्प्रभावीकरणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन,
- विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,
- सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,
- राष्ट्रिय निकुञ्ज,बन्यजन्तु आरक्ष र महत्त्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा,
- अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।

## ६. आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १२३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै चुरे भावर क्षेत्रका गल्छी पहिरो नियन्त्रण तथा खोँचहरूमा जल पुनर्भरण तथा पोखरी निर्माण गरिनेछ। | • सप्तरी जिल्लाको अमाहा इलाकामा पाँचौं चरणको वृक्षारोपण कार्य सम्पन्न भएको।<br>• सिराहा जिल्लाको बजरङ्गवली सामुदायिक वन इलाकामा दोस्रो चरणको वृक्षारोपण कार्य सम्पन्न भएको।<br>• दाङ्ग जिल्लाको जनकल्याण तथा नेवारीकोट सामुदायिक वन इलाकामा पहिलो चरणको वृक्षारोपण कार्य सम्पन्न भएको। |
| १३७ | नेपाल एकीकरणका सिलसिलामा प्रयोग भएका ऐतिहासिक गढी, किल्ला र बाटोहरू संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | • नेपाली सेनाको पृतनाअन्तर्गत रहेका ऐतिहासिक महत्त्वका गढी, किल्ला तथा पदमार्गसम्बन्धी कागजात, शिलालेख, जनश्रुति तथा प्रमाण खुल्ने दस्तावेजहरूको पहिचान गरी सङ्कलन गरिएको।<br>• गोरखादेखि काठमाडौंसम्म एकीकरणको दौरान प्रयोग भएको मार्गमा मिति २०७६ पौष १८ गतेदेखि २७ गतेसम्म Torch सहित एकीकरण पदयात्रा आयोजना गरिएको।<br>• सिन्धुलीगढी सङ्ग्रहालयको निर्माण कार्य शुरू भएको।<br>• पाल्पा दरबारमा ऐतिहासिक शस्त्र-अस्त्र कक्ष र पृथ्वीगढी भ्यू प्वाइण्ट निर्माण कार्य शुरू भएको। |
| १७५ | मेची कोरिडोर, कोशी कोरिडोर, काली गण्डकी कोरिडोर र कर्णाली कोरिडोरको निर्माणलाई तीव्रता दिन आवश्यक बजेट विनियोजन गरेको। | **<u>काली गण्डकी कोरिडोर सडक निर्माण आयोजना (नेपाली सेनाबाट निर्माणाधीन)</u>**<br>• चालु आ.व.मा १९.५ कि.मि. सडक १० मिटर चौडाइको फराकिलो पार्ने कार्य सम्पन्न भएको।<br>• गुल्मीको रिडीदेखि बाग्लुङ्ग जिल्लाको मालढुङ्गासम्म खोलिएको ८ मि. चौडाइको ८० कि.मि. ट्र्याकलाई १० मि. चौडाइ गर्ने कार्यमध्ये हालसम्म कुल ५७.५ कि.मि. निर्माण कार्य |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
| --- | --- | --- |
| | | सम्पन्न भएको।<br>• सडक आयोजनामा पर्ने विभिन्न स्थानहरूमा हालसम्म ५ बेलिब्रिज जडान गर्ने कार्य सम्पन्न भएको।<br>**<u>कर्णाली- कोरिडोर सडक निर्माण आयोजना</u>**<br>• श्रावणदेखि फागुनसम्म ९.१ कि.मि. ट्र्याक निर्माण सम्पन्न गरी हालसम्म कुल १ सय १५.१ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।<br>• हालसम्म विभिन्न लम्बाइका ४ बेलिब्रिज जडान कार्य सम्पन्न भएको।<br>**<u>बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजना</u>**<br>• श्रावणदेखि फागुनसम्म लक्ष्यबमोजिम १.७ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन्न गरी संशोधित कुल लम्बाई ९२ कि.मि. मध्ये हालसम्म कुल २७.७ कि.मि. ट्र्याक खोलिएको।<br>माछा खोला ९ कि.मि. मा बेलिब्रिज जडान गर्न अवुटमेण्ट निर्माण कार्य सम्पन्न। |
| १७६ | डोल्पा जिल्ला सदरमुकाममा सडक पुऱ्याइनेछ। | नेपाली सेनालाई जिम्मेवारी प्राप्त जाजरकोट-डोल्पा (दुनै) सडक (११७.७७ कि.मि.) को ट्र्याक खोल्ने कार्य सम्पन्न भई मिति २०७६।०८।२१ गते सो सडक, सडक विभागलाई हस्तान्तरण गरिएको। सोसँगै डोल्पा जिल्ला राष्ट्रिय सडक सञ्जालमा जोडिएको। |
| १७८ | काठमाडौं-निजगढ द्रुतमार्ग निर्माण कार्यलाई तीव्रता दिइनेछ। | • काठमाडौं-तराई/मधेस द्रुत मार्ग सडकको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत भएको।<br>• आयोजनाको कार्य क्षेत्रलाई ११ विभिन्न Cluster मा विभाजन गरी कार्य अगाडि बढाइएको। |
| २६५ | सबै सुरक्षा निकायहरूलाई सबल सक्षम र उत्तरदायी बनाई राष्ट्रिय सुरक्षा प्रणालीलाई थप सुदृढ बनाइनेछ। सीमा सुरक्षा एवं सीमा पार अपराध र तस्करी | नेपाली सेनाको क्षमता अभिवृद्धि गरी आधुनिक र व्यावसायिक सेनाको रूपमा विकास गर्न विभिन्न तालिम, प्रशिक्षण सञ्चालन गरिनुका साथै विभिन्न सैनिक उपकरण खरिद गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | नियन्त्रणका लागि सुरक्षा एकाइहरूको भौतिक र प्राविधिक क्षमता विस्तार गरिनेछ। | |
| २६९ | सुरक्षा निकायहरू रहेको स्थान लगायत अन्य सम्भावित स्थानमा विपद्को पूर्वानुमान तथा पूर्व सूचना प्रणाली जडान गरी सञ्चालनमा ल्याइनेछ । विपद्को पूर्व तयारी खोज उद्धार राहत र पुनःस्थापनमा सबै संयन्त्रहरू तयारी अवस्थामा राखी परिचालन गरिनेछ। | विपद् व्यवस्थापनसम्बन्धी विभिन्न तालिम र प्रशिक्षण तथा विभिन्न सुरक्षा निकायका सुरक्षाकर्मीहरूलाई सहभागी गराई संयुक्त/ एकीकृत अभ्यास सञ्चालन गरिएको। |
| २७१ | राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरी राष्ट्रिय सुरक्षा प्रणालीलाई सुदृढ बनाइनेछ। राष्ट्रिय सुरक्षा एवं प्रतिरक्षासम्बन्धी विषयमा अध्ययन अनुसन्धान गर्न राष्ट्रिय सुरक्षा विश्वविद्यालय स्थापना गर्न प्रक्रिया अगाडि बढाइनेछ। | • राष्ट्रिय सुरक्षा नीति, २०७५ को एकीकृत कार्ययोजना तयार गरिएको।<br>• सो कार्ययोजना राष्ट्रिय सुरक्षा परिषद्को मिति २०७६।१०।१७ मा भएको बैठकमा पेश भएको र सो बैठकले छलफलका क्रममा उठेका उपयुक्त विषयहरूलाई समेत समावेश गरी परिमार्जित कार्ययोजना रक्षा मन्त्रालयमार्फत नेपाल सरकार, मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने निर्णय गरेको।<br>• राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय पूर्वाधार निर्माण समिति (गठन) आदेश, २०७६ स्वीकृत भएको।<br>• मिति २०७६/८/३० गतेको मन्त्रिपरिषद्को निर्णयबाट काभ्रेपलान्चोक जिल्ला, साविक साँगा नासिकास्थान वडा नं. ४, ५, ६, ७ र ८ हाल बनेपा नगरपालिका वडा नं. १३ र १४ मा रहेको पेरुङ्गे सामुदायिक वन क्षेत्रको करिब ७५० रोपनी जग्गा राष्ट्रिय सुरक्षा विश्वविद्यालयको लागि नेपाली सेनालाई उपलब्ध गराइएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २७२ | संघीय लोकतान्त्रिक गणतन्त्रको प्रवर्द्धन गर्दै राष्ट्रिय हितप्रति समर्पित युवा जनशक्ति विकास र परिचालनका लागि राष्ट्रिय सेवा दलको भूमिकालाई स्थानीयस्तरसम्म विस्तार गरिनेछ। | • चालु आ.व.मा ७ हजार ७ सय जना क्याडेटलाई जुनियर तथा सिनियर डिभिजन तालिम प्रदान गरिएको।<br>• NCC क्याडेटको मित्रराष्ट्रहरूसँग युवा आदान-प्रदान कार्यक्रम सम्पन्न भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- सैनिक प्राड सेवा (पहिलो संशोधन) नियमावली, २०७६, सैनिक हवाई सेवा (पहिलो संशोधन) नियमावली, २०७६ र सैनिक विविध सेवा (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत भएको।
- नेपाली सेनाअन्तर्गतका जमिन, भौतिक संरचना तथा अन्य उपकरणहरूको अभिलेख तयार गर्न सफ्टवेयर निर्माण कार्य सम्पन्न भई मन्त्रालय र नेपाली सेनाको प्रबन्ध रथी विभागअन्तर्गत सूचना तथा प्रविधि महाशाखामा जडान गरी हाल तथ्याङ्क प्रविष्टी सम्बन्धी कार्य भइरहेको।
- उप-प्रधानमन्त्री तथा रक्षा मन्त्री, चीनका रक्षामन्त्री जनरल वेइ फेङको निमन्त्रणामा चीनमा २० देखि २२ अक्टोबर २०१९ सम्म बेइजिङ्गमा आयोजित 9th Beijing Xiangshan Forum मा सहभागी हुनु भई साना तथा मध्यम आकारका मुलुकहरुको सुरक्षा सरोकारका विषयमा नेपालको धारणा राख्नु भएको। सोही दौरान २० अक्टोबरका दिन उपप्रधानमन्त्री तथा रक्षामन्त्री र चीनका रक्षामन्त्रीबीच चीनले नेपाललाई उपलब्ध गराउने १५० मिलियन युयान (ने.रु. करिब २ अर्ब ५० करोड) बराबरको Humanitarian Assistance and Disaster Relief (HADR) सहायता सम्झौतामा हस्ताक्षर भएको।
- संयुक्त अरब इमिरेट्सका महामहिम उपराष्ट्रपति तथा रक्षामन्त्री Shaikh Mohammad Bin Rashid Al Makroum को निमन्त्रणामा उप-प्रधानमन्त्री तथा रक्षामन्त्रीले मिति २०७६ मंसिर १ गतेदेखि ५ गतेसम्म दुबईमा आयोजित "16th Session of the 2019 Edition of Dubai Airshow" मा नेपाली प्रतिनिधिमण्डलको प्रतिनिधित्व गर्दै नेपालको धारणा राखु भएको।
- पूर्व सम्झौता भएअनुसार मिति २०७६।९।२ गते संयुक्त राज्य अमेरिकाले नेपाली सेनालाई २ वटा M28 Skytruck Aircraft अनुदानमा उपलब्ध गराएको। यसबाट विपद् व्यवस्थापनको समयमा उद्धार तथा राहत कार्यक्रम सञ्चालन गर्न तथा सैन्य सामग्रीहरूको ढुवानी गर्न सहज हुने भएको।
- नेपाली सेनाको मौजुदा रासन स्केलमा स्तरोन्नति गरी सबै दर्जाका सैनिकहरूलाई आवश्यक पर्ने न्यूनतम पोषण र क्यालोरी प्राप्त हुने व्यवस्था सुनिश्चित गरिएको।
- चीनको हुवेई प्रान्तस्थित Wuhan मा कोरोना भाइरस (कोभिड १९) बाट प्रभावित १ सय ७५ जना नेपालीलाई वीरेन्द्र अस्पतालबाट खटिई गएका मेडिकल टोलीले २०७६ फागुन ४ गते उद्धार गरी

भक्तपुर खरिपाटीस्थित क्वारेण्टाइन व्यवस्थापन स्थलमा ल्याएको। स्वास्थ्य परीक्षणपश्चात् निजहरूलाई क्वारेण्टाइन अवधि समाप्त भएपछि सकुशल घर फिर्ता पठाइएको।

- मिति २०७६/०९/०२ गते नेपाली सेना र काठमाडौं महानगरपालिकाबीच का.म.न.पा.का स्थानीयवासीले वीरेन्द्र अस्पताल, छाउनीमा हेमोडायलासीस (मृगौला उपचार) गर्न पाउने सम्बन्धी सम्झौता भएको ।
- पोखरा र इटहरीमा निर्माणाधीन सैनिक अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा ल्याइएको।
- नेपाली सेनाका विभिन्न स्थानहरूमा रहेका सर्पदंश उपचार केन्द्रहरूबाट ८९ जनाले उपचार पाई लाभान्वित भएका ।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### (क) नीतिगत/कानुनी/सुधारतर्फः

- राष्ट्रिय सुरक्षा नीति, २०७३ लाई पुनरावलोकन गरी नयाँ राष्ट्रिय सुरक्षा नीति, २०७५ नेपाल सरकार, मन्त्रिपरिषद्बाट जारी भएको।
- नेपालको संविधान तथा मुलुकमा नयाँ जारी भएका देवानी संहिता, फौजदारी संहिताका प्रावधानहरू बमोजिम हुने गरी सैनिक ऐन, २०६३ मा तत्काल संशोधन गर्नुपर्ने विषयहरूलाई केही नेपाल ऐन संशोधन गर्ने विधयेकमार्फत संशोधन गरिएको।
- नेपालको संविधानको धारा २६६ को उपधारा (३) को प्रावधानबमोजिम राष्ट्रिय सुरक्षा परिषद्को वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपति समक्ष पेश गरिएको।
- सैनिक सेवा नियमावली (पहिलो संशोधन), २०७५ र सैनिक प्राविधिक सेवा नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको।यसबाट द्वन्द्वकालमा वीरगति प्राप्त गरेका तथा दुर्घटनामा परेका नेपाली सेनाका सैनिकहरूलाई उचित क्षतिपूर्ति/सुविधा प्रदान गर्न कानुनी आधार तयार भएको।
- सैनिक सेवा (दोस्रो संशोधन) नियमावली, २०७५ र सैनिक प्राविधिक सेवा नियमावली, २०७६ स्वीकृत भई कार्यान्वयनमा आएको।
- शान्ति सेनामा भाग लिन जाने सकल दर्जाका सैनिकहरूको छनौटलाई थप निष्पक्ष,बस्तुनिष्ठ र पारदर्शी बनाउन नयाँ **"शान्ति सेना छनौट कार्यविधि, २०७५"** स्वीकृत गरी कार्यान्वयनमा आएको।

### (ख) भौतिक संरचना निर्माण तथा भूकम्पोत्तर पुनर्निर्माण /सुधारतर्फः

- आ.व.२०७५/७६ मा बङ्करदेखि व्यारेकसम्म कार्यक्रममा विनियोजित बजेटबाट १ सय ६९ भवन निर्माण कार्य सम्पन्न गरिएको।
- नेपाली सेनाअन्तर्गत निर्माणाधीन पाँचवटा ठूला भवनहरूमध्ये सैनिक मुख्यालय (Army Headquarters), भद्रकालीको सम्माननीय राष्ट्रपतिज्यूबाट उद्‌घाटन भएको। साथै, सैनिक प्रहरी गण, भद्रकाली, लक्ष्मी निवास, महाराजगञ्ज र गणेश दल गण, तोपखानाको निर्माण सम्पन्न भएको।

- वि.सं. २०७२ सालको भूकम्पका कारण नेपाली सेनाको मुख्यालय लगायत क्षति पुगेका संरचनाहरुमध्ये आ.व. २०७५/७६ को अन्त्यसम्म विनियोजित रकमबाट ६ सय ९७ भौतिक पूर्वाधारहरूको मर्मत तथा रेट्रोफिट र ६९ नयाँ भौतिक पूर्वाधारहरूको पुनर्निर्माण गरिएको।
- नेपाली सेनाबाट मिति २०७५ चैत्र १७ गते राति आएको हावाहुरी र चक्रवातका कारण बारा र पर्सा जिल्लाका विभिन्न स्थानहरूमा क्षति पुगेका घरहरूमध्ये ८ सय ६९ घरहरूको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई मिति २०७६।०५।१८ गते घरवारविहीन सम्बन्धित जनतालाई हस्तान्तरण गरिसकिएको।

**(ग) राष्ट्रिय गौरव तथा राष्ट्रिय महत्त्वका विभिन्न सडक आयोजना निर्माणतर्फः**

**अ. <u>काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनातर्फः</u>**

- काठमाडौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्यको लागि छनौट भएको कोरियाको Soosung Engineering & Consulting फर्मबाट २०७५ माघमा DPR तयार भई पेश भएको।
- जग्गा अधिग्रहण कार्यमा ३९ जनाको लालपूर्जा प्राप्त भएको र कुल जम्मा १७ हजार ९ सय ८० रुख कटान गरिएको।
- आयोजनाको केन्द्रीय कार्यालय खोकना वेश क्याम्प र धेद्रे वेश क्याम्पको निर्माण कार्य सम्पन्न भएको।
- सुरुङ्ग र पुलबाहेक निर्माण गर्नुपर्ने ५४ कि.मि. सडक खण्डमध्ये अर्थवर्क कटिङ्ग, फिलिङ्ग कार्यअन्तर्गत द्रुतमार्गको २५.४४ कि.मि. खण्डमा १०० प्रतिशत, १०.९२ कि.मि. खण्डमा ८० प्रतिशत र १६.०९ कि.मि. खण्डमा ५० प्रतिशत कार्य सम्पन्न।
- ७ वटा बेलिब्रिज उपलब्ध भएकोमा ४ सेट जडान कार्य सम्पन्न।

**आ. <u>जाजरकोट (डोल्पा (दुनै) सडक</u>**

- नेपाली सेनालाई जिम्मेवारी प्राप्त १०३.४ कि.मि. सडकको ट्र्याक सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिएको।
- त्रिपुराकोट (सुपानी)-दुनै खण्डको थप १४.३ कि.मि.को मोड सुधार तथा चौडा गर्ने कार्य सम्पन्न।
- कुल ११७.७ कि.मि.सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न।

**इ. <u>कालीगण्डकी कोरिडोर (रिडी-रुद्रबेनी-पालुङ्गखोला-मालढुङ्गा खण्ड)</u>**

- रिडी-मालढुङ्गा ८० कि.मि. सडक ८ मि.चौडाइबाट १० मि.चौडाइ गर्ने लक्ष्यबमोजिम ३१ कि.मि. ट्र्याकलाई १० मिटर चौडा गर्ने कार्य सम्पन्न भएको।
- सडक आयोजना अन्तर्गत विभिन्न स्थानहरूमा ५ बेलिब्रिजको निर्माण कार्य सम्पन्न।

**ई. <u>कर्णाली कोरिडोर (खुलाल-लैफु सिमिकोट खण्ड)</u>**

- कुल लम्बाइ १२३ कि.मि.मध्ये आ.व. २०७५/७६ मा १४ कि.मि. ट्र्याक निर्माण गर्ने लक्ष्यअनुसार कार्य सम्पन्न भई आ.व.को अन्त्यसम्म १०६ कि.मि. ट्र्याक निर्माण कार्य सम्पन भएको।

- सडक आयोजनाअन्तर्गत विभिन्न स्थानहरूमा ४ बेलिब्रिज निर्माण कार्य सम्पन्न।
- ११५ कि.मि.सर्केगाड गा.पा.को खच्चामा नयाँ वेश क्याम्प निर्माण कार्य सम्पन्न।

**उ. <u>बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक आयोजना</u>**

- बेनीघाट-आरुघाट-लार्के भञ्ज्याङ्ग सडक (११८ कि.मि.) अन्तर्गत आ.व. २०७५/७६ मा ९.२ कि.मि. ट्र्याक खुला गर्ने लक्ष्यअनुसार कार्य सम्पन्न भई आ.व.को अन्त्यसम्म २६ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको।
- माछ्रा खोला ९ कि.मि.मा बेलिब्रिज जडान गर्न अबुटमेण्ट निर्माण कार्य सम्पन्न।
- २६ कि.मि.सल्लेरीमा नयाँ वेशक्याम्पको स्थापना गर्ने कार्य सम्पन्न।

**(घ) द्विपक्षीय सहायता आदान-प्रदान तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सहभागिताः**

- मित्रराष्ट्र चीनका रक्षा मन्त्रीको निमन्त्रणामा चीनको राजधानी बेइजिङ्गमा २४-२६ अक्टोबर २०१८ मा आयोजित 8th Xiangshan Forum मा सहभागी भई अन्तर्राष्ट्रिय समुदायसमक्ष उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले नेपालले संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति सेना खटाई अन्तर्राष्ट्रिय शान्ति स्थापनामा पुऱ्याइएको योगदान र आगामी दिनमा शान्ति सेना परिचालनमा गरिनुपर्ने सुधारका विषयमा नेपालको धारणा प्रस्तुत गर्नुभएको। ती भ्रमणहरूको दौरान चीनले नेपाललाई उपलब्ध गराउने १५० मिलियन युयान (करिब रु. २ अर्ब ५० करोड नेपाली रुपैँया बराबर)को मानवीय सहायता तथा विपद् व्यवस्थापनसम्बन्धी सैन्य सहायता आदान-प्रदान सम्झौतामा दुई देशबीच हस्ताक्षर भएको।
- संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ UNIFIL मिशन लेबनानमा तैनाथ नेपाली शान्ति सेना गणको अपरेशन, बन्दोबस्तीलगायत विविध पक्षहरूको निरीक्षण गरी आवश्यक निर्देशन दिने सिलसिलामा उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीबाट २०७५।०५।१५ गतेदेखि ऐ. १८ गतेसम्म लेबनानको औपचारिक भ्रमण सम्पन्न भएको। सो अवसरमा संयुक्त राष्ट्रसंघ शान्ति स्थापना मिशनका उच्च पदाधिकारीका साथै लेवनानका उच्च पदाधिकारीहरूसँग UN Peace Keeping Operation लाई थप प्रभावकारी बनाउने विषयमा छलफल भएको।
- मित्रराष्ट्र पोल्याण्डका रक्षा मन्त्रीको निमन्त्रणामा मिति २०७५।०५।१९ गतेदेखि ऐ. २३ गतेसम्म पोल्याण्डमा आयोजना भएको 26th International Defence Industry Exhibition मा उपप्रधानमन्त्री तथा रक्षा मन्त्री श्री ईश्वर पोखरेलले नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै सहभागी हुनु भएको। उक्त अवसरमा दुई देशका रक्षा मन्त्रीहरूबीच द्विपक्षीय हितका विभिन्न विषयमा छलफल भएको।
- मिति २०७५।१२।१५ देखि ऐ १८ गतेसम्म संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्कमा आयोजित United Nations Peacekeeping Ministerial Conference on Uniformed Capabilities, Performance and Protection कार्यक्रममा माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्रीले नेपालको तर्फबाट भाग लिनुभई नेपालको अवधारणा प्रस्तुत गर्नुभएको।
- नेपाल र भारतमा पालैपालो हुने गरेको Nepal-India Bilateral Consultative Group on Security Issues (BCGSI) को तेह्रौं बैठक १३-१४ डिसेम्बर २०१८ तदनुसार २७-२८ मंसिर २०७५ मा काठमाडौंमा आयोजना भएको। उक्त बैठकमा दुई देशबीच सुरक्षा सरोकारका विभिन्न विषयहरूमा

छलफल हुनुका साथै दुई देशका सेनाहरूबीच सुरक्षा सहयोग उपकरण आदान-प्रदान तथा तालिमहरू प्रदान गर्ने विषयमा विस्तृत छलफल भई विभिन्न निर्णय तथा समझदारी भएको।

**(ङ) नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धितर्फः**

- नेपाली सेनाको विपद् व्यवस्थापन क्षमता अभिवृद्धिअन्तर्गत लाइट हेलिकप्टर २ र मिडियम हेलिकप्टर १ को साथै विभिन्न उपकरणहरू खरिद कार्य सम्पन्न भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसर तथा नेपालको अन्य भागमा विमान दुर्घटना भएमा तत्काल उद्धार तथा राहत कार्यको लागि नं. १४ वाहिनी हाता (एयरपोर्ट) मा २४ (चौबीसै) घण्टा रहने गरी २०७५ वैशाखबाट ४५ जनाको उद्धार टोली तैनाथ गरिएको।

**(च) प्रकृति संरक्षणतर्फः**

- नेपाली सेनाबाट आर्थिक वर्ष २०७५/७६ र चालु आ.व.को मंसिर मसान्तसम्म चुरे क्षेत्रमा समेत गरी देशभर १ लाख ३६ हजार फलफूलका बिरुवासहित कुल ६ लाख संख्यामा वृक्षारोपण गरिएको।
- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०२/१३ को निर्णयानुसार राष्ट्रिय निकुञ्ज तथा पर्यावरण संरक्षणमा उल्लेखनीय कार्य गरे बापत् नेपाली सेनालाई प्रकृति संरक्षण पदक प्रदान गर्ने निर्णय भएको।

**(छ) तालिम प्रशिक्षणतर्फः**

- नेपाली सेनालाई समयानुकूल चुस्त र व्यावसायिक बनाउन तथा सैनिकहरूको वृत्ति विकास तथा पेशागत ज्ञान र क्षमता अभिवृद्धिका लागि आ.व.२०७५/७६ मा विभिन्न तालिमहरू सञ्चालन गरिएको। यस अन्तर्गत स्वदेशमा सञ्चालित विभिन्न प्रकारका २ हजार ३ सय ७७ तालिममा १ लाख १३ हजार २ सय ७७ जनाले र विदेशमा ६ सय ८७ जनाले प्रशिक्षण लिएको।
- विभिन्न मित्रराष्ट्रहरूका सेना र नेपाली सेनाबीच संयुक्त रूपमा विभिन्न अभ्यास/सेमिनारहरू सञ्चालन गरिएको।
- राष्ट्रिय सेवा दलबाट राष्ट्रप्रति समर्पित र अनुशासित राष्ट्रसेवक युवा उत्पादन गर्ने उद्देश्यअनुरूप आ.व. २०७५/७६ मा ७ हजार ७ सय ४ जनालाई राष्ट्रिय सेवा दलको तालिम दिइएको। साथै, राष्ट्रिय सेवा दलको तालिमलाई देशव्यापी रूपमा विस्तार गर्ने योजना मुताविक आ.व.२०७५/७६ बाट लागु हुने गरी मुलुकका विभिन्न ६ स्थानमा राष्ट्रिय सेवा दल शिक्षालयहरू स्थापना गरिएको।
- हिमाली क्षेत्रका १४ जिल्ला र दक्षिणी छिमेकी राष्ट्रसँग सीमाना जोडिएका २५ जिल्लाहरूका सर्वसाधारण जनतासँगको सम्बन्धलाई अझ सुदृढ बनाई सुरक्षाको प्रत्याभूति प्रदान गर्न, सम्भावित आपराधिक गतिविधिलाई निरुत्साहित गर्न र स्थान विशेषमा तैनाथ फौजलाई जिम्मेवारी क्षेत्रसँग परिचित गराउन अपरेसन "हिमाल दर्शन" र अपरेसन "मनसुन" सञ्चालन गरिएको।

**(ज) अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोगः**

संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका विभिन्न द्वन्दग्रस्त मुलुकहरूमा शान्ति स्थापना कार्यमा योगदान गर्ने क्रममा विभिन्न १२ मिसनहरूमा करिब ५ हजार १ सय जना नेपाली सैनिकहरू सहभागी भएको।

**(झ) नेपाली सेनाबाट सञ्चालित स्वास्थ्य सेवासुविधा तथा जनहितकारी विविध कार्यतर्फः**

- सबै प्रदेशहरूमा १-१ सैनिक अस्पताल निर्माण गरी सैनिक तथा गैरसैनिक सबैलाई सहज र सुलभ रूपमा स्वास्थ्योपचार सेवा उपलब्ध गराउने क्रममा प्रदेश नं. ५ को नेपालगञ्जमा अपरेशन थिएटरसहितको सैनिक अस्पताल सञ्चालनमा आएको।
- काठमाडौंको महांकालस्थित Tri-Chandra Military Hospital (TCMH) को निर्माण कार्य पूरा भई डेण्टल, फार्मेसी सुविधा तथा Observation Room सञ्चालनमा आएको। त्यस्तै, फिजियोथेरापी, बाल ओपिडी, इमर्जेन्सी, प्याथोलोजी तथा रेडियोलोजी सेवा सञ्चालनमा आएको।
- सैनिक अस्पतालमा बिरामीको स्वास्थ्यलाई लक्षित गरी अत्यावश्यक अक्सिजन ग्याँसको मागलाई सरलीकरण गर्दै लैजाने योजनाअनुरूप रिपुमर्दिनी अक्सिजन प्लाण्टबाट आ.व. २०७५/७६ मा ३१ हजार ८ सय ५८ ठूलो सिलिण्डर र ८ सय ७ सानो सिलिण्डर अक्सिजन उत्पादन गरिएको।
- मृगौलासम्बन्धी रोग लागेका बिरामीहरूलाई उपलब्ध हुने हेमोडायलासिस सेवालाई व्यवस्थित गर्न वीरेन्द्र सैनिक अस्पताल भवनमा Haemodialysis Satellite Pharmacy सञ्चालन गरिएको। साथै, Critical Care लाई लक्षित गरी स्थापना गर्न लागिएको Critical Care Satellite Pharmacy सञ्चालनका लागि वीरेन्द्र अस्पतालबाट व्यवस्थापन कार्य भइरहेको।
- आधारभूत स्वास्थ्य सेवाबाट वञ्चित नागरिकहरूको लागि निःशुल्क स्वास्थ्य सेवा, दुर्गम विकट क्षेत्रमा लघु खानेपानी आयोजना, स्थानीय सडक निर्माण, वृक्षारोपण जस्ता जनहितका कार्यहरूद्वारा सेना र नागरिकहरूबीचको सम्बन्ध थप मजबुत बनाउने क्रममा देहायका कार्यहरू गरिएकोः
    - निःशुल्क स्वास्थ्य सेवा प्रदान - ८२ हजार ९ जना।
    - रक्तदान - २ सय २ जना सैनिक व्यक्तिहरूबाट।
    - श्रमदान - ५४ हजार ३ सय ६५ जना सैनिक व्यक्तिहरूबाट।
    - ५ सय ८ स्थानमा भएको आगलागी नियन्त्रणमा सेना परिचालित।
    - Improvised Explosive Device (IED) निष्क्रिय - ८८ स्थान।
    - Mine Risk Education (MRE) -५२३ स्थानहरूमा सञ्चालन तथा लाभान्वित संख्या १९ हजार ६० जना।
- हवाई उद्धार - २ सय ७५ जना विपद प्रभावित।
- सर्पदंश उपचार सेवा उपलब्ध गराइएको संख्या - ३ हजार ३६ जना।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११३ | रक्षा मन्त्रालय | ७१६४५ | ५३२९४ | ७४.३९ |
| ३४५०१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४०७०० | ३४५३९ | ८४.८६ |
| ३४५०१३३ | जंगी अड्डा | ३६३९३२८० | ३६७६५७८८ | १०१.०२ |
| ३४५०१४३ | सैनिक हवाई महा-निर्देशनालय | ५१०६०० | ४६९२०१ | ९१.८९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०१५३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ७२५७०० | ७३५८९६ | १०१.४ |
| ३४५०१६३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७९४०० | ८०९५२ | १०१.९६ |
| ३४५०१८३ | राष्ट्रिय सेवा दल | २९९९५२ | २९४८४१ | ९८.३ |
| ३४५०१९३ | अति विशिष्ट व्यक्तिहरुको सुरक्षा | १३००० | १३००० | १०० |
| | जम्मा | ३८१३४२७७ | ३८४४७५११ | १००.८२ |

**पुँजीगत खर्च** (रु. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०११४ | रक्षा मन्त्रालय | १२८२०० | ७५७७७ | ५९.११ |
| ३४५०१२४ | राष्ट्रिय सुरक्षा परिषद् | २१०० | २१०० | १००.०० |
| ३४५०१३४ | जंगी अड्डा | १२०४३७२९ | ११४५५२२९ | ९५.११ |
| ३४५०१४४ | सैनिक हवाई महा-निर्देशनालय | ७९००० | ७९००० | १००.०० |
| ३४५०१५४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ५०००० | ४९९९८ | १००.०० |
| ३४५०१६४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ८००० | ७९२६ | ९९.०८ |
| ३४५०१८४ | राष्ट्रिय सेवा दल | १७०२०० | १६८१३३ | ९८.७९ |
| | जम्मा | १२४८१२२९ | ११८३८१६३ | ९४.८५ |

## १०.आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११३ | रक्षा मन्त्रालय | ७९१०० | ३७२४९ | ४७.०९ |
| ३४५०००१२३ | राष्ट्रिय सुरक्षा परिषद् | ४५००० | २७३८८ | ६०.८६ |
| ३४५०१०११३ | जंगी अड्डा | ४०१९४६५७ | २७१८६४५४ | ६७.६४ |
| ३४५०१०१२३ | सैनिक हवाई महा-निर्देशनालय | ५५०००० | २६३६५४ | ४७.९४ |
| ३४५०१०१३३ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | ७१४२०० | ४७६४४४ | ६६.७१ |
| ३४५०१०१४३ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ८१५०० | ७११८८ | ८७.३५ |
| ३४५०१०१५३ | राष्ट्रिय सेवा दल | ३३१६५० | २५७४२२ | ७७.६२ |
| ३४५०१०१६३ | अति विशिष्ट व्यक्तिहरुको सुरक्षा | १३००० | ७४३५ | ५७.१९ |
| | जम्मा | ४२००९१०७ | २८३२७२३४ | ६७.४३ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०००११४ | रक्षा मन्त्रालय | ६४००० | २३७९ | ३.७२ |
| ३४५०००१२४ | राष्ट्रिय सुरक्षा परिषद् | २८०० | ९७१ | ३४.६९ |
| ३४५०१०११४ | जंगी अड्डा | १०१९४७३९ | ३९५६५४३ | ३८.८१ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यक्रम | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४५०१०१२४ | सैनिक हवाई महा-निर्देशनालय | ७९००० | १९३६ | २.४५ |
| ३४५०१०१३४ | वीरेन्द्र अस्पताल (पोष्ट एक्सीडेन्ट सेन्टर समेत) | १०००० | ० | ० |
| ३४५०१०१४४ | सैनिक कमाण्ड तथा स्टाफ कलेज | ७५०० | ४३३८ | ५७.८४ |
| ३४५०१०१५४ | राष्ट्रिय सेवा दल | ३०५३५० | ७३४७३ | २४.०६ |
| | **जम्मा** | **१०६६३३८९** | **४०३९६४०** | **३७.८८** |

◆ ◆ ◆

# वन तथा वातावरण मन्त्रालय

## १. पृष्ठभूमिः

वन तथा वातावरण मन्त्रालयको प्रमुख जिम्मेवारीमा वन, वातावरण तथा जलवायु परिवर्तनका क्षेत्रहरू समावेश छन्। वन क्षेत्रअन्तर्गत मूलतः वन, वन्यजन्तु, वनस्पति, जैविक विविधता र जलाधारहरूको दिगो, समावेशी र सहभागितामूलक व्यवस्थापन तथा तिनबाट प्राप्त वस्तु र सेवाको न्यायोचित उपयोग गर्ने विषय पर्दछन्। वातावरण क्षेत्रतर्फ सरकार, समुदाय र निजीक्षेत्रको सहयोग तथा सहकार्यमा प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्द्धन, वातावरणीय मापदण्डको निर्धारण र वातावरणीय प्रभावको नियमन रहेका छन्। जलवायु परिवर्तन क्षेत्रतर्फ मानव समाज र प्राकृतिक वातावरणमा जलवायु परिवर्तनले पारेका वा पार्न सक्ने प्रभावहरूबाट बच्न अनुकूलनका उपायहरूको खोजी र विस्तार गर्नु, त्यसका निम्ति अन्तर्राष्ट्रिय वित्त, प्रविधि र ज्ञानमा पहुँच बढाउनु, जलवायु परिवर्तनको न्यूनीकरण हुने गरी स्रोतको व्यवस्थापन गर्नु र हरितगृह ग्याँसको उत्सर्जनको नियमित मापन गर्नु जस्ता क्रियाकलाप रहेका छन्। यी तीनवटै कार्यक्षेत्रमा लैंङ्गिक तथा सामाजिक समावेशीकरण, अध्ययन-अनुसन्धान, क्षमता विकास र शासकीय सुधार प्रमुख अन्तरसम्बन्धित पक्षहरू हुन्।

## २. दीर्घकालीन सोचः

वन क्षेत्रको दिगो व्यवस्थापन, सफा, स्वच्छ र हरित वातावरण तथा जलवायु अनुकूलन व्यवस्थित समाजको निर्माणबाट नेपालको आर्थिक, सामाजिक र साँस्कृतिक समृद्धि र सुखमा योगदान।

## ३. उद्देश्यः

**<u>वनसम्बन्धी</u>**

- वन क्षेत्रको उत्पादकत्व उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्ने,
- वन पैदावारमा आत्मनिर्भर भई मूल्य अभिवृद्धिसहित निर्यात प्रवर्द्धन गर्ने,
- संरक्षित क्षेत्र, सीमसार क्षेत्र तथा वन व्यवस्थापन पद्धतिहरूबाट पर्यटन प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने,
- वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताको संरक्षण पुनर्स्थापना र दिगो उपयोग गर्ने,
- वन क्षेत्रको संरक्षण र सोको बहुआयामिक उपयोग गर्ने,
- फलफूलगायतका कृषि वनको विकास र संरक्षण गरी वन क्षेत्रलाई आर्थिक उपार्जनको माध्यमको रूपमा विकास गर्ने,
- हालको वन क्षेत्रलाई घट्न नदिई विभिन्न प्रकारबाट क्षति भएका वनको पुनर्स्थापना गर्ने,
- जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्ने,
- कार्वन उत्सर्जन न्यूनीकरण गर्ने नेपालको समग्र लक्ष्यमा वन क्षेत्रबाट योगदान पुऱ्याउने,
- वन क्षेत्रको शासकीय सुधार गर्दै प्राप्त लाभको न्यायोचित वितरण गर्ने,
- वन क्षेत्रको अध्ययन अनुसन्धान शैक्षिक गुणस्तर तथा क्षमता अभिवृद्धि गर्ने।

**वातावरणसम्बन्धी**

- जल, वायु, माटो, ध्वनि, विद्युत-चुम्बकीय तरङ्ग, रासायनिक र रेडियोधर्मीलगायत सबै प्रकारका प्रदूषणको रोकथाम नियन्त्रण र न्यूनीकरण गर्ने,
- घरेलु औद्योगिक तथा सेवा क्षेत्रलगायत सबै स्रोतबाट सिर्जित फोहोरमैलाको व्यवस्थापन गर्ने,
- शहरी तथा नगर क्षेत्रमा उद्यान विकास तथा हरियाली विस्तार गर्ने,
- विकासका सबै आयामहरूमा वातावरणीय चासोलाई मूलप्रवाहीकरण गर्ने,
- प्रदूषण पीडितलाई वातावरणीय न्यायको सुनिश्चितता गर्ने,
- वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा जनसहभागिता जुटाउने,
- वर्तमान तथा भावी पुस्ताबीचमा न्यायोचित हुने गरी प्राकृतिक तथा मानव निर्मित स्रोतहरूको उपयोग गर्ने,
- वातावरण संरक्षण र व्यवस्थापनका लागि शोध अनुसन्धान र क्षमता अभिवृद्धि गर्ने,
- जमीनको प्रयोग भू-उपयोग योजनाबमोजिम गर्ने,
- उपलब्ध स्रोत साधनको पुनः प्रयोग र पुनः प्रशोधन गर्ने।

**जलवायुसम्बन्धी**

- सङ्कटापन्न र जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार, समूह र समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गर्ने,
- जलवायु परिवर्तनका प्रतिकूल प्रभावको जोखिममा रहेका पारिस्थितीकीय प्रणालीहरूको उत्थानशीलता विकास गर्ने,
- न्यून कार्बन उत्सर्जन विकासको अवधारणा अवलम्बन गर्दै हरित अर्थतन्त्रको प्रवर्द्धन गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतहरूको न्यायोचित परिचालन गर्ने,
- जलवायु परिवर्तनसम्बन्धी अनुसन्धान, प्रविधि विकास र सूचना सेवा प्रवाहलाई प्रभावकारी बनाउने,
- राज्यका सबै तह र विषयगत क्षेत्रका नीति, रणनीति, योजना तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनका विषयहरूलाई एकीकृत गर्ने,
- जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्ने।

## ४. कार्यक्षेत्र:

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- राष्ट्रिय वनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सीमाङ्कन,
- निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- वन्यजन्तु र चराचुरुङ्गीसम्बन्धी नीति, कानुन र मापदण्ड,

- राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिकार आरक्ष र सीमसार क्षेत्रसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तथा कार्यान्वयन,
- हात्तीसार,
- प्राणी उद्यान (चिडियाखाना) सम्बन्धी नीति, कानुन र मापदण्ड,
- मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र व्यवस्थापनसम्बन्धी नीति र मापदण्ड,
- जैविक विविधता, प्राकृतिक वातावरण संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन,
- वन्यजन्तु, जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन,
- वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- हार्वेरियम व्यवस्थापन,
- वनस्पतिहरूको रासायनिक गुणहरूको परीक्षण, प्रयोगशाला, प्रत्यायन, प्रमाणीकरण र गुणस्तर,
- आनुवांशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति,
- वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- कार्बन सेवा र कार्बन सञ्चिति,
- अन्तर प्रादेशिक जङ्गल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्द्धन र व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- अन्तरदेशीय वन तथा वन्यजन्तुसम्बन्धी विषय,
- वन, वनस्पति, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी अध्ययन अनुसन्धान,
- प्राकृतिक नदी नाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको वातावरणीय संरक्षण एवं स्वच्छता कायमसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,
- हरित अर्थतन्त्रसम्बन्धी नीति र मापदण्ड,
- विकिरण, जल, ठोस, तापीय, नाभकीय, विद्युतीय, चुम्बकीय, रसायन, ध्वनीलगायतका प्रदूषण नियन्त्रण,
- हरितगृह ग्यासको मापदण्ड र नियमन,
- राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,
- वातावरणीय प्रभाव अध्ययनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष,
- सशस्त्र वन रक्षक,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,

- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल वन सेवाको सञ्चालन।

## ५. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ११७ | नेपालीहरूको जीवनपद्धति र समृद्धिको आधारको रूपमा रहेको वन सम्पदाको सन्तुलितरूपमा संरक्षण र उपयोग गरिनेछ। वन क्षेत्रको सम्बर्द्धनमार्फत् वातावरणीय सन्तुलन कायम गर्दै वनजन्य क्षेत्रको बहुउपयोग गरी आय र रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ। संघ, प्रदेश र स्थानीय तह एवं वन उपभोक्ता समूहहरूको सहकार्य र समन्वयमा बहुउपयोगी वन र ब्लक फरेष्ट विस्तार एवं वैज्ञानिक वन व्यवस्थापन गरी वन संरक्षण तथा वनश्रोतको दिगो उपयोगको व्यवस्था मिलाइनेछ। | • वन क्षेत्रका विभिन्न क्रियाकलापहरूबाट २६ लाख २६ हजार श्रमदिन रोजगारी सिर्जना भएको।<br>• ६ सय हेक्टर वन अतिक्रमण हटाई पुनर्स्थापना भएको।<br>• राष्ट्रिय तथा निजी वनबाट १ करोड २ लाख क्यू फिट काठ उत्पादन भएको।<br>• पुनर्निर्माणका लागि २९ हजार ४ सय ६२ क्यू फिट चिरान काठ आपूर्ति भएको। |
| ११८ | आगामी आर्थिक वर्षलाई "वृक्षारोपण वर्ष" घोषणा गरी काष्ठ, गैरकाष्ठ तथा फलफूलका बिरुवा रोपण कार्य अभियानकै रूपमा अघि बढाइनेछ। खाली वन क्षेत्र, नदी उकास क्षेत्र, सार्वजनिक जग्गाहरू तथा निजी वनमा फलफूल तथा जडिवुटीका बिरुवा रोप्ने कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ। फलफूलका बिरुवा उत्पादन गर्ने नर्सरीको स्थापना र विकास गर्न सरकारीका अतिरिक्त निजी र सहकारी क्षेत्रलाई समेत प्रोत्साहित गरिनेछ। | • आर्थिक वर्ष २०७६/७७ लाई वृक्षारोपण वर्ष घोषणा गरेको र २०७६ फाल्गुण मसान्तसम्म ७ लाख २९ हजार फलफूल तथा ९० लाख ७७ हजार काष्ठ तथा गैरकाष्ठजन्य गरी जम्मा ९८ लाख ६ हजार बिरुवा उत्पादन भएको। |
| ११९ | जडिबुटीलगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन तथा विस्तार गरिनेछ। जडिबुटीजन्य वनस्पतिहरुको भेराइटी विकास कार्यक्रममार्फत् उपयुक्त प्रविधि र प्रजातिहरूको पहिचान र विस्तार | • २८ स्थानमा २ सय ८० हेक्टरमा जडिबुटी खेतीका लागि स्थानीय उपभोक्तासँग सम्झौता भएको।<br>• ८ सय ८२ विभिन्न जडिबुटी प्रजातिका नमुनाहरूको परीक्षण, विश्लेषण, प्रमाणीकरण, गुण |

| | | |
|---|---|---|
| | गरिनेछ। जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र कम्पनीमा रूपान्तरण गरी सम्भाव्य प्रदेशहरूमा न्यूनतम् एक जडिबुटी प्रशोधन केन्द्र स्थापना गरिनेछ । | निर्धारण तथा सिफारिस गरी विदेश निकासीमा सहजीकरण गरिएको।<br>• राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीमा २४ हजार हर्वेरियम नमूनाहरू डिजिटाईजेशन कार्य सम्पन्न भएको ।<br>• जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा ३० टन सुगन्धित तेल उत्पादन भएको।<br>• जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडद्वारा ४८ लाख ७० थान हर्वल केयर उत्पादन भएको। |
| १२० | जैविक विविधता तथा वासस्थानको संरक्षण गरिनेछ। नयाँ वनस्पति उद्यानहरूको निर्माण गरिनेछ। पुराना उद्यानहरूको स्तरोन्नति गरिनेछ। नयाँ प्राणी उद्यानहरूको सम्भाव्यता अध्ययन गरिनेछ। सबै संरिक्षत क्षेत्र, मध्यवर्ती क्षेत्र, वनस्पति उद्यान, प्राणी उद्यानलाई प्रकृतिमा आधारित पर्यटन गन्तव्यका रूपमा विकास गरिनेछ। | • संरक्षित क्षेत्रभित्र ६ सय ४६.१२ हेक्टर घाँसे मैदान निर्माण तथा व्यवस्थापन भएको।<br>• वन्यजन्तुका लागि ४३ पानी पोखरी निर्माण तथा मर्मत भएको।<br>• ३ वटामा राष्ट्रिय निकुञ्जमा विद्युतीय प्रणालीमा आधारित पर्यटक सूचना केन्द्र निर्माण तथा व्यवस्थापन भएको।<br>• संरक्षित क्षेत्रमा पर्यापर्यटन प्रवर्द्धनका लागि ९ वटा मचान निर्माण, २० काठेपुल र १८ पर्यटक विश्रामस्थल निर्माण भएको।<br>• ५ राष्ट्रिय निकुञ्जमा होमस्टे प्रवर्द्धन गरिएको।<br>• ११ वनस्पति उद्यानहरूको स्तरोन्नति भएको। |
| १२१ | स्थानीय तहमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा वनमा आधारित उद्यमको विकास गरिनेछ। उच्च पहाडी जिल्लाका ग्रामीण क्षेत्रमा जडिबुटी सुकाउने प्रविधि र जडिबुटी भण्डारणका लागि सामुदायिक वन उपभोक्ता समूहका लघु उद्यमहरू स्थापना गरिनेछ । | • जडिबुटी प्रशोधन केन्द्र स्थापनाका लागि निर्देशिका स्वीकृत भएको।<br>• वनस्पति विभाग र जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड बीच जाजरकोटमा जडिबुटी प्रशोधन केन्द्र स्थापनाका लागि सम्झौता भएको। |
| १२२ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जङ्गल र आवासको मध्यवर्ती क्षेत्रमा सुरक्षाका लागि आवश्यक पूर्वाधार निर्माण तथा कृषि वन प्रवर्द्धन गरिनेछ। लोपोन्मुख तथा दुर्लभ | • वन्यजन्तु पालन तथा प्रजननको मापदण्ड तयार भएको।<br>• चितवन वर्दिया र पर्सा राष्ट्रिय निकञ्जमा ९ कि.मि. मेषजालीसहितको तारवार निर्माण भएको। |

| | | |
|---|---|---|
| | वन्यजन्तुहरूको प्रजाति संरक्षण कार्ययोजना तयार गरी गणना गरिनेछ। वन्यजन्तुको व्यावसायिक पालन तथा प्रजननका लागि राष्ट्रिय निकुन्ज विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोषबाट नमूना अभ्यासको थालनी गरिने। तालतलैयाहरूको संरक्षण र विकासको गुरुयोजना बनाई कार्यान्वयन गरिनेछ। | • चितवन राष्ट्रिय निकुञ्ज, कोशी वन्यजन्तु आरक्ष र बर्दिया राष्ट्रिय निकुञ्जमा वन्यजन्तु उद्धार केन्द्र निर्माण कार्य जारी रहेको।<br>• चितवन राष्ट्रिय निकुञ्जमा ३, बर्दिया राष्ट्रिय निकुञ्जमा २, कोशी वन्यजन्तु आरक्षमा १ र पर्सा राष्ट्रिय निकुञ्जमा १ गरी जम्मा ७ सीमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन भएको। |
| १२३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको संरचनागत परिवर्तन गर्दै पूर्वी, मध्य र पश्चिम क्षेत्रमा आयोजना कार्यालयमार्फत् कार्यक्रम अघि बढाइनेछ। चुरे र भावर क्षेत्रका गल्छी पहिरो नियन्त्रण तथा खोंचहरूमा जल पुनर्भरण गरिनेछ। कोशी, गण्डकी, कर्णाली र महाकाली जलाधारहरूको एकीकृत व्यवस्थापन रणनीति तयार गरी भू-संरक्षणका क्रियाकलापहरू सञ्चालन गरिनेछ। | • गल्छी/पहिरो नियन्त्रणका लागि २ सय संरचना निर्माण भएको।<br>• भूमिगत जल पुनर्भरण र सतहमुनिको पानी उपयोगका लागि ८६ पुनर्भरण पोखरी जस्ता संरचना निर्माण भएको।<br>• १८.१५ कि.मि. नदी तथा खोला किनारा स्थिरीकरण भएको।<br>• २५ हेक्टर क्षेत्रमा हरित पेटिका निर्माण भएको।<br>• १५ स्थानमा पर्यापर्यटन क्षेत्र प्रवर्द्धनका लागि उद्यान निर्माण, हरियाली प्रवर्द्धन, मन्दिर/ताल वरिपरि तटबन्धलगायतका संरचना निर्माण जस्ता कार्य भएको। |
| १२४ | प्रदूषण नियन्त्रण एवं नियन्त्रणका लागि सापेक्षरूपमा वातावरणीय मापदण्डहरू परिमार्जन तथा निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाईनेछ। राष्ट्रिय तथा स्थानीयस्तरमा जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ। | • २ सय १७ स्थानीय अनुकूलन/जलवायु उत्थानशील विकास योजना कार्यान्वयनमा रहेको।<br>• ९ सय ३७ हेक्टरमा जलाधार पुनरुत्थानअन्तर्गत प्रथम चरणमा ३ हजार ५ सय बिरुवा रोपण कार्य सम्पन्न भएको।<br>• १ स्थानीय अनुकूलन योजना खाका परिमार्जन भएको।<br>• संरक्षित क्षेत्रभित्रको पर्यटकीय क्षेत्रहरूमा २० पटक फोहोरमैला व्यवस्थापन भएको।<br>• ६९ स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको डिजिटाईजेसन भएको।<br>प्रदूषण नियन्त्रण एवं नियन्त्रणका लागि २८ आयोजनाहरूको अनुगमन गरी ६ आयोजनाहरूको वातावरणीय परीक्षण भएको। |

## ६. आर्थिक वर्ष २०७६/७७ को फाल्गुन मसान्तसम्ममा सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरुः

- ३२ आयोजनालाई कुल ४ सय ४८ हेक्टर वन क्षेत्र उपलब्ध गराइएको।
- जलविद्युत् उत्पादन, विद्युतीय प्रसारणलाईन निर्माण, विभिन्न सडक निर्माण आयोजना लगायतका ३४ आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गरिएको। विभिन्न ४३ त्यस्ता आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रयोजनार्थ तयार गरिएको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत गरिएको।
- २ लाख ८८ हजार १ सय ७५ जना विदेशी तथा २ लाख २२ हजार १ सय ३ स्वदेशी पर्यटकसहित जम्मा ५ लाख १० हजार २ सय ७८ जना पर्यटकले संरक्षित क्षेत्रहरूमा र वनस्पति उद्यान तथा सदर चिडियाखानामा विदेशीसहित ८ लाख २१ हजार जनाले भ्रमण गरेको।
- संरक्षित क्षेत्रको प्रवेश शुल्क, सरकारद्वारा व्यवस्थित वनको काठ दाउरा तथा जडिबुटी एवं अन्य गैरकाष्ठ वन पैदावार बिक्रीबाट प्राप्त राजस्व, जरिवानाबाट प्राप्त राजस्व र निजी तथा सामुदायिक वनबाट बिक्री भएका वन पैदावारबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर समेत गरी रू.१ अर्ब २६ करोड राजस्व सङ्कलन भएको।

## ७. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- राष्ट्रिय वन र निजी वनबाट १ करोड ९४ लाख क्यू. फिट. काठ तथा ४१ हजार ३ सय चट्टा दाउरा उत्पादन तथा सङ्कलन भएको।
- काठ, दाउरा, जडिबुटी र पर्यापर्यटनबाट रू.३ अर्ब ११ करोड राजस्व सङ्कलन भएको।
- करिब १ करोड २० लाख श्रमदिन रोजगारी सिर्जना भएको।
- २ हजार ४४ हेक्टर वन अतिक्रमण हटाई वनको पुनर्स्थापना गरिएको। कुल २ करोड ५ लाख बिरुवा उत्पादन/खरिद तथा वितरण गरी ४ हजार १ सय हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएको।
- ६४ वटा आयोजनाहरूलाई ५ सय ७७ हेक्टर गरी हालसम्म १७ हजार ३ सय ३१ हेक्टर कुल वन क्षेत्र उपलब्ध गराइएको।
- विभिन्न ४४ आयोजनाहरूको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) र ४ पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (SEIA) स्वीकृत गरिएको र वातावरण संरक्षण ऐन विपरित कार्य गर्ने ९ उद्योगहरूलाई कारबाही गरिएको।
- ४ लाख २९ हजार ३ सय ५ जना विदेशी पर्यटकसहित जम्मा ७ लाख ६ हजार १ सय ११ जना पर्यटकले संरक्षित क्षेत्रहरूमा तथा विदेशी पर्यटकसहित जम्मा १६ लाख जनाले वनस्पति उद्यान र सदर चिडियाखानामा भ्रमण गरेको।
- ३४ हजार ६ सय ८६ हेक्टर राष्ट्रिय वन १ सय ४९ सामुदायिक वन उपभोक्ता समूहहरूलाई हस्तान्तरण भएको तथा ३ हजार १ सय सामुदायमा आधारित व्यवस्थित वनहरूको कार्ययोजनाको नवीकरण भएको।
- एक साझेदारी वनको कार्ययोजना (भारताल) कार्ययोजना स्वीकृत भएको।

- मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि तराई संरक्षित क्षेत्र र झापाको जलथलमा ११० कि.मि. विद्युतीय तारवार निर्माण तथा ४५ कि.मि. मर्मत, ५ सय ८३ हेक्टर घाँसे मैदान व्यवस्थापन तथा ५ हजार ६७ घटनाहरूको लागि रू. ८ करोड ९० लाख राहत वितरण भएको।
- चुरे क्षेत्रको संरक्षणका राष्ट्रपति चुरे तराई मधेस संरक्षण कार्यक्रमअन्तर्गत ३७ जिल्लाका २९ मुख्य नदी प्रणालीमा १ सय ६५ गल्छी पहिरो र खहरे नियन्त्रण, २६ कि.मि. नदी खोला किनारा व्यवस्थापन, २२ हेक्टर क्षतिग्रस्त भूमिको पुनरुत्थान, ८० रेनवाटर हार्वेस्टिङ्ग ड्याम निर्माण र १४६ हेक्टर अति संवेदनशील क्षेत्र (Hot Spot) संरक्षण भएको।
- वन, वन्यजन्तु र वनस्पतिको चोरी शिकार नियन्त्रणका लागि १ सय ७० पटक चोरी शिकार नियन्त्रण स्विप अप्रेशन र २६ जिल्लाका ४८ पटक वन्यजन्तु अपराध नियन्त्रण ब्यूरो बैठक सम्पन्न भएको।
- दमक, धनकुटा र वीरेन्द्रनगरमा वायु गुणस्तर मापन केन्द्रहरू स्थापना गरी सञ्चालनमा रहेको।
- जलवायु अनुकूलनका प्रयासहरूमा ६ सय ६१ सुधारिएको चुल्हो, एक सौर्य ऊर्जाबाट खानेपानी तथा सिँचाइ र १ हजार ५ सय ४० घरायसी सौर्यऊर्जा जडान भई त्यसबाट कुल २ हजार २ सय ७२ घरधुरी प्रत्यक्षरूपमा लाभान्वित भएको र जसमा सौर्य ऊर्जाबाट ९१.४ किलोवाट बराबरको ऊर्जा उत्पादन भएको।
- राष्ट्रिय हार्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरीमा १२ हजार ५ सय ७७ हार्वेरियम नमूनाहरूको Digitization कार्य सम्पन्न भएको।
- जैविक सुरक्षा, व्यापारिक महत्त्वका जडिबुटी वनस्पतिको गुणस्तरको विश्लेषण, फाइटोसेनेटरी प्रमाणीकरणलगायत व्यापार तथा निर्यात सहजीकरणका लागि वनस्पति प्रयोगशालालाई अन्तर्राष्ट्रिय स्तरको ISO 17025/2005 मापदण्डअनुसार ९ पारामिटरमा सम्बन्धन (Accreditation) प्रमाणपत्र प्राप्त भएको।
- १ हजार ६ सय १८ वटा जडिबुटीजन्य नमूना र सारतत्वको विश्लेषण, प्रमाणीकरण तथा सिफारिस गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११३ | वन तथा वातावरण मन्त्रालय | ५२५८१० | १६८५४७ | ३२.०५ |
| ३२९०१२३ | वन तथा भू-संरक्षण विभाग | २८९६९२ | १८५२६० | ६३.९५ |
| ३२९०१४३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा | २०९६२१ | ४२०७१ | २०.०७ |
| ३२९०१५३ | वनस्पति विभाग | १८७७५० | १४५०४३ | ७७.२५ |
| ३२९०१७३ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण | २७५२०० | २५७७२७ | ९३.६५ |
| ३२९०१८३ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली | ३२०९४०० | ३०८०७५७ | ९५.९९ |
| ३२९०१९३ | हात्तिसारहरु | १३२६३५ | ११२८५६ | ८५.०९ |
| ३२९०२०३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ४११६० | ४०६६५ | ९८.८ |
| ३२९०२१३ | वातावरण विभाग | १५०००० | ९७५९८ | ६५.०७ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९१०१३ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | २१९०० | २००५४ | ९१.५७ |
| ३२९१०२३ | जडिबुटी विकास कार्यक्रम | २१००० | १९८२६ | ९४.४१ |
| ३२९१०४३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ९०२८ | ८७१४ | ९६.५२ |
| ३२९१०६३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन | ३९६०० | २२७३८ | ५७.४२ |
| ३२९११५३ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ८८५३६८ | ८०१६८८ | ९०.५५ |
| ३२९१२३३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन | ३३०७६० | १६११५१ | ४८.७२ |
| ३२९१२४३ | राष्ट्रपति चुरे - तराई मधेश संरक्षण | १५३२८९५ | १४१३८५० | ९२.२३ |
| ३२९१२७३ | वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग | ६७०० | ६४३५ | ९६.०५ |
| ३२९१५४३ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन | १८१३७० | १४९१८० | ८२.२५ |
| ३२९१५६३ | पहाडी साना किसानकालागि अनुकूलन | ८५५०० | ५१३१७ | ६०.०२ |
| ३२९१५८३ | नेपाल जलवायु परिवर्तन सहयोग | १५१८०० | ९४८४१ | ६२.४८ |
| ३२९८०४३ | जलाधार संरक्षण तथा व्यवस्थापन | २१२०० | १३७६० | ६४.९१ |
| ३२९८०६३ | वनस्पति संरक्षण तथा उद्यान विकास | २३४०० | २३०६३ | ९८.५६ |
| ३२९८०९३ | वनस्पति अध्ययन अनुसन्धान तथा | १३००० | १२७६६ | ९८.२ |
| | **जम्मा** | ८३४४७८९ | ६९२९९१० | ८३.०४ |

## पुँजीगत खर्च

(रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०११४ | वन तथा वातावरण मन्त्रालय | ९९०० | ६८३६ | ६९.०५ |
| ३२९०१२४ | वन तथा भू-संरक्षण विभाग | १२९६०० | १११८६४ | ८६.३१ |
| ३२९०१४४ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ३२०० | १५४७ | ४८.३४ |
| ३२९०१५४ | वनस्पति विभाग | ६६०० | ६४५८ | ९७.८६ |
| ३२९०१७४ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | ११४५०८ | ७२११९ | ६२.९८ |
| ३२९०१८४ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | ११२७०० | ११२६१९ | ९९.९३ |
| ३२९०१९४ | हात्तिसारहरु | १२०० | ११४४ | ९५.३४ |
| ३२९०२०४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | १००० | ९६९ | ९६.८७ |
| ३२९०२१४ | वातावरण विभाग | ४९९०० | ४४६१२ | ८९.४० |
| ३२९१०१४ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ६५०० | ६१५४ | ९४.६८ |
| ३२९१०२४ | जडिबुटी विकास कार्यक्रम | ७३१०० | ५७१५३ | ७८.१८ |
| ३२९१०४४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | १३०० | ८७१ | ६७.०२ |
| ३२९१०६४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २२२०० | १६३२९ | ७३.५५ |
| ३२९११५४ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ४०४१०० | ३६६९७६ | ९०.८१ |
| ३२९१२३४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ७१०० | ६७३८ | ९४.९० |
| ३२९१२४४ | राष्ट्रपति चुरे - तराई मधेश संरक्षण विकास समिति | १३३५४२ | १०९२५६ | ८१.८१ |
| ३२९१२७४ | वन्यजन्तु संरक्षणको लागि क्षेत्रीय सहयोग प्रवर्धन | ४५३०० | ३७८८४ | ८३.६३ |
| ३२९१५४४ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन | ७४५९३० | ६३९८०२ | ८५.७७ |
| ३२९१५६४ | पहाडी साना किसानकालागि अनुकूलन आयोजना | ७५३२०० | ६२२०८६ | ८२.५९ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९८०४४ | जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यक्रम | २०४०० | १६११८ | ७९.०१ |
| ३२९८०६४ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ३९४८२ | ३५४१३ | ८९.६९ |
| ३२९८०९४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण | ५५०० | ५२४२ | ९५.३१ |
| | जम्मा | २६८६२६२ | २२७८१८ | ८४.८१ |

## ९. आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११३ | वन तथा वातावरण मन्त्रालय | १८३६०० | १२४७०३ | ६७.९२ |
| ३२९००१०१३ | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम | ५३३३०० | ० | ० |
| ३२९००१०२३ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | ४६९१०० | २६९७० | ५.७५ |
| ३२९००१०३३ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ८०२०० | २८२५० | ३५.२२ |
| ३२९००१०४३ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | ११८६०० | ५१९०५ | ४३.७६ |
| ३२९०१०११३ | वन तथा भू-संरक्षण विभाग | ४२०७०० | ७६८७३ | १८.२७ |
| ३२९०१०१२३ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ४३१६०० | १०६२९ | २.४६ |
| ३२९०११०१३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | १८५७०० | ३५१८ | १.८९ |
| ३२९०११०२३ | जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यक्रम | १०००० | ९८६ | ९.८६ |
| ३२९०११०३३ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना | १९०००० | ७०९२४ | ३७.३३ |
| ३२९०११०४३ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | २४१०० | ७७५ | ३.२२ |
| ३२९०११०५३ | जोखिमयुक्त जलाधारमा जलवायु समानुकुलन कार्यक्रम | ५७८०० | १२१० | २.०९ |
| ३२९०२०११३ | वनस्पति विभाग | २२५८०० | १०२७४९ | ४५.५ |
| ३२९०२१०१३ | जडिबुटी विकास कार्यक्रम | ९३७०० | १४७५० | १५.७४ |
| ३२९०२१०२३ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | २६७०० | १३८६५ | ५१.९३ |
| ३२९०२१०३३ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | १९५०० | ७२२९ | ३७.०७ |
| ३२९०३०११३ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | ४११४२१ | १४१५९० | ३४.४१ |
| ३२९०३०१२३ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | ३२९०५९७ | २१९७४४६ | ६६.७८ |
| ३२९०३०१३३ | हात्तिसारहरु | १५०२०० | ८६६८५ | ५७.७१ |
| ३२९०३१०१३ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ९०५३०० | ५३८९३५ | ५९.५३ |
| ३२९०३१०२३ | सीमसार ब्यवस्थापन कार्यक्रम | १०००० | ११९३ | ११.९३ |
| ३२९०४०११३ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५०२०० | २५९९७ | ५१.७९ |
| ३२९०४१०१३ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | १५१५०० | ५३५२३ | ३५.३३ |
| ३२९०५०११३ | वातावरण विभाग | १८४५०३ | २७१७३ | १४.७३ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०६०११३ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | ९००० | ५४११ | ६०.१२ |
| | **जम्मा** | ८२३३१२१ | ३६१३२८९ | ४३.८९ |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२९०००११४ | वन तथा वातावरण मन्त्रालय | २९०८९ | ६०५६ | २०.८२ |
| ३२९००१०२४ | रेड फरेष्ट्री तथा जलवायु परिवर्तन कार्यक्रम | १४००० | ३१० | २.२२ |
| ३२९००१०३४ | पहाडी साना किसानका लागि अनुकूलन आयोजना | ९९८१०० | २०२६३४ | २०.३ |
| ३२९००१०४४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १६२१८६७ | ४८७९९७ | ३०.०९ |
| ३२९०१०११४ | वन तथा भू-संरक्षण विभाग | १७२०० | ५५ | ०.३२ |
| ३२९०१०१२४ | डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत) | ११४७०० | ४१३४ | ३.६ |
| ३२९०११०१४ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम | २५१६०० | ५९५१२ | २३.६५ |
| ३२९०११०२४ | जलाधार संरक्षण तथा ब्यवस्थापन कार्यक्रम | १३४५०० | २६१९६ | १९.४८ |
| ३२९०११०३४ | पर्वतीय जलाधारहरुको जलवायु परिवर्तन समानुकूलन आयोजना | ५३९३०० | ९४२०२ | १७.४७ |
| ३२९०११०४४ | प्रकृतिमा आधारित पर्यटन कार्यक्रम | ९१००० | ३४७७ | ३.८२ |
| ३२९०११०५४ | जोखिमयुक्त जलाधारमा जलवायु समानुकुलन कार्यक्रम | ११७७०० | ० | ० |
| ३२९०२०११४ | वनस्पति विभाग | १६०० | १४२० | ८८.७२ |
| ३२९०२१०१४ | जडिबुटी विकास कार्यक्रम | ८१५०० | ३३६१८ | ४१.२५ |
| ३२९०२१०२४ | वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना | ५०११२ | ८८७० | १७.७ |
| ३२९०२१०३४ | वनस्पति अध्ययन अनुसन्धान तथा बजारीकरण कार्यक्रम | १४५०० | २०९६ | १४.४६ |
| ३२९०३०११४ | राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग | २६७९०० | १६६१९ | ६.२ |
| ३२९०३०१२४ | राष्ट्रिय निकुन्ज सुरक्षा टोली (नेपाली सेना) | १०६५०० | ४०७९९ | ३८.३१ |
| ३२९०३०१३४ | हात्तिसारहरु | १०८०० | ३७०७ | ३४.३२ |
| ३२९०३१०१४ | राष्ट्रिय निकुन्ज तथा आरक्ष आयोजना | ७७४९०० | १३३०६५ | १७.१७ |
| ३२९०३१०२४ | सीमसार ब्यवस्थापन कार्यक्रम | ३०००० | २९९२ | ९.९७ |
| ३२९०४०११४ | वन अनुसन्धान तथा सर्वेक्षण विभाग | ५००० | १९८१ | ३९.६१ |
| ३२९०४१०१४ | बन अनुसन्धान तथा सर्भेक्षण आयोजना | ११००० | २२३६ | २०.३२ |
| ३२९०५०११४ | वातावरण विभाग | ३२३३११ | ३४०८८ | १०.५४ |
| ३२९०६०११४ | केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र | १५०० | ३६ | २.४१ |
| | **जम्मा** | ५६०७६७९ | ११६६१०० | २०.७९ |

◆ ◆ ◆

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालमा विक्रम सम्वत् २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि शिक्षा मन्त्रालयको स्थापना भएको हो। राष्ट्रको शिक्षासम्बन्धी सम्पूर्ण नीति निर्धारण, योजना निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी मुलुकभरिको शिक्षा क्षेत्रको व्यवस्थापन र सेवा प्रदान गर्ने यस मन्त्रालयको दायित्व र जिम्मेवारी रहेको छ। वि.सं. २०७४ चैत्र १ मा शिक्षा मन्त्रालय र विज्ञान तथा प्रविधि मन्त्रालय समेत गाभिएर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको गठन गरिएको हो।

## २. दीर्घकालीन सोचः

शिक्षा र विज्ञान तथा प्रविधिको विकासमार्फत देशको आर्थिक-सामाजिक रूपान्तरण।

## ३. उद्देश्यः

- बालशिक्षाको अनुभवसहित विद्यालय उमेरका सबै बालबालिकाहरूलाई निःशुल्क र अनिवार्य शिक्षामा पहुँच सुनिश्चित गरी विद्यालय शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने,
- गुणस्तरीय, नव प्रवर्तनात्मक र उद्यमशीलतामा आधारित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको अवसर सुनिश्चित गर्ने,
- उच्च शिक्षालाई वैज्ञानिक, प्रवर्तनात्मक, अनुसन्धानमुखी एवं प्रविधिमैत्री र रोजगारमूलक बनाउने,
- औपचारिक, अनौपचारिक र वैकल्पिक सिकाइमार्फत सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षा उपलब्ध गराउने,
- विज्ञान तथा प्रविधिमैत्री शिक्षाको माध्यमद्वारा पारमाणविक, अन्तरिक्ष, जैविकलगायतका प्रविधिको विकास, विस्तार र उपयोगमा विविधिकरण तथा क्षमताको अभिवृद्धि गर्ने,
- शिक्षा र विज्ञान तथा प्रविधिको क्षेत्रमा संघीय संरचनाअनुसार सरकारको सबै तह र निकायहरूमा सुशासन, जवाफदेहिता र पारदर्शिता कायम गर्ने।

## ४. रणनीतिः

- एक वर्ष अवधिको प्रारम्भिक बाल शिक्षा कार्यक्रमलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने,
- अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न सरकारका सबै तहलाई जवाफदेही बनाउने,
- मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनोपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक, प्रविधिमैत्री विद्यालयको वातावरण र दक्ष एवं समर्पित शिक्षकमार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने,
- श्रम बजारमा जान इच्छुक युवाका लागि स्थानीय तहमै गुणस्तरीय प्राविधिक शिक्षा तथा सीप विकासको पहुँच सुनिश्चित गर्न प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय तथा सीप विकास केन्द्र स्थापना गर्ने,

- सार्वजनिक, सहकारी र औद्योगिक तथा निजीक्षेत्रसँग सहकार्य गरी कार्यस्थलको सिकाइसहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) कार्यक्रमलाई विस्तार गर्ने,
- सिकाइका सबै विधि र मार्गहरू खुला गर्दै राष्ट्रिय योग्यता प्रणाली (National Qualifications System) को माध्यमबाट साधारण शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासको गतिशीलता (Mobility) र पारगम्यता (Permeability) को सिद्धान्तको आधारमा, शिक्षा, तालिम, सीप र सिकाइको योग्यता निर्धारण गर्ने,
- ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोजगार प्रवर्द्धन गर्न नवीनतम् खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्ने,
- ज्ञानको स्थानान्तरण र विकासका लागि उच्च शिक्षा प्रदायक विश्वविद्यालय तथा शिक्षण संस्थाहरूलाई प्रविधिमैत्री सिकाइ केन्द्रको रूपमा विकास गर्दै गुणस्तर सुनिश्चितता एवं प्रत्यायन प्रणाली (Quality Assurance and Accreditation System) लागु गर्ने,
- अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइमार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आबद्ध गरी जीवनपर्यन्त सिकाइलाई सुनिश्चित गर्ने,
- परम्परागत र स्थानीय प्रविधिको सम्वर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोज र अनुसन्धानबाट प्रतिपादित नवीनतम् प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने,
- विज्ञान तथा प्रविधिका क्षेत्रमा विकास भएका परमाणु, सूचना, अन्तरिक्ष, जैविक र नानोलगायतका प्रविधिहरूको उपयोगका लागि अनुसन्धान, क्षमता विकास तथा नियमनलाई प्रभावकारी बनाउने,
- संरचना तथा कानुनी आधार तयार गरी सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न शिक्षा र विज्ञान तथा प्रविधिसम्बन्धी सबै तह र निकायलाई तोकिएको कार्य सम्पादन र उपलब्धिप्रति जिम्मेवार बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्ः

- शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- केन्द्रीय विश्वविद्यालयसम्बन्धी नीति, कानुन र मापदण्ड,
- विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (Accreditation) समन्वय तथा नियमन,
- केन्द्रीय पुस्तकालयसम्बन्धी नीति, कानुन र व्यवस्थापन,
- मानव संसाधन, आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवं मानव स्रोत विकास योजना,
- विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड,

- विद्यालय शिक्षकको सेवा शर्त, योग्यता एवं समकक्षताको नीति र मापदण्ड,
- शिक्षक तालिमसम्बन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय,
- विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड निर्धारण, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण,
- कूटनीतिक नियोगको स्वीकृतिमा सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाहरूको स्वीकृति,
- विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति प्रत्यायन तथा नियमन,
- प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा नियमन,
- विश्वविद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्वविद्यालय र केन्द्रीयस्तरका शैक्षिक प्रतिष्ठान,
- छात्रवृति र विद्वत्वृत्तिसम्बन्धी नीति र मापदण्ड,
- शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृतिसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय प्राज्ञिक अनुसन्धान र शैक्षिक तथ्याङ्क व्यवस्थापन,
- शैक्षिक गुणस्तर मानक निर्धारण, मापन र नियमन,
- राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,
- विज्ञान प्रविधिसम्बन्धी नीति, कानुन र मापदण्ड,
- वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञानसम्बन्धी अध्ययन र अनुसन्धान,
- विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र विकास,
- विज्ञान प्रविधि विषयक तथ्याङ्क सङ्कलन, प्रवर्द्धन र सर्वेक्षणको मापदण्ड,
- पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर र उपयोगसम्बन्धी तथ्याङ्क प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,
- जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
- ओजोन अध्ययन, सौर्य विकिरण मापन तथा सूचना प्रवाह,
- वैज्ञानिक उपकरण क्यालिब्रेशन तथा प्रमाणीकरण,
- रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
- पारमाणविक पदार्थ, वेवारिसे स्रोतहरूको खोज तथा पुनर्लाभ र व्यवस्थापन,
- आणविक ऊर्जासम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटोरियम, वेदशाला र विज्ञान सङ्ग्रहालय,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूह बाहेक)।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २९ | साक्षर नेपाल घोषणा गर्न साक्षरता अभियानको साथै विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय पठाऔं भन्ने अभियानमार्फत आगामी आर्थिक वर्षसम्ममा ७० जिल्लालाई पूर्ण साक्षर बनाइनेछ। | • संखुवासभा र काभ्रेपलाञ्चोक जिल्लासहित ५३ जिल्ला साक्षर घोषणा भएको । |
| ३० | राष्ट्रपति शैक्षिक सुधार कोष स्थापना गरी सामुदायिक शिक्षामा गुणस्तर अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयको पूर्वाधार विकास र पुनर्संरचना, गुणस्तरीय पाठ्यपुस्तक, शिक्षक पर्याप्तता, अन्य शिक्षण सामग्रीको उपलब्धता, प्रयोगशाला र खेल मैदानको व्यवस्था एवं प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच अभिवृद्धिमा जोड दिइनेछ। | • राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत भएको। उक्त कार्यक्रम सञ्चालन गर्न सार्वजनिक विद्यालयका छात्राका लागि स्यानेटरी प्याडको व्यवस्था गर्न स्थानीय तहमा कार्यक्रम र बजेट हस्तान्तरण गरिएको। |
| ३१ | विक्रम सम्वत् २०७६ देखि २०८५ लाई सामुदायिक विद्यालय शैक्षिक गुणस्तर दशकको रूपमा अघि बढाइनेछ। सबै सामुदायिक विद्यालयको भौतिक पूर्वाधार सुधार गर्दै लैजान आगामी वर्ष ३ सय विद्यालय भवन निर्माण र कक्षा कोठा विस्तार गरिनेछ। दुर्गम तथा हिमाली क्षेत्रका विद्यालय र अपाङ्गता भएका बालबालिका अध्ययन गर्ने विद्यालयमा आवासीय सुविधाको प्रबन्ध गर्दै लागिनेछ। | • शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा कार्यदल गठन भएको र सो कार्यदलले मार्गचित्रसहितको कार्यढाँचाको मस्यौदा तयार गरेको। कार्यढाँचाअनुसार पहिलो वर्षका लागि तोकिएका शैक्षिक सुधारका कार्यक्रम सञ्चालनको कार्य थालनी भएको।<br>• सार्वजनिक विद्यालय सवलीकरण दशक (२०७६-८५) कार्यान्वयनका लागि अवधारणापत्र तयार भई योजना तर्जुमा गर्न सुझाव सङ्कलनार्थ तीनवटा प्रदेश तहमा अन्तर्क्रिया गरी योजना तर्जुमा भई यसलाई रूपान्तरणकारी आयोजनाको रूपमा राखिएको। |

| | | |
|---|---|---|
| ३२ | विपन्न र अपाङ्गता भएका नागरिकका बालबालिका, शहीदका छोराछोरी र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको अवसरमा वृद्धि गरिनेछ। नेपाल सरकारबाट प्रदान गरिने छात्रवृत्तिलाई एकीकृत गरी एक विद्यार्थीलाई एक प्रकारको छात्रवृत्ति मात्र उपलब्ध गराइनेछ। छात्रवृत्ति सुविधाबाट विद्यालय तहका १० लाख ७६ हजार दलित, १९ लाख ६५ हजार छात्रा र ६३ हजार अपाङ्गता भएका विद्यार्थी लाभान्वित हुनेछन्। | • छात्रवृत्तिको लागि कक्षा १ देखि ८ सम्मका विद्यार्थीका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको। ९ देखि १२ कक्षाका विद्यार्थी छनौटका लागि सूचना प्रकाशन भई छात्रवृत्तिका लागि आवेदन गर्ने विद्यार्थीहरूको विवरण सङ्कलन भएको। यसका लागि २ लाख ८५ हजार विद्यार्थीहरूले विपन्न लक्षित छात्रवृत्तिका लागि आवेदन गरेका। |
| ३४ | चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश अभियान सञ्चालन गरी प्राविधिक विषयमा स्नातकोत्तर तथा स्नातक युवालाई शिक्षक विद्यार्थी अनुपात धेरै भएका र गणित, अंग्रेजी र विज्ञान शिक्षक नपुग भएको विद्यालयमा स्वेच्छिक रूपमा शिक्षण स्वयंसेवकको रूपमा परिचालन गर्ने तथा उक्त विषयहरूमा नपुग शिक्षकको लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइएको। | • शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७६ स्वीकृत गरिएको। स्वीकृत कार्यविधिअनुसार स्वयंसेवक परिचालनका लागि इच्छुक स्नातक र स्नातकोत्तर युवाहरूबाट आवेदन आह्वान गरिएको र १३ हजार ४ सय ५३ जना उम्मेदवारको आवेदन प्राप्त भएकोमा स्थानीय तहगत कोटा निर्धारण गरी निजहरूलाई स्थानीय तहमा पठाउनका लागि सूची तयार भएको। COVID-19 को महामारीको अवस्थामा सुधार भएपछि कारवाही अगाडि बढाइने। |
| ३५ | पाठ्यपुस्तकको गुणस्तर सुधार तथा शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तहसम्मका लागि रङ्गीन पाठ्यपुस्तक उपलब्ध गराइनेछ। | • कक्षा ६ देखि ८ सम्मका प्रति कक्षा ७ विषयका दरले २१ विषयका रङ्गीन पाठ्यपुस्तक उपलब्ध गराउन छपाई कार्य सम्पन्न भएको। |
| ३६ | सबै स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय स्थापना गर्ने नीतिअनुरूप आगामी आर्थिक वर्षभित्र बाँकी रहेका २ सय १२ स्थानीय तहका सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्ययन शुरू गरिने। | • हालसम्म ६ सय ७ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम अवसरको पहुँच विस्तार भएको। सञ्चालनमा रहेका २२ आङ्गिक शिक्षालयमा डिप्लोमा तहका विभिन्न कार्यक्रम थप भएको। |

| | | |
|---|---|---|
| ३७ | सामुदायिक र निजी विद्यालय बीचको शैक्षिक स्तरमा विद्यमान फरक घटाउँदै लैजान र सार्वजनिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक विद्यालयहरूमा पूर्वाधारको विकास, नवीन प्रविधिको प्रयोग र शैक्षिक मापदण्डमा सुधार गरिनेछ। | • कक्षा १-३ को एकीकृत पाठ्यक्रम विकास भई कक्षा १ को एकीकृत पाठ्यक्रम शैक्षिक सत्र २०७७ देखि देशभरि लागु भएको।<br>• कक्षा १० का वातावरण विज्ञान, कम्प्युटर विज्ञान, शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य तथा शारीरिक, भूगोल, इतिहास र नागरिकशास्त्र गरी ८ विषयको पाठ्यपुस्तकका मुद्रणीय प्रति (पिआरसी) तयार गरिएको।<br>• १ हजार १२ विद्यालयमा विज्ञान प्रयोगशाला, १ हजार ६ ICT Lab, १ हजार १ मा पुस्तकालय, ४ हजार ६ सय ८६ नयाँ कक्षाकोठा निर्माण, २ सय २२ नमूना विद्यालय विकासका लागि आवश्यक रकम सशर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण गरी स्थानीय तहमा पठाइएको। |
| ३८ | विद्यालयमा विद्यार्थी टिकाइ राख्न र विद्यालय छाड्ने दरलाई कम गर्न ४३ जिल्लाका आधारभूत तहका थप ९ लाख ४७ हजार सहित जम्मा २२ लाख २९ हजार बालबालिकालाई दिवा खाजा उपलब्ध गराइनेछ। | • मानव विकास सूचकाङ्कमा पछाडि परेका ४३ जिल्लाका सार्वजनिक विद्यालयका ५ कक्षासम्मका विद्यार्थीलाई दिवा खाजा कार्यक्रम अभिभावक आमाको सक्रियतामा व्यवस्थापन हुने गरी स्थानीय तहमा सशर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण गरिएको। |
| ३९ | विद्यार्थीहरूमा राष्ट्रियता देश प्रेमको भावना र समाजप्रतिको दायित्व बोध गराउन विद्यालय पाठ्यक्रममा सुधार गरिनेछ। | • विद्यार्थीहरूमा राट्रियता देश प्रेमको भावना र समाजप्रतिको दायित्व बोध गराउन विद्यालय पाठ्यक्रममा समसामयिक सुधार गर्न राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन गरी स्वीकृत गरिएको। हाल ८० विषयमा पाठ्यक्रम समेत विकास गरिएको। |

| | | |
|---|---|---|
| ४० | प्राविधिक तथा व्यावसायिक शिक्षा परिषद् र व्यवसायिक शिक्षा तथा तालीम अभिवृद्धि योजनामार्फत आगामी आर्थिक वर्षमा ८३ हजार युवालाई विभिन्न सीपमूलक तालीम प्रदान गरिनेछ। | • प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत प्रदेश तहमा र व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजनाबाट छानिएका तालिम प्रदायक संस्थाबाट सीपमूलक तालिम सञ्चालन भइरहेको। ३१ हजार ७ सय ५० जनालाई छोटो अवधिको तालिम दिन RBST तह १ मा ८६, RBST तह २ मा ५३, OJT level 2 मा ९ र VBST मा ५८ वटा तालिम प्रदायक संस्था छनौट गरी तालिम सञ्चालन भइरहेको। ६ हजार जनाको सीप परीक्षण गर्न NSTB ले निवेदन माग गरेकोमा ३८ सीप परीक्षण केन्द्रबाट परीक्षण कार्य भइरहेको। |
| ४१ | नेपाललाई उच्च शिक्षाको गन्तब्य बनाइनेछ। विश्व विद्यालयहरूको स्थापना र सञ्चालनमा एकरूपता ल्याउन विश्वविद्यालय छाता ऐन ल्याइनेछ। विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगका रूपमा पुनः संरचना गरी उच्च शिक्षाको सुधार र विकासका लागि क्रियाशील बनाइने छ। विश्व विद्यालय अनुदान आयोगमार्फत दिने अनुदानमा उल्लेख्य बृद्धि गरिनेछ। विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय र मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय स्थापनाका गरिनेछ। | • उच्च शिक्षा विधेयक तर्जुमाको लागि मन्त्रिपरिषद्बाट सैद्धान्तिक सहमति प्राप्त भई विधेयकको मस्यौदा तर्जुमा भएको। योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भएको। |
| ४२ | उच्च शिक्षालाई व्यावसायिक र रोजगारमूलक बनाउन राष्ट्रिय प्राथमिकताका क्षेत्रमा नयाँ शैक्षिक कार्यक्रम तर्जुमा गरिनेछ। उच्च शिक्षामा प्रदान गरिने विद्यमान अनुदान ढाँचामा सुधार गरी नतिजामा आधारित बनाइनेछ। स्नातक र स्नाकोत्तर तहमा विज्ञान विषयमा पठनपाठन हुने क्याम्पसहरूका प्रयोगशालामा सुधार गरिनेछ। | • उच्च शिक्षालाई व्यावसायिक र रोजगारमूलक बनाउन राष्ट्रिय प्राथमिकताका क्षेत्रमा मात्र नयाँ शैक्षिक कार्यक्रम सञ्चालन गर्ने अभ्यास थालनी गरिएको। उच्च शिक्षामा प्रदान गरिने विद्यमान अनुदान ढाँचामा समसामयिक सुधार गरी नतिजामा आधारित बनाउन गुणस्तर प्रत्यायन प्रणाली विकास गरी कार्यान्वयन भइरहेको। |

| | | |
|---|---|---|
| ४३ | विज्ञान तथा प्रविधिको क्षेत्रमा विश्वस्तरको अध्ययन र अनुसन्धान विशिष्टीकृत विश्वविद्यालयको रूपमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना गर्ने प्रस्ताव गरिएको। | • मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा पेश भएको। मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण विकास समिति (गठन आदेश), २०७५ संशोधन भई प्रारम्भिक कार्य भइरहेको। |
| ४४ | पारमाणविक, रेडियोधर्मी र विकिरणको सुरक्षित तथा शान्तिपूर्ण प्रयोगका लागि पारमाणविक अनुसन्धान केन्द्र स्थापनाको कार्य अघि बढाइनेछ। अन्तरिक्षसम्बन्धी अध्ययन अनुसन्धानको लागि अन्तरिक्ष अनुसन्धान केन्द्र स्थापनाको कार्य अघि बढाइनेछ। | • राष्ट्रिय विज्ञान, प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ जारी भएको।<br>• पारमाणविक तथा रेडियोधर्मी पदार्थको शान्तिपूर्ण प्रयोगसम्बन्धी विधेयक संघीय संसदको शिक्षा तथा स्वास्थ्य समितिमा छलफलको क्रममा रहेको।<br>• २०७६ कार्तिक ४-६ सम्म अन्तर्राष्ट्रिय युवा वैज्ञानिक सम्मेलन सम्पन्न भएको।<br>• २०७६ कार्तिक २७ गते बुटवल, मंसिर १७ गते बर्दिबास र मंसिर २७ गते काठमाडौंमा Science Exhibition/Expo तथा STEAM Challenge आयोजना गरिएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### नीति नियम तथा कानुन निर्माण

- शैक्षिक संस्थाहरूलाई शिक्षासँगै कमाई कार्यक्रममा उत्प्रेरित गर्न "शिक्षासँगै कमाई कार्यक्रम कार्यविधि, २०७६" स्वीकृत भएको।
- राष्ट्रिय शिक्षा नीति, २०७६ स्वीकृत भएको।
- दिगो विकासको लक्ष्य नम्बर ४(SDG 4) कार्यान्वयन राष्ट्रिय कार्य ढाँचा (National Framework) तयार भएको।
- शिक्षक सेवा आयोग नियमावली, २०५७ को दशौं संशोधन गरिएको।

### संरचनात्मक

- बर्दिबास र बुटवलमा मेडिकल कलेजको गुरुयोजना विकास भई हाल विस्तृत परियोजना प्रतिवेदनसम्बन्धी कार्य भइरहेको।
- सुर्खेत मेडिकल कलेजको लागि सुर्खेतको वीरेन्द्रनगरमा रहेको ३ सय शैय्याको प्रदेश अस्पताललाई थप पूर्वाधार निर्माण गरी सञ्चालन गर्न प्रदेश मन्त्रिपरिषद्को सहमति प्राप्त भएको।

- नेपाल राष्ट्रिय पुस्तकालयको भवन निर्माणका लागि जग्गा प्राप्त भई गुरूयोजना स्वीकृत गरिएको। विस्तृत परियोजना प्रतिवेदन पनि तयारी भएको।
- भूकम्पबाट क्षति भएका ५ हजार ३ सय ८४ विद्यालय भवनको पुनर्निर्माण सम्पन्न, १ हजार ५ सय ७७ विद्यालय भवन निर्माणाधीन रहेको।
- १ हजार विद्यालयमा ICT Lab स्थापनाका लागि स्थानीय तहमा ससर्त अनुदान वित्तीय हस्तान्तरण भएको।

**शिक्षक व्यवस्थापन**

- सबै तहको शिक्षक दरबन्दी एकमुष्ट गणना गरी शिक्षा नियमावलीबमोजिम न्यूनतम दरबन्दी तोकी स्थानीय तहगत दरबन्दी मिलान गर्ने प्रकृया जारी रहेको।
- ११ हजार ५ सय ३० निम्न माध्यमिक र प्राथमिक तह शिक्षकहरूको स्थायी नियुक्तिका लागि सिफारिस गरिएको।
- अध्यापन अनुमतिपत्रको माध्यमिक र निम्न माध्यमिक तहको नतिजा प्रकाशन गरिएको।
- करारमा शिक्षक नियुक्त गर्ने प्रयोजनार्थ आयोगबाट तहगत र विषयगतरूपमा करार शिक्षकको सूची प्रकाशन गरिएको।

**पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामग्रीसम्बन्धी**

- आधारभूत तह कक्षा १–३ को पाठ्यक्रमसम्बन्धी केन्द्र र प्रदेशमा प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको।
- प्राविधिक शिक्षातर्फ योग, आयुर्वेद, प्राकृतिक चिकित्सा र जडिबुटी विषयको पाठ्यक्रम निर्माण गरिएको।
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार कक्षा ४ देखि ८ सम्मका गणित, विज्ञान तथा प्रविधि, सामाजिक अध्ययन तथा मानवमूल्य, स्वास्थ्य तथा शारीरिक शिक्षा, नेपाली र अंग्रेजी गरी ६ विषयका पाठ्यक्रम तयार भएको।

**प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी**

- हालसम्म ६ सय ४ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसर उपलब्ध गराइएको।
- अपाङ्गता भएका व्यक्ति, दलित, मुसलमान र विपन्न सीमान्तकृत समुदायलगायतका छात्रछात्रालाई प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले १ हजार २ सय ४४ जनालाई आवासीय सुविधासहितको विशेष छात्रवृत्ति निरन्तरता दिँदै थप ५ हजार २१ जनालाई जेहेन्दार तथा वर्गीकृत छात्रवृत्ति उपलब्ध गराइएको।
- औपचारिक तथा अनौपचारिक रूपमा सीप सिकेका ४९ हजार ६७ जनाको सीप प्रमाणीकरण तथा इभेण्ट परियोजनामार्फत ६ हजार युवाहरूको सीप प्रमाणीकरण भएको।
- प्रदेश तहमा नमूना बहुप्राविधिक शिक्षालयको स्तरउन्नतिका लागि थप भौतिक पूर्वाधार विकाससम्बन्धी कार्यहरू भइरहेको।

**उच्च तथा चिकित्सा शिक्षा**

- ४६ शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको।

- चिकित्सा शिक्षातर्फ ७५ प्रतिशत छात्रवृत्तिको व्यवस्था कार्यान्वयनमा ल्याइएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादित मुख्य-मुख्य कार्यहरूः

**नीति नियम तथा कानुन निर्माण**

- चिकित्सा शिक्षा सुधारको लागि राष्ट्रिय चिकित्सा ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको।
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा ल्याइएको।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा दर्ता भएको।
- उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०७५ सम्माननीय प्रधानमन्त्री समक्ष पेश भएको।
- हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५ कार्यान्वयनमा ल्याइएको।
- शिक्षक दरबन्दी पुनर्वितरण सुझाव कार्यदल, २०७५ को प्रतिवेदन प्राप्त भएको।
- मानव संसाधन प्रक्षेपण तथा मानव संशोधन विकास प्रतिवेदन प्राप्त भएको।

**साक्षरता तथा अनौपचारिक शिक्षा**

- उदयपुर, बैतडी, डडेलधुरा र मोरङसहित हालसम्म साक्षर घोषणा भएका जिल्लाहरूको सङ्ख्या ५१ पुगेको।

**सङ्गठन संरचना र जनशक्ति व्यवस्थापन**

- प्रशासनिक संरचनाहरूको पुनः संरचना गरी स्थानीय तह नगरपालिकामा उपसचिव रहने गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको।
- प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका २७ हजार ९ शिक्षकको आन्तरिक तथा खुला विज्ञापनमार्फत पदपूर्ति गरिएको।

**पाठ्यक्रम तथा पाठ्यपुस्तकसम्बन्धी**

- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७५ राष्ट्रिय पाठ्यक्रम विकास तथा १-३ को एकीकृत पाठ्यक्रम परीक्षणको क्रममा रहेको।
- कक्षा ११ र १२ को चार अनिवार्य विषयको पाठ्यक्रम विकास गरिएको।
- शिक्षण अध्यापन अनुमतिपत्रको लागि विषयगत अवधारणाअनुसार पाठ्यक्रम विकास भएको।
- विषयगत अध्यापन अनुमतिपत्रको लागि आधारभूत तह कक्षा १-५ को २ विषय, कक्षा ६-८ को ६ विषय तथा माध्यमिक तह कक्षा ९-१२ को १६ विषय गरी जम्मा २४ विषयको पाठ्यक्रम निर्माण तथा परिमार्जन गरिएको।
- वैशाखको दोस्रो हप्ताभित्र सार्वजनिक विद्यालयका ५६ लाख ३८ हजार २ सय ७० विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराइएको।

**प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी**

- प्राविधिक धारका विद्यालय र शिक्षालयका लागि आवश्यक पर्ने प्रशिक्षक उत्पादन गर्न उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरूसँग लागत साझेदारी कार्यक्रम सञ्चालन, यसबाट ३ सय २६ जना विद्यार्थीले स्नातक तहको प्राविधिक उच्च शिक्षा प्राप्त गर्ने अवसर पाएका।
- ५ सय ४१ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको अवसर उपलब्ध गराइएको।

- १४ बहुप्राविधिक शिक्षालयमा विभिन्न विषयमा कार्यक्रम सञ्चालन, १८ शिक्षालयमा डिप्लोमा र प्राविधिक एस.एल.सी. तहमा विभिन्न विषयमा कार्यक्रम थप गरिएको।

**सबैका लागि शिक्षा**

- १ सय २६ स्थानीय तहहरूले आधारभूत तह विद्यालय उमेर समूह (५-१२ वर्ष) का बालबालिकाहरू विद्यालय बाहिर नरहेको घोषणा गरिएको।
- ४२ जिल्लाका २२ लाख २९ हजार ३ सय २४ जना बालबालिकालाई दिवा खाजा उपलब्ध गराइएको।

**विद्यालय पुनर्निर्माण**

- ४ हजार ६ सय ४७ विद्यालयको भवन निर्माण सम्पन्न, १ हजार ६ सय १५ विद्यालय निर्माणाधीन अवस्थामा रहेको।
- चिनियाँ सहयोगमा नेपालको पहिलो विद्यालय दरबार हाइस्कूलको विद्यालय भवन निर्माण सम्पन्न भएको।
- लम्जुङ्ग र सिन्धुपाल्चोकका विद्यालय भवन निर्माण सम्पन्न, दोलखाको जिरीमा निर्माणाधीन अवस्थामा रहेको।

**उच्च तथा चिकित्सा शिक्षा**

- ३० शैक्षिक संस्थालाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिएको । खुला विश्वविद्यालयमार्फत सूचना र सञ्चार प्रविधि (ICT) लगायत १८ विषयहरूमा अध्ययन अध्यापन शुरूवात भएको।
- बर्दिबास, बुटवल र सुर्खेतमा मेडिकल कलेज पूर्वाधार विकास आयोजनाको कार्य अघि बढेको।
- एम.बि.बि.एस. १ सय ७० जनासहित कुल ३ सय २७ जना विद्यार्थीहरू प्राविधिक उच्च शिक्षामा छात्रवृत्तिमा अध्ययनरत रहेको।

**विज्ञान तथा प्रविधिसम्बन्धी**

- पारमाणविक विज्ञान तथा प्रविधिसम्बन्धी अनुसन्धान विकास र तालिमका लागि सम्पन्न क्षेत्रीय सहयोग सम्झौता, २०१७ (Regional Cooperative Agreement for Research Development and Training Related to Nuclear Science and Technology, 2017- RCA-2017) संघीय संसदबाट मिति २०७५/०७/१४ स्वीकृत भएको।
- पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, संघीय संसदमा पेश भएको।
- विज्ञान प्रविधि तथा नवप्रवर्तन नीतिको मस्यौदा तयार भएको।
- आयानिकरण गर्ने विकिरणसँग (Lonizing Radiation) सम्बन्धित मेडिकल उपकरणहरूको प्रयोगसम्बन्धी मापदण्डको मस्यौदा तयार भएको।
- नेपालको झन्डा अङ्कित NEPAST-1 नामको भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण भएको।
- वि.पि.कोइराला मेमोरियल प्लानेटेरियम तथा अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय सञ्चालनमा आएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण:

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५५८१३० | ३९६१२४ | ७०.९७ |
| ३५००१२३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | २०९६८९ | १२९०६३ | ६१.५५ |
| ३५००१३३ | क्षेत्रीय शिक्षा निर्देशनालयहरु | ७४२३ | ७४२१ | ९९.९८ |
| ३५००१४३ | शिक्षा विकास तथा समन्वय इकाई | ४१०३८६ | ३४५३४४ | ८४.१५ |
| ३५००१८३ | पाठ्यक्रम बिकास केन्द्र | ६४०८१ | ५२१७७ | ८१.४२ |
| ३५००१९३ | विश्वविद्यालय अनुदान आयोग | १३२९७७०० | १३२४७७०० | ९९.६२ |
| ३५००२०३ | शिक्षक सेवा आयोग | १९६७६० | १८४६७७ | ९३.८६ |
| ३५००२२३ | विद्यालय शिक्षक किताबखाना | २७४०१ | २५९९८ | ९४.८८ |
| ३५००२५३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २६३०० | २५७६६ | ९७.९७ |
| ३५००२६३ | शिक्षक सेवा निवृत्त सुविधा | १८१२०००० | १७३३१३६१ | ९५.६५ |
| ३५०१०८३ | राष्ट्रिय परीक्षा बोर्ड | २७११०० | २७११०० | १०० |
| ३५०१०९३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | १६८५१०० | ९८७३०० | ५८.५९ |
| ३५०११३३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ३९३०० | २४६५० | ६२.७२ |
| ३५०११५३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १४९०० | १४९०० | १०० |
| ३५०११८३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | २३००० | १२६९९ | ५५.२१ |
| ३५०१३५३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना-दोस्रो | १४०७३०० | ६७२४५९ | ४७.७८ |
| ३५०१३६३ | सीप विकास परियोजना | ५२०७२३ | ४०५१५२ | ७७.८१ |
| ३५०१३८३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | ५०२०० | १७८१४ | ३५.४९ |
| ३५०१३९३ | उच्च शिक्षा सुधार परियोजना | ११०८६०० | ११०८६०० | १०० |
| ३५०१४०३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १६२२३३७ | ७६४९८९ | ४७.१५ |
| ३५०१४३३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २००५०० | १५०७४१ | ७५.१८ |
| ३५०१४५३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १७००० | १४९९६ | ८८.२१ |
| ३५०१४६३ | चिकित्सा शिक्षा आयोग | ६८२५० | ११७१६ | १७.१७ |
| | **जम्मा** | **३९९४६१८०** | **३६२०२७४७** | **९०.६३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५००११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५९३२० | ५०८७५ | ८५.७६ |
| ३५००१२४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ५०० | १२६ | २५.१३ |
| ३५००१४४ | शिक्षा विकास तथा समन्वय इकाई | ८१२०० | ४४१७८ | ५४.४१ |
| ३५००२०४ | शिक्षक सेवा आयोग | २००० | १९३४ | ९६.६९ |
| ३५००२२४ | विद्यालय शिक्षक किताबखाना | ३९०० | ३७०५ | ९४.९९ |
| ३५००२५४ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ९८६६ | ९५७६ | ९७.०६ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०११३४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ७०० | ५९७ | ८५.२८ |
| ३५०१४०४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १५००० | ४९५ | ३.३० |
| ३५०१४३४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १२०७०० | ८४१५९ | ६९.७३ |
| ३५०१४६४ | चिकित्सा शिक्षा आयोग | ७१७५० | ५४३१८ | ७५.७० |
| | **जम्मा** | **३६४९३६** | **२४९९६२** | **६८.४९** |

## १०.आ.व.२०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००११३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ५९४१४७७ | २३६६०९ | ३.९८ |
| ३५०००१२३ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | २७११९ | १८४९६ | ६८.२ |
| ३५०००१०१३ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | ४९३९०० | २००००९ | ४०.५ |
| ३५०००१०२३ | सबैका लागि शिक्षा- शिशु विकास कार्यक्रम | १६४०० | ० | ० |
| ३५०००१०३३ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | १८२२३८८ | ४८१६१३ | २६.४३ |
| ३५०००१०४३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १५३५०० | १२९१४ | ८.४१ |
| ३५०००१०८३ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | ४४८९००० | ९९४२३ | २.२१ |
| ३५००१०११३ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ९७६५० | ४८१२७ | ४९.२९ |
| ३५००१०१३३ | शिक्षा विकास तथा समन्वय इकाई | ५४९५५० | २२१९८० | ४०.३९ |
| ३५००२०११३ | पाठ्यक्रम बिकास केन्द्र | ५५६०० | २८५१९ | ५१.२९ |
| ३५००३०११३ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | १७३०० | ९८३७ | ५६.८६ |
| ३५००४०११३ | विद्यालय शिक्षक किताबखाना | २५२०० | १५४०५ | ६१.१३ |
| ३५००४०१२३ | शिक्षक सेवा निवृत्त सुविधा | १९१२४२०० | १०८४११९० | ५६.६९ |
| ३५०२१०११३ | विश्वविद्यालय अनुदान आयोग | १६५३१०२८ | ९२१३३६४ | ५५.७३ |
| ३५०२१०१२३ | शिक्षक सेवा आयोग | १७४२०० | ९२६९० | ५३.२१ |
| ३५०२१०१३३ | यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १५२०० | ८०२४ | ५२.७९ |
| ३५०२१०१४३ | चिकित्सा शिक्षा आयोग | ८५०००० | १४९२१ | १.७६ |
| ३५०२११०१३ | उच्च शिक्षा सुधार परियोजना | २३००००० | ७८७४५० | ३४.२४ |
| ३५०३१०११३ | राष्ट्रिय परीक्षा बोर्ड | २७११०० | १८७८९१ | ६९.३१ |
| ३५०४१०११३ | प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) | २०२४२०० | ३४५८५८ | १७.०९ |
| ३५०६१०११३ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | २७८६०० | ९३१२७ | ३३.४३ |
| | **जम्मा** | **५५२५७६१२** | **२२९५७४४७** | **४१.५५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५०००० ११४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४८६०० | २७४१ | ५.६४ |
| ३५०००० १२४ | पुस्तकालयहरु-३ (डिल्लीरमण, केशर, राष्ट्रिय) | ५०४०० | ८८३७ | १७.५३ |
| ३५०००१०१४ | शिक्षाका लागि खाद्य कार्यक्रम(प्राथमिक विद्यालय पौष्टिक आहार) | १७०० | १२६ | ७.४१ |
| ३५०००१०३४ | व्यवसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना- दोस्रो | ७०० | ३२७ | ४६.७३ |
| ३५०००१०८४ | विद्यालय क्षेत्र विकास कार्यक्रम- केन्द्र स्तर | १३००० | २६८७ | २०.६७ |
| ३५००१०११४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | ५०० | ० | ० |
| ३५००१०१३४ | शिक्षा विकास तथा समन्वय इकाई | ६२१०० | १३७२५ | २२.१ |
| ३५००२०११४ | पाठ्यक्रम विकास केन्द्र | २०० | ० | ० |
| ३५००४०११४ | विद्यालय शिक्षक किताबखाना | ४०० | ३९८ | ९९.५४ |
| ३५०२१०११४ | विश्वविद्यालय अनुदान आयोग | २२४००० | ० | ० |
| ३५०२१०१२४ | शिक्षक सेवा आयोग | २३०० | ६६८ | २९.०५ |
| ३५०२१०१४४ | चिकित्सा शिक्षा आयोग | ५०००० | १३५ | ०.२७ |
| ३५०६१०११४ | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान | १४९८०० | ७२२३ | ४.८२ |
| | **जम्मा** | **६०३७००** | **३६८६७** | **६.११** |

♦ ♦ ♦

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## १. पृष्ठभूमिः

श्रम, रोजगार र सामाजिक सुरक्षाको क्षेत्रमा राष्ट्रिय नीति, योजना र कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गरी आन्तरिक श्रम व्यवस्थापनको माध्यमबाट सकारात्मक औद्योगिक श्रम सम्बन्धको स्थापना, आन्तरिक रोजगारीका अवसर विस्तार, आन्तरिक रोजगारी प्रवर्द्धन र सामाजिक सुरक्षाको प्रत्याभूति गर्नुका साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाई वैदेशिक रोजगारीबाट आर्जित सीप, ज्ञान, प्रविधि र पुँजीको उपयोगबाट राष्ट्रिय उत्पादन बढाउनका साथै आन्तरिक रोजगारी प्रवर्द्धन गर्न सघाउनु श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी रहेको छ।

मन्त्रालयको स्थापना हुनुअघि श्रमका मुद्दा हेर्न उद्योग मन्त्रालयअन्तर्गत वि.सं. २०२८ मा श्रम विभाग स्थापना भएको थियो। श्रम विभाग स्थापनाको दशकपछि वि.सं. २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भई यसै अन्तर्गत श्रम विभाग रहन गयो। वि.सं. २०५२ मा नेपाल सरकारको कार्य विभाजन नियमावली परिवर्तन भएपश्चात समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं. २०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समावेश भएपछि श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम भएको यस मन्त्रालय वि.सं. २०६९ मा मन्त्रालयको कार्यक्षेत्र पुनः हेरफेर भई श्रम तथा रोजगार मन्त्रालय बन्न पुग्यो। पछिल्लो पटक वि.सं. २०७४ चैत्र ३ गते मन्त्रालयको कार्यक्षेत्र पुनः विस्तार भएसँगै यो मन्त्रालय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा रूपान्तरित भएको छ।

## २. दीर्घकालीन सोचः

मर्यादित श्रम, उत्पादनशील रोजगारी र सबैका लागि सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने।

## ३. उद्देश्यः

- स्वदेशमा मर्यादित रोजगारका अवसरहरू सिर्जना गरी बेरोजगारीको समस्या न्यूनीकरण गर्ने,
- नेपालको संविधानले प्रत्याभूत गरेको रोजगारीको हकलाई कार्यान्वयन गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गर्ने,
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने,
- एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गरी आम नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षाको दायरामा समेट्ने,
- असल श्रम सम्बन्धको विकास गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,
- सबै प्रकारका श्रम शोषण र बालश्रमको अन्त्य गर्ने।

## ४. रणनीतिः

- राष्ट्रिय रोजगार नीतिको तर्जुमा, श्रमको हक एवं रोजगारीको हकसम्बन्धी कानुन निर्माण गर्ने,
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित, भरपर्दो र प्रतिफलयुक्त बनाउने,
- श्रमिकको हक अधिकारको संरक्षण तथा लगानी मैत्री वातावरणको सिर्जना गरी असल श्रम सम्बन्ध स्थापना गर्ने ,

- सीप तथा व्यावसायिक तालिमका अवसरहरूको विकास एवं विस्तार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी श्रमशक्तिको उत्पादन गर्ने,
- सबै स्थानबाट सबै किसिमको बालश्रम उन्मूलन गर्ने ,
- सामाजिक सुरक्षा कोषको प्रभावकारी परिचालन गर्ने ,
- महिलाको रोजगारीलाई सुरक्षित, भरपर्दो र व्यवस्थित गरी वैदेशिक रोजगारीमा जाँदा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- श्रम तथा रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन;
- वैदेशिक रोजगारसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- औद्योगिक विवाद समाधान,
- रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान,
- श्रम तथा व्यावसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम-सम्बन्धसम्बन्धी आयोग,
- रोजगारउन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति,
- ट्रेड युनियनसम्बन्धी एकीकृत कानुन र नियमन,
- बालश्रम निवारणसम्बन्धी नीति र कानुन,
- व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी नीति, कानुन र मापदण्ड,
- विदेशीहरूका लागि श्रम स्वीकृति,
- श्रम सहचारी,
- बेरोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट व्यक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| ६७ | चालु आर्थिक वर्षमा शुरू गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रहरूमा सूचीकृत बेरोजगारलाई सार्वजनिक विकास निर्माणमा परिचालन गर्ने व्यवस्था गरिनेछ। | • प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ तर्जुमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रोजगारी सिर्जना गर्न सीप तथा उद्यमशीलता विकास र बीउ पुँजीको व्यवस्था मिलाइएको छ। | गरिएको।<br>• बेरोजगार व्यक्तिको पहिचान तथा प्राथमिकीकरणको प्रक्रियालाई स्पष्ट पार्ने उद्देश्यले बेरोजगार सूची निर्धारण तथा प्राथमिकीरण मार्गदर्शन, २०७६ तर्जुमा गरी सबै स्थानीय तहमा पठाइएको।<br>• स्थानीय तहबाट रोजगार आयोजना माग गरिएकोमा ५ सय ६० स्थानीय तहबाट आयोजना प्राप्त भएको।<br>• १५ हजार जनालाई विभिन्न १५ विषयमा नवीन र सीपमूलक तालिम प्रदान गर्ने प्रकृयामा रहेको।<br>• निजी क्षेत्रसँगको साझेदारीमा कार्यस्थलमा आधारित सीपमूलक तालिम (Apprenticeship Training) सञ्चालन गर्न कार्यविधि स्वीकृत गरिएको।<br>• वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नको लागि छोटो अवधिको वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको।<br>• रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधासम्बन्धी मापदण्ड, २०७६ संशोधन गरी रोजगार संयोजक स्थानीय तहबाटै पदपूर्ति गर्न सक्ने व्यवस्था गरिएको।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगारीमा खटिने सबैको सामूहिक बिमा गरिएको। |
| ६८ | स्थानीय तहसँगको सहकार्यमा आफ्नो गाउँ आफैं बनाऔं को भावनाअनुरुप विकास निर्माण र रोजगारी सिर्जना गर्ने कार्यक्रमका लागि बजेट व्यवस्था गरिएको छ। नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा जाने समपूरक र विशेष अनुदानबाट हुने निर्माण कार्यमा समेत | • रोजगारीसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थित र अद्यावधिक राख्न सबै ७ सय ५३ स्थानीय तहमा रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रणाली सञ्चालनमा ल्याइएको।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रोजगार सेवा केन्द्रबाट सिफारिस भई आएका श्रमिकलाई उपयोग गर्नुपर्ने व्यवस्था मिलाइनेछ। | ९ औं संशोधनमा निर्माण व्यवसायीले निर्माण कार्यको लागि प्रचलित कानुनबमोजिम रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगार व्यक्तिलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने व्यवस्था गरिएको। |
| ७० | असल औद्योगिक सम्बन्ध विकास गरी देशभित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरू सिर्जना गरिनेछ। व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयनद्वारा प्रतिष्ठान स्थलमा श्रमिकको सुरक्षा र हित सुनिश्चित हुने व्यवस्था मिलाइनेछ। श्रमसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ । | • राष्ट्रिय व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति, २०७६ स्वीकृत भएको।<br>• International Labour Organization को व्यावसायजन्य स्वास्थ्य तथा सुरक्षासम्बन्धी महासन्धि १५५ (OHS Convention, 155) अनुमोदन गर्ने सम्बन्धमा सम्बद्ध मन्त्रालयको राय सुझाव लिइएको र अनुमोदन गर्ने सम्बन्धमा Gap Analysis गरिएको ।<br>• नेपालले अनुमोदन गरेका आई.एल.ओ. महासन्धिहरूमध्ये यस वर्ष (Equal Remuneration Convention, 1951 (C100) र Discrimination (Employment & Occupation), 195(C111) ४ वटा (Convention/ Recommend-ation) को कार्यान्वयन अवस्थासम्बन्धी प्रतिवेदन तयार गरी आइ.एल.ओ. को मुख्यालयमा पठाइएको । |
| ७१ | वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत रोजगारदाताबाटै ब्यहोर्ने गरी गन्तव्य मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिनेछ । | • नेपाल तथा मलेशिया र नेपाल तथा संयुक्त अरब ईमिरेट्सबीच संयुक्त कार्य समूहको बैठक सम्पन्न भई दुवै मुलुकसँग श्रमिकको लागत रोजगारदाताबाटै ब्यहोर्ने गरी श्रम समझदारीको कार्यान्वयन भएको।<br>• ओमानसँग श्रम समझदारी गर्न मन्त्रिपरिषद्बाट स्वीकृत भई उक्त समझदारीमा हस्ताक्षर गर्न ओमान सरकारका सम्बन्धित मन्त्रीलाई आमन्त्रण |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | गरिएको ।<br>• वैदेशिक रोजगार व्यवस्थापन सूचना प्रणाली (FEIMS) को राहदानी विभागसँग आबद्धता (Inter-Link) गरिएको र अध्यागमन विभागसँग आबद्धता हुने तयारीमा रहेको। त्यस्तै कुवेत, युएई, साउदी अरब, कतार, मलेसिया र रोमानिया स्थित नेपाली नियोगहरूसँग आबद्धता भई अन्य नेपाली नियोगहरूसँग समेत आबद्धता हुने क्रममा रहेको । |
| ८२ | चालु वर्षदेखि शुरु गरिएको योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूलाई फराकिलो बनाउँदै लगिनेछ। योगदानकर्तालाई सामाजिक सुरक्षा नम्बरसहितको परिचयपत्र उपलब्ध गराइनेछ। | • योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा हालसम्म १ लाख ५२ हजार ५८ योगदानकर्ता र १२ हजार २ सय ६९ प्रतिष्ठान सूचीकृत भई फागुन महिनामा १७ करोड ११ लाख योगदान रकम सङ्कलन। सामाजिक सुरक्षा कार्यक्रममा रोजगारदाता सूचीकृत भएको प्रमाणपत्र रोजगारदाता आफैंले प्रिन्ट गर्नसक्ने व्यवस्था मिलाईएको।<br>• Connect IPS भएका बैङ्क तथा वित्तीय संस्थामार्फत योगदान रकम सङ्कलन शुरू गरी हालसम्म रु.७६ करोड ३६ लाख योगदान रकम सङ्कलन भएको।<br>• सामाजिक सुरक्षा योजनाको जानकारीमूलक वृतचित्र तयार भई ६ वटा टेलिभिजनबाट प्रशारण भइरहेको। सामाजिक सुरक्षा कार्यक्रमसम्बन्धी २ वटा चेतनामूलक सूचना सामग्री (जिङ्गल) तयार भई १४ वटा रेडियो, एमएमबाट प्रशारण भइरहेको।<br>• सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सङ्घीय तहमा १२, प्रदेश स्तरमा ७, औद्योगिक क्षेत्रमा १२ र औद्योगिक |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | करिडोरमा ४ अन्तर्क्रिया सञ्चालन गरिएको।<br>• सामाजिक सुरक्षा योजनाअन्तर्गत हालसम्म ३ जनालाई अन्तिम संस्कार खर्च र ३ जनालाई आश्रित परिवारले पाउने निवृत्तिभरण सुविधा प्रदान गरिएको।<br>• कल सेन्टरमार्फत २० हजार जना श्रमिकलाई फोनमार्फत KYC अद्यावधिक गर्न अनुरोध गरिएको। |
| ८८. | सबै प्रकारका बालश्रमको अन्त्य गरिनेछ। | • बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) को कार्यान्वयन कार्ययोजनाअनुरूप बालश्रम मुक्त स्थानीय तह घोषणाको सूचकसहितको मापदण्ड तयार गरी राय सुझावका लागि सबै स्थानीय तह र प्रदेश सरकारमा लेखी पठाइएको।<br>• उद्योग/प्रतिष्ठानको निरीक्षणसम्बन्धी एकीकृत पुस्तिका स्वीकृत भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. आन्तरिक रोजगारी तथा सीप प्रवर्द्धन

- स्थानीय तहबाट कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्न नेपाल सरकारको स्रोतबाट विनियोजित रकममध्ये २ अर्ब रकम सूचीकृत बेरोजगारहरूलाई रोजगारी प्रदान गर्ने कार्यक्रम सञ्चालन गर्न ६ सय ४६ स्थानीय तहहरूलाई सशर्त अनुदान उपलब्ध गराइएको।

### ख. सामाजिक सुरक्षा

- रोजगारदाता र श्रमिकहरूलाई सामाजिक सुरक्षाको दायरामा ल्याउन रणनीतिक सञ्चारसहित औद्योगिक कोरिडोरहरूमा प्रवर्द्धनात्मक कार्यक्रमअन्तर्गत औद्योगिक कोरिडोर लक्षित अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

### ग. श्रम सम्बन्ध

- एकीकृत निरीक्षण ढाँचाको आधारमा बालश्रम, व्यावसायजन्य सुरक्षा एवं स्वास्थ्य, न्यूनतम पारिश्रमिक भुक्तानी लगायत श्रम ऐन नियमको परिपालना भए नभएको सम्बन्धमा १ हजार १ सय ३१ उद्योग/ प्रतिष्ठानहरूको अनुगमन तथा निरीक्षण गरिएको।

**घ. वैदेशिक रोजगार**

- वैदेशिक रोजगारीको सिलसिलामा अङ्गभङ्ग भएका र मृत्यु भएका व्यक्तिको हकवालाले स्थानीयस्तरबाटै सुविधा पाउने व्यवस्थाबमोजिम स्थानीय तहबाट सुविधा पाउने व्यवस्था मिलाउन स्थानीय तहमा पत्राचार गरिएको।
- वैदेशिक रोजगारसम्बन्धी सूचना तथा परामर्श सेवा प्रदान गर्न राष्ट्रिय आप्रवासी स्रोत केन्द्रमार्फत ३९ जिल्लामध्ये २६ जिल्लामा आप्रवासी स्रोत केन्द्र तथा ७ आप्रवासी स्रोत उपकेन्द्र स्थापना भएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न भएका महत्त्वपूर्ण कार्यहरूः

**क. आन्तरिक रोजगारी तथा सीप विकास**

- रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारको हकसम्बन्धी नियमावली, २०७५ प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तर्जुमा गरिएको।
- रोजगारी सिर्जना गर्ने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत गरी कार्यान्वयन गरिएको।
- स्थानीय श्रम बजारमा जनशक्तिको माग र आपूर्तिको अद्यावधिक अवस्थाको तथाङ्क Real time data देखाउन सक्ने गरी रोजगार सूचना व्यवस्थापन प्रणाली (Employment Management Information System) को विकास गरिएको।
- आ.व. २०७५।७६ मा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत स्थानीय सामुदायिक पूर्वाधार आयोजनामा १ लाख ८७ हजार बेरोजगार व्यक्तिलाई औषत १३ दिनको रोजगारी प्रदान गरिएको।

**ख. वैदेशिक रोजगारी**

- **वैदेशिक रोजगार ऐन, २०६४ मा संशोधन गरी देहायको सुधार**
  - वैदेशिक रोजगारमा गएर कामदारले क्षतिपूर्ति पाउनुपर्ने अवस्थामा कमी नहोस भन्ने उद्देश्यले वैदेशिक रोजगार व्यावसाय सञ्चालनको लागि इजाजतपत्र लिंदा राख्नु पर्ने धरौटी रकम वृद्धि गरेको।
  - वैदेशिक रोजगार व्यावसायको इजाजतपत्र प्राप्त संस्थाहरूको संख्यालाई व्यवस्थापकीय एवं नियमनयोग्य तुल्याउने उद्देश्यका साथ यस्ता संस्थाहरू कम्पनीहरू गाभिने ( Merger) व्यवस्था गरेको।
  - वैदेशिक रोजगार व्यवसायी कम्पनीहरूले नेपालभित्र आफ्नो प्रतिनिधि नियुक्त गर्न सक्ने (एजेन्ट) राख्ने प्रावधानलाई खारेज गरिएको।
  - वैदेशिक रोजगारको व्यक्तिगत ठगीका उजुरीहरूलाई उजुरीकर्ताको पायक पर्ने स्थानबाटै सम्बोधन गर्न सघाउ पुऱ्याउने उद्देश्यले प्रमुख जिल्ला अधिकारीहरूलाई उजुरी छानविन गर्ने अधिकार दिइएको।
- यस आ.व. मा रू. ८७९ अर्ब २७ करोड विप्रेषण आप्रवाह भएको छ। जुन कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २५.४ प्रतिशत कायम रहेको थियो।
- वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ निर्देशिका, २०७५ जारी भएको।

- वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको कानुनी प्रतिरक्षासम्बन्धी निर्देशिका, २०७५ जारी भएको।
- वैदेशिक रोजगार विभागको केन्द्रीय प्रणालीमा अध्यागमन विभाग, राहदानी विभाग, कन्सुलर सेवा विभाग, कूटनीतिक नियोगहरू, वैदेशिक रोजगार विभाग, बैङ्क र बिमा कम्पनीका सर्भरहरूलाई एक आपसमा आबद्ध गरी **एकीकृत वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS)को शुरुवात गरिएको।**
- सातवटै प्रदेशहरू बाट वैदेशिक रोजगारसम्बन्धी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको।
- नेपाली श्रमिकहरूको हक, हित, न्यूनतम तलब सुविधा, बिदा, बिमा, स्वास्थ्य उपचारलगायतका विषयमा केन्द्रित रहेर मलेसिया, मौरिसस, संयुक्त अरब इमिरेट्स र जापानसँग श्रम समझदारी सम्झौतापत्रमा हस्ताक्षर भएको।
- वैदेशिक रोजगार विभाग र कार्यालयहरूबाट प्रदान गरिने सेवा प्रवाहमा उजुरी र मिलापत्रको ढाँचा सरकारले नै उपलब्ध गराई उजुरी समेत लेखिदिने व्यवस्था मिलाई सेवाग्राहीहरूको कामलाई सहजीकरण गरिएको।
- नेपाली राजदूतावास क्वालालम्पुर, नेपाली महावाणिज्य दूतावास जेद्दा, नेपाली राजदूतावास दोहा, नेपाली राजदुतावास, आवुधावी र नेपाली राजदूतावास मस्कटमा त्यस देशमा कार्यरत नेपाली श्रमिकहरूका विविध सवालहरूमा सहजीकरण गर्नका लागि १ जना जनसम्पर्क सहायक १ स्थानीय कर्मचारीको रूपमा राखी कामकाज लगाइएको। त्यसैगरी जर्मनी र साउदी अरबको रियादमा पनि एकएक जना जनसम्पर्क सहायकको व्यवस्था थप गरिएको।
- वैदेशिक रोजगारीमा कामदार पठाउने मुलुकहरूको साझा मञ्चको रूपमा रहेको कोलम्बो प्रोसेसको उच्च सरकारी अधिकारीस्तरीय पाँचौ बैठक र मन्त्रीस्तरीय छैटौं परामर्श बैठक काठमाडौंमा सम्पन्न भएको।
- कोलोम्बो प्रोसेसका १२ सदस्य राष्ट्रका मन्त्रीहरू एवं उच्च सरकारी अधिकारीहरू उपस्थिति रहेको सो बैठकले श्रम आप्रवासनसम्बन्धी २७ बुँदे काठमाडौं घोषणापत्र जारी गरेको।
- कुबेत, ओमान, कतार, मलेशियालगायत नेपाली नियोगहरूबाट ५ हजार ७ सय ८२ नेपाली नागरिकहरूलाई उद्धार गरिएको।

**ग. श्रम सम्बन्ध**

- २०७५ श्रावण १ बाट लागु हुने गरी श्रमिकहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयनमा ल्याइएको। नयाँ न्यूनतम पारिश्रमिक यस अघि कायम रहेको न्यूनतम पारिश्रमिकको तुलनामा ३९ प्रतिशतले बढी रहेको। जसअनुसार चिया बगानमा काम गर्ने श्रमिकको लागि मासिक रू.१० हजार ७ सय ८१ तथा चिया बगान बाहेकका प्रतिष्ठानमा काम गर्ने श्रमिकहरूका लागि मासिक रु.१३ हजार ४ सय ५० न्यूनतम पारिश्रमिक कायम भएको।
- सरकारी, गैरसरकारी र निजी क्षेत्रका विभिन्न निकायहरूमा कार्यरत श्रमिकहरूले पाउने पारिश्रमिक र अन्य वित्तीय सुविधाहरू अनिवार्यरूपमा बैङ्क खातामार्फत भुक्तानी गर्नुपर्ने व्यवस्थाको कार्यान्वयन गरिएको।

- साङ्गठनिक पुनर्संरचना गरी प्रत्येक प्रदेशमा कम्तीमा एउटा कार्यालय रहने गरी मुलुकभर ११ श्रम तथा रोजगार कार्यालयहरू स्थापना गरी सञ्चालनमा रहेका छन्। साविकको श्रम विभागको कार्यक्षेत्रमा व्यावसायजन्य सुरक्षा र स्वास्थ्यको जिम्मेवारी समेत थप गरी विभागको नाम श्रम तथा व्यावसायजन्य सुरक्षा विभाग राखिएको।
- श्रम तथा व्यासायजन्य सुरक्षा विभागअन्तर्गत रहने गरी व्यावसायजन्य स्वास्थ्य सुरक्षा केन्द्र (Occupational Health and Safety (OHS) Centre) को स्थापना गरिएको। उक्त केन्द्रले कार्यस्थलमा कामदारहरूको सुरक्षा तथा स्वास्थ्यको संरक्षण र प्रवर्द्धन, व्यावसायजन्य दुर्घटना र रोगहरूको रोकथाम, नियन्त्रण र न्यूनीकरणसम्बन्धी कार्य गर्दै आएको।
- श्रमसम्बन्धी विषयमा नेपाल सरकारलाई परामर्श दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीको अध्यक्षतामा केन्द्रीय श्रम सल्लाहकार परिषद् गठन भएको। प्रदेशस्तरमा पनि प्रदेशस्तरीय श्रम सल्लाहकार परिषद् गठन गर्ने कानूनी व्यवस्था मिलाइएको।
- नेपाल दिगो विकास Alliance 8.7 सम्बन्धी लक्ष्यको कार्यान्वयनमा "The Global Partnership for Eradicating Forced Labour, Morden Slavery Human Trafficking and Child Labour around World को Path Finder Country को रुपमा आबद्ध भएको।
- श्रम ऐन, २०७४ को व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न श्रम नियमावली, २०७५ कार्यान्यनमा ल्याइएको।
- श्रमसम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न श्रम अडिट मापदण्ड, २०७५ कार्यान्वयनमा ल्याइएको।
- नेपालमा काम गर्ने विदेशी नागरिकहरूको श्रम इजाजत प्रणालीलाई सरल, सहज र व्यवस्थित गर्न मन्त्रालयबाट विदेशी नागरिकहरूको श्रम इजाजत व्यवस्थापनसम्बन्धी निर्देशिका, २०७५ कार्यान्वयनमा ल्याइएको।
- श्रम ऐन, २०७४ तथा नियमावली, २०७५ को प्रावधानबमोजिम नेपालमा पहिलो पटक श्रमिक आपूर्तिकर्तामार्फत श्रमिकलाई लगाउन सकिने कामको सूची निर्धारण गरी नेपाल राजपत्रमा प्रकाशित गरिएको।
- अन्तर्राष्ट्रिय श्रम सङ्गठनले पारित गरेका नेपाल पक्ष भएका विभिन्न ११ महासन्धिहरूमध्ये ६ महासन्धिहरू (Indigenous and Tribal Peoples Convention, 1989 (C169), Forced Labour Convention, 1930 (C29), Tripartite Consultation (International Labour Standards) Convention, 1976 (C144), Abolition of Forced Labour Convention, 1957 (C105), Minimum Age Convention, 1973 (C138) र Worst Form of Child Labour Convention, 1999 (C182) ) को कार्यान्वयन अवस्थाको प्रतिवेदन तयार गरी अन्तर्राष्ट्रिय श्रम संगठनको मुख्यालय, जेनेभामा पठाइएको।

**घ. सामाजिक सुरक्षा**

- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ का प्रावधानहरू कार्यान्वयन गर्न योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ कार्यान्वयनमा ल्याइएको।
- योगदानमा आधारित सामाजिक सुरक्षा योजनाअन्तर्गत रोजगारदाता र श्रमिकको सूचीकरणसम्बन्धी कार्यविधि, २०७५ जारी भएको।

- योगदानमा आधारित सामाजिक सुरक्षा योजना ११ मंसिर, २०७५ शुभारम्भ गरी कार्यान्वयनमा आए पश्चात् पहिलो चरणमा प्रतिष्ठानस्तरका श्रमिकहरूको सूचीकरण भई सामाजिक सुरक्षा कोषबाट औषधी उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा, दुर्घटना तथा अशक्तता सुरक्षा, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना अन्तर्गत सामाजिक सुरक्षा सुविधा प्राप्त गर्ने व्यवस्थाको सुनिश्चितता कायम गरिएको।
- सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७५ बमोजिम सामाजिक सुरक्षा कोषले सञ्चालन गर्ने योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा १२ हजार ९२ रोजगारदाता र १ लाख ४० हजार ९ सय ५१ श्रमिकहरू सूचीकृत भई रू. ४९ करोड २८ लाख ९८ हजार ६ सय ३९ योगदान जम्मा भएको।
- सामाजिक सुरक्षा सूचना प्रणाली (SOSYS) सफ्टवेयर तयार गरी सञ्चालनमा ल्याइएको ।

## ९. आर्थिक वर्ष २०७५।७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १८८२२५ | ६९२२१ | ३६.७८ |
| ३७१०१२३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १०३९३९ | ७८०७९ | ७५.१२ |
| ३७१०१७३ | वैदेशिक रोजगार विभाग | १२४२५८ | ९४५६९ | ७६.११ |
| ३७१०१८३ | वैदेशिक रोजगार न्यायाधिकरण | १३९१६ | ११७३० | ८४.२९ |
| ३७१०१९३ | वैदेशिक रोजगार प्रवर्धन बोर्ड | १०७०० | ९८१२ | ९१.७ |
| ३७११०४३ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | १०९५९५ | ३५९११ | ३२.७७ |
| ३७११०५३ | रोजगार प्रवर्द्धन कार्यक्रम | १४९१०० | १०७९७१ | ७२.४१ |
| ३७११०७३ | सामाजिक सुरक्षा कोष | ४२५७७ | ३६३५१ | ८५.३८ |
| ३७११०८३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ३०८४०४० | २२८२५१८ | ७४.०१ |
| | **जम्मा** | **३८२६३५०** | **२७२६१६३** | **७१.२५** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १८०५२० | २५४४३ | १४.०९ |
| ३७१०१२४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ४३३२२ | १५४२२ | ३५.६० |
| ३७१०१७४ | वैदेशिक रोजगार विभाग | ४७२० | ७५७८ | १६०.५४ |
| ३७१०१८४ | वैदेशिक रोजगार न्यायाधिकरण | २०० | २०० | ९९.७५ |
| ३७११०४४ | व्यावसायिक तथा सीप विकास तालिम केन्द्र | ५३०० | २७९३ | ५२.६९ |
| ३७११०५४ | रोजगार प्रवर्द्धन कार्यक्रम | ७५०० | १००० | १३.३३ |
| ३७११०७४ | सामाजिक सुरक्षा कोष | १००० | ९८४ | ९८.३७ |
| ३७११०८४ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ११६७५ | २२३७ | १९.१६ |
| | **जम्मा** | **२५४२३७** | **५५६५५** | **२१.८९** |

## १०.आर्थिक वर्ष २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २४२७३३ | ४४७९५ | १८.४५ |
| ३७१०००१२३ | वैदेशिक रोजगार न्यायाधिकरण | १२९०० | ७४३७ | ५७.६५ |
| ३७१००१०१३ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३३०९०० | ९१६६३ | २७.७ |
| ३७१००१०२३ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २६८३०३० | ५६७२ | ०.२१ |
| ३७१०१०११३ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | १६८०० | ६३३३ | ३७.७ |
| ३७१०१०१२३ | श्रम तथा रोजगार कार्यालयहरु | ९०७०० | ३९३२० | ४३.३५ |
| ३७१०११०२३ | व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ४९४०० | १६२६७ | ३२.९३ |
| ३७१०२०११३ | वैदेशिक रोजगार विभाग | १८८५०० | ६२८६९ | ३३.३५ |
| ३७१०३०११३ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | २१०००० | २१३०२ | १०.१४ |
| ३७१३१०११३ | वैदेशिक रोजगार बोर्ड | १५००० | ७४८८ | ४९.९२ |
| ३७१५१०११३ | सामाजिक सुरक्षा कोष | २४८९६७ | ३६४३२ | १४.६३ |
| | **जम्मा** | **४०८८९३०** | **३३९५७८** | **८.३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३७१०००११४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २८१०० | ९१६ | ३.२६ |
| ३७१०००१२४ | वैदेशिक रोजगार न्यायाधिकरण | ४८०० | १७०८ | ३५.५९ |
| ३७१००१०१४ | रोजगार प्रवर्द्धन कार्यक्रम | १५००० | ११७४५ | ७८.३ |
| ३७१०१०११४ | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | ८०० | २८८ | ३६ |
| ३७१०१०१२४ | श्रम तथा रोजगार कार्यालयहरु | ८४८२८ | १४९५९ | १७.६३ |
| ३७१०११०२४ | व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्र | ५०० | ३१४ | ६२.७७ |
| ३७१०२०११४ | वैदेशिक रोजगार विभाग | ८७०० | २८६६ | ३२.९५ |
| ३७१०३०११४ | व्यावसायिक तथा सीप विकास तालिम प्रतिष्ठान | २८९०० | ११११९ | ३.८७ |
| ३७१५१०११४ | सामाजिक सुरक्षा कोष | ५९३०० | ३३३० | ५.६२ |
| | **जम्मा** | **२३०९२८** | **३७२४५** | **१६.१३** |

♦ ♦ ♦

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## १. पृष्ठभूमि :

प्रकृति र संस्कृतिको धनी नेपाल आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रूपमा विश्व पर्यटन बजारमा परिचित रहेको छ। नेपालको पर्यटन क्षेत्रले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना, आर्थिक क्रियाकलाप अभिवृद्धि र समग्र आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउँदै आएको छ। देशमा रहेका सम्पूर्ण मूर्त र अमूर्त साँस्कृतिक सम्पदाहरूको संरक्षण र विकास गरी तिनको आर्थिक उपयोग गर्ने तथा पर्यटनलाई मुलुकको आर्थिक आधारको रूपमा ग्रामीण तहसम्म विकास र विस्तार गरी यसको प्रतिफल जनजीवनको तल्लो तहसम्म पुऱ्याउन संस्कृति र पर्यटन क्षेत्रको विविधिकरण, विस्तार र प्रवर्द्धन गरिनु आवश्यक छ। पर्यटन क्षेत्रको विकास र विस्तारसहित आन्तरिक र बाह्य हवाई यातायात विकास गरी थप सुरक्षित, स्तरीय र भरपर्दो बनाउन यो मन्त्रालय केन्द्रित रहेको छ।

## २. दीर्घकालीन सोचः

मुलुकको समृद्धिको एक अग्रणी सम्वाहक पर्यटन क्षेत्र रहने।

## ३. उद्देश्यः

- नेपाललाई गुणस्तरीय, पर्यापर्यटन अनुकूल र सुरक्षित बनाई आकर्षक तथा प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने,
- पर्यटकीय गन्तव्यस्थल तथा उपजमा विविधिकरण गरी पर्यटन र सँस्कृतिको विकास गर्ने,
- पर्यटकीय क्षेत्रबाट प्राप्त लाभ जनस्तरमा पुऱ्याउने।

## ४. रणनीतिः

- पर्यटनलाई सबै मौसममा चलायमान बनाउन प्रविधि तथा गतिविधिको विकास गर्ने,
- छिमेकी मुलुकहरू तथा प्रमुख पर्यटन बजारमा व्यापक प्रचारप्रसार र प्रवर्द्धन गरी गुणस्तरीय पर्यटक वृद्धि गर्ने,
- पर्यटकीय गतिविधिहरूलाई सुरक्षित, दिगो र गुणस्तरीय बनाउने,
- पर्यटनको सम्भावना बोकेका शिक्षा, स्वास्थ्य, खेलकूद जस्ता क्षेत्रहरू समेटेर एकीकृत पर्यटन विकासमा जोड दिने,
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणाअनुरूप पर्यटन पूर्वाधारहरूको विकास, बजारीकरण र प्रवर्द्धन गर्ने,
- तीनै तहका सरकार बीच समन्वय कायम गरी पर्यटकीय गन्तव्यस्थलको एकीकृत विकास तथा विस्तार गर्ने,
- पर्यटकीय उपजको मूल्य श्रृङ्खलामा आवद्ध गरी जनस्तरसम्म लाभ पुऱ्याउने।

## ५. कार्यक्षेत्र :

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदासम्बन्धी नीति, कानुन, मापदण्ड,
- पुरातात्विक महत्त्वका स्थान र प्राचीन स्मारकसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय संग्रहालय, अभिलेखालय,
- अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं साँस्कृतिक महत्त्वका स्थल एवं विश्व सम्पदामा सूचीकृत सम्पदासम्बन्धी नीति, कानुन, मापदण्ड, संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन्, पुनर्निर्माण र प्रचारप्रसार,
- प्राकृतिक, धार्मिक, साँस्कृतिक, पुरातात्विक, साहसिक पर्यटनसम्बन्धी नीति, मापदण्ड र नियमन,
- केन्द्रीयस्तरका प्रज्ञा प्रतिष्ठानसम्बन्धी नीति तथा कानुन,
- विदेशी मित्रराष्ट्रहरूसँग भएका सन्धि सम्झौताका राष्ट्रिय महत्त्वका दस्तावेज संरक्षण,
- पर्यटनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- क्यासिनोसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- पर्वतारोहण, ट्राभल, ट्रेकिङ्गसम्बन्धी नीति, कानुन र मापदण्ड र नियमन,
- पर्यटन शुल्क निर्धारणसम्बन्धी नीति, कानुन र मापदण्ड र नियमन,
- भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान,
- पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्,
- विभिन्न धर्म, जातजाति, सम्प्रदाय, भाषाभाषिकाको साहित्य, संगीत, लिपि, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकाससम्बन्धी नीति, कानुन र मापदण्ड,
- निकासी गरिने पुरातात्विक वस्तुहरूको जाँच र अनुमति,
- वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मत सम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन ,
- हवाई भाडा, विमानस्थल शुल्क, एयर नेभिगेशन सेवा शुल्क र नियमन,
- वायुसेवा सञ्चालन अनुमति, इजाजत र उडान अनुमति,
- नागरिक उड्डयनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ,
- नागरिक उड्डयन व्यवसाय तथा पेशाविद्हरूको अनुमति, स्तर निर्धारण र नियमन,
- हवाइ सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय सङ्गठनबाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शन र कार्यान्वयन ,
- एयरनेभिगेसन र एयर ट्राफिक सेवा,
- हवाईक्षेत्रको व्यवस्थापन,
- उड्डयन सेवाको लागि मौसमसम्बन्धी सूचना सेवा,
- उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग तथा समन्वय,
- अन्तर्राष्ट्रिय, क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन,

- वायुयान दुर्घटना जाँचसम्बन्धी,
- अल्ट्रालाइट, प्यारागलाइडिङ्ग, हयाङ्गग्लाइडिङ्ग जस्ता हवाई खेल/साहसिक उड्डयन/ मनोरञ्जनात्मक उड्डयन क्रियाकलापसम्बन्धी नीति र मापदण्ड,
- प्रतिलिपी अधिकारसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- मन्त्रालयसम्बन्धी अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल शिक्षा सेवा, आर्कियोलजी समूहको सञ्चालन,
- नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूहको सञ्चालन,
  (क) सिभिल इन्जिनियरिङ्ग समूहअन्तर्गत एअरपोर्ट उपसमूह
  (ख) एरोनटिकल इन्जिनियरिङ्ग समूह,
  (ग) सिभिल एभिएसन अपरेसन एण्ड इन्जिनियरिङ्ग समूह।

## ६. आर्थिक वर्ष २०७६।७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १३६ | उच्च आर्थिक वृद्धि, उत्पादक रोजगारी र आयको वितरणलाई तत्काल टेवा पुऱ्याउने प्रतिस्पर्धी क्षेत्रको रूपमा अथाह सम्भावना बोकेको पर्यटन क्षेत्रको विकासलाई जोड दिइनेछ। नेपाललाई आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यको रूपमा विश्व बजारमा स्थापित गर्ने गरी नेपाल भ्रमण वर्ष २०२० सञ्चालन गरिनेछ। यसका लागि पर्यटकीय स्थलहरूको प्रचारप्रसार, पहिचान भएका गन्तव्यहरूको पूर्वाधार निर्माणमा तीव्रता र थप नयाँ पर्यटकीय गन्तव्यस्थलको पहिचान, विकास तथा प्रवर्द्धन गरिनेछ। | • सन २०२० को पहिलो दिन भ्रमण वर्ष, २०२० को समुदघाटन सम्पन्न भएको।<br>• विश्वका मुख्य ६ भाषा (अंग्रेजी, चाइनिज, स्पेनिश, फ्रेन्च, जर्मनी र रशियन) मा वेवसाईट तयार गरी सञ्चालनमा ल्याइएको।<br>• जापानी भाषामा NTB Website सुरुवात भएको। नयाँ गन्तव्यहरू आकर्षण झल्कने गरी ७ भिडियोहरू निर्माण भएको। C-Trip को माध्यमबाट पर्यटन प्रवर्द्धन भइरहेको। भारत र चीनसहित प्रमुख १० श्रोत बजारहरूको पर्यटक आगमन प्रक्षेपण गरी आवश्यक प्रवर्द्धनका कार्यक्रमहरुको खाका तयार गरिएको। नमस्ते सेन्टर-ललितपुर महानगरपालिका पाटनमा र काठमाडौंको दरवारमार्गमा निर्माण सम्पन्न र हेटौंडामा स्थापना गर्न तयारी भइरहेको बाँकी स्थानहरूको लागि स्थलगत सर्वेक्षण भइरहेको। विश्वव्यापीरूपमा देखापरेको Covid-19 को |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | महामारीको कारण नेपाल भ्रमण वर्षका कार्यक्रम हाल स्थगित भएको।<br>• नमुना पर्यटकीय गन्तव्यअन्तर्गत सन्दकपुरको २५%, धनुषाधामको २५%, इन्द्रसरोवर २५%, पन्चासे ३०%, निग्लिहवा ३०%, रारा २५% र भादगाउँको २५% भौतिक प्रगति सम्पन्न भएको।<br>• घोषित नयाँ १ सय गन्तव्यहरू मध्ये ५५ को ड्राफ्ट प्रोफाइल तयार भएको। बाँकी ४५ को तथ्याङ्क सङ्कलन कार्य जारी रहेको। |
| १३७ | प्रमुख पर्यटकीय स्थानलाई माइस पर्यटन स्थलको रूपमा विकास गर्न स्तरीय सडक, ठूला सभाहल तथा सम्मेलन केन्द्र जस्ता पूर्वाधार विकासमा जोड दिइनेछ। नेपाल एकीकरणका सिलसिलामा प्रयोग भएका ऐतिहासिक गढी, किल्ला र बाटोहरू संरक्षण गरी आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गरिनेछ। | प्रमुख पर्यटकीय स्थानलाई माइस पर्यटन स्थलको रूपमा विकास गर्न लुम्बिनीमा ५ हजार जना अट्ने क्षमता भएको अन्तर्राष्ट्रिय सभाहलको निर्माण कार्य ८५ प्रतिशत सम्पन्न भएको। |
| १३८ | पर्वतीय पर्यटन, कृषि पर्यटन, ग्रामीण पर्यटन, जलयात्रा पर्यटन, पर्या-पर्यटन, धार्मिक-साँस्कृतिक पर्यटन, खेल पर्यटन तथा स्वास्थ्य पर्यटन जस्ता क्षेत्रलाई समेटेर एकीकृत पर्यटन विकास गरिनेछ। सुदूरपश्चिमको दार्चुलादेखि पूर्वको ताप्लेजुङ जोड्ने हिमालयन हरित पदमार्ग रेखाङ्कन गरी पूर्वाधार निर्माण शुरू गरिनेछ। साहसिक पर्यटनलाई विश्वको ध्यान आकृष्ट हुने गरी प्रचारप्रसार गरिनेछ। रारा क्षेत्रलाई राष्ट्रिय पर्यटन गन्तव्यको रुपमा विकास गरिनेछ। | • Great Himalayan Trail को रेखाङ्कन तथा पूर्वाधार निर्माण अन्तर्गत मकालु, कञ्चनजङ्घा, शे-फोक्सुण्डो तथा च्छो रोल्पा क्षेत्रमा निर्माण कार्य शुरू भएको। (विभिन्न क्षेत्रको १ सय २७ कि.मि. पदमार्गको DPR तयार भएको।)<br>• मकालु, जिरी, अन्नपूर्ण, धार्चे मनास्लु, क्षेत्रमा पदमार्ग निर्माणसम्बन्धी कार्य भईरहेको।<br>• खुम्बु क्षेत्रमा ७ कि.मि. पदमार्ग तथा RCC Foot Bridge निर्माण कार्य अन्तिम चरणमा रहेको। |
| १४० | आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै गुणस्तरीय र दिगो पर्यटन विकासमा जोड दिइने छ। | • नेपालको आन्तरिक पर्यटन प्रवर्द्धन गर्न नेपाली भाषामा निर्माण गरिएको भिडियो |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | हिमाली तथा पहाडी क्षेत्रमा पर्यटन प्रवर्द्धन, ढुवानी सेवा र यातायात साधनको रूपमा केवलकार प्रयोगलाई प्रोत्साहित गरिने। | नेपाल टेलिभिजनबाट प्रसारण भइरहेको। विभिन्न भाषामा ८ वटा भिडियो निर्माण गर्नुका साथै मिडियामार्फत गन्तव्यहरुको बारेमा जनचेतना अभिवृद्धिका कार्यक्रमहरु प्रसारण गरिएको। HAN, TAAN, NATTA तथा HOSAN ले आ-आफ्नो क्षेत्रमा छुटको घोषणा गरेको। निजी क्षेत्रको सहकार्य र समन्वयमा प्रचारप्रसार कार्य भइरहेको। |
| २१७ | आन्तरिक आबद्धता बढाउन, आवागमनलाई सहज गर्न तथा आन्तरिक र वाह्य पर्यटन क्षेत्रको विकास गर्न सुरक्षित, नियमित, विश्वसनीय र गुणस्तरीय हवाई पूर्वाधारलाई प्राथमिकता दिइएको। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई मौलिक परम्परा र संस्कृति झल्कने बुटिक अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा रूपान्तरण गरी चौबीसै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। | • त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल टर्मिनल भवन विस्तार कार्य ४५.३३ प्रतिशत सम्पन्न भएको। एप्रोन निर्माणको भौतिक कार्य ८५ प्रतिशत सम्पन्न भएको।<br>• बुटिक एयरपोर्टको रूपमा रूपान्तरण कार्यअन्तर्गत बगैंचा निर्माणको कार्य, बुद्धको मूर्ति राख्ने कार्य सम्पन्न भएको। |
| २१८ | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको पहिलो चरणको कार्य आगामी वर्ष सम्पन्न गरी अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिने। पोखरा विमानस्थल निर्माणको कार्यलाई अघि बढाउने र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको पूर्व तयारी कार्य अघि बढाइनेछ। | • गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना IT Building उत्तरतर्फ कार पार्किङ्ग यरियामा कालोपत्रे गर्ने काम सम्पन्न भएको। कार पार्किङ्ग स्ट्रिट लाईट केवलको Layout कार्य सम्पन्न भएको।<br>• पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना ५४ प्रतिशत कार्य सम्पन्न भएको। पहुँच मार्गको base राख्ने कार्य, Hanger भवनमा छाना छाउने कार्य सम्पन्न। टर्मिनल भवनमा Partition कार्य भइरहेको र रनवेमा Cable बिछ्याउने कार्य सम्पन्न भएको। |
| २१९ | आन्तरिक विमानस्थलहरूको निर्माण तथा स्तरोन्नति गरिनेछ। विराटनगर, जनकपुर, सिमरा, नेपालगञ्ज, दाङ, धनगढीलगायतका | • विराटनगर विमानस्थलमा एप्रोन तथा टेक्सी वे विस्तार गर्ने कार्य सम्पन्न भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विमानस्थलहरूको स्तरोन्नति गरी ठूला विमान अवतरण गर्न सक्ने बनाइनेछ। सुर्खेतमा नयाँ विमानस्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिनेछ। गोकुलेश्वर, कमलबजार, स्वर्गद्वारी र चुहानडाँडालगायतका स्थानहरूमा विमानस्थल निर्माणको कार्य अघि बढाइनेछ। रात्रि उडानको सुविधा नभएका विमानस्थलहरुमा रात्रिकालीन उडानको पूर्वाधार निर्माण गरिनेछ। | • भरतपुर र धनगढी विमानस्थलमा Asphalt Concrete Overlay गर्ने कार्य सम्पन्न भएको।<br>• आन्तरिक विमानस्थल तर्फ डोटी र पाटन, बैतडीको Black top भई स्तरोन्नति कार्य सम्पन्न भएको। विभिन्न ९ विमानस्थलहरूमा अग्नि निवारण सेवा थप भएको। |
| २२० | पर्यटक उद्‍गम हुने देशसँग थप हवाई सेवा सम्झौता गरिनेछ। नयाँ हवाई प्रवेश बिन्दूहरू र तदनुरूप नयाँ हवाई मार्ग प्रयोगका लागि छिमेकी राष्ट्रहरूसँग समझदारी एवं सम्झौता गरिनेछ। हवाई पूर्वाधारहरूको निर्माण, विकास तथा व्यवस्थापनमा सरकार र निजी क्षेत्रको साझेदारी र सहकार्यलाई प्रोत्साहन गरिनेछ। | • नेपाल र चीनबीच थप हवाईसेवा सञ्चालनसम्बन्धी समझदारी पत्रमा हस्ताक्षर भएको।<br>• युनाइटेड अरब इमिरेट्स (UAE) र अष्ट्रेलियासँग हवाइसेवा सम्झौता भएको र इण्डोनेसियासँग प्रस्ताव शेयर गर्न परराष्ट्र मन्त्रालयमार्फत प्रस्ताव पठाएको।<br>• दक्षिण कोरियासँग General Sales Agent कार्य सम्पन्न भई Flight Safety Audit कार्य भइरहेको।<br>• साउदी अरेबियासँग GSA तथा FSA कार्य भइरहेको।<br>• नेपाल वायुसेवा निगमले सन् २०२० को मार्च २ बाट जापानको नारिता उडान शुरू गरेको।<br>• चीनको Ganghou उडान मार्च १५, २०२० बाट शुरू हुने तय गरिएकोमा कोरोना भाईरस प्रकोपका कारण केही समयका लागि स्थगित गरिएको। |
| २२५ | मुलुकको विशिष्ट संस्कृतिको संरक्षणमा ध्यान दिँदै विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण र विकासमा विशेष जोड दिइनेछ। लोपोन्मुख भाषा, कला र संस्कृतिको संरक्षण गरिनेछ। साहित्यकार, कलाकार तथा सङ्गीतकारहरूको वृत्ति विकासमा ध्यान | • राष्ट्रिय साँस्कृतिक सङ्ग्राहालय निर्माणका लागि अवधारणापत्र तयारी भएको।<br>• भक्तपुरमा रात्रिकालीन सम्पदा यात्राको शुभारम्भ भएको।<br>• पाटन र कीर्तिपुरमा सम्पदा यात्रा शुभारम्भका लागि तयारी भइरहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | दिइनेछ। काठमाडौं उपत्यकाभित्रको मौलिक संस्कृति, परम्परा, सङ्गीतको अवलोकन गर्न रात्रिकालीन काठमाडौं उपत्यका सम्पदा यात्रा सञ्चालन गरिनेछ। कीर्तिपुरस्थित जातीय संग्रहालयलाई नेपालको परम्परा, भाषा, संस्कृति, रीतिरिवाज र रहनसहन झल्काउने गरी राष्ट्रिय साँस्कृतिक संग्रहालयलाई रूपमा विकास गर्न पूर्वाधार निर्माण कार्य गरिनेछ। | |
| २२६ | तिलौराकोट, लुम्बिनी, देवदह र रामग्राम क्षेत्रलाई समेटी बृहत् लुम्बिनी एकीकृत विकास गुरुयोजना तर्जुमा गरिनेछ। देवघाट, जनकपुरधाम, पाथिभरा, रुरु, विराटक्षेत्र, बराहक्षेत्र, खप्तडक्षेत्र, काँक्रेविहार, हलेसी र गौरीशङ्कर लगायतका धार्मिक स्थलहरूको विकासका लागि गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। आदिवासी जनजाति, अल्पसंख्यक तथा दलित समुदायको परम्परागत सीप र कलाको संरक्षण र सम्वर्द्धन गरिनेछ। | • लुम्बिनी क्षेत्रको बृहत् गुरुयोजनाको विस्तृत परियोजना प्रतिवेदन कार्य शुरु भइसकेको।<br>• रामग्रामको गुरुयोजना निर्माण कार्य सम्पन्न भएको।<br>• पशुपति क्षेत्रको गुरुयोजना तयार गरी सरोकारवाला निकायहरूमा राय तथा सुझावका लागि पठाइएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

<u>**पर्यटन प्रवर्द्धन**</u>

- नयाँ गन्तव्यहरूको आकर्षण झल्कने गरी ७ भिडियोहरू निर्माण भएको।
- BBC, CNN तथा अन्य सञ्चार माध्यममार्फ नेपालको पर्यटन प्रवर्द्धन कार्यका लागि आवश्यक कार्यविधिको मस्यौदा अन्तिम चरणमा रहेको।
- पर्यटन क्षेत्रमा उत्कृष्ट योगदान दिने व्यक्ति तथा संस्थालाई Excellence Award का लागि नामावली छनौटको चरणमा रहेको।

<u>**नागरिक उड्डयन तर्फ**</u>

- नेपाल नागरिक उड्डयन प्राधिकरण नियामक निकाय र कार्यसञ्चालन निकायका रूपमा विकास गर्ने गरी मस्यौदा तयार गरी संघीय संसदमा प्रस्तुत गरिएको।
- नेपाल र फिनल्याण्ड सरकार बीच हवाई सेवा सम्झौता गर्न मस्यौदा आदान प्रदान भएको।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल आयोजना IT Building उत्तरतर्फ कार पार्किङ्ग एरियामा कालोपत्रे गर्ने काम सम्पन्न भएको। कार पार्किङ्ग स्ट्रिट लाईट केवल Layout कार्य सम्पन्न IT Building देखि

प्रशासनिक भवन, सेक्युरिटी भवन, Domestic कार पार्किङ्गको उत्तरसम्म ह्युम पाईप Layout कार्य सम्पन्न भएको।

**संस्कृति तथा पुरातत्वतर्फ**

- नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०७/०५ को बैठकले मराकेश सन्धि, २०१३ लाई अनुमोदन गर्नका लागि संघीय संसदमा पेश गरिएको।
- सांस्कृतिक सम्पदाको विशेषता झल्कने गरी पाल्पाको रणउजेश्वरी भगवतीको वृत्तचित्र निर्माण सम्पन्न भएको।
- सार्क हस्तकला मेला SAARC Cultural Center, Colombo सँग सहकार्य गरी सम्पन्न।
- अमूर्त साँस्कृतिक सम्पदा दिवस २०१९ अक्टोबर १७ का दिन मनाइएको।
- तनहुँ जिल्लाको टुटेपानीमा गण्डकी प्रदेशका गुरुङ्ग जातिहरूको अमूर्त साँस्कृतिक सम्पदासम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न।
- Beijing Treaty, WPPT, Rome convention सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

**पर्यटन प्रवर्द्धन**

- नेपाल भ्रमण वर्ष, २०२० को प्रवर्द्धन गर्ने सम्बन्धमा विभिन्न ५ प्रवर्द्धन विशेष कार्यक्रम/मार्ट, १५ सेल्स मिसन तथा १५ भन्दा बढी देशहरूका ३८ अन्तर्राष्ट्रिय पर्यटन मेलाहरूमा सहभागिता जनाइएको।
- नेपालका Heritage sites, Nature र Adventure सम्बन्धी ७ भिडियोहरूको निर्माण गरी नेपाल पर्यटन बोर्डको वेवसाईट तथा सामाजिक सञ्जालमार्फत नेपालको प्रवर्द्धन गरिएको।
- पोखरा लेकसाइड क्षेत्रमा Street Numbering तथा Millennium Trail मा ४२ साइनेजहरू स्थापना गरिएको।
- अर्थतन्त्रमा पर्यटन क्षेत्रको वास्तविक योगदान एकीन गर्न विश्वसनीय सूचना स्रोतको रूपमा Tourism Satellite Accounting )TSA) तयार गर्न Stock Analysis गर्ने कार्य सम्पन्न भएको।
- लुम्बिनीमा १५ देशका प्रतिनिधिको सहभागितामा Buddhist International Travel Mart (BITM) सम्पन्न भएको।
- काठमाडौंमा विभिन्न मुलुकका प्रतिनिधिको सहभागितामा Himalayan Travel Mart (HTM) २०१९ सम्पन्न भएको।
- विश्व पर्यटन बजारमा औसत ७ प्रतिशतको पर्यटक आवागमन वृद्धि रहेकोमा नेपालमा आउने पर्यटक संख्यामा २४.७६ प्रतिशतले वृद्धि भई सन् २०१८ मा ११ लाख ७३ हजार पुगेको।

**पर्यटन पूर्वाधार**

- प्रत्येक जिल्लामा कम्तीमा एक वटा रहने गरी १०० वटा नयाँ पर्यटकीय गन्तव्य छनौट गरी सम्बन्धित स्थानीय तहसँग सहकार्य गरी पूर्वाधार विकास एवं प्रवर्द्धन कार्य सञ्चालन भएको।

- विकास गुरूयोजना )Tourism Development Area Master Plan) निर्माण गरी सो बमोजिमका कार्यक्रम कार्यान्वयनमा ल्याइएको।
- सातैवटा प्रदेशहरूको केही पर्यटकीय सम्पदाहरूको नक्साङ्कन गर्ने कार्य सम्पन्न भएको।
- प्रदेशगत रूपमा छनौट भएका नमूना पर्यटकीय गन्तव्यहरुको निर्माण कार्य करिब १५ प्रतिशत सम्पन्न भएको।
- पूर्वदेखि पश्चिमसम्म नेपालको हिमाली क्षेत्र समेट्ने The Great Himalayan Trail अन्तर्गत हेलम्बु-ठाडेपाटी-सेमिसिदाङ-लाङटाङ, जिरी-गैरिखर्क-लुक्ला, बुढानिलकण्ठ-नुवाकोट-गोसाइकुण्ड, फूलचोकी -पनौती-नमोबुद्ध, लोकेश्वर महादेव-पालुङटार-गोरखा गरी ५८ कि. मि. पदमार्ग निर्माण कार्य पूरा भएको।
- मुडे-शैलुङ दोलखा, मनास्लु क्षेत्र पदमार्ग, खुम्बु क्षेत्र पदमार्ग तथा अन्नपूर्ण क्षेत्र पदमार्गसहित कुल ३९ कि.मि. पदमार्ग पुनः निर्माण सम्पन्न भएको।

**नागरिक उड्डयन तर्फ**

- जनकपुर विमानस्थल Overlay कार्य सम्पन्न भएको, उक्त कार्यपश्चात Runway Strength बढ्न गएको र उडान अवतरण थप सुरक्षित भई नियमित उडान भइरहेको। उक्त विमानस्थलको Apron Expansion कार्यसम्पन्न भएको उक्त कार्यपश्चात ४ ATR-72 सरहको जहाज पार्किङ्ग गर्न मिल्ने भएको।
- जोमसोम विमानस्थलमा Slope Correction गरी Overlay कार्य सम्पन्न भएको, उक्त कार्यपश्चात Runway Strength बढ्न गएको र उडान अवतरण थप सुरक्षित भएको।
- पोखरा विमानस्थलमा Slurry Seal सम्पन्न भई नियमित उडान शुरु भएको तथा पेरिमिटर सडक कालोपत्रेको कार्य सम्पन्न भएको।
- नियमित सेवामा रहेका आन्तरिक वायुसेवा कम्पनीहरूको SMS Audit कार्य सम्पन्न भएको।
- State Safety Program (SSP) Implementation Plan Phase I (2019), Phase II (2019), Phase III (2021) तयार गरी कार्यान्वयनमा ल्याइएको।
- नेपालमा पहिलो पटक खोज तथा उद्धारसम्बन्धी पूर्णकालीन अभ्यास सम्पन्न भएको।
- लुक्ला, जुम्ला, सिमिकोट, रारा र डोल्पा विमानस्थलमा CC TV जडान कार्यसम्पन्न भएको।
- राजविराज विमानस्थलमा Precision Approach Path Indicator Lights (PAPI Light) जडान कार्यसम्पन्न भएको।
- जापान र थाईल्याण्डसँग मौजुदा हवाई सम्झौता पुनरावलोकन भई उडान संख्या गन्तव्य बिन्दु विस्तार भएको। यसबाट दुवै पक्षले थाइल्याण्डका विमानस्थलहरूमा प्रति हप्ता १० उडानबाट वृद्धि भई २८ उडान गर्ने प्रावधान राखिएको।
- जापानमा (हानेदा विमानस्थल बाहेक अन्य सबै विमानस्थल) प्रतिहप्ता २ उडानबाट वृद्धि भई प्रति हप्ता १४ उडान गर्न पाउने गरी दुइपक्षीय हवाई सम्झौता पुनरावलोकन भएको।
- दुईवटा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरू थाईल्याण्डको Thai Lion Air र ओमानको Salam Air बाट क्रमशः बैङ्कक–काठमाडौं–बैङ्कक र मस्कट–काठमाडौं–मस्कट उडान शुरु भएको।

- मन्ट्रियल महासन्धिमा नेपाल सम्मिलन भई १५ डिसेम्वर २०१८ बाट लागु भएको। यसले हवाई यात्रुको बिमा अन्तर्राष्ट्रिय मापदण्ड सरह लागु हुने गरी व्यवस्थापन गरेको।

<u>संस्कृति तथा पुरातत्व</u>

- सुर्खेतको काँक्रिविहार संरक्षणको कार्य ९५ प्रतिशत सम्पन्न भएको छ भने अन्य सम्पदाहरूको संरक्षण कार्य भइरहेको।
- रानीपोखरी र बालगोपालेश्वर मन्दिरलगायत सो क्षेत्रमा रहेका पुरातात्विक संरचनाहरूको पुनर्निर्माणसम्बन्धी सम्पूर्ण कार्य राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले गर्ने गरी कार्य अगाडि बढेको।
- युनेस्कोको मापदण्डअनुसारका विधागत क्षेत्रहरू समेटी लेप्चा र दरै जातिका अमूर्त साँस्कृतिक सम्पदाको Inventory तयार गरी सोलाई पुस्तकाकार रूप दिइएको।
- अतिलोपोन्मुख २१ भाषाको भाषिक प्रोफाइल तयार गरिएको।
- नेपाली कला संस्कृतिको संरक्षण सम्वर्द्धन तथा विकास र स्रष्टाहरूको सम्मान गरिएको।
- पुरातात्विक स्थलहरूमध्ये तनहुँसुर दरबार, पाँचखाल, चित्लाङ उत्खनन् भएको र हाडीगाउँ र मालीगाउँमा GPR (Ground Penetrating Rader) सम्पन्न भएको।
- नारायणहिटी दरबार सङ्ग्राहालय सञ्चालनमा आएको १० वर्ष पश्चात श्रीपेच् र सङ्ग्राहलय थप १० ऐतिहासिक कक्षहरू सर्वसाधारणको प्रदर्शनीका लागि खुला गरिएको।
- अवैधरूपमा नेपालबाट बाहिरी मुलुकमा पुऱ्याइएका मध्ये ४५ कलात्मक धार्मिक तथा ऐतिहासिक महत्त्वका मूर्तिहरू फिर्ता ल्याई ३६ मूर्तिहरूलाई प्रदर्शनीमा राखिएको।
- कास्कीको लेखनाथ संग्रहालय, स्याङ्गजाको गुरूङ संग्रहालय र सुनसरीको माझी संग्रहालय निर्माण सम्पन्न भएको।
- राष्ट्रिय अभिलेखालयमा सङ्कलित हस्तलिखित ग्रन्थहरूमध्ये २४ हजार ग्रन्थका १३ लाख इमेजको Cataloging, Tagging तथा सफ्टवेयरमा अपलोडमार्फत् Digital Archiving गरी सुरक्षित गर्ने कार्य सम्पन्न भएको।
- भूकम्पले क्षतिग्रस्त ११८ सम्पदा सांस्कृतिक एवं पुरातात्विक सम्पदाको पुनर्निर्माण सम्पन्न भएको।

स्वयम्भूनाथ क्षेत्रको अनन्तपुर र प्रतापपुर, किमडोल गुम्बा, आनन्दकुटी विहार, बौद्धनाथ स्तुपा, हनुमानढोकास्थित बंशगोपाल, तलेजु मन्दिर, गद्दी बैठक, पाटनको कृष्ण मन्दिर, मणीमण्डप हरिशंकर मन्दिर, चार नारायण मन्दिर, भक्तपुरको सिद्धलक्ष्मी मन्दिर, त्रिविक्रम नारायण, हरिहर नारायण, केदारनाथ, पशुपति क्षेत्रको गोरखनाथ पश्चिमतर्फको सत्तल, शङ्कराचार्य मन्दिर, किरातेश्वर सत्तल, मृगस्थलीक्षेत्रका १० वटा शिवालयहरू, नरसिंह मन्दिर, लाल गणेश मन्दिरलगायतका विश्वसम्पदा क्षेत्रका ९१ सम्पदाहरू पुनर्निर्माण सम्पन्न भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २२०३३२ | २०४९५७ | ९३.०२ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०१३३ | पुरातत्व विभाग विभाग | १०९२८० | ९५००९ | ८६.९४ |
| ३२५०१४३ | राष्ट्रिय अभिलेखालय | १९४०० | १५३८७ | ७९.३२ |
| ३२५०१५३ | राष्ट्रिय संग्रहालय (छाउनी) | २५९०० | २३०१६ | ८८.८६ |
| ३२५०२०३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ११६०० | ८४४२ | ७२.७७ |
| ३२५०२१३ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | १०५०० | ९८१५ | ९३.४८ |
| ३२५०२२३ | नारायणहिटी दरबार संग्रहालय | ८६८०० | ८६५०९ | ९९.६६ |
| ३२५०२४३ | पर्यटन विभाग | १४१३०४ | १११११०६ | ७८.६३ |
| ३२५०२५३ | भाषा आयोग | ५९६८६ | ५३९९० | ९०.४६ |
| ३२५१०२३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २३६०० | २३६०० | १०० |
| ३२५१०४३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ८२५९ | ३००८ | ३६.४२ |
| ३२५१०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ७८७०० | ६४०४१ | ८१.३७ |
| ३२५१०८३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ३९६२०० | १८११६ | ४.५७ |
| ३२५१११३ | पुरातात्विक संरक्षण | २८०० | २००१ | ७१.४७ |
| ३२५११२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | ११०० | ९१३ | ८३ |
| ३२५११३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ३६२९४० | ३३०५०७ | ९१.०६ |
| ३२५११५३ | पशुपति क्षेत्र विकास कोष | ३४८७०० | ३४८७०० | १०० |
| ३२५११६३ | लुम्बिनी विकास कोष | ८७७१०० | ८७७१०० | १०० |
| ३२५११७३ | सांस्कृतिक संस्थान | ८१०० | ८१०० | १०० |
| ३२५११८३ | नेपाल प्रज्ञा प्रतिष्ठान | १२१८६० | १२१८६० | १०० |
| ३२५११९३ | नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान | ४०८०० | ४०८०० | १०० |
| ३२५१२०३ | नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान | ६०१०० | ६०१०० | १०० |
| ३२५१२२३ | यातायात(हवाई) आयोजना तयारी सुविधा | ५०००० | ० | ० |
| ३२५१२३३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ५४३२२ | ५३५६४ | ९८.६ |
| | **जम्मा** | **३११९३८३** | **२५६०६४०** | **८२.०९** |

**पुँजीगत खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०११४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १८४०० | १५८५४ | ८६.१६ |
| ३२५०१३४ | पुरातत्व विभाग | १०४१३० | १०२८३३ | ९८.७५ |
| ३२५०१४४ | राष्ट्रिय अभिलेखालय | २९००० | २७५४६ | ९४.९९ |
| ३२५०१५४ | राष्ट्रिय संग्रहालय (छाउनी) | १३२०० | १०३९२ | ७८.७३ |
| ३२५०२०४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ३२०० | ३१४४ | ९८.२५ |
| ३२५०२१४ | नेपाल प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालय | ३०० | २९७ | ९९.०६ |
| ३२५०२२४ | नारायणहिटी दरबार संग्रहालय | १०२०० | ८९४५ | ८७.६९ |
| ३२५०२४४ | पर्यटन विभाग | ६२०० | ३८८६ | ६२.६८ |
| ३२५०२५४ | भाषा आयोग | १५०० | १३९३ | ९२.८६ |
| ३२५१०४४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ७०० | ० | ०.०० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५१०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | ७९४२०० | ५७३०३५ | ७२.१५ |
| ३२५१०८४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ९८०० | ७९२७ | ८०.८९ |
| ३२५१११४ | पुरातात्विक संरक्षण | २४७१०० | २०८६७२ | ८४.४५ |
| ३२५११२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५९०० | ७५९१ | ४७.७४ |
| ३२५११३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ५०० | ४९६ | ९९.१० |
| | जम्मा | १२५४३३० | ९७२०१२ | ७७.४९ |

## १०.आर्थिक वर्ष २०७६/७७ को विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २४७७९९ | १५४५८६ | ६२.३८ |
| ३२५००१०१३ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | १३८०० | ५६६१ | ४१.०२ |
| ३२५००१०२३ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | २५४६०० | ६१४ | ०.२४ |
| ३२५००१०३३ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४२१९०० | २७०३५० | ६४.०८ |
| ३२५०१०११३ | पर्यटन विभाग | १३८८०० | ८४२०३ | ६०.६७ |
| ३२५०११०६३ | पर्यटन पूर्वाधार विकास आयोजना | ११८९०० | ४८१५० | ४०.५ |
| ३२५०२०११३ | पुरातत्व विभाग | ३४००० | २८७८० | ८४.६५ |
| ३२५०२०१२३ | राष्ट्रिय संग्रहालय (छाउनी) | २८८०० | १६८९५ | ५८.६६ |
| ३२५०२०१३३ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | २६०० | ८७० | ३३.४५ |
| ३२५०२०१४३ | नारायणहिटी दरबार संग्रहालय | ८३४०० | ५१८५२ | ६२.१७ |
| ३२५०२०१५३ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | १२९०० | ७७४३ | ६०.०३ |
| ३२५०२०१६३ | क्षेत्रीय संग्रहालयहरु | ६३०० | २७५० | ४३.६५ |
| ३२५०२०१७३ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | २०६०० | ११९४२ | ५४.०९ |
| ३२५०२०१८३ | ऐतिहासिक दरबारहरु | ७३००० | ३६१११ | ४९.४७ |
| ३२५०२०१९३ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | ९८०० | ३८७० | ३९.४९ |
| ३२५०२१०१३ | पुरातात्विक स्थल संरक्षण आयोजना | ३४०० | ३०० | ८.८२ |
| ३२५०२१०२३ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १२०० | ० | ० |
| ३२५०३०११३ | राष्ट्रिय अभिलेखालय | २१७०० | ९६३५ | ४४.४ |
| ३२५०४०११३ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ११४०० | ४८६४ | ४२.६७ |
| ३२५२१०११३ | भाषा आयोग | ६१६५२ | ३०५३२ | ४९.५२ |
| ३२५४१०११३ | बृहतर जनकपुर क्षेत्र विकास परिषद् | ४२००० | २७८५० | ६६.३१ |
| ३२५५१०११३ | पशुपति क्षेत्र विकास कोष | ३५०००० | ८८००० | २५.१४ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५५१०१२३ | लुम्बिनी विकास कोष | १०००००० | ६०४६५० | ६०.४७ |
| ३२५६१०११३ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान | २६००० | १७६१० | ६७.७३ |
| ३२५८१०११३ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति | ५३४०० | ३७१९५ | ६९.६५ |
| | **जम्मा** | **३०३७९५१** | **१५४४२१३** | **५०.८३** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३२५०००११४ | सस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४००० | ८३८ | २०.९६ |
| ३२५००१०१४ | पर्वतीय पर्यटन तथा पर्यटन प्रवर्द्धन आयोजना | ५०० | ० | ० |
| ३२५००१०२४ | दक्षिण एशिया पर्यटन पुर्वाधार विकास आयोजना | ९८०० | २१३९ | २१.८३ |
| ३२५००१०३४ | संस्कृति प्रवर्द्धन कार्यक्रम | ४०० | ० | ० |
| ३२५०१०११४ | पर्यटन विभाग | ३११०० | ८५३ | २.७४ |
| ३२५०११०६४ | पर्यटन पूर्वाधार विकास आयोजना | १७७५८०० | २१८५७८ | १२.३१ |
| ३२५०२०११४ | पुरातत्व विभाग | ९९७०० | २०० | ०.२ |
| ३२५०२०१२४ | राष्ट्रिय संग्रहालय (छाउनी) | १२९०० | १६४४ | १२.७४ |
| ३२५०२०१३४ | केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला | ३४०० | ९९१ | २९.१६ |
| ३२५०२०१४४ | नारायणहिटी दरबार संग्रहालय | १०२०० | १०९० | १०.६९ |
| ३२५०२०१५४ | राष्ट्रिय कला संग्रहालय (भक्तपुर) | ३५०० | ६९९ | १९.९७ |
| ३२५०२०१६४ | क्षेत्रीय संग्रहालयहरु | ७२०० | ० | ० |
| ३२५०२०१७४ | संग्रहालयहरु (जातीय संग्रहालय समेत) | ४९०० | ७०९ | १४.४६ |
| ३२५०२०१८४ | ऐतिहासिक दरबारहरु | ४८०० | ४५९ | ९.५७ |
| ३२५०२०१९४ | स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय (भक्तपुर) | १३०० | ० | ० |
| ३२५०२१०१४ | पुरातात्विक स्थल संरक्षण आयोजना | ३१६४०० | ८७९०८ | २७.७८ |
| ३२५०२१०२४ | विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना | १५९०० | ९५६ | ६.०२ |
| ३२५०३०११४ | राष्ट्रिय अभिलेखालय | २९००० | १५८६ | ५.४७ |
| ३२५०४०११४ | नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय | ६०० | ५३० | ८८.३५ |
| ३२५२१०११४ | भाषा आयोग | ६३५० | ५३२५ | ८३.८६ |
| | **जम्मा** | **२३३७७५०** | **३२४५०५** | **१३.८८** |

♦ ♦ ♦

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## १. पृष्ठभूमिः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय संघीय शासन प्रणाली व्यवस्थापन, संघीय निजामती सेवा तथा कर्मचारीहरूको व्यवस्थापन, स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने निकाय हो। नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग संविधान र कानुनको अधीनमा रही तीनै तहको सरकारले गर्ने व्यवस्था गरेको छ। राज्यको पुनर्संरचनासँगै साविकका सबै स्थानीय निकायहरू कानुनबमोजिम पुनर्संरचना भई ७७ जिल्ला समन्वय समिति, ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिकाबाट सेवा प्रवाह तथा विकास निर्माणका काम भइरहेका छन्।

## २. दीर्घकालीन सोचः

संघीय शासन प्रणालीमा आधारित सहभागितामूलक, समावेशी, उत्तरदायी स्थानीय शासनमार्फत जनताको जीवनस्तरमा सुधार।

## ३. उद्देश्यः

संघीय शासन प्रणालीको संस्थागत सुदृढीकरण गरी स्थानीय शासन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउने।

## ४. रणनीतिः

- स्थानीय तहमा स्वशासन तथा सहभागितामूलक पद्धतिका माध्यमद्वारा जनतालाई आधारभूत सेवा सुविधा उपलब्ध गराउने,
- संस्थागत सुदृढीकरणको माध्यमद्वारा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाई सार्वजनिक सेवा प्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउने,
- संघीयसंरचना, समावेशी लोकतन्त्र र निक्षेपणको अवधारणाअनुरूप स्थानीय सरकारको केन्द्र तथा प्रादेशिक सरकारसँगको अन्तरसम्बन्धलाई सुदृढ बनाउने,
- स्थानीय तहको सङ्गठनात्मक सुदृढीकरण र क्षमता विकास गरी जनताका माग र आवश्यकतालाई न्यायोचित प्राथमिकीकरणका आधारमा सम्बोधन गर्न स्थानीय सरकारलाई संस्थागत गर्ने,
- दिगो आर्थिक-सामाजिक विकास र वातावरण अनुकूल तथा गुणस्तरीय स्थानीय पूर्वाधार विकास तथा सेवा प्रवाहमार्फत रोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरण गर्ने,
- लैङ्गिक, समतामुखी र समावेशी विकासको अवधारणा अवलम्बन गर्दै उपेक्षित र उत्पीडित वर्ग, क्षेत्र र समुदायको आर्थिक, सामाजिक एवं सांस्कृतिक अधिकार र अवसर तथा सामाजिक सुरक्षामा न्यायोचित पहुँच सुनिश्चित गर्ने,
- स्थानीय सुशासन र सेवाप्रवाहमा स्थानीय समुदाय, नागरिक समाज, एवं गैरसरकारी तथा निजी क्षेत्रलाई जिम्मेवार बनाउने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- संघ र स्थानीय तथा प्रदेश र स्थानीय तहबीचको सम्पर्क र समन्वय,
- स्थानीय तहको संख्या, सिमाना, वडा र केन्द्र निर्धारणसम्बन्धी नीति, मापदण्ड, कार्यान्वयन र सहजीकरण,
- विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचनासम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारू आयोग र मुस्लिम आयोग,
- स्थानीय पूर्वाधार विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, प्रविधि विकास र अनुसन्धान,
- रज्जुमार्ग (केवलकार) सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्य
- पञ्जीकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखीकरण,
- फोहरमैला व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, समन्वय र सहजीकरण,
- स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमणसम्बन्धी नीति, कानुन, मापदण्ड,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका निवृत्तिभरण लगायत अवकाशजन्य सुविधासम्बन्धी नीति, मापदण्ड र व्यवस्थापन,
- संघीय कर्मचारी निकायसम्बन्धी कार्य,
- सार्वजनिक सेवा प्रवाहसम्बन्धी नीति, कानुन र मापदण्ड,
- संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी नीति, कार्यान्वयन र समन्वय,
- प्रशासनिक सुधारसम्बन्धी नीति, योजना, समायोजन र समन्वय,
- संघीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
- संघीय निजामती सेवा र अन्य सरकारी सेवाहरूको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन,
- कर्मचारी कल्याणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरबन्दी सिर्जनासम्बन्धी नीति र मापदण्ड,
- बढुवा समितिको सचिवालय,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीको सेवा, सर्त र सुविधा,
- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधासम्बन्धी नीति र मापदण्ड,
- संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका तालिमसम्बन्धी नीति, कानुन, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास,
- सार्वजनिक पदाधिकारीहरूको क्षमता विकाससम्बन्धी नीति र मापदण्ड,
- प्रशासकीय अभिलेख तथा तथ्याङ्क,

- निजामती अस्पताल र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्बद्ध संघ-संस्था,
- मन्त्रालयको विषयक्षेत्रसँग सम्बन्धित सेवा।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २१२ | संघीयताको प्रभावकारी कार्यान्वयन, सेवा प्रवाहमा प्रभाकारिता तथा प्रदेश र स्थानीय तहको अन्तर आबद्धता सुदृढ गर्न चार वर्षभित्र सम्पूर्ण स्थानीय तहका केन्द्रलाई कालोपत्रे सडकद्वारा प्रदेश राजधानीसँग जोडिनेछ। संघ, प्रदेश र स्थानीय तहको सहलगानीमा यो कार्य गरिनेछ। | नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०८/२३ को निर्णयानुसार प्रादेशिक एवं स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भएको। ७ सय ५३ स्थानीय तहहरू मध्ये ३ सय ५७ तह कालोपत्रे र ३ सय ६८ तह कच्ची सडक सञ्जालले जोडिएको र २८ तहमा सडक पुग्न बाँकी रहेको। |
| २१३ | स्थानीय तहमा पूर्वाधार विकासलाई तीव्रता दिन चालु आर्थिक वर्षबाट शुरू गरिएको स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको बजेट वृद्धि गरिएको। यस कार्यक्रमका आयोजना छनौट तथा अनुगमनमा प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका सबै माननीय सदस्यहरूको भूमिका रहने गरी कार्यविधि परिमार्जन गरिनेछ। एक भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा संयुक्त रूपमा आयोजना छनौट गर्न सक्ने व्यवस्था मिलाइनेछ। | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि (पहिलो संशोधन) नियमावली,२०७६ स्वीकृत भई नियमावलीमा उल्लिखित प्रावधानबमोजिम आयोजना छनौट भई आएका कार्यक्रमहरू कार्यान्वयन गर्न सम्बन्धित स्थानीय तहमा रकम पठाइएको। |
| २१४ | स्थानीय तहसँगको लागत सहभागितामा सबै स्थानीय तहको केन्द्रमा आधुनिक प्रशासकीय भवन, विद्युत, सडक, पानी, ढल, खेल मैदान, सभाहल र उद्यान लगायतको न्यूनतम पूर्वाधार विकास गरिनेछ।हाल सञ्चालनमा रहेको तराई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिई मानव विकास सूचकाङ्कका आधारमा पछाडि परेका स्थानीय तहहरूमा आर्थिक | स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भएको। तराई मधेशका क्षेत्रमा आर्थिक, सामाजिक, भौतिक रूपान्तरण हुने गरी विद्यमान तराई-मधेश समृद्धि कार्यक्रमको परिमार्जित कार्यविधि स्वीकृत भएको र कार्यक्रम सञ्चालन गर्न २७७ स्थानीय तहमा बजेट पठाइएको। |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | रूपान्तरण, सामाजिक विकास र भौतिक पूर्वाधारका निर्माण कार्यक्रम गरिनेछ। | |
| २१५ | मानव विकास सूचकाङ्कमा पछि परेका हिमाली तथा उच्च पहाडी जिल्लाहरूमा पूर्वाधार विकास तथा जीवनस्तर सुधारका लागि उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन गरिने। तुइन, फड्के र अस्थायी साँघु दुई वर्षभित्र पूर्णरूपमा विस्थापन गरिनेछ। | • उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत भएको।<br>• तुइन, फड्के र अस्थायी साँघु विस्थापन कार्यक्रम अन्तर्गत १ सय ४४ झोलुङ्गेपुल निर्माण सम्पन्न भएको।<br>• ४ सय ८५ झोलुङ्गेपुलको DPR तयार भएको। |
| २१६ | स्थानीय पूर्वाधार निर्माणसम्बन्धी कार्यलाई व्यवस्थित तथा एकरूपता कायम गर्न कानुन, नीति, मापदण्ड र कार्यविधिको तर्जुमा, परिमार्जन र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहबाट कानुनले दिएको अधिकार प्रयोग गरी तत्काल न्यायिक निरूपणको लागि न्यायिक समितिको क्षमता विकास गर्न प्रदेश र स्थानीय तहसँग सहकार्य गरिनेछ। | • स्थानीय तहको लागि क्षमता विकास (योजना, जनशक्ति कार्यक्रम तथा बजेट तर्जुमा कार्यान्वयन) योजनाको नमुना तयार गरी स्वीकृत गरिएको। साथै, लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) परीक्षणको लागि कार्यविधि स्वीकृत गरी कार्यान्वयन गरिएको।<br>• १ सय ५० स्थानीय तहको क्षमता विकास योजना निर्माणको लागि नमुना योजना र बजेट उपलब्ध गराइएको।<br>• प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७६ (नमुना) स्वीकृत गरिएको।<br>• १ हजार ५ सय १७ जना जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि क्षमता विकास कार्यक्रम सञ्चालन भएको।<br>• स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६, घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ र व्यवसाय कर व्यवस्थापन कार्यविधि, २०७६ स्वीकृत भएको। |
| २७५ | राष्ट्रसेवकहरूमा कामप्रति तत्पर हुने, सेवाभावसहित समयमै काम सम्पन्न गर्ने, | कर्मचारीहरूको व्यावसायिक आचारसंहिताको मस्यौदा तयार गर्न कर्यविवरण (TOR) |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्य संस्कृतिको विकास गरिनेछ। राष्ट्र सेवकहरूमा ज्ञान, सीप र पेशागत मर्यादाको विकास गरी सरकारी सेवा साथ उत्कृष्ट ढङ्ले प्रवाह गरिनेछ। | स्वीकृत भएको। |
| २७७ | नेपाल सरकारको विनियोजनबाट पारिश्रमिक प्राप्त गर्ने सबै राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, शिक्षक तथा प्राध्यापकको शुरू तलबमानमा आगामी २०७६ साउन १ देखि लागु हुने गरी राजपत्रअनङ्कित श्रेणीका लागि २० प्रतिशत र राजपत्रांकित श्रेणीका लागि १८ प्रतिशतले वृद्धि गरेको। महङ्गीभत्ता, पोशाक सुविधा र सावधिक जीवन बिमालाई यथावत राखिएको। | • कार्यसम्पादन सूचकको आधारमा कर्मचारीहरूलाई पुरस्कृत र दण्डित गर्ने व्यवस्था संघीय निजामती सेवा ऐनको विधेयकमा समावेश गरिएको।<br>• सबै राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, शिक्षक तथा प्राध्यापकको शुरू तलबमानमा वृद्धि गरिएको। |
| २७९ | साझा अधिकार सूचीमा रहेका अधिकारहरूको प्रयोगमा कार्यगत स्पष्टता गरी संघ, प्रदेश र स्थानीय तहबाट हुने कार्यलाई व्यवस्थित गरिनेछ। संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक संरचनालाई कार्यमूलक बनाइनेछ। नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणलाई आवश्यकता र सामर्थ्यको विश्लेषण गरी समन्यायिक बनाइनेछ। | • संगठन संरचना तथा दरबन्दी पुनरावलोकन कार्यविधि, २०७६ स्वीकृत गरिएको।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अर्थ र गृह मन्त्रालय एवं ती अन्तर्गतका कार्यालयहरूको संगठन संरचना पुनरावलोकन भई संगठन संरचना र दरबन्दी स्वीकृत भएको। |
| २८३ | संघीयता कार्यान्वयनका सम्बन्धमा तर्जुमा हुन बाँकी संघीय कानुनहरू तर्जुमा गरिनेछ। संघ, प्रदेश र स्थानीय तहले कानुन बनाउँदा समन्वय गर्ने संयन्त्र विकास गरिनेछ। जिल्ला समन्वय समितिलाई स्थानीय तहको क्षमता विस्तार, विकास निर्माण कार्यको अनुगमन, तथ्याङ्क संकलन एवं प्रतिवेदन तयारी र गैर सरकारी संस्थाहरूको अनुगमन कार्यमा प्रभावकारी उपयोग गरिनेछ। | जिल्ला समन्वय समितिको भूमिकालाई स्पष्ट र मापनयोग्य बनाउने कार्यको लागि गाउँपालिका तथा नगरपालिकाको अनुगमनसम्बन्धी कार्यविधि, २०७६ को मस्यौदा तयार गरिएको। |
| २८६ | उच्च पदमा कार्यरत कर्मचारीहरूसँग कार्यसम्पादन करार सम्झौता गरी करारका शर्तहरूलाई कार्यसम्पादन मूल्याङ्कनको आधार | नतिजा सूचकाङ्कसहितको कार्यसम्पादन सम्झौताको ढाँचा तयार भई स्वीकृत भएर मन्त्रालयका सचिव, महाशाखा प्रमुख र |

| बुँदा.नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बनाइनेछ। कार्यसम्पादनको आधारमा हरेक वर्ष सम्झौता नवीकरण गरिनेछ। | विभागीय प्रमुख तथा शाखा प्रमुखहरूबीच कार्यसम्पादन सम्झौता सम्पन्न भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

### क. संघीयता कार्यान्वयन तथा सहजीकरणः

- प्रशिक्षण केन्द्र (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७६ स्वीकृत भएको।
- स्थानीय तहको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तह छनौटको मापदण्ड स्वीकृत भएको।
- गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ स्वीकृत भएको।
- गाउँपालिका/नगरपालिकाको वारुणयन्त्र व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६(नमूना) स्वीकृत भएको ।
- हिमाली क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृति भएको।
- प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम सञ्चालन कार्यविधि , २०७६ स्वीकृति भएको।
- २० वटा योजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत गरिएको।
- स्थानीय तहका लागि देहायका नमूना नियमावली र कार्यविधि मस्यौदा तयार भएको।
    - एम्बुलेन्स सञ्चालन, व्यवस्थापन कार्यविधि,
    - स्थानीय शासनमा नागरिक सहभागिता कार्यविधि।
- स्थानीय तहबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूलाई थप प्रभावकारी बनाउन ७ वटै प्रदेशका लागि विश्लेषण तथा सहजीकरण टोली गठन गरी स्थानीय तहमै गई स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण गर्ने कार्य भइरहेको। यस अन्तर्गत चालु आ.व. को दोस्रो चौमासिक अवधिसम्म ७ जिल्लाका ८ न.पा र ३ वटा गा.पा.को सहजीकरण गरिएको।

### ख. मानव संशाधन विकास

- नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान तथा स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानबाट अधिकृतस्तरका ५ सय ५१ तथा सहायकस्तरका १ सय ७१ जनालाई सेवाकालीन तालिम प्रदान गरिएको।
- प्रदेश नं १ र २ का गाउँपालिकाहरूका राजश्व परामर्श समितिका ४ सय ९७ जना पदाधिकारीलाई राजश्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी अभिमुखीकरण गरिएको।
- विभिन्न दातृ निकायको सहयोगमा प्रदेश तथा स्थानीय तहको क्षमता विकासका लागि छाता कार्यक्रम स्वीकृत भई कार्यान्वयन प्रारम्भ भएको।

### ग. सुशासन प्रवर्द्धन तथा सेवा प्रवाह

- विभिन्न ६ कार्यालयको व्यवस्थापन परीक्षण सम्पन्न भएको।
- निजामती कर्मचारी अस्पतालबाट १ लाख ७७ हजार ७ सय ५६ जनालाई ओ.पि.डि. सेवा प्रदान गरिएको।

- राष्ट्रिय किताबखानाबाट PIS Re-engineering गरी नयाँ सफ्टवेयर निर्माणको कार्य भइरहेको।
- Local Level Capacity Development Mapping सम्बन्धी प्रतिवेदन तयार भएको।
- स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरूको योग्यता मापदण्ड तयार भएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. संघीयता कार्यान्वयन तथा सहजीकरण:

**स्थानीय तहको लागि आवश्यक देहायका ऐन, नमुना कानुन, कार्यविधि, मार्गदर्शन तथा मापदण्ड स्वीकृत गरिएको:**

- कर्मचारी समायोजन ऐन, २०७५।
- उत्थानशील स्थानीय समुदायका लागि रणनीति, २०७५।
- तुइन दुर्घटनाबाट प्रभावित व्यक्तिहरूको उद्धार तथा सहायता कोष सञ्चालन नियमावली, २०७५
- नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाइसम्बन्धी कार्यविधि, २०७५
- स्थानीय तहको केन्द्र हेरफेरसम्बन्धी मापदण्ड ।
- गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (नमूना)
- स्थानीय तहको कर तथा गैरकर राजश्वसम्बन्धी कानुन ।
- न्यायिक समितिको कार्यसञ्चालन कार्यविधिसम्बन्धी कानुन ।
- स्थानीय तहबाट सम्पादन भएका विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूलाई थप प्रभावकारी बनाउन सातै प्रदेशका लागि विश्लेषण तथा सहजीकरण टोली गठन गरी स्थानीय तहमै गई स्थानीय तहको कार्यसम्पादनमा सहजीकरण गर्ने कार्य भएको। आ.व. २०७५/७६ मा १५ जिल्लाका १० नगरपालिका र ७ वटा गाउँपालिकाको सहजीकरण गरिएको।

### ख. मानव संशाधन विकास

- संघ, प्रदेश र स्थानीय तहमा रहने कार्यालयहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भई संघमा ४८ हजार ६ सय ६, सातवटा प्रदेशमा २२ हजार २ सय ९७ र स्थानीय तहमा ६७ हजार ७ सय १९ गरी कुल १ लाख ३८ हजार ६ सय २२ कर्मचारी दरबन्दी कायम भएको।
- संघको ४८ हजार ६ सय ६ दरबन्दीमध्ये २ हजार ५ सय ६१ दरबन्दी संवैधानिक निकायहरूको रहेको।
- प्रदेशको तहगत दरबन्दी विवरण:

| क्र.सं. | तह | दरबन्दी | दरबन्दी प्रतिशत |
|---|---|---|---|
| १ | अधिकृत स्तर | ६२९६ | २८ |
| २ | सहायक स्तर | ८७०२ | ३९ |
| ३ | श्रेणीविहीन | ७२९९ | ३३ |
| | **जम्मा** | **२२२९७** | **१००** |

- स्थानीय तहको दरबन्दी व्यवस्थापन गर्दा हरेक वडामा कम्तीमा एक जना प्राविधिक र एक जना प्रशासनिक दरबन्दी कायम गरिएको।

- नेपालको संविधानको धारा ३०२ को उपधारा (२) को व्यवस्थाअनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भई संघमा ३९ हजार ५ सय ३३, प्रदेशमा १३ हजार ७ सय ९० र स्थानीय तहमा ४३ हजार ८ सय ५ तथा फाजिल २ हजार ४ सय ४३ गरी कुल ९९ हजार ५ सय ७१ जना कर्मचारीहरूको समायोजनको कार्य सम्पन्न भएको।
- उपत्यका नजिकको स्थानमा आवासीय प्रशिक्षणको लागि भौतिक पूर्वाधार निर्माण गर्न काभ्रेको नमोबुद्ध नगरपालिकास्थित ७ सय ५८ रोपनी जमिन पहिचान भएको र यस योजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रूपमा राखी विस्तृत परियोजना प्रतिवेदन तयार तथा वातावरणीय प्रभाव मूल्याङ्कन भएको।
- सार्वजनिक सेवा प्रवाहलाई थप परिणाममूलक र जनमुखी बनाई राष्ट्रको सर्वाङ्गिण विकास र आर्थिक समृद्धि र सुशासन कायम गर्ने कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सेवा निवृत्त विशिष्ट श्रेणीका राष्ट्रसेवक कर्मचारीहरूको सेवा उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत भएको।
- नेपाल सरकारका विभिन्न निकायहरूको व्यवस्थापन परीक्षण तथा सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने कार्यहरू निरन्तर रूपमा अगाडि बढाइएको।

### ग. स्थानीय तहको क्षमता विकास

योजना तथा बजेट, सम्पत्ति कर, न्यायिक समितिको कार्यसञ्चालन, खरिद तथा सार्वजनिक वित्त व्यवस्थापन आदि जस्ता विभिन्न ५ विषयमा स्थानीय तहका देहायका ५१ हजार ४ सय ६५ जना पदाधिकारी र कर्मचारीहरूलाई तालिम उपलव्ध गराइएको।

| तालिमको विषय | प्रदेश | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | बागमती | गण्डकी | ५ | कर्णाली | सुदूरपश्चिम | जम्मा |
| न्यायिक समिति | ४५३ | ३७७ | ३१७ | २५० | ३८७ | ३१९ | २९९ | २,४०२ |
| योजना र बजेट | ३०७२ | २०८८ | ३१५० | १९१६ | १९६४ | १४२२ | ६८९ | १४,३०१ |
| स्थानीय सरकार सञ्चालन र अन्तरसम्बन्धित क्षेत्र | ६००५ | १६८२ | ५२७४ | ३३४२ | ३९६७ | ३९३९ | ३९०६ | २८,११५ |
| खरिद व्यवस्थापन तथा सार्वजनिक वित्त व्यवस्थापन | १३३ | १३३ | ८०४ | २७५ | ३७१ | ३३३ | ३२१ | २,३७० |
| सम्पत्ति कर | ९१२ | १९९ | ५०० | ७६३ | ७६१ | ९४६ | १९६ | ४,२७७ |

- स्थानीय तहका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरूका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम ५७ स्थानीय तहहरूमा सम्पन्न भएको।

### घ. स्थानीय पूर्वाधार विकास र वैदेशिक सहायता परिचालन

- सार्वजनिक तुईनलाई विस्थापन गर्ने अभियान अन्तर्गत सम्भाव्य देखिएका १ सय ३२ मध्ये १ सय २१ तुईन विस्थापन गरिएको।
- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाको प्रदेशवाट कार्यान्वयन हुने २ हजार ८ सय कि.मी. सडकको DPR तयार गर्ने प्रकृया अन्तर्गत ToR तयार गरी ADB मा Submission Zero पठाइएको।

- ग्रामीण सडक सञ्जाल सुधार आयोजनाका कुल ११ परियोजना प्याकेजमध्ये १० परियोजनाको सम्झौता सम्पन्न भई निर्माण कार्य प्रारम्भ भएको।
- स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रम अन्तर्गत १ सय ६५ निर्वाचन क्षेत्रमा सामाजिक आर्थिक विकाससम्बन्धी आयोजनाहरू स्वीकृत भई निर्माण सम्पन्न भएका।
- स्थानीय पूर्वाधार निर्माणसम्बन्धी कार्यबाट करिव १५ लाख ६८ हजार ३ सय ९१ श्रमदिन रोजगारी श्रृजना भएको।
- प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानको एकीकरण भएको।
- ७ सय ५३ स्थानीय तह, ७७ जिल्ला समन्वय समिति र सबै केन्द्रीय निकायहरूको हेलो सरकार सञ्चालन गर्नको लागि पोर्टल तथा युजर आईडि निर्माण सम्पन्न भएका।

## ९. आर्थिक वर्ष २०७५।७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरण

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०११३ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४७९३२६ | २७७१५५ | ५७.८२ |
| ३६५०१५३ | जेष्ठ नागरिक दीर्घ सेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ४०९४४५९३ | ३९१५४४३९ | ९५.६३ |
| ३६५०१६३ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | २७४०० | २१९६५ | ८०.१६ |
| ३६५०२१३ | केन्द्रिय पंजिकरण बिभाग | १५३१४०० | ७६१८१ | ४.९७ |
| ३६५०२३३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २१०००० | १९६१८८ | ९३.४२ |
| ३६५०२४३ | अतिरिक्त समूह | ८०१०० | ७८७३६ | ९८.३ |
| ३६५०२५३ | निजामती किताबखाना | ४५२८५ | ४३७६७ | ९६.६५ |
| ३६५०२६३ | कर्मचारी प्रशिक्षण प्रतिष्ठान | ३१६०८ | ३१६०८ | १०० |
| ३६५१०५३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ४६३०० | ४००४८ | ८६.५ |
| ३६५१४४३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ११३३९२ | ६७८९४ | ५९.८८ |
| ३६५१५४३ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | २२२५ | २२२५ | १०० |
| ३६५१५५३ | संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | २८०५० | ११६०१ | ४१.३६ |
| ३६५१५७३ | निजामती कर्मचारी अस्पताल विकास समिति | २६६५०० | १८२३६४ | ६८.४३ |
| ३६५१५८३ | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ४३०५८० | ३०७५५६ | ७१.४३ |
| ३६५१६०३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ६६१०३०३ | ६२८३१८७ | ९५.०५ |
| ३६५८०१३ | जिल्ला समन्वय समितिको कार्यालयहरु | १०४८८८८ | ७९४८४५ | ७५.७८ |
| ३६५८०५३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ११८०० | ८८३६ | ७४.८८ |
| ३६५८०६३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १११९१३ | ६९३०७ | ६१.९३ |
| ३६५८०९३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २०९०० | १९७३८ | ९४.४४ |
| ३६५८१०३ | ग्रामीण पहुंच कार्यक्रम | ४८९०० | २४९३० | ५०.९८ |
| ३६५८१९३ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम | ० | ० | ० |
| ३६५८२१३ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ६६०० | ५४५४ | ८२.६३ |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५८३१३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २३०० | १६९५ | ७३.७१ |
| ३६५८४०३ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ७८०० | २५७५ | ३३.०२ |
| ३६५८४२३ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | ३९१०० | ३४१२० | ८७.२६ |
| ३६५८४४३ | साना सिंचाई कार्यक्रम | १४५०० | ६६२४ | ४५.६८ |
| ३६५८४५३ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ० | ० | ० |
| ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५४५४८३ | ४५८६४४ | ८४.०८ |
| ३६५८५२३ | तराई मधेस समृद्धि कार्यक्रम | २६९५७ | १८०४४ | ६६.९४ |
| | **जम्मा** | **५२७३२२०४** | **४८२१९७२८** | **९१.४४** |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०११४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४१६०० | ३२५४६ | ७८.२४ |
| ३६५०१६४ | स्थानीय पूर्वाधर विकास तथा कृषि सडक विभाग | ७९०५० | २३१९५ | २९.३४ |
| ३६५०२१४ | केन्द्रिय पंजिकरण बिभाग | ४७७१०० | ५३७७ | १.१३ |
| ३६५०२३४ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | ० | ० | ० |
| ३६५०२५४ | निजामती किताबखाना | ११८०० | १११९३ | ९४.८६ |
| ३६५१०५४ | आदिवासि/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | १०२०० | ७६२६ | ७४.७६ |
| ३६५१४४४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ६००० | ३१३१ | ५२.१९ |
| ३६५१५४४ | फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र | ० | ० | ० |
| ३६५१५५४ | संघीय शासन प्रणाली ब्यवस्थापन कार्यक्रम | ५०० | ० | ०.०० |
| ३६५८०५४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | २४०० | २३८१ | ९९.२१ |
| ३६५८०६४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ४४७१५६४ | २९२५७०१ | ६५.४३ |
| ३६५८०९४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ३४६३१०० | २९१९५८३ | ८४.३१ |
| ३६५८२१४ | पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | २०० | ९४ | ४६.९० |
| ३६५८३१४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | ८८२७५६ | ६२००२६ | ७०.२४ |
| ३६५८४०४ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ५५०० | ५००० | ९०.९१ |
| ३६५८४२४ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | ३८१९०० | ७४१३८ | १९.४१ |
| ३६५८४४४ | साना सिंचाई कार्यक्रम | ९२५०० | ८२४२२ | ८९.१० |
| ३६५८५२४ | तराई मधेस समृद्धि कार्यक्रम | २००३६४३ | १७२५४८६ | ८६.१२ |
| | **जम्मा** | **११९२९८१३** | **८४३७९००** | **७०.७३** |

## १०.आ.व. २०७६।७७ मा विनियोजित बजेट एवं फागुन मसान्त सम्मको खर्चको यथार्थ विवरणः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११३ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ४५३५२७ | १२३०३६ | २७.१३ |
| ३६५०००१२३ | अतिरिक्त समूह | ८०००० | ६४२४९ | ८०.३१ |
| ३६५००१०२३ | संघीय शासन प्रणाली व्यवस्थापन कार्यक्रम | ८४०० | ९५ | १.१३ |
| ३६५००१०४३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ९९०२५०० | ४७७२३७ | ४.८२ |
| ३६५००१०५३ | जिल्ला समन्वय समितिको कार्यालयहरु | ९८२२०० | ४२६७४४ | ४३.४५ |
| ३६५००१०६३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | ५५९८०० | ६९१७४ | १२.३६ |
| ३६५००१०७३ | तराई मधेस समृद्धि कार्यक्रम | १८३०० | ८०३१ | ४३.८८ |
| ३६५००१०८३ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ११००००० | २६५७ | ०.२४ |
| ३६५००१०९३ | हिमाली-क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम | १०००००० | ० | ० |
| ३६५०१०११३ | स्थानीय पूर्वाधार विभाग | २७१०० | १२२९४ | ४५.३७ |
| ३६५०११०१३ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | १७६०० | ७३५२ | ४१.७७ |
| ३६५०११०२३ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | १०१००० | ४५८५४ | ४५.४ |
| ३६५०११०३३ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २४३०० | १४३९८ | ५९.२५ |
| ३६५०११०४३ | ग्रामीण पहुंच कार्यक्रम | २५६०० | १२६९० | ४९.५७ |
| ३६५०११०६३ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुंच सुधार परियोजना | २७०० | १४०८ | ५२.१४ |
| ३६५०११०७३ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | ८३०० | ६९० | ८.३२ |
| ३६५०११०८३ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | ८५९०० | ३४५१३ | ४०.१८ |
| ३६५०११०९३ | साना सिंचाई कार्यक्रम | १६६०० | २९३० | १७.६५ |
| ३६५०१११११३ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ५२०० | ० | ० |
| ३६५०१११२३ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ४६०६६३८ | ० | ० |
| ३६५०२०११३ | निजामती किताबखाना | ४२३०० | २९०६३ | ६८.७१ |
| ३६५६१०११३ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ११८५०० | ५५६४५ | ४६.९६ |
| ३६५६१०१२३ | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान | २२५००० | १५३०३३ | ६८.०१ |
| ३६५६१०१३३ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६२१०० | ३१३५८ | ५०.५ |
| ३६५८१०११३ | निजामती कर्मचारी अस्पताल विकास समिति | ३१९८०० | १९३३०० | ६०.४४ |
| | **जम्मा** | **१९७९३३६५** | **१७६५७५१** | **८.९२** |

**पुंजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५०००११४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०६०० | १५२३ | ७.३९ |
| ३६५००१०७४ | तराई मधेस समृद्धि कार्यक्रम | १००० | २८ | २.८३ |

| ब.उ.शि.नं | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३६५००१०८४ | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम | ४०००० | ० | ० |
| ३६५०१०११४ | स्थानीय पूर्वाधार विभाग | १०१००० | ८६८६ | ८.६ |
| ३६५०११०१४ | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना | ९०० | ७२६ | ८०.६७ |
| ३६५०११०२४ | ग्रामीण सडक सञ्जाल सुधार आयोजना | ५५२०२०० | १३७१७३४ | २४.८५ |
| ३६५०११०३४ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | २२४९४०० | १०५६४४८ | ४६.९७ |
| ३६५०११०६४ | स्थानीय स्तरका सडकपुल तथा सामुदायिक पहुँच सुधार परियोजना | १०४४६०० | २४२५४८ | २३.२२ |
| ३६५०११०७४ | पूर्वी चितवन नदि व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम | १५५०० | ८९२९ | ५७.६१ |
| ३६५०११०८४ | राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम | २३५३०० | १४८३९८ | ६३.०७ |
| ३६५०११०९४ | साना सिंचाई कार्यक्रम | ६७५०० | ३५४१७ | ५२.४७ |
| ३६५०१११४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार बिकास कार्यक्रम | ३०००० | ० | ० |
| ३६५०१११२४ | प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम | ५०००० | ० | ० |
| ३६५०२०११४ | निजामती किताबखाना | ४७४०० | २२९९ | ४.८५ |
| ३६५६१०११४ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान | ६४०० | ७८२ | १२.२२ |
| ३६५६१०१३४ | आदिवासि / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | ६३०० | २१६० | ३४.२९ |
| | **जम्मा** | **१००६६१००** | **२८७९६७८** | **२८.६१** |

◆ ◆ ◆

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## १. पृष्ठभूमि

सूचना तथा सञ्चार क्षेत्रको विकास तथा विस्तारका लागि वि.सं. २०२८ साल साउन १ गते सञ्चार मन्त्रालयको स्थापना भएको थियो। यस अघिसम्म सूचना तथा सञ्चार क्षेत्रका विषयहरू हेर्ने जिम्मेवारी निर्माण, यातायात तथा सञ्चार मन्त्रालयलाई सुम्पिइएको थियो। प्रशासन सुधार आयोग, २०४८ को सुझाव अनुसार तत्कालीन सञ्चार मन्त्रालयलाई वि.सं.२०४९ सालदेखि सूचना तथा सञ्चार मन्त्रालय नामाकरण गरिएको र नेपाल सरकारको २०७४।११।११ को निर्णयबाट यस मन्त्रालयको नाम सञ्चार तथा सूचना प्रविधि मन्त्रालय कायम भएको छ। नेपालको संविधानले व्यवस्था गरेका पूर्ण प्रेस स्वतन्त्रता, वाक र प्रकाशन स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हकको प्रत्याभूति गर्न मन्त्रालयको भूमिका महत्त्वपूर्ण रहेको छ। यस मन्त्रालय अन्तर्गत मूलतः आमसञ्चार, दूरसञ्चार सेवा, सूचना प्रविधि, हुलाक सेवा, मुद्रण सेवा, विज्ञापन र चलचित्र क्षेत्र पर्दछन्।

## २. दीर्घकालीन सोचः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिहरूको अधिकतम् उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने।

## ३. उद्देश्यः

सञ्चार तथा सूचना प्रविधिको क्षेत्रमा विकसित नवीन प्रविधिको उपयोग गरी सञ्चार तथा सूचना प्रविधि मार्फत मुलुकमा सामाजिक, आर्थिक विकाससहित समृद्धि हासिल गर्ने।

## ४. रणनीति

- पूर्ण प्रेस स्वतन्त्रता, सञ्चार र सूचनाको हकको प्रत्याभूत गर्ने आमसञ्चार क्षेत्र Digital Convergence मा रूपान्तरण गर्ने,
- दूरसञ्चार सेवासँग सम्बन्धित नीतिगत र कानुनी पूर्वाधार विकास गर्ने,
- दूरसञ्चार सेवाको पूर्वाधार र पहुँच विस्तार गर्ने,
- दूरसञ्चार सेवामा सुलभ ब्रोडव्याण्ड सेवाको विकास गर्ने,
- सूचना प्रविधिको प्रयोग गरी विद्युतीय सुशासन कायम गर्ने,
- साईवर सुरक्षा प्रदान गर्ने,
- सूचना प्रविधिमा आधारित व्यवसाय प्रवर्द्धन गर्ने,
- हुलाक सेवालाई स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाउने,
- चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गर्ने र नेपाली चलचित्रको प्रवर्द्धन गर्ने,
- सुरक्षण मुद्रण नेपालमै गर्ने गरी कानुनी, संस्थागत र पूर्वाधार विकास गरी सुरक्षण मुद्रण कार्य नेपालभित्र गर्ने।

## ५. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- दूरसञ्चार र प्रशारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
- सञ्चार तथा सूचना प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,
- माइक्रोवेभ प्रणालीको विस्तार, ब्याण्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
- रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
- विदेशी टेलिभिजन च्यानलको डाउनलिङ्क,
- अनलाइन मिडियासम्बन्धी नीति, कानुन र मापदण्ड,
- श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिकसम्बन्धी नीति, कानुन र मापदण्ड,
- सार्वजनिक प्रसारण, छापा र प्रसारण संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशनसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रिय विज्ञापन नीति, र मापदण्ड ,
- हुलाकसम्बन्धी नीति, कानुन, मापदण्ड, सञ्चालन र नियमन,
- हुलाक टिकट प्रकाशन, भण्डारण तथा अभिलेख व्यवस्थापन,
- धनादेश सेवा, हुलाक बैङ्क, अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
- चलचित्र र सिनेमा हलसम्बन्धी नीति, कानुन र मापदण्ड,
- सुरक्षण मुद्रण,
- नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
- पत्रपत्रिकासम्बन्धी आचारसंहिता,
- भू-उपग्रहको उपयोग ,
- सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क,
- साइबर सुरक्षा,
- राष्ट्रिय सूचना आयोग,
- प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- मन्त्रालयको विषयक्षेत्रसँग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन।

## ६. आ.व. २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरणः

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २२७ | आमसञ्चार क्षेत्रको गुणस्तरीय एवं सर्वसुलभ पहुँचको लागि आमसञ्चार ऐन तर्जुमा गरिनेछ। रेडियो नेपाल र नेपाल टेलिभिजनको एकीकरण सम्पन्न गरी सार्वजनिक सेवा प्रसारण संस्थाको रूपमा कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रदेशमा सञ्चारग्राम स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ। | • आमसञ्चारसम्बन्धी नियामक निकायको संस्थागत पूर्वाधार तयार गर्ने सिलसिलामा विज्ञापन बोर्डको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न भएको।<br>• रेडियो नेपाल र नेपाल टेलिभिजनको सम्पत्ति एवं दायित्वको मूल्याङ्कन, सार्वजनिक सेवा प्रशारक (Public Service Broadcasting) को ढाँचा सिफारिश र सो अनुसार सङ्गठन तथा ब्यवस्थापन सर्वेक्षण लगायतका कार्य सम्पन्न गरी प्रतिवेदन तयार भएको।<br>• प्रदेश नं. १ को मोरङ्गमा तारणीप्रसाद कोइराला सञ्चारग्रामको भवन निर्माण कार्य सम्पन्न भएको। |
| २२८ | नेपाली पत्रकारितामा गुणस्तरीयता, व्यावसायिकता र स्वच्छ अभ्यासलाई प्रोत्साहित गर्न तथा पत्रकार दुर्घटना बिमा र पत्रकार वृत्ति कोषलाई पत्रकारको हित र कल्याणमा परिचालन गर्न बजेटको व्यवस्था गरिने।लोककल्याणकारी विज्ञापन बापत सरकारले प्रदान गर्ने रकममा १५ प्रतिशतले वृद्धि गरिएको छ। | • हालसम्म १ हजार २ सय ६४ जना पत्रकारहरूको दुर्घटना बिमा गर्ने कार्य सम्पन्न भएको। ५ करोड ३२ लाख रुपैंयाको पत्रकार वृत्ति कोष स्थापना भई पत्रकारहरूलाई वृत्ति प्रदान गर्ने आधार र मापदण्ड तयार गरिएको।<br>• दैनिक, साप्ताहिक, पाक्षिक, मासिक, द्वैमासिक, त्रैमासिक र अर्धवार्षिक गरी कुल ८ सय १२ पत्रपत्रिकाको वर्गीकरण सम्पन्न गरिएको। साथै, लोक कल्याणकारी विज्ञापन बापतको रकम नियमित रूपमा वितरण गरिएको। |
| २२९ | आगामी दुई वर्षभित्र देशभित्रै सुरक्षित छापाखाना स्थापना गरी राहदानी, बैङ्क नोट, अन्तःशुल्क स्टिकर, हुलाक टिकट, जग्गाधनी प्रमाणपूर्जा सार्वजनिक महत्त्वका कागजातहरूको सुरक्षण मुद्रण | • सुरक्षित मुद्रण भवन निर्माण गर्न Landscapes and Land Development सम्बन्धी कार्यका लागि सम्झौता सम्पन्न भई कार्यारम्भ गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | गर्न काभ्रेपलाञ्चोक जिल्लामा पूर्वाधारहरूको निर्माण प्रारम्भ गरिनेछ। | |
| २३० | सरकारी सेवामा प्रयोग हुने विद्युतीय सूचना र विवरण डिजास्टर रिकभरी केन्द्रमार्फत् सुरक्षित गरिनेछ। विद्युतीय प्रणालीको विश्वसनीयता तथा तथ्याङ्कको सदुपयोग र गोपनीयतामा विशेष ध्यान दिइनेछ। साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न साइबर सुरक्षा प्रणाली सञ्चालनमा ल्याइनेछ। | • डिजाष्टर रिकभरी सेन्टर (DRC) मा रहेको सर्भरको हालको क्षमता ५ सय टेरा बाइट वृद्धि गरी १० प्रकारका सरकारी सेवालाई डिजाष्टर रिकभरी सेन्टरमा सुरक्षित गर्ने कार्य सम्पन्न भएको।<br>• सूचना प्रविधि विधेयकमा Data Protection र Data Privacy सम्बन्धी व्यवस्था समावेश गरिनुका साथै २१ सरकारी निकायका २७ सूचना प्रविधि प्रणालीहरूको Security Audit सम्पन्न गरिएको।<br>• साइबर सुरक्षा अनुगमन केन्द्रको स्थापना गरी सञ्चालनमा ल्याइएको। |
| २३१ | फ्रिक्वेन्सी वितरण प्रणाली व्यवस्थित र पारदर्शी बनाउन राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना र रणनीति तयार गरिनेछ। सबै स्थानीय तहका वडा, स्वास्थ्य केन्द्र तथा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गर्ने कार्य आगामी वर्षभित्र सम्पन्न गरिनेछ। | • राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण नीति तथा रणनीति र राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना तयार भएको।<br>• हालसम्म ४ सय २१ स्थानीय पालिकाको कार्यालय, ३ हजार ५ सय ३० वडा कार्यालय, २ हजार ८ सय ३९ सामुदायिक माध्यमिक विद्यालय र २ हजार ४ सय ८१ स्वास्थ्य केन्द्र गरी जम्मा ९ हजार २ सय ७१ स्थानमा ब्रोडब्याण्ड इन्टरनेट सेवा विस्तार गरिएको। |
| २३२ | दूरसञ्चार पूर्वाधारमा रहेको दोहोरो लगानी कम गर्न पूर्वाधारहरूको सहप्रयोग गरिनेछ। हुलाक सेवालाई पुनर्संरचना गरी स्वायत्त, प्रतिस्पर्धी र व्यावसायिक बनाइनेछ। महत्त्वपूर्ण सरकारी कागजातहरू र कानुनी दस्तावेजहरू हुलाकमार्फत प्राप्त हुने व्यवस्था गरिनेछ। | • हुलाक बचत बैङ्कमा बैङ्किङ्ग Software निर्माण भई प्रयोगमा आएको।<br>• हवाई ढुवानी गर्ने व्यवस्थाका लागि नेपाल एयरलाइन्स, यति एयरलाइन्स र तारा एयरसँग सम्झौता भई डाँक ढुवानी भइरहेको।<br>• सरकारी कागजातहरू र कानुनी |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | | दस्तावेजहरू हुलाकमार्फत प्रवाह भइरहेको सेवाको हालको अवस्था र विस्तार गर्न सकिने सेवाको सम्भाव्यता अध्ययन भई प्रतिवेदन प्राप्त भएको। |
| २३३ | आगामी वर्ष छायाङ्कनका लागि नेपाल कार्यक्रमको शुरुवात गरिनेछ। काठमाडौं उपत्यकामा अत्याधुनिक सुविधा सम्पन्न स्टुडियो निर्माण कार्य प्रारम्भ गरिनेछ। श्रमजीवी चलचित्रकर्मीलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ। | • लोकेशन तथा प्रोडक्शन गाईड तयार गरिएको। विदेशस्थित नेपाली कूटनीतिक नियोग र नेपाल चलचित्र निर्माता संघसँगको सहकार्यमा अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा उक्त गाइडको निरन्तर प्रचार प्रसार गरिएको।<br>• बनेपा नगरपालिका वडा नं. १० र १३ मा १९ हजार ८ सय २८.७६ वर्गमिटर जग्गा प्राप्तिका लागि वन मन्त्रालयसँग समन्वय भइरहेको। |
| २३४ | डिजिटल नेपाल निर्माण गर्न नागरिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक सेवालाई क्रमशः विद्युतीय माध्यमबाट उपलब्ध गराउने प्रणालीको विकास गरिनेछ। आगामी पाँच वर्षभित्र सम्भाव्य सबै नागरिक सेवा र सरकारी आर्थिक कारोबार विद्युतीय माध्यमबाट सम्पन्न गर्न डिजिटल नेपाल फ्रेमवर्कको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ। | • डिजिटल नेपाल फ्रेमवर्कसम्बन्धी अभिमुखीकरण तालिम प्रदेश नं. १, २, बागमती प्रदेश र गण्डकी प्रदेशमा सञ्चालन गरिएको। यस अभिमुखीकरण कार्यक्रमबाट १ सय ५० जना लाभान्वित भएका।<br>• Government Enterprise Architecture (GEA) लाई अद्यावधिक गरी सरकारी निकायको GEA Compliance Audit गर्ने कार्य शुरू गरिएको।<br>• Online मार्फत सेवा प्रवाह गरिरहेका निकायहरूको सेवा प्रवाहको प्रभावकारिताको मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको।<br>• "डिजिटल नेपाल" फ्रेमवर्क, २०७६ स्वीकृत भएको।<br>• २२ विभिन्न सरकारी निकायहरूको Online सेवालाई National Portal मा आबद्ध गरिएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| २३५ | केन्द्रदेखि स्थानीय तहसम्म सर्वसाधारणले मोबाइल एप्सका माध्यमबाट सरल र सहज रूपमा सेवा, सूचना, जानकारी लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्न सक्ने व्यवस्था गरिनेछ। ज्ञानमा आधारित अर्थतन्त्र विकासको लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्न ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञान पार्क स्थापना गरिनेछ। | • स्थानीय तहको लागि निर्माण भएको मोवाइल एप हालसम्म ४ सय ३२ स्थानीय तहले प्रयोग गरेको।<br>• राष्ट्रिय ज्ञान पार्क सञ्चालन निर्देशिका, २०७६ स्वीकृत भएको ।ललितपुरको खुमलटारस्थित १ सय १८ रोपनी जग्गामा राष्ट्रिय ज्ञान पार्क निर्माणका लागि DPR तयार गर्ने कार्य भइरहेको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को २०७६ फागुन मसान्तसम्मको मुख्य प्रगति विवरणः

- विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ कार्यान्वयनमा आएको।
- सूचना प्रविधि विधेयकको मस्यौदा तयार गरी स्वीकृतिका लागि संघीय संसदमा पेश गरिएको।
- सूचना महामार्ग अन्तर्गत १ सय २ कि.मि. अप्टिकल फाइबर बिछ्याइएको।
- मुलुकको ७७ जिल्लाको ६ सय २१ स्थानहरूमा 4G सेवा विस्तार गरिएको।
- छनौट भएका १ हजार सामुदायिक विद्यालयहरूमध्ये ५ सय ३५ सामुदायिक माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना भएको।
- नेपाल दूरसञ्चार प्राधिकरण, कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय, वालिङ्ग नगरपालिका र वैदेशिक रोजगार विभागको सूचना प्रणालीहरूमा PKI-enabled गरिएको।
- E-payment को सञ्चालन सम्बन्धमा नेपाल राष्ट्र बैंक र राष्ट्रिय सूचना प्रविधि केन्द्रसहितका प्रतिनिधि रहेको कार्यदलबाट प्रतिवेदन प्राप्त भएको।
- EPG (Electronic Payment Gateway) लाई ५ वाणिज्य बैङ्कसँग Integration गर्ने कार्य सम्पन्न भएको।
- राष्ट्रिय सूचना प्रविधि आकस्मिक सहायता समूहको क्षमता अभिवृद्धि गर्नका लागि National Cyber Emergency Response Team (NCERT) मा आबद्ध ४० जनालाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको।
- सूचना प्रविधिमा आधारित Online अनुगमन प्रणाली कार्यान्वयनमा ल्याइएको।
- डिजिटल साक्षरता कार्यक्रम अन्तर्गत सिन्धुपाल्चोक जिल्लाको ८ सामुदायिक माध्यमिक विद्यालयका कम्प्युटर शिक्षकलाई लक्ष्यित गरी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको ।
- Online मार्फत् सेवा प्रवाह गरिरहेका निकायहरूमध्ये भूमि व्यवस्था तथा अभिलेख व्यवस्थापन विभाग अन्तर्गतका कार्यालयहरूको आन्तरिक कार्य प्रणाली, लोक सेवा आयोगको दरखास्त तथा राजस्व सङ्कलन र प्रवेशपत्र वितरण, महालेखा नियन्त्रक कार्यालयको विद्युतीय भुक्तानी (Electronic Fund Transfer-EFT) (G2G र G2B), भन्सार विभागको आयात निर्यातसम्बन्धी विवरण, आन्तरिक राजस्व विभागको कर प्रणाली, सहकारी विभागको COPOMIS प्रणालीसहितका प्रणालीहरू र वैदेशिक रोजगार

विभागको वैदेशिक रोजगार व्यवस्थापन प्रणालीको प्रभावकारिताको मूल्याङ्कन गर्ने कार्य सम्पन्न भएको।

- नेपाल टेलिभिजनको इटहरी प्रसारण केन्द्रको निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइएको।
- गोरखापत्रको क्षेत्रीय प्रकाशनहरू विराटनगर र कोहलपुरबाट आरम्भ गरिएको।
- ६ सय ९ जना पत्रकारहरुलाई प्रेस प्रतिनिधि प्रमाणपत्र दिइएको, १ सय ८५ अनलाइन सञ्चार माध्यम दर्ता, ३८ जना दुर्गम जिल्लामा कार्यरत पत्रकारहरूलाई क्षमता अभिवृद्धि तालिम दिइएको।
- चलचित्रसम्बन्धी पुरातात्विक सामग्रीहरू विदेशी निर्माताले नेपालमा छायाँङ्कन गरेका चलचित्र तथा वृत्तचित्रहरू तथा महत्त्वपूर्ण चलचित्रहरूका सि.सि.भि.डि.डि., डिस्क, ब्लु रे सङ्कलन गरी आर्काइभिङ् गर्ने कार्य सम्पन्न गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरूः

- राष्ट्रिय प्रसारण ऐनमा संशोधन गरी १ सय वाटसम्मका एफ.एम. रेडियोहरूको इजाजत प्रदान र नियमन गर्ने कार्य सम्बन्धित स्थानीय तहले कानुन बनाई गर्ने र १ सय वाट भन्दा माथि १ हजार वाटसम्मका एफ.एम. रेडियोहरू र केबलमा आधारित टेलिभिजनको इजाजत प्रदान र नियमन गर्ने कार्य सम्बन्धित प्रदेशले कानुन बनाई गर्ने व्यवस्था मिलाइएको।
- सूचनाको हकको कार्यान्वयनसम्बन्धी अनुगमन निर्देशिका, २०७६ स्वीकृत भएको।
- पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७४ र द्वन्द्वपीडित पत्रकार कल्याण कोष निर्देशिका, २०७० लाई एकीकृत गरी पत्रकार वृत्तिकोष स्थापना तथा सञ्चालन निर्देशिका, २०७५ स्वीकृत भएको।
- Online सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७५ मा संशोधन गरी अनलाइन सञ्चार माध्यमहरूले नवीकरण गर्ने समयावधि थप गरी संशोधन गरिएको।
- विद्युतीय आमसञ्चार माध्यमहरूलाई वितरण गरिने लोक कल्याणकारी विज्ञापन वितरणसम्बन्धी कार्यविधि, २०७५ मा संशोधन गरी मिडिया प्लान, कर चुक्ता र नवीकरण आदिका सम्बन्धमा आवश्यक संशोधन गरी कार्यान्वयन गरिएको।
- सन्देशमूलक चलचित्रहरूलाई दिइने सहुलियत तथा सुविधासम्बन्धी कार्यविधि, २०७५ स्वीकृत गरिएको।
- मुलुकी अपराध (संहिता) ऐन, २०७४ लगायतका कानूनी दस्तावेजहरूमा उल्लिखित कुनै प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा असर पारेको भए सोको विकल्पमा राखिनु पर्ने कानुनी प्रावधानहरुको विषयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय प्रचलन, मौलिक अभ्यास र सम्बद्ध क्षेत्रहरू समेतको परामर्श लिई सुझावसहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन भई प्रतिवेदन प्राप्त भएको।
- हुलाक कार्यालय भएका ७५ जिल्लामा (**Postal Internal Tracking System-PITS)** सञ्चालनमा ल्याइएको।
- सडक सञ्जाल पुगेका नयाँ स्थानहरूमा डाँक रेखा पुनरावलोकन गरी १५ नयाँ डाँक रेखा सञ्चालनमा ल्याइएको।

- हुलाक सेवा विभाग तथा गोश्वारा हुलाक कार्यालयहरूको सन्देशमूलक वेव-पेज निर्माण गरी सञ्चालनमा ल्याइएको। साथै, **General Post Office** नामक मोवाईल एप निर्माण गरी सञ्चालनमा ल्याइएको।
- काठमाडौं उपत्यकाभित्रका सबै चलचित्र घरहरूमा बक्स अफिस प्रणाली लागु भएको। उपत्यका बाहिर बक्स अफिस प्रणाली जडान भई परीक्षण भइरहेको।
- सबै स्थानीय निकायहरूमा टेलिफोन तथा मोवाइल सेवाको पहुँच पुऱ्याउने नीतिअनुसार काभ्रेपलाञ्चोक जिल्लाको बेथान चोकमा नयाँ टेलिफोन **Exchange** स्थापना गरी टेलिफोन सेवा सञ्चालनमा ल्याइएको। त्यसैगरी मनाङ जिल्लाको फु गाउँपालिकामा **GSM** मोवाइल सेवाको **BTS** टावर निर्माण गरी टेलिफोन र मोवाइल सेवा सञ्चालनमा ल्याइएको।
- भूकम्पबाट प्रभावित १४ जिल्लामध्ये काठमाडौं उपत्यका बाहेक ११ जिल्लाका स्थानीय तह र सो अन्तर्गतका वडा कार्यालय, सामुदायिक माध्यमिक विद्यालय र सामुदायिक स्वास्थ्य संस्था आदिमा ब्रोडब्याण्ड सेवा उपलब्ध गराउने कार्य सम्पन्न भएको।
- मुलुकको विभिन्न स्थानहरूमा जडान तथा स्थापना भएका एफ.एम. तथा टेलिभिजन स्टेसनहरू खुल्ने गरी भौगोलिक विवरण नेपालको नक्सामा झल्काउने र सोको नक्सा तयार गर्ने उद्देश्यले सञ्चालित स्टेसनहरूको GIS mapping गर्ने कार्य सम्पन्न गरिएको छ।
- एनालग प्रणालीमा सञ्चालित केवल टेलिभिजनहरूलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिएको।
- नेपाल टेलिभिजनका चारवटै च्यानलहरू STANDARD DEFINITION (SD) Format बाट HIGH DEFINITION (HD) Format मा रूपान्तरण गरी प्रसारण आरम्भ गरिएको।
- रेडियो नेपालको प्रदेश नं. २ को बर्दिबास र प्रदेश नं. ५ को दाङमा स्टुडियो उपकरण जडान कार्य सम्पन्न गरी प्रदेश नं. २ को बर्दिबास, महोत्तरीबाट २०७६ जेठ १८ गते र प्रदेश नं. ५ को दाङबाट २०७६ जेठ २४ देखि प्रादेशिक प्रसारण आरम्भ भएको।
- पत्रकारले आफ्नो कार्य सम्पादन गर्दाका बखत् हुनसक्ने दुर्घटनाबाट हुने क्षतिपूर्ति बापत पत्रकार दुर्घटना बिमा कार्यक्रम सञ्चालन गरिएको। यस कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७५/७६ मा १ हजार २२ जना पत्रकारको बिमा गरी प्रिमियम बापत दुईलाख अठ्तीस हजार एकसय सतासी रूपैयाँ भुक्तानी गरिएको।
- श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ११ बमोजिम गठित न्यूनतम पारिश्रमिक निर्धारण समितिको सिफारिसबमोजिम सबै सञ्चार प्रतिष्ठानहरूमा २०७५ कार्तिक ०१ गतेदेखि लागु हुने गरी सो भन्दा अगाडि लागु रहेको न्यूनतम पारिश्रमिकमा २५% वृद्धि गरी कार्यान्वयन गर्न निर्देशन जारी गरिएको।
- सरकारी निकायबीच विद्युतीय माध्यम (ईमेल) बाट चिठ्ठीपत्र, सूचना, निर्णय, कागजात तथा अन्य विवरण आदान प्रदान गर्नका लागि विद्युतीय पत्राचार (ईमेल) व्यवस्थापन निर्देशिका, २०७५ स्वीकृति भई व्यक्तिगत ईमेल र पदअनुसारको ईमेल गरी दुई किसिमको ईमेल खाता सञ्चालन हुने व्यवस्था गरिएको।

- नेपाल सरकारका सम्पूर्ण निकायहरूले निर्माण गर्ने मोवाइल एप्सहरूमा एउटै Standard (मापदण्ड) कायम गर्न, सोमा प्रयोग हुने Content मा एकरूपता ल्याउन र सबै मोबाईल एप्सहरू सुरक्षित रूपमा प्रयोग गर्न मापदण्ड तयार गरी लागु गरिएको।
- सञ्चार तथा सूचना प्रविधिसम्बन्धी तयारी र पूर्वतयारीको मापन गर्न र स्वास्थ्य, शिक्षा, अर्थ, कृषि तथा अन्य सामाजिक क्षेत्रहरूका समस्याहरूलाई प्रविधिमार्फत समाधान गर्नसक्ने राष्ट्रको क्षमताको आँकलनको लागि National ICT Status Survey को कार्य सम्पन्न गरिएको।
- कक्षा ४ देखि १२ सम्मको विज्ञान (भौतिक, रसायन, जीव) गणित र ऐच्छिक गणित विषयको सबै पाठ्यक्रम समेटिने गरी विशेषज्ञ शिक्षकहरूबाट शैक्षिक सामग्रीहरूको प्रयोग गरी Teaching Audio-Visual Material निर्माण गरिएको। निर्माण भएका सबै डिजिटल शिक्षण सामग्रीहरूलाई Digital Content Portal, Government Cloud र YouTube मा राखिएको।
- प्राकृतिक प्रकोप, आगलागी, साइबर हमला, मानवीय त्रुटि वा अन्य दुर्घटना भएको खण्डमा सरकारी सूचना तथा तथ्याङ्क सुरक्षित गर्न र विद्युतीय सेवाहरू अबरुद्ध हुन नदिन हेटौंडामा Disaster Recovery Centre सञ्चालनमा ल्याई सरकारी निकायहरूका सबै तथ्याङ्कहरू उक्त केन्द्रमा Back Up को रूपमा सुरक्षित राख्ने व्यवस्था मिलाइएको।
- मौलिक, ऐतिहासिक, यथार्थपरक, सन्देशमूलक विषयवस्तुमा आधारित चलचित्रहरू छनौट गर्नका लागि कार्यविधि तयार भई मापदण्डमा परेका नेपाली कथानक चलचित्रलाई अनुदान प्रदान गरिएको।

## ९. आर्थिक वर्ष २०७५/०७६ को खुद बजेट तथा खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४०६९९२ | ३७९६७५ | ९३.२९ |
| ३५८०१२३ | मुद्रण विभाग | ७२२१० | ६८०३३ | ९४.२२ |
| ३५८०१३३ | सूचना तथा प्रशारण विभाग | ९६३७४ | ८७२८० | ९०.५६ |
| ३५८०१४३ | सञ्चार केन्द्रहरू | २९६६२ | २५९३३ | ८७.४३ |
| ३५८०१५३ | राष्ट्रिय सूचना आयोग | ५०३५० | ४१०७२ | ८१.५७ |
| ३५८०१६३ | राष्ट्रिय समाचार समिति | ११७००० | ११७००० | १०० |
| ३५८०१७३ | प्रेस काउन्सिल | ४६९०० | ४६९०० | १०० |
| ३५८०१८३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ५८०० | ५६१७ | ९६.८४ |
| ३५८०१९३ | हुलाक सेवा विभाग | १३४४१६ | १२६७०९ | ९४.२७ |
| ३५८०२०३ | जिल्ला हुलाक कार्यालयहरू | २५४२८४९ | २३८७७२८ | ९३.९ |
| ३५८०२१३ | हुलाक प्रशिक्षण केन्द्र | १३८०० | १२१३१ | ८७.९ |
| ३५८०२२३ | केन्द्रीय धनादेश कार्यालय | १२८६७ | ११४०१ | ८८.६१ |
| ३५८०२३३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | २३८१९ | १३५३४ | ५६.८२ |
| ३५८०२५३ | हुलाक निर्देशनालयहरू | २२८१३३ | २१२५१९ | ९३.१६ |
| ३५८०२६३ | गोश्वारा हुलाक | १७७४१७ | १५५९३७ | ८७.८९ |
| ३५८०२७३ | सूचना प्रविधि विभाग | ५२८२० | ३८७१७ | ७३.३ |
| ३५८१०२३ | रेडियो प्रसार सेवा विकास समिति | २७०००० | २७०००० | १०० |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८१०५३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १२४०० | ९३२१ | ७५.१७ |
| ३५८१०६३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ८५००० | ७०७९० | ८३.२८ |
| | जम्मा | ४३७८८१० | ४०८०२९७ | ९३.१८ |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ५२८७१६ | ३३१९२५ | ६२.७८ |
| ३५८०१२४ | मुद्रण विभाग | ८८२०० | ७९९०५ | ९०.६० |
| ३५८०१३४ | सूचना तथा प्रशारण विभाग | ३८०० | ३२१२ | ८४.५२ |
| ३५८०१४४ | सञ्चार केन्द्रहरू | ६०० | २९४ | ४९.०४ |
| ३५८०१८४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ३०० | २३० | ७६.६२ |
| ३५८०१९४ | हुलाक सेवा विभाग | १२६०० | १२२६३ | ९७.३३ |
| ३५८०२०४ | जिल्ला हुलाक कार्यालयहरू | ४७८०० | ४१०३५ | ८५.८५ |
| ३५८०२१४ | हुलाक प्रशिक्षण केन्द्र | २०० | २०० | ९९.७८ |
| ३५८०२२४ | केन्द्रीय धनादेश कार्यालय | २००० | १९४६ | ९७.३१ |
| ३५८०२३४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४९०० | ४९०० | १००.०० |
| ३५८०२५४ | हुलाक निर्देशनालयहरू | १२००० | ११९५३ | ९९.६१ |
| ३५८०२६४ | गोश्वारा हुलाक | ४००० | १७०४ | ४२.६१ |
| ३५८०२७४ | सूचना प्रविधि विभाग | ७५९०० | ७३०११ | ९६.१९ |
| ३५८१०५४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ८००० | ७६५५ | ९५.६९ |
| ३५८१०६४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५३११३४ | ४९१०६९ | ९२.४६ |
| | जम्मा | १३२०१५० | १०६१३०२ | ८०.३९ |

## १०. आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

**चालु खर्च** (रू. हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४८५२५० | १७४५८८ | ३५.९८ |
| ३५८००१०१३ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ११२००० | ८३४५१ | ७४.५१ |
| ३५८०१०११३ | मुद्रण विभाग | ६८२०० | ३७०९५ | ५४.३९ |
| ३५८०२०११३ | सूचना तथा प्रशारण विभाग | ८६५६५ | ५१९९३ | ६०.०६ |
| ३५८०२०१२३ | सञ्चार केन्द्रहरू | १२२०० | ३७८२ | ३१.०० |
| ३५८०३०११३ | हुलाक सेवा विभाग | १७१८१० | ६९३७५ | ४०.३८ |
| ३५८०३०१२३ | हुलाक निर्देशनालयहरू | २३०८६७ | १४५१६९ | ६२.८८ |
| ३५८०३०१३३ | गोश्वारा हुलाक | १९४२१० | १२३५४६ | ६३.६१ |
| ३५८०३०१४३ | जिल्ला हुलाक कार्यालयहरू | २८३८५६३ | १७१०३६३ | ६०.२५ |
| ३५८०३०१५३ | हुलाक प्रशिक्षण केन्द्र | १५४०० | ८००७ | ५१.९९ |
| ३५८०३०१६३ | केन्द्रीय धनादेश कार्यालय | १२६०० | ५४१२ | ४२.९५ |

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०३०१७३ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४३८७५ | १४०१६ | ३१.९५ |
| ३५८०४०११३ | सूचना प्रविधि विभाग | ५२८०० | १६१०८ | ३०.५१ |
| ३५८०५०११३ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | १२६०० | ६४९५ | ५१.५५ |
| ३५८२१०११३ | राष्ट्रिय सूचना आयोग | ४९८०० | २७३८३ | ५४.९९ |
| ३५८४१०११३ | प्रेस काउन्सिल | ५१९०० | ३२२५६ | ६२.१५ |
| ३५८८१०११३ | राष्ट्रिय समाचार समिति | १२८४०० | ८६२०० | ६७.१३ |
| ३५८८१०१२३ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | ६५०० | ३७६२ | ५७.८७ |
| ३५८८१०१३३ | रेडियो प्रसार सेवा विकास समिति | २९००३५ | २००००० | ६८.९६ |
| ३५८८१०१४३ | सुरक्षण मुद्रण केन्द्र | २०३०० | ५४४१ | २६.८ |
| | **जम्मा** | **४८८३८७५** | **२८०४४४२** | **५७.४२** |

**पुँजीगत खर्च** (रू.हजारमा)

| ब.उ.शी.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३५८०००११४ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २७००० | ३६१० | १३.३७ |
| ३५८००१०१४ | राष्ट्रिय सूचना प्रविधि केन्द्र | ५०५८०० | १८८६९६ | ३७.३१ |
| ३५८०१०११४ | मुद्रण विभाग | ४०४०० | ४१९ | १.०४ |
| ३५८०२०११४ | सूचना तथा प्रशारण विभाग | ३७५०० | ७५६ | २.०२ |
| ३५८०२०१२४ | सञ्चार केन्द्रहरू | ६०० | २५१ | ४१.८२ |
| ३५८०३०११४ | हुलाक सेवा विभाग | ७६८१५ | ३७६६ | ४.९ |
| ३५८०३०१२४ | हुलाक निर्देशनालयहरू | १०३०० | ५३२८ | ५१.७३ |
| ३५८०३०१३४ | गोश्वारा हुलाक | ३३००० | ६६२९ | २०.०९ |
| ३५८०३०१४४ | जिल्ला हुलाक कार्यालयहरू | ४४९८५ | २२७५३ | ५०.५८ |
| ३५८०३०१५४ | हुलाक प्रशिक्षण केन्द्र | १२९०० | १२१ | ०.९४ |
| ३५८०३०१६४ | केन्द्रीय धनादेश कार्यालय | ११०० | १०७३ | ९७.५५ |
| ३५८०३०१७४ | केन्द्रीय टिकट भण्डार तथा फिलाटेलिक ब्यूरो | ४५०० | २१८९ | ४८.६५ |
| ३५८०४०११४ | सूचना प्रविधि विभाग | १०६००० | १६७२० | १५.७७ |
| ३५८०५०११४ | प्रमाणीकरण नियन्त्रकको कार्यालय | ८६९०० | ५२२४२ | ६०.१२ |
| ३५८२१०११४ | राष्ट्रिय सूचना आयोग | १२००० | ४१७ | ३.४७ |
| ३५८८१०१२४ | न्यूनतम पारिश्रमिक निर्धारण समिति | १००० | २७४ | २७.३६ |
| ३५८८१०१४४ | सुरक्षण मुद्रण केन्द्र | ५५२३०० | २६५४२० | ४८.०६ |
| | **जम्मा:** | **१५५३१००** | **५७०६६४** | **३६.७४** |

◆ ◆ ◆

# शहरी विकास मन्त्रालय

## १. पृष्ठभूमिः

शहर तथा शहरउन्मूख बस्तीहरूको योजनाबद्ध शहरी पूर्वाधार विकास, आवास व्यवस्था, सरकारी भवन निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्न तथा तत्सम्बन्धी विकासका क्रियाकलापहरूमा तीव्रता ल्याउन एक छुट्टै नेतृत्वदायी निकायको आवश्यकता महसुस भई २०६९ जेठ ५ गते यस मन्त्रालयको गठन भएको हो। रणनीतिक सडक बाहेकका शहरी सडकको निर्माण तथा सम्भारको जिम्मा पनि यस मन्त्रालयले पाएको छ। शहरी विकास मन्त्रालयका तीन महाशाखाहरूले मन्त्रालय अन्तर्गतका नीतिगत कार्य गर्नुका साथै मन्त्रालय अन्तर्गतका निकायहरूबाट भइरहेका निर्माण कार्य तथा सेवा प्रवाह कार्यको अनुगमन तथा मूल्याङ्कन गर्दछन्।

## २. दीर्घकालीन सोचः

- पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर शहर तथा बस्तीहरू निर्माण गर्ने,
- सुरक्षित, किफायती, वातावरणमैत्री भवन र वास्तुकला निर्माण गर्ने।

## ३. उद्देश्यः

- व्यवस्थित, सफा, सुविधायुक्त, पूर्वाधार सेवासहितको सुन्दर शहर तथा बस्तीहरूको विकास गर्ने,
- सबै आय वर्गका लागि सुरक्षित र किफायती आवास व्यवस्था गर्ने,
- सुरक्षित, सुविधायुक्त र आकर्षक भवनहरू निर्माण, स्तरोन्नति तथा सुधार गर्ने।

## ४. रणनीतिः

- शहरीकरणलाई व्यवस्थापन गर्न स्वीकृत भू-उपयोग नीतिमा आधारित एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन गर्ने,
- आवास विकासमा सार्वजनिक-निजी साझेदारीको माध्यमद्वारा निजी क्षेत्रलाई प्रोत्साहन गर्दै आवश्यक स्रोत पहिचान तथा परिचालनमा सहजीकरण गर्ने,
- भौगोलिक रूपमा विकट, सेवा सुविधा पुऱ्याउन कठिन, अपायक तथा विपदको उच्च जोखिमयुक्त स्थानमा रहेका घरपरिवारहरूलाई एकीकृत बस्ती विकास गरी स्थानान्तरण गर्ने तथा नजिकको एकीकृत बस्तीमा स्थानान्तरण हुन प्रोत्साहन गर्ने,
- वातावरणीय दृष्टिले स्वच्छ, वित्तीय दृष्टिले सम्भाव्य र प्राविधिक दृष्टिले उपयुक्त भवन निर्माण प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने,
- काठमाडौं उपत्यकाको शहरीकरणलाई व्यवस्थित गर्न जग्गा विकास, नयाँ बस्ती विकास, शहरी पुन: स्थापन कार्यक्रम, खुलाक्षेत्र व्यवस्थापन र सफा शहरको अवधारणालाई कार्यान्वयन गर्दै लैजाने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- शहरी विकाससम्बन्धी नीति, कानुन, मापदण्ड,
- बस्ती विकास, शहरी विकास र आवास विकाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- राष्ट्रिय भवन संहितासम्बन्धी नीति, कानुन र मापदण्ड,
- संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन,
- राष्ट्रिय शहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार,
- विशिष्ट शहरी संरचना,
- राष्ट्रियस्तरका संयुक्त र बहुतल्ले आवाससम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानुन र मापदण्ड,
- नगर विकास कोष,
- मन्त्रालयसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धि सम्झौता सम्पर्क र समन्वय,
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
- नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको विल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहको सञ्चालन।

## ६. आर्थिक वर्ष २०७६/७७ को बजेट वक्तव्यमा उल्लिखित नीति र कार्यक्रमका बुँदाहरूको २०७६ फागुन मसान्तसम्मको प्रगति विवरण:

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९८ | सघन शहरीकरण भइरहेका विराटनगर-इटहरी, काठमाडौं उपत्यका, वीरगञ्ज-जीतपुर सिमरा, पोखरा उपत्यका, बुटवल-सिद्धार्थनगर, नेपालगञ्ज-कोहलपुर तथा धनगढी-अत्तरिया क्षेत्रमा मेगासिटी विकास गर्न सम्भाव्यता अध्ययन गरिनेछ। केही शहरहरूलाई स्मार्ट सिटीको रूपमा विकास गर्न सम्भाव्यता अध्ययन गरी पूर्वाधार निर्माण शुरू गरिनेछ। ऐतिहासिक तथा सांस्कृतिक महत्त्व शहरहरूको पुनरूत्थान गर्न कार्यक्रम सञ्चालन गरिनेछ। | • विराटनगर-दुहवी–इनरुवा-इटहरी –धरान दमक र बुटवल–भैरहवा–लुम्बिनी–कपिलवस्तु कोरिडोरको संम्भाव्यता अध्ययन सम्पन्न गरी DPR तयारीका लागि परामर्श सेवा लिन TOR तयार गरी सहमतिका लागि ADB पठाइएको।<br>• वीरगञ्ज-जीतपुर-सिमरा-पथलैया-हेटौंडा कोरिडोर सम्भाव्यता अध्ययनको Draft Final Report प्राप्त भएको।<br>• भरतपुर Smart City गुरुयोजना अध्ययनको Draft Final Report प्राप्त र १२ वटा नगरपालिका धनकुटा, निजगढ, मिर्चैया, चन्द्रपुर, काभ्रे उपत्यका, पालुङ्गटार, वालिङ्, लुम्बिनी, तुलसीपुर, दुल्लु, अमरगढी, टिकापुर Smart City गुरुयोजना अध्ययनको Final Report को प्रस्तुतीकरण भएको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| १९९ | शहरहरूको पूर्वाधार निर्माणमा स्थानीय तहसँग साझेदारी गरिनेछ। आगामी वर्ष मुलुकभरका १ सय ८५ नगरपालिकाहरूमा व्यवस्थित शहर विकास गर्न एकीकृत शहरी पूर्वाधार विकास गुरुयोजना तयार गरिनेछ। हाल सञ्चालित सघन शहरी विकास कार्यक्रम सम्बन्धित नगरपालिकाको लागत सहभागितामा अगाडि बढाइनेछ। | • १ सय ८५ नगरपालिकाको (१ देखि १२ प्याकेज) एकीकृत शहरी विकास योजना तयार गर्ने कार्यको अन्तिम प्रतिवेदनको Final Presentation सम्पन्न भई अन्तिम प्रतिवेदन प्राप्त हुने क्रममा रहेको।<br>• सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराई-मधेशका विभिन्न २१ नगरपालिकाहरूमा सडक निर्माण कार्य अन्तर्गत सब बेस कोर्स ७० कि.मि., बेस कोर्स १ सय ५ कि.मि. र कालोपत्रे सडक निर्माण कार्य ६० कि.मि. सम्पन्न भएको। नाला निर्माण १ सय ४० कि.मि. सम्पन्न भएको। ६ बसपार्क, ५ हाटबजारको निर्माण कार्य र २ ताल पोखरी संरक्षणको कार्य भइरहेको। |
| २०१ | नागरिकहरूको मौलिक हकको रूपमा रहेको उपयुक्त आवासको हक सुनिश्चित गर्न जनता आवास, सुरक्षित आवास, वस्ती स्थानान्तरण लगायतका कार्यक्रम अगाडि बढाइनेछ। जनता आवास कार्यक्रम अन्तर्गत ३० हजार घर निर्माण गरिने छ। | • आ.व. २०७५/७६ सम्ममा जनता आवास कार्यक्रम अन्तर्गत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत वर्गको लागि १७ हजार ३९ आवास एकाई निर्माण भएको छ भने करिब ३९ हजार आवास निर्माणका लागि चालु आ.व. २०७६/७७ मा प्रदेश सरकारहरूलाई सशर्त अनुदान उपलब्ध गराइएको। |
| २०२ | अति विपन्न, लोपोन्मुख र सीमान्तीकृत वर्गका परिवारका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत काठ र जस्तापातामा अनुदान दिई आगामी वर्ष करिब २० हजार भवनको खर र फुसको छाना फेरिनेछ। | • सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत ९ हजार ४ सय ४२ लाभग्राही छनौट भएका। छनौट भएकामध्ये फाल्गुण मसान्तसम्म ६ हजार ९ सय १० लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा ८ सय ५ आवास इकाईको निर्माण कार्य सम्पन्न भएको। |
| २०३ | आगामी दुई वर्षभित्र जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिमरहित स्थानमा सुरक्षित आवासको व्यवस्था मिलाउन प्रदेश र स्थानीय तहको लागत सहभागितामा नजिकको सुरक्षित स्थानको बस्तीमा एकीकृत | • बाढी पहिरोका कारण विस्थापित परिवारलाई स्थानान्तरण गर्न डडेलधुरामा जग्गा प्राप्ति कार्य भईसकेको र पूर्वाधार निर्माण (सडक, ढल) को कार्य भइरहेको, सर्लाहीमा डिजाइन तथा लागत अनुमान तयार गर्ने कार्य भइरहेको, मुगुमा |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | बस्तीमा सार्ने। बाढी, पहिरोमा परी घरबार गुमाएका र जनधनको क्षति भएका सुर्खेत, बर्दिया, दाङ्गलगायत तराई-मधेश तथा पहाडी जिल्लाहरूमा घर पुनर्निर्माण कार्य अगाडि बढाउने। | विस्थापित परिवारहरूको घर निर्माणको लागि लाभग्राही सर्वेक्षणको कार्य भइरहेको। |
| २०५ | काठमाडौं उपत्यकाभित्र संघीय संसद, राजकीय अतिथि गृह, मन्त्री निवास, प्रदेश प्रमुख र मुख्य मन्त्रीको सम्पर्क कार्यालय एवं आवास निर्माण गरिनेछ। काठमाडौं उपत्यकामा यसै वर्ष ३ हजार व्यक्ति क्षमताको सम्मेलन केन्द्र निर्माण गरिनेछ। आगामी ३ वर्षभित्र सार्वजनिक निजी साझेदारीमा ५ हजार व्यक्ति क्षमताको बहुउद्देश्यीय सम्मेलन केन्द्र निर्माण गरिनेछ। सबै प्रदेशमा २ हजार व्यक्ति क्षमताका सम्मेलन केन्द्र निर्माण गर्ने क्रममा धनगढी, सुर्खेत र विराटनगरमा निर्माणाधीन सभाहलका लागि बजेट व्यवस्था गरिएको छ। जनकपुर, हेटौंडा र पोखरामा सभाहल निर्माणका लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न र बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र र अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको निर्माण गरिनेछ। | • संघीय संसदको भवन निर्माण कार्य शुरू भएको, Parking Block, Securtiy Block Central Lobby, Committee Block Footing को कार्य भइरहेको। करिब ५% कार्य सम्पन्न भएको।<br>• मन्त्री निवासको जगको Concrete Footing कार्य भइरहेको। करिब १५% कार्य सम्पन्न भएको।<br>• प्रदेश प्रमुख र मुख्यमन्त्री सम्पर्क कार्यालय र आवासको जगको Concrete footing कार्य भइरहेको। करिब १५% कार्य सम्पन्न भएको।<br>• गोदावरीमा ३ हजार व्यक्ति क्षमता सभाहलको तेस्रो तल्लाको कार्य भइरहेको। करिब ५५% भौतिक प्रगति भएको।<br>• ठिमीमा ५ हजार क्षमता सभाहलको Architectural Design सम्पन्न भएको Structural Design कार्य EIA भइरहेको।<br>• बुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको दोस्रो फेजसमेतको कार्य शुरू भएको, (१०% कार्य सम्पन्न) Block B & C को स्ट्रक्चर कार्य सम्पन्न भई फिनिसिङ्ग हुँदै, Block A को Structure कार्य सम्पन्न, छाना छाउने काम तथा फिनिसिङ्ग हुँदै गरेको।<br>• दमक भ्यु टावर निर्माण कार्य १५% सम्पन्न भएको। |
| २०६ | सबै प्रदेशका राजधानीमा व्यवस्थित पूर्वाधार विकास गर्न प्रादेशिक संरचनाहरूको गुरुयोजना तर्जुमा गरी सम्बन्धित प्रदेशको लागत सहभागितामा आगामी ३ वर्षभित्र निर्माण कार्य सम्पन्न गरिनेछ। सरकार, नगर | • विभिन्न जिल्लामा २६ सभाहल निर्माणाधीन रहेको। |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त व्यहोरा | प्रगति |
|---|---|---|
| | विकास कोष र निजी क्षेत्रसमेतको लागत सहभागिताको आधारमा विभिन्न स्थानीय तहहरूमा सभाहल निर्माण गरिनेछ। | |
| २०७ | काठमाडौं उपत्यकालाई धुलोमुक्त बनाउन पैदल मार्गलाई व्यवस्थित गरिने, निर्माण सामग्रीको ढुवानी गर्दा सुरक्षित विधि अपनाइने र विद्युत सवारी साधनलाई प्रोत्साहन गरिनेछ। काठमाडौं उपत्यकाभित्र सडक निर्माण गर्दा अनिवार्यरूपमा फुटपाथ निर्माण गर्ने व्यवस्था मिलाइनेछ। | • बागमती नदी सफाइ अभियानलाई निरन्तरता दिँदै काठमाडौं उपत्यकाको सभ्यताको रूपमा रहेको बागमती, विष्णुमती, रुद्रमती, इच्छुमती, मनोहरा, हनुमन्ते र नख्खुखोला लगायतका नदीहरू ढल र प्रदुषणमुक्त बनाउन ६३.९१ कि.मि. ढल निर्माण, १५.८५ कि.मि. सडक निर्माण भएको। स्वच्छ वातावरण प्रवर्द्धन र सौन्दर्यीकरणको कार्य भइरहेको। |
| २०८ | सरकारी जग्गाहरूको संरक्षण गरी खुला क्षेत्र विकास तथा पार्क निर्माण गरिनेछ। ठूला शहरहरूमा बिजुली, टेलिफोन तथा टेलिभिजन केबुलको तार भूमिगत व्यवस्थापन गरिनेछ। निजी क्षेत्रसँगको सहकार्यमा उपत्यका लगायतका अन्य शहरी क्षेत्रमा वातावरण संरक्षण, हरियाली प्रवर्द्धन तथा शहरी सौन्दर्य कायम गर्न स्वच्छ शहर अभियान सञ्चालन गरिनेछ। | • काठमाडौं उपत्यका विकास प्राधिकरणबाट १६ पार्क निर्माण र सार्वजनिक जग्गा संरक्षणको ४०% कार्य सम्पन्न भएको।<br>• वागमती नदीमा सुक्खायाममा समेत न्यूनतम वहाव कायम राख्ने उद्देश्यले निर्माण शुरू गरिएको धाप ड्याम निर्माणको कार्य ३५% सम्पन्न भएको। |

## ७. आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्ममा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

### क. शहरी विकास

- शहरी विकासतर्फ सघन शहरी विकास कार्यक्रम, नयाँ शहर आयोजना, स्मार्ट शहर, एक शहर एक पहिचान, बागमती सुधार आयोजना, धोबीखोला सुधार आयोजना, क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन भइरहेको।
- मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना अन्तर्गत विराटनगर र वीरगञ्जमा १ सय २१ कि.मि. सतह नाली, ५१ कि.मि.ढल र ५२ कि.मि.सडक सुधार/निर्माण कार्य सम्पन्न भएको।
- काभ्रे उपत्यकाका ३ वटा नगरपालिकामा सञ्चालित करिब १ अर्ब लागतको एकीकृत खानेपानी आयोजना यसै आ.व. भित्र सम्पन्न हुने गरी कार्य भइरहेको छ भने आगामी २० वर्ष अवधिलाई धान्न सक्ने गरी वीरगञ्जमा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न गरिएको।
- एकीकृत शहरी विकास आयोजना अन्तर्गत सिद्धार्थनगर, नेपालगञ्ज र जनकपुरमा १ सय ३५ कि. मि. सतह नाली र ३० कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको। धरान उपमहानगर पालिकामा ४ सय ५० कि.मि. पाइपलाइन विस्तार सहित खानेपानी आयोजना सम्पन्न भएको। आगामी २० वर्ष

अवधिलाई धान्न सक्ने गरी नेपालगञ्ज उपमहानगरपालिकामा एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको।

- क्षेत्रीय शहरी विकास आयोजना अन्तर्गत नगरपालिकाहरू (विराटनगर, वीरगञ्ज, सिद्धार्थनगर र नेपालगञ्ज) मा १ सय ४४ कि.मि. सतह नाली, १८ कि.मि. ढल र १ सय १० कि.मि. सडक सुधार/निर्माण कार्य सम्पन्न भएको।
- धोवीखोला सुधार आयोजनाको २४ कि.मि. मध्ये १५ कि.मि. सडक निर्माण कार्य सम्पन्न भएको।
- काठमाडौं उपत्यकाका भित्र ३० कि.मि. बाटो विस्तार कार्य सम्पन्न भएको।
- काठमाडौं बुढानिलकण्ठ स्थित जगन्नाथ मन्दिर परिसरसहित विभिन्न १० स्थानमा पार्क निर्माण सहित सार्वजनिक जग्गाको संरक्षणको कार्य भइरहेको।
- काठमाडौं उपत्यकाको चार स्थानमा नयाँ शहर निर्माणका लागि DPR तयार भएको।
- काठमाडौं उपत्यकाका १८ वटै नगरपालिकाको फोहोरमैला व्यवस्थापन गर्न नुवाकोट जिल्लाको बञ्चरेडाँडामा फोहोर मैला व्यवस्थापन स्थलको पहिलो चरणको निर्माण कार्य सम्पन्न भइरहेको छ भने दोस्रो चरणको निर्माणका लागि खरिद प्रक्रिया अघि बढाइएको।
- Trans Himalaya Trail का ५ नयाँ शहरहरूको (लुक्ला, स्याफ्रुवेसी, जोमसोम, सिमिकोट र मार्तडी) सम्भाव्यता अध्ययन गर्ने कार्यको Morphological & Retainment Plan को Field Report प्राप्त भएको।

**ख. भवन निर्माण**

- वि.सं. २०७२ वैशाखको विनाशकारी भूकम्प र यसले पुऱ्याएको क्षतिलाई समेत मध्यनजर गरी राष्ट्रिय भवन संहितालाई देशैभर लागु गरिएको।
- भवन संहिताका २३ भाग मध्ये ५ भागहरू समयसापेक्ष परिमार्जन गरिएको।

## ८. आर्थिक वर्ष २०७५/७६ मा सम्पादन भएका महत्त्वपूर्ण कार्यहरू:

- सुरिक्षत नागरिक आवास कार्यविधि,२०७५ स्वीकृत भएको।
- जोखिमयुक्त बस्ती स्थानान्तरण तथा एकीकृत बस्ती विकाससम्बन्धी कार्यविधि, २०७५" स्वीकृत भएको।
- १७ जिल्लामा २१ एकीकृत बस्ती तथा पूर्वाधार निर्माणको अध्ययन कार्य सम्पन्न भएको।
- सघन शहरी विकास कार्यक्रम अन्तर्गत तराई मधेशका सदरमुकामका २१ नगरपालिकाहरूमा कालोपत्रे सडक ३ सय ५० कि.मि., नाला २ सय ९१ कि.मि., बसपार्क ८, हाटबजार ५ र मनोरञ्जन पार्क ४ स्थानमा निर्माण भएको।
- १० स्थानलाई (धनकुटा, मिर्चैया, चन्द्रपुर, काभ्रे उपत्यका, भरतपुर, वालिङ्, तुलसीपुर, दुल्लु, अमरगढी, र टिकापुर) स्मार्ट सिटीका रूपमा विकास गर्न र ३ वटा Urban Economic Corridor (धरान-इटहरी-विराटनगर, वीरगञ्ज-सिमरा-पथलैया र बुटवल-भैरहवा-लुम्बिनी-कपिलवस्तु) को सम्भाव्ता अध्ययन शुरू गरिएको।

- तराई मधेश र हुलाकी लोकमार्गमा अवस्थित १५ नयाँ शहरहरूको ड्राफ्ट फाइनल रिपोर्टहरू प्राप्त भएको।
- नयाँ शहरहरूमा एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा ५ ल्याण्डपुलिङ्ग योजनाको ब्लक प्लान स्वीकृत भएको।
- शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत विराटनगर र वीरगञ्जमा ७.७ कि.मि. सडक सुधार र नाला निर्माण, ४.४५ कि.मि. ढल निर्माण र फोहोरमैला प्रशोधन केन्द्र निर्माण कार्यको २४% निर्माण कार्य सम्पन्न भएको।
- एकीकृत शहरी विकास आयोजना अन्तर्गत धरानमा १० कि.मि. खानेपानी पाइप लाइन, जनकपुरमा सतह ड्रेन १०. ५३ कि.मि. र ढल १०.५२ कि.मि. सम्पन्न भएको।
- क्षेत्रीय शहरी विकास कार्यक्रम अन्तर्गत नेपालगञ्जमा ११.९२ कि.मि. नाला निर्माण, १६.८४ कि.मि. सडक सुधार, विराटनगरमा ९.८१ कि.मि. ढल निर्माण, १२.८५ कि.मि. सडक निर्माण र सिद्धार्थनगरमा १५ कि.मि. सडक निर्माण र १९.२ कि.मि. नाला निर्माण कार्य सम्पन्न भएको।
- बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रियस्तरको सम्मेलन केन्द्रको प्रथम चरणको Structure को कार्य सम्पन्न भएको।
- निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत ५.३ कि.मि. बाटो खोल्ने, पर्खाल सार्ने र लगाउने तथा ग्राभेल गर्ने अन्तर्गत सम्पन्न भएको।
- विपद व्यवस्थापन तथा वातावरण संरक्षणको लागि १४ शहरी क्षेत्रमा सार्वजनिक जग्गामा पार्क निर्माण गर्ने कार्य गरिएको।
- बागमती सुधार आयोजना अन्तर्गत ८ कि.मि. नदी तटबन्ध तथा ढल निर्माण कार्य सम्पन्न भएको।

## ९. आर्थिक वर्ष २०७५/७६ को खुद बजेट एवं खर्चको यथार्थ विवरणः

**चालु खर्च** **(रू. हजारमा)**

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११३ | शहरी विकास मन्त्रालय | ६१६०९ | ५७२८१ | ९२.९८ |
| ३४७०१९३ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९१८०० | ८१४४७ | ८८.७२ |
| ३४७०२१३ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन | १४३००० | १३०९१८ | ९१.५५ |
| ३४७०२२३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ७२१०० | ५१०६३ | ७०.८२ |
| ३४७१८०३ | आवास व्यवस्था कार्यक्रम | २ | ० | ० |
| ३४७१८२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५०० | ० | ० |
| ३४७१८५३ | नगर विकास कोष | ५५२३०० | ३२३१०९ | ५८.५ |
| ३४७१८६३ | सघन शहरी विकास कार्यक्रम | ६२१४० | ३७४९८ | ६०.३४ |
| ३४७१८७३ | शहरी तथा वातावरणीय सुधार आयोजना | १४७११७२ | १३७४७२९ | ९३.४४ |
| ३४७१९०३ | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | ४७४०० | २९६१४ | ६२.४८ |
| ३४७१९७३ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २०० | १९७ | ९८.६८ |
| ३४७३०८३ | धोविखोला कोरिडोर सुधार आयोजना | ४२०० | ३८०९ | ९०.६८ |

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७३०९३ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | १७०० | १३२८ | ७८.०९ |
| ३४७३१६३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १२००० | ८५३७ | ७१.१४ |
| ३४७३२०३ | एकीकृत शहरी विकास आयोजना | ११३६०३९ | १०२०३३९ | ८९.८२ |
| ३४७३५७३ | बागमती सुधार आयोजना | १३२८०० | ९७०५३ | ७३.०८ |
| ३४७३५८३ | नयाँ शहर आयोजना | ८०८०५ | ४०९९१ | ५०.७३ |
| ३४७३६०३ | गरिबी लक्षित सहरी पुनर्उत्थान कार्यक्रम | ६२००० | ११३९५ | १८.३८ |
| ३४७३६१३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ३८७७५०५ | ३६७३०३८ | ९४.७३ |
| ३४७३६२३ | संघीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ६५००० | ७४८०७ | ११५.०९ |
| ३४७३६३३ | शहरी पूर्वाधार लगानी आयोजना | २४६०० | ४५५९ | १८.५३ |
| | **जम्मा** | **७८९८८७१** | **७०२१७१२** | **८८.९** |

**पुँजीगत खर्च तर्फ** (रू. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०११४ | शहरी विकास मन्त्रालय | ५१५० | १९४० | ३७.६६ |
| ३४७०२१४ | विशेष भवन निर्माण तथा सम्भार डिभिजन | ५८१३०७ | ४५७७४४ | ७८.७४ |
| ३४७०२२४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १८३६२२९ | १३९६००५ | ७६.०३ |
| ३४७१८०४ | आवास व्यवस्था कार्यक्रम | १५३९८४ | ९२५०३ | ६०.०७ |
| ३४७१८२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ३०२६०० | २८८७६२ | ९५.४३ |
| ३४७१८६४ | सघन शहरी विकास कार्यक्रम | ११८४५००० | ११०२५५३४ | ९३.०८ |
| ३४७१८७४ | शहरी तथा वातावरणीय सुधार आयोजना | १२१५०० | ७३४९ | ६.०५ |
| ३४७१९०४ | भवन निर्माण संहिता,सरकारी भवन निर्माण | २१३३६९३ | १९३०१२१ | ९०.४६ |
| ३४७१९७४ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | ३०३०० | २९७०० | ९८.०२ |
| ३४७३०८४ | धोविखोला कोरिडोर सुधार आयोजना | ३६२५०० | २८३६३३ | ७८.२४ |
| ३४७३०९४ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | २४६८० | १२५७१ | ५०.९३ |
| ३४७३१६४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | १८०००० | १८००७ | १०.०० |
| ३४७३२०४ | एकीकृत शहरी विकास आयोजना | १६९०० | १४४४६ | ८५.४८ |
| ३४७३५७४ | बागमती सुधार आयोजना | २९९३१०२ | २२४५३७० | ७५.०२ |
| ३४७३५८४ | नयाँ शहर आयोजना | १३९५८३६ | ११३५८०१ | ८१.३७ |
| ३४७३६०४ | गरिबी लक्षित शहरी पुनर्उत्थान कार्यक्रम | ३९९०० | १०२७४ | २५.७५ |
| ३४७३६१४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ४८८०२० | ६७३८० | १३.८१ |
| ३४७३६२४ | संघीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ५००० | ४६२९ | ९२.५९ |

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७३६३४ | शहरी पूर्वाधार लगानी आयोजना | ८७५०० | ४६०९१ | ५२.६८ |
| | जम्मा | २२६०३२०० | १९०६७८६० | ८४.३६ |

## १०. आ.व. २०७६/७७ मा विनियोजित बजेट तथा २०७६ फागुन मसान्तसम्मको खर्चको अवस्थाः

चालु खर्च (रू. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११३ | शहरी विकास मन्त्रालय | १३४१०० | ४१६०७ | ३१.०३ |
| ३४७००१०१३ | बागमती सुधार आयोजना | १३७५०० | ५७८२९ | ४२.०६ |
| ३४७०१०११३ | शहरी विकास तथा भवन निर्माण बिभाग | ९१३०० | ५३४३४ | ५८.५३ |
| ३४७०१०१२३ | संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय | १७५४०० | ६७६१४ | ३८.५५ |
| ३४७०१०१३३ | संघीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | ९६४०० | ५४३१२ | ५६.३४ |
| ३४७०११०१३ | आवास व्यवस्था कार्यक्रम | ५९८७०० | ७३०९५ | १२.२१ |
| ३४७०११०२३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५०० | ० | ० |
| ३४७०११०३३ | सघन शहरी विकास कार्यक्रम | ७२७०० | २७३६७ | ३७.६४ |
| ३४७०११०४३ | शहरी तथा वातावरणीय सुधार आयोजना | ५६२५०० | ४२८७१० | ७६.२२ |
| ३४७०११०५३ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८३९०० | १४१९७ | १६.९२ |
| ३४७०११०६३ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | २०० | ० | ० |
| ३४७०११०७३ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ३३०० | ७४८ | २२.६५ |
| ३४७०११०८३ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ५८९९५ | ४९६९ | ८.४२ |
| ३४७०११०९३ | एकीकृत शहरी विकास आयोजना | ५४५९०४ | ४२५९२६ | ७८.०२ |
| ३४७०१११०३ | नयाँ शहर आयोजना | १२४१०० | ३७५८९ | ३०.२९ |
| ३४७०११११३ | क्षेत्रीय शहरी विकास कार्यक्रम | ४७७३८९६ | २८०५६२९ | ५८.७७ |
| ३४७०१११७३ | विशेष भवन निर्माण आयोजना | १०१०० | १३६४ | १३.५१ |
| ३४७५११०१३ | नगर विकास कोष | ४६०००० | २२००० | ४.७८ |
| ३४७७११०१३ | काठमाडौं उपत्यका विकास प्राधिकरण | ८४००० | ५४२८२ | ६४.६२ |
| ३४७७११०२३ | धोविखोला कोरिडोर सुधार आयोजना | ५२०० | २८७६ | ५५.३१ |
| | जम्मा | ८०१८६९५ | ४१७३५४८ | ५२.०५ |

**पुँजीगत खर्च** (रू. हजारमा)

| ब.उ.शि.नं. | मन्त्रालय/आयोग/निकाय/कार्यालय | खुद बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| ३४७०००११४ | शहरी विकास मन्त्रालय | ८९०० | ३२५९ | ३६.६२ |
| ३४७००१०१४ | बागमती सुधार आयोजना | ४७५७२०० | १९१७५३१ | ४०.३१ |
| ३४७०१०१२४ | संघीय सचिवालय निर्माण तथा ब्यवस्थापन कार्यालय | ३६०६१४ | ८०९५६ | २२.४५ |
| ३४७०१०१३४ | संघीय शहरी विकास आयोजना कार्यान्वयन कार्यालयहरु | २९००० | ९४७७ | ३२.६८ |
| ३४७०११०१४ | आवास व्यवस्था कार्यक्रम | १३६००० | १६३६१ | १२.०३ |
| ३४७०११०२४ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ४०७९०० | १५९२४४ | ३९.०४ |
| ३४७०११०३४ | सघन शहरी विकास कार्यक्रम | ९३८२६०० | ४९३१५९० | ५२.५६ |
| ३४७०११०५४ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | २४२८८०० | १२६०३१७ | ५१.८९ |
| ३४७०११०६४ | गणतन्त्र स्मारक तथा गणतन्त्र स्तम्भ | १९८०० | ८०५ | ४.०६ |
| ३४७०११०७४ | नेपाल - भारत सीमा एकीकृत जाँच चौकी विकास आयोजना | ८६९०० | १०३२५ | ११.८८ |
| ३४७०११०८४ | शहरी शासकीय क्षमता विकास कार्यक्रम | ११२८०० | ४१४५ | ३.६७ |
| ३४७०११०९४ | एकीकृत शहरी विकास आयोजना | ७५०० | ७२६६ | ९६.८८ |
| ३४७०१११०४ | नयाँ शहर आयोजना | २१०५६०० | ६७७१४९ | ३२.१६ |
| ३४७०११११४ | क्षेत्रीय शहरी विकास कार्यक्रम | २८६३००० | ९०१५० | ३.१५ |
| ३४७०१११४४ | एकीकृत बस्ती विकास कार्यक्रम | ५००००० | २२८०८ | ४.५६ |
| ३४७०१११७४ | विशेष भवन निर्माण आयोजना | ४०२७९०० | १४२८२१९ | ३५.४६ |
| ३४७७११०१४ | काठमाडौं उपत्यका विकास प्राधिकरण | १३५८४५० | ६३२४४७ | ४६.५६ |
| ३४७७११०२४ | धोविखोला कोरिडोर सुधार आयोजना | ३१५३०० | १०८८१७ | ३४.५१ |
| | **जम्मा** | **२८९०८२६४** | **११३६०८६६** | **३९.३** |

◆ ◆ ◆

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## १. पृष्ठभूमिः

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा अङ्गीकार गर्दै प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गरेको छ। स्वास्थ्य सेवामा सबैको समान पहुँचको व्यवस्था गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरेको छ। सबै नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गर्दै गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समान पहुँच बढाउँदै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नु पर्ने दायित्व रहेको छ।

नेपालमा वि.सं. १९९० देखि औपचारिक रूपमा स्वास्थ्य सेवा विभागको स्थापना भई स्वास्थ्य क्षेत्रमा नयाँ विषयहरूको प्रवेशलाई एकीकृत गरी सञ्चालनका लागि वि.सं. २०११ सालमा स्वास्थ्य मन्त्रालयको स्थापना भएदेखि हालसम्म संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको रूपमा स्थानीय र प्रदेशस्तरमा समेत स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सेवा प्रवाह गर्दै आएको छ।

## २. दीर्घकालीन सोचः

सबै नेपाली नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवनयापन गर्न सक्षम हुने।

## ३. उद्देश्यः

- संघ, प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्ने,
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको लागि सरकारको उत्तरदायित्व र प्रभावकारी नियमन अभिवृद्धि गर्दै नाफामूलक स्वास्थ्य क्षेत्रलाई सेवामूलक क्षेत्रको रूपमा क्रमशः रूपान्तरण गर्ने,
- बहुक्षेत्रीय समन्वय तथा साझेदारीसहित स्वास्थ सेवामा नागरिकको पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउँदै स्वस्थ्य जीवनशैली प्रवर्द्धन गर्ने,
- सबै नागरिकलाई स्वास्थ्य, सबल र सक्रिय बनाई औषत आयुमा वृद्धि गर्ने,
- बसाइँसराइ तथा शहरीकरणको व्यवस्थापन र जनसाँख्यिक लाभांशको सदुपयोग गर्ने,
- जनसङ्ख्यासम्बन्धी अध्ययन तथा अनुसन्धानलाई संस्थागत गर्ने,।

## ४. रणनीतिः

- प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (Palliative Care) लगायतका आधारभूतदेखि विशिष्टीकृत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्ने,
- आयुर्वेद, प्राकृतिक चिकित्सा तथा अन्य चिकित्सा पद्धतिहरूको योजनाबद्ध विकास र विस्तार गर्ने,
- जीवनपथको अवधारणा (Life Course Approach) अनुरूप सबै उमेर समूहका नागरिकहरूको स्वास्थ्य आवश्यकतालाई सम्बोधन गर्ने गरी मातृशिशु, बालबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास र

परिवार व्यवस्थापन सेवालाई थप सुधार तथा विस्तार गर्ने,

- जनसङ्ख्याको वितरण, भौगोलिक अवस्थिति एवं आवश्यकताको आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा अस्पताल र स्वास्थ्य संस्थाहरू तथा सीप-मिश्रित सामाजिक उत्तरदायित्व बहन गर्न सक्ने दक्ष जनशक्तिको विकास तथा विस्तार गर्ने,
- स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गर्दै दिगो स्वास्थ्य वित्तीय प्रणालीको विकास गर्ने,
- स्वास्थ्य सेवामा सरकारको नेतृत्वदायी भूमिका सुनिश्चित गरी सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबीचको सहकार्य तथा साझेदारीलाई व्यवस्थापन तथा नियमन गर्ने,
- नयाँ प्रविधिजन्य स्वास्थ्य सामग्रीहरूका साथै औषधि तथा औषधिजन्य सामग्रीकोउत्पादन, आयात, भण्डारण, वितरण तथा प्रयोगको नियमन तथा व्यवस्थापन गर्ने,
- सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा जनस्वास्थ्य विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको लागि सामुदायिक स्वास्थ्य प्रणालीसहित एकीकृत उपाय अवलम्बन गर्ने,
- स्वास्थ्य सूचना प्रणालीहरूलाई थप व्यवस्थित, एकीकृत र प्रविधिमैत्री बनाउँदै सबै तहको स्वास्थ्य सूचनाको मागलाई यथोचित सम्बोधन गरी अनुगमन, मूल्याङ्कन, समीक्षा, नीति निर्माण तथा निर्णय प्रक्रियामा तथ्याङ्कको प्रयोग बढाउने,
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को कार्यक्षेत्रलाई समयानुकूल परिमार्जन गर्दै प्रदेशस्तरसम्म विकास र विस्तार गर्ने,
- आप्रवास प्रक्रियाबाट जनस्वास्थ्यमा हुनसक्ने जोखिमलाई न्यूनीकरण गर्ने व्यवस्था गर्ने,
- बहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारीमार्फत प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

## ५. कार्यक्षेत्रः

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायअनुसार रहेका छन्:

- स्वास्थ्य तथा पोषणसम्बन्धी नीति, कानुन र मापदण्ड,
- राष्ट्रियस्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र निवारणात्मकसम्बन्धी नीति, कानुन र मापदण्ड,
- स्वास्थ्यसम्बन्धी प्राज्ञिक, व्यावसायिक र पेसागत संघ संस्थासम्बन्धी नीति, कानुन र मापदण्ड,
